
नेपालका धार्मिक स्थलहरु

(साँस्कृतिक कोश)



घटराज भट्टराई

नेपालका धार्मिक स्थलहरू

(सांस्कृतिक कोश)

लेखक
घटराज भट्टराई

विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

पुस्तक : नेपालका धार्मिक स्थलहरू (सांस्कृतिक कोश)

प्रकाशक : विद्यार्थी पुस्तक भण्डार
भोटाहिटी, काठमाडौं
फोन नं. ४२२७२४६/४२४५८३४

लेखक : घटराज भट्टराई

संस्करण : प्रथम, २०६७

ISBN : 978-99946-1-461-5

मूल्य : रु. ३००/-

कम्प्युटर : विद्यार्थी डेस्क
मुद्रण : nptc

प्राक्कथन

घटराज भट्टराई नेपाली वाङ्मय तथा भाषा-साहित्यका क्षेत्रमा प्रसिद्ध नाम हो । २०२८ सालमा गुणराज उपाध्यायको साहित्यिक चिनारी, २०३१ सालमा भीमनिधि तिवारीको जीवनीसहित विस्तृत चिनारी र २०४० सालमा १०१ जना नेपाली साहित्यकारहरूको जीवनी व्यक्तित्व र कृतित्वसँग सम्बन्धित कृति 'प्रतिभै प्रतिभा र नेपाली साहित्य' प्रकाशित भएपछि गुणीहरूको गुणगान गाउने गुणवेत्ताको रूपमा परिचित हुन थाल्नु भएको हो ।

'प्रतिभै प्रतिभा र नेपाली साहित्य' कृति प्रकाशित भएपछि नेपाली साहित्य र वाङ्मयसेवी प्रतिभाहरूले उहाँ समक्ष आफ्नो चिनारी गराउन थाले । परिणाममा १००० जना साहित्यकारको छोटो परिचय सहितको कृति 'साहित्यकार परिचय कोश' (२०५१) र २१०० नेपाली वाङ्मयसेवीहरूको छोटो परिचययुक्त 'नेपाली लेखक कोश' (२०५६) तयार भयो ।

घटराज भट्टराई हिन्दू धर्मसंस्कृतिप्रति गम्भीर आस्थावान् हुनुहुन्थ्यो । नेपालका धार्मिक स्थल त्यहाँ प्रचलित पुराना रोचक किंवदन्ती, प्राचीन पौराणिक, वैदिक सनातन धर्मसँग सम्बन्धित कथाहरू, देवीदेवताका मन्दिरहरू, मूर्तिहरू, कलाकौशलहरू उहाँका आस्थाका प्रतीक थिए । २०५० सालपछि धार्मिक, सांस्कृतिक विषयको परिचयमूलक कृति तयार गर्ने योजनासहित लाग्नुभयो । तर २०५६ सालमा प्रकाशित 'नेपाली लेखक कोश' को प्रसिद्धि पछि नेपालका मठ मन्दिरको परिचय छोटकरीका दिने उद्देश्यले अगाडि बढ्दै जाँदा यो कृति तयार भएको देखिन्छ ।

२०६१ सालको अन्त्यतिर यो कृति तयार भएको जानकारी मौखिक रूपमा प्राप्त भएको थियो । कान्छा छोरा डा. राजेशले घरमा कम्प्युटर ल्याएका र बुहारी रिनाले म टाइप गर्न सक्नु भनेपछि बडो उत्साहका साथ सामग्री तयार गर्नु भयो । २०६२ मङसिरमा 'टाइप गरेर सकियो अब अन्तिम साफी बाँकी छ तीर्थबाट आएपछि प्रकाशित गर्नुपर्ला' भन्ने उहाँको भनाइ थियो । तीर्थबाट फर्केर आएपछि करालकालको जब्बर पञ्जामा परेर इहलौकिक दैहिक जीवन त्याग्नुभयो र यो कृति टुहुरो बन्न गयो ।

यो कृति धार्मिक तथा सांस्कृतिक ज्ञान, सूचना र जानकारीका लागि अत्यन्त महत्त्वपूर्ण छ । यो कृति नेपालको धार्मिक, सांस्कृतिक मात्र होइन 'मन्दिरै मन्दिरको देश' भनेर नेपाललाई चिनाउन पनि सफल छ । साँच्चिकै भन्ने हो भने यो कृति रोचक किंवदन्तीको कथा हो । मठमन्दिर, प्राकृतिक सम्पदा, गुठीपरम्परा, देवीदेवताका विशेषता आदि विभिन्न पक्षको चिनारीसँग गाँसिएका कथा, व्यथा र किंवदन्तीले कृतिलाई रोचक बनाएको पाइन्छ ।

यस पुस्तकमा नेपालका सबै क्षेत्र, जिल्लाका मठमन्दिर, धार्मिक स्थल प्राकृतिक महत्त्वका विषयको परिचय छ । छोटकरीमा परिचय र विशेषता उल्लेख गर्ने उद्देश्यले तयार गरिएको हुनाले यस पुस्तकमा विस्तृत जानकारीको आशा राख्न सकिन्न । ७०० मठमन्दिरको परिचय प्रस्तुत गर्नु लेखकको साहसिक कार्य हो भन्न सकिन्छ।

आदरणीय लेखकले कृतिको अन्त्यमा सहयोग गर्ने व्यक्तिलाई 'कृतज्ञता निवेदन' भन्ने शीर्षक नै राखेर आभार प्रकट गर्नुभएको र सन्दर्भ सामग्रीसमेत टिपोट गरेको पाइन्छ तर विषयसूची र भूमिका वा प्राक्कथन चाहिँ बाँकी रहेको देखियो। उहाँले टाइप गर्न लगाएको टाइप प्रतिबाट मैले विषयसूची उतारेँ । वर्णानुक्रमका आधारमा विषयको प्रस्तुति योजनालाई जस्ताको तस्तै राखियो।

प्रारम्भिक टाइपमा वाक्य गठन नै नमिलेका र कतिपय अस्पष्ट कुराहरूलाई मिलाउने काम पनि गरियो । अन्त्यमा सानातिना पक्षको निरीक्षणसहित अत्यन्त मिहिनेतका साथ तिलकप्रसाद लुइटेलले अन्तिम साफी गर्नुभयो।

२०६३ सालदेखि प्रकाशनार्थ अनेकौँ घुम्ती पार गर्दै थन्किएर पनि बस्यो । यसमा लेखककी छोरी तथा 'घटराज भट्टराई स्मारक कोश'की कोषाध्यक्ष साधना दाहालको अथक प्रयत्न रह्यो । अन्त्यमा विद्यार्थी पुस्तक भण्डारले जिम्मा लिई यो कृति प्रकाशित गरेकोमा म अत्यन्त खुसीसाथ सबैप्रति आभार प्रकट गर्दछु।

छन्दविनोद दाहाल
का.म.पा ७ चावहिल
गड्गाहिटी, काठमाडौँ
२०६७-४-२२

देवस्थल, तीर्थस्थल र ऐतिहासिक स्थल

नेपाल हिमाली राज्य हो। कोशी, गण्डकीअन्तर्गतका एक्काईस पावन नदी यहाँ प्रवाहित छन्। अन्य पावन नदी असङ्ख्य छन्। यी नदीका आसपास अनेक महर्षि, देवर्षि, ब्रह्मर्षि र राजर्षिले अनुष्ठान गर्दथे। उनीहरूले तपःसधना गरे। अनेक साधना गरेर मुक्ति पाए। त्यसको लेखाजोखा गर्नु सहज छैन, वेद, उपनिषद्, स्मृति, पुराण, उपपुराण, तन्त्र ग्रन्थहरूमा केही कुरा पाइन्छ। अनेक राज्यमा विभाजित अनेक भूभागलाई राष्ट्रनिर्माता पृथ्वीनारायणले अति कष्ट साथ एकीकरण गरे। साना राज्यले शत्रुहरूको आक्रमणवाट वच्न केकस्तो सुरक्षा व्यवस्था अपानाउँथे ? भन्ने कुरा तत्कालीन ऐतिहासिक महत्त्व वोकेका स्थलहरूले पनि स्पष्ट गर्दछन्। त्यस्ता ऐतिहासिक स्थलहरू पनि समयको प्रवाहमा विलीन हुँदै छन्। आफ्नो इष्टसिद्धि र लोकको भलाइका लागि साधु, सन्त, राजाहरूले स्थापना गरेका र लोकरक्षाका लागि आफैं प्रादुर्भाव भएका देवस्थल, तीर्थस्थलको महत्त्व नवुझेर पनि ओझेलमा परिरहेछन्। यस्ता पावन स्थलहरूको विस्तृत व्याख्याविवेचना त विज्ञहरूवाट यथासमय हुँदै रहला। सङ्क्षिप्त रूपमा भए पनि एकै ठाउँमा आवद्ध गरिदिन पाए सवै जिज्ञासुलाई यसतर्फ अगाडि वढ्न ढोका खुल्ने थियो भन्ने लागेर मैले यो प्रयास गरेको हुँ।

धार्मिक सहिष्णुता

नेपालमा अनेक जातजाति भए पनि, अनेक धार्मिक परम्परा भए पनि पारस्परिक सद्भाव छ। धार्मिक सहिष्णुता छ। त्यसैले धर्मका नाममा अशान्ति भएको छैन। स्वयम्भू जसलाई वौद्ध र हिन्दू समान रूपले आस्थाको प्रतीक ठान्छन् त्यस्तै पशुपतिनाथ, मुक्तिनाथ पनि उत्तिकै श्रद्धा र आस्थाका दृष्टिले सवैले हेर्दछन्। हिन्दू धर्ममा पनि भगवान् विष्णुकै नवम अवतारका रूपमा वुद्धलाई लिइएको छ। नेपालमै वुद्धको जन्मस्थल भएकाले वुद्ध हाम्रा अभिन्न आस्थाका प्रतीक मानिन्छन्। जातजातिका भेदले देवपूजनमा र देवआस्थामा फरक पर्दैन। देवीदेवताका लागि सवै उपासक उस्तै हुन्। जातीयताका आधारमा कोही सानोठूलो छैन। त्यसैले गुह्येश्वरीमा व्राह्मणवाहेक नै पुजारी छन्। भोजपुरको दितेनी चण्डी मन्दिरमा राई पुजारी छन्, धरानको वूढासुव्वामा लिम्वु पुजारी छन्। त्यस्तै मनकामनालगायत अनेक मन्दिरमा मगर पुजारी छन् भने कालिकोटको चमारेकोट मन्दिरमा व्राह्मणइतर नेपालीले नित्यपूजा गर्दछन्। जानकी मन्दिरमा तराईमूलकै पुजारी हुन्छन्। यसरी अन्य जाति पुजारी भएका ठाउँमा व्राह्मणक्षत्रीले जानुहुँदैन, खानुहुँदैन भन्ने छैन। सवैको श्रद्धा सवै ठाउँमा रहेकै छ।

लेखकको भनाइ

मेरा पिता जयप्रसाद भट्टराई पण्डित हुनुहुन्थ्यो। शास्त्राभ्यासमा रुचि वढाउने प्रेरणा मैले उहाँवाटै पाएको हुँ। हलेश्वर, दुधकुण्डजस्ता ठाउँमा दुःखकष्टको वास्ता नगरी पुराणवाचन गरेर उहाँले शक्ति प्राप्त गर्नुभएको थियो। व्याकरणको औपचारिक शिक्षा नपाए पनि अठारै पुराण, महाभारत, रामायणका संस्कृत श्लोकहरू पढेर निचोड निकाल्न सक्ने क्षमता उहाँमा थियो। अनेक पुराणमा तीर्थस्थलको वर्णन छ, महत्त्वको चर्चा भएको छ यसवाट म अन्तःप्रेरित छँदै थिएँ। विभिन्न पत्रपत्रिकामा विभिन्न व्यक्तिले लेख्नुभएका परिचय पढ्दै टिप्तै जान्थेँ। तीर्थस्थल, देवस्थलप्रति मेरो झुकाव पनि थियो, इतिहासको महत्त्व र उपयोगिता वुझ्ने प्रयास गर्थें। यस्ता पुस्तकपुस्तिका पनि सङ्कलन गर्दै गएँ, पढ्दै गएँ। नेपाली लेखक-कोश निक्लेपछि त्यसले प्रतिष्ठा र लोकप्रियता पनि पायो। यस्तो काम लोकको भलाइका लागि नै हुने रहेछ भन्ने पनि लाग्यो। अनि नेपालभर कति देवस्थल, सांस्कृतिक स्थल र ऐतिहासिक महत्त्वका स्थानहरू रहेछन्? लेखाजोखा गरी कोश नै तयार पार्न सके सवैका लागि उपयोगी हुने थियो भन्ने लाग्यो। नेपालमा असङ्ख्य तीर्थस्थल हुँदाहुँदै हामी अन्यत्र भौँतारिएका छौँ। हाम्रै तीर्थहरूको महत्त्व हामीले खोई वुझ्न सकेको? भन्ने लागेर यो काम सुरु गरेँ। स्कन्दपुराण, पद्मपुराण, भविष्यपुराण, वराहपुराण, आदिमा वर्णित तीर्थ प्राचीन हुँदा समयको प्रवाहमा आज सोही रूपमा पाउन कठिन, अझ ठम्याउन पनि गाह्रो, तथापि नेपालमा प्रचलनमा कुनै न कुनै रूपमा रहेका तीर्थस्थल, देवस्थल र ऐतिहासिक स्थललाई मात्र यहाँ सङ्क्षिप्त परिचय दिने प्रयास गरेको छु। सकेसम्म समेट्ने प्रयास भए पनि छुटपुट भावी संस्करणले अँगाल्ने छ।

पुस्तकको चिनारी

म पुरातत्त्वविद् होइन, देवताका लीला र स्वरूप ठम्याउन सक्ने मानिस पनि होइन। किन किन यो काम गर् भनेर मलाई अन्तःप्रेरणा मिल्यो, त्यसैलाई मैले आधार मानी यो काम गर्ने अठोट गरेँ। फलतः यस रूपमा यो ग्रन्थ तयार भयो। यसमा नेपालका मूल देवस्थलहरूको परिचय दिइएको छ। त्यसअन्तर्गतका अन्य देवस्थलको वर्णनको हिसाव गर्दा करिव ८०० स्थानले यसमा प्रविष्टि पाएका छन्। हुन त छिटपुट रूपमा धेरै विद्वान् साधकहरूले यथासमय चर्चा गरेकै थिए। अझ चिनाउन वाँकी धेरै हुन सक्छन्। सवै मैले समेटेको छु भन्ने पनि छैन। कस्ताकस्ता साधक तपस्वीहरूले ठम्याउन नसकेको दैवी लीला हामीजस्ता व्यावहारिक प्रपञ्चमा परेकाले के वुझ्ने ? तै पनि सोच्ने, देख्ने, वुझ्ने, हिँड्ने, पढ्ने, विचार गर्ने, निर्णय दिने शक्ति जसले दिएको छ त्यसको सदुपयोग मात्र गरेको मैले ठानेको छु। कति कमीकमजोरी पनि होलान् विज्ञहरूवाट सूचना पाए अर्को संस्करणमा सच्याउन सहयोग मिल्ने छ। मन्दिर, देवस्थल शास्त्रीय तान्त्रिक र लौकिक रूपवाट पनि स्थापित र सञ्चालित छन्। सवै विषयको ज्ञान ममा नहुन सक्छ। मैले जे देखेँ, जे पढेँ र जे वुझेँ त्यही नै यहाँ चर्चा छ। कुनै त्रुटि भए सच्याउन सुझाव विज्ञहरूवाट पाउने नै छु। देवदेवीवाट पनि अज्ञानवश भएको त्रुटि सम्झी क्षमा दिनुहुने नै छ, क्षमा दिन सक्ने क्षमता देवतामा निश्चित रूपले रहेकै हुन्छ।

घटराज भट्टराईका कृतिहरू

(क)	कविता/काव्य	
१.	कविता कुसुम (कविता संग्रह)	२०२३
२.	आजको सित (काव्य)	२०२३
३.	वादल फाटेपटि (काव्य)	२०२५
४.	अमरज्योति (काव्य)	२०२९
५.	उषा (काव्य)	२०३३
६.	वलवाहु (काव्य)	२०३३
७.	साँचो प्रेम (काव्य)	२०३३
८.	मोतीमत (काव्य)	२०३९
९.	जयबाल (काव्य)	२०५१
(ख)	जीवनी	
१.	भीमनिधि : व्यक्ति र कृति	२०३१
२.	गुणराज : व्यक्ति र कृति	२०३२
३.	संस्कृतका अमर साहित्यकार	२०३४
४.	साहित्यकार झपटबहादुर राणा	२०३८
५.	अमर प्राज्ञ	२०३९
६.	प्रतिभै प्रतिभा र नेपाली साहित्य	२०४०
७.	बालचन्द्र शर्मा : व्यक्तित्व र साधना	२०४४
८.	साहित्यकार परिचय कोश	२०५१
९.	आशुकवि ढुङ्गेलको परिचय	२०४६
१०.	नेपाली लेखक कोश	२०५६
(ग)	यात्रा निबन्ध	
१.	डोल्पाकी छोटी	२०३९
२.	गोसाइँकुण्ड	२०४६
३.	भानुयात्राका ८ दिन	२०५४
४.	तीन धाम यात्रा (प्रस्तुत कृति)	२०६२
(घ)	समालोचना तथा अन्वेषण	
१.	आशुकवि शम्भुका काव्यकृति	२०३७
२.	लुकेका कवि र कविता	२०३९
३.	माध्यमिक कालीन कवि र कविता	२०४६
४.	खोजखाज	२०५४
५.	महाकवि देवकोटाका आनीबानी	२०५५
६.	नेपाली स्नातकोत्तर समालोचना	२०५९
७.	स्वर्गद्वारी आश्रम	२०५९
८.	नेपाली स्नातक समालोचना	२०६०

(ङ)	**सम्पादन/खोज–सहलेखन**	
१.	यज्ञ रचनावली (सम्पा)	२०४६
२.	प्राचीन पद्यसंग्रह (सहलेखन)	२०४७
३.	प्राचीन गद्यसंग्रह (सहलेखन)	२०४७
४.	भानुभक्तको जीवन चरित्र (सम्पा)	२०४९
५.	शम्भुका रचनावली (सहलेखन)	२०५४
६.	बुइँगलको एउटा बाकस (सहलेखन)	२०५४
७.	एउटा अर्को बुइँगल (सहलेखन)	२०५४
८.	शम्भुका स्फुट पद्य (सहलेखन)	२०५४
९.	शम्भुका गजल (सहलेखन)	२०५४
१०.	शम्भुका गीत (सहलेखन)	२०५४
११.	शम्भुका चिठी (सहलेखन)	२०५४
१२.	महेन्द्रमाला (पाठ्य पुस्तक सम्पा.)	२०३१
१३.	जिज्ञासा (साहित्यिक पत्रिका सम्पा.)	२०४४–५६
(च)	**पाठ्यपुस्तक लेखन**	
१.	नेपाली व्याकरण रचना र साहित्य	२०५१
२.	नेपाली व्याकरण र समीक्षा	२०५४
३.	व्याकरण, बोध, रचना र समीक्षा	२०५४
४.	भाषाविज्ञान र साहित्य सिद्धान्त	२०५४
५.	नेपाली साहित्यको ऐतिहासिक रूपरेखा	२०५५
(६)	**विविध/अप्रकाशित**	
१.	धर्मविज्ञान (अनुवाद, भाग १–४)	२०४४/०४५
२.	प्राज्ञिक संस्था र मेरो संलग्नता	२०६२ (प्रकाशन २०६४)
३.	नेपाली सांस्कृतिक कोश (प्रकाशोन्मुख)	२०६१/०६२
४.	मेरो पुरस्कार यात्रा (अप्रकाशित)	२०६२
५.	देवी भागवत (अनुवाद, अप्रकाशित)	
६.	पत्रपत्रिकामा प्रकाशित फुटकर कविता, लेखरचना र बाल रचना (संकलन गर्न बाँकी)	

(यी रचना प्रायः गोरखा पत्र, मधुपर्क, युवा, मुना, कान्तिपुर दैनिक, राजधानी दैनिक, जिज्ञासा, गरिमा आदि पत्रपत्रिकामा प्रकाशित छन्।)

विषयसूची

अकलादेवी. (सिसेकोट) स्याङ्जा

स्याङ्जाको सिसेकोट उमिलछापमा रहेकी अकलादेवी प्रसिद्ध छन्। यस मन्दिरमा अवस्थित देवी सुत्केरी हुन नसक्ने नारीहरूका लागि वरदान दिई सहज पारिदिन्छिन् भन्ने जनधारणा छ। वालिङ वजारदेखि १० कि.मि. यात्रा गरिसकेपछि तीन दोवाटे गा.वि.स.को झोलुङ्गे वजार र वाएटारी वजार हुँदै तीन घण्टाको उकालो पार गरेपछि अकलादेवीको मन्दिर भएको ठाउँमा दर्शनार्थी पुग्न सकिन्छ।

किंवदन्तीअनुसार सत्ययुगमा गर्भवती वनेकी देवी गरौसुरको वाटो हुँदै आइराखेका वेलामा प्रसववेदना भएछ। त्यसै ठाउँमा सुत्केरी वनी वास वसिछिन्। त्यसै वेलादेखि यहाँका प्राकृतिक मूर्तिलाई नै अकलादेवी भन्न थालिएछ। ढुङ्गावाट वनेका यी मूर्तिहरूमध्ये तीनवटा मूर्तिहरू साँच्चै सुत्केरी हुन लागेका हुन् कि जस्ता देखिन्छन्। देवीसमेत सुत्केरी हुन नसकेर अकालमा मर्नुपर्ने स्थिति सृजना भएकाले अकालवाट नै अकलादेवी नाम रहन गएको स्थानीय वासिन्दाको भनाइ छ। यहाँ पुजारी वुद्धिराज गुरुङ छन्। यहाँ वलि पोथी जातिको मात्र चढ्छ।

गाउँमा महिला सुत्केरी हुन नसकेको अवस्थामा र गाईभैंसी व्याउन कठिन भएको वेलामा यी देवीलाई भाकल गरे सहज रूपमा वच्चा जन्माउन सक्छन् भन्ने जनधारणा छ। यहाँ स्याङ्जा, पर्वत, पाल्पा र गुल्मीसमेतवाट दर्शनार्थीहरू आउँछन्। यहाँ कोजाग्रतपूर्णिमा, धान्यपूर्णिमा, चैत्र-वैशाखका पूर्णिमामा विशेष मेला लाग्ने र प्रत्येक पूर्णिमामा गर्भवती महिलाले दर्शन गरी सन्तानको सुखद भविष्यको कामना गर्ने गर्दछन्।

अग्निकुण्ड. (जनकपुरधाम) धनुषा

राजा जनकको हवन गर्ने कुण्ड भएकोले अग्निकुण्ड नामकरण गरिएको यो कुण्ड उपनगरपालिकाको वडा नं. ८ मा पर्दछ। मिथिला परिक्रमा गर्दा सर्वप्रथम अग्निकुण्डको स्नानपछि सुरु गरिन्छ। हिजोआज गङ्गासागरवाट सुरु गरिने पनि गरिएको छ। अग्निकुण्डको पूर्वी तथा दक्षिणी भागम रामजानकीको मूर्ति रहेको जीर्ण मन्दिर छ। नित्यपूजा पनि गरिन्छ।

अजम रामजानकी मन्दिर. (वभनी) रूपन्देही

वभनी गाउँको दानु नदी नजिकै यो मन्दिर छ। झन्डै डेढसय वर्ष अगाडि मुक्तिदास वावा यहाँ आएर वसेथे। उनी सिद्ध थिए। उनी फलमात्र खान्थे। उनैले रामजानकीको स्थापना गरी मन्दिर निर्माण गरेको भनिन्छ। रामजानकीका अतिरिक्त शिवलिङ्ग पनि स्थापना गरे। महादेव, व्रह्मा, गणेश, वसाहा पनि चारकुनामा राखिएको छ। शिवलिङ्ग कलेजी रङ्गको शालिग्रामको

छ। मन्दिर एकतले शिखर शैलीको छ। राममन्दिरमा वावा मुक्तिदास, गयादास र मोतीदासका खराउ पनि राखिएका छन्। त्यागी, तपस्वी मुक्तिदासको सम्झना पनि गरिन्छ। भण्डारा लगाउने, साधुसन्तलाई खुवाउने गर्दा पुरी पकाउन घिउ पुगेन भने दानुनदीवाट पानी ल्याएर घिउको काम लिन्थे भन्ने पनि जनश्रुति छ। भाद्र तथा कार्तिक पूर्णिमामा मेला लाग्दछ। कार्तिकमा रामजानकीको मेला हुन्छ भने भाद्र महिनामा रामायण, भागवतपुराण वाचन गरी भण्डारा पनि गरिन्छ। पाँचसात हजार मानिसलाई खुवाउने काम पनि गरिन्छ। यसको गुठी पनि छ।

अजिमा मन्दिर, (दिङला) भोजपुर

दिङलाको टक्सार आदर्श गाउँमा अजिमा मन्दिर छ। करिव अढाई सय वर्ष अगाडि त्यहाँका स्थानीय एक व्यापारीले यो मन्दिर वनाएको भन्ने जनश्रुक्ति छ। मन्दिर वलियो किसिमले वनेको छ। भित्रपट्टि अजिमादेवीको शिलामूर्ति छ। पछि ढलौटका मूर्ति तथा सिंहासनमा सिंहहरू चढाइएका महाँकाल, गणेश, मञ्जुश्री आदि प्रमुख छन्। गुठी पनि छ र गुठियार पनि छन्। नित्यपूजा हुन्छ। आश्रममा दैनिक भजनकीर्तन हुन्छ। अष्टमीको साँझमा पनि भजनकीर्तन मुख्य रूपमा हुन्छ। श्रद्धालु भक्तहरू अघिपछि पनि भगवतीको आधना र दर्शन गर्दछन्।

अर्जुनधारा, झापा

विर्तामोडदेखि उत्तर पाँच किलोमिटरको दूरीमा शनिश्चरे वजारदेखि पश्चिमतर्फ अर्जुनधारा गाउँमा यो धाम छ। विराट राजाका गाईको रेखदेख गुप्तवासकालमा पाण्डवले गरेथे। त्यस वेला पानी खान नपाएका गाईलाई अर्जुनले पर्जन्यास्त्र छाडी धारा उत्पन्न गरे। त्यसै कारण यसको नाम अर्जुनधारा रहेको भन्ने जनश्रुति छ। यहाँ पाँच धारा छन्। पाँच पाण्डवलाई सम्झाउँछन्। यहाँ स्नान गर्दा पुण्य हुन्छ भनिन्छ। यहाँ माली र झाली गाई अनि धनु वोकेर उभिएका अर्जुन अनि यहाँको प्राकृतिक दृश्य हेर्दा आनन्दको अनुभव हुन्छ। गाई लुकाएको ठाउँ लुकार्नी, पाण्डव वसेको पाण्डवपुरजस्ता स्थानले पनि पौराणिक कथन पुष्टि गर्दछन्। यहाँ शिवलिङ्ग प्रकट भई शिवालयको स्थापना पनि भएको छ। वालाचतुर्दशीमा यहाँ सतवीज छर्न आउने मानिसहरू निकै हुन्छन्। २०२२ अगाडि यो स्थान गुप्त नै थियो। कुनै नाङ्गे वावा आएर यहाँ केही छ खोज्नू भने र यस स्थानको खोजी भई यी सवै कुरा पत्ता लागेका हुन्।

अजैमेरुकोट, (मजरगाड) डडेलधुरा

सदरमुकामदेखि उत्तरपश्चिम दिशामा मजरगाड खोलाको दायाँ काखमा रहेको प्राकृतिक विशाल चट्टानमाथि यो कोट रहेको छ। यसैका

आधारमा गाउँको नाम पनि अजैमेरु रहेको देखिन्छ। अजैवलको नामवाट अजैमेरु रहेको मानिए पनि नाम यो रहनमा खास प्रमाण पाइँदैन। सामान्यतः शत्रुहरूवाट पराजय हुन नसक्ने स्थान भएकाले पनि अजैमेरु भनिएको हो कि ? कोट वन्नुपूर्व यसलाई मेरु भनिन्थ्यो। कोट वनेपछि अजयमेरुवाट अजैमेरु वनेको तर्क सार्थक देखिन्छ। डोटीको मध्यकालीन वास्तुकला वुझ्न यस स्थानको उत्खनन तथा पुरातात्त्विक अध्ययन हुन जरुरी छ। शत्रुसँग युद्ध गर्ने कलात्मक सशक्त कोट निर्माण गरिएको देखिन्छ। त्यस वेलाको रणकौशल यस कोटको प्रकृतिक स्थिति अध्ययन गरी स्पष्ट वुझ्न सकिन्छ। यस कोटका नजिक शिखर शैलीका प्रस्तरका मन्दिरहरू पनि छन्। प्रस्तरका स्तम्भहरू पनि छन्। जलहरीहरू भए पनि गर्भगृहमा खास मूर्ति देखिँदैनन्। शिखर शैलीका मन्दिरहरू चौधौं शताव्दीतिरका जस्ता देखिन्छन्। यही नागमल्लको विजयस्तम्भ छ। जसमा यस्तो लेखिएको छ "ॐ स्वस्ती ओशाके सम्वत १३०६ समय राजाधिराज नागमल्ल राज्य सिवाद सउयोक वेटाको वीर खम्व पलु दिसाउदि मंल ७ सति" ढुङ्गेधारा पनि छन्। प्राचीन समयमा प्रमुख ऐतिहासिक सांस्कृतिक स्थलका रूपमा विकसित थियो। आज पनि पर्यटकीय दृष्टिले यो स्थल महत्त्व राख्छ।

अभिमानेश्वर महादेव, (परेवादिन) धनकुटा

परेवादिन गाउँमा यो मन्दिर छ। महादेवको अस्तित्व प्राचीन भए पनि मन्दिर यहीं अभिमानसिंह थापाका स्मृतिमा उनका छोराले २०२१ सालमा वनाएका हुन्। गुम्वा शैलीमा रचित मन्दिरमा शिवलिङ्ग, गणेश, देवी, विष्णु, सूर्य, वसाहा र सरस्वतीका प्रतीक मूर्तिहरू छन्। नित्यपूजा पनि हुन्छ। वालाचर्तुदशीका दिन मेला पनि लाग्दछ।

अन्नपूर्णा, (असन) काठमाडौं

काठमाडौं सहरको मध्यभाग असनमा एउटा मन्दिर पश्चिमाभिमुख छ। मन्दिरभित्र देवीको श्रीविग्रह मत्स्य चिन्हाङ्कित रजत् कलश आकारको मूर्ति देखिन्छ। भक्तहरू मन्दिर घुमेर देवीको दर्शन गर्छन्, भक्ति गर्छन्। ती देवीलाई अन्नपूर्णा भनिन्छ। यस कलशभित्र भ्रमरहरू थुनिएका छन् भनिन्छ। सुवर्णतोरण द्वारले परिवेष्ठित यस मन्दिरमा अवस्थित देवीलाई योगाम्वरा र ज्ञानेश्वरी देवीका रूपमा पनि भक्तहरू आराधना गर्दछन्। असनमा यिनलाई मञ्जु अजिमाको रूपमा पनि भक्तहरू उपासना गर्दछन्। दिनहुँ हजारौं दर्शक-दर्शनार्थीहरू मन्दिरमा परिक्रमा र दर्शन गर्छन् र भक्ति प्रकट गर्छन्।

अनन्तेश्वर, (गुडुखोला) भक्तपुर

अनन्त लिङ्गस्थान वृद्धगङ्गा भन्ने गुडु खोलो र शिवलिङ्ग नजिकैवाट वग्ने अर्को सानो नदीका दोभानमा ऋषितीर्थ छ। वृहदग्नि ऋषिले शौचकार्यका लागि माटो खन्दा शिवलिङ्ग प्रकट भएका हुन्। ऋषिको नियम पालन र सत्कार्यवाट प्रसन्न भएका महादेवले ऋषिलाई मात्र होइन, अरूलाई पनि मुक्ति दिने काम भएको छ। चैत्रकृष्ण अष्टमीमा दर्शनपूजन विशेष मानिन्छ। ऋव्याश्रम पर्वत यसको प्राचीन नाम हो। विरूपाक्षले समेत सेवन गरेको यस शिवलिङ्गलाई नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिन्छ।

अमरनारायण, (तानसेन) पाल्पा

पाल्पा तानसेनको उच्च स्थानमा अमर नारायणको मन्दिर छ। कलात्मक दृष्टिले यसको महत्त्व छ। यसमा रहेको अभिलेख यस प्रकार छ "जसका दानले सङ्ग्रामले कर्णअर्जुन व्यर्थ भया जसका पुण्यहरू सन्तान दर्सन्तान तुलुक वारवार जय फलकन फलाउँछ। जोत सज्जनका मनैरूपी मानसरोवरमा रहन्या राजहंश हुन् सो शाहवंशका मुकुट श्रीमहाराज नरभूपाल शाह गोर्खा शहरमा थिया। सूर्य जस्ता तेजस्वी नाउँ जस्ता गुण भयाका राजन्यका श्रेष्ठ श्री पृथ्वीनारायण शाह तन्देखि भया। आठ दिशाका शत्रुरुपि हाथीको नाश गर्दामा सिंह जस्ता प्रतापी श्रीमहाराज सिंहप्रताप तन्वाट भया। यस पृथ्वी तलमा राजन्का इन्द्र श्री रणवहादुर शाह तन्का पुत्र भया। पराक्रमका सीवाना शुऱ्याइ वठ्याइले पिता जस्ता श्री गीर्वाणयुद्ध विक्रम शाह तन्का पुत्र विराजमान छन्। महाराजाधिराज श्री गीर्वाणयुद्ध विक्रम शाहका मुख्य मन्त्रीका अस्त्रेयू गोत्रमा भयाका वीरभद्र थापा तन्का पुत्र श्री काजी अमरसिंह थापा यिनले १७१८ सहकालमा १८६३ संवत्मा श्री अमरनारायणको मन्दिर सिध्याया"

यस अभिलेखवाट अमरसिंह थापाले वनाएकाले अमरनारायण रहेको तथ्य झल्किन्छ। यो प्यागोडा शैलीमा छ। सवभन्दा माथिल्लो छाना पित्तल पाताले छाइएको छ। गजुर सुनको छ। अरू छाना झिँगटिका छन्। मन्दिरमा सुनको जलपले भरिएका लक्ष्मीनारायणका मूर्ति छन्। मन्दिरको नियमित पूजाआजाका लागि १००० मुरी खेतको प्रवन्ध भएको थियो। आजसम्म पनि यसै जेथावाट नियमित पूजा चल्दै छ। रामनवमी, भदौमा हुने नारायणजात्रामा, वडादसैंमा र कार्तिक पूर्णिमामा भण्डारा लगाइन्छ। एकादशी, अक्षय तृतीया, रामनवमी, चतुर्दशी, आदिमा यहाँ दर्शनार्थीहरूको घुइँचो लाग्दछ।

यो मन्दिर नेपालकै उत्कृष्ट नमुना हो। यसको प्रवन्धका लागि यथोचित व्यवस्था भए पनि उचित रूपले कार्य सञ्चालन हुन सकेको छैन। यो दुर्लभ र भव्य मन्दिर आजसम्म छ। यसको उचित मर्मतसम्भारको प्रवन्ध आवश्यक छ।

असद्वाला महादेव, (ताम्रगिरि) डोटी

डोटीको ताम्रगिरिको फेदीमा एउटा गुफा छ। त्यहाँ एउटा शिवलिङ्ग छ। त्यसमाथि गोस्तन आकारका शिला छन्। धार्मिक भावले वेद, रुद्री पाठ गर्दा ती स्तनवाट दुध झर्छ भनिन्छ। त्यहाँ पस्न खोज्दा गौंथलीहरूले रोक्छन् तर भोकै, पवित्र हृदयले पस्दा रोक्तैनन् जान सकिन्छ भनिन्छ। त्यस गुफावाट मालिका पुग्ने गुफाद्वार छ भनिन्छ। मालिकामा चढाएको दुध असद्वालामा निस्कन्छ। मालिकामा अलप भएका साधु असद्वालामा प्रकट हुन्छन् भन्ने पनि लोकविश्वास छ। यी महादेवका वारेमा विजय चालिसेले डोटेली लोकसाहित्य र संस्कृति पृ. ११६ मा केही चर्चा गरेका छन्।

असितेश्वर शिवलिङ्ग (चिसापानी) मकवानपुर

चिसापानी इलाकाको भिरपानीदेखि महादेव व्यासीमा यी महादेव छन्। शत्रवती भन्ने भरभती र भानुमती भन्ने नदी (अमर्खु र महेश खोला) को सङ्गममा असिततीर्थ छ। असित ऋषिले यिनै महादेवको सेवन, स्तुति, पूजन गर्दा मुक्ति प्राप्त गरेथे। कुक्कुट नामको शूद्र पनि फागुन शुक्ल ९ मा यी महादेवको दर्शनवाट मुक्त भएको कथा छ। यसको प्राचीन नाम सुभद्रपर्वत थियो। विरूपाक्षले समेत दर्शन गरेको यो शिवलिङ्ग नेपालका ६४ मध्ये एक मानिन्छ।

अशोकस्तम्भ, (लुम्बिनी) कपिलवस्तु

कपिलवस्तु जिल्लाअन्तर्गत लुम्विनीमा अशोकस्तम्भ रहेको छ। यो स्तम्भ इसापूर्व २४५ मा सम्राट् अशोकले राखेका हुन्। यसमा पालीभाषा र व्राह्मीलिपिको प्रयोग छ। यस अभिलेखको पाठ यस प्रकार छ "देवाना पियेन पियदासिना लाजिना विशति वशमि सितेना अतन आगाच महियिते हिधवुधे जाते शाक्यमुनीति शिला विगडीमन्द कालपित शिलाथमेच उसपापिते हिद्भगवतम् जातेती लुम्विनी नामे उवलि के अठभागिए च" यसको नेपाली रूपान्तर हो "देवताका प्रिय प्रियदर्शी राजा (अशोक)ले आफ्नो राज्याभिषेक भएको वीसौं वर्षमा यहाँ आई आफैंले पूजा गरी यहाँ शाक्यमुनि वुद्धको जन्म भएको हो भनी ठूलो शिलास्तम्भ राखे। यस ठाउँमा भगवान्को जन्म भएको हुनाले लुम्विनी गाउँलाई करमुक्त गरी स्वर्णमुद्रा पनि दान गरे"

यस स्तम्भको उचाइ ३० फिट जति छ र भनाइ स्पष्ट छ। त्यस्तै यस क्षेत्रमा अशोककै अरू दुई स्तम्भ पनि छन् ती हुन् निग्लिहवाको अशोकस्तम्भ र गोटिहवाको अशोकस्तम्भ। निग्लिहवा स्तम्भमा कनकमुनि वुद्धको जन्म भएको प्रमाण भेटिन्छ भने गोटिहवा स्तम्भमा ऋवुच्छन्द वुद्धको जन्म र निर्माण भएको प्रमाण भेटिन्छ। यस स्तम्भका वारेमा चिनियाँ यात्री ह्युनसाङले पनि चर्चा गरेको भेटिन्छ।

अशोकविनायक, (मरूसत्तल) काठमाडौं

काठमाडौं मरुसत्तलनजिकै अशोकविनायकको मन्दिर छ। मन्दिरको गजुर छैन। दर्शनार्थीहरूको सधैं भिड लाग्छ। अझ मङ्गलवार त विशेष लाइन लाग्छ। कालान्तरमा यहाँ अशोकको रूख थियो। त्यस रूखनजिकै एक गृहस्थको घर थियो। त्यस रूखमा एक दिन झलक्क केही वसेको जस्तो प्रकाशमय वस्तु ती गृहस्थले देखी के रहेछ भनेर ध्यान दिएर हेर्दा गणेश भगवान्लाई प्रत्यक्ष देखे। रूखको मूलभागमा विशालकाय भगवान् विराजमान हुनुहुन्थ्यो, पर पुग्दा रूखको फेदमा र नजिक आउँदा रूखमै देखिने हुँदा भगवान् प्रत्यक्ष देखी पूजाआजा ती गृहस्थले गर्दै गए।

पछि जङ्गवहादुर श्री ३ हुनुभन्दा अगाडि धर्मनारायण शाल्मीले यही मन्दिर निर्माण गराए। गजुर राख्ने वेला भएपछि सपना भएछ: गजुरविनाकै मन्दिर रहोस् भन्ने भएकाले यस मन्दिरमा गजुर छैन।

भक्तहरूको इच्छा पूरा गर्न र विघ्न विनाश गर्ने यी गणेश साक्षात् छन् भनिन्छ। त्यसैले भक्तहरूको भिड लाग्छ।

अत्रि आश्रम

व्रह्माका सात मानसपुत्रमध्ये अत्रि पनि एक हुन्। यिनका अनेक पत्नीमध्ये पतिव्रता अनसूया एक थिइन्। व्रह्मा, विष्णु, शिव नै उनका पुत्र वनेर दत्तात्रेय रूप लिए। दुर्वासा पनि उनैका छोरा हुन्। छोरी आत्रेयीको अङ्गीरस ऋषिसँग विवाह भयो। पतिको रिस शान्त गर्न उनले जलको रूप लिइन् र पुरुष्पी नदीलाई जन्म दिइन्। पुरुष्पी नै इरावती हुन्। इरावती गङ्गामा मिल्ने नदी हुँदा रापती भएकी हुन् भनिन्छ। गोसाईंकुण्डको आसपास अत्रिको आश्रम थियो भनिन्छ। अत्रि व्राह्मण र गन्धर्वहरूका शासक थिए। वैदिक धर्मको प्रचार गर्ने जिम्मा पनि उनको थियो। जमिन पाँच योजन जति ऋषि तेजले त्यसै प्रकाशमान थियो। हिमपात हुँदैनथ्यो, यसलाई श्वेतगिरि भनिन्थ्यो। यस आधारमा श्वेतगिरि भन्नाले धवलागिरि र ऐरावती भनेको रापती हो भनिन्छ। यसरी नेपालकै भूभागमा अत्रिआश्रम थियो भन्ने छ।

आकाशभैरव

इन्द्रजात्राको उपलक्ष्यमा कान्तिपुर, ललितपुर र भक्तपुरसमेतका मुख्य ठाउँमा डर लाग्दा आकारका भैरव रूपका टाउकाहरू इन्द्रचोकलगायतका ठाउँमा राखिएका देखिन्छन्। यसलाई ध्रुवकृष्ण दीपले इन्द्रमुखी आकाशभैरव मानेका छन्। हातखुट्टावेगर पनि देशदेशान्तर घुम्न सक्ने विश्वास गरिएका यी भैरव संरक्षक पनि हुन्। भक्तपुरको विस्केटजात्रा हेर्न आएका काशीका विश्वनाथलाई चिनेर यहीँ राखिएको भन्ने पनि छ। किराँतराजा वर्वरे (यलम्वर) महाभारतको युद्धमा गएका थिए र जो कमजोर छ त्यसैका पक्षमा लाग्ने उनको अठोट थियो। उनीसँग दुईवटा वाण थिए। एउटाले चिनो लाउँदै जाने र अर्कोले छेड्दै जाने। यो थाहा पाएर कृष्णले वुद्धिमानीपूर्वक सर्त गराएर उनको टाउको मागे तर महाभारतको युद्धजात्रा हेर्ने आफ्नो चाहना वर्वरेले वताए। सोही सर्तमा कृष्णको सुदर्शन चक्रले शिर छेदन गऱ्यो। टाउकाले महाभारत हेऱ्यो र नेपालमा पनि जात्रा पर्दा हेर्न पाउने कृष्णको वरदान भएकाले त्यसैको प्रतीक भैरवरूप टाउको जात्रा देख्ने गरी राख्ने गरिएको हो भनिन्छ। अरू अनुसन्धेय छ। भैरवका अरू रूपमा कालभैरव, वटुकभैरव, उन्मत्तभैरव, वाघभैरव, श्वेतभैरव, पचलीभैरव विशेष प्रख्यात छन्।

आगमघर, (टिस्टुङ) मकवानपुर

टिस्टुङ गाउँको पालचोकमा आगमघर छ। तलेजु भवानीको मुख्य खड्ग आगमघरमा राख्ने चलन भएकाले यो निकै प्राचीन मानिन्छ। यसको मर्मत यथासमय हुँदै आएको छ। यसमा वज्रवाराही जात्रामा घुमाउने खड्ग खटमा राखी घुमाउने गरिन्छ र वाराही गणेश, भैरवी आदिका मूर्तिहरू यहाँ राखिएका छन्। जात्रावाहेक अरू दिनमा यस घरको ढोका खोलिँदैन। यहाँ नित्यपूजा हुन्छ। वडादसैँ र वालाचतुर्दशीमा वोकाको वलि चढाई विशेष पूजा पनि हुन्छ।

आर्घा र खाँचीकोट, अर्घाखाँची

अर्घाखाँची जिल्लाको नाम यसै कोटका आधारमा रहेको देखिन्छ। अर्घा र खाँची दुवै छुट्टाछुट्टै कोट हुन्। सुरक्षाका दृष्टिले यी दुई कोटको निर्माण भएको हो। यी दुवै कोट र दुवै राज्यको मिलान पर्छन्। अर्घाखाँची एकै जिल्ला वन्यो र नाम पनि संयुक्त रूपमा कायम भयो। चौवीसे राजाले यी कोट वनाएका होलान्। दुवै कोटका वास्तुकला एकै शैलीका छन्। मध्यकालीन उपत्यकाकै शैलीसँग मेल खान्छन्। खाँचीकोटको मूल दरवार १९ फिट लम्वाइ १९ फिट चौडाइ र १९ फिट उचाइको छ। अर्घाकोटको मूल दरवार पनि यसैअनुरूप छ। लम्वाइचौडाइमा भने केही फरक छ। यी

दुवै कोटमा पौवा पनि छन् । दुवै कोटमा धुप वालेर नित्यपूजा गरिन्छ । वडादसैं र चैतेदसैंमा पर्वपूजा हुन्छ । वेदपाठ र चण्डीपाठ पनि हुन्छ । नवमीका दिन पञ्चवलि मूल रूपमा भएपछि अरूका लागि भाकल खुल्छ । गुठीवाट चढाइने पञ्चवलिमा भोज अनिवार्य छ । त्रयोदशीका दिन अर्घा र खाँची दुवै कोटमा सँगसँगै स्थानीय जनताको मेला लाग्छ । चौवीसे राजावाट निर्मित यी कोटको तत्कालीन महत्त्व त छँदै थियो त्यस्तै आज पनि ऐतिहासिक, सांस्कृतिक र सुरक्षाका दृष्टिले महत्त्व राख्तछन् ।

आमादेवी, (बिरुवागडी) पर्सा

वीरगञ्ज वजारदेखि ५/६ कोस उत्तरपशिचममा विरुवागडी गाउँमा यो स्थल रहेको छ । मध्यकालीन मन्दिरको भग्नावशेष पाइने यस स्थलमा छाप्रो हाली देवीस्थान वनाइएको छ । प्राचीन देवीस्थान मानी भक्तहरू पूजा गर्छन् । कार्तिक शुक्ल पूर्णिमामा मेला पनि लाग्छ । स्थानीय वासिन्दाले विश्वासपूर्वक आस्था प्रकट गर्दछन् । अरू अनुसन्धेय छ ।

आदिपशुपतिमृगेश्वर, (पशुपति) काठमाडौं

पशुपतिनाथको दर्शनार्थ जाँदा वागमतीको पश्चिमतर्फ पशुपतिनाथदेखि पूर्वतर्फ नदीकिनारमा मृगरूप पशुपतिको दर्शन पाइन्छ । मृगरूप पशुपतिलाई आदिरूप मानिन्छ । पशुका पति (मृगेश्वर) भएकाले पशुपति मानिएको पनि भनिन्छ । यसको दर्शन गर्नाले पशुत्ववाट मुक्त वनिन्छ । पशुपतिपुराणमा पनि शिवले मेरो पशुयोनिलाई जसले पूजा गर्छ, दर्शन गर्छ त्यसले पशुपाशवाट छुटकारा पाउँछ, इच्छा सिद्धि पनि हुन्छ भनेका छन् ।

आलमदेवी, (आलमदेवी गाउँ) स्याङ्जा

आलमदेवी गाउँमा यो मन्दिर अवस्थित छ । अलप हुन सक्ने देवी भएकीले आलमदेवी भनिएको जनश्रुति छ तापनि अवलम्ववाट आलम वनेको हो र सवैलाई आश्रय दिन सक्ने, मिलाउन सक्ने भएकीले आलमदेवी भनिएको मानिन्छ । शाहवंशीय राजाकी इष्टदेवीका रूपमा विशेष रहेकी यी देवीको स्थान १८४३ सालमा वनेको देखिन्छ । त्यसै वेलादेखि घण्टा, झारा चढाएको पनि देखिन्छन् । यसवाट प्राचीनता स्पष्ट हुन्छ । गोवरले पोतिएको माटोको ढिस्को मात्रै छ, देवीको खास मूर्ति छैन । पछिपछि अरूले चढाएका मूर्ति, त्रिशूल, घण्टा छन् । यसको आफ्नै गुठी छ । नित्यपूजा हुन्छ । शुद्ध भावले भाकल गरे पूर्ण हुन्छ भन्ने जनविश्वास छ । कठिन उकालो चढेर पनि भक्तहरू दर्शनार्थ आउँछन् । स्थानअगाडि काठको मौलो छ । यहाँ वलि चढ्छ । पञ्चवलि पनि चढाइन्छ । औंसी र

एकादशीमा वलि निषेध छ। मन्दिरको पुजारी कुमार हुनुपर्छ। पूजा गर्दा वाजा वजाउनुपर्छ। चैतेदसैँ, वडादसैँमा पूजापाठ विशेष हुन्छ। पुत्र प्राप्त हुँदा पनि यहाँ पूजा चढाइन्छ। स्याङ्जा जिल्लाको महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलको रूपमा यसलाई लिइन्छ।

आशुतोष शिवमन्दिर, (सिलगढी) डोटी

डोटीको सिलगढी वजारमा इन्द्रचोक हरिहर निवासमा आशुतोष शिवको मन्दिर छ। १९०८ मा तत्कालीन वडाहाकिम कुलमान सिंह वस्नेतले यो मन्दिर वनाएको जानकारी मिल्छ। तसर्थ यसलाई कुलेश्वर मन्दिर पनि भनिन्छ। ताम्रपत्र र घण्टामा अङ्कित सामग्रीले स्पष्ट गर्छन्। नेपाली शैलीकै मन्दिरमा छ इन्चको चौकोस उठाएर शिवलिङ्ग राखिएको छ। मन्दिरका टुँडालमा सिंह आकृति चार कुनामा छन्। यस मन्दिरको सञ्चालक समिति छ जसले यहाँको नित्यपूजा र पर्वपूजाको व्यवस्था गरेको छ। श्रीपञ्चमी, तिज, शिवरात्रिजस्ता पर्वमा यहाँ दर्शनार्थीको वढी भिड लाग्छ।

आर्यातीर्थ, (आर्यघाट) काठमाडौँ

काठमाडौँको आर्यघाट आर्यातीर्थ हो। पशुपतिनाथदेखि पूर्व वागमतीको पश्चिमी किनार आर्यातीर्थ मानिन्छ। यहाँ स्नान गरी पशुपतिनाथको दर्शन गरे शिवलोक सहज रूपमा प्राप्त हुन्छ भनी हिमवत्खण्डमा लेखिएको छ। पशुपतिपुराण, नेपाल माहात्म्य आदिमा पनि यस तीर्थको महिमा वताइएको छ। आर्यघाटमा पूर्वतर्फ मृगस्थलीवाट निस्केर वागमतीमा मिसिएको खर्वरिमा नदी छ र त्यसको सङ्गममा खर्वरिका तीर्थ छ। आर्याघाटमा पश्चिमतर्फ मृगेश्वरको मुन्तिरवाट धारा रूपले निस्केर वागमतीमा मिसिने मृगेश्वर तीर्थ छ। मृगेश्वर तीर्थलाई नै मृगशृङ्गोद्भव तीर्थ पनि भनिन्छ। वागमतीको वीचमा आर्यातीर्थ छ। आर्यानामले पार्वतीलाई जनाउँछ। पार्वतीले सधैँ स्नान गर्ने तीर्थ भएकाले आर्यातीर्थ भनिएको हो। हिजोआज आर्यघाट नामले चिनिन्छ। राजा लक्ष्मीनरसिंह मल्लले आफ्नै श्रमवाट आर्जित आमदानीले व्रह्मनाल वनाई प्रतिष्ठित गरेका थिए। पृथ्वीनारायण आदि अरूले पनि मर्मत गर्दै गए।

आर्यातीर्थ महापुण्य त्रिवेणी सङ्गमे शुभे
शकृत् स्नात्वाशु निष्पापो शिवलोकं गमिष्यति

इचङ्गुनारायण, (सीतापाइला) काठमाडौँ

काठमाडौँ सहरको पश्चिमोत्तर सीतापाइला गाउँमा इचङ्गुनारायणको मन्दिर छ। यो नारायण मन्दिर काठमाडौँ उपत्यकाका चारनारायणमध्ये एक हुन्। मन्दिरको गर्भगृहमा भगवान् नारायणको

शिलामूर्ति छ। मन्दिरअगाडि प्रस्तर स्तम्भमा देवीदेवता र गरुडका मूर्ति पनि छन्। लक्ष्मीनारायण, वुद्ध भगवान्, शिवपार्वती, भीमसेन, गणेश, हनुमान आदिका मूर्ति पनि छन्।

यहाँ नारायणको वैदिक विधिले पूजा हुन्छ। गुठी व्यवस्था पनि छ। छैटौं शताव्दीतिर राजा हरिदत्तले यो मन्दिर वनाएको मानिन्छ। नारायणको अस्तित्व प्राचीन भए पनि शिवानन्दले विष्णुमतीमा भेट्टाएको मूर्ति यहाँ छैटौं शताव्दीमा प्रतिष्ठापित गराएको मानिन्छ। कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म यहाँ विशेष मेला लाग्छ र नारायणको विशेष पूजाको प्रचलन पनि छ।

इचङ्गुनारायण, (पालुङ) मकवानपुर

पालुङ गाउँमा यो मन्दिर छ। यो झन्डै ३५० वर्ष पुरानो मानिन्छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरमा चिल्लो कालो पत्थरको नारायणको मूर्ति फुटेको थियो, आफैँ केही दिनमा जोडियो भन्ने स्थानीय दर्शकहरूको भनाइ छ। यसको गुठी छ, सामान्य नित्यपूजा हुन्छ।

इन्द्रेणीमाई, (पालुङ) मकवानपुर

पालुङको नेपाली गाउँमा यो मन्दिर छ। पालुङ नदीकै किनारमा रहेको मन्दिर सामान्यतः झन्डै ३०० वर्ष अगाडिको मानिन्छ। यसमा १९११, १९१४ सालका शिलापत्र छन्। मन्दिरभित्र इन्द्रायणी देवीको पत्थरको मूर्ति छ। दायाँवायाँ भैरवी, गणेश, नारायण, वाराही भगवतीका ससाना पत्थरका मूर्ति पनि छन्। सिंह तथा घण्टाहरू पनि छन्। गुठी र गुठियार भएकाले नित्यपूजा र पर्वपूजा पनि चल्दै आएको छ। ३/३ वर्षमा जात्रा र १२/१२ वर्षमा नाच तथा विशेष पूजा पनि हुने गर्दछ। पञ्चवलि, पशुवलि पनि चढाइन्छ। भक्तहरू अनेक चाहना वोकेर यहाँ आउँछन्, दर्शन गर्छन् र जान्छन्। ३/३ वर्षको मंसिरमा जात्रा हुन्छ। १५०० घरवाट एकएक वोका आउनु अनिवार्य छ। इन्द्राणी, वाराही, गणेश, कुमारी, भगवती, भैरव आदिका मूर्ति रथमा राखी गाउँगाउँ घुमाइन्छ। आगमघरका रक्षकहरूलाई पनि भोज खुवाउनुपर्ने प्रचलन छ। यस्तो गरेमा पालुङक्षेत्र धनधान्यले पूर्ण हुने र सवैको कल्याण हुने विश्वास छ। १३ वर्षे नाचमा धेरै रकम उठ्छ उठाइन्छ। माथि उल्लेख भएका देवदेवीको मुखुण्डो लगाई नाच्ने गरिन्छ। भोज पनि उठेकै रकमवाट व्यवस्थित गरिन्छ। १८ वर्षे नाच निकै भव्य र आकर्षक हुन्छ।

इन्द्रेश्वरमहादेव, (पनौती) काभ्रे

पनौतीमा त्रिवेणी स्थानको पश्चिममा इन्द्रेश्वर महादेवको मन्दिर छ। यहाँ अरू पनि अनेक देवीदेवताका मूर्ति रहेका छन्। प्यागोडा शैलीको

तीनतल्ले मन्दिर छ। ढोकामा पत्थरका सिंह राखिएका छन्। ढुङ्गाको वसाहा पनि छ। तेह्रौं शताव्दीको मानिने यस मन्दिरमा चतुर्मुखी शिवलिङ्ग छ। जसलाई इन्द्रेश्वर महादेव भनिन्छ। यी महादेवको पौराणिक महत्त्व छ। मन्दिरको मर्मत यथासमय हुँदै आएको छ। मन्दिरको टुँडालमा हनुमान, राम, सीता, भरत, लक्ष्मण, नकुल, सहदेव, गोपिनीहरूका, भगवतीका विविध रूपहरू कुँदिएकाले मन्दिर कलात्मक छ।

गौतमपत्नी अहिल्याप्रति आसक्त इन्द्रलाई गौतमऋषिले शरीरभरि सहस्रयोनि हुने शाप परेपछि शापमोचन गर्न सबै तीर्थको भ्रमण गर्दै, स्नान एवं दर्शन गर्दै हिँड्दा पनि आराम मिलेन। यहाँ आएर स्नान दर्शन गर्दै गरेपछि इन्द्र शापमुक्त भएकाले यहीँ इन्द्रेश्वर महादेव स्थापना गरेको पौराणिक कथन छ। एउटै ढुङ्गामा यो नगर रहेकाले भूकम्पले पनि कुनै क्षति नहुने, विश्वास गरिन्छ। १९९० को भूकम्पले पनि यहाँ कुनै क्षति भएन भनिन्छ। यहाँ गुठीको व्यवस्था छ। शिवरात्रि, दुर्गापूजा, पूर्णिमाजस्ता पर्वमा यहाँ मेला लाग्छ। विशेष पूजा हुन्छ। यसको प्राचीन नाम कुन्जपर्वत थियो। विरूपाक्षले समेत सेवन गरेको यस शिवलिङ्ग लाई ६४ मध्ये एक मानिन्छ।

ईशानेश्वरमहादेव, लमजुङ

गण्डकी अञ्चलको लमजुङमा ईशानेश्वर महादेवको मन्दिर छ। यस मन्दिरमा शिवरात्रिको अवसरमा मेला लाग्ने गर्दछ। स्थानीय वासिन्दाहरू अत्यन्त श्रद्धा, भक्ति राखेर महादेवको दर्शन गर्दछन्। खास गरी सन्तान नहुनेहरू सन्तानको कामना गरी महादेवको पूजाअर्चना गर्न आउँछन्। त्यसपछि प्रायः सन्तान हुने गरेको विश्वास स्थानीय वासिन्दहरूमा छ। सन्तान भएपछि महादेवलाई सन्तान देखाउनुपर्ने पनि परम्परा र विश्वास रहिआएको छ।

उक, दार्चुला

महाकाली नदीले कटान गर्दा उक उपत्यका भारत र नेपाल दुवैतर्फ पर्दथ्यो। भारतपट्टि अस्कोट पर्दछ भने नेपालतर्फ पुरातात्त्विक स्थल उक पर्दछ। यहाँका भग्नावशेषहरू शैव सम्प्रदायका देखिन्छन्। भग्नावशेषमा पाइने शिलाहरू, गजुर, अमलकद्वार र खम्वा आदि छन्। यस्ता सामग्रीले वन्ने मन्दिर शिखर शैलीका हुन्छन्। कुनै शिला मानिसले चलाउन नसक्ने खालका पनि छन्। तान्त्रिक जनावर, ऊँट आदिका मूर्ति पनि पाइन्छन्। यस्ता भग्नावशेष रहेको यस स्थलको पुरातात्त्विक अध्ययन हुन नसके पनि प्राचीन सांस्कृतिक स्थलकै रूपमा यसको परिचय पाइन्छ। उकका अन्य देवताहरू हुन् :

ताण्डवशिव : दुई हातखुट्टा नृत्य मुन्द्रामा छन्। अन्य हातमा आयुध समातेको देखाएको छ। मूर्ति करिव २५×५५ को अस्टभुजाको छ। मूर्ति निकै आकर्षक छ।

भैरव मूर्ति : करिव २५×५० को छ। यसमा सौम्य रूपमा भैरवको आकृति देखाइएको छ। प्राचीन नेपालको ११ अंकमा हरिशंकर भनी चिनाइए पनि यो मूर्ति भैरवको जस्तो देखिन्छ।

लक्ष्मी : यो मूर्ति करिव १६×३० को छ। माथिल्ला दुवै हातमा आयुध लिएकी, दुई हातले कलश लिएको देखिन्छ। यहाँ शिलापत्र भए पनि पढ्न सकिने स्थितिमा छैन। औरङ्गजेवका पालामा भारतवाट भागेर आएका सैपाल भन्ने राजाले वनाएको भन्ने जनश्रुति छ। शा.सं. १२५९ का चक्रवर्ती सम्राट् आपाडराज जुमलेश्वर पुण्य मल्लदेवको कनकपत्रमा उकको उल्लेख भेटिन्छ। यसवाट प्राचीन भन्ने स्पष्ट हुन्छ।

उकका पुरातात्त्विक सामग्री अस्कोटका राजालाई राम्रो लागि केही लगे तर लगेकै दिनदेखि भूकम्प, उत्पात, रोग-व्याधि, अशान्ति माच्चिएकाले ती सामग्री उकमा नै फर्काइदिए र त्यहीँ सुरक्षित राख्ने व्यवस्था भएको छ। त्यसपछि ती भग्नावशेष कसैले लैजान साहस गरेन, गरेको छैन। महाकालीको तटमा रहेको एक मठमा चाहिँ मुद्राका केही मूर्ति लगी पूजा गरी राखिएका छन् भनिन्छ। यस क्षेत्रलाई दार्चुलाको पुरातात्त्विक स्थल मानी संरक्षण गरिएको छ।

उग्रतारा, (असन) काठमाडौं

असनको पश्चिमतिर न्हैकन्तला नेर उग्रताराको मन्दिर छ। कलिगत ३८२५ मा गुणकामदेवले यी देवीलाई विधिपूर्वक स्थापना गरेको मानिन्छ। आँखाको रोग लागेमा र निको नभएमा उग्रतारालाई ऐना चढाई दर्शन तथा पूजा गरेमा आँखारोगवाट मुक्ति पाइन्छ भन्ने धारणा रहेको छ। आँखाका रोगीहरूले चढाएका ऐनहरूले यो मन्दिर भरिएको छ। यस मन्दिर र मूर्तिलाई नीलसरस्वती पनि भनिन्छ।

उग्रतारादेवी, डडेलधुरा

सुदूर पश्चिमको डडेलधुरामा उग्रतारादेवीको मन्दिर छ। डडेलधुरा वैतडी मोटरमार्गवाट नजिकै सदरमुकामवाट दुई कोस टाढा पश्चिमोत्तरमा यो मन्दिर रहेको छ। यो प्रसिद्ध शान्तिपीठ हो। प्यागोडा शैलीको यो मन्दिर नेपाल टिकटमालामा पनि प्रकाशित छ।

उग्रतारा भगवतीको उत्पत्तिका विषयमा स्थानीय वासिन्दाको धारणा यस प्रकार छ: त्यस ठाउँमा लटाउलीका सार्की जातिले हलो

जोत्दा हलोको टुप्पोले घोचिई भलभली रगत वगेकाले आफूहरूले खान ल्याएको खिचडीले रगत वगेको मूर्तिमा वेसरी थिची रगत थामियो । सो सार्कीलाई राती जगत् माताले दर्शन दिई निजलाई पुजारी वनाएको भन्ने जनश्रुति छ । पूजारीवाहेक अरू भित्र जान पाउँदैनन् वाहिरवाटै दर्शन गर्ने चलन छ । त्यहाँ कार्तिकशुल्क पूर्णिमामा, आश्विनशुक्ल अष्टमीमा र चैतेदसैंमा मेला लाग्छ । एकता, भ्रातृत्व, समन्वय र धार्मिक आस्थाकी केन्द्रविन्दुका रूपमा यी भगवतीलाई सवैले आदरपूर्वक दर्शन गर्दछन् । पर्यटनका दृष्टिले पनि यो स्थल महत्त्वपूर्ण मानिन्छ ।

उग्रतारा मन्दिर, (उग्रतारा गाउँ) डडेलधुरा

सदरमुकामदेखि ६ किलोमिटर उत्तर उग्रतारा गाउँ यिनै देवीका नामवाट नामकरण भएको छ । देवीको रूपमा रहेका शिवलिङ्गको उत्पत्ति विषयमा जनधारणा यस्तो छ । उग्रगाउँका वासिन्दा कपुरे साउदले हलो जोत्दा हलोको सियोले शिवलिङ्ग ठक्कर दिँदा रगत वगेछ । साउदले खान ल्याएको खिचडीले टाली रगत वन्द गरेछन् । त्यस कारण पूजारी क्षेत्री साउदहरू नै हुन्छन् । मुगल आक्रमणवाटै नष्ट भएको यस मन्दिरको पुनर्निर्माण डोटेली राजा नागमल्ल (तेह्रौं शताव्दी) ले गराएको भन्ने भनाइ छ । राजा वीरेन्द्रवाट सुदूरपश्चिमको भ्रमण हुँदा एक लाख वकस भई मर्मतसम्भार भएको छ । नेपाली तल्ले शैलीमा यो मन्दिर रहेको छ । दुई तल्ले मन्दिर आकर्षक छ । शिलालाई देवीको प्रतिमूर्ति मानी पूजा गरिन्छ । भक्तहरूले चढाएका अन्य मूर्ति पनि छन् । शिव र शक्ति दुवैको अस्तित्व यहाँ छ । वाहिर द्वारपालको प्रस्तरमूर्ति पनि छ । मन्दिरको आफ्नै गुठी र गुठियार पनि भएकाले नित्यपूजा र पर्वपूजा दुवै हुन्छन् । यसवाट पनि सहयोग प्राप्त हुन्छ । वैशाख र श्रावण पूर्णिमा, माघेसङ्क्रान्ति, नवरात्रि र कार्तिकपूर्णिमामा पर्वपूजा र मेला लाग्दछ । छिमेकी जिल्लावाट समेत भक्तजनहरू आउने गर्दछन् । वाजागाजासहित भव्य पर्व मनाइन्छ । शिव र शक्ति दुवैको सार्थक उपासना हुन्छ । भक्तहरू उपासनावाट मनोरथ पूरा गर्दछन् ।

उत्तरगङ्गा वराहस्थान, (बोबाङ) बाग्लुङ

वोवाङ गाउँमा यो मन्दिर छ । वराहस्थानको पूर्वपट्टिवाट गङ्गा उत्पत्ति भई २ किलोमिटर उत्तर वगेकीले उत्तरगङ्गा पनि भनिन्छ । हिरण्याक्ष दानवले पृथ्वीलाई हरण गरी पाताल लगेपछि भगवान् विष्णुले वराह रूप लिई हिरण्याक्षसँग युद्ध गरी पृथ्वीको उद्धार गरेपछि युद्धको थकाइ मेट्न यस ठाउँमा वराहले विश्राम गरेको हुनाले यस ठाउँमा वराहस्थान कायम भएको भन्ने जनधारणा छ । वि.सं १८५० मा यो मन्दिर

निर्माण भएको हो। यही समयमा एक कोस तल कालिकाको शिला पनि स्थापित छ। कालिका गङ्गा र वराहस्थान भनी दुवैको लागि गुठी व्यवस्था भएको प्रमाणित भएको छ। उत्तरगङ्गाको मूलभन्दा छ फिट माथि वराहको प्रतिमाशिला ढुङ्गाको पर्खालभित्र रहेको छ। श्रावण शुक्ल पूर्णिमामा यहाँ मेला लाग्छ। यहाँ वलि पनि चढाइन्छ। प्रत्येक वर्ष मेलामा ५/७ हजार मानिसहरू पनि आउँछन्। उत्तरी भेगका तीर्थस्थलहरूमध्ये यसको पनि महत्त्वपूर्ण स्थान रहेकोछ।

उदयपुरगढी, उदयपुर

गाईघाटवाट १० कोस उत्तरपश्चिममा यो गढी छ। उदय नामका राजाले यहाँ कुनै वेला शासन गर्थे। यसै कारण उदरपुर भनिएको भनिन्छ। यस गढीको निर्माण चाहिँ सेन राजाले गराएका थिए। वि.सं. १८८७ मा चौदण्डी गडीवाट उदयपुरमा सदरमुकाम सरेको थियो। २०२८ सालमा उदयपुरवाट गाईघाट सदरमुकाम सरेपछि उदयपुरगढीको महत्त्व कम भए पनि प्राकृतिक सौन्दर्यले पूर्ण, उच्च डाँडामा रहेको यसको आफ्नै महत्त्व छ। यहाँ पञ्चावती माईको मन्दिर छ र त्यो चौदण्डी गढीवाट ल्याएर यहाँ राखिएको भनिन्छ। मन्दिरमा शिलामूर्ति छ। शालिग्राम र अन्य देवदेवीका मूर्ति पनि छन्। यी प्रख्यात देवी भए पनि गुठी व्यवस्था छैन। वडादसैं र चैतेदसैंमा वलि चढाइन्छ। भक्तहरूको भिड वढ्छ। यही गढीमा गणेश र सरस्वतीका प्राचीन शिलामूर्ति पनि छन्। प्राचीन दरवारको गढीका नजिक पाइने यस मन्दिरको महत्त्व आफ्नै किसिमले उच्च छ।

उद्दालकेश्वर, (फर्पिङ) काठमाडौं

फर्पिङको टासी टोलमा धर्मगङ्गा र रुद्रकुण्ड छन्। यहीँ नजिक कनखल तीर्थ पनि छ। उद्दालक ऋषिका तपस्यावाट सन्तुष्ट भई यहाँ शिव प्रकट भएका हुन्। नारदका उपदेशले स्थूलोदर नामका दैत्यले पनि उत्तम गति पाएको भनी हिमवत्खण्डमा लेखिएको छ। नारदले पनि यस तीर्थको महिमा वताएका छन्। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको चर्चा छ। यो ठाउँको प्राचीन नाम व्याधपर्वत हो। नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये एक मानिन्छ।

उमामहेश्वर मन्दिर, (कीर्तिपुर) काठमाडौं

कीर्तिपुर डाँडाको सवैभन्दा अग्लो ठाउँमा यो मन्दिर रहेको छ। शिवपार्वतीका मूर्ति रहेको यो मन्दिर ४ तल्ले छ। भक्तहरूले शिवपार्वतीको पूजाआराधना गर्ने कुरा त छँदै छ, त्यसका अतिरिक्त कलाकारिताले पनि यसको महत्त्व विशेष रहेको छ। प्रत्येक दसैंको विजया

दशमीमा मनाइने पाया संस्कृतिको आफ्नै प्रकारको महत्त्व छ। सन् १६५५ मा निर्माण गरिएको यस मन्दिरको मर्मत यथासमय हुँदै आएको छ। यस ठाउँबाट लामटाङ, सिसापाङमा दोर्जे लाक्पा, चोवा चामरे, गौरीशङ्कर आदि हिमाल हेर्न सकिन्छ। पर्यटकीय दृष्टिले यसको महत्त्व छ। धार्मिक दृष्टिले पनि यी शिवपार्वतीको दर्शन गरे हराएका बालबालिका पाइने, सन्तान नहुनेले सन्तान पाउने भन्ने जनविश्वास छ।

उन्मत्तेश्वर, (टिस्टुङ) मकवानपुर

टिस्टुङ चिसापानी खत्रीगाउँमा यी महादेव छन्। मिश्रकान्ति नदी र स्वर्णावती नदीको सङ्गममा स्वर्णतीर्थ छ। यी महादेवको विष्णुभद्र ब्राह्मणले ध्यान गर्दा इच्छा सिद्धि गरिदिएको कथा छ। घुरघुर नामको राक्षसले पनि मैलेय नामका ऋषिका उपदेशले यस तीर्थको सेवन गरेको थियो र फागुन शुक्ल ४ मा मुक्त भएको थियो। विद्याका मदले कर्महीन धर्महीन हुने पनि यसको दर्शनपूजनले मुक्त हुन्छन् भनिएको छ। यसको प्राचीन नाम मयूरपर्वत हो। विरूपाक्षले पनि यसको सेवन गरेका थिए। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

ऋषिकेशव मन्दिर, (रिडी) पाल्पा

पाल्पाका मणि मुकुन्दसेन प्रथमले स्थापना गरेका अनेक देवदेवीका मूर्तिहरूमध्ये ऋषिकेशव मन्दिर पनि एक हो। यो मन्दिर रिडी क्षेत्रमा अवस्थित छ। रिडी कालीगण्डकीको तीर अत्यन्त पावन क्षेत्र मानिन्छ। यहाँको ऋषिकेशव मन्दिर पनि ऐतिहासिक महत्त्वको छ। उत्तरतर्फबाट कालीगण्डकी र पश्चिमतर्फबाट रिडी खोला आई दोभान बनेको छ। कालीगण्डकीको साँधले स्याङ्जा र गुल्मी छुट्याएको छ भने रिडी खोलाको साँधले पाल्पा र गुल्मी छुट्याएको छ। ऋषिकेशव मन्दिरचाहिँ पाल्पामा पर्दछ। गण्डक ऋषिले तपस्या गरेकाले गण्डकी र कालो वर्णकी भएकाले कालीगण्डकी मानिएको जनधारणा छ।

यस क्षेत्रमा देवदत्त नामका ब्राह्मणले ठूलो तपस्या गरे। उनको तपस्याबाट डराएका इन्द्रले तपोभङ्ग गर्न प्रलोचा नामकी अप्सरा पठाए। उसको सेवाबाट प्रभावित भएर देवदत्त फसे। प्रलोचाबाट रुरुनामकी कन्या जन्मिन्। देवदत्त तपोभङ्ग भएकाले लज्जित बनी अर्को ठाउँमा तपस्या गर्न गए। अप्सरा पनि स्वर्ग गइन्। रुरुलाई मृगहरूले पालेर हुर्काए। रुरु पनि ठूली भएपछि विष्णुको तपस्या गर्न थालिन्। उनी सुक्तै गइन्। इन्द्रियहरू निस्क्रिय भए। ऋषि भनेको इन्द्रिय हो। त्यसलाई विष्णुले नियमन गरेकाले विष्णुको नाम ऋषिकेश रह्यो। नारायणको दर्शन पाइन् र हजुरलाई यही ठाउँमा म सधैं देख्न सकूँ भनी वर मागिन्। रुरुको कार्यकालभरि भगवान्

विष्णुमूर्ति रूपले त्यहीँ रहनुभयो। कालान्तरमा चतुर्वाहु मूर्ति कालीगण्डकीभित्र गुप्त रहेको थियो। मणि मुकुन्दसेनको दिग्विजय यात्रापछि उनले सपनामा नारायणलाई देखे र फौजसहित रिडीमा कालीगण्डकीमा नुहाउन गए। भगवान्को मूर्ति त देखियो, सम्पूर्ण फौजलाई गण्डकीवाट उतार्न लगाए तर सकेनन्। स्वयं राजाले भगवान् विष्णुको आराधना, प्रार्थना गरी मूर्ति समाए मूर्ति फूलजस्तै हल्का भएर आयो र ऋषिकेश मूर्तिका रूपमा स्थापना गरे भन्ने लोकको भनाइ छ। यो मूर्ति क्रमश: वढ्दै जान्छ भनिन्छ। अहिले ३ फिट ९ इन्चको छ। शालिग्रामले वनेको चतुर्वाहु यस्तो मूर्ति अन्यन्त्र कहीँ पनि छैन।

यहाँ हरिवोधिनी एकादशीमा मेला लाग्छ र भोलिपल्ट खटयात्रा पनि हुन्छ। सधैँ दर्शनार्थीको घुइँचो भए पनि हरिवोधिनी एकादशी, हरिशयनी, वैशाखसङ्क्रान्ति, माघेसङ्क्रान्ति, एकादशी, द्वादशीजस्ता पर्वमा यहाँ विशेष मेला लाग्दछ। मणिमुकुन्द सेनले यहाँको पूजाका लागि गुठी राखेथे। त्यो अहिले गुठी संस्थानअन्तर्गत नै छ।

यस मन्दिरको निर्माण चाहिँ १८१९ सालमा रणदत्त पाण्डेले गरेको देखिन्छ। जे होस् भगवान् ऋषिकेशव पावन क्षेत्रमा अवस्थित हुनुहुन्छ। भक्तहरू र पर्यटकहरू सवैलाई आनन्द प्रदान गर्दै रहनुभएको छ।

एकागढ, (चुरे) सप्तरी

चुरिया पर्वत शृङ्खलाको कछाडमा एक गढ छ र त्यसलाई रानी चन्द्रमायाको दरवार पनि भनिन्छ। रानीकै निम्ति वनाइएको गढ हो भन्ने जनधारणा छ। यहाँ दुई ढिस्का छन्। यी प्राचीन कुनै मन्दिरका अवशेष हुन् भन्ने वुझिन्छ। वरपर छरिएका पुरातात्त्विक महत्त्वका अवशेष निकै छन्। घना जङ्गलले गर्दा सवै लेखाजोखा गर्न सम्भव छैन। यहाँका वाहिरी सामग्री हेर्दा सेन कालीन देखिएका छन्। भित्री भागमा सामानहरू कुशाण वा गुप्त कालीनजस्ता पनि प्रतीत हुन्छन्। यस ठाउँमा सामग्रीको व्यापक अध्ययन अनुसन्धान हुन वाँकी छ। त्यसपछि यसवारे केही भन्न सकिन्छ। ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले यो गढले विशेष महत्त्व राख्दछ।

ऐतिहासिक पौवा, (नीलकण्ठ गाउँ) धादिङ

नीलकण्ठ गाउँमा यो पौवा छ। यो पौवा वावुआमाको सम्झनामा चन्द्रवीर थापा मगरले वनाएको कुरा शिलालेखवाट खुल्दछ। सोही साल श्री गीर्वाणवाट लालमोहर वकस भई गुठी व्यवस्थासमेत भएको जानकारी मिल्छ। दुई तल्ले पाटीमा कालीगडी युक्त खम्वा, आँखिझ्याल, टुँडालजस्ता कलात्मक रूपले गर्दा यो पाटी ऐतिहासिक वन्न गएको छ। यसै ठाउँवाट

मोटरवाटो खुल्नुअगाडि काठमाडौं, नुवाकोट, धादिङ, गोर्खासमेत आवतजावत गर्ने मुख्य केन्द्र त्यसमा पार्टी हुनु ठूलो कुरा थियो। यात्रीहरूलाई वास वस्न विश्राम गर्न वनेको यसको ऐतिहासिक महत्त्व भएको तथ्यलाई विर्सन मिल्दैन। यसमा धार्मिक उद्देश्य पनि प्रवल रहेकोले गुठी व्यवस्था भएको वुझिन्छ।

ऐरेनिघाट, रूपन्देही

वुटवलवाट सेमलारतर्फ जाँदा नरेश्वरमहादेव नपुग्दै एउटा ढिस्को छ। यहाँ एक देवीको थान छ। देवीथान वाहिर रङ्गले पोतेर राखेको मूर्ति छ। मूर्ति प्राचीन महत्त्वको भए पनि रङ्ग लगाएर ठम्याउन गाह्रो छ। यसवारे यस्तो किंवदन्ती छ– नरेश्वरअगाडिको पोखरीमा भैंसी डुवुल्की मार्थे, चर्थे र दुधचाहिँ यसै ऐरेनिथानमा चढाउँथे। ऐरेनिथानमा दुध चाहिएमा भाँडाभरि चामल र दही चाहिएमा भाँडाभरि धान राख्थे। भोलिपल्ट दुध या दही भाँडाभरि हुन्थ्यो। यहाँ रहेका पुरुषनारीका मूर्ति कलात्मक छन्। कतै टुटेफुटेका पनि छन्। ढुङ्गेधारा पनि टुटेफुटेको अवस्थामा छ। यो निश्चय नै प्राचीन महत्त्वको पुरातात्त्विक स्थल हो। देवीका अगाडि भोटो छ। दसैंको नवमीमा र चैत्रशुक्ल अष्टमीमा वलि चढाइन्छ। यसलाई भक्तिभावले दर्शन गर्ने दर्शनार्थी निकै छन्।

ओखरकोट, (ओखरकोट) प्युठान

ओखरकोट गाउँमा यो कोट छ। भुरेटाकुरे राजाकै पालामा तीनसय वर्ष अगाडि नै यो कोट निर्माण गरिएको देखिन्छ। न्यातपोल शैलीमा यो मन्दिर छ। मन्दिरमा खड्ग छन्, गुठी छ। त्यसैवाट पूजाआजा हुन्छ। वडादसैंमा मेला लाग्छ वलि पनि चढाइन्छ। अष्टमीका दिन घर्ती क्षेत्री, नवमीका दिन महत्रा क्षेत्री, दशमीका दिन खड्का क्षेत्रीले पूजा गर्नुपर्ने चलन छ। चैते अष्टमी र नवमीमा चाहिँ सामान्य पूजा गरिन्छ।

ओखलढुङ्गाका मन्दिर, देवदेवीहरू

पवित्रादेवी : सेर्नाथुम्की र चिसापानीका वीचमा जङ्गलमा रहेकी छन्। सवैलाई पवित्र पारी इच्छा सिद्धि गराउने यी देवीको पूजाआजा पर्वपर्वमा हुन्छ।

सेतीदेवी : सेर्नाथुम्की र वेंसीका वीचमा रहेकी सेतीदेवीको पनि पर्वपर्वमा पूजा हुन्छ। यिनी पनि इच्छा सिद्धि गर्ने प्रत्यक्ष देवी हुन्।

रघुवीरेश्वर महादेव : ओखलढुङ्गाको सदरमुकाममा रहेको यो मन्दिर रघुवीर थापाले १९०६ मा स्थापना गरेका हुन्। यसका लागि केही गुठी पनि छ। नित्यपूजा पनि चल्छ। सेर्नावाट वाणीविलास भट्टराई ल्याई पूजाआजाको प्रवन्ध गरेका हुन्। उनैको सन्तानवाट पूजा हुँदै छ।

सरस्वती थान : कवि सिद्धिचरणका पिता विष्णुचरण श्रेष्ठले ओखलढुङ्गा डाँडामा सरस्वती थान निर्माण गरेका हुन् । पूजारी श्रेष्ठ थरका छन् । नित्य र पर्वमा पूजा हुन्छ । यसका लागि केही जमिन पनि गुठी छ । राजा वीरेन्द्रले पनि आफू युवराज छँदै यस स्थानको दर्शन २०२३ सालमा गरेका थिए ।

प्रत्येक गाउँमा देवदेवीका मन्दिर छन् । पर्वमा पूजा हुन्छन् । चण्डेश्वरी, कालिका, जाल्पा, जानुका, चम्पादेवी, पाँचकन्या, तीनकन्या, भूमे, विजुवा, व्रह्मदेव स्थान आदि स्थानीय वासिन्दाकै विश्वास र पूजामा यी स्थानको परिचालन भएको छ । माघेसङ्क्रान्ती र साउनेसङ्क्रान्तीमा नदी, तीर्थ र खोल्साहरूमा विशेष स्नान गर्ने र मेला भर्ने चलन पनि छ ।

ओखलढुङ्गाका गुम्बाहरू

ओखलढुङ्गा भौतिक सुविधाले पिछडिएको भए पनि धार्मिक दृष्टिले अगाडि नै छ । हिन्दू विधानअनुसारका सांस्कृतिक सभ्यता निकै छन् । त्यसका अतिरिक्त वुद्ध धर्मानुसारका सांस्कृतिक सभ्यताहरूको पनि कमी छैन । ती गुम्वाहरू हुन् :

(क) पाल्लेको तोलुथालिङ गुम्वा
(ख) भुसिङ्गाको किमुरदिङ गुम्वा
(ग) केतुकेको केतुके गुम्वा
(घ) पाल्लेको रियाल गुम्वा
(ङ) खिजीफलाँटेको भिरखर्वा गुम्वा
(च) वरुणेश्वरको धुन्सा गुम्वा
(छ) पाल्लेको दोरा खर्क गुम्वा
(ज) रगनीको साम्जे गुम्वा

यातायातको राम्रो प्रवन्ध नभए पनि भगवान् वुद्धको सम्झनामा अनेक गुम्वाहरू निर्माण गरी वुद्ध धर्म अवलम्वन गर्ने र यस धर्ममा रमाउनेहरू पनि यहाँ निकै छन् ।

और्व ऋषिको आश्रम, (रिडी) पाल्पा

पाल्पा गुल्मी र स्याङ्जाको सीमास्थल कालिगण्डकीको तीरमा अवस्थित अर्गली और्व ऋषिको आश्रम मानिन्छ । खेव्रा गा.वि.सअन्तर्गतको यस सुन्दर थुम्कोलाई मुस्लुक भनिन्छ र त्यहीं आश्रम पनि छ रे भन्ने जनधारणा छ । गाई चराउने फाँट पनि छ । और्वले गाई पालेका थिए । यहाँ आज पनि राति गाई कराएको सुनिन्छ भन्छन् । वराहपुराणमा मोनिस्कुमट तीर्थलाई नै और्वाश्रम मानिएको छ । व्रह्माजीका मानसपुत्र भृगु हुन् । उनका छोरा शुक्राचार्य र च्यवन भए । च्यवनकी पत्नी

आरुणिको जङ्घा फोरेर औंर्व जन्मे । तिनै औंर्वका जगदग्नि आदि सय पुत्र जन्मे भन्ने कुरा ब्रह्मवैवर्तपुराणमा लेखिएको छ । औंर्वको अस्तित्व पनि पटकैपिच्छे फरक छ । जे भए पनि सांस्कृतिक इतिहासमा औंर्वको महत्त्वपूर्ण स्थान छ ।

औंर्वद्वारा राजा सागरको रक्षा र शिक्षा प्रदान पनि गरिएको थियो । औंर्व आश्रम भए पनि तीर्थका रूपमा चर्चित छ । ब्रह्मवैर्वतपुराणअनुसार तिलोत्तमा, दुर्वासा र औंर्वको वसाइ एकै क्षेत्रमा थियो भन्ने बुझिन्छ । तिलोत्तमाको तिनाउ, दुर्वासाको दुर्गा र औंर्वको अर्गली मान्दा सत्यका नजिक देखिन आउँछ । औंर्वपुत्री कान्दलीको विवाह दुर्वासासँग भएको छ । अर्गलीमा जेठको दशमीमा मेला लाग्छ । विशाल फाँट, गाई चर्ने उपवन, पावन तीर्थ आदिले पनि प्राचीन आश्रमको सङ्केत दिन्छ । माधवप्रसाद देवकोटा र टीकाराम पन्थीले पनि यस कुरामा पुष्टि गरेका छन् ।

औलियाबाबाको गद्दीघर, (चतरा) सुनसरी

कोशी नदीको पूर्वदक्षिण भागमा यो चतरा मठ पर्दछ । यस मठका महत्त्वपूर्ण मन्दिरमध्ये औलियावावाको गद्दीघर पनि एक हो । यो गद्दीघर तल्ले शैलीको २५ फिट उचाइ १०×१० वर्गाकार फिटको मन्दिर छ । यसको प्रवेशद्वार पूर्वतिर छ । यस गद्दीघरभित्र काठको खाटमा औलियावावाको गद्दी छ । ओढ्ने ओछ्याउने भएको यसमा वावाले शयन गर्ने गरेको विश्वास गरिन्छ । शङ्कराचार्यको पलेँटी मारेको मूर्ति पनि यहाँ छ । भगवान् विष्णुको पनि मूर्ति छ । औलियावावाका ओढ्ने ब्रेसलाई मुनुन्वसेनका छोरा ब्रह्मले वावाको प्रतीक मानेर पूजाआजा गर्ने चलन चलाएअनुसार पूजा गरिन्छ । औलियावावालाई शिव मानी प्रत्येक सोमवार विशेष पूजा हुन्छ । यहाँ पुराना खराउ छन् र तिनलाई वावाकै खराउ मानिन्छ । सोमवार रोट चढाएर र अघिपछि सामान्य पूजा हुन्छ । कोशी कटानपछि पारिवाट यो गद्दीघर यहाँ सारेर धेरै वर्षअगाडि निर्माण गरिएको मानिन्छ ।

औलियामठ, (चतरा) सुनसरी

सुनसरी जिल्लाको चतरा सप्तकोशीको किनारमा औलियामठ छ । यहाँ स्वदेशी तथा विदेशीहरूको दर्शनार्थ भिड लाग्दछ । यसलाई चतरा गद्दीवैठक पनि भनिन्छ ।

औलियावावा सिद्ध थिए । औलो ज्वरोलाई अधीनमा राख्न सक्ने भएकाले औलियावावा भनिएको हो । सिद्ध वन्नुभन्दा पहिला यिनको नाम मुकुन्द भारती थियो । वावाको दर्शन गरे औलोले सताउँदैन भन्ने जनविश्वास छ । वावाले औलो ज्वरोलाई लुकाएर राखेका थिए । खास्टोभित्र

केही दोव्रिएको देखेर मूर्ख व्रह्माले ठग वावा कुखुरो लुकाएर खान्छ भनी खास्टो खोले। मूर्ख व्रह्मालाई औलो ज्वरोले तुरुन्तै समात्यो, काम्न थाले। त्यस्तै अर्को भनाइ छ राजा मुकुन्दसेन वावाको दर्शनार्थ गए। उनीहरूका सन्तान थिएनन्। रानीले नुहाउँदा सप्तकोशीमा हीराको हार हराइन् पाउने कुरै थिएन। वावाको दर्शन गरी प्रार्थना गरे। वावा सप्तकोशीमा डुवुल्की मारी हार फेला पारिदिए रे। त्यस्तै वावाले सन्तानको वरदान दिए तर पहिलो छोरा वावालाई अर्पण गर्नुपर्ने भयो। मञ्जुर गरे। गौतम कुमार वावाका शिष्य वने। वावा घुम्दै पूर्वीया पुगेछन्। त्यहाँ मुसलमानको शासन भएको वेला हिन्दू साधुसन्तले प्रवेश पाउनु सम्भव थिएन। वावाले प्रवेशद्वारमै धुनी जगाएर रात विताए। मुसलमानले वावालाई उपहार पठाए रुमालले छोपेर। वावाले उपहार नछोई नहेरी फिर्ता गरे। मुसलमान राजाले हेर्दा त आफूले वाछाको टाउको पठाएको त सुँगुरको टाउको भएर फर्केछ। यो देखेर मुसलमान राजा पनि चकित परेका थिए भन्ने किंवदन्ती छ। त्यसपछि मुसलमानहरू पनि श्रद्धाले वावाको भक्ति गर्न थाले। अल्लाहकै अर्को रूप औलिया भएकोले पनि औलियावावालाई मुसलमानहरू मान्ने गर्छन् भन्ने पनि जनविश्वास छ।

विशेष गरी श्रावण महिनामा पिण्डेश्वर वावामा जल चढाउन जाने यात्रीहरू औलियावावा मठमा विश्राम गरी आस्था प्रकट गर्छन्, रात विताउँछन्। पहाडवाट तराई झर्नेहरू औलो जरोवाट वच्न वावाको दर्शन गरी तराई प्रवेश गर्छन्।

कङ्कालीमाई, (सिम्रौनगढ) वारा

यो ठाउँ वारा जिल्लाको सदरमुकामदेखि ३५ किलोमिटर दक्षिणमा पर्दछ। यो ठाउँ समुद्र सतहदेखि ३०० मिटर उचाइमा रहेको छ। सिम्रौनगढमा भग्नावशेष र देवदेवीस्थल हेर्दा प्राचीन विकसित नगरीका रूपमा देखा पर्दछ। उत्खनन र प्रमाणको आधारविना निश्चित रूपमा भन्न नसकिए पनि विदेह मिथिला, तिरहुत, नेमिकानन, जानकी जन्मभूमि, तपोवन, ज्ञानपीठमध्ये कुनै एक क्षेत्र हुन सक्छ। ऐतिहासिक रूपमा नान्यदेवको वंशका अनेक राजा हुँदै हरिसिंहदेवले पनि यहाँ २२९ वर्ष शासन गरेको कुरा इतिहासमा भेटिन्छ। वङ्गालमाथि विजय प्राप्त गरी मुगल सेनाले तराइका धार्मिक स्थलमाथि हमला गर्दै सिम्रौनगढका धार्मिक स्थललाई पनि ध्वस्त वनाएथे। यसै क्रममा ध्वस्त, भग्न मन्दिर, मूर्ति पनि अझै यहाँ भेटिन्छन्।

वर्तमान सिम्रौनगढमा कङ्काली भगवतीको मन्दिर छ। स्वदेश तथा विदेशवाट दर्शनार्थी यहाँ आउँछन्। प्रार्थना र पूजा गर्छन्। इसारापोखरीको

किनारमा यो मन्दिर शिखर शैलीमा छ। कङ्गाली माईको मूर्ति करिव ३ फिट अग्लो छ। कालो, चिल्लो ढुङ्गामा कुँदिएको र हातखुट्टा भग्नावस्थामा छन्। दुर्गापूजाका अवसरमा यहाँ मेला लाग्छ। माईले कामना पूरा गर्छिन् भन्ने धारणा छ। अगाडि ८ विघा जमिनमा इसारापोखरी छ। यहाँ चराहरूको ताँती रमाउँछ, उड्छ जो दर्शनीय छ।

यहाँ रामजानकी मन्दिर, तण्डुलपर्वत, कोतवाली, झरोखरपोखरी आदि धार्मिक र पर्यटकीय दृष्टिले पनि महत्त्वपूर्ण स्थानहरू छन्। अध्ययन-अनुसन्धानको खाँचो छ।

कङ्कालिनी मन्दिर, (कोशीब्यारेज) सप्तरी

कोशीव्यारेजको पश्चिमी तटवन्ध, राजमार्गको उत्तरतर्फ यो मन्दिर छ। यो करिव ३५० वर्ष पुरानो मानिन्छ। आद्यानन्द पण्डितलाई सपना भएअनुसार उत्खननवाट मूर्ति यहाँ राखिएको हो भनिन्छ। शिखर शैलीमा वनाइएको यस मन्दिरको गर्भगृहमा कङ्गालिनीमाई, गणेश, दक्षिणकाली, चामुण्डादेवी, विष्णु आदिका प्रस्तरमूर्ति रहेका छन्। पूर्वकुनामा शिवलिङ्ग छ। त्यहीँ एक आकृतिविहीन शिला छ र त्यसैलाई जयत्रिकाली भनी पूजा गरिन्छ। यहाँ यथासम्भव नित्यपूजा हुन्छ। हिन्दू चाडपर्वमा भक्तहरू आएर विशेष रूपमा पनि पूजाआजा गर्दै भक्तिभाव प्रकट गर्दछन्।

कङ्केश्वरी, (विष्णुमति) काठमाडौँ

काठमाडौँको पश्चिमी भाग विष्णुमतीनजिक कङ्केश्वरीको मन्दिर छ। सूर्यवंशी राजा गुणकामदेवलाई महालक्ष्मीले सपनामा अराएवमोजिम कलिगत ३८३५ मा कान्तिपुर सहर निर्माण गरेका थिए। कान्तिपुरकै रक्षार्थ कङ्केश्वरीको स्थापना भएको हो। १२ वर्षमा एकपटक नाच नचाउने, प्रत्येक वर्ष प्रेतचतुर्दशीका दिन रथारोहण गरी यात्रा गर्ने स्थिति अमर मल्लले नेपाल संवत् ५८० मा बाँधेका थिए। एकपटकको नाचमा पशुरूप लिई वसेको मानिसको वलि चढ्दा अनर्थ भयो, त्यहाँदेखि नाच नचाउने काम रोकियो। देवी प्रत्यक्ष भएकीले जनरल कृष्णवहादुर कुँवर, जनरल नजरसिंह, जनरल गगनसिंह, जीवनारायण मानन्धर, सेते दमाई, उजीर कसाई, सिंहवीर मानन्धर, देवराज मानन्धर आदिले पनि यथासमय मन्दिरका मर्मत गरी गरगहना अर्पण गर्दै आएको तथ्य देवमाला वंशावलीले प्रकाश पारेको छ।

कण्वाश्रम, (मालिनी नदी) कर्णाली

शकुन्तलाका धर्मपिता कण्व ऋषिको आश्रम मालिनी नदीको तटमा थियो। डा. भगवन् शरण उपाध्यायका विचारमा अयोध्यावाट ५० माइल

उत्तर, सरयूनदीसँग मिल्ने नदी मालिनी हो। जो हिमालयवाट निस्केको हेमजुम्लामा हिमामालिनी भनिने कर्णाली नदी नै मालिनी हो भन्ने अनुमान सहज छ। कण्वाश्रम उच्च स्तरको त्यस वेलाको विद्याकेन्द्र थियो। वेदवेदाङ्गको पढाइन्थ्यो। सिँजा उपत्यका आर्य जातिको आश्रयस्थल पनि थियो। खसहरू यहाँ रहन्थे। राजा वत्सराजले पनि यहाँ विद्यालय स्थापना गरेको जानकारी पाइन्छ। कण्व ऋषिको आश्रम नेपालमै थियो भन्ने अनुमान पनि गौरवको विषय वन्छ । किनभने कालिदासले शकुन्तला नाटकमा कण्व ऋषिको आश्रमको सुन्दर वर्णन गरेका छन्। महाभारत तथा पुराणहरूमा पनि वर्णन छ।

कञ्चनगढ, (रूपनगर) सप्तरी

रूपनगरस्थित नारायण मन्दिरवाट ७०० मिटरजति पूर्वमा यो गढ रहेको छ। यसलाई रूपनगढ पनि भनिन्छ। प्राचीन कालमा घना वस्ती वा गढको रूपमा रहेको वुझिन्छ। वडामहाराजा पृथ्वीनारायणले एकीकरण गर्नुपूर्व यहाँ कर्णाट वंशी वा सेनवंशी राजाको आधिपत्य रहेको अनुमान हुन्छ। यहाँका पुरातात्त्विक प्राप्त सामग्रीवाट पनि उक्त भनाइ सम्भव देखिन आएको हो। यस चुरे क्षेत्रमा आदिमानवको वसोवास रहेको तथ्य पनि विर्सनुहुँदैन। माटाका भाँडा, पोलिएका इँटा, प्रस्तरमूर्ति, माटाका ढिस्का, पुरिएका पोखरी, इनारजस्ता कुराले यसको प्राचीनता पुष्टि गदर्छन्। पहिले यस भेगमा ४४ वटा पोखरी थिए भनिन्छ। सेन तथा कर्णाट कालीन नारायणमूर्ति २००१ सालमा गुजाई यादवले घरको जग खन्दा भेटी यहीँ स्थापना गरेथे। यहाँ कृष्णाष्टमी, रामनवमीमा मेला लाग्छ। स्थानीय वासिन्दाले भक्तिभावले पूजाआजा गर्छन्। यस्ता सामग्रीले गर्दा यो स्थान प्राचीन युगमा विकसित र समृद्ध थियो भन्ने कुरामा विवाद छैन।

कनकासुन्दरी भगवती, जुम्ला

कनकासुन्दरी गाउँको गढी पहाडको थुम्कोमा यो मन्दिर छ। मन्दिर विहार आकारको छ। चारकुनामा ४ मन्दिर छन्, वीचमा कनकासुन्दरी भगवतीको मन्दिर छ। मुख्य मन्दिरको अगाडि २ सिंहमूर्ति छन् र तिनलाई स्थानीय जनता आफैँ उत्पन्न भएको मान्छन्। यहाँ घण्टा पनि निकै चढाइएका छन्। पूर्वपट्टि जाल्पादेवीको प्रस्तरको प्रतिमा, पश्चिमपट्टि महाकालीको, उत्तरपट्टि सूर्यनारायण र दक्षिणपट्टि मन्दिर मात्र छ। वीचको मन्दिरमा काठको सिंहासनमा भगवतीको प्रस्तरमूर्ति छ, चर्तुभुज भगवती सिंहमाथि आसीन भएर महिषासुरलाई कुल्चिएकी छन्। देवीलाई वलिसहित पूजा हुन्छ। वडादसैँ र चैतेदसैँमा कनकाभगवतीको

नाममा सङ्कल्प गरे पनि वलिचाहिँ कालीकै मन्दिरमा चढाइन्छ । वडादसैँमा मेला पनि लाग्छ । यी देवी रहेको पहाडमा सुन पाइने हुँदा कनकासुन्दरी नाम रहेको वुझिन्छ । जालन्धर र वृन्दाके राजधानी पनि यही मानिन्छ । सतीदेवीको अङ्ग पतन भएको १०८ स्थानमध्ये जालन्धरपीठ यही हो । जालान्धर, मल्ल, सिँजा, खस आदि राजाको दरवार यहीँ थियो भनिन्छ ।

कन्यामाई वैरीमाई, (देवदह) रूपन्देही

देवदहको सेरभुके गाउँमा शीतल नगर खोलाको किनारमा कन्यामाई छन् । यही खोलाको केही दक्षिणको किनारमा एक ढिस्को छ । यहीँ वैरीमाई छन् । पहिले घना जङ्गल भए पनि अहिले त्यति जङ्गल छैन । वस्ती वढ्दै छ । यहाँ अनेक मूर्तिहरू छन्, भग्नावशेषहरू छन् । कन्यामाईलाई वलि दिइन्न, दुध, फलफूल र अक्षता चढाइन्छ । दसैँमा वढी भिड लाग्ने गर्दछ । त्यस्तै वैरीमाईमा वैरीमाईको प्रस्तरमूर्ति छ । वाहिर मौलोमा वलि चढ्छ । दसैँमा दर्शनार्थी वढी आउँछन् । प्रत्येक मूर्तिका अङ्गअङ्ग छुटयाएर राखिएको छ । एउटामात्र हराए पनि मूर्ति अपूर्ण हुन्छ । टुटेफुटेका पनि छन् । समयले पुरातात्त्विक महत्त्वको यस स्थलमा सुरक्षात्मक उपाय अपनाउनु जरुरी छ । मायादेवी र यशोधरा कोलवंशीय राजाकै छोरी थिए । कोलवंशीय राजपरम्परा समृद्ध थियो । समृद्ध राजभवन, देवदेवीकै पुरातात्त्विक अवशेष यहाँ देखिन्छन् ।

कपिलाश्रम, (लुम्बिनी) कपिलवस्तु

कपिलवस्तुमा कपिलाश्रम थियो भनिन्छ । कपिलऋषि पूर्वीय षड्दर्शनमध्येका एक साङ्ख्यदर्शनका प्रणेता र चिन्तक हुन् । सिन्धु सौविर देश (सिन्धुपाल्चोक) का राजा ज्ञान सिक्न जाँदा जडभरतलाई भेटेको प्रसङ्ग पनि छ । आमालाई तत्त्वज्ञान वताउन साङ्ख्यदर्शन उनले रचेथे । भगवान् विष्णुका चौवीस अवतारमध्ये पनि उनी एक मानिन्छन् । सगर राजाका ६० हजार छोरालाई भस्म पारिदिने पनि कपिल नै थिए । तिलौराकोट नै कपिलवस्तु हो भनिन्छ । वोधिसत्व कपिल व्राह्मण नामधारी भएर घरवाट निस्की संन्यास लिई हिँडे । उनै कपिलले यहाँ आश्रम जमाएथे । कपिल इन्द्रजाल र तन्त्रविद्यामा पनि पोख्त थिए । उनले आकाशवरपरका राक्षस र जीवलाई टाढै रोक्न सक्थे भन्ने कुरा वौद्धग्रन्थहरूमा लेखिएको छ । यहाँ अनेक वुद्ध धर्मावलम्वी र भक्त ऋषिहरू आए । वाणगङ्गा नै गङ्गासागर हुन् भन्ने पनि देखिन्छ । यसरी वुद्ध ग्रन्थ र अन्य ग्रन्थले अनेक प्रमाण दिएका छन् । कपिलवस्तु स्थान प्रसिद्ध हुँदाहुँदै वङ्गालको खाडीनजिक गङ्गासागर छ त्यहीँ कपिलाश्रम थियो भन्ने भारतीयहरूको भनाइ छ ।

अनेक मतमतान्तर देखिए पनि कपिलाश्रम कपिलवस्तुको जहाँ दर्शनका प्रणेतामध्ये साङ्ख्यदर्शनका चिन्तक महामुनि कपिलले आफ्नो व्रह्मतेज र शक्तिले यो नगर वसाएथे। यहीँ आसपास भगवान् वुद्ध अवतरित भए। राजकुमार सिद्धार्थका उनी गुरु पनि थिए भनिन्छ।

कपिलेश्वर महादेव, (कपिलेश्वर गाउँ) धनुषा

जनकपुरको कपिलेश्वर गा.वि.स.मा यो मन्दिर रहेको छ। वृहत् विष्णुपुराणमा समेत यी महादेवको चर्चा पाइनाले यसको प्राचीन महत्त्व झल्किन्छ। जङ्गलमय अवस्थामा नै हर्दिनाथ वावाले मन्दिर वनाएका थिए। वावाकै नामवाट यहाँका नदीको नाम पनि हर्दिनाथ जलदा रहेको देखिन्छ। गुम्वज शैलीको यस मन्दिरको जीर्णोद्धार पुरातत्त्व विभागले गरेको छ। शिवलिङ्ग, योगमाया भगवतीको शिलाशमन मूर्ति पनि यहाँ छ। नित्यपूजाको प्रवन्ध छ। श्रावण महिनाको सोमवार यहाँ भक्तहरूको भिड लाग्छ। विजया दशमीमा दुर्गा सप्तशती र शिवरात्रिमा शिवस्तोत्र पाठ, चतुर्मास र शिवरात्रिमा जलधारा गरी भक्ति गर्ने चलन छ। हर्दिनाथ वावाको समाधिको प्राङ्गणको उत्तरपश्चिममा रहेको राजदेवलाई विजया दशमीमा वलि चढाउने चलन पनि छ।

कपिलेश्वर महादेव, (कविलास) नुवाकोट

कविलास गाउँमा अवस्थित कपिलेश्वर महादेव यहाँको प्रसिद्ध देवस्थल हो। लिखु र तादी नदीको वीचमा उठेको डाँडोमा यो मन्दिर छ। कविलास महादेव पनि भन्ने गरिन्छ। शिलालेखमा नेपाल संवत् ८०५ पार्थिवेन्द्र मल्ल विरचितं भन्ने उल्लेख भएकाले मल्ल कालमै यस स्थानको अस्तित्व कायम भइसकेको वुझिन्छ। सानो प्यागोडा शैलीको मन्दिर छ। यहीँ ताण्डव शिवको मूर्ति पनि छ। मन्दिरहरू जीर्ण भए पनि स्थान रमणीय र प्राकृतिक छ। यहाँको चतुर्मुखी शिवमूर्ति प्रहरी जिम्मामा छ। पूजाआजा हुने पनि गरेको छ। यस स्थलका लागि गुठी पनि छ। यहीँ नजिक नाट्येश्वरी नामको मूर्ति नभएको पुण्यस्थल पनि छ। नाट्येश्वरी भगवतीको आराधना गर्न काठमाडौँवाट नेवारहरू पनि जाने गर्छन्। शिवरात्रिमा यहाँ मेला लाग्छ। यहीँ एक सरस्वतीस्थान पनि छ। भएका मूर्ति चोरिँदा स्थानलाई नै पनि श्रद्धाले पूज्ने चलन चाहिँ छँदै छ।

कपिलेश्वर महादेव, (वलेकी) सिन्धुपाल्चोक

वलेकी गाउँ जलवीरकोशी सुनकोशीको सङ्गममा यी महादेव रहेका छन्। १९६० सालमा चढाइएको घण्टा छ। त्योभन्दा वाहेक अर्को पुरातात्त्विक समय जाँच्ने सामग्री छैन। यस स्थानमा कालो ढुङ्गाको

शिवलिङ्ग स्थापना भएको छ। महादेवसमक्ष आफूलाई पिरवाधा परे भाकल गर्ने र त्रिशूल चढाउने चलन छ। भाकल पूरा हुने विश्वास पनि स्थानीय वासिन्दामा छ। शिवलिङ्गमा जल चढाउने र भक्ति देखाउने गरिन्छ। कार्तिक औँसी र माघे सङ्क्रान्तिका दिन यहाँ मेला लाग्छ। यस अवसरमा टाढाटाढावाट पनि भक्तहरू आउने गर्छन्। दुई नदीको वीचमा रहेकाले यसको महत्त्व त छँदै छ त्यसका अतिरिक्त सुरक्षित राख्ने समस्या पनि छ।

कमलानदी. (सिन्धुली) धनुषा

कमलानदी महाभारत शृङ्खला हुँदै मिथिला क्षेत्रवाट तराई भूभागलाई सिन्चन गर्दै वढेकी नदी हुन्। हिउँदमा तर्न सकिने र वर्षामा तर्न कठिन हुने फिँजिएर वगेकी त्यति ठूलो वेग नभएकी नदीको रूपमा हामी देख्छौं। यी नदीको धार्मिक तथा आध्यात्मिक महत्त्व छ। यी नदीको उत्पत्ति विषयको वर्णन वृहत् विष्णुपुराणमा छ, जो यस प्रकार छ "मन्दराचलकी छोरी कमला सुन्दरी थिइन्, उनले हिमालयको तपस्या गरिन्। हिमालयले उनको चाहनाअनुरूप कलियुगकी गङ्गा हुनेछौ भनी वरदान दिए। पाँच हजार वर्ष वितेपछि गङ्गाको अस्तित्व समाप्त हुनेछ, तिम्रो महत्त्व वढ्नेछ।" जानकीकी सहेलीका रूपमा उनी थिइन्। एक व्राह्मणकी दासी भएर उनी रहिन् (साँझविहान) दिनमा सीतासँग गएर खेलवाड गर्थिन्। एकपटक व्राह्मण गङ्गास्नान गर्न जान तयार भए। कमलाले पनि सानो पोको गङ्गालाई पठाइन्। व्राह्मणले गङ्गा नुहाएर फर्कन लाग्दा वाटो भुलेर अलमलिए पछि कमलाले दिएको पोको गङ्गालाई अर्पण गर्न सम्झिए। गङ्गा सुन्दरी वनेर अगाडि आइन् र पोको लिएर गइन्। आश्चर्य मान्दै व्राह्मण घर फर्के दासीका रूपमा रहेकी कमलालाई देवी मानेर प्रार्थना गर्न थाले र दासीको रूपमा राखेकोमा क्षमा मागे। त्यसपछि कमला अन्तर्ध्यान भइन् र कमला नदीको रूपमा वहन थालिन्। कलियुगमा पापीहरूलाई तार्न प्रत्यक्ष गङ्गाको रूपमा कमलाको महत्त्व छ। माघमा स्नान उत्तम मानिन्छ। ज्ञानदा, मुक्तिदा, पुष्पा, हैमा, मान्दरी, कलिगङ्गा, सीतासखी, आव्धिपत्नी, कर्मवन्ध मोचिनी, पापहारिणी, कमला, कामदा यी कमलाका नाम विहानै जप्यो भने सीता र रामवाट सिद्धि प्राप्त हुन्छ भनिएको छ।

काकेश्वर शिवलिङ्ग. (सुन्दरीजल) काठमाडौं

शतरूपेश्वरभन्दा दुई कोस पूर्व सुन्दरी तीर्थ (सुन्दरीजल) व्रह्मतीर्थ र सुन्दरीदेवी छन्। त्यस ठाउँवाट १ कोस पूर्व आकाशगङ्गातीर्थ र काकेश्वर छन्। शिवजीले गुप्तरूप लिएपछि दानववाट पीडित भएका देवताले ध्यान गर्दा पार्वतीले कागको रूप लिई गाईको दुध काकेश्वरमा

चढाई शिवको स्वरूप देखाइछिन्। यहाँ भाद्रशुक्ल अष्टमी (कागेअष्ठमी) मा मेला पनि लाग्दछ। शुष्कोदर दानवले यसै दिन दर्शनपूजन गर्दा मुक्त भएको कथा छ। यसको प्राचीन नाम सप्तकण्टक पर्वत हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको हो। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो। यसको वर्णन हिमवत्खण्डमा पनि छ।

काँक्रेबिहार, (लाटिकोइली) सुर्खेत

लाटिकोइली गाउँमा रहेको यो विहार भग्नावशेषको रूपमा मात्र छ। यस विहारको निर्माण करिव ८०० वर्ष अगाडि भएको मानिन्छ। ३५ फिट गोलाइमा रहेको भग्नावशेष छ। वुद्धका मूर्ति ढुङ्गामा कुँदिएका देखिन्छन्। हाल खण्डहर मात्र भए पनि यो ऐतिहासिक स्थल हो।

काकेश्वर शिवलिङ्ग, (बाह्रबिसे) सिन्धुपाल्चोक

वाह्रविसेमा यो शिवलिङ्ग छ। नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिएको छ। यसदेखि केही एक किलोमिटर पश्चिम स्वर्णकौशिकी नदी र शैलवती भोटेकोशीको सङ्गम छ। यसलाई स्वर्णतीर्थ मानिन्छ। काकमुनिले ध्यान गर्दा उत्पन्न भएको लिङ्ग हुँदा काकेश्वर मानिएको हो। फाल्गुनकृष्ण औँसीमा यहाँ स्नान तथा दर्शन गर्नाले मुक्ति मिल्छ भनिन्छ। यसलाई ककराद्रि (प्राचीन नाम) भनिन्छ। यसको महिमा हिमवत्खण्डमा छ। विरूपाक्षले पनि पापमुक्तिका लागि यस शिवलिङ्गको दर्शन गरेको उल्लेख छ।

कागबेनी, (कालीगण्डकी) मुस्ताङ

कागवेनी गाउँमा कालिगण्डकी र मुक्तिनाथ खोला प्रवाहित छ। यो अत्यन्त पवित्र स्थल हो। कागऋषिले रामायण वताएको, तत्त्व सम्झाएको वर्णन भेटिन्छ। कागलाई तुच्छ प्राणी माने पनि यसले पनि तत्त्वज्ञानको उपदेश गरुडलाई वताएको सन्दर्भ रामायणमा छ। त्यो ज्ञान यही स्थानमा वताएको मानिन्छ। यस ठाउँमा आफ्ना पितृहरूलाई सम्झेर तर्पणपिण्ड प्रदान गरिन्छ। यसो गरे पितृहरू मुक्त हुन्छन् भन्ने शास्त्रीय वचन छ। यस दृष्टिले यो स्थान पावन पितृतीर्थ मानिन्छ।

काठेसिम्भु, (नघल) काठमाडौं

सूर्यवंशी राजा नृपेन्द्र मल्लका पालामा कान्तिपुरका समन्तभद्र नामका तान्त्रिक (गुभाजु) काशी गएका थिए। त्यहाँ जैनहरूले ठूलो चैत्य वनाई प्राणप्रतिष्ठा गर्न तयार थिए। प्रतिष्ठा गरिदिने व्यक्तिको खोजीमा थिए। समन्तभद्र गुभाज्यू त्यहीँ पुगेकाले सम्मानसाथ प्रतिष्ठा गर्न लगाए। गुभाजुले पनि गङ्गाजल ल्याई सिञ्चन गरी प्रतिष्ठा गरे। पूजासामान त्यसै छ भनी गुभाजुलाई ठग ठानेर जैनहरूले उल्याए।

गुभाजुले पनि पत्याउँदैनौ भने तिमीहरू जति छौ त्यस्तै वलिया डोरीले वाँधी चैत्यलाई समाउने, म वोलाउँछु, मतिर चैत्य आएमा प्रतिष्ठा भयो, आएन भने भएन भने। सयौँ जैनहरूले डोरीले वाँधेर ताने तर गुभाजुले चुट्की वजाउनेवित्तिकै चैत्य गुभाजुकै पछि लाग्यो। त्यही चैत्य काठमाडौँ ल्याए। जैनहरू निराश भएर पछुतो मान्दै फर्के। नेपाल संवत् ७९० मा यो सिम्भु स्थापना भएको मानिन्छ। विशाल चाँदीको कराहीमा घोप्टचाएर गुभाजुले काठमाडौँको नघलटोलमा स्थापना गरेको मानिन्छ र अद्यापि यो चैत्य छँदै छ। काशीवाट ल्याई स्थापना गरेकाले काशीसिम्भु पनि भनिन्छ।

कान्तीश्वर, (इन्द्रचोक) कान्तिपुर

इन्द्रचोक अहिले जहाँ छ त्यहाँ वागमती र विष्णुमतीको पहिले दोभान थियो। गुणकामदेवले कलीगत संवत् ३८२५मा यो दोभान सारी ओं श्री महालक्ष्मीवाट सपनामा आज्ञा भएअनुसार सहर वसाएको भन्ने देवमाला वंशावलीमा उल्लेख छ। त्यही कान्तीश्वरको स्थापना गरे। यसैवाट कान्तिपुर नाम रहेको वुझिन्छ। श्री ३ वीर शमशेरले सडक वनाउँदा जमिन उच्च हुँदा कान्तीश्वरलाई ढुङ्गाले छोपी १ प्वाल राखिएको छ। जमिनमुनि कान्तीश्वर महादेव रहेका छन्। जडिएको ढुङ्गा पल्टाएर यी महादेवको दर्शन गर्नुपर्ने भएको छ। कान्तिपुर नाम राख्ने यी महादेवको महिमा आफ्नै किसिमको छ।

कानेदेवता, (कुपनडोल) ललितपुर

ललितपुरको कुपन्डोलमा सानो कान आकारको देवस्थल छ। यो वीचसडकमै छ। कानेदेवता सुन्दा पनि अनौठो छ। यो कसरी भयो यस वारेमा एक जनश्रुति छ : कान्तिपुरका राजा प्रताप मल्ल र ललितपुरका राजा श्रीनिवास मल्लका वीच प्रतिस्पर्धा थियो। दुवैका सहयोगी तान्त्रिक जामुन वज्राचार्य र विश्वनाथ थिए। तान्त्रिकहरूको प्रभाव त्यस वेला ठूलो थियो। एकअर्काको गुप्तचर पनि वन्थे। जामुनले भनेअनुसार एक सुन्दर चित्र तयार पारी श्रीनिवासका वैठकमा टाँस्ने प्रवन्ध मिलाए। त्यसमा कुनै यन्त्र जडे। जामुनले भोलिपल्ट कानजस्तो प्वाल परेको ढुङ्गामुनि यन्त्र (एक्सचेन्ज) जडे। कानेदेवता भनी पूजा गर्ने प्रवन्ध गरे। यसमार्फत श्रीनिवास मल्लका सवै गोप्य कुरा प्रताप मल्लका कानमा पर्ने भए। प्रतापका कोठामा पनि यन्त्र जडिएको थियो। आफ्ना गोप्य कुरा प्रतापले थाहा पाएको श्री निवासलाई थाहा भयो। विश्वनाथ (तान्त्रिक)मार्फत अनुसन्धान हुँदा यन्त्र, कानेदेवतामार्फत भएको थाहा भयो। विश्वनाथले कानेदेवताको एक्सचेन्ज फर्काए (वटारे)। प्रताप मल्लका गोप्य कुरा

श्रीनिवाससमक्ष आए। जामुनले यो थाहा भएपछि कानेदेवताभित्र रहेको यन्त्र (एक्सचेन्ज) झिकी वागमतीमा वगाइदिए। अहिले कानेदेवता छन्। भक्तहरू दर्शन गर्दछन्। कान दुखेमा नसुनेमा यसको दर्शन गरे ठीक हुन्छ भन्ने धारणा छ। तान्त्रिकहरूको वुद्धि, मन्त्र र यन्त्रले एक समय प्रभाव जमाएथ्यो भन्ने तथ्य यसवाट स्पष्ट हुन्छ।

काभ्रेका पाटीहरू, काभ्रे

श्यामपाटी : नमोवुद्ध गाउँमा श्याम थापाले निर्माण गरेकाले त्यही नामवाट चर्चित छ। पाटी भत्किए पनि त्यहाँ महादेवस्थान छ। यहाँ गुम्वज शैलीको मन्दिरमा शिलाको शिवलिङ्ग छ। यहाँ शिवरात्रि र अक्षय तृतीयामा मेला लाग्छ। यहाँ यथाशक्य नित्यपूजा पनि हुने गर्दछ।

जैसीपाटी : वतासे गाउँमा हुमागाईं नामका जैसीले झन्डै २०० वर्ष अगाडि वनाएको यो पाटी हुमागाईं थरकै वंशजवाट संरक्षित छ। पाटीसँगै ढुङ्गेधारा रहेको र यसैमा भागिरथीको शिलामूर्ति पनि छ।

शङ्खुइटेपाटी : शङ्खु गाउँमा झन्डै २०० वर्ष अगाडि खत्री क्षेत्रीहरूले यो पाटी निर्माण गरेथे। वि.सं. १८७३ मा निर्माण भएको शिलालेख छ। यहाँ केही देवीका मूर्ति पनि रहेकाले गुठी संस्थानले लिई यसको यथासम्भव सुरक्षा हुँदै आएको छ।

गैरापाटी : डराउने पोखरीको अधिकारीथोक गाउँमा वि.सं. १८६८ मा मुरारी, सत्यधर, गौरीशङ्कर आदिले निर्माण गरेथे। रेखदेखका लागि १८ रोपनी जमिन पनि छ। पुराण, प्रवचन आदिका लागि उपयोग हुँदै छ।

कारिकास्थान, (परौल) महोत्तरी

परौल गाउँमा यो स्थान छ। झन्डै २०० वर्ष अगाडिदेखि अस्तित्वमा रहेकोले यस स्थानको लोकप्रियता आज पनि रहेको छ। पर्खालले घेरिएको यो स्थान निकै आकर्षक छ। यस स्थानमा कारिक महाराजको प्रतिमा स्वरूप माटोको ढिस्को छ र त्यहीँ पूजा गरिन्छ। वाहिर छेउमा वलि पनि चढाइन्छ। कारिका महाराजलाई दुध र अन्य सात्विक भोजन गराउने चलन छ। प्रत्येक सोमवार र शुक्रवार मात्र पूजा हुन्छ। यहाँ चढाइएको वलिप्रसाद यस गाउँको तोकिएको सीमावाहिर लान पाइँदैन। त्यहीँ खानेवाँड्ने गरिन्छ। यी देवतालाई भाकल गर्ने चलन छ। त्यसैले वढी वलि चढ्ने गर्दछ। महोत्तरीको सर्वाधिक चर्चित वलिस्थान पनि यही हो। यसको गुठी पनि छ। कारिक महाराज (३।४ सय वर्ष अगाडि) का सम्झनामा पूजा र वलि हुने गर्दछ। यस ठाउँको अगाडि तलाउ छ। त्यहीँ मासुभात पकाएर खानुपर्ने चलन छ। नेपालका तीर्थस्थलमध्ये यो अर्कै विशेषताको तीर्थस्थल हो।

कालिकामन्दिर, (खलङ्गुरा) जाजरकोट

खलडुरा गाउँको प्रहरी कार्यालयनजिक यो मन्दिर छ। १८८५ दीपनारायण शाहले यस मन्दिरको निर्माण गरेको मानिन्छ। दीपनारायण त्यस वेला जाजरकोटका राजा थिए। मन्दिरको जीर्णोद्धार यथासमय हुँदै छ। मन्दिरभित्र २ फिट अग्लो ८ वाहु भएकी अष्टभुजा भगवतीको पत्थरको आकर्षक मूर्ति छ। गुठी नभएकाले भक्तहरूले चन्दा उठाई पूजा गर्छन्। वडादसैँ र चैतेदसैँमा विशेष पूजा हुन्छ।

कालिकाकोट, नुवाकोट

नुवाकोट वजारदेखि करिव आधा घण्टाको हिँडाइमा पुग्न सकिने स्थानमा दुई देवस्थल छन्। ती कालिका र मालका नामले चिनिन्छन्। कालिकास्थानमा उन्नाईसौं शताव्दीको महालक्ष्मीको मूर्ति छ। १९८७ सालमा चढाइएको एक घण्टा पनि छ। यसै मन्दिरदेखि करिव २०० फिट पूर्वमा एक कोट छ। जसलाई कालिकाकोट भनिन्छ। उत्तरमा वाक्लो जङ्गल रहेको र यहाँवाट पूर्व, पश्चिम र दक्षिण स्पष्ट देख्न सकिने हुँदा कोटको रूपमा यसको प्रयोग भएको देखिन्छ। नेपाल-भोट युद्धमा यस कोटको उपयोग भएको कुराको जानकारी मिल्छ।

कालिकादेवी, बागलुङ

कालिका गाउँमा रहेको देवीस्थान प्राचीन हो। प्राचीन कालदेखि नै यहाँ पूजाको परम्परा छ। शक्तिसम्प्रदाय मध्यकालमा प्रवल रहेको देखिन्छ। यी देवी वागलुङ मात्र होइन पर्वत, गुल्मी, म्याग्दीजस्ता जिल्लाकी पनि आराध्या रहेकी छन्। यी देवी खड्काहरूकी इष्टदेवी हुन्। पश्चिमवाट खड्काले वसाइँ सरेर आउँदा साथमा ल्याई यहाँ स्थापना गरेथे भनिन्छ। मगरले वोकेर खड्ग पनि ल्याइएको थियो। जङ्गलको वीचमा स्थापना भएको थियो। लोकप्रियता वढ्दै गएकोले यहाँ मन्दिर पनि वनाइयो। वि.सं. १८५९ सम्मको प्राचीन प्रमाण लालमोहरमा पाइन्छ। पूर्वपट्टि कालिगण्डकी र पश्चिमपट्टि काँठे खोलाको वीच जङ्गलमा यी देवीको मन्दिर छ। तले शैलीको मन्दिरको तल्लो तल्लाको गर्भगृहमा देवीको मूर्ति छ। वाहिर प्रतीकस्वरूप मुकुट छ। शिलाको मूर्ति पुजारीवाहेक अरूले हेर्नुहुँदैन भनिन्छ। वरिपरि घण्टी तथा टुँडाल पनि छन्। ऐतिहासिक सुनचाँदीका गहना पनि भएकाले सुरक्षा व्यवस्था छ। यस मन्दिरका लागि गुठी व्यवस्था छ। नित्यपूजामा गणेश, भगवती, भैरव, शिव र महालक्ष्मीको पनि पूजा हुन्छ। तान्त्रिक विधिद्वारा पूजा गरिन्छ। वालाचतुर्दशी, कृष्णाष्टमी, औंसी र एकादशीमा वलि चढाइँदैन। चिताएको कुरा पूरा हुने विश्वास भक्तहरूमा छ। चैतेदसैँमा देवीको दर्शन पाउन पनि

कठिन हुन्छ, मानिसको भिडले। २०० भन्दा वढी पञ्चवलि चढ्छ। चैतेदसैंमा ठूलो मेला लाग्दछ, नाचगान पनि हुन्छ। यी देवीले भक्तहरूको ठूलो श्रद्धा पाएकी छन् भन्ने कुरा जात्रा हेर्दा स्पष्ट हुन्छ।

कालिकास्थान, (बाटुलेचौर) कास्की

कास्कीको वाटुलेचौरमा कालिकास्थान छ। यस ठाउँमा कुलमण्डन शाहको समयदेखि नै शरद्कालीन दरवार थियो। इँटा झिँगटीका प्राचीन अवशेष पनि यहाँ भेटिन्छन्। प्राचीन राजाकै इष्टदेवीका रूपमा यी कालिका पनि रहेको अनुमान हुन्छ। स्थानीय पद्मलाल देवकोटाले सपनामा सङ्केत पाएअनुसार त्यहाँ खोजी गर्दा एक खड्ग भेटियो र त्यसै खड्गलाई कालिकाको आयुध मानी पूजा गर्ने गरिएको छ। त्यहाँ कालिकाको मूर्ति पनि स्थापना गरिएको छ। नेपाली तले शैलीमा निर्मित यस मन्दिरमा शिलाको मूर्ति छ। वडादसैं, चैतेदसैंमा दर्शनार्थी वढी हुन्छन्। स्थानीय इष्टदेवीका रूपमा यी देवीको उच्च स्थान छ।

कालिकाभगवती, (खोटाङ गाउँ) खोटाङ

खोटाङ गाउँमा रहेकी यी भगवतीलाई झन्डै ६०० वर्षदेखि श्रद्धापूर्वक पुज्दै आएको भनिन्छ। १८४२ सालमा श्री ५ रणवहादुर शाहवाट घण्टा चढाएको देखिन्छ। राजा राजेन्द्रवाट १८७४ मा तामाको दमाहा पनि चढाइएको छ। यहाँ कालिकादेवी र अरू देवदेवीका प्रतीक ससाना शिला छन्। कालिकालाई पित्तलको मुकुट र तामाको छाता ओढाइएको छ। अनेक त्रिशूल र घण्टा भक्तहरूले यथासमय चढाएका छन्। श्रद्धालु भक्तवाटै पूजा चल्दै छ। प्रत्येक आइतवार र श्रावणमा विनावलि पूजा हुन्छ। अघिपछि पशुपक्षीको वलि चढ्छ। वडादसैंमा सरकारी तहवाट पनि पूजा हुन्छ। श्रद्धा, भक्ति र शान्तिको प्रतीकका रूपमा यी देवीको आराधना र पूजा गर्ने चलन छ।

कालिकामन्दिर, (चतरा) सुनसरी

सुनसरीको चतरामा कालिमन्दिर छ। भित्र शिवजीको छातीमाथि घुँडा टेकेर वसेको कालीको प्रस्तरमूर्ति छ। यस मूर्तिका छेउछाउमा शिलाका अन्य केही मूर्तिहरू छन्। यस मन्दिरमा औलियावावाको पहेंलो निसान र देवीको रातो निसान छ। यी निसानलाई कार्तिक मेलामा जोगीसहित वराहक्षेत्र लैजाने चलन आज पनि छ। तीन दिनसम्म राखेर ल्याइन्छ। वराहक्षेत्रको दर्शनार्थ औलियावावालाई लगेको भन्ने जनधारणा छ। यहीं छिन्नमस्ता भगवतीको एउटा मूर्ति पनि छ। यहाँ कार्तिक र माघमा मेला लाग्दछ।

कालिकामन्दिर, चितवन

भरतपुरको पश्चिमदक्षिण कुनामा शान्तिपुर गाउँमा यो मन्दिर अवस्थित छ। शिखर शैलीको यो मन्दिर प्राचीन कालकै मानिन्छ। प्राचीन भग्नावशेष रहे पनि मन्दिर चाहिँ जीर्णोद्धार गरी नयाँ वनाइएको छ। ४ कट्टा जमिनमा निर्मित यस मन्दिरमा कालिकाको स्थापना पाण्डवहरूले गरेको भन्ने जनश्रुति छ। पर्वहरूमा कालिकाको दर्शन श्रद्धापूर्वक गर्ने गरे पनि नियमित पूजाको प्रवन्ध त्यति छैन। पुरातात्त्विक उत्खन वा अध्ययन चाहिँ हुन सकेको छैन तापनि देवी चाहिँ सवैकी श्रद्धापात्र छन्।

कालीनाग मन्दिर, (सुनखानी) दोलखा

सुनखानी गा.वि.स. मा अवस्थित कालीनाग स्थान कहिले स्थापित भयो यसै भन्न सकिन्न। स्थानीय वासिन्दाको भनाइमा ३०० वर्षभन्दा अगाडिकै हो। त्यहाँका पुरातात्त्विक सामग्रीले पनि उक्त भनाइ पुष्टि गर्छन्। स्थानीय शिवाकोटी थरको कुलायनका रूपमा पनि यसको महत्त्व छ। तले शैलीमा निर्मित प्रस्तुत मन्दिरको गजुर तामामा चाँदीको जलप लगाइएको देखिन्छ। २० रोपनीजति जमिन गुठीका रूपमा पनि छ। नित्यपूजा र पर्वपूजा पनि हुन्छ। नागपञ्चमीका दिन विशेष मेला लाग्छ। थुमा वोकाको वलि चढ्छ। घान्यपूर्णिमामा पनि विशेस पूजा हुन्छ। यहीं सानो शिवालय पनि छ। वालाचतुर्दशीमा शतवीज छरिन्छ।

कालिका मन्दिर, (धैवुङ) रसुवा

धैवुङ गाउँमा कालिकाको मन्दिर छ। देवीको अस्तित्व प्राचीन भए पनि सर्वप्रथम वडामहाराज पृथ्वीनारायणकै समयमा यसको निर्माण भएथ्यो। यहाँका मूर्तिहरू साङ्केतिक भएकाले काल छुटचाउन कठिन भए पनि जनधारणका आधारमा करिव ३०० वर्ष अगाडिको मानिन्छ। पूर्वाभिमुख यस मन्दिरमा नवदुर्गाका मूर्तिहरू छन्। प्रस्तरको सिंह पनि छ। प्राकृतिक रूपमा रहेका साङ्केतिक शिलालाई नै कालिका मानेर पूजा गरिन्छ। वैशाखपूर्णिमा र वडादसैंमा यहाँ मेला लाग्ने र विशेष पूजा हुने गर्दछ। मन्दिरको गुठी पनि छ। यस भेगको आस्थाको प्रतीकका रूपमा यस मन्दिरलाई लिइन्छ।

कालिन्चोकमाई, दोलखा

दोलखा सदरमुकामदेखि करिव ३ कोस उत्तरमा कालिन्चोकमाई अवस्थित छिन्। करिव २५ गजजति चौडाइ र ६९ मिटरजति लमाइ भएको कालिन्चोक माईको कुण्ड छ। शिवजी, सरस्वती र गणेशका मूर्तिहरू भएको यस कुण्डलाई नै कालिन्चोकमाई भनिन्छ। त्रिशूल र घण्टाहरूको थुप्रो छ। यस कुण्डमा वलि चढाइँदैन। वरपर मात्रै वलि

दिइन्छ। यो कुण्ड कहिल्यै सुक्दैन। यस कुण्डका पूर्व, पश्चिम, उत्तर, दक्षिणतर्फवाट वगेका धाराले नदीको रूप लिएका छन्। उत्तरतिरवाट तामाकोशी, पश्चिमतिरवाट सुनकोशी, पूर्वभागवाट इन्द्रावती र दक्षिणतिरवाट चरणावतीसमेत चार नदीको उत्पत्तिस्रोत भएकाले महत्त्वपूर्ण तीर्थ मानी सिद्धहरू पनि रहन्छन्। यहीँ उत्तरवाहिनी नदी पनि छन्।

यहाँ श्रावणको जनैपूर्णिमा र कार्तिक पूर्णिमामा विशेष मेला लाग्छ। दोलखाका वासिन्दाहरूलाई राक्षसहरूको आक्रमणवाट यसै कुण्डवाट उत्पत्ति भएकी भगवतीले वचाएकीले भगवतीको सम्मानमा दोलखावासी प्रत्येक मंसिरको वालाचतुर्दशीका दिन कुण्डमा पुगी यात्रासहित दोलखा आएर भगवतीको पूजाअर्चना गर्दछन्। दोलखावासीकी संरक्षिकाका रूपमा पनि उनी रहेकी छन्।

मार्कण्डेयपुराणअन्तर्गत सप्तशतीमा दुर्गाचरित्र छ। त्यसमा देवीको महिमाका रोचक र अद्भुत कथा छन्। महिषासुरले देवताहरूलाई दमन गरी उत्पात मचाउँदा निराश्रय वनेका देवता यही विकट ठाउँमा भेला भएथे। व्रह्मा, विष्णु, शिवादि देवतावाट निस्केका तेजका कणहरूले सुन्दर नारीरूप शान्तिको आविर्भाव यहीँ भएथ्यो। उनै शक्तिले महिषासुरमाथि विजय प्राप्त गरी देवताहरूलाई अभय दिएकी थिइन्। महिषासुरले छिन्नभिन्न गरेका, सिगौँरी खेलेर युद्ध गरेका अवशेषका रूपमा पनि यहाँ चट्टानहरू र प्राकृतिक स्थल रहेका छन्।

त्यस्तै शुम्भ, निशुम्भ, रक्तवीजादि दानवले उत्पात मच्चाउँदा पनि भगवती शक्ति यहीँ उत्पत्ति भइन्। उनको रूपवाट मोहित दानवहरूलाई विनाश गरी भगवती कालिन्चोकमाइले देवताको राज्य फिर्ता गराइन् भन्ने मानिएको छ।

कालिकेति सता हिमाचलकृताश्रया

स्कन्दपुराणअन्तर्गतको अम्विकाखण्डमा पनि शक्तिको चरित्र र यस स्थानको वर्णन गरिएको छ। विकट, लेक भए पनि चारैतिर दृश्यावलोकन गर्न सकिने र रमणीय स्थलका रूपमा यसको महत्त्व छ। धार्मिक, सांस्कृतिक र पौराणिक महत्त्व त छँदै छ त्यसका अतिरिक्त पर्यटकीय रमणीय स्थलका रूपमा पनि यस ठाउँको महिमा छ।

कालिकादेवी, (भिरगाउँ) धनकुटा

भिरगाउँको किन्ताङ्मा एक शिला छ, जसलाई कालीकादेवीको प्रतीक मानी पुजिँदै आएको छ। झन्डै डेढसय वर्ष अगाडि भद्रवहादुर भण्डारीका वाजेले वाजागाजासहित यो शिला यहाँ ल्याएर राखेका थिए। त्यही वेलादेखि यहाँ कालिकाको पूजा हुन थालेको भन्ने जनश्रुति छ।

कालीको प्रतीक शिला, शिवढुङ्गा र त्रिशूल पनि यहाँ छन् । प्रत्येक शुक्रवार धुपवत्ती हुन्छ । यसै दिन कसैले भाकल गरी वलि दिन ल्याए वलि दिइन्छ । वडादसैँमा वोका र एक जोर परेवा पुजारीको तर्फवाट चढाइन्छ । अरू भक्तका पनि पूजासामग्री अर्पण गर्ने चलन छ ।

कालिकादेवी, (बिजवार) प्युठान

विजवार गाउँको पल्लो वजारमा कालिका मन्दिर छ । करिव ३०० वर्ष पहिले वनेको कुरा सनद र लालमोहरवाट देखिन्छ । मन्दिरभित्र कालो ढुङ्गावाट वनेको कालिकाको मूर्ति भैरव, गणेश, कालभैरवका साथै वाघ अनि मन्दिर वरिपरि घण्टा र पाला पनि राखिएका छन् । सूर्य, वत्ती, गणेश, कालभैरव, वालभैरवको पूजापछि कालिकादेवीको पूजा गरिन्छ । २ घण्टा गोप्य पूजा पनि गरिन्छ । शनिवार र मङ्गलवार वलिसहित पूजा हुन्छ । यी देवीप्रति स्थानीय जनताको भक्तिभाव विशेष रूपमा रहेको छ ।

कालिकादेवी, (मुसीकोट) रुकुम

मुसीकोट खलङ्गामा यो मन्दिर छ । नेपाली शैलीको २ तले यो मन्दिर निकै पुरानो मानिन्छ । मन्दिरभित्र कालिकादेवीको आकर्षक मूर्ति छ । यो प्रस्तरवाट वनेको छ । त्यस्तो दुर्गम स्थानमा पनि यति कलात्मक मूर्ति तयार गर्ने कलाकार को होलान् जान्ने जिज्ञासा हुन्छ । कालिकाले नरमुण्डमाला लगाएकी छन् । मूर्तिकलाका दृष्टिले या मल्लकालको जस्तो अनुमान हुन्छ । मन्दिरका दायाँवायाँ अन्य देवीका सामान्य मूर्ति पनि छन् । ती हुन् : मञ्जुश्रीको मूर्ति, ताराको मूर्ति, शिवलिङ्ग, भगवतीको मूर्ति र गणेश मूर्ति । यी सवै मूर्ति कलात्मक छन् । दसैँमा रुद्री, सप्तशती, देवीभागवत पाठ गरिन्छ । पञ्चवलि तथा पशुवलि पनि अर्पण गरिन्छ । नित्यपूजा र पर्वपूजा पनि चल्दै छन् । रुकुम जिल्लाको प्रसिद्ध ख्यातिप्राप्त कलात्मक मन्दिर र देवस्थलको रूपमा यो मन्दिर रहेको छ ।

कालिका, (सोलेधार) वागलुङ

ढोरपाटन क्षेत्रअन्तर्गत पर्ने सोलेधार वागलुङको पश्चिमी भागमा आजभन्दा झन्डै ५५० वर्ष अगाडि निसिभुजीका मगरहरूले रुकुमका राजा जैतुवमसँग मागी ८ भाइ राजकुमारमध्ये माइला राजकुमार आनन्दवमलाई राजा वनाउन ल्याए । राजगद्दीमा पनि राखे । डिम्ववम, नागवमपछि नारायण मल्ल पर्वतका राजा भए । पाल्पाली राजा मणिमुकुन्दसेनकी छोरीसँग नारायणको विहा भयो । छोरीलाई दाइजो कालिकाको मूर्ति पनि दिइपठाए । वागलुङ चौर खाङ्गेचौरमा आइपुगेपछि वास वसे । त्यहाँवाट कालिकाको मूर्ति लैजान लाग्दा नसकी धामीझाँक्रीसँग सोधपुछ गर्दा यहीं मन्दिर वनाई राख, यहाँभन्दा अगाडि नलैजाऊ भनेकाले त्यहीं घना

जङ्गलमा मन्दिर वनाई कालिकाको स्थापना गरियो । मन्दिरमा ४ ढोका भए पनि पूर्वपट्टिको खोलिँदैन । खोले अनिष्ट हुन्छ भनिन्छ । टाढाटाढावाट भक्तहरू आउने, चैतेदसैं तथा वडादसैंमा मेला लाग्ने चलन छ । धार्मिक तथा आध्यात्मिक दृष्टिले यो स्थल महत्त्व राख्छ नै त्यसका अतिरिक्त प्राकृतिक दृष्टिले पनि रमणीय छ । भक्तहरूको चाहना कालिकाले पूर्ण गर्छिन् भनिन्छ ।

कालिकादेवी, (गैरीगाउँ) रोल्पा

गैरीगाउँको तितिममा यो मन्दिर छ । द्रव्य, चक्री र शिवाङ खोलाको त्रिवेणीमा यो मन्दिर रहेकाले यी देवीलाई त्रिवेणीदेवी पनि भनिन्छ । देवीको अस्तित्व प्राचीन भए पनि मन्दिर त्यति प्राचीन देखिँदैन । पुजारीको चार पुस्ता वितेकाले झन्डै २०० वर्ष पुरानो मानिन्छ । रुद्रवीर डाँगीका वावुलाई एक रात सपना भएछ : भैंसी गोठमा गएर हेर्न । गएर हेर्दा देवीको दर्शन पाए । त्यहीँ यो मन्दिर वनाएर देवीको स्थापना गरे । एक दिन देवी अलप भइन्, अलप भएको ठाउँ धर्ती चिरा परेको, एक वाँसभन्दा पनि गहिरो, त्यहीँवाट पानी मूल निस्कियो । त्यही पानीले यी देवीलाई स्नानपान गराइन्छ भन्ने जनश्रुति छ । मन्दिरभित्र देवीको प्रतीक शिला छ । चैतेदसैं र वडादसैंमा मेलासहित विशेष पूजा हुन्छ । मन्दिरभित्र पुजारीवाहेक अरू पस्न मिल्दैन । वाहिरै पञ्चवलि पनि अर्पण गरिन्छ तर देवीका मूर्तिमा रगत पार्नु हुँदैन । भक्तको चाहना पूरा गर्न देवी निकै सक्षम छन् भन्ने जनविश्वास छ ।

कालिकाभगवती, (वर्गीगाउँ) जुम्ला

वर्गीगाउँको मोफलामा यो मन्दिर छ । भगवतीको प्राचीन महत्त्व भए पनि सय वर्ष पुरानो मन्दिर छ । मन्दिरमा काठको भगवतीको मूर्ति छ । नित्यपूजा नभए पनि वडादसैं, चैतेदसैंमा गाउँलेहरू श्रद्धापूर्वक भगवतीको पूजाआराधना गर्छन् । राँगा, कुखुरा, वोकाको वलि पनि चढाइन्छ । यहीँ धर्मशाला पनि छ । मेलापर्वमा धर्मशालामा वसेर नाचगान गरी देवीको उपासना गरिन्छ ।

कालिकामन्दिर, धनकुटा

यो मन्दिर धनकुटा नगरमै रहेको छ । यहाँ चढाइएको घण्टामा १९३७ साल पनि लेखिएको छ । यसले प्राचीनताको पुष्टि हुन्छ । यस मन्दिरभित्र प्रस्तरको कालीको मूर्ति, सिंह पनि छन् । शनिवार दर्शनार्थीहरू आउँछन्, भक्तिभाव अर्पण गर्छन् । वडादसैंमा विशेष पूजा हुन्छ ।

कालिकामन्दिर, स्याङ्जा

नुवाकोटफेदी खोलानजिक यो मन्दिर छ। चौवीसे राजाका पालामा यहाँ कोट थियो। यहाँ हातहतियार राख्ने गरिन्थ्यो। मन्दिरमा देवीको मूर्ति नभएर प्रतीकका रूपमा हातहतियार, तरवार, खुँडा, खुकुरी छन्। यी सवै चौवीसे राजाका हतियार हुन् भनिन्छ। यहाँ नित्यपूजा हुँदैन। दसैंको नौरथामा वलि, पूजापाठ गरी कालिकाको आराधना गरिन्छ। छिमेकी अन्य गाउँवाट समेत भक्तहरू दर्शनार्थ यहाँ आउने गर्दछन्।

कालिकामन्दिर, (दुनै) डोल्पा

सदरमुकाम दुनैको प्रवेशद्वारनजिक भैरवी (भेरी) नजिक यो मन्दिर छ। प्यागोडा शैलीमा निर्मित प्रस्तुत भवन करिव डेढसय वर्ष पुरानो मानिन्छ। मन्दिरमा रक्तकाली माता छन्। ढुङ्गाको मूर्ति छ। मूर्ति आकर्षक छ। यो मूर्ति प्राचीन होइन २०४२ सालमा स्थापित देखिन्छ।

कालिकामाई, (अमलेखगन्ज) बारा

अमलेखगञ्ज प्रहरीचौकी अगाडि पश्चिमी मुखमा यो मन्दिर छ। यस मन्दिरमा कालो पत्थरको अष्टभुजा कालिकाको मूर्ति छ। शिवलिङ्ग र शिवाको मूर्ति पनि छ। शिखर शैलीको यो मन्दिर त्यति पुरानो देखिँदैन। स्थानीय वासिन्दाहरूकै भक्तिभावमा यहाँको पूजाआजा चलेको छ।

कालिका, (लिवाङ) रोल्पा

लिवाङमा यो मन्दिर छ। २०२५ मा करिव ९ मिटर उत्तरपूर्ववाट यहाँ सखी मन्दिर निर्माण गरिएको छ। प्रचलित नेपाली शैलीमा निर्मित यस मन्दिरमा कालीको आकर्षक प्रस्तरमूर्ति राखिएको छ। वेताल, गणेश आदिका मूर्ति पनि छन्। यसको गुठी पनि छ। नित्यपूजा पनि हुन्छ। वडादसैंमा वलिसहित विशेष पूजा हुन्छ। टाढाटाढावाट पनि भक्तहरू दर्शनार्थ आउने गर्छन्।

कालिका र मालिका, (गमगढी) मुगु

गमगढी गाउँमा यो मन्दिर छ। यसको प्राचीनता निश्चित रूपमा भन्न सकिँदैन। दक्षिणाभिमुख गुम्वज शैलीको यस मन्दिरमा कालिकाको मूर्ति छ, यिनैलाई मालिका पनि भन्ने गरिन्छ। देवीको प्रतीक मात्र रहेको छ। सामान्य रूपमा नित्यपूजा हुन्छ। सामान्य गुठी व्यवस्था छ। चैतेदसैं र वडादसैंमा यहाँ विशेष पूजा हुन्छ। ग्रामीण भक्तसमुदायवाट भक्ति र श्रद्धा सङ्कलन गरी पर्वपूजाका लागि सामान जुटाउने गरिन्छ। यस क्षेत्रकी आराध्यादेवी भए पनि ग्रामीण विकटताले गर्दा त्यति वृहत् मेला र सहयोग जुट्ने सम्भावना कम छ। यस क्षेत्रमा हिन्दूभन्दा वढी वुद्धधर्मावलम्वी भएकाले सहयोग जुटाउन पनि सहज देखिँदैन। तथापि यसको आफ्नै महत्त्व छ।

कालीमाई, (कटैया) रूपन्देही

कटैया गाउँमा कालीमाई छन्। भऱ्याङजस्तो वनाई माथिल्लो तल्लामा पाँचवटा सिमेन्टका डल्ला छन्। अर्कातिर सिमेन्टका तीन डल्ला पनि छन्। यी डल्लाहरू काली, व्रह्मा, हनुमान, डिह, कोटही, वहर, शर्वाको प्रतीकका रूपमा प्रतिनिधित्व गर्दछन्। उत्तरतर्फ पोखरी छ। यो प्राचीन मानिन्छ। दसैं, रामनवमी, र जेठमसान्तमा यहाँ नौहरी पूजा हुन्छ। यस पूजामा मानिस निकै जम्मा हुन्छन्। विहानै यहाँ कुखुराको भाले छाडिन्छ। यसलाई अरूले लैजान हुँदैन। मुसलमानले मात्र लैजान पाउँछन्। गाँउलेहरू जेरीस्वारी पकाई खाने गर्छन्। मुसलमान पनि भाले लिई वेलुका घर फर्कन्छन्। यस्तै पूजालाई नौहरी भन्दछन्। यस्तै विधि पूरा गरेर काली माईको पूजा गरिन्छ।

कालीमन्दिर, (भित्रीगाउँ) प्युठान

भित्रीगाउँको वजारमा नै कालिमन्दिर छ। चारपाटे शैलीमा निर्मित यस मन्दिरमा काली भगवतीको मूर्ति छ। कालीको अस्तित्व प्राचीन भए पनि मन्दिर निर्माण चाहिँ पछि नै भएको देखिन्छ। यसको सुरक्षा प्रहरी थानावाटै भएको पाइन्छ। नित्यपूजाका अतिरिक्त दसैं तथा चैतेदसैंमा यहाँ वलिसहित पूजाआजा हुने गर्दछ।

कालीदह, (वभनी) रूपन्देही

वभनी पौलियादेखि एक किलोमिटर पश्चिमतिर लुम्विनीवाट फक्राहाँ सिमाना जाँदा वाटोमा कालीदह पर्दछ। यहाँ एउटा प्रस्तरको कुण्ड छ। वरिपरि टुटेफुटेका प्रस्तरमूर्तिहरू पनि छन्। ढुङ्गै ढुङ्गाहरूको ढिस्कोजस्तो पनि देखिन्छ। ढिस्को र कालीदह गरेर करिव डेढ विगाह जमिन ओगटिएको छ। यहाँको पुरातात्त्विक वस्तुहरूको अन्वेषण, उत्खनन र संरक्षण त्यति भएको पाइँदैन। यस्ता सामग्रीले यसको प्राचीन महत्त्व अवश्य झल्काउँछन्।

कालीमाई, (वरगदवा) रूपन्देही

वरगदवा गाउँमा कालीमाईको स्थान छ। कुवा खन्दा शिवलिङ्ग पाइएको हो। प्राचीनजस्तै लाग्ने शिवलिङ्ग छ। यहीँ माटाका तीन डल्ला छन्। यिनै डल्लालाई कालीमाई मानी पूजा गरिन्छ। नवरात्रिको नवमीमा विशेष पूजा हुन्छ। अघिपछि सामान्य पूजा हुन्छ। पुरातात्त्विक महत्त्वको भए पनि यो स्थान उपेक्षित अवस्थामै छ।

विसुनपुर गाउँमा पोहवामा कालीमाई छन् । परम्परागत रूपमा यी माईको अस्तित्व रहेको छ । यहाँ आठओटा माटाका डल्ला छन् । यी डल्लालाई सात दिदीवहिनी र एक भाइ लालमन मानिन्छ । यी पूर्व फर्केका छन् भने दक्षिणपट्टिको अर्को माटाको डल्लो छ जसलाई व्रह्मा मानिन्छ । जेठअसारमा यहाँ गाउँलेहरू पूजा गर्छन् । ल्वाङ, कपुर, फलफूल चढाउँछन् अघिपछि यस स्थानलाई त्यति महत्त्व दिइँदैन ।

कालेश्वर महादेव, (लेले) ललितपुर

लेले टङ्गमा महाभारतको ३ वैनी लेकमा वैतरणीनदी र घराघर नदीको सङ्गममा कालतीर्थ छ । यसै तीर्थमा कालेश्वरको दर्शनपूजन गर्दा कालले सिद्धि पाएको उल्लेख स्कन्दपुराणमा छ । लवणकर्ण नामको तुच्छ जातिका मानिसले माघशुक्ल १४ मा दर्शन पूजा गर्दा उत्तम गति पाएको थियो । यसको प्राचीन नाम कासुन्दपर्वत थियो । विरूपाक्षले पनि यस तीर्थको उपभोग गरेको उल्लेख छ । नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ ।

कास्कीकोट, कास्की

कास्कीका चौवीसे राजा कुलमण्डन शाहको राजधानीका रूपमा रहेको डाँडो हो कास्कीकोट । मध्यकालमा कोट भनेको किल्ला हो । त्यस वेला दरवार आमोदप्रमोदका लागि नभएर सुरक्षाका दृष्टिले वनेको हुन्थ्यो । शत्रुको आक्रमणवाट वच्न अग्लो ठाउँ रोजिन्थ्यो । कास्की डाँडामा अवस्थित ऐतिहासिक स्थल नै कास्कीकोट हो । त्यहाँ कालिकाको मूर्ति पनि छ । अहिले दरवारको भग्नावशेषका कारणले होइन कालिकाको मूर्ति रहेका कारणले यस स्थानको महत्त्व उच्च रहेको छ । कास्कीकोटको नामवाट नै जिल्लाको नाम पनि कास्की रहेको पाइन्छ । कास्की विशाल नेपालमा एकीकृत भएपछि छुट्टै राज्यको अस्तित्व नरहे पनि धार्मिक र ऐतिहासिक स्थलको रूपमा यसको महत्त्व छ । कालिका इष्टदेवी हुन् । उनका नाउँमा गुठी पनि छ । नित्यपूजा पनि हुन्छ । प्राकृतिक दृश्यावलोकन गर्न र ऐतिहासिक महत्त्व वुभ्न भक्तहरू तथा पर्यटकहरू पनि यहाँ पुग्ने गर्दछन् ।

काश्यपेश्वर, (मण्डन) काभ्रे

काभ्रेको मण्डनमा काश्यप तीर्थ छ । गौरीकुण्ड, सरस्वतीकुण्ड पनि छन् । यहाँ कश्यप ऋषिले स्नान गरेका थिए भनिन्छ । यहाँ तपस्या गर्ने ऋषिले सृष्टि गर्ने चाहना व्यक्त गर्दा कश्यपेश्वर शिवलिङ्ग उत्पन्न भई इच्छा पूर्ण हुने वरदान दिएको पौराणिक कथन छ । नपुंसकले पनि यी कुण्डमा स्नान गर्ने र यी शिवलिङ्गको दर्शन गरे भने मुक्ति मिल्ने पौराणिक कथन छ । विरूपाक्षले पनि यस तीर्थको उपयोग गरेथे । यो शिवलिङ्ग ६४ मध्ये एक मानिन्छ । यसको माहात्म्य हिमवत्खण्डमा पनि छ ।

किचकवध, (महेशपुर) झापा

महेशपुर गाउँमा किचकवध रहेको छ। मेचीदेखि पश्चिम, सगरमाथा गाउँदेखि पूर्व देउनिया खोलानजिक यो ठाउँ छ। यहाँ एउटा पोखरी छ र त्यसलाई किचककुण्ड भनिन्छ। भीमसेनले किचकलाई मारेको पौराणिक स्थल भएकाले यसलाई किचकवध भनिएको हो। किचकले हातपात गरिएकी द्रौपदीलाई अर्जुनले वाण हानी त्यहींवाट पानी निकाली शुद्ध गरेकाले त्यो पानी निस्केको कुण्डलाई किचककुण्ड भनिन्छ। किचकको चिहान पनि छ र कुण्डमा पानी पनि निस्किरहन्छ। यहीं नजिक केही पर द्रौपदीमाईको मन्दिर पनि छ। शिखर शैलीमा निर्मित यस मन्दिरमा २० इन्च अग्लो उभिएको द्रौपदीको मूर्ति पनि छ। सो मन्दिरअगाडि भीमले किचकलाई वध गर्न लागेको मूर्ति छ। यहीं गङ्गाको मूर्ति, शिवमन्दिर पनि छन्। नित्यपूजाको प्रवन्ध छ। प्राचीन भग्नावशेष पनि पाइने हुंदा उत्खननको आवश्यकता देखिन्छ।

किराँतेश्वर, (पशुपति) काठमाडौं

काठमाडौंको पशुपति क्षेत्रअन्तर्गत गौरीघाटमाथि किराँतेश्वर शिवलिङ्ग रहेको छ। लिच्छवि शासनको उदय हुनुभन्दा पहिले काठमाडौं उपत्यकामा पनि किराँत शासन थियो। भगवान् शिवले स्वयं किराँत स्वरूप लिई यस क्षेत्रमा विहार गरेको, त्यसै वेला पाण्डवमध्ये अर्जुन आई किराँत रूप शिवसँग युद्ध गरेका प्रसङ्ग पनि पुराणमा छन्। श्लेष्मान्तक वनले युक्त यस पावन स्थलमा महादेव किराँत रूपले घुम्नुहुन्थ्यो। पार्वती शिवलाई नदेखी गौरीघाटमा वागमती स्नान गरी महादेवको स्तुति, भक्तिमा तन्मय हुनुहुन्थ्यो। यस वेला किराँती राजा यलम्वरको शासन थियो भनिन्छ। महादेवको किराँत रूप पार्वतीले थाहा पाइन्। स्वयं पार्वती पनि किराँतिनीको रूप लिइन्। महादेवसँग हाँसखेल गर्न थालिन्। पार्वती छलले किराँतिनी वनेको थाहा पाएपछि महादेवले किराँतेश्वर रूप लिनुभयो। पार्वतीले आराधना गरिन्। कार्तिक शुक्ल नवमीमा गौरीघाटमा स्नान गरी किराँतेश्वर शिवको दर्शन गरेमा मुक्ति निश्चय मिल्ने कुरा वताइएको छ। हिमवत्खण्ड, देवमाला वंशावली, महाभारत आदि प्राचीन ग्रन्थहरूमा किराँतेश्वर महादेवको महिमा वर्णित छ। यिनै महादेवको उपासनाद्वारा अर्जुनले पाशुपतास्त्र प्राप्त गरी दुर्योधनादि माथि विजय पाउनुभयो। यसको प्राचीन नाम श्लेष्मान्तक वन मृगस्थली हो। विरूपाक्षले पनि यो लिङ्गको सेवनवाट मुक्ति पाएको कथा छ।

कीर्तिपुर, काठमाडौं

प्राचीन नाम पद्मकाष्ठ गिरि, त्यसपछि पद्मकाष्ठपुर हुँदै कीर्तिपुर रहेको देखिन्छ । वि.सं. ११११४ मा राजा शिवदेवको कीर्ति भएकाले कीर्तिपुर रहेको भनिन्छ । यस ठाउँवाटै गाईले पशुपतिनाथ पत्ता लगाई कीर्ति राखेकाले पनि कीर्तिपुर भनिएको हो । अर्को भनाइ छ : धेरै समय अगाडि मुलाको विउ केलाइरहेका वेला कुनै जोगी आएर भिक्षा मागेछ । मुलाको विउ (केपु) दिएछ । नेवारीमा मुलाको विउलाई केपु भनिन्छ । जोगीले यस ठाउँको नाउँ केपु हुनेछ भनेर गएछ । त्यसै दिनदेखि केपु केपु भन्न थालियो । कीर्तिपुरेहरू कीर्तिपुरलाई आज पनि केपु भन्ने गर्दछन् । जे भए पनि वीरता, संस्कृति र इतिहास सवै दृष्टिले यो ठाउँ महत्त्व राख्तछ ।

कीर्तिस्तम्भ, (दुल्लु) दैलेख

यो विजयस्तम्भ हो । दुल्लुको वजारमा नै अवस्थित छ । शाके १२७९ मा यसको निर्माण भएको हो । सिँजा साम्राज्यका राजा पृथ्वीमल्लले निर्माण गराएका हुन् । पृथ्वीमल्लले दासदासीको अमलेख गरी यो कीर्तिस्तम्भ गाडेका हुन् । पृथ्वीमल्लले यस स्तम्भमा आफ्नो पुर्ख्यौली दिएका छन् । खासमा मल्लहरूका वारेमा पनि लेखेका छन् । ६ फिट अग्लो, डेढ फिट चौडाइको पत्थरको यो स्तम्भ ऐतिहासिक महत्त्वको छ । यसका टुप्पामा वौद्ध चैत्य कुँदिएको छ । तिव्वती लिपिमा ॐ मणि पद्मे ॐ भन्ने पनि लेखिएको छ । यहाँ अनेक खम्वा पनि छन् । खम्वाका स्तम्भमा यथार्थ विवरण कुँद्ने प्रयासको सन्दर्भ यस स्तम्भले राम्रो स्पष्ट गर्दछ ।

कीलेश्वर महादेव, भक्तपुर

चाँगुनजिक वामीश्वरदेखि पश्चिम शङ्खह्रद, छिन्नमस्तातीर्थ छ । यही नजिक चाँगुनारायण छन् । यही नजिक कीलेश्वर छन् । यस शिवलिङ्गको मुरनामका दैत्यले वाका सिद्धिका लागि तपस्या गरेको, उक्त दैत्यले दोलागिरि पर्वतलाई नै उखेल्न लाग्दा विष्णुले उक्त पर्वतलाई स्थिर गर्नुभएको कथा पुराणमा छ । असारशुक्ल पूर्णिमामा तपस्या गरी मुक्ति पाएको दुराचार, महापापसमेत यस लिङ्गको दर्शनपूजनले नाश हुन्छ भनिएको छ । यस शिवलिङ्गको उपासना शङ्कराचार्यले पनि गर्नुभएको उल्लेख छ । प्राचीन नाम दोलागिरिमा विरूपाक्षले पनि तीर्थ सेवा गरेको र नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ ।

कुन्तादेवी, ओखलढुङ्गा

ओखलढुङ्गाअन्तर्गत वुङनाम र ज्यामिरे दुवै स्थानमा कुन्तादेवीहरूको स्थापना गरिएको छ। मोलुङ खोलाको जलजलेमा स्थापित वालामहादेव स्थानमा प्रायः पर्वमा मेला लाग्थ्यो। त्यस मेलामा गएर फर्कंदा दुई वालिका पानी परेकाले रूखमा ओत लागे। संयोगवश चटचाङ परेकाले दुवै वालिका मरे। केही दिनपछि धामीमा उत्रिएर आफ्नो कैरन वताए। देवीको रूपमा रहने विचार गरे। दिदी कुन्तादेवीलाई वुङनाममा र वहिनी कुन्तादेवीलाई ज्यामिरेको खोदम्पामा स्थापित गरियो। यी देवीथानमा २३ कित्ता जमिन र ९० मुरी माटो गुठी पनि राखियो। पछि यो जग्गा हडप्न खोज्नेको पनि दुर्गति भयो। दिदी कुन्ता दहाल थरकी व्राह्मणपुत्री र वहिनी कुन्तादेवी मगर जातकी भएकाले यी दुवैका मन्दिरमा व्राह्मण र मगर नै पुजारी रहेका छन्। यहाँ नित्यपूजा हुन्छ। सुनभेडीको पनि पूजा गरिन्छ। यी दुवै देवी स्थानीय वासिन्दामा अत्यन्त श्रद्धा र विश्वासको भूमिका खेल्दै रहेका छन्।

कुपितेश्वर महादेव, ललितपुर

भीमसेनथान ईशानतर्फ सडकछेउको सानो देवलमा उदकतीर्थ दुग्धकुण्ड छ। द्वितय नामका ऋषिले ध्यान गर्दा यहाँ शिवलिङ्ग प्रकट भए। उक्त ऋषिको उद्धार पनि भयो। शठ नामको कुनै व्यक्ति कुरा नै नवुझी रिसाउने, अरूलाई सजाय दिने गर्दा त्यस पापले पीडित थियो। मुटुको व्यथाले पनि सताइरहन्थ्यो। द्वितय ऋषिका उपदेशले यस शिवलिङ्गको दर्शनपूजन गर्दा दुःखवाट छुट्कारा पाई मुक्त पनि भयो। यस शिवलिङ्गको पूजा माघकृष्ण १४ मा गर्नु उत्तम मानिन्छ। यसको प्राचीन नाम ललितारण्य हो। विरूपाक्षले पनि सेवन गरेको यो शिवलिङ्ग नेपालका ६४ शिवलिङ्गमध्ये एक हो।

कुपेश्वरनाथ महादेव, धनुषा

हनुमान गढस्थानवाट एक किलोमिटर उत्तरमा रहेको यो स्थानको नामकरण पनि कुपेश्वर महादेववाटै गरिएको देखिन्छ। स्थापनाकाल निश्चित रूपमा भन्न नसकिए पनि पुनर्निर्माण चाहिँ १९९६ सालमा भएको हो। राजदेवी र कुपेश्वरका पुजारी एकै महन्त भएकाले र लिखित प्रमाणवाट पनि मर्मत समय पत्ता लागेको हो। महादेवको पूजाआजापछि राजदेवीको पूजा गरिन्छ। राजदेवीमा वडादसैंको अष्टमीका दिन राति भोग चढाइन्छ। कुपेश्वर र राजदेवीका नाउँमा २० विघा जमिन छ। पर्वपर्वमा व्राह्मणभोजन र सदावर्त गर्ने चलन पनि छ। पर्वपर्वमा विशेष रूपमा दर्शनार्थीहरू यहाँ आउने गर्दछन्।

कुमारी, काठमाडौं

भगवती दुर्गाले नेपालका राजाको इष्टदेवीको रूपमा कुनै न कुनै प्रकारले भूमिका खेल्दै आएकी छन्। चौधौं शताव्दीदेखि भारतका मुसलमान गयासुद्दीन तुगलकले सिमरौनगढका हरिसिंहदेवमाथि चढाइ गरेपछि इष्टदेवी तुलजालाई श्रीयन्त्रको रूपमा लिई भक्तपुर आए। त्यस वेला कान्तिपुर र भक्तपुर एउटै राज्य भएकाले एउटै तलेजु भए पनि १५०१ मा यक्ष मल्लले राज्य विभाजन गरेपछि तलेजु मन्दिर पनि कान्तिपुर, भक्तपुर र ललितपुरमा वने। गोप्य रूपमा तलेजुभवानी राजासँग पासा पनि खेल्थिन् रे। राजा जयप्रकाश मल्लका समक्ष पासा खेल्दा राजाकी छोरीले देखी विघ्न परेकाले अवदेखि पासा खेल्न प्रत्यक्ष नआउने वाँडाकी कुमारी केटीमा प्रवेश गर्ने र तिनै कुमारीको पूजादर्शन गर्ने कुरा सपनामा भनिछन्। यसरी जयप्रकाशकै पालादेखि कुमारीपूजा सुरु भएको हो। कुमारीजात्राको प्रवन्ध पनि भयो। ओमवहाल, विक्रमवहाल, चिरम्वहाल, सपलवहाल, तरमवहाल, सिखमुवहाल वा लगनवहालका वौद्धमार्गी नेवार शाक्यका वालिकामध्येवाट कुमारी छान्ने प्रथा छ। कुमारीका रूपमा प्रतिष्ठित नहुने सङ्केत पाएपछि कुमारी माँले सूचना वडागुरुलाई गर्ने वडागुरुले राजाको स्वीकृति लिएर राजज्योतिषीलाई नयाँ कुमारीको चयन गर्न साइत हेर्छन्। वाज्राचार्य थरका पाँच पुरोहितद्वारा पुनः अर्को कुमारीको चयन गरिन्छ। कुमारीका लागि वत्तीस लक्षणले युक्त हुनुपर्छ। रजोवती भए वा चोटपटक लागेमा कुमारीत्व टुङ्गिन्छ र अर्को चयन हुन्छ। कुमारी चयन भएपछि राजासमक्ष उपस्थिति गराइन्छ र राजाले असर्फी राखी दर्शन गर्ने चलन छ। दसैंको पूजामा यसरी छानिएकी कुमारी तलेजुका रूपमा पुजिन्छिन् र सम्मानित वन्छिन्। यी कुमारी वौद्ध र हिन्दू धर्मावलम्वीका लागि ग्राह्य हुन्छिन्। कुमारी हुँदा आफू देवी नै भएको अनुभव गर्छन् र अरू सवैवाट त्यस्तै श्रद्धा पनि प्राप्त गर्छन्। कुमारित्व टुङ्गिएपछि उनीहरू आफ्नो दाम्पत्य र पारिवारिक जीवनमा प्रवेश गर्न सक्छन्। हिन्दुहरू त्यस्ती कुमारीलाई तुलजाको रूपमा पुज्छन् भने वौद्धहरू वज्रदेवीका रूपमा पुज्छन्। राजाकी इष्टदेवीका रूपमा जीवित कुमारीहरू पुजिनु नेपालको सांस्कृतिक परम्पराको एउटा रूपमा लिन सकिन्छ।

कुम्भेश्वर, (पाटन) ललितपुर

पाटनमा कुम्भेश्वर महादेव प्रसिद्ध तीर्थस्थल हो। यो सत्य युगमा नै व्रह्माले स्थापना गरेका हुन्। यसको महिमा हिमवत्खण्डमा छ। यहीँ गौरीकुण्ड पनि छ। महादेव र गौरी दुवैको आराधना यहाँ गर्न सकिन्छ। सर्वप्रथम कुम्भेश्वरको तपस्याआराधना काश्यप ऋषिले गरे र प्राणीहरूको सृष्टिमा समर्थ भए भनिएको छ। यिनलाई सर्वेश्वर पनि भनिन्छ।

मृत्युञ्जयका रूपमा पनि कुम्भेश्वरको आराधना गरिन्छ। यसको वारेमा यस्तो कथा हिमवत्खण्डमा छ : मधेशमा जन्मेका एक व्राह्मण चोरी गर्थे। प्रख्तन कर्मले गङ्गातीरमा उनी दिवङ्गत भए। फेरि व्राह्मणकुलमै जन्मे पनि व्रह्मकर्मशून्य थिए। एक दिन आफ्नै धर्मपत्नीसँग झगडा भई लात्तले हिर्काउँदा पत्नी मरिन् र उनी घुमन्ते वनी हिँडे। पशुपतिक्षेत्रमा घुम्दै आए। कुम्भेश्वर भएका ठाउँमा जङ्गल थियो। त्यहीं लुकीछिपी चोरीडकैती गर्न थाले। तिनको नाम त्यस वेला गङ्गादास थियो। त्यहाँ तपस्यारत एक ऋषिका उपदेशले केही ज्ञान उनलाई प्राप्त भयो। उनलाई कालक्रमले गर्दा यमदूत आई लैजान खोज्दा कुम्भेश्वरमा अँगालो मारे। तैपनि यमदूतले ताने। कुम्भेश्वर लिङ्गमा त्यो डाम अझ पनि देखिन्छ। कुम्भेश्वरको भक्त भएकाले उनलाई कैलाश प्राप्त भएको कुरा उल्लेख छ। यहाँ मन्दिर केही थिएन। जयस्थिति मल्लले ठूलो माहात्म्य वुझी चौघेरा, सत्तल, देवालय वनाई गजुरसमेत राखेको जानकारी मिल्छ। यस स्थानलाई महत्त्वपूर्ण मानी नरेन्द्र मल्ल, पूर्वानन्द उपाध्याय, भीमशमशेर आदि अनेक भक्तहरूले यथासमय मर्मतसम्भार, पुनर्निर्माण गराउँदै गए। राजा रणवहादुर शाहले रानीको असामयिक निधन भएको रिसमा लिङ्गमा गुहु लेपन गराए। त्यसवाट खटिरा निस्की पिपसमेत वग्न थाल्यो, गणवहालका कण्ठानन्द पाध्याले उक्त खटिरामा औषधि लेपन गरी मन्त्रविज्ञानले शुद्ध गरी निको पारे। सो खटिराको खत अद्यापि देखिन्छ। श्रावणशुक्ल पूर्णिमामा यहाँ मेला लाग्छ। अन्य पर्वमा पनि यहाँ पूजा हुन्छ।

कुशेश्वर महादेव, (दुम्जा) सिन्धुली

सिन्धुलीको दुम्जामा लीलावती (रोशी) र कोशीको सङ्गममा कुशेश्वर महादेवको निवास छ। यसलाई आदिनाथ पनि भनिन्छ। देवीका पसिनावाट उत्पन्न भएकी लीलावती यहीं गएर कोशीमा मिल्छिन्। यहाँ स्नान गर्नाले, दर्शन गर्नाले सम्पूर्ण पापदेखि मुक्त भई भक्तहरू परमपद प्राप्त हुन्छन्। कौशिकीतटमा आश्रम जमाएर वसेका ने मुनिले तीर्थयात्रा गर्न उत्सुक विरूपाक्षलाई यस तीर्थको महत्त्व वताएको हिमवत्खण्डमा भेटिन्छ। कौशिकीको स्नान र आदिलिङ्गको पूजा र दर्शन विजय एवं पापनाशका लागि उत्तम साधना मानिएको छ। यहीं नजिकै दुर्गातीर्थ पनि छ। यसवारे एक कथा ने मुनिले यसरी वताएका छन् : गाई, व्राह्मण आदिको हत्या गर्ने, चोरी गर्ने, आचारभ्रष्ट कुनै व्राह्मण थिए। उनी शिवरात्रिका दिनमा कुकर्मकै सिलसिलामा यस तीर्थमा आए। त्यहाँको प्रसाद उनका अङ्गमा पऱ्यो र भोकले त्यहाँको नैवेद्य पनि खाए। यसै पुण्यका प्रभावले उनी सम्पूर्ण पापनाश भई कैलाश गए। ने मुनिको उपदेशले दुर्गातीर्थमा स्नान गरी आदिलिङ्गको दर्शन गऱ्यो र कुष्ठरोगदेखि

छुटकारा पायो। त्यसपछि अरू तीर्थको पनि यात्रा गरेको प्रसङ्ग हिमवत्खण्ड ८९ अध्यायमा वर्णन गरिएको छ। आज पनि भक्तहरू यस आदिलिङ्गको भक्तिपूर्वक दर्शन गर्छन्। कौशिक (विश्वामित्र) ले पूजित भएकाले कुशेश्वर भनिएको भन्ने योगी नरहरिनाथको विचार छ।

यसको अस्तित्व प्राचीन भएकोले आदिलिङ्ग पनि मानिन्छ। गुम्वज शैलीमा निर्मित मन्दिरभित्र करिव २ फिट अग्लो प्राकृतिक प्रस्तरलिङ्ग छ। यसका चार सुरमा गणेश छन्। नारायण, भगवती र सूर्यका पत्थरका मूर्ति पनि छन्। प्रसिद्ध ६४ लिङ्गमध्ये यो आदिलिङ्ग हो। विरूपाक्षले तीर्थयात्रा यहीँवाट सुरु गरेको मानिन्छ। पावन स्थलमा उत्पन्न भएकाले पनि यसको महत्त्व वढी छ। शिवरात्रि, तिजजस्ता पर्वमा मेला लाग्छ। ठूलो मेला त वालाचतुर्दशीमा लाग्दछ। साँझविहान नित्यपूजा हुन्छ। यसका लागि गुठी व्यवस्था छ। मेलामा नजिकका मात्र हेइन टाढाटाढावाट पनि मानिसहरू आउँछन्। भक्तहरूको भिड लाग्छ। यसको पश्चिमतर्फ राजपगरी लगाएका राजारानीले भक्तिभावले हात जोडेका मूर्ति पनि छन्। यहीँ नजिक भैरवमन्दिर, उमामहेश्वरमन्दिर, धुनीघर, सरस्वतीमन्दिर पनि छन्। यस्ता पावन मन्दिरहरूले गर्दा यो क्षेत्र युगौंदेखि पुण्यस्थलका रूपमा रहेको स्पष्ट हुन्छ। ने मुनिको आश्रम यहीँ थियो। उनैको उपदेशमा विरूपाक्षले तीर्थयात्रा सुरु गरेको चर्चा हिमवत्खण्डमा छ।

कूटेश्वर महादेव, (चिसापानी) मकवानपुर

चिसापानीको आगरा पर्वतखण्डमा यी महादेव छन्। आग्रेखोलो (गण्डावती) र चन्ती खोलो (श्वेतकान्तिनदी)का दोभानमा गालवतीर्थ छ। श्राप परेका गालव ऋषिले यिनै महादेवको उपासना गर्दा श्रापमुक्त भएका र शिवसायुज्य प्राप्त गरेका थिए भन्ने कथा छ। विराटनगरका सुदर्शन नामका राजा कृष्णसार मृग वनेका थिए। माघ शुक्ल ५ मा यी महादेवको दर्शनपूजन गर्दा पशुयोनिवाट मुक्त भएथे। यसको प्राचीन नाम चित्रकुट पर्वत हो। विरूपाक्षले समेत सेवन गरेका यी महादेव नेपालका ६४ शिवलिङ्गमध्ये एक हुन्।

कृष्णमन्दिर, (भैंसेगाउँ) मकवानपुर

भैंसेगाउँमा यो मन्दिर छ। श्रीकृष्णको अस्तित्व प्राचीन भए पनि करिव डेढ सय वर्ष अगाडि साहु सिद्धलालले यो मन्दिर वनाएको जानकारी मिल्छ। यस मन्दिरभित्र मुरली वजाउन लागेको श्रीकृष्णको मूर्ति राखिएको छ। सिङ्गमरमरको मूर्ति आकर्षक छ। मन्दिरमा गुठियार पनि छन्। नित्यपूजा हुन्छ र रामनवमी तथा कृष्णाष्टमीमा विशेष पूजा हुन्छ। मेलामा भजनकीर्तन, नाचगान हुने गर्दछ।

कृष्णमन्दिर, (पाटन) ललितपुर

पाटन दरवारक्षेत्रमा कलाकृतिको सुन्दर नमुनाका रूपमा कृष्णमन्दिर रहेको छ। राजा सिद्धिनरसिंह मल्लले वि.सं. १६९४ मा यो मन्दिर वनाएका थिए। शिखर शैलीको प्रस्तर कलाको सुन्दर नमुनाको रूपमा यसलाई लिइन्छ। ढुङ्गैढुङ्गाले वनेको यस मन्दिरमा पहिलो तलाका गारोमा रामायणका मुख्य घटना र दोस्रो तलाका गारामा महाभारतका मुख्य घटनाचित्रहरू अङ्कित छन्। स्वर्णमण्डित धातुको आकर्षक गजुर छ। अरू ससाना वीस गजुर पनि छन्। वास्तुशिलाको वेजोड नमुना यो मन्दिर हो। कृष्णभक्त मल्ल राजाले यो मन्दिर कृष्णमै अर्पित गरेको पाइन्छ। यहाँ नित्यपूजा हुन्छ, गुठी व्यवस्था छ। भक्त-दर्शक सधैँ आए पनि कृष्णाष्टमीका अवसरमा यहाँ भव्य मेला लाग्छ। यहीँ अगाडि प्रस्तरको खम्वामा हात जोडेर वसेको गरुडको मूर्ति पनि छ। विश्वसम्पदा सूचीमा परेकाले यसको संरक्षण राम्रो भएको छ। कृष्णको पूजा-प्रार्थना नगरी नखाने राजाले त्यस वेला यति सुन्दर मन्दिर वनाउन लगाएर ऐतिहासिक महत्त्वको काम मात्र गरेनन् तत्कालीन कलाकृतिको सुन्दर नमुना पनि राष्ट्रलाई सधैँका लागि दिए।

कृष्णेश्वर महादेव, (बुटवल) रूपन्देही

वुटोल वजारको सिरान तिनाउपारि यी महादेव छन्। सन्तान नहुनेहरूका लागि सन्तान होस् भन्ने उद्देश्यले शिवलिङ्ग स्थापना गरी कृष्णमहेश्वर महादेव नामकरण गरी यो मन्दिर वनाएको देखिन्छ। यसको गुठी छ। नित्यपूजा हुन्छ। शिवरात्रिमा आउने हजारौँ यात्रीले पनि यसको लोकप्रियता देखाएका छन्। पत्थरैपत्थरले वनाएको गुम्वज शैलीको मन्दिरमा गणेश, सूर्य, देवी, नर्मदेश्वर, सत्येश्वर र शालिग्राम पनि छन्। पाल्पा नुवाकोटवाट जङ्गवहादुरका नाति वीरजङ्ग राणाले यहाँ सारेको मानिन्छ। कृष्णेश्वर महादेवप्रति जनताको आस्था र विश्वास पनि देखिन्छ।

केलादीघाट, (कालीगण्डकी) स्याङ्जा

दामोदरकुण्ड मुक्तिक्षेत्र हुँदै वहँदै आएकी कालीगण्डकी देवघाटमा आएर त्रिशूलीसँग मिल्छिन्। नमिलेसम्म अनेक घाट र आश्रमहरू गण्डकीका तीरमा छन्। यस्तै घाटमध्ये केलादी पनि एक हो। १०८ भगवत्शरणले अनेक तीर्थ घुम्दै त्यागमय जीवन विताउँदै मुक्ति क्षेत्रादिमा दसौँ वर्ष तपस्यारत हुँदै केलादीमा एक आश्रम वनाउनुभयो। धर्मशालाको निर्माण गराउनुभयो २००७ सालमा। त्यागी तपस्वीवाट पनि महत्त्वपूर्ण काम हुन्छन् भन्ने कुरा यसले देखाएको छ। कालीगण्डकीको तीर

पवित्रस्थल भएको, ध्यानजप, पूजापाठ, योग आदि सत्कार्य यस ठाउँमा हुनु उत्तम ठानिएको छ। प्राकृतिक र आध्यात्मिक दुवै दृष्टिले यो ठाउँ महत्त्व राख्तछ। यहाँ भगवान्को मन्दिर छ। धर्मशाला पनि निर्माण गरिएको छ। भोग लगाउने, १०० सम्म गाई पालन गर्ने, कृष्ण भगवान्ले सिकाएको आदर्श यहाँवाट सिक्न सकिन्छ। केलादीघाटवारे मुकुन्दशरण उपाध्यायले पुस्तिका नै लेखेका छन्।

केवलेश्वर महादेव, रामेछाप

रामेछापको केवलेश्वरमा यो मन्दिर छ। झन्डै ३५० वर्ष अघिदेखि नै यसको अस्तित्व रहेको जनधारणा छ। १९१२ सालमा चढाइएको घट्ट पाइनाले यसको प्राचीनता स्पष्ट हुन्छ। तले शैलीको यो मन्दिर ढुङ्गेधाराअगाडि छ। मन्दिरभित्र प्राकृतिक शिलालाई शिव मानिएको छ। त्रिशूल र अन्य शिला पनि देवदेवीका रूपमा छन्। साधारण गुठीवाट पूजाप्रवन्ध छ। भक्तहरूको श्रद्धा र भक्तिवाट पनि यसको महिमा वढेको छ।

कैलावराह, (तालावाङ) रोल्पा

तालावाङ गाउँका एक डाँडाको चुचुरोमा यो स्थान छ। वरिपरि सल्लाको जङ्गल छ। १९८५ सालपछिका घण्टा छन्। यसको उत्पत्तिवारे जनश्रुति यस्तो छ : दाङको वाह्रकुने तालवाट सालसल्लेले वाह्र वराह र एउटी वहिनी रानी भुनूलाई थवाङ लिएर जाँदा तालावाङ वूढा गाउँमा कान्छा कैलावराह लुकेर वसेछन्। पछि सवै मिलेर यस ठाउँमा ल्याएर राखे। वराहको प्रतीक शिला मात्र छ। यसैमा पूजा गरिन्छ। यहाँ ध्वजा, त्रिशूल आदि चढाइएका छन्। जेठ र श्रावणमा यहाँ मेला लाग्छ र पर्व पूजा पनि हुन्छ। दैनिक पूजा हुँदैन। त्यसैले यिनलाई सातसल्ले भगवान् पनि छन्। उजलाई धुपदीप, नैवेद्यले पूजा गरिन्छ भने वराहलाई वलि पनि चढाइन्छ। मेला लाग्ने चलन निकै पुरानो मानिन्छ। त्रिशूलहरू हेर्दा झन्डै २०० वर्ष पुराना देखिन्छन्।

कैलाशमन्दिर, (दिङला) भोजपुर

केउरेनी गाउँ दिङलामा रहेका मन्दिरमध्ये यसको निकै महत्त्व छ। वालव्रह्मचारी षडानन्दले १९३२ मा यस मन्दिरको निर्माण गराएको यस मन्दिरमा एक मुखे नर्मदेश्वर १५ इन्च अग्लो शिवलिङ्ग रहेको छ। षडानन्द गुठीवाटै यसको पनि सञ्चालन हुन्छ। यही १९५६ सालमा निर्माण भएको राधाकृष्ण मन्दिर पनि छ। राधाकृष्ण मन्दिर पनि षडानन्दकै सक्रियतामा निर्माण भएको थियो। मन्दिरभित्र आठ शिवलिङ्ग र पत्थरका वसाहा पनि ८ वटा छन्। षडानन्द गुठीवाट सञ्चालित यस मन्दिरमा पनि दर्शनार्थी भक्तहरूको अगाध आस्था छ।

कोकलदेवी, (मदनपोखरा) पाल्पा

मदनपोखराको अग्लो थुम्कामा कोकलदेवीको स्थान छ। यी देवी मगर जातिकी इष्टदेवी हुन् भनिन्छ। यहाँ मगरहरूको वस्ती छ। विवाह नभएको मगर पूजारी चाहिन्छ, विवाहितले पूजा गर्नु हुँदैन भनिन्छ। मगर जाति आज पनि सुखसुविधा, शक्ति प्राप्तिका लागि कोकलदेवीको पूजाप्रार्थना र आराधना गर्दै आएका छन्। मन्दिर नभए पनि साधारण स्थान छ। डाँडामा रहेकाले प्राकृतिक सौन्दर्य पनि छ।

कोका नदी, (वराहक्षेत्र) सुनसरी

वराहक्षेत्रमा कोका नदी वहेर आई सप्तकोशीमा मिलेकी छन्। यी अति पवित्र मानिन्छिन्। कोकाको उत्पत्तिवारे वराहपुराणमा यस्तो भनाइ छ : इन्द्रासिद्धाश्रममा भएका देवऋषि सभामा आएका थिए। खड्ग ऋषिको आश्रम पनि त्यही थियो। कोका नामकी कामुक सुन्दरी माइत आउने क्रममा त्यतै आएकी थिइन्। इन्द्र र कोकवीच देखादेख हुँदा मोहित भएर आपसमा रतिक्रीडा गरे। यो खड्ग ऋषिले देखे। पतिलाई छलेर इन्द्रसँग रसवस गर्ने भनी पानी हुनुपरोस् भनी कोकालाई सराप दिए। कोका रुन थालिन्। पछि पानी भए पनि सवैलाई तार्ने पवित्र पानी हुनेछ्यौ भनी सराप सुधारिदिए। तिनै कोका नदीरूपले वहेकी हुन्। यसको महिमा वर्णन वराहक्षेत्रका सन्दर्भमा पनि भएको छ।

कोतकिल्ला, (नारायणगाउँ) दैलेखे

नारायणगाउँमा किल्ला छ। वहादुर शाहको पालामा वाईसे राज्यमाथि विजय प्राप्त गर्न यो किल्ला निर्माण गरिएको मानिन्छ। पत्थरका स्ल्याववाट निर्मित यो किल्ला २० फिट अग्लो र ४।५ सय फिट फराकिलो देखिन्छ। यसको प्रवेशद्वार पनि पत्थरकै छ। यहाँ एउटा कोतघर पनि छ। ऐतिहासिक दृष्टिले मात्र यसको महत्त्व देखिन्छ।

कोटकी कालिकादेवी, (कासुपुरा) काभ्रे

कासपुरा कालापानीको हिमाल डाँडामा पूर्वाभिमुख देवीस्थान छ। यस देवीस्थानमा पूजाआजा गर्न पृथ्वीनारायणले गुठी राखेको पूजा नगरेमा वज्र पर्ने, उत्पात मच्चिने कुरा पनि उल्लेख छ। प्यागोडा शैलीको मन्दिरमा देवीको प्रतीक शिला छ। यहींवाट फूलपाती काठमाडौं लगिने प्रचलन पनि थियो, त्यो अहिले हटेको छ। वडादसैं तथा चैतेदसैंमा वोका, राँगा आदिको वलि दिई पूजा गरिन्छ। तिज र जेठमा क्षमापूजा पनि हुन्छ। तामाङ जातिले जेठ र दसैंमा वोकाको वलि चढाउँछन्। विवाह, व्रतवन्ध आदि शुभकार्य गर्दा देवीस्थानतर्फ फर्काएर वाजा वजाउने गरिन्छ। प्रसिद्ध देवीका रूपमा स्थानीय वासिन्दाको आस्था र विश्वास रहेको छ।

कोटभैरव, बझाङ

कोटभैरव गाउँवाट करिव २५ मिनेट उकालो चढेपछि कोटभैरव पुगिन्छ । दायाँ गोमतीगाड वायाँ ठूलीगाड वगेकी छन् । वीचमा कोटभैरव रहेका छन् । शक्तिसिंहका भाइ जक्तिसिंहले निर्माण गरेको यस कोटलाई थलारा कोट पनि भनिन्छ । चौतारी छ, पीपलको वोट छ, ढुङ्गा र नागले छाताको काम गरेको छ, शालिग्राम, घण्टा, देवता र राक्षसगणका मूर्ति पनि छन् । शिवलिङ्ग, त्रिशूल, हनुमानको मूर्ति, पनि छन् । वटुकभैरवको स्थान छ, आकर्षक मूर्ति पनि छ । काली भगवतीको ढलोटको मूर्ति छ । वटुकभैरवमा नित्यपूजा नभए पनि चैतेदसैं र वडादसैंमा वलिसहित पूजा गरिन्छ । भगवती मन्दिरमा भाकल गर्नेहरू शनिवार र मङ्गलवार भोगवलि चढाई पूजा गर्छन् । यहीं उमा महेश्वरको मूर्ति छ । त्यहीं गणेश र कुमारका साना मूर्ति पनि छन् । यसरी कोटभैरव सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण देवस्थलका रूपमा रहेको छ ।

कोटभैरव, डोटी

दिपायलवाट सिलगढी जाने वाटोमा कोटभैरवको डाँडा छ । यो डाँडामा डोटेली राजाको दरवार र भैरवको मन्दिर पनि भएकाले कोटभैरव नामकरण भएको देखिन्छ । पहाडी शाही वा विष्णुशाही कसको दरवार हो भिन्न मत पाइन्छन् । यो विषय अनुसन्धेय छ । दरवारको भग्नावशेष मात्र छ । राजारानीहरू स्नान गर्न दरवारदेखि घारीगाडसम्म जाने भित्री वाटो थियो रे । हाल सो वन्द छ । कोटभैरवको उत्तरखण्डमा भैरव र कालीको मन्दिर छ । यी मूर्ति र मन्दिरको निर्माण पनि डोटेली राजाले नै गराएका थिए । मूर्तिको प्रकृति हेर्दा मल्ल कालीनजस्ता देखिन्छन् ।

भैरव र कालिकाका मूर्तिहरू निकै कलात्मक र आकर्षक छन् । मूर्तिकलामा सुन्दर नमुनाका रूपमा रहेका छन् । शिवलिङ्ग र घण्टाहरू पनि छन् । भक्तहरूले चढाएका त्रिशूलहरू पनि छन् । नित्यपूजाको व्यवस्था छैन । पर्वपूजा चाहिं दसैंमा भक्तहरू गर्दछन् । भैरव र कालिकाको दर्शन गर्दछन् । एकीकरणपूर्व राजदरवार रहेको महत्त्वपूर्ण स्थलका रूपमा यसको अस्तित्व रहेको प्रमाणित हुन्छ ।

कोटिलिङ्गेश्वर, (पशुपति) काठमाडौं

पशुपतिनाथ मन्दिरको प्राङ्गणको दक्षिणतर्फ छानायुक्त छत्राकार शिवालय छ । यसलाई कोटिलिङ्गेश्वर भनिन्छ । दक्षिणपथको दुवैतर्फ पर्खालका आकारविहीन ससाना शिवलिङ्ग छन् । वीचमा मन्दिर छ । मन्दिरभित्र सादा शिवलिङ्ग छ । आफूले जीवनमा गरेको व्यभिचारी कामको प्राचश्चित्त गर्न वि.सं. १७१२ मा प्रताप मल्लले निर्माण गरेको मानिन्छ ।

दक्षिणतर्फवाट पशुपतिनाथको दर्शन गर्न जाने भक्तहरू कोटिलिङ्गेश्वरको परिक्रमा गरेर जाने गर्दछन्। कोटिलिङ्गेश्वरको पूजा शङ्कराचार्य आगमघरका पुजारी सदानन्द भट्टलाई दिइएको जानकारी मिल्छ।

कोटिला मन्दिर, (सरस्वतीगाउँ) दैलेख

सरस्वती गाउँको एक थुम्कोमा यो मन्दिर छ। सिद्धगङ्गा र छामगाडले चारैतिर घेरी वीचमा टापुजस्तै देखिन्छ। सतीदेवीको कोठार पतन भएकाले कोटिला भनिएको भन्ने जनधारणा छ। पाँचपाण्डव गुप्तवासको शिलशिलामा यहाँ आएको भनिन्छ। धेरै वर्ष अगाडि यस ठाउँको धार्मिक तथा सांस्कृतिक महत्त्व भए पनि मन्दिरको निर्माण चाहिँ १९९८ मा स्वामी ईश्वरनाथ व्रह्मचारीद्वारा भएको हो। प्रचलित नेपाली शैलीमा निर्मित यस मन्दिरभित्र शिवलिङ्ग छ। वाहिर धुनी वाल्ने खाल्डो पनि छ। त्यहाँ वरिपरि आकृतिजस्ता देखिने पत्थर पनि छन्। वैदिक विधिअनुसार यहाँ पूजाको प्रवन्ध छ।

कोटीश्वर महादेव, (कोटेश्वर) ललितपुर

कोटेश्वर कुटीवहालमा हनुमन्ते र मनोहराको दोभानमा हनुतीर्थ छ। स्वरचण्डीवाट आउने कोशगङ्गा र गोदावरीका सङ्गममा कोशतीर्थ छ। मनोहरा र वागमतीका दोमानमा शङ्खमूल नजिक रुद्रधारा तीर्थ छ। यी सवैको वीचमा रहेका यी शिव लोकको कल्याणका लागि प्रकट भएका हुन्। महापापले कुष्ठ रोगले सताएका व्यक्ति व्रह्मपिचाश भई दुःख पाउँदा नारदका उपदेशले उक्त तीर्थमा स्नान र उक्त शिवलिङ्गको दर्शनपूजन गर्दा रोगमुक्त भएको पौराणिक कथन छ। चैत्रशुक्ल ११ मा व्यासादि महर्षि, सप्तर्षि, विभीषण आदि भक्तजनले पनि यस शिवलिङ्गको दर्शन गरेको चर्चा पाइन्छ। यसको प्राचीन नाम मन्दरपर्वत हो। विरूपाक्षले पनि दर्शनपूजन गरेको यो शिवलिङ्ग ६४ शिवलिङ्गमध्ये एक मानिन्छ। यहाँ तिज, शिवरात्रिमा मेला लाग्छ।

कोटीमाई, (सूर्यपुरा) रूपन्देही

सूर्यपुरा गाउँको डोलै शिवमन्दिरदेखि दक्षिणपूर्वतर्फ नजिकै एउटा चउर छ। त्यहीँ कोटीमाई छन् भनेर विश्वास गरिन्छ। यहीँ एउटा कुवा पनि छ। पूर्वाभिमुख एउटा हात्ती पनि छ। यस ठाउँमा प्राचीन सिक्काहरू भेटिन्थे। कहिलेकाँही यस ठाउँमा राति वत्ती वलेको देखिन्छ। देख्नेहरू छन्। त्यस कारण कोटीमाईप्रति जनविश्वास छ। यो पुरातात्त्विक महत्त्वको स्थल भए पनि उपेक्षित रूपमा नै रहेको छ।

कोटुबहिल, (धर्मचक्रमहाबिहार) काठमाडौं

पशुपति क्षेत्रमा रहेको कोटुवहिललाई कुतुवहाल पनि भनिन्छ। यसलाई धर्मचक्र महाविहार पनि भन्ने गरिन्छ। यो वौद्धसाधना स्थल हो। यहाँको पूजाआजा भक्तहरूले गर्दछन्। यहाँका मूलदेवता क्षोम्य हुन्। यहाँ पञ्चध्यानी वुद्ध र अजिय पनि छन्। चोकको वीच भागमा तीनवटा प्रस्तर चैत्य पनि छन्। यी चैत्यमा लिच्छवि शैली छ। चावहिल वनाउँदा वढी भएको सामान प्रयोग गरी कुतुवहाल वनाएको भनिन्छ। यो वहाल पनि प्राचीन महत्त्वको भए पनि जीर्ण अवस्थामा छ।

कोशीनदी, (कौशिकी) पूर्वाञ्चल

नेपालको पूर्वी पहाड तराई कोशी नदीले सिञ्चित गरेको छ। अरुण, तमोर, दुधकोशी, लिखु, तामाकोशी, सुनकोशी, इन्द्रावती सप्तनदीलाई सप्तकोशी भनिन्छ। नेपालकै हिमालयवाट निस्सृत यी नदी भारतको गङ्गा सागरमा मिल्दै महासागरमा विलीन वन्छन्। गोसाइँकुण्ड नजिक पार्वतीले ठूलो तपस्या गरिन्। कुशिक नामका तपस्वीलाई तपस्यापछि पार्वतीले गाई दान गरिन्। पार्वतीले पञ्चाग्नि तापी तपस्या गर्दा पार्वतीका पाउवाट पसिना आई त्यसवाट अनेक नदी उत्पन्न भए। सप्तकोशी कुशिककै नामवाट वन्ने, कोशीकै तीरमा आदिलिङ्ग रहने, कोशीमा स्नान, जप, पूजापाठ गर्दा मुक्ति मिल्ने वरदान पनि पार्वतीले दिइन्। सप्तकोशीमध्ये कुनै नदीमा स्नान गर्दा पनि अश्वमेध यज्ञको फल पाइन्छ भन्ने उल्लेख छ। कोशी नदीहरू पार्वतीकै पसिनावाट उत्पन्न भएका कुरा पुराण हिमवत्खण्डमा वर्णित छ।

कौशिकी (कोशी)

मैत्रेयले पराशरलाई सोधेपछि वृहत् विष्णुपुराणमा कौशिकीको उत्पत्ति विषयमा कथा यस्तो छ : मिथिला राजालाई छोएर सीताजीसँग खेल्दै रमाउँदै वग्ने नदीहरूमा कौशिकी, कमला, गण्डकी, त्रिजुगा, अधोवारा, धुमवती, घोषा, वनघोषा छन्। यीमध्ये कौशिकीले महत्त्व राख्छिन्। कुशका छोरा कौशिक (विश्वामित्र) भए। कौशिककी छोरी मोक्षदायिनी कौशिकी थिइन्। यिनको विवाह ऋचिक् महात्मासँग भएथ्यो। ऋचिक् र कौशिकीवाट तीन पुत्र भए तीमध्ये मध्यम पुत्र शुनशेफलाई यज्ञका निम्ति अम्वरिष राजालाई दिए। यसको पीडाले गल्दै पग्लँदै कौशिकी तपस्विनी वनिन्। नदी भएर वहन थालिन्। सीतासँगै रमाउन र आनन्द लिन थालिन्, संसार केही रहेनछ भन्ने वुझिन्। नदीमा श्रेष्ठ पनि वनिन्। स्नानमात्रले पनि जन्मजन्मका पाप नाश गर्ने क्षमता छ भन्ने वताइएको छ। स्नान, दान, जप, होम, तर्पण, श्राद्ध सवै कर्मका लागि कौशिकी पवित्र छन्।

कौशिकीको पानी मन्त्रेर शृङ्गी ऋषिले परीक्षित राजालाई श्राप दिएको तथ्य यसरी लेखिएको छ :

कौशिक्याय उपस्पृश्य वाग्वज्रं दिससर्ज हः

प्राचीन हरिद्वार सप्तकोशी मिश्रित भएर वहने स्थल वराहक्षेत्रलाई मानिएको छ ।

दत्तं हुतं च कौशिक्यां जप्तं समर्पितं तथा
उपवासं च धर्मं च तत्सर्वमक्षयं स्मृतम् ।

स्कन्दकुमारले अगस्त मुनिलाई भनेका छन् : यहाँ दिएको हवन गरिएको, उपवास तथा धर्म कौशिकी तटमा गरेको सवै अक्षय हुन्छ ।

खड्गदेवी मन्दिर, (बन्दीपुर) तनहुँ

वन्दीपुर वजारमा यो मन्दिर छ। नेपाली शैलीको यस मन्दिरमा राजा मणिमुकुन्दसेनको दरवार पनि छ। उनैका खड्ग पनि राख्ने र खड्गलाई प्रतीकका रूपमा भगवतीको आराधना गरिन्छ। नौरथामा अझ खास गरी फूलपातीका दिन खड्गदेवीको आराधना गर्न मानिस वढी आउँछन् ।

खड्गदेवता, (बेलवास) प्युठान

वेलवास गाउँको देगरे टोलमा यो मन्दिर छ। मन्दिरभित्र थुप्रै खड्गहरू राखिएकाले खड्गदेवता भनिएको हो। यसको निर्माण ३०० वर्ष अगाडि भएको मानिन्छ। यसका दुई कोठा छन्। एक कोठामा पूजा गर्ने र अर्का कोठामा खड्गहरू राख्ने काम गरिन्छ। यसमा छुट्टै मूर्ति नभए पनि कटारी तथा त्रिशूलहरू नै खड्गदेवताका प्रतीकका रूपमा रहेका छन्। वडादसैं र चैते नवमीका दिन वर्षको दुईपटक यहाँ पूजा हुन्छ। त्यसै वेला मेलादर्शन हुन्छ। नित्यपूजा गरिँदैन।

दाखाक्वाडी गाउँमा अर्को खड्गदेवताको मन्दिर छ। भुरेटाकुरे राजाको पालाको भग्नावशेष पनि छ। मन्दिर नभएर आकार मात्र खुला छ। मूर्ति नभएर कटारी मात्र राखिएको छ। यसको गुठी छ। गुठीयारवाट यसको सञ्चालन हुन्छ। वडादसैंमा वेद, रुद्री, चण्डी पाठका अतिरिक्त पूजाआजाको विशेष प्रवन्ध गरिन्छ। भुरेटाकुरे राजाले राखेको गुठी हिनामीना भइसकेकाले वाँकीवाट पूजाआजाको व्यवस्था गरिन्छ।

खप्तड पर्वत, बझाङ

डोटी, अछाम, वाजुरा र वझाङ ४ जिल्लाको वीचमा रहेको महत्त्वपूर्ण स्थल हो खप्तड। अग्ला डाँडाहरूका वीचमा रहेको खप्तड प्राकृतिक, आयुर्वेदिक, धार्मिकजस्ता अनेक दृष्टिले उपयोगी र रमणीय छ।

स्कन्दपुराणमा खेचराद्रि अर्थात् देवता पनि आएर रमाउने, क्रीडा गर्ने क्षेत्र भनी निकै महत्त्व दिई वर्णन गरिएको छ। ताल र मैदान निकै छन्। लेक भएकाले असार, साउन र भदौका दिन यहाँ रमाइला हुन्छन्। अरू दिन हिमाच्छादित हुन्छ। यहाँ पुराना धारा, ओखल, जाँतो आदि वस्तुले सिँजाली राजाकै पालादेखि यसको अस्तित्व प्रभावकारी रूपमा रहेको अनुमान हुन्छ। यहाँ त्रिवेणी मेला लाग्छ। यहाँ पाप चिताउनुहुँदैन, सत्य बोल्नुपर्छ भनिन्छ। त्रिवेणीधार, सहस्रलिङ्गस्थान, खापरभाडौँ आदि धार्मिक स्थल छन्। सहस्रलिङ्गस्थान १२ हजार फिटको उचाइमा छ। यहाँ तीन चुच्चा छन् जसलाई शङ्कर, पार्वती र गणेश मानिन्छ। श्रद्धा गरिन्छ। उपरथी भरतकेशर सिंहले चढाएका मूर्ति पनि छन्। यो स्थल अत्यन्त रमणीय र धार्मिक दृष्टिले पनि महत्त्व राख्तछ। यसलाई अझ उचाइमा पुऱ्याउने काम खप्तड स्वामीले गरे। उनले यहाँ तपस्या गर्दै महत्त्वपूर्ण ग्रन्थहरू लेखेका छन्।

खप्परभाडौँ, (पाटादेवल) बझाङ

पाटादेवल गाउँमा खापरभाडौँ छ। यो भाडौँ सिँजाली राजाले तेह्रौँ शताब्दीमा निर्माण गर्न लगाएका थिए भनिन्छ। भाडौँमा चढाइएका घण्टाहरूमध्ये १८५४ पछिका सालपछिका घण्टा भेटिन्छन्। खप्तडलेकमा लाग्ने यात्रासँग पनि यसको सम्वन्ध छ। खप्तड्का पुरातात्त्विक अवशेष र यहाँका सामग्रीमा मेल खान्छ। भाडौँको पूर्वपट्टिको गाह्रोमा ठाउँठाउँमा प्रस्तरवाट निर्मित देवीदेवताका मूर्तिहरू राखिएका छन्। भाडौँभित्र शिलामूर्ति, शिलालेख, भौँदीको मूर्ति छ भनिन्छ। पर्वपूजामा मात्र यो हेर्न सकिन्छ। एक शिलालेखमा ॐ मणिपद्मे ॐ पनि लेखिएको पाइन्छ। नित्यपूजामा दमाहा पनि वजाइन्छ। गङ्गादशहरा, जनैपूर्णिमा, अनन्त पूर्णिमा, वडादसैं, पुसौती पूर्णिमा र चैतेदसैंमा यहाँ पर्वपूजा हुन्छ। त्यस क्षेत्रको दर्शनीय धार्मिक सांस्कृतिक स्थलका रूपमा यसलाई लिइन्छ।

खप्परदह, बझाङ

खप्तडमा ठूलो दह छ। यसको उत्पत्तिस्थल र निकास दुवै छैन। अधुरो देवल छ, खप्परभाडौँ छ। यहाँ अनन्तपूर्णिमामा ठूलो मेला लाग्छ। स्कन्दपुराणमा खेचराद्रि माहात्म्यमा ५२ ताल ५३ मैदान भएको, देवताले समेत क्रीडा गर्ने क्षेत्र मानिएको छ। ५३ तालमध्ये खप्परदह पनि एक हो कि भन्ने अनुमान सहज छ। यसको महत्त्व उक्त माहात्म्यमा निकै वताइएको छ।

खाँडादेवी, रामेछाप

खाँडादेवी गाउँमा डाँडाको टुप्पोमा यी देवीको स्थान छ। करिव ६०० वर्ष अगाडिदेखि यी देवी यहाँ रहेको जानकारी वूढापाकाहरू दिने गर्छन्। यहाँ मात्र होइन ओखलढुङ्गा, सिन्धुपाल्चोक, दोलखामा पनि यी देवी प्रख्यात छिन्। यहाँका भक्त पनि दर्शनार्थ जाने गर्दछन्। यसवाट प्राचीनता झल्किन्छ। तले शैलीको मन्दिरमा प्राकृतिक शिला छ जसलाई खाँडादेवीका रूपमा पुजिन्छ। यहाँ चढाइएका घण्ट, त्रिशूल निकै छन्। यी पनि देवीकै प्रतीक मानिन्छन्। तामाङ पुजारी छन्। विहान नित्यपूजा हुन्छ। भक्तहरूवाट समयसमयमा वलि पनि चढाइन्छ। वालाचतुर्दशी, चैतेदसैं, वडादसैं आदिमा मेला पनि लाग्छ। यी देवी भक्तहरूको मनोकामना पूर्ण गर्छिन् भन्ने विश्वास स्थानीय वासिन्दामा छ।

खार्पुनाथ, हुम्ला

खार्पुनाथ गाउँमा ताक्लाकोटवाट आएको कर्णालीको सङ्गममा खार्पुनाथ गुफा छ। यो शिवजीको गुफा पनि मानिन्छ। कालीकमली गाईको पाइलाका चिन्ह ढुङ्गामा अङ्कित हुँदा प्रत्येक भक्त व्यक्तिले मनमा चिताएको असल कुरा प्राप्त गर्छ भन्ने जनविश्वास छ। शिवपार्वती यहाँवाट प्रवेश गरी रेलिङ गुम्वामा निस्केको थिए भन्ने जनश्रुति छ। प्राणी र जनावरको हत्या गर्नेले खार्पुनाथको दर्शन गरे प्राचश्चित्त हुन्छ भनिन्छ। यहाँ दुधकुण्ड र अन्य कुण्ड पनि छन्। यहाँ शिवपार्वती, रामजी, शुकदेव, वुद्ध, गणेश, कृष्ण, हनुमान, नारायण, आदिका माटो, शिला र ढलोट आदिका मूर्ति पनि छन्। त्रिशूल र घण्टाहरू पनि देखिन्छन्। दुध, चिनी, फलफूल अर्पण गरी पूजा हुन्छ। खास गुठीको व्यवस्था नभए पनि भक्तहरूको श्रद्धा नै यसको आयस्रोत हो।

खुङ्ग्रीकोट, रोल्पा

खुङ्ग्री गाउँमा यो कोटको उत्तरमा सलिहलहले लेक, दक्षिणमा माण्डवी (मादी) नदी पूर्वमा सुवर्णमती (लुङ्ग्री) खोला। पश्चिममा महिन्द्रगाउँ पर्दछन्। त्रिपुरेश्वरीदेवी स्थानवाट एक घण्टाको उकालो चढेपछि टुप्पोमा यो कोट छ। कोट पुग्नुभन्दा केही तल खुङ्ग्रीकोटे राजाका वंशजहरूको वस्ती छ। यो १६ औं शताव्दीतिर निर्माण गरिएको हो। वाईसेचौवीसे राज्यकै सुरक्षार्थ उनीहरूले वनाएको कोट हो भन्ने देखिन्छ। खुङ्ग्रीकोटमा राजाले युद्ध नगरी आत्मसमर्पण गरेकाले नेपालवाट उनका सन्तानले भत्तासुविद्या पाएका छन्। फत्तेप्रसण्ड सेन भत्ता लिँदै छन्। यहाँ वराहमन्दिर छ, महिषमर्दिनी भगवतीको प्रस्तरमूर्ति छ। चैतेदसैं, वडादसैंमा वलिसहित पूजा हुन्छ।

गङ्गासागर. (जनकपुरधाम) धनुषा

जनकपुरमा अवस्थित गङ्गासागरको दर्शन, स्नान स्पर्श अत्युत्तम र मुक्तिदायक मानिएको छ। यो सागर राममन्दिरको पूर्ववपट्टि छ । सत्य युगमा निमिलाई वसिष्ठको श्राप परेपछि राजाविहीन क्षेत्र वन्यो। जम्मा भएका ऋषिहरूले निमिको शरीर मथेर राजा निकाल्ने विचार गरे तर व्रह्मश्रापले दूषित शरीर कसरी छुने ? कोही पनि अघि सरेन र भगवान् विष्णुलाई सम्झे। भगवान् विष्णु त्यहीँ आइपुग्नुभयो। गङ्गाजीको आवाहन भयो। गङ्गादि पावन तीर्थ त्यहीँ आए। जुन जलले निमिको शरीरलाई स्नान गरेपछि पवित्र भयो र मथेर मिथि राजा जन्मे, जसले तयार पारेको राज्य मिथिला भयो त्यसै वेला आएकी गङ्गा नै गङ्गासागर हुन्। तलाउका रूपमा यहाँ छन्। अत्यन्त पवित्र छन् भन्ने कुरा वृहत् विष्णुपुराणमा उल्लेख छ। दशहरा, एकादशी, पूर्णिमा, रामनवमी, विवाहपञ्चमीजस्ता पर्वमा गङ्गासागरको स्नान अत्युत्तम माानिन्छ। गङ्गासागरकै जलले रामजानकीलाई पनि स्नान गराइन्छ। अनेक जन्मको पाप स्पर्श मात्रले पनि नाश हुन्छ भनिएको छ।

गङ्गाजमुनाझर्ना. (फूलखर्क) धादिङ

फुलखर्क गाउँमा गङ्गाजमुना झर्ना पर्दछ। यो पहराको खोचमा छ। यसको अर्को नाम सुन्दरदह हो। हरिशयनी र हरिवोधनी दुई ठूला एकादशीमा यहाँ मेला लाग्छ। एकादशीका दिन गङ्गाजमुना झर्नावाट वनेको सुन्दरदहमा स्नान गर्नाले विष्णुलोक, शिवलोक प्राप्त हुन्छ भन्ने जनविश्वास छ। रोगमुक्त हुने र रोग नलाग्ने हुन्छ भन्ने परम्परागत विश्वासले भक्तहरू यहाँ आएर स्नान गरी फर्कन्छन्। यहाँ नित्यपूजा तथा अन्य पूजाको प्रवन्ध छैन। केवल दुई एकादशीमा मेलाको व्यवस्था गरिन्छ।

गजग्राहक्षेत्र. (त्रिवेणी) नवलपरासी

नारायणीको त्रिवेणीधामनजिकै विष्णुभक्त हात्तीलाई ग्राहले अँठ्याएको थियो। भगवान् विष्णु प्रसन्न भई हात्तीलाई मुक्ति दिनुभएको प्रसङ्ग पुराणादिमा पाइन्छ। हात्तीले गरेको विष्णुस्तुति गजेन्द्रमोक्ष नामले चर्चित छ। मानिस मर्ने वेलामा पनि यसको पाठ गरी मुक्तिको कामना गर्ने चलन छ। वराहपुराणमा स्पष्ट भनिएको छ।

गण्डक्यामेव सञ्जातो ग्राहपूर्वमिति द्विजः।
त्रिवेणी क्षेत्रमध्येतु जयोमुद्वे महान् गजः। (१४२ अध्याय)

पूर्वजन्मको तारतम्यले गोही र हात्ती यस क्षेत्रमा रहन पुगे। परिस्थितिले गोहीले अँठ्याउने र हात्तीले विष्णु सम्झने गर्दा मुक्त भएको पाइन्छ। जहाँ हात्ती त मुक्त भयो भने यस्तो पावन स्थलमा ज्ञान, विवेक र असल चिन्तनले स्नान, दान र जप गर्दा मुक्त नहुने प्रश्न नै उठ्तैन।

गजुरमुखीधाम, इलाम

मेची अञ्चलको इलाममा देउमाई र फेवाखोलाको दोभानदेखि तीनसय मिटर उत्तरपश्चिममा सदरमुकामदेखि २१ किलोमिटर पश्चिममा यो धाम रहेको छ। गजुरमुखी गा.वि.स. ५ नं. वडाको तोमाङगाउँको फेदीको थुम्कादेखि केही तल पहरामा ढुङ्गाको गुफा छ। करिव ७ मिटर लामो गुफाभित्र मूर्ति आकारका शिला छन्। यिनै शिला गजुरमुखीदेवीका प्रतिकृति मानिन्छन्। वराहक्षेत्र र कामाक्षादेवीकी वहिनीका रूपमा गजुरमुखीलाई मान्ने गरिएको छ। त्रिशूल, दियो, तीर, ध्वजापताका यहाँ छन्। भक्तहरूले अर्पण गरेका हुन्। थुम्कामा शिवमन्दिर छ। वरिपरि जलदेवी, गणेश, सिंहदेवी, संसारीदेवी, माईस्थान, महारानी धन्वन्तरी, शिवपार्वती, विष्णुलक्ष्मी, मनस्खण्डी आदिका मूर्ति पनि छन्। यी जनविश्वासअनुसार पछि स्थापना गरिएका हुन सक्छन्। यी सवैको आआफ्नै विशेषता रहेको धारणा स्थानीय वासिन्दाको छ। कार्तिकशुक्ल पूर्णिमामा र फागुनकृष्ण चतुर्दशीमा पनि यहाँ मेला लाग्छ। मेलामा १५र२० कोस टाढादेखि भक्तहरू आउँछन्। सप्ताह, नवाहका अतिरिक्त पूजापाठ पनि गर्छन्।

यहाँ आएर भाकल गरे, प्रार्थना र दर्शन गरे लाटो वालक वोल्ने, सन्तान नहुनेले सन्तान जन्माउन सक्ने, रोगीको रोग हरण हुने जनविश्वास छ। प्रत्यक्ष अनुभव गर्ने वूढापाका पनि छन्। मेला भर्न, धामीझाँक्री, गीताङ्गे, मारुनी, मादले पनि आउँछन्। अनेक जातीय भाषामा आफ्नै किसिमले जुआरी खेल्दै देवीलाई प्रसन्न वनाउने चलन छ।

गजुलकोट, रोल्पा

गजुलकोट गाउँमा रहेको यो कोट ऐतिहासिक महत्त्वको छ। रिपुकोट, इसुरकोट, जवरेधुरी र तितेपोखराको वीचमा डाँडाको शिखरमा यो कोट छ। वाईसीचौवीसी राज्यकै एक कोटका रूपमा यसको अस्तित्व छ। शाके १७०५ को ताम्रपत्रले पनि यस भनाइमा पुष्टि मिल्छ। गजुलकोटका राजा गजिन्द्रपाललाई गोर्खाली फौजले मारेको कुरा वंशावलीवाट थाहा पाइन्छ। कोट सामरिक सुरक्षाका दृष्टिले मजवुत वनाइएको छ। दुर्गाका अतिरिक्त खुंडाखुकुरी, तरवार, ढाल, छुरी आदि पनि छन्। दसैंमा वलिसहित पूजा गर्ने चलन छ। यहाँवाट लिवाङ

सदरमुकाममा फूलपाती लैजाने चलन छ। चैतेदसैंमा पनि वलिसहित पूजा हुन्छ। त्यस भेगको प्रसिद्ध कोट मानिन्छ।

गढीमाई, (बरियारपुर) बारा

वारा जिल्लाको वरियारपुर वडा नं. २ मा लाग्ने अन्तराष्ट्रिय मेला प्रत्येक पाँच वर्षमा लाग्छ। नेपालमा मात्र होइन भारतको उत्तरप्रदेश र विहारका यात्रीहरूको घुइँचो यहाँ हुन्छ। धार्मिक, सांस्कृतिक र आर्थिक दृष्टिले पनि यस मेलाको महत्त्व छ।

कलैया वजारवाट पाँच किलोमिटर पूर्वमा १० विघा क्षेत्रमा गढीमाई अवस्थित छिन्। पानी पिउन ठूलो पोखरी छ, व्रह्मस्थान छ, पसाहा नदी पार गरेपछि गढीक्षेत्र प्रारम्भ हुन्छ। यस मेलामा भाकल र कामना गरी राँगा, वोका, सुँगुर, परेवाजस्ता पशुपछीको वलि चढाइन्छ। माईको त्यस्तो भव्य मन्दिर छैन। देवीको मूर्ति नारायणको जस्तै छ। मूर्ति सानो र सामान्य भए पनि श्रद्धालुहरूको भिड ठूलो छ। पशुवलिले त्यो क्षेत्र रक्ताम्य भए पनि त्यहाँ झिँगा देखिँदैन। यो गढीमाईको प्रभाव हो भन्ने भक्तहरू अनुभव गर्छन्। मकवानपुर गढीमा यहाँका एक थारु कैदमा थिए। उनलाई माईले सपनामा भनिछन् : मलाई यहाँवाट कतै लैजाऊ र थापना गर, म यहाँ वस्तिनँ। थारुले म आफैं जेलमा छु कसरी लाने ? भनेछन्। माईले त्यसको पिर नगर भनिछन्। नभन्दै राती उनी जेलमुक्त भए र माईको मूर्ति वोकेर रातदिन गर्दै ती चौधरी थरका थारु हालको मेलास्थल पुगेर माईको स्थापना गरे। तिनै चौधरी थरका थारु नै वंशगत पूजारी आजसम्म पनि छन्। राजा हरिसिंहदेव सिमरौनगढवाट भक्तपुर आउन लाग्दा तुलजा भवानी लिएर आउँदा यहाँ वास वसेथे रे र भगवतीको एक अंश यहाँ रहचो भन्ने पनि जनश्रुति छ। त्यसभन्दा पनि राजा शिवसिंहका पालामा सिमरौनगढ १४ कोस क्षेत्रमा फैलिएको थियो।

रस्सा गुरुले देवीलाई प्रसन्न पारी वाघहरू समातेर दाईं गर्थे रे तिनैले देवीलाई वलि नचढाएमा सिमरौनगढ ढुङ्गामा परिणत हुन्छ भन्थे रे। त्यसै वेला मनसावावा नामका तान्त्रिक साधुले देवीलाई वलि नलिन आग्रह गरेपछि देवीले त्यो स्वीकार गरिन् र सिमरौनगढ वलिमुक्त क्षेत्र घोषित भयो। तर कालान्तरमा देवीका लागि वलिस्थल वरियार पुर वन्यो। देवी वरियारपुरमा चौधरीद्वारा स्थापित भइन्। देवीसँग चौधरीले वर माग्यो : मेरा नाउँमा अर्पित खाने कुरा म जहाँ भए पनि पाऊँ, देवीले तथास्तु भनिन्। तर एकदिन वुहारीले तातो दुध ससुरा चौधरीलाई अर्पित गरिछन्। त्यस दुधले चौधरीको मुखै पोलेछ। त्यसपछि चौधरी भगवतीकै चरणमा अर्पित भएछ। गढीमाईको पाँच वर्षको पूजा एकैपटक विधिपूर्वक हुन्छ। माई जागेपछि वत्ती आफैं वल्छ। सेतो मुसो कतैवाट त्यहीं आइपुग्ने

गर्थ्यो। हिजोआज यताउतावाट सेतो मुसो खोजेर ल्याइन्छ। कुभिन्डो र मुसाको वलि चढाइन्छ। पाठो, सुँगुर, राँगाको वलि चढाएपछि अरू भक्तहरूलाई इच्छानुसार वलि अर्पण गर्न अनुरोध हुन्छ। तत्काल वलि अर्पण गर्न नसक्नेहरूले मकरसङ्क्रान्ति वा फागुपूर्णिमामा पनि वलि दिन सकिन्छ। त्यस क्षेत्रमा गढीमाईको मेला नसकी छोरी विदाई गरिँदैन। यो एउटा कुम्भमेलाजस्तै वृहत् मेला हो। लाखौं मानिस आउने र हजारौं पशुवलि दिई आफ्नो चाहना पूरा गर्न भक्तहरू जुट्ने गढीमाई प्रसिद्ध छन्।

गढीमाईमन्दिर, (फिदिम) पाँचथर

फिदिम वजारवाट १ किलोमिटर उत्तर डाँडाको टुप्पोमा गढीमाई रहेकी छन्। यो स्थल धार्मिक दृष्टिले मात्र होइन ऐतिहासिक दृष्टिले पनि महत्त्व राख्तछ। वीचमा गढीमाईका प्रतीक शिला छन्। त्यसैमा पूजा हुन्छ। कहिलेदेखि, कसरी स्थापना भयो अभिलेख छैन तापनि गढीमाईको अस्तित्व निकै पुरानो हो भन्न सकिने आधारहरू छन्। यसलाई लिम्वु जातिको ऐतिहासिक तथा सांस्कृतिक स्थलको रूपमा वूढापाकाहरू लिन्छन्। भारतवाट नेपाल आउने अनेक जातिमध्ये लिम्वु जाति तमोर नदीको तीरैतीर यहाँ आएर वसोवास गर्न थालेको श्रुतिपरम्परा छ। लिम्वु भाषामा यसलाई फेदेन, भनिन्छ। फेदेनवाटै फिदिम वन्न गएको हो। फेदेनको अर्थ हुन्छ फिँजिएको समथर भूमि। नेपालका पुराना गढीमध्ये यो पनि एक हो। यहाँ आएर लिम्वु पूर्वपुरुषहरूले भूमिमाताको शक्ति उपासना गरी क्षेत्रविस्तारमा लागे। तीनवटा चुच्चे ढुङ्गालाई शक्तिको प्रतीक माने। विजय पनि गर्दै गए। विजय गरी फर्केर पाँच भाइले तीन आँप रोपे। एकै प्रकारका आँप फले एकआपसमा विहा नगर्ने फरक फले गर्ने सर्त थियो। आँप फरकफरक फलेकाले एकआपसमा विहावारी चल्ने परम्परा कायम भयो भन्ने जनश्रुति छ। जेहोस् लिम्वु जातिको प्राचीन वस्ती हो। उनीहरू पनि शक्ति उपासक थिए। फिदिम पछि यासोक दोस्रो गढी हो। यस्ता गढीमा लिम्वुहरूको इतिहास र संस्कृति लुकेको छ।

गढीडाँडा, तेह्रथुम

सदरमुकामदेखि एककोस उत्तर गढीडाँडा छ। चारैतिर अग्लिँदै गएको डाँडाको टुप्पोमा गढी छ। २ रोपनी जग्गामा पर्खाल र छाना पनि छ। यस गढीको निर्माण कसले, कहिले भयो ? यसै भन्न नसकिए पनि विशाल नेपालको एकीकरण अगाडि यसको निर्माण भएको कुरा चाहिँ निर्विवाद छ। चारैतिर देखिने शत्रुको आक्रमणलाई परास्त गर्न सकिने दृष्टिले यसको महत्त्व छ।

गणेशस्थान, (बनेपा) काभ्रे

वनेपा नगरको पुछार लायकुटोलमा गणेशस्थान छ। यहाँ शिलाको गणेश मूर्ति छ। प्राचीन अस्तित्व भए पनि मन्दिर चाहिँ पुरानो जगमा नयाँ वनाइएको छ। यही मल्लकालीन १ पोखरी पनि छ। यहाँ भक्तहरू श्रद्धापूर्वक दर्शन तथा पूजा गर्छन्। यसको गुठी छैन।

कोवागणेश : गणेशकै नामवाट कोवाटोल रहेको छ। वनेपा नगरका ८ नं.वडामा यी गणेश छन्। यो मन्दिर करिव १०० वर्ष पुरानो देखिन्छ। दायाँवायाँ प्रस्तरका सिंह पनि छन्। मन्दिरको वीचमा साङ्केतिक गणेश मूर्ति छ। ३ अन्य प्राकृतिक शिला छन्। अनेक देवदेवीको रूपमा पूजा गर्छन्। गुठी व्यवस्था नभएं पनि भक्तहरू स्वेच्छापूर्वक पूजा गर्छन्।

गणेशकुमार : वनेपाको कोलाटोलमा (गने द्यौ) को मन्दिर छ। शिलालेख भए पनि पढ्न सकिने स्थितिमा नरहेकाले समय किटान गर्न सकिँदैन। साधारण मन्दिरमा चारहात भएको गणेश मूर्ति छ। खोपामा शिर नभएको नारी मूर्ति पनि देखिन्छ। पूर्वतर्फ सानोपोखरी छ। गुठी नभएकाले भक्तहरूकै आधारमा सञ्चालित छ।

टुकुम्प गणेश : वनेपाको इनावहालमा गणेशमन्दिर छ। यी गणेशको झन्डै डेढ सय वर्षदेखि जात्रा चल्दै आएको छ। जात्राका लागि सामान्य गुठीको व्यवस्था छ।

धौगाल गणेश : वनेपाको वडा २ मा गणेशमन्दिर छ। मन्दिरमा प्रस्तरको चारहाते गणेश छन्। वाहिरपट्टि दुई सिंह छन्। नित्यपूजा त भक्तहरू गर्छन्। गुठी भने रहेको देखिँदैन।

गणेशस्थान, (चैनपुर) सङ्खुवासभा

चैनपुर गाउँमा अवस्थित यस मन्दिरमा गणेशको मूर्ति छ। झन्डै डेढसय वर्ष अगाडि अगम्वर सिंहले स्थापना गरेको मानिन्छ। यहाँ धातुको सिंहासन पनि छ। नित्यपूजा भक्तवाट हुन्छ।

गणेशस्थान, (इटेगाउँ) काभ्रे

शङ्खुको इटेगाउँमा करिव डेढसय वर्ष पुरानो गणेश स्थान छ। पूर्वाभिमुख गणेश स्थान खुला छ। स्थानमा गणेशको शिलामूर्ति छ। यहीँ अर्को भैरवमूर्ति पनि छ। प्रस्तरका अन्य साङ्केतिक देवता पनि छन्। यही शिलाको वुद्धमूर्ति पनि छ। गणेशस्थान पूर्व शङ्खु नयाँपाटीमा गणेश र भीमसेनका शिलामूर्ति छन्। यस्ता मूर्तिहरूमा सामान्य पूजा हुन्छ। गुठीको व्यवस्था छैन। भक्तहरूकै आस्थावाट श्रद्धार्पण गरिन्छ।

गणेशस्थान, (चतुराले) नुवाकोट

चतुराले गाउँमा १६ औं शताव्दीतिरै स्थापित गणेशस्थान छ। त्यतावाट काठमाडौंतिर पशु ल्याउँदा यहाँ जगात लिने गरिन्थ्यो। त्यस कारण जगातगणेश पनि भन्ने गरिन्छ। चारैतिर ढुङ्गाको पर्खाल लगाइएको मन्दिर छ। १८८८ सालमा आले परिवारले गुठी राखेको विहोरा शिलापत्रमा छ। गणेश मूर्तिसँगै भीमसेनको मूर्ति पनि छ। यहीं एकमुखे शिवलिङ्ग पनि छ। केही तल साउनेपानी शिवालय पनि छ। मुख्य शिवलिङ्ग चोरिए पनि ससाना चार शिवलिङ्ग छन्। यहाँ आरती तथा पूजा गरिन्छ। सामान्य गुठी पनि छ।

गणेशमन्दिर, (भिग्री) प्युठान

❖ भिग्री गाउँमा देवीमन्दिरसँगै अर्को मन्दिर छ जसमा गणेश र भीमसेनका मूर्ति राखिएका छन्। यहाँ घण्टा पनि छन्। यिनको प्राचीनता वारे खास प्रमाण पाइँदैन। स्थानीय भक्तहरूद्वारा पर्वपर्वमा यथोचित पूजा गरिन्छ।

❖ खलङ्गा गाउँको गणेशटोलमा वि.सं.१९४४ मा सामुहिक प्रयासवाट गणेशमन्दिर निर्माण गरिएको देखिन्छ। प्यागोडा शैलीमा निर्मित यस मन्दिरमा गणेशको मूर्ति राखिएको छ। शनिवार, मङ्गलवार साविक पूजाका अतिरिक्त वलि पनि अर्पण गरिन्छ। वडादसैं, चैतेदसैं, जनैपूर्णिमा र त्यसपछिको गणेशचौथीमा जात्रा तथा विशेष पूजा पनि गरिन्छ। यसमा सय वर्ष अगाडिका घण्टा पनि पाइन्छन्। यहाँ काली, द्वारपालका मूर्ति पनि छन्। यसको आफ्नै गुठी पनि छ। जसवाट नियमित पूजा तथा पर्वपूजाको प्रवन्ध गरिएको छ। खलङ्गाका आराध्यदेवका रूपमा यी गणेशको महत्त्वपूर्ण स्थान छ।

गणेशमन्दिर, (दीपागढ) रूपन्देही

दिपागढ गाउँमा पर्खालैपर्खालले घेरेको ठाउँमा प्रस्तरकै मन्दिर छ। चारपेटीमाथि गणेशको मूर्ति राखिएको छ। शिखर शैलीको मन्दिरमा गजुर पनि छ। गणेश पलेटी कसेर वसेका छन्। गणेशको मूर्ति आकर्षक छ। मन्दिरमा नित्यपूजा हुन्छ। मन्दिर निजी भए पनि पूजालाई सवैका लागि खुला छ। १९७० सालमा चढाइएको घण्टा देखिन्छ। मन्दिरको दक्षिणमा लड्डु खाइरहेको प्रस्तरको मुसो छ। यहीं शिवलिङ्ग र सिंहारूढ भगवतीको मूर्ति पनि छ। मङ्गलवार दर्शनार्थी अलि वढी आउने गर्दछन्।

गणेशस्थान, (नवलपुर) सिन्धुपाल्चोक

नवलपुर वजारमा गणेश छन्। तीन वाटोमा रहेको गणेशको मूर्तिको लम्वाइ १ मिटर छ। मन्दिर सामान्य छ। गणेशका भक्तहरू दर्शन गर्छन्। नित्यपूजाको खास व्यवस्था छैन।

गणेशमन्दिर, (झागाझोली) सिन्धुली

झाँगाझोली रातमाटा गाउँमा गणेशको मन्दिर छ। यसको अस्तित्व ३५० वर्षभन्दा अघिदेखि रहेको मानिन्छ। १९७५ सालदेखि चढाइएका घण्टा चाहिँ फेला पर्छन्। १९०५ सालदेखि पुजारीको वन्दोवस्त भएको तथ्य पनि लेखोटवाट खुल्छ। ठूलो वरको रूख मुनि गणेशस्थान छ। त्यस्तो उल्लेखनीय मन्दिर छैन। वरको रूखको फेदमा प्राकृतिक शिला छ, जसलाई गणेश मानेर पूजा गरिन्छ। शनिवार र मङ्गलवार दर्शनार्थी वढी आउँछन्। विघ्नहर्ता आराध्यदेवका रूपमा यी गणेशलाई धेरै मान्दछन्।

गणेश र भैरव मन्दिर, (रूरू) गुल्मी

गुल्मीको रुरु गाउँमा झन्डै डेढसय वर्ष पुरानो मन्दिर छ। रिडी क्षेत्रका मन्दिरमध्ये यो पनि पुरानो मन्दिर भएकाले यसको महत्त्व छ। हिन्दू तथा वौद्धहरूमा पनि गणेश तथा भैरवको पूजा गर्ने परम्परा प्राचीन मानिन्छ। रिडी खोलाको तीरमा रहेको प्राचीन मन्दिर खोलाले वगाएकाले त्यहाँवाट यस ठाउँमा सारिएको भनिन्छ। दुई मन्दिर एकै ठाउँमा जोडिएका छन्, पूर्वपट्टि भैरव र पश्चिमपट्टि गणेशको स्थापना गुम्वज शैलीको मन्दिरमा गरिएको छ। धातुको तोरणमुनि काँस निर्मित भैरवको शिर छ। भैरवमूर्ति अगाडि समगङ्गासनमा उभिएको नारीमूर्ति पनि छ। नारीमूर्ति पनि काँसको नै छ।

गणेशको शिर पनि काँसकै तोरणमुनि छ। तोरणवाहिर चारहाते गणेशमूर्ति कमलासनमा छ। गणेशमूर्ति अगाडि हातमा पाला लिएर घुँडा टेकेर रहेको नारीमूर्ति पनि छ। १९२२ सालको घण्ट छ। श्रेष्ठ पूजारीद्वारा पूजा गरिन्छ। प्रत्येक वर्ष गणेशचौथीका दिन विशेष पूजा हुन्छ। गणेशजात्रा पनि हुन्छ।

गणेशमन्दिर, (श्रीनगर) पाल्पा

पाल्पाको श्रीनगर डाँडामा गणेशमन्दिर छ। त्यसैले श्रीनगर गणेश पनि भन्छन्। झन्डै २०० वर्ष अगाडि यहाँ गणेशको एक शिलामूर्ति पाइयो र यहीँ स्थापना गरेर पूजाआजा गर्ने प्रचलन कायम भयो। टक्सारगणेशवाट आगोको ज्वालाजस्तै ज्योति आएर प्रवेश गरेको भन्ने

जनश्रुति छ। सुरुमा सामान्य शिला भए पनि गणेशको आकार देखिँदै र मूर्ति वढ्दै गएको पनि जनविश्वास छ। गुम्वज आकारको मन्दिर छ। यहाँका प्रसिद्ध देवस्थलमध्ये यो एक हो। स्वयं उत्पत्ति भएको मानिने सूर्यविनायक मूर्ति भित्र छ। खोपाहरूमा अन्य ससाना मूर्ति पनि छन्। श्रीनगर सिद्धिविनायक व्यवस्था समिति गठन भएको छ, जसले नित्यपूजा र अन्य व्यवस्था गर्दै आएको छ।

गणेशस्थान, (साँघुबजार) नुवाकोट

करुणामय मत्स्येन्द्रनाथ मन्दिर त्रिशूलीकै १०० मिटर पश्चिमपट्टि साँघु वजारको पुछारमा देवस्थल छ जहाँ गणेशको शिर मात्र भएको मूर्ति छ। शिलालेख भए पनि वुभ्न सकिने अवस्थामा छैन। गणेशमूर्तिमा सुवर्ण लेपन भएकाले मल्लकालीन प्रतीत हुन्छ। गुम्वजशैलीको मन्दिरभित्र यो मूर्ति छ। मन्दिर भत्किएकाले सिमेन्टको पिल्लर दिई जस्ताले छाइएको छ। गणेशकै नामवाट गणेशस्थान टोल रहेको छ। यहाँका मुख्य गणेशको रूपमा यहाँका वासिन्दा भक्तिभाव प्रकट गर्दछन्।

गणेशमन्दिर, (टिस्टुङ) मकवानपुर

टिस्टुङको कुन्छालमा रहेको गणेशमन्दिर झन्डै ३५० वर्ष पुरानो मानिन्छ। ने.सं. ८५८ को ताम्रपत्रले पुष्टि गर्दछ। प्यागोडा शैलीमा निर्मित यसमा प्राकृतिक शिला छ। त्यसैलाई गणेश मानिन्छ। प्रत्येक ग्वालाका घरवाट एकएक वोका ल्याई वडादसैंमा वलि चढाइन्छ। शनिवार, मङ्गलवार विशेष पूजा हुन्छ।

दामनको पालुङ शिखरकोटमा पनि गणेशमन्दिर छ। १८५२ सालमा गजराजकी सत्यभामा नामकी श्रीमतीले तूणिर नामका गणेश वनाई स्थापना गरेकी हुन् भन्ने शिलापत्र देखिन्छ। प्यागोडा शैलीमा निर्मित यस मन्दिरमा पत्थरको गणेशमूर्ति छ। घण्टाहरू पनि छन्। नित्यपूजा नभए पनि श्रद्धालु भक्तहरूवाट पूजा हुन्छ। वडादसैंमा वलिसहित विशेष पूजा पनि भक्तहरू गर्ने गर्दछन्।

टिस्टुङको पाल्चोक खोन दोभानको किनारमा गणेशमन्दिर छ। अढाई सय वर्ष पुरानो मानिन्छ। प्यागोडा शैलीको यस मन्दिरभित्र प्राकृतिक शिला छ, जसलाई गणेश मानी पूजा गरिन्छ। गुठी छैन। नित्यपूजाको पनि प्रवन्ध छैन। शनिवार, मङ्गलवार, वडादसैंमा वलि चढाई भक्तहरू आआफ्नो भक्तिभाव अर्पण गर्दछन्। यसका आसपास अन्य मूर्तिहरू पनि देखिन्छन्।

टिस्टुङ गाउँको वज्रवाराहीमा गणेशको मन्दिर छ। झन्डै २०० वर्ष अगाडिको यो मन्दिर १५/२० वर्षअघि जीर्णोद्धार भएको देखिन्छ। प्यागोडा शैलीको यस मन्दिरमा गणेशको वसेको पत्थरको मूर्ति छ। शनिवार, मङ्गलवार गाउँका श्रद्धालु भक्त आई दर्शन गर्छन्। नित्यपूजाको प्रवन्ध छैन।

गणेशमन्दिर, (टक्सार) पाल्पा

तानसेनको टक्सारमा गणेशस्थान छ। १९४१ वि.सं.मा घण्ट चढाइएको प्रमाण भेटिए पनि यसको उत्पत्ति समय पत्ता लाग्ने प्रमाण छैन। तले शैलीको मन्दिर छ, मन्दिरभित्र तले शैलीको शिलामूर्ति छ, जसलाई सूर्यविनायक भनिन्छ। धातुमूर्ति पनि छ। यहाँ नित्यपूजाको व्यवस्था छ। प्रत्येक वर्ष अक्षयतृतीयामा विशेष पूजा र भजन गरिन्छ। गणेशचौथीमा मेला पनि लाग्छ। विघ्नहर्ताका रूपमा स्थानीय भक्तहरू गणेशको दर्शन र प्रार्थना गर्दछन्।

गणेशमन्दिर, (पोखरा) कास्की

पोखरामा गणेशकै नामवाट गणेशटोल वनेको छ। वूढापाकाका अनुसार धेरै अगाडिदेखि नै यहाँ गणेशमन्दिर रहेको छ। मन्दिर हेर्दा डेढ दुई सय वर्ष अगाडिकै देखा पर्छ। यहाँको घण्टा १८९४ मा चढाएको देखिन्छ। सानो ढुङ्गाको मूर्ति हेर्दा त्यसभन्दा पनि पुरानो प्रतीत हुन्छ। १२×१२ फिट चतुष्कोणाकारको यस मन्दिरको उचाइ १८ फिटको छ। नेपाली तले शैलीको यस मन्दिरको गजुरमा सुनको मोलम्वा छ। इँटा र चुनको जोडाइवाट मन्दिर निर्मित देखिन्छ। धातुको अभिएको गणेशको मूर्ति र साथै सानो शिलाको गणेशमूर्ति पनि छ। अर्को गाडिएको पत्थर पनि छ जसलाई गणेशकै प्रतीक मानिन्छ। स्थानीय वासिन्दाका अनुसार सुरुमा पत्थरमूर्तिलाई, त्यपछि शिलामूर्तिलाई र अहिले धातुमूर्तिलाई गणेशको रूपमा पूजा गरिँदै आएको छ। प्रत्येक मङ्गलवार र शनिवार गणेशको पूजा विशेष रूपमा हुन्छ। हाँस कुखुराको वलि चढाउने पनि चलन छ। स्थानीय विघ्ननाशक परमेश्वरका रूपमा स्थानीय वासिन्दा भक्तिभाव प्रकट गर्दछन्।

गणेशबाबा, (राजापुर) बर्दिया

राजापुर वजारदेखि केही दक्षिणमा यो मन्दिर छ। पिपलको जरामा गणेशको टाउकाको आकार देखेर गणेशवावा भन्ने गरिएको छ। कसैले हलियावावा पनि भन्छन्। ७० वर्षदेखि पुज्दै आएका छन्। नयाँ मन्दिर पनि वनाइएको छ। मन्दिर गुम्वज शैलीको छ। यहाँ रामसीताको मूर्ति पनि छ। श्रीपञ्चमीका दिन पर्वपूजा हुन्छ। नित्यपूजाको प्रवन्ध पनि छ।

गणेश र हनुमान, (चतरा) सुनसरी

चतरामठकै क्षेत्रमा पुरानो मन्दिर छ। जसमा अनेक मूर्ति छन्। मुख्य मूर्तिहरूमा गणेश र हनुमानका मूर्ति रहेका छन्। प्यागोडा शैलीको यो मन्दिरको आफ्नै किसिमको महत्त्व छ। विष्णुपादुका छ। गणेशका मूर्तिहरू पनि ६ वटा छन्। १९८९ मा नर शमशेरले चढाएको एउटा घण्टा पनि छ। अरू ऐतिहासिक तथ्यहरू केही देखिँदैन। टुटेफुटेका अनेक मूर्तिहरू रहेकाले मूर्ति भण्डार जस्तै देखिन्छ।

गणेश (सेतो), (कमलादी) काठमाडौँ

कमलादीमा खेतैखेत थियो। किसानहरू खेती गर्थे। खेतका वीचमा श्वेत वर्णको गणेशआकारको मूर्ति फेला पऱ्यो। किसानहरू गणेशभगवान् ठानी पूजाअर्चना गर्दै गए। कालान्तरमा यी गणेश त काठमाडौँ सहरमा मुख्यमुख्य प्रचण्डपीठका विनायक रहेछन् भन्ने थाहा भयो। यसरी जनमानसमा श्रद्धा र आस्था वढ्दै गयो। भक्तहरू प्रत्येक मङ्गलवार दर्शनार्थ भिड लाग्न थाल्यो। जनविश्वास पनि वढ्दै गयो। राजा पृथ्वीवीरविक्रमले पनि पुत्रकामनाले यिनै गणेशको उपासना गरेको र त्रिभुवन राजाको जन्म भएको जानकारी मिल्छ। राजा राजेन्द्र, नरसिंह, गजेन्द्र सिंह, भाजुवीर सिंह आदिले मन्दिर र परिसरको निर्माण गर्दै गए। कमलादीमा अवस्थित गणनायकको दर्शन भक्तहरू गर्दै आएका छन् र गर्दै जानेछन् पनि।

गण्डकी नदी, पश्चिमाञ्चल

गण्डकीमा पनि सप्तगण्डकी मिश्रित छ। वूढीगण्डकी, कालीगण्डकी, त्रिशूली, दरौँदी, मर्स्याङ्दी, मादी र सेती मिलेर नारायणी वन्दछ। यी नदी पश्चिम पहाड र तराईलाई सिञ्चित गर्दै प्रवाहित छन्। तपस्यारत पार्वतीका गालावाट पसिना खस्तै जाँदा नदीहरू उत्पन्न हुँदै गए, ती नदीमा ऋषिहरूले स्नान, जप, पूजा गर्दै गए फलतः यी नदीका तीरमा अनेक तीर्थ र धार्मिकस्थल वन्दै गएको चर्चा हिमवत्खण्डमा भएको छ। भोजन, दान गर्ने सन्दर्भमा पार्वती घुम्दै जाँदा पाउ, केश, शिर, निधार, आँखा, ओठ, चिउँडोवाट पसिना आउँदा धर्मधारा, यशोधारा, विश्वधारा, श्वेतधारा (सेती कृष्णा) कृष्णभा (कालीगण्डकी) रत्नधारा आदि सप्तगण्डकीको उत्पत्ति भयो भनिन्छ। विश्वधारा (सरयू) रहनधारा (राप्ती) को वर्णन पनि हिमवत्खण्डमा छ। यी नदीको उत्पत्ति मात्र होइन यहाँ स्नान, दान, पितृकर्म गर्दा पाइने अक्षय फलको पनि वर्णन गरिएको छ। ढुङ्गालाई पनि शालिग्राम वनाउने नदीले भक्तहरूलाई मुक्ति नदिने कुरै छैन।

गर्दीमन्दिर. (सोमेश्वर) चितवन

भरतपुर नगरपालिकाको ३८ किलोमिटर दक्षिणपश्चिम सोमेश्वर पहाडको खोँचमा पुरानो शिखर शैलीको एक मन्दिर छ। मन्दिरभित्र पाँच खण्डित मूर्तिहरू छन्। यी मूर्ति हेर्दा इसाको प्रथम शताव्दीतिरका लाग्छन्। कुशाण कालका मूर्तिसँग दाँज्न सकिन्छ। पुरातात्त्विक अवशेषहरू यत्रतत्र छन्। दुवैतर्फ नदीले कटान गर्दा इँटा, इनार, खपटाजस्ता प्राचीन सामग्री पनि नष्ट हुने स्थितिमा छन्। प्रत्येक पुण्यतिथिमा भक्तजन मिलेर गई पूजा गर्दछन्। एक्लैदुक्लै जान हिंसक जन्तुको डर छ। राष्ट्रिय निकुञ्ज पार गरेर जानुपर्दछ। पुरातात्त्विक स्थल भए पनि यसको अध्ययन, उत्खनन वाँकी नै छ।

गरुडदह. (ग छे टोल) भक्तपुर

भक्तपुरको गःछे टोलको पूर्वतिर गहिरो ठाउँमा एक पोखरी छ। यसलाई गरुडदह भनिन्छ। यहाँ गरुडमाथि चढेका नारायणको मूर्ति पनि छ। गरुडको नाकवाट वगेको पानीले वनेको कुण्ड(दह) भएकाले यस दहलाई गरुडदह भनिएको हो। यस गरुडवाट सर्प निस्केर नारायणको मूर्तिलाई वेरिरहन्थ्यो। मानिसहरू नजिक गएपछि सर्प पानीसँगै वगेर गरुडकै नाभीको प्वालमा प्रवेश गर्थ्यो। यस्तो देखेर सवै चकित वन्थे। यस दहको पानी दिनमा तीन रङ्मा वदलिन्थ्यो। निर्मल, स्वच्छ र चिसो पानी छ। धार्मिक कृत्य, श्राद्धतर्पण स्नानमा पनि यो पानी उत्तम मानिन्छ। रातको मध्यमा कुनै सुन्दरी यहाँ आएर लुगा धुने गर्थिन्। जुनमा देखिन्थिन् तर वत्ती लिएर नजिक जाँदा अदृश्य वन्थिन् भन्ने वूढा पाकाको भनाइ छ। यसका लागि गुठी पनि छ। प्राण मल्ल त यहाँ ननुहाई सक्तैन थिए रे। व्यस्तताले नुहाउन जान नपाएमा उपवास नै वस्थे रे भनिन्छ। स्वास्थ्यका लागि पनि यो दहको पानी उत्तम मानिन्थ्यो। समयप्रवाहमा त्यतिकै प्रभाव आज नरहे पनि यस दहको ऐतिहासिक महत्त्व छँदै छ।

गलेश्वरशिवालय. (धनान) म्याग्दी

धनान गाउँको गलेश्वरमा यो शिवालय छ। पौराणिक कालीन महत्त्व रहेको यस स्थलमा यथासमय निर्माण कार्य हुँदै आएका छन्। सतीदेवीको गलो पतन भएकोले गलेश्वर भनिएको, गोरु गलेर जोत्न नसक्ने भए भने त्यहाँ लगेर ध्वजा चढाएपछि गोरु सक्षम हुने भएकोले गलेश्वर भनिएको हो। जडभरतले तपस्या गरेको हुनाले जडभरतेश्वर, उनले आराधना गरेका शिवलाई जडेश्वर अनि कालीगण्डकी र रहुगङ्गाको सङ्गममा राजर्षि रहुगणलाई जडभरतले ज्ञानोपदेश गरेको ठाउँ हुँदा गलेश्वर रहुगणतीर्थ पनि भन्ने गरिन्छ। यसका लागि १९५९ सालमा राजा

पृथ्वीविरविक्रम शाहवाट गुठी व्यवस्था भएको छ। १९५२ सालदेखि यथासमय पूजा हुन्छ। हालको शिवालय चाहिँ २०२० मा वनेको देखिन्छ। दुई तल्ले मन्दिर छ। शिवालयभित्र आफैँ उत्पन्न भएको शिवलिङ्ग छ। वरिपरि शालिग्राम छन्। तामाको वसाहा, त्रिशूल र घण्टा पनि छन्। शिवरात्रिलगायतका पर्वमा मेला पनि लाग्ने गर्दछ। पावन तीर्थस्थल भएकाले यसप्रति सवैको आस्था छ। भक्तभक्तिनी पनि रहने गर्दछन्। गुठीद्वारा नित्य र पर्वपूजा पनि हुन्छ।

गह्रौँकालिका मन्दिर, स्याङ्जा

स्याङ्जाको गह्रौँकोट दोस्रो अग्लो ठाउँ मानिन्छ। यहीँ कालिकाको मन्दिर छ। गण्डकी अञ्चलको वाईसीचौवीसी राज्यमध्ये गह्रौँकोट पनि एक थियो। शत्रुसँग लड्न यस ठाउँको प्रयोग उपयुक्त देखेर खाण राजाले यसलाई आफ्नो सुरक्षाक्षेत्रको रूपमा लिएका थिए। ऐतिहासिक दृष्टिले गह्रौँकोटको महत्त्व रहेझैँ गह्रौँकालिकाको पनि धार्मिक महत्त्व छ। यसको प्राचीनता वारे यसै भन्न नसकिए पनि वृद्धवृद्धाको प्रार्थनास्थल र प्रेमीप्रेमिकाको वाचावन्धनस्थलका रूपमा यसको महत्त्व दिनप्रतिदिन वढ्दै गएको देखिन्छ।

गाजनेदरबार, (नवदुर्गामन्दिर) म्याग्दी

पुलाचौर गाउँको गाजनेमा यो दरवारको भग्नावशेष छ। समुद्री सतहवाट करिव १३००० को उचाइमा रहेको यो स्थल रमणीय छ। १६ औँ शताव्दीका डिम्व वम महाराजको दरवारको भग्नावशेष मानिन्छ। यहाँ नृसिंह भगवान्को मूर्ति भेटिन्छ। यहीँ नवदुर्गाको मन्दिर पनि छ। पत्थरका अन्य आकृति पनि छन्। वडादसैँमा पञ्चवलि पनि अर्पण गरिन्छ। डिम्व महाराजकै पालादेखि चल्दै आएको भनिए पनि गाउँलेहरूले पूजा सामान जुटाएर श्रद्धा व्यक्त गर्ने परम्परा छ।

गाहिटी, (पनौती) काभ्रे

पनौती गाउँमा गाहिटी (ढुङ्गेधारा) छ। गङ्गा नामकी रानीले यो धारा वनाएको मानिन्छ। यहाँ अरू २ धारा पनि छन्। यी धारासँगै नारायणको प्रस्तरमूर्ति छ। सरस्वतीमूर्ति पनि छ। यी मूर्ति गाहिटीकै गारोमा टाँसिएको अवस्थामा छन्। यी धारा र मूर्तिहरूको वनोट मल्लकालीन देखिन्छ।

गिद्धेश्वर महादेव, म्याग्दी

म्याग्दी जिल्लाको उत्तरपूर्वमा रहेको प्रसिद्ध गिद्धेश्वर महादेवको मन्दिरमा तिजको मेलामा दस दिनसम्म मेला लाग्छ। जिल्लाका अनेक

भागवाट यहाँ मेला भर्न मानिसहरू आउँछन् । गीत गाउने, नाच्ने गरी भगवान् शिवको आराधना गर्छन् । धित मर्ने गरी गीत गाउन गिद्धेश्वरको मेला पर्खनुपर्छ भन्ने जनधारणा पनि छ ।

यहाँ सानो पोखरी छ । यस पोखरीमा टाढाटाढावाट गिद्धहरू पनि आएर डुवुल्की मार्छन्, स्नान गर्छन् । गिद्धहरू पनि यहीँ पाप पखाल्न आउने गर्छन् भने मानिसको त के कुरा ? भगवान् शिवको ठूलो शक्ति छ । यस ठाउँप्रति स्थानीय वासिन्दाको विश्वास छ । गिद्धेश्वर शिवको भक्तिआराधना गर्दा मानिसलाई शिवशक्ति प्राप्त हुने लोकधारणा छ ।

अन्नपूर्णा र धवलागिरि हिमालहरूको मनमोहक दृश्यसमेत देखिने सो मन्दिर औलो गाउँदेखि एक घण्टाको उकालो हिँडेपछि आउँछ । धार्मिक दृष्टिले माात्र होइन प्राकृतिक दृष्टिले पनि यो ठाउँ रमणीय छ ।

गीतामन्दिर, (स्वयम्भू) काठमाडौं

स्वयम्भूको पश्चिमपट्टि गीतामन्दिर छ । झन्डै डेढसय वर्ष अगाडि सन्त हरेराम गिरि यहाँ रहन्थे । यो जमिन सत्कर्मका लागि उनले पाएथे । गीता भगवान् श्रीकृष्णका मुखारविन्दवाट निःसृत अमृत हो । यो सर्वदेवोमय छ । हरेरामकै शिष्य, रामगिरि, अर्जुनगिरि र स्वामी ईश्वरानन्दसमेतको प्रयासमा यहाँ गीतामन्दिर निर्माण भयो । ईश्वरानन्दले गीताध्ययन मण्डल पनि सञ्चालन गरे । यहाँ गीतामन्दिरको पनि निर्माण भयो । वुद्धक्षेत्रमा गीतामन्दिर रहनु र गीताको अध्ययन हुनु हिन्दु र वुद्ध धर्मावलम्वीको समन्वयको प्रतीकका रूपमा पनि यसलाई लिइन्छ । यहाँ जगदम्वा भगवतीको मूर्ति मात्र छैन, गीताका सवै श्लोकहरू सुन्दर अक्षरमा अङ्कित पनि छन् । यहाँ दैनिक पूजा आरती हुन्छ, कीर्तन भजन हुन्छ । कृष्णको आराधना गरिन्छ । स्वामी रमेशानन्दकेशरीले यसको सञ्चालन गर्दै आएका छन् ।

गुनामाडौं, (मयगाउँ) कालीकोट

मयगाउँमा गुनामाडौं छ । यो खाँङ्चक्रदेखि वाजुरा जाने वाटोमा पर्दछ । मयकोटको स्थापनासँगै माडौंको पनि निर्माण भएको मानिन्छ । मयकोटको निर्माण झन्डै ४०० वर्ष अगाडि भएको मानिन्छ । माडौंभित्र प्रस्तरलाई मस्टो मानी पूजा गरिन्छ । दुध र चामलले मात्र पूजा गरिने हुँदा यसलाई दुधेमाडौं पनि भनिन्छ । विजयादशमीमा यहाँ मेला लाग्छ । नित्यपूजा हुँदैन । जात्रा मानाउन टाढाटाढावाट पनि आउँछन् । लिङ्गो, ध्वजा चढाएर पूजा गरिन्छ । स्थानीय पाँच गाउँको पुण्यस्थल, पूज्यस्थल मानिन्छ । यो निकै आकर्षक पनि छ ।

गुप्तेश्वर गुफा, (शिवालय) पर्वत

पर्वत कुस्मानजिक शिवालय गा.वि.स.अन्तर्गत रहेको गुप्तेश्वर गुफा १९९१ सम्म अज्ञात नै थियो। गुफा पत्ता लागेपछि भित्र हेर्दा वाघजस्तो सिंह, भगवान्को मुकुट, रामलीला, दसऔंला, पार्वतीको मूर्ति, वयलमा सवार शङ्करजी, सरस्वती, गोवर्धनपर्वत, कृष्णलीला प्रतिमा, शिवलिङ्ग, पाँचपाण्डवका मूर्ति आदि यहाँ देखिन्छन्। १० फिट उचाइको सफेद शिवलिङ्गमा हात्तीको सुँडजस्तो पत्थरवाट जलधारा अविच्छिन्न प्रवाहित भएको पनि देखिन्छ। यसरी गुफाभित्र प्रवेश गरी देवदेवीका स्वरूप पत्ता नलागेसम्म यसलाई भालु दुलो भनिन्थ्यो। अहिले त साधुसन्त घण्टौं यहाँ समाधिस्थ हुने गरेका छन्। मङ्गलवार तथा शनिवार गुप्तेश्वरका पूजा गरी रोटी चढाउने चलन छ। वालाचतुर्दशी तथा शिवरात्रिमा यहाँ मेला लाग्छ। तेजोमय नागले सदासर्वदा शिवलिङ्गलाई सुरक्षा दिइरहेको दुर्लभ दृश्य पनि यहाँ हेर्न सकिन्छ।

प्राचीनकालमा साधुसन्त ऋषिमुनिले साधना वा तपस्या गरेको अनुमान हुने यस स्थलको पौराणिक कथा त्यति थाहा नभए पनि अहिले हेर्दा यसको आकर्षण सवैमा वढ्दै गएको छ।

गुप्तेश्वर गुफा, (पोखरा) कास्की

प्राकृतिक सम्पदाका दृष्टिले पोखरा सम्पन्न छ। यहाँ रहेका महेन्द्र गुफा, चमेरे गुफाका अतिरिक्त गुप्तेश्वर गुफा पनि फेला परेको छ। फेवातालको अन्ततिर डेविड फलको विपरीत दिशा छोरेपाटन भन्ने ठाउँमा यो गुफा फेला परेको छ। केही वर्ष अगाडिसम्म यो गुफा सिस्नाको भाङले छोपिएको थियो। २०४९ सालमा स्थानीय व्यक्ति दैवज्ञ ज्योतिर्विद् नीरविक्रम पौडेललाई सपना भएछ। पाँच सय वर्षको गुप्तवास पछि म व्युँभिएको छु। एक मूर्तिको तीन मूर्ति र तीन मूर्तिको एक मूर्ति हुन सक्छु भनी स्थानसमेतको दिग्दर्शन भएछ। नभन्दै स्थानीय वासिन्दाको एक टोली गई हेर्दा गुफा फेला पर्‍यो। त्यस गुफामा मूर्तिहरू पनि फेला परे। अर्धनारीश्वर रूपको एउटा शिलामा दाहिनेपट्टि महादेव, देव्रेपट्टि पार्वती, वीचमा गणेश र अगाडितिर गणेशको वाहन मुसो रहेको छ। गुफाभित्रको भित्तालाई नागको शरीर मानिएको छ। गुफाभित्र कछुवा, पिनाकधनुष, रामलक्ष्मण, च्यवन ऋषिका आकृतिका शिला पनि रहेछन्। गुफा करिव २० हजार फिट लामो छ। भनिन्छ ९ हजार फिटसम्म मानिस आउने जाने गर्छन्। गुफाभित्रका स्थानलाई विभिन्न नाम दिइएको छ। जस्तै गुप्तेश्वर महादेव, सूर्यतेज देवसभा, डेविड फलको छाँगो, चन्द्रलोक, पातालगङ्गा, वैकुण्ठताल, मानसरोवर, विन्ध्याचलपर्वत, विष्णुमतीताल, पार्वतीकुण्ड, हिमालयपर्वत, चमेरे गुफा, स्वर्गद्वारिढोका, गणेशगुफा, हनुमानगुफा, शिवलोक, व्रह्मलोक आदि। यसको पौराणिक तथा ऐतिहासिक तथ्य खोजको विषय भए पनि धार्मिक तथा प्राकृतिक दृष्टिले यो स्थल दर्शनीय छ।

गुप्तेश्वर मन्दिर, पर्वत

शिवालय गाउँको वडा ९ मा एक गुफा छ। गुफाभित्र शिवलिङ्ग छ। यसैलाई गुप्तेश्वर शिव भनिन्छ। यस गुफाको चर्चा वराहपुराणमा पनि छ। गुफाभित्रका मिल्दाजुल्दा अन्य आकृतिमा विष्णु, राम, लक्ष्मण, सीताजी, दशरथ, पाँचपाण्डव, व्रह्मा, सरस्वती, सत्यनारायण आदि छन्। गुठी भए पनि अतिक्रमण भएकाले नित्यपूजाको खास व्यवस्था नभए पनि वालाचतुर्दशी, शिवरात्रिमा यहाँ मेला लाग्छ। मेलामा सामेल भई गुप्तेश्वरको दर्शन गरे धनधान्यले पूर्ण हुने, चाहेको वर पाइने, विद्या पनि प्राप्त गर्न सकिने जनविश्वास रहेको छ।

गुप्तेश्वर महादेव, (सुनौलाबजार) धादिङ

सुनौला वजार र कल्लेरी गाउँको वीचको डाँडाको टुप्पोमा गुप्तेश्वर गुफा रहेको छ। यस गुफामा चुनढुङ्गावाट अनेक आकृतिका मूर्तिहरू वनेका छन्। यिनलाई नै शिवका प्रतीक मानी तिज तथा शिवरात्रिमा यहाँ मेला लाग्ने गर्दछ। मेलामा जाग्राम वसी भजनकीर्तन पनि गरिन्छ। यस्तो गर्दा शिव प्रसन्न भई अनिष्ट नहुने, धनधान्यले पूर्ण हुने विश्वास भक्तहरू गर्दछन्। नित्यपूजाको व्यवस्था छैन।

गुप्तेश्वर महादेव, काठमाडौं

जलेश्वरदेखि केही दक्षिण र गुह्येश्वरीदेखि वायव्यतर्फ तामाले मोडेको शिवलिङ्ग छ। यहीँ गुह्येश्वरी तीर्थ पनि छ। प्रत्येक कार्य सिद्ध गर्न देवताको प्रार्थनावाट यी लिङ्ग प्रकट भएका हुन्। कार्यसिद्धिको वरदान पनि देवताले पाएथे। अनेक कुकर्मका प्रभावले कुरूप पिङ्गला नामकी नारी र कुकर्मी व्रह्मचाण्डालले देवताका उपदेशले यस शिवलिङ्गका दर्शनपूजन गर्दा पाप मुक्त भई मुक्ति पाएको वर्णन छ। मिथिलाका व्यग्य नामका व्राह्मणचाण्डालले पनि यस लिङ्गको दर्शनवाट मुक्ति पाएथे भनिन्छ। आश्विनकृष्ण अष्टमीदेखि १ वर्षसम्म नित्य दर्शनपूजन गर्दा विधि पूर्ण हुन्छ। विरूपाक्षले पनि यस लिङ्गको सेवन गरेको हो। प्राचीन नाम सिद्धाचल हो। यसलाई सिद्धेश्वर पनि भनिन्छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो एक मानिन्छ।

गुप्तेश्वर शिव, (सिद्धतीर्थ) ललितपुर

फुलचोकी पहाडको नौखण्डे डाँडोनजिक भार्देउको मध्यमा प्रभावती र प्रभवानदीको सङ्गम छ जसलाई सिद्धतीर्थ भनिन्छ। वृषासुरका भयले केही समय गुप्तरूपले शिवले देवताको रेखदेख गरे, त्यसैले गुप्तेश्वर नाम रह्यो। भारद्वाज ऋषिका उपदेशले शिवदास नामको व्रह्मराक्षस पनि

यिनै शिवको पूजनदर्शन गर्दा मुक्त भएको कथा छ । माघकृष्ण दशमीका दिन विरूपाक्षले पनि यस तीर्थको उपयोग गरेथे । यस पर्वतको प्राचीन नाम कुजाद्रि हो । नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ ।

गुह्येश्वरी, काठमाडौं

प्रताप मल्लअघिका अभिलेख नपाइए पनि देवीभागवतपुराणमा शाक्तहरूले दर्शन गर्नुपर्ने स्थान नेपालको गुह्यकाली भन्ने उल्लेख भएकाले यसको प्राचीनता स्पष्ट हुन्छ । गोपाल वंशावलीमा मृगारेश्वरीको उल्लेख छ । मृङ्गार भनेको सुनको कलश हो । कलशरूपा गुह्येश्वरी नै गोपालवंशावलीले वर्णन गरेको अनुमान सहज छ । वराहपुराणले शिखरवासिनी देवीलाई पार्वती मानी श्लेष्मान्तक वनमा रहेकी छन् भनेको छ । पशुपतिपुराणले पनि पुष्टि नै गरेको छ । हिमवत्खण्डमा पार्वती गुप्त भएको छिद्र गुह्येश्वरी भनिएको छ । नेपाल माहात्म्यले भने सतीदेवीको अङ्ग पतनवाट उत्पन्न शक्तिपीठ हो भनी चर्चा गरेको छ । मेरुतन्त्रमा सतीदेवीको गुह्य पतनवाट उत्पन्न भएको शक्तिपीठ हो भनिएको छ । नेपालमार्गको मुख्य स्थल हुँदा यहाँ ५६ लाख भैरवभैरवी, दुईहजार शक्ति, तीनसय पीठ, १४ श्मशान रहेका छन् भनिएको छ । वैदिक मन्त्रवाट सिद्धि पाइने ४ पीठ छन् । दक्षिणमार्गवाट सिद्धि पइने ८ पीठ छन् । नेपाल खाल्डोदेखि पूर्वतर्फ किराँत वसोवास भएको स्थानमा पनि ३० हजार देवयोनि वसोवास गर्छन् भनिएको छ । गुहचेश्वरी पीठअन्तर्गत १६ तीर्थ रहेको उल्लेख पनि भाषा वंशावलीले स्पष्ट गरेको छ । ती तीर्थ हुन् : गुहचेश्वर तीर्थ, पशुकुण्ड, व्रह्मोदरतीर्थ, सुन्दर तीर्थ, स्कन्दतीर्थ, सुरोदमङ्गतीर्थ, भृगुकन्दर, व्रह्ममेदतीर्थ, पशुयोनितीर्थ, अगस्त्यकुण्ड, व्रह्मरूपतीर्थ, गोखुरतीर्थ, भोगकुण्ड, यज्ञकुण्ड, स्वर्णधारानदी, कोशादेक नदी, तन्त्रशास्त्रअनुसार सम्यक्चुली, वेथनचुली, फूलचोकी, भइनकाटी, नटारम्भचुली, लिगुचो चुली, शिवपुरीक्षेत्र, पनौती, टीकाभैरव, अगुलिचो, गोखुरा, लम्जुङ, नलाङ, गोकर्ण, सरङ्गसाँखु, वोतावु, गिमतो, सुनागुठी, वलखु, होरयाउ, त्वथूल, चैलगङ्गासन्धि, कान्ति, सारन्धु, लङ्गुली, गोखुपुरजस्ता स्थान नेपाल र भारतमा पनि पर्दछन् । यहाँका उद्यानपीठमा ज्योतिरूपा पशुपति गुह्येश्वरीदेवी विराजमान छन् भनिएको छ । आफ्ना गणसहित अष्टमातृका पनि रहेका छन् भनिएको छ । प्रताप मल्लले जीर्णोद्धार गर्दा यी देवीलाई महाकाली, चण्डी, परमेश्वरी, गुह्येश्वरी, आदि अनेक नामवाट भक्ति प्रकट गरिएको छ । भारतको आसामकी कामरु कामाख्याकै रूप पनि मानिएको छ । नेपालकी गुहचेश्वरीलाई । प्रताप मल्ल, जगज्जय मल्ल, शाहवंशीय राजाहरूले पनि गुह्येश्वरीको

पुनर्निर्माणमा प्रशस्त योगदान गरेका छन्। गुह्येश्वरीपीठजस्तै उत्तम शक्तिपीठ संसारमा अन्यन्त्र छैन । सवैको कल्याण गर्ने र भक्तको चाहना पूरा गर्ने शक्तिपीठ भनी हिमवत्खण्डमा लेखिएको छ ।

गुह्येश्वरी एक्लै छैनन् । करोडौं नामले युक्त भएर ब्राह्मणी, करोडौं योगिनी र सिद्धहरूले युक्त, कामविनायक र क्षेत्रपालले पनि सुरक्षा गरेका छन् भनी हिमवत्खण्डले प्रकाश पारेको छ। आश्विनशुक्ल नवमी स्नान दर्शनका लागि अति उत्तम र फलदायक मानिएको छ। गुहचेश्वरीको उपासना गरी वर पाउने निकै छन्। सतीदेवीको गुह्य पतन भएकाले वाममार्गको मूलथान मानिन्छ। वायाँ हातले पूजा गरिन्छ। मद्य, मांस, माछा चढ्छ र यहाँको कुण्डवाट माछा हात लागे ठूलो सफलता सौभाग्य मानिन्छ। नेवार तथा अन्य जाति पनि वाममार्गअनुसार नै गुह्यश्वरीको साधना र उपासना गर्छन्। गुहचेश्वरी, तुलसा र कुमारी नेपाली राजपरम्पराका त्रिशक्ति हुन् । यी शक्तिको उपासनामा तान्त्रिक विधि पनि प्रयोग गरिन्छ। उपत्यकामा गुहचेश्वरी मन्दिर एक नवकालीमध्ये एकका रूपमा स्थान छ। गुह्येश्वरीका सहस्र नाम पनि छन्। धर्मदत्त खैलाधिपतिले गुह्येश्वरीको ध्यान यसरी गरेथे : दशमुख, ५४ हात, तीन आँखा, विजुलीजस्तै जिब्रो, मुण्डमाला, वाघको छाला, डर लाग्दो दाह्रा, ढालतरवार लिएकी, श्मसानमा रहने, शवहरूले विभूषित, शवमाथि उभिरहने र रगत पिइरहने, वुद्धमार्गी, खगानना, नैरात्म्य योगिनीका रूपमा उनी छन्। प्रताप मल्लका पालादेखि गुहचेश्वरी यात्रा मार्गकृष्ण नवमीमा गरिन्छ। स्वयम्भूपुराणले पनि महत्त्व दिएको छ। "**गुहचेश्वरी समं पीठं नास्ति ब्रह्माण्डमण्डले**" पनि भनिएको छ ।

गुह्येश्वरी (पुरानो), काठमाडौं

काठमाडौंको गोलढुङ्गाअन्तर्गत पुरानो गुह्येश्वरीको मूर्ति तथा मन्दिर रहेको छ। यहाँ श्रद्धालु भक्तहरू पूर्णिमा, नवमी, अष्टमी, एकादशी र वडादसैंमा दर्शनार्थ वढी आउने गर्दछन्। यस मन्दिरको वरिपरि गणेश, कुमार, सूर्य, वुद्ध र अन्य देवदेवताका मूर्ति पनि छन्। वीचमा गुह्येश्वरी भगवतीको मूर्ति छ। चन्द्र र सूर्य नामका दुई पोखरी पनि छन्। वस्ती वढेर यस ऐतिहासिक स्थलको महिमा लोप हुन लागेजस्तो देखिन्छ ।

वागमती तीरको वर्तमान गुहचेश्वरी पत्ता नलागेसम्म यसै स्थललाई सतीदेवीको गुहच पतन भई शक्तिपीठ उत्पन्न भएको मानिन्थ्यो। यस पीठको उत्पत्ति वारेमा अर्को किंवदन्ती पनि छ। त्यो हो- परापूर्व कालमा महादेव कालकूट विष गलामा राखी त्यसको दहन सहन नसकी चीसो ठाउँको खोजी गर्दै गोसाईंकुण्डतर्फ लाग्दा यस ठाउँमा

विश्राम गर्नुभयो । आफ्नो पछिपछि आएकी पार्वती यहीँ वस्नुभयो । यहीँ नै मासिक धर्म (रजोवती) हुनुभयो । रजोवती भएका वेला पतिसँग हिँड्न नहुने हुँदा यहीँ चार दिनसम्म रहनुभयो । चार दिनसम्म पार्वती रहेको स्थान भएकाले पुरानो गुह्येश्वरी भनिएको हो ।

स्थानीय वासिन्दाको आस्था र विश्वासको धार्मिक स्थल भए पनि नियमित मर्मत र सरसफाइको अभाव हुँदै गएकाले आज त्यति प्रभावकारिता देखिँदैन । जे भए पनि पौराणिक महत्त्वकै तीर्थस्थलका रूपमा यसको परिचय पाइन्छ ।

गोकर्णेश्वर महादेव, (नेवारपानी) धादिङ

सुनौलावजार गाउँको नेवारपानीमा यो मन्दिर छ । मन्दिरको निर्माणकाल थाहा नभए पनि पुरातात्त्विक स्थल पनि देखिएकाले प्राचीन अस्तित्वकै हो भन्न सकिन्छ । पुराना पैसा, तामाका कलम, पुराना भग्नावशेष वरपर अलिकति खन्दा पनि भेटिने गरेका छन् । दुई तले यस मन्दिरमा २ फिट अग्लो चिप्लो कालो पत्थरको ज्यादै पुरानो देखिने शिवलिङ्ग छ । यसैलाई महादेवको प्रतीक मानी पूजाप्रार्थना गरिन्छ । धार्मिक विधिविधानअनुसार यी महादेवको नित्य रूपमा पूजाआजाको व्यवस्था गरिएको छ ।

गोकुलेश्वर, (चौलानीनदी) दार्चुला

गोकुलेश्वरको चौलानी नदीको किनारमा यो मन्दिर छ । प्राचीन मन्दिर नदीले वगाएपछि त्यही ठाउँमा यो मन्दिर २०३६ मा वनाइएको छ । गुम्वज शैलीको मन्दिर छ । मन्दिरभित्र शिवपार्वती र गणेशका मूर्ति छन् । मन्दिरअगाडि नन्दीको मूर्ति पनि छ । खास गुठी छैन । स्थानीय वासिन्दाकै श्रद्धामा यहाँको पूजा चल्छ । शिवरात्रिमा यहाँ मेला लाग्छ । गोकुलेगाड र चौलानी नदीको दोमानमा भक्तहरू स्नान गर्छन् । गोकुलेश्वरको दर्शन गर्छन् । वरपर छिमेकी जिल्लावाट समेत भक्तहरू आउँछन् । गोकुलेश्वरवाट १ किलोमिटर पश्चिम पुरातात्त्विक भग्नावशेष पनि छन् । स्थानीय मानिस यसलाई मालिकार्जुन भन्ने गर्दछन् । ढुङ्गादेवल, भग्नशिला पनि छन् । विष्णु मूर्तिको शिर र अन्य सामग्री हेर्दा १६ औँ शताव्दीतिरका जस्ता प्रतीत हुन्छन् । पुरातात्त्विक अध्ययन हुन वाँकी नै छ ।

गोखुरेश्वर महादेव, (तिसुङ) मकवानपुर

चिसापनी इलाकाको तिसुङकन्छाल कार्कीछापमा यो तीर्थ छ । शिवभक्त दधिकर्ण अहिरका गाईका खुरले खोस्रँदा यी महादेव प्रकट भएका हुन् । दधिकर्णले गाईको दुध चढाई दर्शनपूजन गर्दा भुक्तिमुक्ति प्राप्त गरेको कथा छ । यसको प्राचीन नाम कसेरु पर्वत हो । विरूपाक्षले पनि यसको सेवन गरेको वर्णन छ । नेपालको ६४ शिवलिङ्गमध्ये एक मानिन्छ ।

गोद्धक, (परशुरामकुण्ड) चितवन

माडीको दक्षिणतर्फ सोमेश्वर पर्वतवाट निस्केर पश्चिम मोहडा गरी माडीक्षेत्रलाई सिञ्चन गर्दै महिश्वरी नदी प्रवाहित छ। यस नदीको तिरमा शालिग्राम पनि भेटिन्छ। यो नदी पूर्ववाट पश्चिमतिर वग्दै रेवा नदीमा मिल्छ। यसै रेवाको दक्षिणतर्फ सोमेश्वर पर्वतको पश्चिमोत्तर शिखरमा परशुराम कुण्ड छ। त्यहाँ परशुरामले तपस्या गरेका थिए भनिन्छ। त्यहाँ यज्ञशालाका अवशेष पनि छन्। त्यसै शिखरवाट झरेका झर्ना सहस्रधारामा परिणत भएर कुण्डमा झरेका छन्। प्रतिवर्ष रामनवमीमा स्नान गर्न यहाँ नरनारी जान्छन्। पश्चिमतर्फ एक पोखरीको भग्नावशेष छ। यसलाई द्रौपदीकुण्ड भनिन्छ। त्यही तल खोलाको किनारमा छत्र छ, त्यसलाई युधिष्ठिरको छत्र भन्ने जनश्रुति छ। यस परशुरामकुण्डकै केही तल गोद्धक भन्ने ठाँउ छ। त्यहाँ चैतेदसैंको आसपास स्नान दान गर्न ७ दिनसम्म मेला लाग्दछ। यसको पुण्य अक्षय छ भन्ने धारणा जनताहरूको छ। सांस्कृतिक पावन स्थलको रूपमा यसको परिचय पाइन्छ।

गोदावरीकुण्ड, ललितपुर

गोदावरीमा पानीको कुण्ड छ। कलीगत १११६ मा किराँत राजालाई परास्त गरी चन्द्रवंशी राजा निमिष राज्य गर्दथे। त्यसै समयमा दक्षिण गोदावरीमा स्नान गरी यसै क्षेत्रमा आएर वस्ने एक सिद्ध थिए। दक्षिण गोदावरीमा उनको झोली तुम्वा पानीले वगाएको थियो। त्यो सामग्री यहाँको कुण्डमा उत्रेको देखियो। दक्षिण गोदावरी तीर्थ र यसका वीच पारस्परिक सम्वन्ध छ भन्ने भई तीर्थका रूपमा यसलाई लिइयो। गोसाईंकुण्डको पानी पनि यहाँ आउँछ भनिन्छ। वृहस्पति प्रत्येक १२ वर्षमा सिंहराशिमा गएको अवसरमा यहाँ स्नान, दान, श्राद्ध आदि अक्षय हुने हुँदा सो मेला लाग्ने चलन अद्यापि छँदै छ।

गोदावरी शिवमन्दिर, कैलाली

कैलाली सदरमुकामदेखि १७ किलोमिटर उत्तरमा गोदावरी नामको नदी छ। गोदावरीको पश्चिमतिर यो मन्दिर छ। त्यस पावन नदीकै नामवाट शिवको नाम पनि गोदावरीशिव राखिएको छ। एक जना थारुले माछा मार्न गोदावरी नदीमा जाल फ्याँक्दा माछा होइन जालमा परेर एक मूर्ति आयो। मूर्ति फेरि जलमा फ्याँकेर माछाका लागि जाल फेरि गोदावरीमा फ्याँक्यो, त्यसपटक पनि माछो होइन त्यही मूर्ति जालमा आयो। यो देखेर माछा मार्न छाडेर त्यो मूर्ति शिवलिङ्ग, शिवस्वरूप मानी त्यहीं स्थापना गरियो भन्ने जनधारणा छ। उक्त मूर्तिलाई हात्तीले केही

खण्डित वनाएको छ। शिखर शैलीमा २२ फिट अग्लो मन्दिर छ। ढुङ्गाको १० इन्च अग्लो शिवमूर्ति यहाँ स्थापित छ। हनुमान, गणेश, स्वामी कार्तिकेय पनि राखिएका छन्। मन्दिरको पश्चिम भागमा वावाको कुटी छ। नित्यपूजा पनि गरिन्छ। माघेसङ्क्रान्तिमा यहाँ मेला लाग्दछ। मेलामा धार्मिक पूजापाठ वन्दव्यापार, स्नानसन्ध्याजस्ता सत्कार्यहरू हुन्छन्। पावन नदीको तटमा अवस्थित महादेवको दर्शनमा सवै दङ्ग पर्दछन्। मेला भरेर प्रसन्न मनले घर फर्कन्छन्।

गोलोकेश्वर महादेव, ललितपुर

नैकापदेखि दक्षिण वल्खु विशंदेवीनजिक चौरमा रुद्रतीर्थ छ। त्यसभन्दा दक्षिणतर्फ तक्षकह्रद मीनतीर्थ छ। भगवान्ले मत्स्यअवतार यहीं लिनुभएको मानिन्छ। यहीं गोलोकेश्वर शिव छन्। किङ्कर नामका राक्षसले गुरुको आज्ञानुसार जेठशुक्ल १४ मा यस शिवलिङ्गको पूजन गर्दा भुक्तिमुक्ति पाएको वर्णन छ। मित्रहत्याको पापवाट इन्द्र पनि यस शिवलिङ्गको दर्शनवाट छुटकारा पाउन सफल भएथे। यसको प्राचीन नाम नन्दभद्रशैल हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गर्दथ्यो। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

गोशृङ्ग तीर्थ, काठमाडौं

पशुपतिनाथ पत्ता लगाउने कामधेनु गाई अझै छन् भनिन्छ। चन्द्रागिरिको गुफामा रहेर पशुपतिको सेवा गर्छिन्। तिनै गाईको सिङवाट गोशृङ्गी नदी उत्पन्न भएको कुरा लेखिएको छ। चक्रनेमी नामका पर्वतवाट झरेको चक्रावती नामको नदीसँग सङ्गम भएपछि गोशृङ्ग तीर्थ वनेको त्यस तीर्थमा स्नान गरेका पुण्यवाट गोभराटेश्वर शिवको दर्शन पाई प्रख्यात भएको चर्चा हिमवत्खण्डमा छ। गोदावरीमा स्नान गरेपछि कामधेनुको पूजा गर्ने विधान पनि छ। कामधेनु गाई पशुपति पत्ता लगाउने गाई नै हुन् भन्ने अनुमान हुन्छ।

गोकुण्डेश्वर महादेव, धनकुटा

धनकुटा नगरको टुँडिखेलनजिक यी महादेव छन्। यसलाई गोकुण्डेश्वर महादेव भन्ने गरिन्छ। यसको प्राचीनता पुष्टि गर्ने खास प्रमाण फेला नपरे पनि राणाकालमा एक योगी आएर त्यहाँ भग्नावशेषहरू फेला पारेका अनि त्यहाँ पहिले गोकुण्डेश्वर थिए भनी पत्ता लगाई मन्दिर निर्माण गरी महादेव स्थापना गरेको स्थानीय वासिन्दाको भनाइ छ। मन्दिरभित्र प्रस्तरको शिवलिङ्ग छ। प्रस्तरकै वसाहा पनि छ। अन्य देवीदेवताका ससाना मूर्ति पनि छन्। त्यहीं नजिक पानीको कुवा पनि छ। जसको जल अर्पण गर्न सजिलै छ। टुँडाल, गजुर, वनोट हेर्दा मन्दिर आकर्षक छ। भक्तहरूकै श्रद्धामा यहाँ पूजाआजा चलेको छ।

गोकुलेश्वर, बैतडी

गोकुलेश्वर गाउँमा रहेको यसमा शिवको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ २००० सालमा महावीर चन्दले वनाएको भनिन्छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरमा सिङ्गमर्मरका शिव, पार्वती, गणेश, नारायणसमेत पाँच मूर्ति छन्। सिंह, नन्दी, भैरव, वेतालेश्वरका मूर्ति पनि छन्। वेतालेश्वरका मूर्तिलाई उमामहेश्वरको मूर्ति पनि भन्ने गरिन्छ। उडिरहेको सर्प पनि छ। गणेश, कुमार र भृङ्गी पनि छन्। नमस्कार मुद्रामा भक्त पनि छन्। भक्तिभाव प्रकट गर्दै भक्तहरू पर्वपर्वमा दर्शन पूजा गर्दछन्।

गोखुरेश्वर महादेव, (धुलिखेल) काभ्रे

धुलिखेल नगरपालिकामा यी महादेव छन्। यी महादेवको अस्तित्व प्राचीन भए पनि वडामहाराजधिराज पृथ्वी नारायाणका पालादेखि यी प्रकाशमा आएको मानिन्छ। जनश्रुतिअनुसार कुन्नाल गाउँका एक व्राह्मणकी गाईले यही स्थानमा गएर दुध चढाउने गरेको पाइयो। व्राह्मणले गाईलाई हपार्दा खुरले शिलालाई टेक्न पुग्यो र डाम पनि वस्यो। त्यस कारण त्यसै वेलादेखि गोखुरेश्वर महादेव भन्न थालियो। वडामहाराजलाई सपना हुँदा यी महादेवलाई प्रकाशमा ल्याई गुठीसमेतको व्यवस्था मिलाइएको छ। माछामासु नखाने जङ्गम जातका पुजारीले पूजा गर्दछन्। पृथ्वीनारायणकै लालमोहर रहेको छ। धुलिखेल वजारको शिरमा दुई डाँडाको वीच खोल्सो परेको ठाउँमा यो स्थान छ। गुम्वज शैलीको पश्चिमपट्टि फर्किएको मन्दिर छ। उत्तरतर्फ ढुङ्गेधारा पनि छ। पुजारीवाहेक अरू भित्र पस्न नहुने भन्ने भएकाले गोलाकार शिवलिङ्गको वाहिरवाटै दर्शन पाइन्छ। जलारी पनि छ। बसाहा, घण्ट, मूर्ति, भक्तका मूति, हनुमानमूर्ति, गणेशमूर्ति पनि छ। यहीँ रामसीता मन्दिर पनि छ। यहीँ एउटा पाटीमा साधुसन्त वस्थे तर अव वूढावूढी वसेर सफाइ गर्दछन्। यहीँ कृष्ण, राधा, रुक्मिणी कुँदिएको शिला पनि छ। नित्यपूजा चल्छ। पर्वहरूमा शिवरात्रि, कार्तिकशुक्ल पञ्चमी, जनैपूर्णिमाजस्ता पर्वहरूमा विशेष मेला र पूजा पनि हुन्छ। यी महादेवप्रति जनताको पूर्ण आस्था छ।

गोकर्णेश्वर (पितृतीर्थ), काठमाडौं

हिमवत्खण्डको १४४ मध्य भागमा गोकर्णेश्वरको महिमा छ। काठमाडौंको उत्तरपूर्वमा रहेको यस ठाउँमा वागमतीमा चन्द्रभागा सानी नदी आएर मिल्छिन्। यहाँ गोकर्णेश्वर महादेवको प्राचीन मन्दिर छ। यो पैतामह (पिण्ड) तीर्थका रूपमा रहेको छ। रावणले यज्ञ गरी तपस्या गरी गोकर्णेश्वरलाई प्रसन्न वनाएर विजेता र वलिष्ठ वनेको कथा पनि छ।

यहाँ पिण्डतर्पण दिँदा पितृहरू मुक्त हुन्छन् भनिन्छ। उत्तरगयाका रूपमा यस स्थानको महत्त्व छ। मृगरूप शिवको सिङ ब्रह्मा, विष्णु र इन्द्रले समात्दा ३ टुक्रा भएको र विष्णुले वैकुण्ठ, इन्द्रले अमरावतीमा स्थापना गरेको ब्रह्माका हातको टुक्रा गोकर्णमा राखेको पनि पौराणिक कथन छ।

कुनै वैश्यको वावुको टुङ्गो थिएन। वावु को हो भन्ने पीरले पीडित थियो। पुलस्त्य ऋषिले विश्रवालाई भनेअनुसार वैश्यलाई लिएर विश्रवा गोकर्ण आए। वालुवाको चौकी वनाई **यथानाम पित्रे** भनी पिण्ड दिन लाग्दा अनेक पितृ आए। कसलाई दिने ? दोधारमा पऱ्यो। विश्रवालाई सोध्यो, उनले पनि ब्रह्मालाई सम्झे। ब्रह्माले पनि वलात्कार वा प्रसङ्गवश आमाको अनेकसँग सम्पर्क भए पनि तिमी खास वैश्य पुत्र हौ, त्यसैलाई पिण्ड देऊ भने र पिण्ड दिए। पितृ प्रसन्न भएर आशीर्वाद दिए। वैश्यले अनेक वर्ष सुखभोग गरी गोकर्णमा प्राण त्याग गरे। अर्को जन्ममा स्वारोचिष् मनु पनि वने यही पुण्यले।

कुनै चोर हडवडले गोकर्णेश्वरलाई परिक्रमा गरी पारिपट्टिको भिरवाट भाग्दै थियो त्यहीँवाट खसेर प्राण त्याग्दा पनि मुक्त भएको कथा छ। यस ठाउँको प्राचीन नाम भुजवत् पर्वत हो। यसलाई पितामहतीर्थ पनि भनिन्छ। भाद्रकृष्ण औँसी र पुसेऔँसी पितृकर्म गर्नका लागि उत्तम मानिएका छन्। जयस्थिति मल्लले मन्दिर वनाई यस तीर्थस्थललाई वढी संरक्षण पनि गरेका हुन्। उत्तरगयाका रूपमा पितृतीर्थ मानिएको हो। यो उत्तम तीर्थस्थल मानिन्छ। विरूपाक्षले पनि यस तीर्थको उपयोग गरेको पाइन्छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो।

गोभराटेश्वर महादेव, (लुभु) ललितपुर

ललितपुरको लुभुमा गोभराटेश्वर महादेव छन्। यी महादेव प्राचीन मानिन्छन्। शृङ्गी ऋषिको आश्रम सिस्नेरीको गुफामा थियो। उनकी गाई ऋषि निदाएपछि यहाँ आएर गोव्र्याउने गर्थिन्। यो ठाउँ रमणीय छ। सूर्योदय पनि देखिन्छ। यही गाईले गोव्र्याएका ठाउँमा गोभराटेश्वर शिवलिङ्गको स्थापना भयो। यी साक्षात् महादेव मानिन्छन्। शिवरात्रि, वालाचतुर्दशीजस्ता पर्वमा यहाँ मेला लाग्छ। लुभु किराँतकालीन वास्तुकला भएको सहर हो। लु भनेको सुन भू भनेको जमिन, अर्थात् सुन फल्ने वस्ती भन्ने यसको अर्थ हुन्छ। चत्रावती (जहेल्या खोलो) गोशृङ्गी नदीको दोमानमा गोशृङ्ग तीर्थ छ। शृङ्गी ऋषिले कामधेनुका गोवरको लिङ्ग वनाई स्थापना गरी तपस्या गर्दा उत्पन्न भई सिद्धिदायक वनेको कथा छ। कुकर्मले नपुंसक वनेको वैश्यले पौषशुक्ल पूर्णिमामा दर्शनपूजन गर्दा भुक्तिमुक्ति प्राप्त गरेथ्यो। यसको प्राचीन नाम चक्रनेमी पर्वत हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको र ६४ शिवमध्ये एक मानिन्छ।

गोदालेश्वर महादेव, (फरपिङ) काठमाडौं

काठमाडौंको दक्षिणपश्चिम भेगमा रहेको गोपालेश्वर महादेव निकै प्रसिद्ध देवस्थल हो। भगवान् विष्णु तीर्थयात्राका क्रममा यहाँ पुग्दा कामधेनु गाईले दुध तरतर चुहाइरहेको देखेर के रहेछ भनी हेर्दा महादेवको मूर्ति देखी विष्णुले प्रकाशमा ल्याई अर्चना गरेको जनधारण छ। अर्को किंवदन्ती पनि छ। किसानले खेत खन्दै जाँदा कोदालीले ढुङ्गामा ठक्कर दिँदा रगत आएकाले महादेव यहीँ स्थापना गरेको हो। त्यहीँ एउटा खेत छ, यहाँ गोरुले जोत्नुहुँदैन जोतेमा सर्पले घेर्छन्, सताउँछन् भनिन्छ र जोतिँदैन पनि।

हिमवत्खण्डअनुसार भाद्रकृष्ण चतुर्दशीका दिन विष्णुका करकमलवाट स्थापित भएकाले गोपालेश्वर मानिएको हो। त्यहीँ नजिकै एक कुण्ड छ जसलाई गोमतीतीर्थ भनिन्छ। तिज, पञ्चमी, एकादशी, शिवरात्रिमा मेला लाग्छ। जति पानी लाए पनि महादेवको मूर्ति डुव्दैन र वेलामौकामा आफैं डुवेको हुन्छ भन्ने धारणा पनि छ। गोमतीकुण्डमा रोगी तथा सुकेनास लागेका वालवालिकालाई नुहाइदिँदा रोग हटी स्वास्थ्य प्राप्त गर्छन् भनी त्यसै गरिन्छ। नुहाइदिएपछि उनीहरूको भिजेको लुगा चाहिँ त्यहीँ नजिकैको रूखमा झुन्ड्याइदिइन्छ।

थानकोट (शोणितपुर) वाट वाणासुरले भित्रभित्रै सुरुङ खनी फर्पिङ पुगी गोपालेश्वरको नित्य दर्शन गर्दथ्यो भनिन्छ। गोपालेश्वरका वरले वाणासुर शक्तिसम्पन्न थियो भन्ने पनि लोककथन पाइन्छ।

गोरखनाथ मन्दिर, प्युठान

दाखाम्वाडी गाउँको योगीटोलमा यो मन्दिर छ। यो निकै पुरानो हो। गोरखनाथको चरणपादुका यहाँ रहेको छ। योगीहरू यहाँ गुठियार छन्। गुठी पनि छ। दैनिक पूजा पनि हुन्छ। वडादसैं तथा चैतेदसैंमा पनि विशेष पूजा हुने गर्दछ।

गोरखकालीमन्दिर, गोरखा

गोरखाको सदरमुकामदेखि केही माथि डाँडामा गोरखादरवार छ। यसै परिसरमा गोरखकालीको मन्दिर छ। राजा रामशाहले यो मन्दिर निर्माण गरी विधिपूर्वक चतुर्भुजा भगवतीको मूर्ति स्थापना गरेका थिए। मल्ल राजाकी इष्ट देवी तलेजु भएजस्तै शाह वंशीय राजाहरूकी इष्टदेवीका रूपमा गोरखकाली रहेकी छन्।

गोरखनाथ मन्दिर, काठमाडौं

नाथ सम्प्रदायका उन्नायक गोरखनाथ महान् सन्त हुन्। उनको समय सातौं, दसौं, तेह्रौं शताव्दी मान्नेसमेत पाइने हुँदा मतमतान्तर छन्। कसैले ११२० सन् मानेका छन्। मत्स्येन्द्रनाथका शिष्य मान्दा सातौं शताव्दी ठीक देखिन आउँछ। मल्लकालमा पनि गोरखनाथको प्रभाव निकै थियो। राष्ट्र निर्माता पृथ्वीनारायणले गोरखनाथलाई महत्त्व दिएकाले नाथ सम्प्रदायले व्यापकता पायो। मृगस्थलीमा रहेको गोरखनाथ मन्दिर शिखर शैलीमा छ। यो जयस्थिति मल्लले वि.सं. १४५१ मा गोरखनाथको पादुका जगाई नित्यपूजाका लागि गुठी प्रवन्ध पनि गरेको वुझिन्छ। मन्दिरभित्र मूर्ति छैन गोरखनाथको पादुका छ। त्यसैको भक्तहरू पूजा गर्दछन्। रोट चढाउँछन्। यस क्षेत्रका जात्रा, उत्सव र विशेष पर्वमा यहाँ पनि भक्तहरू वढी आउँछन्। यसले गोरखनाथको योगदान र सत्कार्यलाई पनि प्रतिविम्वित गर्दछ।

वनकालीको आराधना गरी तन्त्रोक्त विधिले प्रतिष्ठापन गरेकाले उपत्यकामा शान्ति भएन। भूतादिको भय, उग्रशक्ति कालीको उग्रतेज र संहारले जनजीवन अस्तव्यस्त भयो। शान्तिस्वस्ति गरेर अनेक उपाय अपनाउने भन्ने विचारविमर्श तत्कालीन राजाले विज्ञहरूसँग गरे। यस्तो अशान्तिमा गोरखनाथको सान्निध्य कायम गर्नु आवश्यक छ भन्ने अनुभव गरियो।

शास्त्रोक्त ध्यानविधिले आराधना गरी शान्ति, सुव्यवस्थाका लागि मन्दिर निर्माण गरियो। यज्ञवाट वनकालीको उग्रपीठवाट उत्पन्न अशान्ति र उत्पातादि शान्त हुँदै गए भन्ने कुरा श्रुतिपरम्परावाट र वंशावलीवाट जानकारी मिल्छ।

गोरखनाथ गुफा, गोरखा

गोरखाको माथि डाँडामा गोरखनाथ गुफा छ। मत्स्येन्द्रनाथसँग शिक्षा लिई सिद्धि प्राप्त गर्ने गोरखनाथ नेपालकै इष्टदेव हुन्। शाहवंशीय राजपरम्परासँग पनि सम्वद्ध अनेक कथा छन्। द्रव्य शाहभन्दा पहिले उनी गोरखादरवारनजिक गुफामा रहन्थे। द्रव्य शाहको गोठमा रोट चढाई विधिपूर्वक गोरखनाथको पूजाप्रार्थना गरिन्छ। पूजाको विधि तान्त्रिक छ। पृथ्वीपति शाहका पालासम्म अर्ज्याल व्रह्मण पुजारी थिए पनि। त्यसपछि खुरखुरे राना र उनका वंशका मानिस पुजारी वन्दै आएका छन्। गोरखनाथको पूजाविधि, योगाचार शुष्मवेदद्वारा गरिन्छ। नित्यपूजामा विहान अग्नि वाल्ने कामदेखि रोट वनाउने र चढाउने समयसमयका विधि छन्। प्रत्येक पूर्णिमामा चाहिँ एक पाथी पीठोको रोट चढाउनुपर्ने विधान

छ। सिद्ध गोरखनाथले मनोकामना पूरा गर्छन् भन्ने जनविश्वास छ। यिनै गोरखनाथले यही गुफामा रहँदा दही खान दिई पृथ्वीनारायणले टेकेको ठाउँ राज्य हुनेछ भनी वरदान दिएको कथन प्रचलित छ।

गोरक्ष रत्ननाथ, (भौघेडा) दाङ

दाङको भौघेडामा गोरक्षरत्ननाथपीठ मठ रहेको छ। भगवान् गोरखनाथका सिद्ध शिष्य रत्ननाथवाट यस मठको निर्माण भएको मानिन्छ। दाङको आवादीपछि माणिक्य राजा भए। उनका छोरा रत्नपरीक्षक पनि पालो आएपछि राजा वने। रत्नपरीक्षकले सिकार खेल्न गएका वेला गोरखनाथको दर्शन पाएथे। यस दर्शनपछि उनी सिद्ध वने। यिनी सिद्धरत्ननाथ वने। यिनैको सम्भनामा यो मठ निर्माण भएको हो। सिद्धरत्ननाथ नामका पुस्तिकामा वि.सं. ८०९ मा स्थापित भएको भनिए पनि यसवारे अनुसन्धान वाँकी छ। मठ शिखर शैलीमा रचित छ। ६० फिट अग्लो र करिव २५८×२५ फिट वर्गाकारको छ। यो मठमा ४ वटा पत्थरका सिंहमूर्ति चार कुनामा छन्। मन्दिरको गजुर सुनको छ।

यहाँ गोरखनाथको सङ्गमरमरको डेढ फिट अग्लो सिंहासनमा वसेको मूर्ति, मच्छीन्द्रनाथको कालो पत्थरको डेढ फिट अग्लो, उभिएको ४ वाहु भएको हातमा कमल लिएको मूर्ति, सिद्धरत्ननाथको कालो पत्थरको डेढ फिट अग्लो सिद्धआसनमा हातमा अमृतपान लिएको मूर्ति, आदिनाथ (शिव)को कालो पत्थरको ३ फिट अग्लो ४ वाहु भएको सिद्धआसनमा वसेको मूर्तिसमेत चार मूर्ति प्रमुख रूपमा छन्।

अर्को कोठामा भैरवको मूर्ति मन्दिरको चौथो कोठामा वालासुन्दरीदेवीको शस्त्रअस्त्र लिएको मूर्ति पनि छ। यस मठका नाउँमा गुठी छ। यसकै आयवाट यो सञ्चालित छ। साधुहरूको भोजन, पूजा आदि हुन्छ। अतिथिभवन र छात्रावास पनि छ। यस मठका मठाधीशले १ वर्षसम्म कम्पाउन्डवाहिर जान नपाउने नियम छ। तान्त्रिक विधिले पूजा गरिन्छ। पहिले भैरव र भगवतीलाई पशुवलि दिने चलन भए पनि अहिले कुभिन्डो, मुला आदिको वलि चढाइन्छ। फागुनको विजया एकादशीमा मेला लाग्छ। हिन्दु, मुसलमान समान भाग लिन्छन्। मुसलमानहरू हाजी रत्ननाथ पीर वावा भनी श्रद्धापूर्वक दर्शन गर्छन्, मेलापर्वमा साथ दिन्छन् र भाग लिन्छन्। हिन्दू मुसलमानको साझा तीर्थस्थलका रूपमा यस मठको महत्त्व छ।

फागुनकृष्ण एकादशीका दिन यहाँ भव्य मेला लाग्छ। स्वदेश तथा विदेशवाट यात्रीहरू आउँछन्। हिन्दूहरू भगवान् गोरखनाथको प्रतीकका रूपमा र मुसलमानहरू भगवान् अल्लाहको प्रतीकका रूपमा एउटै मठलाई स्वीकार गर्दै पूजा, पाठन र प्रार्थना गर्दछन्।

गोसाइँकुण्ड, रसुवा

रसुवा जिल्लाको उत्तरपूर्वमा गोसाइँकुण्ड रहेको छ। गोको अर्थ पृथ्वी र साइँको अर्थ मालिक अर्थात् पृथ्वीको मालिक भन्ने यसको शव्दार्थ छ। यसलाई नीलकण्ठ कुण्ड पनि भनिन्छ। जेठको दशहरा र भाद्रको ऋषितर्पणी पूर्णिमाका दिन यहाँ मेला लाग्छ। समुद्री सतहवाट १४३७३ फिटको उचाइमा रहेका १०८ कुण्डमध्ये गोसाइँकुण्ड सवभन्दा ठूलो कुण्ड हो। धर्मकुण्ड, महातीर्थस्नानकुण्ड, चन्द्रकुण्ड, सूर्यकुण्डहरू पनि प्रसिद्ध छन्। नीलकण्ठ ह्रदका वारेमा नेपाल माहात्म्य, हिमवत्खण्ड, मार्कण्डेयपुराण आदिमा वर्णन गरिएको छ।

गोसाइँकुण्डको उत्पत्ति विषयक कथा यस्तो छ : समुद्रमन्थनवाट उत्पन्न हलाहल विषलाई देवताको हितका लागि भगवान् शङ्करले घाँटीमा राखी नीलकण्ठ कहलिएपछि विषको डाह सहन नसकी नुवाकोटको वेत्रावती हुँदै गोसाइँकुण्ड रहेको स्थानमा पुगी त्रिशूलद्वारा पानी उत्पन्न गरी चीसो कुण्डमा शयन गर्नुभएको कुरा वर्णन गरिएको छ। त्रिशूलधारावाट सूर्योदयमा भक्तिपूर्वक हेर्दा शयन गरिएका महादेवको दर्शन पाइन्छ। भगवान् शिवलाई पति पाउन गौरीले यहीँ तपस्या गरेकी थिइन्। त्यसैले यही प्रिय ठाउँमा शङ्करले वस्न चाहनुभयो। वेतको लट्टी र त्रिशूल शिवले लिनुभएको थियो। नुवाकोटको सदरमुकाम विदुर आइसकेपछि शिवलाई तिर्खा लाग्यो। वेतको लट्टीले हानी तातोपानी उत्पत्ति गर्नुभयो जो वेत्रावती नदी भनेर वहिन्। त्यसपछि शिव गोसाइँकुण्डतिर लागेको प्रमाण पाइन्छ। रसुवावाट उकालो लागेपछि त्रिशूल घोपी त्रिशूली नदीको उत्पत्ति भयो। त्रिपथगामिनी धारा अहिले पनि देख्न पाइन्छ। धर्मपर्वतमा त्रिशूल गाडी झरेका तीन धारा नै गोसाइँ कुण्डका जलस्रोत हुन्। धर्मपर्वतवाट निस्केकीले धर्मधारा र त्रिशूलले निकालिएकीले त्रिशूली भन्ने चलन अद्यापि छ।

गोसाइँकुण्डको पानी वगेर भैरवकुण्ड वन्यो, भैरवकुण्डवाट वगेको पानीले सरस्वतीकुण्ड, विष्णुकुण्ड वने। गणेश र भैरवलाई एउटै आत्मालाई दुई भागमा वाँडेर नीलकण्ठहरूको रक्षा गर्न द्वारपालको रूपमा राख्नुभएको छ। धर्मात्मालाई आउन दिने र पापीलाई नदिने गरी गणेश र भैरवको स्थापना गरेको कुरा पनि पुराणमा पाइन्छ। इहलौकिक र पारलौकिक भुक्तिमुक्तिका लागि यो तीर्थ महत्त्वपूर्ण मानिन्छ। यहाँका अरू कुण्डहरू हुन् :

गोसाईकुण्ड, भैरवकुण्ड, विष्णु(सरस्वती)कुण्ड, व्रह्माकुण्ड, गणेशकुण्ड, कुमारकुण्ड, गरीकुण्ड, शौनककुण्ड, नागकुण्ड, सप्तर्षिकुण्ड,

नारदकुण्ड, अङ्गिराकुण्ड, सनककुण्ड, पराशरकुण्ड, व्यासकुण्ड, सनातनकुण्ड, सनन्दनकुण्ड, सनत्कुमारकुण्ड, कपिल, कश्यप, मनु, धौम्य, दक्ष, दुर्वासा, मार्कण्डेय, सन्तनु, वत्स, शाण्डिल्य, अगस्त्य, भरद्वाज, गन्धर्व, किन्नर, सिद्ध, देवक, अप्सरा, यक्ष, जमदग्नि, वाल्मीकि, नवग्रह, दीप, यज्ञ, अग्निपुर, पय, धर्म, महातीर्थ, यज्ञवल्क्य, दशरथ, कूर्म, मत्स्य, नरसिंह, चन्द्र, सूर्य, तारा, गौतम, कुवेर, पञ्चपाण्डव, जनक, ध्रुव, राम, कृष्ण, वराह, वामन, परशुराम, कालिका, शुकदेव, वुद्ध, नवनाथ, कामधेनु, वरुण, प्रह्लाद, गोरक्ष, वैशम्पायन, पृथ्वी, हनुमान, वीरभद्र, पृथु, वायु, विद्याधर, श्रवण, हयग्रीव, नन्दी, हंस, गरुड, शमी, इन्द्र, जयन्त, ऐरावत, लक्ष्मी, सीता, लक्ष्मण, शतानन्द, अष्टावक्र, शाण्डिल्य आदिदेव, ऋषि, महादेवको दर्शन गर्न आउँदा वनाइएका कुण्ड अनेक छन्। यी कुण्डको दर्शन, स्पर्श महत्त्व राख्ने भए पनि सहज चाहिँ छैन।

गौतमआश्रम, (जनकपुर) धनुषा

गौतमले यज्ञ सम्पन्न गरेको, गौतमकी पत्नी अहल्या श्रापवाट शिला वनेकी रामको पाउ पर्नाले मुक्त भएकी भन्ने कथा रामायणमा पनि छ। विश्वामित्रसँग मिथिलाको यात्रा गर्ने रामवाट मुक्त भएकी भन्ने कथा भएकाले गौतमआश्रम मिथिलाकै आसपास भएको अनुमान हुन्छ। विद्यापतिले जानकी मन्दिरवाट ५ कोस दक्षिण कमला नदीनजिक गौतमआश्रम रहेको वताएका छन्। स्कन्दपुराणमा मिथिलाको व्रह्मपुरनजिक गौतमको आश्रम छ भनिएको छ। त्यहाँ अहिले पनि गौतमकुण्ड र अहिल्यास्थान छ। मिथिला माहात्म्यले पनि यसलाई पुष्टि गरेको छ। यसरी नेपालमै गौतमआश्रम रहेको तथ्य हृदयङ्गम हुन आउँछ।

गौरीघाट, काठमाडौं

आदिम युगमा मृगरूप लिई महादेव वनविहार गर्न आउँदा गौरी आई वागमती नदीका किनारमा ढुङ्गामा वसी महादेवको आराधना गरेकी हुनाले यस घाटलाई गौरीघाट भनिएको हो। तप गर्न वसेको ढुङ्गालाई नै गौरीको प्रतीक मानिन्छ। यस घाटमा स्नान गरी किरातेश्वर महादेवको दर्शन गरे कैलाश प्राप्त हुन्छ भनी पुराणमा लेखिएको छ। नेपाल संवत् ७७४ मा राजा प्रताप मल्लले यस घाटको निर्माण गराएका थिए। जङ्गवहादुर, चन्द्र शमशेर, जुद्ध शमशेरले पनि यथोचित मर्मतसुधार गर्दै गएको तथ्य देवमाला वंशावलीले प्रकाश पारेको छ।

घटालदेवता, डडेलधुरा

घटाल गाउँमा घटालवावाको मन्दिर छ। भीमसेनकी पत्नी हिडम्वाका छोरा घटोत्कचकै नामवाट घटालदेवता उत्पन्न भएको विश्वास

गरिन्छ। घाटनजिकै रहेका हुनाले पनि घटालवावा भनिएको तर्कसङ्गत भनाइ छ। स्थानीय उप्रेती परिवारकी एक विधवाले घटालस्थाननजिक मानिस जलाउने सतीहरू जल्ने, गर्दा चित्कार र रोदनले पीडित भएर "कि घटाल सर्छ कि म मर्छु" भनी विन्ति गरेकीले घटालवावा त्यहाँवाट अन्तर्ध्यान भए। घटालवावा नहुँदा त्यहाँ उत्पात र हाहाकार मच्चियो। केही वर्षपछि महाभारत पहाडवाट काशीराम पाण्डे घट्ट वोकाएर आफ्नो गाउँ लिएर जान लाग्दा यस ठाउँमा विसाए। कति प्रयास गर्दा पनि यस ठाउँवाट उठाउन सकेनन्। घटालदेवता यहीँ लुकेका रहेछन् भनी त्यहीँ स्थापना गरी विधिविधानअनुसार पूजाप्रार्थना गर्न थाले भनिन्छ। डोटेली राजा निरञ्जन पालककी रानी मौलाले गढवालवाट दाइजोका रूपमा घटालवावालाई ल्याएकी हुन् भन्ने पनि छ। घटालस्थान छ । घट्टजस्तै प्वाल परेको ढुङ्गो पनि छ। घटोत्कच आकारको मूर्ति पनि छ। वैशाख २ गते, कार्तिकचतुर्दशी र दसैंमा यहाँ पर्वपूजा हुन्छ। मालवाट रकम वेहोरी नित्यपूजा पनि गरिन्छ। पर्वपूजाको मेलामा छिमेकी अन्य जिल्लावाट पनि भक्तहरू आउँछन्। भक्तहरू नै सामान जुटाउँछन्। यी वावाले सवैको भलो गर्ने, सुरक्षा दिने जनविश्वास छ।

चङ्खेश्वर महादेव, (ऐंसेलुखर्क) खोटाङ

ऐसेलुखर्क गा.वि.स.को चङ्खे खोलाको झर्नानजिक पहरामा महादेव गुप्त रूपमा थिए। वरिपरि जङ्गल र पहरो थियो। त्यहाँ महादेव रहेका छन् भन्ने सपना विश्वनाथ निरौलालाई भएछ। सपनाअनुसार त्यहाँ वाटो वनाउँदै जाँदा र खोजी गर्दा भनेकै ठाउँमा झर्नाको दायाँतर्फ वसाहास्थान, गणेशको मूर्ति, शिवलिङ्ग र अन्य मूर्ति पनि भेटिए। त्यस कारण त्यहाँ गाउँलेहरू मिलेर पूजा गर्न थाले। शिवरात्रि, वालाचतुर्दशी, रामनवमीमा यहाँ एकदिने मेला पनि लाग्दछ। पस्नासाथ पहरामा रहेका महादेव र अन्य देवताको पनि भक्तहरू दर्शन गरी चाहेको वर माग्छन्। मागेका वर पूरा हुन्छ भन्ने पनि जनधारणा छ।

चत्राई माई, (विसुनपुरा) रुपन्देही

विसुनपुरा गाउँको गैंडाताल निकै प्रसिद्ध छ। यति ठूलो ताल तराईमा अरू छैन। झन्डै १८ विघा जमिनमा रहेको छ। घना जङ्गलवीच रहेको यसमा गैंडा रमाउने हुँदा गैंडाताल भनिएको हो। यसकै नजिक कुसुम र वेलको ढिस्कोमा चत्राई माई रहेकी छन्। यहाँ माटा र ढुङ्गाका भाँडाका प्राचीन अवशेष निकै छन्। यहाँ रामनवमीमा मेला पनि लाग्छ। चत्राई माईको कुनै मूर्ति छैन, मन्दिर पनि छैन। ढिस्कोको रूखमुनि मनौतीहरू छन्। त्यहीँ श्रद्धाभक्ति राखेर दर्शन गरिन्छ। पूजा चढाइन्छ।

चटकतीर्थ, (ठिमी) भक्तपुर

ठिमीको वसपार्कवाट दक्षिणपूर्व अढाई किलोमिटरमा गाचा हुँदै १५ मिनेट हिँडेर यहाँ पुगिन्छ। यस ठाउँलाई चटकतीर्थ, चर्खण्डी वा चखुन्ती पनि भनिन्छ। यस ठाउँलाई लिएर युद्धप्रसाद मिश्रले एउटा निकै राम्रो कविता पनि लेखेका छन्।

व्याधाले भँगेरो मारेर यस खोलाको पानीमा पखाल्दा वाँचेर उडेकाले चटकतीर्थ भनिएको हो। संस्कृतमा भँगेरालाई चटक भनिन्छ। त्यस्तै अर्को जनधारणा के छ भने कुष्ठरोगीले यस पानीमा नित्य नुहाएर कुष्ठरोग निको भएका कारणले चर्मरोग निको पार्ने चटक यस पानीले गरेकाले यसलाई चटकतीर्थ भनिएको मानिन्छ। चर्मरोगीहरू यहाँको पानीले आफ्नो रोगी छाला पखाल्ने गर्छन्। वैशाख १ गते यहाँ स्नानको मेला लाग्छ।

यहाँ गणेश, भैरव र वालकुमारीलाई प्रमुख देवता मानी मन्दिर वनाएर राखिएको छ। सरस्वती, महादेव, हनुमान पनि नदीकिनारमा देखिन्छन्। भक्तपुर र ठिमीमा जस्तै चर्खण्डीमा हुने यात्रालाई पनि विस्केट भनिन्छ। पकान्जेल गाउँमा नेवार समुदायमध्ये श्रेष्ठहरूले एउटा र मानन्धर समुदायले अर्को गरी खटमा गणेश, भैरव र वालकुमारिको मूर्ती राखी ल्याउँछन् र चर्खण्डीमा स्नान गरी दर्शन गर्छन्। ती मूर्तिहरूको पूजा गर्ने चलन छ। दोस्रो दिन रथ दधिकोट घुमाउँदै पकान्जेल पुऱ्याएपछि जात्रा टुङ्गिन्छ। यस ठाउँको धार्मिक तथा सांस्कृतिक महत्त्व अहिले पनि निकै छ।

चण्डिका भगवती, (सातकन्या) तेह्रथुम

सदरमुकामदेखि १२ कोस उत्तरपूर्व डाँडामा चण्डिका भगवतीको मन्दिर छ। यिनलाई सातकन्या भगवती पनि भन्ने गरिन्छ। यस मन्दिरको निर्माण करिव ३५० वर्ष पहिले लेनुहाङले गराएका थिए भनिन्छ। मन्दिरका घण्टाहरूमा १९१७ लेखिएको पाइन्छ। मन्दिरभित्र हात्तीको सुँडजस्तो प्राकृतिक शिलालाई भगवतीको प्रतीक रूप मानी पूजा गरी वलि चढाउने गरिन्छ। मन्दिरवाहिर टुटेफुटेका देवदेवी र सिद्धमार्गदेवीको स्थान पनि छ। नित्यपूजा हुन्छ। गुठी पनि छ। आइतवार, वुधवार, औँसी, एकादशीवाहेक अन्य दिनमा वलि पनि चढ्छ। यी देवीको पूजा गर्नाले मनले चिताएको पुग्छ भन्ने विश्वास भएकाले छरछिमेकी जिल्लासमेतवाट मानिसहरू आउँछन् र दर्शन गर्छन्। भक्तहरूकी आस्थाकी प्रतीकका रूपमा यी भगवतीको उच्च स्थान छ।

चण्डिकेश्वर महादेव, (टोखा) काठमाडौं

टोखादेखि उत्तरतर्फ जङ्गलका वीचमा पिण्डारकतीर्थ छ । उत्तरतर्फ चण्डेश्वरीदेवीको स्थान छ । चण्डिकाले ध्यान गर्दा प्रस्तुत शिवलिङ्ग प्रकट भएको हो । चण्डिकाको इच्छासिद्धि पनि भएको हो । अन्धकासुरले देवतामाथि विजय प्राप्त गर्दा यस शिवलिङ्गको उपासना गरी अन्धकासुरलाई पराजित गरी देवतालाई सुखसुविधा दिएको चर्चा छ। हिरण्यकशिपुले पनि वलवान् वन्न यिनै शिवको आराधना गरेथ्यो । सुनीति नामका राजाले पनि यिनै शिवको उपासना गरी विजय प्राप्त गरेथे। प्राचीन नाम मृगेन्द्रपर्वत हो । विरूपाक्षले समेत सेवन गरेको यस तीर्थमा अवस्थित शिवलिङ्ग ६४ मध्ये एक मानिन्छ ।

चण्डीस्थान, तनहुँ

तनहुं सुरमा नेपाली शैलीको एक मन्दिर छ। यसमा चतुर्वाहु देवीको आकर्षक मूर्ति छ । यो मूर्ति जग खन्दा फेला परी यहाँ राखिएको भनिन्छ। अन्नवाली नयाँ चढाएपछि मात्र किसानहरू खाने गर्दथे। नागपञ्चमीमा पनि सर्वप्रथम यहाँ नाग टाँसेर मात्र अरू घरमा टाँस्ने चलन थियो। यस चण्डीस्थानमा चण्डीपूर्णिमामा दसरे, वोटेहरूले जल ल्याएर चढाउने गर्दछन्। चण्डीपूर्णिमाका दिन गुरुवावुले धामी वसी कुखुराका दुईवटा फुल भुइँमा गाड्छन्, एउटा राजाका नाउँमा अर्को जनताका नाउँमा । एक वर्षपछि त्यो फुल झिकिन्छ । फुल नविग्रेको फेला परेमा त्यो वर्ष सवैलाई राम्रो र भलो हुन्छ, विग्रेको फेला परे राम्रो नहुने भविष्यवाणी गरिन्छ ।

चण्डीथान, (नुवाकोट) स्याङ्जा

नुवाकोट फेदीखोलामा यो स्थान छ। शिलामा कुँदिएको तीन मुकुट भएको मूर्ति छ। अष्टभुजामा विविध आयुधहरू छन्। मूर्ति मल्लकालीन हुँदा चौवीसे राज्यकालमा यसको स्थापना भएको अनुमान हुन्छ। दसैंमा चण्डीपाठ हुन्छ। पशुवलि दिइन्छ। यसको गुठी भए पनि गायव छ । येनकेन प्रकरेण नित्यपूजा हुन्छ । मन्दिर जीर्ण अवस्थामा छ ।

कालिका गाउँमा नेपाली घरजस्तो चण्डीमन्दिर छ। त्यहाँ मूर्ति नभएर देवीका चित्र राखिएका छन्। चौवीसे राजाका पुराना तरवार पनि छन्। १९७५ को घण्टा छ। अर्को ताम्रपत्र भए पनि पढ्न कठिन छ। यो मन्दिर ३०० वर्षजति प्राचीन अनुमान हुन्छ। वाहिर सिंहको मूर्ति पनि छ। चण्डीको प्रार्थना गरेर शुद्ध मनले भाकल गरे इच्छा पूरा हुन्छ । नौरथामा मानिसको भिड लाग्छ । वलि, पूजापाठ चल्छ ।

चण्डेश्वर, काभ्रे

प्राचीन युगमा च्यवन ऋषि चण्डेश्वरीनजिक उग्रतीर्थ जहाँ चण्डेश्वर शिव छन् त्यहाँ तपस्या गरेर मुक्त भए। यो कुरा चण्डासुरले थाहा पायो र यहाँ आई तपस्या गऱ्यो र अमरत्वको वर पायो। वरले उन्मत्त चण्डासुरले देवतालाई पराजित गरी उत्पात मच्चायो। स्वयं शिव आएर घोर युद्ध गर्दा पनि पराजित गर्न सकेनन्। शिवगणले– तपाईंकै वरका कारणले यो वलियो भएकाले तपाईंले यसलाई केही गर्न सक्नुहुन्न। तपाईंलाई नदेखेपछि वरु यसको वल घट्छ भनेपछि शिव त्यहाँवाट अलप हुनुभयो। चण्डासुरलाई मार्न भनी त्यहीँ चण्डेश्वरी उत्पत्ति भइन् र ठूलो युद्ध गरी त्यसलाई मारिन् भन्ने कथा हिमवत्खण्ड अध्याय ९४ मा छ। चण्डेश्वर शिव र चण्डेश्वरी शक्ति भएकीले शिवशक्तिको प्रभावले दानवी भयवाट तत्कालीन जनसमुदाय मुक्त भएकाले चण्डेश्वर र चण्डेश्वरी त्यहाँका वासिन्दा र भक्तहरूका रक्षक मानिन्छन्।

चण्डेश्वरी शिवमन्दिर, (जोरायल) डोटी

डोटीको जोरायलमा चण्डेश्वर शिवको मन्दिर छ। यस मन्दिरका वारेमा जनश्रुति यस्तो छ : महाभारतकालमा वनवासको समयमा पाण्डव यहाँ आउँदा जोरायल जलमग्न थियो। भीमसेनले पहाड काटी पोखरी सुकाइदिए। जरासन्ध रिसायो। यो देखेर भीम र जरासन्धको युद्ध भयो र जरासन्ध मऱ्यो पनि। जरासन्धले जमाएर जलमग्न वनाएकाले जोरायल नाम भएको हो। उक्त स्थानलाई वस्नलायक वनाई दक्षिणमा गुल्मेश्वर उत्तर चन्कट्टेमा चण्डेश्वर महादेवको स्थापना गरी पाण्डवहरू वाटो लागे। चन्कट्टे (टाउको काटिएको) ढाडकट्टे (ढाड काटिएको) नकलकट्टे (नाक खसेको ठाउँ) कुम्रेल्को (कुइनो खसेको ठाउँ) जस्ता नामवाट राक्षसको विनाशको सम्झना गर्ने स्थलहरू छन्। अनिकाल वा सुख्खा भएमा गोमती नदीको पानी चण्डेश्वर मन्दिरमा चढाई पूर्वमा वग्ने गरेको टेपुलेगाडमा मिसियो भने वर्षा हुन्छ भन्ने जनविश्वास छ, भएकै पनि छ। भीमले जरासन्धलाई मारेपछि रगत वगेकाले त्यहाँको पानी पावन कार्यमा नचल्ने वताउँछन्। मन्दिरभित्र कुनै मूर्ति छैन। शिलालाई शिवलिङ्ग मानी पूजा गरिन्छ। नित्यपूजा हुँदैन। वैशाख सङ्क्रान्ति, माघेसङ्क्रान्ति र शिवरात्रिमा पर्वपूजा हुन्छ। मेलामा पूजाका अतिरिक्त अनेक धार्मिक कृत्य पनि गरिन्छन्।

चण्डेश्वर शिवलिङ्ग, (बनेपा) काभ्रे

वनेपामा यो शिवलिङ्ग छ। चण्डेश्वरदेखि केही तल चण्डेश्वरी छन्। रूपवती (चण्डेश्वरी) र रुद्रवती (पुण्यमाता) को सङ्गम स्थलमा

उग्रतीर्थ रहेको छ। च्यवन ऋषिले प्रार्थना र तपस्यावाट यहाँ शिव प्रकट हुनुभएको हो। चैत्रशुक्ल नवमीमा चण्ड नामका दैत्यले शिवोपासना गरी सुखभोग गरी स्वर्ग प्राप्त गर्न सफल भएको कथा हिमवत्खण्डमा उल्लेख भएको छ। यसको प्राचीन नाम स्कन्दगिरि हो। विरूपाक्षले पनि यस शिवलिङ्गको दर्शन गरेको उल्लेख छ। ६४ शिवलिङ्गमध्ये यो पनि एक हो।

चण्डेश्वरी, (बनेपा) काभ्रे

काभ्रेको वनेपा सहरको उत्तरपूर्वी कोणमा चण्डेश्वरी भगवतीको मन्दिर छ। यो प्राचीन मन्दिर हो। हिमवत्खण्डमा पनि चण्डेश्वरी भगवतीले चण्ड नामको दैत्यलाई मारेको वर्णन छ। त्यसै ठाउँवाट उत्पत्ति भएकी हुनाले सवैले श्रद्धा र भक्तिपूर्वक भगवतीको पूजा, जात्रा र सम्झना गर्दै आएका छन्। चण्डीपूर्णिमा वनेपालीहरूको ठूलो चाड हो। यस दिन चण्डेश्वरीको जात्रा हुन्छ। भगवतीको मूर्ति रथमा राखेर सहर घुमाइन्छ, लगेर मन्दिरमै राखिन्छ। वोकाहरूको वलि दिइन्छ, प्रसाद वितरण गरिन्छ। देवीको प्रसाद टिप्न भक्तहरू तँछाडमछाड गर्छन्। जसका भागमा वलि दिएको वोकाको चिउँडो, वङ्गारो, कान, सिङ, थुतुनो, जिव्रो, पुच्छर पर्छ त्यसको मनोकामना पूर्ण हुन्छ भन्ने विश्वास गरिन्छ। पूर्णिमादेखि षष्ठीसम्म ७ दिन जात्रा, पूजा विशेष चल्छ। त्यहाँको खड्ग हनुमानढोकामा पनि यात्रा सकिएपछि ल्याइन्छ। हालको मन्दिर कलिगत ४१९७ मा राजा आनन्ददेवले वनाएका हुन्। यसका लागि उनैले गुठी पनि राखेका छन्। यी देवी कन्या हुन् र दस वर्षभन्दा कम उमेरकै कन्यावाट यिनको पूजा गराइन्छ।

सत्य युगमा चण्डासुरले व्रह्माको तपस्या गरी वर पाएपछि देवतामाथि विजय प्राप्त गऱ्यो। इन्द्रादि देवता विष्णुछेउ जाँदा विष्णु व्रह्महत्याले पीडित भएर चाँगुका चापमा लुकेका थिए। रक्तचन्दन वनमा चाँपकै वोटमा अम्विका पनि लुकेकी थिइन्। सवै देवताले अम्विकालाई प्रार्थना गरेपछि त्रिशूल प्रहार गरी चण्डासुरलाई चण्डीपूर्णिमाको भोलिपल्ट मारेकी हुनाले त्यही सम्झनामा यहाँ पूजा, जात्रा गरिन्छ।

चन्दननाथ, जुम्ला

काश्मीर (भारत) तिरवाट तीन सिद्ध मानसरोवरतिर लागे। ती सिद्ध हुन् चन्दननाथ, रतन्नाथ र तारानाथ। चन्दननाथ जुम्लातिर, तारानाथ डोल्पातिर र रतन्नाथ अर्कैतिर लागे। चन्दननाथ चाहिँ जुम्ला मानसरोवर गए पनि साधनामा रमाए पनि दत्तात्रेयका भक्त थिए। उनको चरित्र र शिक्षावाट प्रभावित थिए। दत्तात्रेयको तपोभूमि जुम्ला भन्ने उनले पत्ता लगाए। त्यहीँको दाना, चालामाला तालमा दत्तात्रेयका चरणपादुका

छन् भन्ने ज्ञान पनि भयो। कुनै वालकमार्फत ती दहको छेदन गरी चरणपादुका राखे। चन्दननाथ वावाको मन्दिर वन्यो। वावाको सत्प्रयास र चिन्तनको प्रतीक मन्दिरभित्र दत्तात्रेयका चरणपादुका रहेका छन्। जुम्ला आर्य जातिको नेपाली भाषाको मूल थलो हो। यहाँ कति आर्य आए, तपस्यामा रमाए र सत्कर्म छाडेर गएर गए। त्यसको लेखाजोखा हुन वाँकी छ। चन्दननाथ वावाको पूजा नित्य संन्यासी साधुहरूवाटै हुने गरेको छ। चन्दननाथ स्वामीकै नामले यो मन्दिर प्रसिद्ध छ। दत्तात्रेयका शिष्य भए पनि दत्तात्रेयका चरणपादुकालाई प्रकाशमा ल्याउने काम यिनैले गरेकाले दुवैको सम्मान एकसाथ यहाँ भक्तहरू गर्दछन्। जुम्लाको प्रसिद्ध देवस्थलका रूपमा चन्दननाथ रहेका छन्। यसमा गुठी र पूजाको प्रवन्ध पनि छ।

जुम्ला वजारदेखि केही माथि चन्दननाथको मन्दिर छ। यस भेकको यो ठूलो मन्दिर हो। प्रसिद्ध तीर्थस्थल पनि हो। यहाँ हिन्दू र वौद्ध उतिकै श्रद्धाले यस ठाउँलाई हेर्दछन्। नाथ सम्प्रदायक कन्फट्टा योगी नै यहाँ पुजारी रहन्छन्। चन्दननाथको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ १९८५ सालमा वनेको हो भनिन्छ। वावाहरू थरीथरी आकृतिका छन्। पूर्वाभिमुख मन्दिरमा पित्तल, ढलोट र तामाका अनेक मूर्ति छन्। ती हुन् व्रह्मा, विष्णु, महेश्वर, गरुड, हनुमान, शङ्कराचार्य, कृष्ण, राधा, वलराम, तारा, महाकाली, महिषासुरमर्दिनी भगवती, शिव, राम, लक्षमण, सीता, पार्वती, गोपाल, गणेश, वुद्ध आदि। प्रत्येक दिन नित्यपूजा हुन्छ। अखण्डवत्ती छ। छ माना चामलको भात घिउसित मिलाएर भोग लगाउने चलन छ। १८९० को लालमोहरअनुसार मन्दिरका नाउँमा गुठी छ। चन्दननाथ १४ औँ शताव्दीका राजनीति र धर्मका नेता, थिर कन्हैया र मत्स्येन्द्रनाथ गुरुपरम्परामा दीक्षित थिए। परिश्रमी, लगनशील सिद्ध थिए। काश्मीरवाट जुम्लामा आउँदा जाडो ठाउँमा हुने धान ल्याएका थिए। यहाँका वासिन्दालाई खेतीपाती गर्न सिकाएथे उनले। जुम्लाको राज्य आफ्ना भक्त, शिष्य वलिराज शाहीलाई दिलाए र चन्दननाथ अलप भए। वलिराजले गुरुका स्मृतिमा यो मन्दिर वनाउन लगाए। उनका पादुका अझै पनि छन्। कृष्णाष्टमी र शिवरात्रिमा यहाँ पर्वपूजा हुन्छ।

चन्दननाथ, (मुसीकोट) रूकुम

मुसीकोटको खलङ्गामा यो स्थान छ। मन्दिर देखिँदैन। २/४ घण्टाहरू छन्। पहेँलो ध्वजा गाडिएको छ। स्थानीय वासिन्दाहरू यसलाई ठकुरीहरूको कुलदेवताको स्थान मान्दछन्। २/४ शिला पनि छन् जसलाई चन्दननाथ मानी पूजा गरिन्छ। वर्षको एकपल्ट ठकुरीहरू जम्मा भई यहाँ पूजा गर्छन्, श्रद्धाभाव व्यक्त गर्छन्। नित्यपूजाको सामान्य व्यवस्था छ।

चन्दनभराटेश्वर, (थानकोट) काठमाडौं

५

काठमाडौं उपत्यकाको पूर्वीभाग थानकोटनजिक चन्दनभराटेश्वर महादेवको स्थान छ। महादेवका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यो पनि एक हो। चन्दनगिरिका फेदमा प्रमथगणसहित देवासुरको इच्छा पूरा गर्न चन्दनभराटेश्वर विराजमान हुनुहुन्छ भन्ने हिमवत्‌खण्डको भनाइ छ। पूर्वमा विकटेश्वर साँगादेखि चन्दनभराटेश्वरसम्मको शिवक्षेत्र मानिएको छ। परापूर्व कालमा शिवपार्वती विहार गर्न चन्दन गिरिमा आए। त्यसपछि शिवलिङ्गको रूपमा परिवर्तित हुनुभयो। पार्वतीले चन्दन घोटेर शिवलिङ्गमा निरन्तर अर्पण गरिन्। त्यसैवाट चन्दनगिरि (चन्द्रागिरि) र चन्दनभराटेश्वर नाम रहन गएको कुरा हिमवत्‌खण्डमा उल्लेख छ। विरूपाक्ष पनि यहाँ तीर्थयात्रा गर्दै पुगेको चर्चा पाइन्छ। व्राह्मणको मृत पुत्र पनि चन्दनभराटेश्वरको दर्शन र भस्म गङ्गामा स्नान गरेपछि जीवित भएको कथा प्रचलित छ।

यस पौराणिक महत्त्वको तीर्थस्थलको पुनरुद्धार पुनर्निर्माण भएको छ। श्रीहरि रूपाखेतीले यस तीर्थको महिमा खोज गरी पुस्तिका पनि प्रकाशमा ल्याएका छन्। कार्तिकशुक्ल नवमीमा दर्शनपूजन विशेष फलदायक मानिन्छ।

चन्द्रविनायक, (चाबहिल) काठमाडौं

काठमाडौँको चावहिलमा रहेका प्रसिद्ध गणेशलाई चन्द्रविनायक, रक्तविनायक पनि भन्ने गरिन्छ। प्राचीन कालदेखि नै अवस्थित यी गणेशका पिता हस्तिमुख गणेश हुन्। हस्तिमुख गणेशका ध्यानमा कल्पवृक्ष भनी विराजमान भएको कुरा देवमाला वंशावलीमा उल्लेख छ। घाउखटिरा आएका व्यक्तिले श्रद्धाभक्तिपूर्वक यी गणेशको दर्शन गरे निको हुन्छ भन्ने जनविश्वास छ। यी गणेश उपत्यकाका चार गणेशमध्ये एक हुन्।

चन्द्रदेव नामका कीर्तिशाली राजाको शासनमा विदेशी कुनै राजाले देवपत्तनमा आक्रमण गरे। चन्द्रदेवले पशुपतिको पूजाप्रार्थना गर्दा कल्पवृक्ष मूलस्थित हस्तिमुख गणेशको शरणमा परे राजन्! त्यसैवाट तिम्रो यो आकस्मिक दुःख निवारण हुन्छ भन्ने पशुपतिवाट आज्ञा भएपछि चावेलस्थित गणेशको पूजाआराधना गर्दा आक्रमणकारी राजाको मन परिवर्तन भई जितेको राज्य पनि चन्द्रदेवलाई फिर्ता गरे। गणेशको भक्ति गरेका र वरप्राप्तिवाट प्रभावित भएर आफ्नो नामको अग्रिम दुई अक्षर चन्द्रविनायकमा जोडी यसै नामवाट प्रसिद्ध भएको वुभिन्छ। मल्लकालका राजा भूपतेन्द्र मल्ल राजाकी रानीलाई मेरो पूजा चलाउनू भनी सपना भएअनुसार पशुपतिनाथको पूजा गरी सुनको अर्को कवच वनाई धेरै खेत गुठी राखी कार्तिकशुक्ल पूर्णिमा र प्रतिपदा २ दिन गणेशयात्राको चलन चल्यो। प्रत्येक मङ्गलवार यहाँ दर्शनार्थी भक्तहरूको घुइँचो लाग्दछ।

चम्पकेश्वर, मकवानपुर

चिसापानी चित्लाङ विशङ्खेलमा चन्द्रकान्ति नदी र पश्चिमपट्टिको रत्नकाली नदीको दोभानमा व्रह्मतीर्थ छ। यहीँ चम्पकेश्वर महादेव छन्। वाणासुरको मन्त्री सुवाहुले चाँपको फूलले शिवजीको पूजा गर्दा इच्छासिद्धिको वरदान पाएथ्यो। अगम्य गमनका दोषले कुष्ठरोगी वनेका कौत्सुक नामका व्राह्मण जमदग्नि ऋषिका उपदेशले चैत्रकृष्ण १३ मा यस शिवलिङ्गको दर्शनपूजन गर्दा रोगमुक्त भई सुखसमृद्धि प्राप्त गरेको कथा छ। यस ठाउँको प्राचीन नाम जगावज्रक्षेत्र हो। विरूपाक्षले पनि यस क्षेत्रको सेवन गरेको उल्लेख छ। ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

चम्पकेश्वर, (लेले) ललितपुर

लेलेमा प्रभावती र लेले खोलाको सङ्गममा सरस्वतीतीर्थ छ। यहीँ चम्पकेश्वर शिवलिङ्गधाम छ। मनु नामका व्राह्मणले ध्यान गरी यिनै शिवलिङ्गको पूजा गरी मुक्ति पाएको कथा छ। यस ठाउँलाई कासुन्दर पर्वत भनिन्थ्यो। फागुनकृष्ण चतुर्दशीमा विशङ्ग नामका म्लेच्छले पनि यी शिववाट कृपा पाई मुक्त भएको वर्णन पुराणमा छ। विरूपाक्षले पनि तीर्थयात्राको क्रममा यी शिवको दर्शन गरी पापमुक्त भएको वर्णन हिमवत्खण्डमा उल्लेख भएको छ। नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

चम्पादेवी, (ककनी) ओखलढुङ्गा

कटुन्जे हर्कपुर, विलन्दु, फेदीगुठ, फूलवारी आदि गा.वि.स.का सिमानामा ओखलढुङ्गा सदरमुकामदेखि पश्चिम खास गरी विलन्दु गा.वि.स.को नजिक ककनी रहेको छ। यहाँ चम्पादेवी श्रद्धा र आस्थाकी केन्द्र वनेर रहेकी छन्। यो स्थान धार्मिक दृष्टिले त महत्त्व राख्छ नै त्यसका अतिरिक्त प्राकृतिक दृष्टिले पनि मनोरम छ। करिव २५ फिट उचाइवाट झरेका ७ वटा झर्नाको दायाँवायाँ देवीको मन्दिर छ। यस ठाउँमा कार्तिककृष्ण औँसीदेखि ठूली एकादशी हुँदै पूर्णिमासम्म ठूलो मेला लाग्दछ। ककनीदेवी (चम्पादेवी) को दर्शन गर्न टाढाटाढादेखिका मानिसहरू आउँछन्। गुरुङ वालिकावाट उत्पत्ति भएकी मानिने हुँदा गुरुङ जातिले वढी महत्त्व दिए पनि अरू जातिले पनि समान रूपले भक्तिभाव देखाउँछन्। यो ठाउँ समुद्रसतहदेखि २६४० मिटरको उचाइमा अवस्थित छ। रित्तो कोक्रो लिएर दर्शन गरे सन्तान प्राप्ति हुने, रोग लागेकाले स्नान गरी दर्शन गरे रोग निको हुने, जे चाहना राखेर दर्शन गऱ्यो सो पूरा हुने भएकाले नै श्रद्धालुहरू अनेक दुःख सहेर पनि यहाँ आउने गर्छन्। उत्पत्ति विषयमा अनेक कथा जोडिँदै गएका छन्। कथा जोडिए पनि भक्तहरूको भावना र विश्वासले दुर्गम स्थान भए पनि अत्यन्त श्रद्धा पाएकी चम्पादेवी आदरणीय रूपमा रहेकी छन्।

ककनीदेवीकै अर्को अवतार ओखलढुङ्गा वजारनजिकै दक्षिणपट्टि लगलगेमा २०१८ सालमा भएको मानिन्छ। २०१८ सालमा उत्पति भएको स्थानीय विश्वास छ। यहाँ पनि लक्ष्मीपूजादेखि एकादशीसम्म मेला लाग्छ। यस थानको नाम लगलगे हो र सदरमुकामवाट २ कोसजति दक्षिणमा पर्छ।

चम्पादेवी, काठमाडौं

कीर्तिपुर नगरको सवभन्दा अग्लो ठाउँ दक्षिण दिशामा पर्दछ। यहाँ चम्पादेवीको मन्दिर छ। यो निकै प्राचीन मानिन्छ। चम्पक (चाँप) का फूल फुल्ने हुँदा यहाँ रहेकी देवीलाई चम्पादेवी भनिएको हो भनिन्छ। उपत्यकाको पानी (कालिदह) खोल्ने क्रममा र स्वयम्भूको दर्शनार्थ चीनवाट आएका मञ्जुश्रीका श्रीमतीहरूमध्ये वरदानदेवी केशनी लक्ष्मीलाई पुलोच्चगिरि (फुल्चोकी) मा र मोक्षदादेवी उपकेशनी सरस्वतीलाई ध्यानोच्चगिरि चम्पादेवी पर्वतमा वसालेको कुरा वंशावलीमा लेखिएको छ। यही डाँडामा रही शिखी वुद्धले स्वयम्भुको दर्शन गरेकाले ध्यानोच्चगिरि नाम रहेको र त्यसैवाट ध्यानोच्च, धिनाचो हुँदै घिन्लो वन्न गएको वुझिन्छ। वैशाख १ मा आफ्नो ज्ञान शिखी वुद्धले प्रकाश गरेकाले यस दिन त्यसको सम्झनामा जात्रा हुन्छ। यहाँवाट नेपालका अनेक हिमालको दर्शन पाइन्छ। चम्पादेवीका दुई पाउमध्ये एक पाउ चाल्नाखेल र अर्को पाउ कीर्तिपुर नगरको ७ नं. वडामा पर्दछ भनिन्छ। चम्पादेवीको पाउमा दुधपोखरी छ। यहाँको पानी दुधजस्तै स्वादिस्ट छ। पर्यटकीय र सांस्कृतिक दृष्टिले पनि यो ठाउँ महत्त्व राख्तछ।

चरङ्गेमहादेव, दोल्खा

तामाकोशी र चरङ्गे खोलाको दोभानमा यो मन्दिर छ। पवरी गाउँमा पर्छ। त्यहाँका वस्तु हेर्दा १८ औं शताव्दीका जस्ता देखिए पनि शैवपरम्परा र शतवीज छर्ने चलन त्योभन्दा पुरानो हो। दोभानमा रहेको यस तीर्थस्थलमा ११ जति शिवलिङ्ग छन्। वालाचतुर्दशीमा मेला लाग्छ। शिवालय र पाटी पनि छन्। रामेछाप र दोलखाका भक्तहरूको आस्थाको केन्द्रका रूपमा यी महादेव रहेका छन्। यसलाई पुण्यस्थलका रूपमा पनि भक्तहरूले श्रद्धा राख्ने गरेको पाइन्छ।

चाँगुनारायण, भक्तपुर

वि.सं. ५२१ मा राजा मानदेवले सामन्तलाई दवाएर विजयको उत्सवका क्रममा यहाँ नारायणमूर्ति स्थापना गरी शिलालेख पनि कुँदाएका थिए। भक्तपुर जिल्लाको उत्तरपश्चिमको उच्च स्थानमा अवस्थित यो मन्दिर प्राचीन कालको गौरवमय अभिलेख हो। लैनसिंह वाङ्देलका

अनुसार इसापूर्व दोस्रो शताव्दीमा नै यहाँ उमामहेश्वरका मूर्ति थिए। पछि मात्र मानदेवले यस उच्च स्थानमा नारायणमन्दिर निर्माण गरेथे। यहाँ ४६ वटा प्रस्तरमूर्तिहरू छन्। ती प्रस्तरमूर्तिहरूले नेपालको प्राचीन मूर्तिकलालाई स्पष्ट गर्छन्।

चाँगुनारायण मन्दिरभित्र नारायणको भव्य मूर्ति छन्। पूजारी र भंडेलवाहेक अरूलाई प्रवेश निषेध छ। यहीँ विश्वरूपको मूर्ति, नृसिंह मूर्ति, त्रिविक्रम मूर्ति, गरुडध्वज, श्रीधर, विष्णुलक्ष्मीसहित वैकुण्ठमूर्ति आदि छन्, जसले भगवान् विष्णुका अवतार र सत्कार्यको दिग्दर्शन गर्दछन्। यहाँ कार्तिकशुक्ल एकादशी तथा अन्य पर्वमा मेला लाग्छ।

नारायणको उत्पत्ति विषयमा कथा यस्तो छ : द्वापर युगको अन्त्यमा भगवान् विष्णुवाट एक व्राह्मणको अनजानमा हत्या भयो। प्रायश्चित्त गर्न घुम्दै विष्णु चाँगुमा वस्न थाले छन्। त्यहीँ एक सत्पाल व्राह्मण पनि रहन्थे। गोठाला गाई दुहेर व्राह्मणकहाँ लैजान्थे तर वीचैमा दुध गायव हुन्थ्यो। यसरी दुध वाटैमा हराएकोले गोठाला दिकदार थिए र व्राह्मण पनि खिन्न भए। म आफैँ दुहेर ल्याउँछु भनी व्राह्मण गएर दुध दुहेर ल्याउँदा वाटोमा दिसा लागी चाँपको रूखमा दुध झुन्डचाई दिसा गर्न गए। फर्केर आउँदा त दुधको ढुङ्ग्रो रित्तै देखे। छक्क परे। अर्को दिन गोठालालाई दुध ल्याउन लगाई आफू खुकुरी लिएर पछि लागे, दुध कसरी हराउँछ भनी। त्यहीँ आइपुगेपछि पिसाव लागी त्यहीँ चापको रूखमा दुध झुन्ड्याए। त्यही रूखवाट एक सुन्दर युवक निस्की दुध पिउन थाल्यो। त्यो देखी व्राह्मणले खुकुरी प्रहार गरी युवकको घाँटी छिनाले। शङ्ख, चक्र, गदा, पद्म लिएका भगवान् विष्णु प्रकट भए। व्राह्मणले पश्चात्ताप माने। पश्चात्ताप मान्नु पर्दैन, मैले व्रह्महत्या गरेको कारणले व्राह्मणकै हातवाट मैले काटिनुथियो काटिएँ, म यहीँ वस्छु। मन्दिर, मूर्ति स्थापना गर्नू। मेरो दर्शन गरेमा व्रह्महत्यादि पाप नाश हुनेछन् भनी भगवान् विष्णु अलप हुनुभयो।

यस्तै अनेक कथा छन्। नेपाल माहात्म्यले पनि यसलाई पुष्टि गर्छ। नेपालका पुरातात्त्विक स्थलमध्ये एक महत्त्वपूर्ण प्राचीन गौरवमय स्थलका रूपमा यस स्थानको परिचय पाइन्छ। पर्यटक, वनभोजार्थी, इतिहासविद् तथा संस्कृतिविद्हरूका लागि यो स्थान दर्शनीय छ। संरक्षण र सुधार आजको आवश्यकता हो।

चाँगुनारायण मन्दिर, (पालुङ) मकवानपुर

पालुङको अँगारे गाउँमा रहेको यो मन्दिर झन्डै ३५० वर्ष पुरानो मानिन्छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरमा नारायणको मूर्ति छ।

दायाँतर्फ गरुड र वायाँतर्फ लक्ष्मीको मूर्ति पनि रहेको छ। सामान्य पूजाआजा हुन्छ । विशेष प्रवन्ध यसमा खास देखिँदैन। भक्तपुरकै चाँगुनारायणको अनुकरण गरेर नामकरण गरिएको हो कि यसै भन्न सकिँदैन ।

चामुण्डादेवी, (जोरपाटी) काठमाडौँ

जोरपाटीको मुख्य वजारदेखि करिव ३०० मिटर उत्तरमा मनोरम सानो ढिस्कोमा चामुण्डामाईको मन्दिर छ। यहाँवाट चाँगुनारायण र गुह्येश्वरीको दर्शन गर्न सकिने हुँदा मानगृह यतै थियो कि भन्ने अनुमान हुन्छ। यस ठाउँमा सतीदेवीको नङ पतन भएर चामुण्डादेवीको उत्पत्ति भएको मानिन्छ। यहाँ पहिलेपहिले कसैलाई केही रकम वा भाँडाकुँडा चाहिएमा योयो चिज यति दिनका लागि चाहियो भनी लिखित माग गरेमा अर्को दिन त्यति रकम वा चिज सापटी पाइन्थ्यो रे। कसैले म्यादभित्र फिर्ता नगरी वेइमान गरेकाले यो क्रम रोकिएको जनश्रुति छ। चण्डमुण्डलाई मार्ने चामुण्डा देवीको महिमा ठूलो छ। मरेको मानिसको शव नै यिनको वाहन छ। दस दिक्पालको रक्षा गर्ने जिम्मेवारी यिनको छ। यहीँ धनसिंह कोट छ। यहाँ धनसिंहकोट गणेशको मन्दिर छ। अर्घातिश्वर महादेव, महाँकाल भैरव आदिका मूर्ति पनि छन्। शनिवार चैत्राष्टमी, महाष्टमी आदि पर्वमा चामुण्डादेवी अर्घातिश्वर महादेवलाई भेट्न जान्छिन् भनिन्छ। यिनी जाँदा राती अन्धकारमय हुन्छ। हिँडेको आवाज पनि आउँछ। यहाँ २०१८ सालतिर वाघ आएर वसेको, त्यसलाई अरूले हटाउन नसकेकाले राजा महेन्द्र आई देवीको दर्शन गरी सिकार गरेको तर सिकार गर्नु अघि नै वाघ मरेको पनि स्थानीय वासिन्दा प्रकाश पार्छन्। यहाँ भक्तहरू पूजाप्रार्थना गर्छन् र गुठी पनि खडा गरेका छन्।

चारुमतीबिहार, (चाबहिल) काठमाडौँ

चावेलवजारको दक्षिणपश्चिमतर्फ यो वहाल छ। मूलढोकाको दायाँवायाँ सिंहका मूर्ति, भित्र गणेश तथा महाँकालका मूर्ति पनि छन्। वहालको दक्षिणपट्टिको खण्डमा मूलदेवता पद्मपाणि लोकेश्वरको आकर्षक मूर्ति छ। स्थानीय वासिन्दा वज्रपाणि लोकेश्वरका रूपमा पूजा गर्ने गर्दछन्। चोकमा प्रस्तरका चार चैत्य छन्। एउटा चैत्यको चारैतर्फ पूर्णाकारको पद्मपाणि वोधिसत्वको मूर्ति पनि छ। यसले चतुर्नारायण वा शिवलिङ्गको प्रभाव पनि झल्काउँछ। चारुमती वहाल हुँदै छोटकरीमा चावहिल भएको मानिन्छ। चारुमती अशोककी छोरी थिइन्। क्षेत्रीय राजाले मालिनी तल्लो जातसँग विहा गरे। मालिनी नै गङ्गारानी वनिन्। उनवाट जन्मेका सन्तानलाई वस्न चाः विहार वनाइएको भन्ने पनि

पाइन्छ। तिव्वतमा जाने मन्त्री, व्यापारी राती वास वस्ने ठाउँ भएकाले पनि चाः विहार भनिएको हो। चा भनेको राति, वहिलको अर्थ निवास भन्ने हुन्छ। यो वहालमा कुमारी छन्। शाक्यहरूका छोरीमध्येवाट कुमारी छान्ने चलन छ। कुमारीले दिशिपूजा, अक्षयतृतीया पनसदान आदिमा भाग लिन्छिन्। चावहिल सहरको एक टोलको नाम भए पनि यसको सांस्कृतिक स्थिति अनुसन्धेय छ।

चिसापानीगढी, मकवानपुर

भीमफेदी गाउँमा यो गढी छ। उत्तरमा फापरवाडी पहाड, पूर्वमा देउराली पहाड, दक्षिणमा लामखोला र पश्चिममा जुरीखेत पर्दछ। पूर्वदक्षिणमा भीमफेदी वजार पर्दछ। यसको प्राचीनता पुष्टि गर्न श्री ५ गीर्वाणका समयमा निर्मित तोपहरू यहाँ राखिएका छन्। भारत तथा तराई क्षेत्रवाट काठमाडौं आउने मूल वाटो परेकाले तोपको प्रवन्ध हुनु, सुरक्षा गरिनु युक्तिसङ्गत देखिन्छ। चारैतिर पर्खाल लगाइएको १०/१२ रोपनी जमिनमा मजवुत किसिमले यो गढी वनाइएको छ। शत्रुको प्रवेश रोक्न चारैतिर खाडल खनिएको छ। उपत्यकावाट वाहिर जाने र भित्र आउने द्वार भएकाले राहदानी चेक पनि यहींवाट हुन्थ्यो। ठूलो कालीतोप १ र जङ्गवहादुर लेखिएको साना ८ तोप पनि छन्। यहीं नजिक वटुकभैरवको मन्दिर छ। भैरवको मूर्ति हेर्नुहुँदैन भनेर ढाकेर राखिएको छ। मन्दिरभित्र सुनका मुण्डमाला, चाँदीका डण्डा, छत्रावलि, सिंहासन पनि छन्। वटुकभैरवमा चैतेदसैं वडादसैंमा पूजा हुन्छ। अघिपछि पनि नित्यपूजा सुरक्षाटोलीले गर्दछ। पहिलेको सदरमुकाम यहीं थियो। हेटौडा सरेपछि यहाँको रौनकमा कमी आए पनि यसको ऐतिहासिक महत्त्व छ।

चित्रसारी, चितवन

बूढी रापतीको किनारमा चित्रसारी पर्दछ। चित्रसेनले राज्य गरेको स्थान भएकाले चित्रसारी भनिएको हो। चित्रसेनकै नामवाट अपभ्रंश भई चितवन भएको पनि हुन सक्छ। किनकि उनको राज्यलाई चित्रवन भनिन्थ्यो। चित्रवनवाट चितवन हुनु स्वाभाविक पनि छ। चित्रसेनका तीन भाइ थिए जसपाल, गुनपाल र वुधसेन। थारु जातिका यिनीहरूमध्ये चित्रसारीमा चित्रसेन, मोहनामा जसपालव, गुनपालको नरकटिया र वुद्धसेनको पूजा गधभारक नामका गाउँमा हुन्छ। चित्रसेनलाई वोका र परेवाको वलि दिइन्छ। दुध, जनै, धुप अर्पण गरिन्छ। कुखुरा र हाँस चल्दैन। चित्रसेनको मन्दिरसँगै महादेवको मन्दिर पनि छ। चित्रसेनको मन्दिर निकै प्राचीन हो। यसमा दैवीशक्ति छ भन्ने स्थानीय वासिन्दाको भनाइ छ। बूढी रापतीमा वाढी आई मन्दिरतिर वढे तोप चलेजस्तो

आवाज आउँछ र पानी तर्केर जान्छ, मन्दिर केही हुँदैन। चित्रसेन र महादेवका मन्दिरमा मध्यकालीन माटाका हात्ती, ऊँट, चरा आदिका आकृति भेटिन्छन्। यहाँका सवै चित्रसेनकै छत्रछायाँमा रहेको स्थानीय वासिन्दाको भनाइ छ।

चुरियामाई, मकवानपुर

चुरिया गाउँमा माईको मन्दिर छ। माईकै नामवाट गाउँको नाम पनि चुरिया रहेको छ। चुरे पहाडमा उत्पन्न भएकी हुनाले चुरेमाईवाट चुरियामाई भएकी हुन् भन्ने जनविश्वास छ। प्रथम विश्युद्धवाट नेपाली सैनिक फर्कदा अमलेखगञ्जवाट भीमफेदीसम्म वाटो वन्यो। यसै वेला चुरिया पहाडवाट सर्वसाधारण दर्शनार्थीको सुविधाका लागि चुरिया गाउँमा भगवतीको मन्दिर पनि स्थानान्तर गरिएको भनिन्छ। मन्दिर गुम्वज आकारको छ। यहाँ नित्यपूजा हुँदैन। शनिवार र मङ्गलवार भक्तहरूवाट पूजा हुन्छ। वडादसैंमा विशेष पूजा हुन्छ। यी भगवतीप्रति भक्तहरू विश्वास र आस्था राख्तछन्।

चूलोघर (देवघर), धनकुटा

नगरको विहिवारे हटियाछेउमा रहेको यो घर आठपहरिया राई जातिको देवघर मानिन्छ। यसमा ५२ घर मिलेर पूजा गरिने, मार्गाथानका चाहिने पूजासामग्री यसमा राखिने गरिन्छ। परम्परागत रूपमा पूजासामान, चूलोहरू रहँदै आएको छ। खास यसै सालमा वनेको भन्न सक्ने स्थिति देखिएन। नेपाली शैलीमा निर्मित यसमा ५३ चुलो, मार्गास्थानका चाँदीका छत्र, ढोल, नरसिंह, नगरा, सनही र अन्य सामान पनि राखिने गर्छ। ५२ घर जहाँजहाँ रहे पनि विवाह, मृत्युजस्ता घटना हुँदा यहीँ जम्मा हुने, पितृपूजा गर्ने चलन छ। वैशाख, मार्ग र भाद्र महिनामा मार्गास्थानमा पूजा हुँदा यहींका सामग्री प्रयोग हुने र ढोल वजाएर नाच्ने र इष्टदेवदेवीको आराधना गर्ने गरिन्छ। पुरातत्त्व विभागवाट यस घरको मर्मत भएको छ।

चौदण्डीगढी, (किल्ला) उदयपुर

चौदण्डी गाउँमा यो गढी छ। गढीकै नामवाट गाउँको नामकरण भएको छ। स्थानीय वासिन्दा सेन राजाको दरवार भन्छन् यस गढीलाई। वास्तवमा यो एउटा किल्ला हो। चारैतिर ढुङ्गाको पर्खाल छ। दक्षिणपूर्वतर्फ चौर छ। पूर्वमा मौलो छ। मौलोमा वलि दिने चलन छ। यहीँ गणेशको मूर्ति छ। पश्चिमपट्टिको ढिस्कोमा देवीदेवताका स्थान निर्मित छन्। पहिले यहाँ कलात्मक मूर्ति थिए भनिन्छ। अहिले प्रतीकका रूपमा पत्थर छन्। १५/२० मिनेटको दूरीमा दरवारका भग्नावशेष पनि छन्। सम्भवतः सेन राजाको परिवार यहीँ थियो। यसलाई फुर्केगढी पनि भनिन्छ। यहाँ वस्ती त्यति नभएकाले यसको अस्तित्व विस्तारै घट्तै छ।

छत्रदेवता, (रूपाकोट) गुल्मी

गुल्मीको रूपाकोटमा छत्रदेवताको मन्दिर छ। सर्वप्रथम माझकोटमा छत्रदेवता स्थापित थिए भनिन्छ। माझकोटवाट खड्ग र तरवार ल्याई स्थापना गरेकाले उनै छत्रदेव हुन् भनिन्छ। अन्दाजी १५ फिट उचाइ र १० फिट चौडाइको ढुङ्गाको छानो भएको मन्दिर छ। अन्दाजी दुई फिट अग्लो पित्तलको गजुर छ। यहाँ नित्य र पर्वपूजा पनि हुन्छ। वार्षिक पूजा विजयादशमीमा हुन्छ। घटस्थापनादेखि नवमीसम्म दुर्गा सप्तशती पाठ पनि गरिन्छ। यस वेला त्यस भेगका मानिसहरू भेला हुन्छन्। फूलपाती मेलापोखरीमा सेलाउन लैजाने चलन छ। यस भेगका मानिसहरूका आस्था र विश्वासका देवताको रूपमा छत्रदेवता रहेका छन्।

छत्रमन्दिर, (हर्दिनेटा) गुल्मी

गुल्मीको हर्दिनेटा पुरानो वस्ती हो। गुल्मीका चार पालामध्ये यो उत्तरी भेगमा रहेको छ। हर्दिनेटाको पुछारमा अन्दाजी ५ हजार फिट अग्लो २०० फिट वर्गाकारको थुम्कोमा छत्रदेवताको मन्दिर छ। छत्रदेवताप्रति स्थानीय वासिन्दाको पूर्ण विश्वास र आस्था छ। कुनै भाकल गर्नुपरे सवेरै उठी नित्यकर्म सकी मन्दिरको गजुरतिर फर्केर चिताएको कार्य सफल भए वलि चढाउँछु भनी प्रार्थना गर्दछन्। त्यो वाचा सफल भएका घटना पनि निकै भएकाले विश्वास वढेर गएको छ।

मन्दिर नेपाली शैलीमा छ। गर्भगृहमा डेढ फिट उचाइको सभङ्गासनमा दौराको तुना टोकिरहेको मूर्ति छ। मूर्ति हेर्दा मध्यकालीन प्रतीत हुन्छ। प्रत्येक आइतवार चार पूजारीले पूजा गर्नुपर्छ। तीन व्राह्मण र एक क्षेत्री। चढाइएको भेटीद्वारा नै पूजा चलेको छ। नपुगे चन्दा पनि उठाइन्छ। आइतवार वलि चढ्छ। वडादसैं र चैतेदसैंमा पनि यहाँ भव्य मेला लाग्छ। टाढाटाढावाट पनि मानिसहरू आउँछन्। सराए (खुडा र तरवार नाच) को पनि प्रदर्शन हुन्छ। सराए मुसलमानी प्रभुत्ववाट आएको हो कि ? भाकल गर्नेहरू पञ्चवलि या एक वलि चढाउँछन्। त्यस भेगमा यस छत्रदेवको महत्त्व पनि ठूलो छ।

छत्रमहाराज, (बर्बरे) अर्घाखाँची

छत्रगञ्ज गाउँमा रहेको छत्रदेवता निकै प्रसिद्ध छन्। यस ठाउँलाई पहिले उल्क भनिन्थ्यो। छत्रदेवताको स्थापनापछि छत्रगञ्ज भनियो। छत्रदेवता महाराजका वारेमा अनेक किंवदन्ती छन् तीमध्ये एक यस्तो छ : महाभारत युद्धमा जसको हार हुन्छ त्यसकै पक्ष लिने विचारले वर्वरे नामका राजा आफ्ना शक्तिशाली तीन वाण लिएर गएका थिए। वाटैमा कृष्णले परीक्षण गरे। परीक्षण गर्दा साँच्चै शक्तिशाली देखेर वर्वरेको शिर छेदन

गरिदिए सुदर्शन चक्रले। सुदर्शन चक्रले शिर छेदन भएकाले कृष्णको कृपाले महाभारत युद्ध हेर्न पाउने र उनले चाहेको ठाउँमा वस्न पाउने वर कृष्णले दिए। महाभारत सकिएपछि युद्ध कसले जित्यो भन्ने क्रममा पाण्डववीच झगडा हुँदा वर्वरिको टाउकोले युद्ध त केही होइन कृष्णको सुदर्शन चक्र घुम्ने र टाउको काट्ने, द्रौपदी रगत पिउने, अरू वीर त भुसुनाजस्ता लागे भनेर जवाफ दिएथ्यो। वर्वरिले आफ्नै पावन स्थल उल्कमा वस्ने इच्छा गरेकोले उनको टाउको ल्याएर यहीँ स्थापना गरिएको भन्ने जनश्रुति छ। यसैलाई छत्रमहाराज, छत्रदेवता, भन्ने गरिएको छ। माझकोट गुल्मी र रूपाकोटसम्म पनि छत्रदेवताको प्रभाव छ। गर्भगृहमा छत्रदेवताको शिर छ। पुजारीवाहेक अरूले हेर्नुहुँदैन भनिन्छ। यहीँ गणेश तथा पाण्डवहरूको पनि मन्दिर छ। पाण्डवमन्दिरमा पनि पूजापाठ गरिन्छ। छत्रस्थलमा दुई हात भएकी, दुवै हातमा लोटा लिएकी पखेटा भएकी देवीको मूर्ति पनि छ। नित्यपूजा हुँदैन। आइतवार र पूर्णिमामा षोडषोपचार र तान्त्रिक विधिपूर्वक पूजा हुन्छ। श्रीपञ्चमीदेखि चैतेदसैँसम्म वलि चढ्छ। वडादसैँ, चैतेदसैँ र वैशाखपूर्णिमामा तीनपटक पर्वपूजा हुन्छ। जमरेऔँसीदेखि वेदपाठ, सप्तशती पाठ गरिन्छ। षष्ठीका दिन पूजारीहरू वल्कोट गएर लिङ्गो (वाँसको) काटेर ल्याउँछन्। ११/११ हातका लिङ्गा नै नैनसुतले वेरेर ल्याइन्छ। लिङ्गा काट्न जाँदा र आउँदा कसैले पनि देख्तैनन् भन्ने जनधारणा छ। लिङ्गो महाराजको मन्दिरभित्र गाडिन्छ र मूल लिङ्गोमाथि महाराजलाई राखिन्छ। अष्टमीको कालरात्रिमा महारानीको गुठीमा भेडो वलि चढाउने चलन छ। दशमीका दिन माझकोट वजारमा छत्र महाराजको सवारी चलाइन्छ। यस भेगका अनेक गाउँवाट सराए पनि ल्याइन्छ। वजारवीच सराए प्रतियोगिता हुन्छ। भेडो काटी महाराजलाई आफ्नै मन्दिरमा फिर्ता ल्याउने चलन छ।

वर्वरि त्यस वेलाका शक्तिशाली, तपस्वी, वीर राजा थिए, जसले त्यत्रो महाभारत युद्धका वीरलाई पनि जित्ने चाहना राखेथे। कृष्णको चतुऱ्याईंले त्यो सम्भव भएन तापनि उनको वीरताको कदर आज पनि भइरहेको स्थानीय वासिन्दाको ठहर र विश्वास छ।

छाङ्गछाङ्गदी, (शिवलिङ्ग) स्याङ्जा

छाङ्गछाङ्गदी गाउँमा यो मन्दिर छ। सतीदेवीको अन्तिम अङ्ग पतन भएर यो पीठ उत्पत्ति भएको मानिन्छ। शिवपार्वती दुवैको यहाँ पूजा हुन्छ। यो प्राकृतिक रूपले वनेको ओडार (गुफा) हो। माथिवाट पानी खसेर गाईको मुखजस्तो धारावाट पानी झर्छ। भक्तहरू यही धारामा स्नान गरी दर्शन गर्छन्। नेपाली शैलीको सानो मन्दिर पनि यहीँ छ जसमा शिवलिङ्ग छ। यसमा अविरल जलधारा झरिरहन्छ। औँसी एकादशीमा भिड लाग्छ।

खास गुठी छैन । भक्तहरूको श्रद्धावाट पूजा चलेको छ । यसको दक्षिणपट्टि हात्तीको सुँड आकारको शिला छ, जसलाई गणेश मानेर पूजिन्छ । यहीँ उत्तरतिर देवीको सानो मन्दिर छ जसमा अष्टभुजादेवीको मूर्ति छ । यहीँ सन्तोषीमाताको स्थापना पनि पछि गरिएको छ । शिवरात्रिमा १५ दिनसम्म यहाँ मेला लाग्छ । टाढाटाढावाट पनि मानिसहरू आएर आआफ्नो भक्तिभाव अर्पण गर्दछन् । यहीँ ३ नं. वडामा तल्लो शिवालय छ । यहाँ सानो मन्दिर छ । प्रस्तरको शिवलिङ्ग छ । यो करिव २०० वर्ष प्राचीन मानिन्छ । यसको गुठी भए पनि आमदानी छैन । सामान्य रूपमा चलेको छ ।

छाल्नागढी. (भगवतीमन्दिर) बझाङ

पौवागढी गाउँमा छान्नागढी छ । यसलाई शैलेश्वरी भगवती छाल्नागढी भनिन्छ । यसको अस्तित्व प्राचीनं भए पनि यसको रुक्कापत्र वि.सं. १८६६ को छ । डाँडाको शिखरमा यो गढी छ । तीनतिर भिरालो छ । ढुङ्गाको पर्खालले घेरिएको छ । गढीका वीचमा शैलेश्वरी भगवतीको मन्दिर छ । मन्दिर शिखर शैलीको छ । भित्र सिंहारूढ भगवतीको आकर्षक मूर्ति छ । ससाना अन्य प्रस्तरमूर्ति पनि छन् । वाहिर प्रस्तरको सिंह छ । त्यहीं शिवलिङ्ग पनि छ । यहाँ नित्यपूजा हुँदैन । चैतेदसैँ र वडादसैँको अष्टमीमा पर्वपूजा हुन्छ । ड्यौडा पनि खेल्छन् । भोगवलि पनि चढाउँछन् । गाउँलेले पूजासामान तयार गर्छन् । यी देवी प्रत्यक्ष छिन्, फल दिन्छिन् भन्ने जनविश्वास छ ।

छाब्दीवाराही. (मत्स्यगन्धादेवी) तनहुँ

कुनुङ छाव्दीवाराही गाउँमा यो मन्दिर छ । वेदव्यासकी आमा मत्स्यगन्धा यहाँ देवीको रूपमा प्रकट भएको जनश्रुति छ । यही स्थानमा गर्भवती भएर व्यासलाई कन्या अवस्थामा नै उनले जन्म दिएकी थिइन् । शिखर शैलीको पश्चिमाभिमुख यस मन्दिरमा देवीको शिला छ । कमलको फूलको वरिपरि माछाको रूपवाट देवी उत्पत्ति भएको देखाइएको छ । ६ हात भएकी शङ्ख, चक्र, त्रिशूल र अन्य अनेक आयुध लिएको मूर्ति छ । यहीं गणेश मूर्ति छ, खुकुरी खुंडाका अतिरिक्त घण्टहरू पनि छन् । अगाडि पोखरी पनि छ । मन्दिरवाहिर शिखर शैलीको भीमसेन मन्दिर छ । यहाँ वलि पनि चढ्छ, औंसी, एकादशी र श्रावणमा वलि निषेध छ । १९३१ सालको लालमोहर छ । त्योभन्दा पहिलेको प्रमाण नभेटिंदा यसै भन्न सकिंदैन । शुद्ध मनले भाकल गरेको पुग्छ, यहाँका माछा मारेर खानुहुँदैन भनिन्छ । मत्स्यकुण्ड पनि छ, जहाँवाट मत्स्यगन्धा उत्पन्न भइन् भनिन्छ । यहाँ पनि पूजा हुन्छ ।

छत्रेश्वरीपीठ, (छायाछत्र) सल्यान

सल्यानको छायाँछत्र गाउँमा छत्रेश्वरी देवीको पीठ छ। सतीदेवीको शेष अङ्गहरू पतन भई यस पीठको उत्पत्ति भएको मानिन्छ। यो पीठस्थान शारदा नदी र लङ्गिनी नदीको सङ्गमस्थल शङ्खमूल अलिकति टाढा पहाडमा छ। यहाँ शिवरात्रिमा भव्य मेला लाग्छ। यो ठाउँ सदरमुकामवाट चार कोसको दूरीमा पर्दछ। यहाँ एक विशाल ढुङ्गो छ जहाँ पातलो सङ्गमर्मरको पत्र लागेको जस्तो देखिन्छ। त्यसैलाई सतीदेवीको शेष भनिन्छ। यसलाई छायाँछत्रपीठ पनि भन्ने गरिन्छ। यो टल्कने ऐनाजस्तो थियो । न्यायअन्याय छुटचाउन यस ऐनामा हेर्ने गरिन्थ्यो रे। यसमा भगवतीको शक्ति थियो रे। यसमा हेर्दा टाढाका गाईवस्तु, मानिस, खेत सवै देखिन्थे रे। सल्यानकै एक सार्कीले एक जनाको गोरु चोरेर सुर्खेत पुऱ्याएछ। गोरु कहाँ गयो भनेर गोरुधनीले छायाँछत्रमा आई हेर्दा सुर्खेतमा अर्केले जोतिराखेको देखेछ। मेरो गोरु चोर्ने भनेर गई हकारेछ। कसरी थाहा पाइस् भन्दा छायाँछत्रमा हेर्दा थाहा पाएँ भनेपछि सार्कीले सुँगुरको सपेटा लगी छायाँछत्रमा वलि दिएछ। यस प्रकरणले त्यो पत्थर फुटेर झरेछ र मैलिएर त्यसरी प्रत्यक्ष देखिन छाडेछ भन्ने भनाइ स्थानीय जनताको छ। यहाँ शिवरात्रिमा मेला लाग्छ। टाढाटाढावाट भक्तहरू आउँछन्। श्रद्धाको केन्द्रझैँ लाग्छ। छायाँछत्र, छत्रेश्वरीदेवी र पिचाशेश्वर महादेवप्रति स्थानीय वासिन्दाका अगाध श्रद्धा छ, विश्वास छ। यहाँको प्रसिद्ध तीर्थस्थलका रूपमा यसको उच्च स्थान छ।

छायाँछत्र पीठ, काठमाडौँ

काष्ठमण्डपअगाडि यो पीठ छ। देवमाला वंशावलीमा पनि सतीदेवीका हाडखोर पतन भई यस पीठको उत्पत्ति भएको चर्चा छ। हिजोआज भूतिसल वा भूतेश्वर, भूतेश्वरी भन्ने गरिन्छ। इन्द्ररत्न वज्राचार्यको अनुसन्धानवाट उक्त पीठ यही हो भन्ने पत्ता लागेको हो। यहाँ अष्टभैरवहरू पनि छन् भनिन्छ। नित्यपूजाका अतिरिक्त पर्वपूजाको पनि प्रवन्ध छ।

छायाँनाथ, (देवालय) मुगु

श्रीनगर गाउँमा छायाँनाथ रहेका छन्। यसको प्राचीनतावारे खास प्रमाण छैन। प्यागोडा शैलीको एकतले मन्दिरमा रणमुछे भगवती, शिवपार्वती, विष्णु, वुद्ध, लक्ष्मी, छायाँनाथ ठाकुरजी, आसवुर्गा, गणेश, भगवतीका मूर्तिहरू रहेका छन्। यहाँ नित्यपूजाको प्रवन्ध गुठीमार्फत नभए पनि भक्तहरूको श्रद्धावाट हुन्छ। सांस्कृतिक पर्वहरूमा विशेष भक्तहरू आई आआफ्नो भक्तिभाव अर्पण गर्दछन्।

छिन्नमस्तानारायण, काभ्रे

नासिकास्थान गाउँमा राजमार्गको उत्तरतर्फ ढिस्कोमा भग्नावशेषका रूपमा यो मन्दिर छ। पहिले ९ तले मन्दिर थियो भनिन्छ। यहाँका टाउको काटिएका नारायणको मूर्ति विकटेश्वर महादेवको सत्तलमा राखिएको छ। साँगावाट ल्याइएको शिरविहीन नारायरणको मूर्ति पनि छ। लिच्छविकालीन शिलालेख भए पनि वुभ्न नसकिने स्थितिमा छ। विकटेश्वरका पुजारीले नै यहाँ पूजा गर्छन्। कृष्णाष्टमीमा यहाँ जात्रा पनि लाग्दछ।

छिन्नमस्ता, (सखडा) सप्तरी

नेपालमा शक्ति आराधनाको ठूलो महत्त्व छ। शक्तिपीठहरू नेपालमा अनेक छन्। सप्तरीमा रहेकी छिन्नमस्ता भगवतीका अगाडि नास्तिकहरू पनि शिर झुकाउन वाध्य हुन्छन्। मन्दिरको परिसरभित्र झुटो वोल्नुहुँदैन वोलेमा अनिष्ट हुन्छ भन्ने प्रवल धारणा छ। त्यहाँ पुग्नेवित्तिकै अगाध श्रद्धा र विश्वास उत्पन्न हुन्छ।

राजविराज सदरमुकामदेखि १० किलोमिटर दक्षिणमा अवस्थित छिन्नमस्ता सखडामा श्रद्धापूर्वक मनआत्माले अर्चना गरेमा भक्तको मनोकान्छा पूर्ण हुने जनधारणा छ। त्यसैले भक्तहरू वारम्वार दर्शनार्थ जाने गर्छन्। भगवती शक्तिशाली छन्। अहिले पनि प्रत्येक दिन वलि चढाइन्छ। त्यहाँ पुग्ने वित्तिकै भक्तहरू प्रसन्न वन्छन् र सन्तोषको अनुभव गर्छन्।

त्यहाँ हजारौं वोकाको वलि चढाउँदा वगेको रगतमा झिँगा वस्तैनन्। त्यस रगतले लुगामा दाग वस्दैन। भक्तहरू यो प्रत्यक्ष देख्छन्। आश्विनशुक्ल षष्ठीदेखि महानवमीसम्म ठूलो मेला लाग्छ। नेपाल तथा भारतवाट समेत ठूलो सङ्ख्यामा भक्तको भिड लाग्छ। दसैंको महाअष्टमीमा तान्त्रिक विधिअनुसार पूजा गरिन्छ। भाकल पूरा गर्न देवीमा फूल चढाई त्यसैको जन्तर वनाएर लगाउने चलन पनि छ। नित्यपूजाको प्रवन्ध पनि छ। दक्षिणकाली, महिषमर्दिनी, चामुण्डा, भैरवी, छिन्नमस्तासमेत पञ्चभगिनीका मूर्ति छन्। शिर नभएकाले छिन्नमस्ता भनिएको हो। वलिको रगत पोखरीमा पुऱ्याइन्छ, त्यही पोखरीमा देवीको टाउको छ र वलि खान्छिन् भन्ने विश्वास छ।

पुरातन मन्दिर जीर्ण भएकाले २०४४ सालमा राजा वीरेन्द्रवाट दर्शन गरी रु. पाँच लाख मन्दिर निर्माणार्थ दिएकाले त्यस रकमवाट भव्य मन्दिर निर्माण भएको छ। तीन टुक्रामा विभाजित छिन्नमस्ता सखडाको मूर्ति मध्यकालीन कर्णाटवंशी राजा नान्यदेवका पाँचौं पुस्ताका राजा शक सिंह (१२७५-१३०३) ले आफ्नो जीवनको उत्तरार्द्धमा हरिसिंह देवलाई राजपाट सुम्पेर इष्टदेवी स्थापित गरेको कुरा विभिन्न पुस्तकमा लेखिएको छ। नेपाली तथा भारतीय नागरिककी श्रद्धा र आस्थाकी देवीका रूपमा उनी रहेकी छन्।

छिन्नमस्ता गाउँमा यो मन्दिर छ। २१ औँ शताव्दी सिम्रौनगढमा राज्य गर्ने कर्णाटवंशी नान्यदेवका वंशजको अधीनस्थ यो भूभाग पछि पाल्पाली सेनवंशी राजा लोहाङ्ग सेनका अधीनमा रहन गयो। सन् १७७३ मा वडामहाराज पृथ्वीनारायणवाट विशाल नेपाल एकीकृत भयो। यहाँ पाइने पुरातात्त्विक सामग्री सिम्रौनगढका सामग्रीसँग मिल्दाजुल्दा छन्। यसवाट यसको प्राचीनता वुझिन्छ। २१ औँ शताव्दीमा सिम्रौनगढको शक्र सिंह मुसलमानको आक्रमणमा पराजित भई निर्वासित हुँदा यहाँ आएर वसे। आफ्नी कुलदेवीलाई यहीँ ल्याई स्थापना गरे। यी भगवतीलाई शक्रेश्वरी पनि भन्ने गरेको कारण यही हो्। नेपाली तले शैलीमा यो मन्दिर निर्मित छ। मन्दिरको गर्भगृहमा कालो प्रस्तरको शिररहित महिषासुरमर्दिनी भगवतीको मूर्ति छ। मुसलमानकै आक्रमणमा शिरभाग टुटेको हो अथवा शिर नभएकै कारण छिन्नमस्ता नामले यी देवी प्रख्यात भएकी छन्, त्यो अनुसन्धानको विषय हो। यी देवीका वरिपरि अनेक देवमूर्ति राखिएका छन् जो मल्लकालीन प्रतीत हुन्छन्। यी देवी साक्षात् छन्। भक्तहरूका चाहना पूरा गर्छिन्। यहाँ नेपाल तथा भारतवाट पनि दर्शनार्थी आउँछन्। गुठी छ, नित्यपूजा हुन्छ। चैतेदसैं वडादसैंमा मेला लाग्छ। वलि चढ्छ। पूर्वी क्षेत्रको प्रसिद्ध शक्तिपीठका रूपमा यी देवीको स्थान छ। यिनलाई षखडेश्वरी पनि भनिन्छ।

छिम्केश्वरी भगवती, (बन्दिपुर) तनहुँ

गण्डकी अञ्चलको वन्दीपुरको विटकन शिखरमा छिम्केश्वरी भगवतीको मन्दिर र मूर्ति छ। यहाँ चैत तथा दसैंका नवरात्रिहरूमा मेला लाग्छ। यहाँ एक्लै जान कठिन भए पनि समूह मिलेर, प्राकृतिक आनन्द सँगाल्दै जाने गरिन्छ। सुन्दर, घना जङ्गलका वीचमा अवस्थित यो शिखर अत्यन्त रमणीय छ। यी भगवती भक्तका चाहना पूर्ण गर्नमा प्रसिद्ध छन्। त्यसैले अनेकौं खालका दुःखकष्टको पनि पर्वाह नगरी भक्तहरू यहाँ दर्शन गर्नका लागि जाने गर्दछन्।

छोङ्खा साकेवा, भोजपुर/खोटाङ

धेरै समय पहिले काठमाडौँका एक राजाका समयमा तन्त्रमन्त्र प्रयोग गर्न सिपालु किराँत तान्त्रिकले साधना गरी राजालाई रिझाएपछि घर फर्कन चाह्यो। राजाले हीरामोती, धनसम्पत्ति सकेको लैजाऊ भने तर त्यसले म केही पनि लान्न पाशुपत क्षेत्र वागमतीतीरको एउटा ढुङ्गो लैजान्छु भन्यो, राजाले पनि हुन्छ भने। तान्त्रिक किराँतले जाँडपानीले भरिएको चिन्डो, अदुवा र अक्षताले पूजा गरी ढुङ्गो झोलामा हालेर आफ्नो घरतिर लाग्यो। काठमाडौँ उपत्यका हल्लिन थाल्यो, अनेक उत्पात मच्चिन

थाल्यो। यो देखेर राजाले भारदारी सभा वोलाए। के भयो भनी छलफल चल्यो। अरू त केही होइन एक तान्त्रिकले पाशुपत क्षेत्रको एउटा ढुङ्गो लौजान्छु भनेको कुरा राजाले वताए। त्यसै कारणले उत्पात भयो। सिपाही खटाई त्यो ढुङ्गो किराँत तान्त्रिकवाट फिर्ता ल्याउनुपर्‍यो भन्ने निर्णय भई सिपाही खटिए। साँगा पुगेपछि किराँत तान्त्रिक भेटियो फर्कन आग्रह गरे, म फर्कन्न भन्यो। त्यसो भए तिमीले ल्याएको त्यो ढुङ्गो देऊ भने। ढुङ्गो लैजाऊ भनेर फ्याँकिदियो। त्यो ढुङ्गो उचाल्न त के हल्लाउन पनि सिपाहीले सकेनन्। चिन्डो, अदुवा र अक्षताले पूजा गरी किराँत तान्त्रिकले त्यो ढुङ्गो दिइपठायो। त्यो ढुङ्गो ल्याएपछि काठमाडौँको उत्पात कम हुँदै गयो। ढुङ्गो हनुमानचोक दरवारको नासलचोकमा राखी वोकाको रगत चढाई अशुद्ध पारी राख्ने वर्षको एकपटक दुर्गापूजामा दर्शन गर्ने र गैरकिराँतले पहरा दिने किराँतको लागि प्रवेश निषेध गरेर राखियो। त्यो छँदै छ। वर्षको एक दिन वोकाको वलि दिइन्छ।

उता तान्त्रिक किराँतले ढुङ्गो उखेलेका ठाउँमा केही छ कि भनी हेर्‍यो साँगामा अण्डाको वोक्राजस्तो केही चिज देख्यो र झोलामा हाली माझ किराँततिर लाग्यो। १२ दिनमा किराँत खोटाङको आम्चोक चिसापानी पुग्यो। त्यहीँ आफूले ल्याएको सेतो वोक्रो फ्याँक्यो। त्यहाँ त सेतो भाले, वनेल र दुम्सी देख्यो। सिकारी जेठुज्वाइँ पनि त्यहाँ घुम्दै आए। उनीहरूले सिकार खेले। सिकार वेपत्ता खाली अण्डाकार सेतो वस्तु थियो। यसरी छक्क परेका सिकारी ज्वाइँजेठुले त्यो अण्डाकार वस्तु उठाएर थुन्सेमा हाली लैजाने विचार गरे। त्यो वस्तु सानो भए पनि गह्रुँगो थियो। विधिपूर्वक उठाउनुपर्थ्यो। भोजपुरको आम्चोकथुम दक्षिणक्षेत्र र दिक्तेल खोटाङ जिल्लाको आम्चोकथुम दक्षिण क्षेत्रको सिमानापूर्व खोलाको पश्चिम शिवालय डम्वखु खोटाङ पुगेपछि ज्वाइँजेठानवीच विवाद भयो। त्यस अद्भुत वस्तुलाई भोजपुरको आम्चोकथुमको छोम्खामा लगेर स्थापना गर्नुपर्छ भन्ने ज्वाइँ हाङखिन र छोम्खा साकेवा पूजनस्थलभन्दा माथि दिक्तेलको आफ्नै गाउँमा लैजानुपर्छ भन्ने जेठान नाम्नु माङपहाङ। विवाद चल्दै थियो त्यो वस्तु थुन्सेवाट त्यहीँ खस्यो। उठाउन ज्वाइँजेठानले प्रयास गरे उठाउन सकेनन् र उत्सव मनाउने, नाच्नेगाउने काम छोङ्खामा नै हुने भयो। पूजनस्थल चाहिँ दिक्तेल शिवालय डम्वखु फेदीमा रहेको छ। अण्डाकार अद्भुत वस्तु खरेट शिलामा परिणत भएको छोङ्खा साकेवा पूजनस्थल मानिन्छ। भोजपुर तथा खोटाङका किराँतीहरू सकली किराँतेश्वर भनी भक्तिभावले पूजा गर्छन्। उधौली र उभौली गरी यी दुवै स्थलमा लाखौं भक्तहरूको लागि यो ठूलो तीर्थस्थल हो। भाकल, अर्चना हुन्छ र अनेक जनश्रुति एवं आश्चर्यजनक घटना पनि सुनिन्छ। खोटाङ र भोजपुरको सम्वन्ध स्थापित गर्ने देवस्थल पनि यही हो। यसको महत्त्व त्यस क्षेत्रमा व्यापक छ।

जगतीपुरदरबार, जाजरकोट

जगतीपुरको वाहुन गाउँमा भग्नावशेषको रूपमा यो दरवार छ। राजामलय वमका छोरा जगती सिंह (१३९८ १४०४ ई) जाँजर कोटमा राजा भएपछि यो दरवार वनाएका थिए भनिन्छ। यहाँ दुधिया मस्टोको स्थान छ। प्रत्येक अष्टमीमा दुधको धारा अर्पण गरेर पूजा गरिन्छ। त्यस्तै जगती सिंहलाई भगवतीका प्रतीक मानी पूजा गरिन्छ। यही रहेको मौलोमा दसैँमाा पञ्चवलि अर्पण गरिन्छ। कार्तिक पूर्णिमामा मेला पनि लाग्छ यहाँ। जगती सिंहको किल्ला पनि छ। यहाँ वरपिपल पनि छन् जसलाई जगती सिंहले रोपेको मानिन्छ। यही चतुर्माला वजुको मन्दिर छ। यिनी जुम्लावाट यहाँ आई अग्नि प्रवेशश गरी देवीको रूपमा उत्पन्न भएकी हुन् भन्ने जनविश्वास छ। यहाँ शिवको लिङ्ग पनि छन्। खड्‌गदेवताको सानो मन्दिर छ। विजया दशमी र चैतेदसैँमा वलीदिने चलन पनि छ। प्राचीन राजदरवारको भग्नावशेषमा पाइने यी सांस्कृतिक सम्पदाको विशेष महत्त्व छ। यहाँ तिहार पछिको पूर्णिमामा मेला लाग्छ। मेलावारेको किंवदन्ती यस्तो छ एकपटक एकजना जुम्ली यही वाटो गरेर जाँदै थियो, रात परेकाले वास वस्नुपऱ्यो, एउटै घर थियो जहाँ एक युवति मात्र थिइन्। वास माग्दा मेरो काम गर्ने भए मात्र वास दिन्छु भनिन् जुम्लीले मान्यो। युवतिले आफ्नो काम वताउँदै भनिन् रत्न जडित औँठी दिइन जगतीपुरका राजालाई तिम्रो त्यो वैभव राज्य र मेरो यो हविगत, भन्नु र यो औँठी दिनु। जुम्लीले खवर लग्यो र औँठी दियो, औँठी देख्नेवित्तिकै ओहो माता ? भन्दै राजा सिंहासनमै अलप भए। जगती महाराजलाई यसै आधारमा भगवतीकै प्रतीक मानी यो यात्रा हुन्छ। सवै भक्तिभाव प्रकट गर्छन्।

जगन्नाथमन्दिर, (त्रिपुर) डडेल्धुरा

सदरमुकाम देखि ५ कोस पश्चिम त्रिपुर गाउँमा यो मन्दिर छ। यसै गाउँमा पिडाउ नामका व्यक्ति भारतको जगन्नाथमा दर्शनार्थ गएका थिए। मन्दिर मूर्ति देखेर उनी खूव लोभिएछन्। दर्शन गर्दा यस्तै भगवान् मेरा गाउँमा नै भए सधैँ दर्शन गर्न पाउँथे भनी प्रार्थना पनि गरेछन्। निश्छल भक्तिवाट प्रभावित भएर भगवान्‌ले तथास्तु भनेछन्। गाउँ फर्केर आउँदा शिवलिङ्ग प्रकट भएको पाए। फल स्वरूप जगन्नाथ नै नामकरण गरी भक्तहरू प्रार्थना गर्न थाले। भगवान् प्रकट भएपछि नागमल्लका समयमा यस मन्दिरको निर्माण भएको भन्ने वूढापाकाहरूको भनाइ छ। नेपाली तले शैलीमा निर्मित प्रस्तुत मन्दिरमा मुख्य ढोका पर्वपूजामा मात्र खोलिन्छ। ढुङ्गाको स्ल्यावलाई शिवलिङ्ग मानी पूज्ने गरिन्छ। दक्षिण फर्केको यस मन्दिरमा द्वारपालको रूपमा कैलपाल लाटो देवताको फुट लिङ्गको साथै

हवनकुण्ड पनि रहेको छ। एउटा कोष छ जसलाई रानी खाल्डो भनिन्छ, जहाँवाट रानीहरू दर्शन गर्थे। यसअगाडि शिखरशैलीको मन्दिर छ जहाँ भुवनेश्वरी, विष्णु र अन्य देवदेवीका ११ वटा मूर्तिहरू छन्। कार्तिकशुक्ल तृतीया र चौथीमा मेला लाग्छ र पर्वपूजा पनि हुन्छ। यस वेला १६ दिनसम्म भव्य मेला लाग्ने र यसमा सहभागीको श्रीवृद्धि हुन्छ भन्ने जनविश्वास छ।

जगन्नाथमन्दिर, (खलङ्गा) बैतडी

खलङ्गा गाउँमा रहेको यो नाथ सम्प्रदायको मुख्य मन्दिर मानिन्छ। मन्दिर ढुङ्गाले वनेको उत्तराभिमुख छ। मन्दिरमा जगन्नाथको मूर्ति छ। सवैले दर्शन गर्न पाइँदैन। मन्दिर अगाडि शिव र वसाहको मूर्ति पनि छ। औँसी, पूर्णिमा र सङ्क्रान्तिका दिन मेला लाग्छ। वडादसैँ र चैतेदसैँमा पनि मेला लाग्छ। २०० मिटरजति पश्चिमपट्टि एक ढिस्कोमाा जगन्नाथको अर्को जगन्नाथ मन्दिर छ, जसलाई तल्ला जगन्नाथ पनि भनिन्छ। तल्लो जगन्नाथमा तल्लो जातका मानिसहरू पूजा गर्न जान्छन्। यहाँ घण्टाहरू पनि छन्। जगन्नाथका दुई मन्दिर जहाँ जातिका आधारमा दर्शन गर्ने छुट्टिएको छ। यस्तो परम्परा यहाँ मात्र देखिन्छ।

जगन्नाथमन्दिर, (पुलाचौर) म्याग्दी

पुलाचौर गाउँको गाजनेमा यो मन्दिर छ। भारतकै जगन्नाथको प्रतीक मानी स्थापना गरिएको मानिन्छ। भुरे राजा डिम्वमहाराजले करिव ४५० वर्ष अगाडि स्थापना गरेको भनिन्छ। संवत् १८७४ मा चढाइएको थाली पनि छ। मन्दिरभित्र जगन्नाथको मूर्ति छ। यहीँ डिम्व महाराज अलप भएको मानी ढिस्को प्रतीकका रूपमा राखिएको छ। जेठ, असोजका शुक्लपञ्चमी, श्रावणशुक्ल दशमीमा भोग लगाइन्छ। भक्तहरूले पनि भोग लगाउँछन्। यसको गुठी पनि छ। तिजमा यहाँ मेला लाग्छ। नित्यपूजा पनि हुन्छ।

जगत्रदेवी, स्याङ्जा

जगत्रदेवी गाउँमा प्राचीन कालीन अस्तित्व भएको शिखरशैलीको देवी मन्दिर छ। मन्दिरमा सिंहमाथि चढेकी अष्टभुजा भगवतीको मूर्ति छ। अन्य ससाना शिला मूर्ति पनि छन्। औँसी एकादशीवाहेक अन्य दिनमा यहाँ वलिसहित पूजा हुन्छ। औँसी एकादशीमा वलिरहित सालिक पूजा हुन्छ। वलिमा सुँगुर चल्दैन। चैतेदसैँ वडादसैँमा यहाँ भक्तहरू वढी आउने गर्छन्। भक्तहरूकै श्रद्धावाट यहाँको पूजा चलेको छ। देवीले असल र उचित माग पूर्ण गरिदिन्छिन् भन्ने जनविश्वास छ।

जङ्गेश्वरमहादेव, (निरहेघाट) वागलुङ

कालिका गाउँको निरहे घाटमा यो मन्दिर छ। यहाँ जङ्गवहादुर राणा मुक्तिनाथ जाँदा वास वसेथे। उक्त स्थानवाटै पावन नदी कृष्णगण्डकी प्रवाहित छन्। ४२५ कोस टाढावाट दाहसंस्कारका लागि मानिसहरू यहाँ आउने गर्छन्। यस ठाउँको उपयोगिता वुझेर जङ्गवहादुरले महादेव स्थापना गरेको भनिन्छ। मन्दिर गुम्वज शैलीको छ। ढुङ्गाको पर्खाल पनि छ। गर्भगृहमा जलहरी छ। अगाडि शिलाद्वारा निर्मित वसाहा छ। अरू मूर्ति देखिँदैनन्। गुठी भए पनि नित्यपूजाको राम्रो व्यवस्था देखिँदैन। धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले यसको महत्त्व कम छैन। मुक्तिक्षेत्रको द्वार भएकाले पनि यो पुण्यस्थल छ।

जटापोखरी, दोलखा/रामेछाप

दोलखा र रामेछापको दोसाँधको गाउँमा जटापोखरी छ। यो ठाउँ निकै रमणीय छ। हिमालयको काखमा रहेको यस ठाउँवाट देखिने प्राकृतिक दृश्यले सवैलाई लठ्याइदिन्छ। गौरीशङ्करको खास वासस्थान यहीँ थियो भन्ने जनधारणा रहिआएको छ। यहाँ श्रावणशुक्ल पूर्णिमाका दिन ठूलो मेला लाग्छ। यसका नजिक चाले पोखरी, दौलाहा पोखरी, काल पोखरी, भूत पोखरी आदि अन्य चार पोखरी पनि रहेका छन्। सन्तान नहुने व्यक्ति यहाँ गएर स्नान गरी महादेवपार्वतीको आराधना गरेमा सन्तान प्राप्त हुन्छ भन्ने जनविश्वास छ। पेट वोकेका आइमाई भने त्यहाँ जानुहुँदैन भनिन्छ। पौराणिक महत्त्वको यस पोखरीको महत्त्व आज पनि त्यतिकै छ।

जटापोखरी, (दोलखा ?) पाथिभरा

पाथिभरा हिमालको काखमा एक रमणीय पोखरी छ। यो पार्वतीको पँधेरो मानिन्छ। यहाँ पार्वती नुहाउँछिन्, सन्ध्या गर्छिन् भनिन्छ। जनैपूर्णिमाका दिन यहाँ भव्य मेला लाग्छ। यहाँ स्नान गर्दा ठूलो पुण्य मिल्छ भन्ने जनधारणा छ। शिवको उपासना रुद्रीद्वारा गरिन्छ। शिवलाई स्नान गराउन घरैदेखि गाईको दुध लैजान्छन्। छोराको चाहना गर्नेहरू रित्तो कोक्रो वोकेर जान्छन्, गाईवस्तु माग्नेहरू दाम्लोमा वेलपत्र वाँधेर जान्छन्। गिछेको ठाडो उकालो चढेर सातु खाएर लेक लाग्ने कष्ट हटाउँदै यात्रीहरू अगाडि वढ्छन्।

पार्वती लुक्ने ठाउँ, तपस्यास्थल, पार्वतीले पूज्ने गरेको शिवलिङ्ग अझै छँदै छन्। पार्वती लुकेको ठाउँ जनैपूर्णिमाका दिन भक्तिले हेरे देखिन्छ भन्छन्। जटापोखरीमा नुहाएर एक आवृत्ति रुद्री पाठ गरे, गराए कैलाशवास हुन्छ भन्ने जनविश्वास छ। भस्मासुरले खेदेका शिव यहाँ घुस्रँदा शिवजीको जटा खसेकाले र घुस्राइवाटै पोखरी तयार भएकाले जटापोखरी नाम रहेको भनिन्छ।

जनकपुर अञ्चलको उत्तरी भेगमा पर्ने यो पोखरी रमणीय र प्राकृतिक छ। यस पोखरीप्रतिको जनआस्था पनि त्यत्तिकै छ। जति विकट भए पनि यात्रीहरूको आस्था र विश्वास दृढ छ।

जटाशङ्कर महादेव, (त्रिवेणी नारायणी)

नारायणीकै तीरमा रहेको त्रिवेणी धाम नजिक जटाशङ्कर महादेवको स्थान छ। नेपाल तथा भारतका भक्तहरू पूजाभक्ति गर्छन्। वराहपुराणले भने जलेश्वर महादेव भनी वर्णन गरेको छ। त्रिवेणी धाममा अवस्थित भएकाले त्रिजलेश्वर पनि भनिन्छ। त्रिजलेश्वर गण्डकी व्रह्मपुत्री र देविका अर्थात् व्रह्मा, विष्णु र महादेवको प्रतिनिधित्व गर्ने हिसावले पनि त्रिजलेश्वर भनिएको हुन सक्छ। त्रिशक्तिका सञ्चालकका रूपमा पनि यी महादेवको भक्ति गरिन्छ। यहाँ पूजाअर्चना गर्नाले योग सिद्धि हुन्छ, भनिएको छ। जस्तै

यदा च भरतो राजा पुलस्त्यस्याश्रमान्तिके।
स्थित्वा पर्यचरद्विष्णु त्रिजलेश्वरपूजयेत्॥

(वराह १५५ अ)

तेनैव पूजितो भस्मात् जलेश्वर इति स्मृतः।
यस्य सम्पूजनात् भक्त्या योगः सिद्धि प्रजायते॥

(वराह १५७)

यस ठाउँमा रहेका महादेव समयअनुसार नाम परिवर्तन भए पनि, नाम इच्छानुसार राखे पनि पावन तीर्थस्थलमा रहेका यी महादेवको पौराणिक र प्राचीन महत्त्व छ।

जनकमन्दिर, (जनकपुरधाम) धनुषा

जनकपुरधामको राममन्दिरभन्दा उत्तरपूर्व धनुषसागरको पश्चिमोत्तर कोणमा जनकमन्दिर छ। जनक राजा र राजपरम्परा पुराण प्रसिद्ध छ। राज्य शासनमा संलग्न रहेर पनि जीवनमुक्त, अनासक्त जनकका चिन्तन विश्वप्रसिद्ध छन्। मिथिलाक्षेत्रमा जनकको स्थापना प्रतीकका रूपमा हुनु स्वभाविक छ। यसको स्थापना धेरै अगाडि भए पनि मर्मत चाहिँ १९९० साल पछि नै भएको देखिन्छ। हालको मन्दिर इँटा, चुना र सुर्कीद्वारा शिखर शैलीमा निर्माण गरिएको छ। यसमा विदेह जनक (टाउको नभएका) महारानी सुकनयना र जानकी, गोपाल आदिका मूर्ति राखिएका छन्। २००२ सालमा गङ्गासागर पुनर्निमाण गर्दा भेटिएको किशोर जनकको मूर्ति पनि यहीँ राखिएको छ। यहाँको पूजाआजा राममन्दिरमार्फत हुन्छ तर विशेष गुठी देखिँदैन।

जनकसरोवर, (जनकपुरधाम) धनुषा

जनकपुरमा एउटा सुन्दर सरोवर छ जसलाई जनकसागर वा सरोवर भनिन्छ। यो पवित्र छ, दर्शन, स्पर्शन र स्नानले मुक्ति दिन्छ।

यसको महिमा एक कथावाट स्पष्ट भएको छ : सत्य युगमा काम्पिल्य नगरीमा धर्मदत्त राजा थिए। उनका धेरै रानी थिए, तीमध्ये अत्यन्त सुन्दरी रन्तीदेवी पनि थिइन्। उनमा राजा आसक्त भए। राजपाटभन्दा स्त्रीमा आसक्त भए। यो देखेर शत्रुले आक्रमण गरे। रन्तीदेवीसहित राजा जङ्गल गए। भोकले आकुल भए, दुःख पाए, रानीलाई खान काटे। खान लाग्दा वाघ आयो र झम्टचो, राजा भाग्दै अगाडि वढे तेजस्वी व्राहमण देखे, धन छ कि भनी मागे। तीर्थयात्री व्राह्मणसँग केही छैन भने। झुटो वोल्या भनी धन लुट्न व्रह्मणलाई पनि मारे, आखिर केही रहेनछ। यति भएपछि राजालाई पछुतो भयो, मैले नगर्ने काम गरे। भन्दै विलाप गर्न थाले। केही पर पुगेपछि शुभशर्मा नामका महात्मा भेटिए। स्त्री, व्रह्मणको हत्या गर्नेको मुख हेर्नु हुँदैन भनी हेर्न चाहेनन्, पीठ फर्काए। तर अति नै गरेपछि राजाको विलाप सुनेर वोले। पाप पखाल्न जनक सरोवर जाऊ स्नान, सन्ध्या र जप गर भने। नीलो कपडा दिए र जव यो कपडा सेतो हुन्छ त्यस वेला पाप पखालियो भन्ने जान, अरू उपाय छैन भनी उपाय वताए। राजाले त्यहीअनुसार गरी मुक्त भए। जनक सागर स्त्री हत्या, स्त्री लम्पट र व्राह्मण हत्यारालाई पनि मुक्ति दिने तीर्थ हो भनी मिथिला माहात्म्यमा लेखिएको छ।

जयपृथ्वीनगर, बझाङ

कडेल गाउँमा जयपृथ्वीनगर छ। यहाँ जयपृथ्वी वहादुरले वनाएको दरवार १९५९ को भग्नावशेष छ। उनको भव्य दरवार १९९०को भूकम्पमा भत्की भग्नावशेष मात्र रहन गएको देखिन्छ। यहाँका इँटामा श्रीजय लेखिएको छ। प्राकृतिक दृष्टिले रमणीय स्थानमा रहेको यो नगर ऐतिहासिक महत्त्वको छ।

जयवागीश्वरी, काठमाडौं

गौशालावाट चावेलतर्फ लाग्दा वाटोमा वायाँतर्फ नवाली टोलमा यो मन्दिर छ। यसलाई श्वेत सरस्वती पनि भनिन्छ। पश्चिमाभिमुख मन्दिर चारपाखे मण्डप शैलीमा छ। मन्दिरको गर्भगृहको वीचमा जय वागीश्वरी, दायाँतर्फ श्वेतभैरव र वायाँतर्फ गणेशका मूर्ति छन्। उत्तरतर्फको उपगर्भगृहको वाहिरी भित्तामा भैरवको आकृति छ, दक्षिणतर्फको गर्भगृहमा मातृकाका प्रचीन मूर्ति छन्। जयवागीश्वरी चतुर्भुजा छन्। गणेशको मूर्ति चाहिं विघ्नेश्वरको छ। हस्तिमुख हुनुपूर्वको

रूप अन्यत्र त्यति पाइँदैन। यहाँ चाहिँ छ। जयवागीश्वरीको पादपीठ लिच्छविकालीन मानिन्छ। मूर्ति चाहिँ १२/१२ वर्षमा कलेवर फेरी माटोद्वारा निर्माण गरिन्छ। भाषावंशावली देवमालामा समेत जयवागीश्वरीको चर्चा छ। सूर्यवंशी राजा शिवदेवको पालामा जयवागीश्वरीको नित्यपूजा चलाइएको भनिन्छ। कलिगत ३२३२ मा चञ्चल मूर्तिलाई स्थिर गरी चित्रकारीद्वारा रहस्यमय मूर्ति वनाई प्राणप्रतिष्ठा गरी कर्मचारीलाई पुजारी वनाएको पनि उल्लेख पाइन्छ। मानसरोवरदेखि शिलानदी तरी यहाँ ल्याएर स्थापित गरिएको, अंशुवर्माकै पालादेखि कलेवर फेर्ने चलन चलेको उल्लेख छ। सतीप्रथा हुँदा सतीहरूले गहना तथा सौभाग्यका सामान यहीँ चढाएर सती जान्थे भनिन्छ।

जरलिनकुण्ड, (टिस्टुङ) मकवानपुर

टिस्टुङ गाउँको मनुवालमा मनुवाल खोला र टिस्टुङ खोलाको दोभानमा यो कुण्ड छ। स्वस्थानी व्रत कथामा यहाँ सतीदेवीको अङ्ग पतन भई शिवशक्ति उत्पन्न भएको सन्दर्भ पनि जोडिएको छ। यस जिल्लाको अति पवित्र, मोक्ष तथा सिद्धिदायक तीर्थको रूपमा यसलाई लिइन्छ। यहाँ वरपर उन्मत्तेवर, उमामहेश्वर आदि लिच्छविकालीन मूर्ति थिए, ती अलप भइसकेका छन्। यहाँ दुई कुण्ड छन् एउटामा पत्थरको अस्पष्ट मूर्ति र शिवलिङ्गको केही भाग देख्न सकिन्छ। यसैलाई उमामहेश्वर भनी पूजा गर्ने चलन छ। यो रमणीय खुला ठाउँ छ। शिवरात्रि, वालाचतुर्दशीजस्ता पर्वमा मेला लाग्छ। यस कुण्डमा स्नान गर्नाले महादेवपार्वती सन्तुष्ट भई सुख, समृद्धि र ऐश्वर्य प्रदान गर्दछन् भन्ने जनविश्वास छ।

जलकन्यादेवी, (ताखुवा) धनकुटा

ताखुवा गाउँ रोम्या तीन मुरेमा जलकन्यादेवी रहेकी छन्। खोलाको पानी वग्ने ठाउँमै रहेकाले जलकन्या भनिएको हो। ठूलो पहाडको फेदीमा केही ढुङ्गा प्रतीकात्मक रूपमा छन्। त्रिशूल र घण्टीहरू पनि छन्। मन्दिर छैन। परम्परागत रूपमा यहाँ जलकन्याको पूजा हुँदै आएको छ। वैशाखपूर्णिमामा वोका, कुखुरा, परेवाको वलि दिने चलन छ। अन्य दिनमा पनि मानिसहरू भाकलअनुसार पूजा गर्दछन्। खास पुजारी नभएकाले आफ्नो पूजा आफैँ गर्दछन्। यस स्थानप्रति जनताको विश्वास छ। जे भाकल गरे पनि पुग्दछ भन्ने जनधारणा रहेको छ। जलकन्यादेवी साक्षात् छन् भन्ने धारणा भक्तहरूको छ।

जलजलेश्वर महादेव, ओखलढुङ्गा

ओखलढुङ्गा सदरमुकामवाट २ कि.मि. पश्चिम रामपुर, कटुन्जे र हर्कपुरको सङ्गमस्थल, मोलुङ, सोलुङ र धोवीखोलाको त्रिवेणीमा जलजले

भन्ने स्थानमा जलजलेश्वर महादेवको मन्दिर छ। स्थानीय मानिसहरू यस मन्दिरको पत्थरको शिवलिङ्गको उत्पत्ति किराँत कालतिर भएको अनुमान गर्दछन् । किंवदन्तीअनुसार धेरै पहिले महादेव सोती नामको खेत जोत्दै गर्दा फाली ढुङ्गामा ठोकियो र ढुङ्गावाट रगत वग्न थाल्यो । उक्त विशेष किसिमको ढुङ्गालाई दैवी शक्तिले युक्त शिवलिङ्ग मानेर पूजा गर्न थालियो। जलजले भन्ने ठाउँमा रहेका हुनाले मानिसहरूले जलजलेश्वर महादेव भन्ने गरेको पाइन्छ। जलका देवताका रूपमा मानेको पनि हुन सक्छ।

जलजले भनिने यस स्थानको उत्तरपट्टि जरायोटार भन्ने त्यस क्षेत्रको मलिलो, रसिलो खेतैखेत भएको फाँट छ। यस खेतमा दुईवटा ठूला कुलाले सिँचाइ गर्दछन् । हलगोरु नारेरै वारपार गर्न सकिने यी कुला वेलीचमेली नामका अद्वितीय शक्ति भएका दुई युवतीले खनाएको हो भन्ने किंवदन्ती पनि छ। जरायोटारको सिरानमा एउटा ठूलो गरो छ। २० मुरी धान फल्ने भएकाले यसलाई वीसमुरे पनि भनिन्छ। एकपटक यस खेतवाट एक हल गरौ र हली भास्सिए । एक किलोमिटर दक्षिणमा पर्ने जलजलेश्वरमहादेवको मन्दिनजिकैको ढाप खेतमा उत्रिएका थिए रे भन्ने भनाइ पनि छ।

किंवदन्ती र विश्वासमा वाँचेका यस क्षेत्रका धार्मिक आस्था भएका मानिसहरूले मन्दिरमा आफूखुसी पूजाआजा गरे पनि दैनिक पूजा र गुठीको व्यवस्था गर्न सकेको देखिँदैन । यस मन्दिरमा वालाचतुर्दशी, शिवरात्रि, रामनवमी र माघेसङ्क्रान्तिमा धार्मिक मेला लाग्दै आएको पाइन्छ।

जलजला, रोल्पा

जलजला, जेलवाङ, मिरुल र धवाङ गाउँको सीमानगरमा यो स्थान छ। पहाडको टुप्पामा रहेको जलजलामा प्राकृतिक ओडार छ। वजुवराह र कैलेवराहका प्रतीकात्मक शिला छन्। मगर जातिका कर्मपाल र धर्ममाल नामका सिकारीलाई एकपटक सपनामा वजुवराहको पानी वतास र मेघ जताजता सर्दै जान्छ त्यतैतिर वाण हान्नू भन्ने आदेश भएछ। दुवैले त्यसै गरी वाण हान्दा भ्याखी भन्ने ठाउँका अजिङ्गर टुक्रिएर मरेछ रे। पश्चिमतर्फ वग्ने भ्याखी नदी अजिङ्गर मरेको देखेर पूर्व वग्न थाल्यो रे। त्यसै दिनदेखि वजुवराह र सातसल्लेकी छोरी कैलेवराहसहित यहाँ रहन थाले भन्ने जनश्रुति छ। यहाँ तीन हजार भेडा अटाउने ओडार छ। ओडारमा पानी आफैँ उम्रन्छ र त्यहीँ हराउँछ, वाहिर निस्कँदैन । यसैलाई जलजला भनेर पुजिन्छ। यिनै देवताको प्रतीक शिला छ। साधारण आवतजावत गर्दा पनि हल्लिन्छ। तर खस्तैन। देवताको शक्तिले नखसेको भन्ने विश्वास छ। यी मगर जातिका कुलदेवता हुन्। जेष्ठ र श्रावण

पूर्णिमामा पूजा तथा मेला लाग्छ। यहाँ भेडा तथा वोकाको वलि चढाइन्छ। यहाँ व्रह्मा, विष्णु र महेश्वरकुण्ड पनि छन्। गुठी छैन। नित्यपूजा हुँदैन। मेलामा भक्तहरूवाट उठेका रकमले आवश्यक प्रवन्ध मिलाइँदै आएको छ।

जलदेवी ठकुरानी, (मुगा) धनकुटा

मुगागाउँमा जलदेवीको स्थान छ। धेरै वर्ष अगाडि पाटनका एक सुविदार अरुण नदीमा माछा मार्दै आउँदा यसै ठाउँको एक रूखमा चढी वास वसेछन्। त्यहाँ एक घर मात्र देखेछन्, जहाँ एक आमा र एक छोरी मात्र रहेछन्। सुविदार पनि आफ्नो परिचय दिई त्यहीँ वस्न थालेछन्। छोरीसँग सुविदारले विहा गरी तीन छोरा र तीन छोरी जन्माएछन्। सुविदारले जेठोलाई लामिछोङ, माहिलालाई कोत्तर, कान्छालाई खुङ्छा दिई वहिनीहरूसँगै विवाह गराएछन्। यिनीहरूले नै खोलामा माछा आकारको प्राकृतिक ढुङ्गा पानीवाट उत्पन्न भएको फेला पारेर जलदेवी ठकुरानीका रूपमा पूजा गर्न थाले भन्ने जनश्रुति छ। अहिले पनि माछा आकारको ढुङ्गा छ। त्यसलाई नै जलदेवीका रूपमा पूजाआराधना गरिन्छ। लामिछोङ, कोत्तर, खुङ्छा थरका राई जातिले पुज्ने र यिनै थरमध्येवाट ९ देखि १८ वर्षका कन्या केटा मात्र पुजारी वन्न सक्ने नियम छ। यी देवीको प्रत्यक्ष मन्दिरभित्र पुजारी मात्र जानुहुन्छ। अरूलाई प्रवेश निषेध छ। वैशाखपूर्णिमा र मंसिरपूर्णिमामा उक्त तीन थरी राई जम्मा भई एक एक पाठी र एकएक जोर परेवा वलि चढाउँछन्। अन्य दिनमा पनि भाकलअनुसार पूजा हुन्छ। मंसिरपूर्णिमामा चाहिँ दुई दिनसम्म मेला पनि लाग्छ।

जलविनायक, (चोभार) काठमाडौं

चोभारमा जलविनायकको मन्दिर छ। यहाँ जलविनायक रहन्छन्। उपत्यकाका चार विनायकमध्ये यी पनि प्रसिद्ध गणेश हुन्। मञ्जुश्रीले यहींवाट चट्टान काटी उपत्यकाको पानी वाहिर पठाएथे। चारपाटे आकारमा वनेको तीनतले नेपाली शैलीको गणेशमन्दिर छ। वरिपरि पाटीहरू पनि छन्। द्वारमा दुई सिंहमूर्ति छन्। गणेशको वाहन मुसाको मूर्ति पनि छ। टुँडालमा अष्टमातृका र अष्टभैरवका मूर्तिहरू कलात्मक रूपले कुँदिएका छन्। मन्दिरको गर्भगृहमा गणेशको प्रस्तरमूर्ति छ। लोकेश्वर, वरुण, विष्णु, शिवपार्वती र लक्ष्मीनारायणका मूर्ति पनि छन्। यहाँ गुठीको व्यवस्था छ। नित्यपूजा पनि हुन्छ। प्रत्येक मङ्गलवार अनि मार्गशुक्ल पूर्णिमाका दिन यहाँ मेला लाग्छ। आफ्नो उन्नति विघ्नरहित रूपले रहोस् भनी भक्तहरू आराधना गर्दछन्।

जलविनायक, रूपन्देही

वुटोल नगरमा गणेशमन्दिर छ। गणेशकै नामवाट गणेशटोल नाम रहेको देखिन्छ। यी गणेश स्वयं उत्पन्न भएका मानिन्छन्। ढुङ्गामा हात्तीको टाउकोजस्तो अनि आँखा र सुँड पनि देखिन्छ। यी गणेशका वरपर धातुका अरू चार गणेश पनि छन्। धातुका दुई सिंह, एक मुसो र भक्तजनले राखेका परिवारका पाँच मूर्ति पनि छन्। एकतले पृथ्वीमा मन्दिर छ। १९९९ सालको घण्टा पनि एक छ। जलविनायकको धर्मशाला वि.सं. १९९७ मा वनेको देखिन्छ। गणेशचौथीमा गणेशलाई खटमा राखी जात्रा गरिन्छ। अघिपछि सामान्य पूजा हुन्छ।

जलेश्वर, काभ्रे

चण्डेश्वरीनजिकै रक्तचन्दन वन छ। त्यहाँ जलेश्वरको मन्दिर छ। त्यहाँ नुहाएर जलेश्वरको दर्शन गर्नाले, वच्चा तुहेर पेटमा नअडिनेहरूका लागि विशेष सिद्धि मिल्छ, फेरि वच्चा तुहिँदैन भन्ने विश्वास चल्दै आएको छ। जलेश्वरको खोलामा स्नान गरी चण्डेश्वरीको दर्शन गर्नुपर्छ र विशेष फल प्राप्त हुन्छ भन्ने धारणा छ।

जलेश्वर महादेव, काठमाडौं

गुह्येश्वरी स्थानदेखि ईशानतर्फ वागमतीको जलमा नै यो शिवलिङ्ग छ। जलमा नै रहेकाले जलेश्वर भनिएको हो। जलभित्र जलेश्वरको कल्पना गरी पूजा गरिन्छ। वागमतीले आराधना गर्दा यी शिव प्रकट भई वागमतीलाई पावन हुने वरदान दिएका थिए। यसै लिङ्गका प्रभावले वागमती विशेष पावन नदी वन्न गइन्। वाणासुरपुत्र त्रिशङ्कु नामका दैत्यले गाई तथा गुरुको वध गरेका पापले दूषित र पीडित भइरहेकोमा नारदको उपदेशले कार्तिक शुक्ल ८ मा जलेश्वरको दर्शनपूजन गर्दा पाप मुक्त भएको पौराणिक कथन छ। यसको प्राचीन नाम उमाशैल हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेथे। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

जलेश्वर महादेव, महोत्तरी

जलेश्वरको मध्य वजारमा जलेश्वर महादेवको मन्दिर छ। प्राप्त ताम्रपत्रअनुसार करिव ३०० वर्ष अगाडि यस ठाउँको अस्तित्व फेला परे पनि त्यसभन्दा धेरै समय अगाडिदेखि नै यस स्थानको महत्त्व थियो भनिन्छ। गुम्वज शैलीमा वुर्जाहरू मिलाई प्रस्तुत मन्दिर निर्माण भएको छ। मूल मन्दिरभित्र एउटा कुण्ड छ। त्यसैमा जलेश्वर महादेव रहेका छन्। जमिनमुनि १६ औं सिँढीमा महादेव छन् भने ८ औं सिँढीसम्म पानी

रहेका छ। पानीमा नै रहने हुँदा जलेश्वर महादेव भनिएको हो। यहाँ शिवरात्रि, मिथिला परिक्रमा, माघेसङ्क्रान्तिजस्ता पर्वमा मेला लाग्दछ। पौराणिक ग्रन्थमा समेत चर्चित पावन शिवधामका रूपमा यो स्थल रहेको छ। यहाँ मेलामा टाढाटाढावाट पनि श्रद्धालु भक्तहरू आउने गर्दछन्।

जाजरकोट दरबार, जाजरकोट

खलङ्गा गाउँमा जाजरकोट दरवार छ। वि.सं. १९०० मा राजा दीपनारायण शाहले निर्माण गरेका हुन् भनिन्छ। प्रवेशद्वारमा सिंहका चित्रहरू छन्। १०० फिट जति माथि पत्थरका सिँढी चढेर जानुपर्ने हुन्छ। ३९ फिट अग्लो दरवार कलापूर्ण छ। यहाँ धार्मिक होइन, जिल्ला कार्यालयहरू सञ्चालित छन्। वस्तुकलाका दृष्टिले यसको महत्त्व छ।

जानकी मन्दिर, (जनकपुरधाम) धनुषा

सत्रौं शताव्दीमा मध्यप्रदेश भारतको लोहागढमा एक मन्दिरमा पूजारीका रूपमा काम गर्ने सुरकिशोर दासलाई भगवत्कृपाले मिथिला आउने प्रेरणा मिल्यो। महाभारत युद्धपछि गुप्त रहेको पावनस्थल जनकपुर आई निमको रूखमा नै विश्राम गरे। त्यहीँ राम र जानकीका मूर्ति प्रकट भए। आनन्दविभोर वनी रामजानकीको पूजा गर्न सुरु गरे। त्यो चर्चा मकवानपुरका सेन राजासमक्ष पुग्यो। वि.सं. १६८४ मा मानिक सेन जनकपुर आई १४०० विघा जमिन रामजानकीका नाममा विर्ता दिए। जङ्गलका वीचमा रहेकाले हिन्दुहरू आउँथे, दर्शन गर्थे र जान्थे। मध्यप्रदेशको आरेछाका राजा प्रतपसिंहकी रानी वृषभानुले अयोध्यामा राममन्दिर र जनकपुरमा जानकी मन्दिर निर्माण गराइन्। सन् १९११ मा मन्दिरको प्राणप्रतिष्ठा भयो। मुगल शैलीमा जानकी मन्दिर निर्मित छ। तर भित्र हिन्दु संस्कृति अनुकूलका सवै अङ्ग छन्। त्यस वेला पनि यो मन्दिर निर्माण गर्न ९ लाख खर्च भएकाले यस मन्दिरलाई नौलखा मन्दिर पनि भन्ने चलन छ। जानकी मन्दिर तत्कालीन स्थापत्यकलाको सुन्दर नमुना हो। यो मन्दिरैमन्दिरको सँगालो जस्तो पनि देखिन्छ। १८७ फिट क्षेत्रफलमा निर्मित यो मन्दिर तीन तले छ। मन्दिरभित्र रामजानकीको प्रतिमा छन् र अरू मूर्ति पनि छन्। साठी कोठा भएको यस मन्दिरका भागमध्ये सिसमहल र गर्भगृह निकै महत्त्व राख्छन्। मन्दिरको प्रवेशद्वार पूर्वपट्टि छ। सिंहद्वार चाहिँ उत्तरतर्फ रहेको छ। जानकी मन्दिरमा दिनहुँ भक्तहरू दर्शनार्थ आउँछन्, पर्वमा त विशेष मेला लाग्छ। गङ्गासागर, धनुषसागरमा स्नान गरी रामजानकीको दर्शन गर्ने परम्परा छ। विवाहपञ्चमी, रामनवमीमा विशेष उत्सव हुन्छ। जानकीनवमी, पूर्णिमा, झुला आदिमा पनि मेला लाग्छ।

जाल्पादेवी, (छिन्ताङ) धनकुटा

छिन्ताङ गाउँको घना जङ्गलभित्र यी देवी छन्। पानीमा उत्पत्ति भएकीले जलपावाट जाल्पा नाम भएको मानिन्छ। छिन्ताङमा रहेकीले छिन्ताङदेवी पनि भन्ने गरिन्छ। यहाँका पुजारी वाह्रौं पुस्ताका भएकाले र सयौं वर्षदेखि पूजापरम्परा चल्दै आएकाले यी देवीलाई प्राचीन मान्न सकिन्छ। प्रथम पुजारी वुरुलेन नाकछेङले सपनामा देखेअनुसार सङ्खुवासभाको आँखिभुए हुम्वुङ गाउँवाट मानेको पातभर माटो ल्याई एउटा रूखमा सिउँरिएर राखेको, त्यस वेला पानी थिएन, केही दिनमा पानी नै पानी जताततै उम्रिएकाले जलमाथि यो माटो स्थापना गरी जाल्पा देवी नाम राखी आफैं पुजारी वनी नित्यपूजा गर्न थाले भन्ने जनश्रुति छ। प्रथम पुजारीको प्रतीक पनि छ। देवीमा चढाएको पोलेको मासु र भातको भोग प्रथम पुजारीलाई दिने चलन पनि छ। १९४४ सालपछिका घण्टी छन्। यहाँ रहेका वन्दुक, तरवार, खुँडा, नगरा हेर्दा मन्दिर प्राचीन ठहर्दछ। छानाविनाका जाल्पा र कन्यादेवीका मन्दिर छन्। त्यहीं अनेक पुराना त्रिशूल पनि छन्। यहीं देवीको शिलाढुङ्गा भएको र त्यहीं पानी पनि भएको जनधारणा छ। नागपोखरी, जागित्राथान, पुर्खालुङथान आदि रहेका छन्। सामान्य गुठी व्यवस्था छ। नित्यपूजा हुन्छ। पुजारीले माछामासु, जाँडरक्सी खानुहुँदैन। भाकलअनुसार आएका पशुहरूको वलि चढाइन्छ। देवी साक्षात् छन् भन्ने जनधारणा छ। राजा वीरेन्द्र र रानी ऐश्वर्यवाट प्राप्त रकमले मन्दिरको मर्मतसम्भार भएको छ।

जाल्पादेवी, (विजबार) प्युठान

विजवार गाउँको टाहारीमा यो मन्दिर छ। भुरेटाकुरे राजाकै पालामा यस मन्दिरको निर्माण भएको हो। यसका लागि सनद र लालमोहर पनि छ। चारपाते आकारमा निर्मित यसमा कालो ढुङ्गाको भगवती देवीमूर्ति, भैरवमूर्ति, गणेशमूर्ति रहेका छन्। नित्यपूजा हुन्छ। देवीलाई वलि र भैरवलाई मह चढाउने प्रचलन छ।

जाल्पादेवी, (रिट्ठापाटा) बझाङ

रिट्ठापाटाको देवल गाउँमा जाल्पादेवीको देवल छ। पौराणिक कालमा यी देवीको उत्पत्ति विषयको कथा जोडिए पनि स्थानीय वासिन्दाको भनाइमा यो देवल सिँजाली राजा पूर्णमल्लले निर्माण गरेका हुन्। वि.सं. १९५७ को घण्टा चाहिँ त्यहाँ रहेको छ। देवल भव्य छ। त्यहीं जाल्पादेवीको मूर्ति कुँदिएको छ। धामीलाई देवदेवी चढ्दा वस्ने ढुङ्गा पनि छ। त्यहीं वसेर धामीले रोगव्याधि र भविष्य वताउन सक्छ। शिवलिङ्ग, महाकाली, भैरव आदि अनेक देवदेवीका मूर्ति प्रतीकका रूपमा छन्। देवल

आकर्षक छ। प्राचीन कलाकृतिको परिचय पनि यसले दिन्छ। गुठी भए पनि आमदानी छैन। येनकेन नित्यपूजा हुन्छ। पर्वपूजामा आइतवार, वुधवार, सङ्क्रान्ति, पूर्णिमामा अक्षता चन्दनले पूजा गरिन्छ। आषाढशुक्ल, आश्विनशुक्ल नवरात्रि, माघ र चैत्रशुक्ल नवरात्रिमा पूजापाठ, हवनका अतिरिक्त लिङ्गो गाड्ने र वोका, राँगा आदि वलि पनि चढाइन्छ। जात्रा पनि लाग्छ। भक्तहरूको भिड पनि लाग्छ। ड्यौडा पनि खेलिन्छ।

ज्वालादेवी, (दुर्गामाडौं) डोटी

डोटीको चन्कट्टे डाँडादेखि पूर्वउत्तर डाँडामा ज्वालादेवीको मन्दिर छ। यसलाई दुर्गामाडौं पनि भन्ने गरिन्छ। ज्वालावाट उत्पन्न भएकी देवी हुनाले ज्वालादेवी भनिएको भन्ने जनधारणा छ। ज्वालादेवीको उत्पत्तिका वारेमा जनश्रुति यस्तो छ "वनवासको क्रममा पाण्डवहरू आई चौरेथलमा यज्ञ गरे। उक्त यज्ञमा होमको ज्वालावाट दुर्गा उत्पन्न भइन्। पाण्डवहरूलाई शत्रुमाथि विजय प्राप्त गर्ने वर पनि दिइन्। तिनै दुर्गामाईको सम्झनामा पाण्डवहरूले मन्दिर वनाए।" पछिपछि यथासमय मन्दिरको जीर्णोद्धार हुँदै गयो। मन्दिरभित्र ११ इन्च उचाइ १० इन्च चौडाइ र पूरा गोलाई २४ इन्चको मूर्ति छ। यसो हेर्दा भक्तदेवताजस्तो देखिए पनि यिनैलाई ज्वालादेवी मानिन्छ। कमलको फूलमाथि एउटा नारी मूर्ति पनि छ। यहाँ नित्यपूजाको प्रवन्ध नभए पनि कार्तिक शुक्ल चतुर्दशीका दिन मेला लाग्दछ। यहाँको सम्पत्ति कालीपेटीमा राखिएको छ भनिन्छ। मेलामा भाग लिई दुर्गाको दर्शन पूजा गरेमा मनोभावना पूरा हुने जनविश्वास छ। दुर्गाभाडौंको जस्तो सवैको सहयोग गरी मेला तथा पर्वपूजा सम्पन्न गरिन्छ।

ज्वालानाभिस्थान, (गमौडी) दैलेख

गमौडी गाउँ, छाम गाउँको किनारमा यो मन्दिर छ। वैश्वानरपुराणअनुसार सतीदेवीको नाभी पतन भएको ठाउँ हुनाले यस पीठलाई नाभिस्थान भन्ने गरिन्छ। यसको स्थापनावारे निश्चित रूपमा भन्न नसकिए पनि प्रथम-द्वितीय शताव्दीदेखि नै यसको अस्तित्व रहेको कुरा स्थानीय वासिन्दाको भनाइ छ।

यहाँ दुईतले मुख्य मन्दिर छ जसभित्र ज्वाला वलिरहेको छ। खास कुनै मूर्ति छैन। ज्वाला नै देवी हुन् भनिन्छ। अन्य धर्मशाला र सामान्य मन्दिर पनि छन्। भैरवको मन्दिरमा चाहिँ भैरवको मूर्ति छ, यही अर्को लक्ष्मी नारायणको मूर्ति पनि छ। यहाँ एक सूर्यकुण्ड छ, जहाँ पत्थरको सूर्य आकृति छ। अरू पनि पत्थरका आकृतिमय रूपहरू देखिन्छन्। यहाँ ज्वालादेवीको वैदिक विधिअनुसार पूजा हुन्छ। भैरवलाई चाहिँ पर्वपर्वमा वलि पनि चढ्छ। अखण्ड ज्वाला वल्ने ज्योतिरूपा भगवतीका भक्तहरू उपासना, दर्शन र पूजा गर्दछन्।

ज्वालादेवी, (सिप्तिङ) धनकुटा

सिप्तिङमा (धनकुटा नगर) मा ज्वालादेवीको स्थान छ। यसको प्राचीनतावारे खास प्रमाण भेटिँदैन। सयौँ वर्षदेखि परम्परागत रूपमा पुजिँदै आएको मात्र स्थानीय वासिन्दालाई थाहा छ। वाँसघारीको फेदमा ढुङ्गाको घेरावीच प्राकृतिक शिला तथा त्रिशूलहरूलाई ज्वालादेवीको प्रतीक मानी पूजा गरिन्छ। फाल्गुन र जेष्ठपूर्णिमाका दिन वोका तथा परेवाको वलि दिई ज्वालादेवी मा श्रद्धार्पण गरिन्छ।

जिनीथान, (भिरगाउँ) धनकुटा

भिरगाउँको किन्ताङ देवस्थलको वगैँचामा यो स्थान छ। आठ पहरिया राईहरूले पुज्ने भूमि हुनाले यसलाई जिमीथान भनिएको हो। परम्परागत रूपमा पूजा हुँदै आए पनि प्राचीनतावारे निश्चित भन्न सकिने प्रमाण पाइँदैन। यहाँ कुनै मूर्ति देखिँदैन। २७ रोपनीजति जमिनमा पर्वमा त्यस भेगका आठ पहरिया राई जम्मा हुने यहाँ चढाइएका चाँदी, तामा, फलामका छात्र त्रिशूल ल्याई राखिन्छ। तिनमा एउटा सुँगुरको पाठो, प्रत्येक घरवाट एकएक कुखुराको चल्लो ल्याई पुज्नुपर्ने विधान छ। त्यस ठाउँका रूख काट्नुहुँदैन, थुक्न हुँदैन, यस्तो गरेमा तत्काल हानिनोक्सानी हुन्छ भन्ने जनविश्वास छ। यसको सञ्चालन आठ पहरिया राईवाटै हुँदै आएको छ।

जीतगढी, (तिनाउ) रूपन्देही

वुटोल नगरको तिनाउ किनारमा यो गढी (किल्ला) छ। वुटोल पाल्पा राज्यमा पर्दथ्यो। सेन वंशको प्रभुत्व १८६३ मा समाप्त भयो। पाल्पा नेपालकै एक अङ्ग वन्यो। पूर्वमा टिस्टा र पश्चिम काँगडासम्म नेपालको सिमाना पुगेको कुरा अङ्ग्रेजका लागि असह्य भयो। सेन राजाका नोकरले अङ्ग्रेज सेनालाई वाटो देखाउँदै वुटोल ल्याए। उडको नेतृत्वमा पाल्पा र वुटोल हान्न तम्से पनि नेपाली वीरहरूको चलाकीले अङ्ग्रेज फौजलाई परास्त गरेकाले यस गढीको नाम जीतगढी रहन गयो। यस गढीमा उजिरसिंह थापाको नेतृत्वमा नेपाली सैनिक कार्यरत थिए। जीतपुर गढीभन्दा केही तल जितेश्वरी दुर्गामाईको स्थान छ। दसैंको नवमीका दिन वलिसहित पूजा हुन्छ। गढी मजवुत, सुरक्षित किल्लाको रूपमा रहेको छ। यो किल्ला तामाकार र वुटवलको सिमानामा रहेको छ। यसको संरक्षण हुनु आवश्यक छ।

जुम्लाका देवदेवीहरू, जुम्ला

जुम्ला दुर्गम भए पनि आर्यहरूको आश्रयस्थल हो। यहाँ अनेक साधुसन्त रहेकाले देवदेवीका मन्दिर र मूर्तिहरू पनि स्थापित हुँदै गए। धर्म, अध्यात्म र तत्त्वज्ञानका जिज्ञासु भक्तहरू देवदेवीको उपासनामा संलग्न रहनु अस्वाभाविक थिएन। त्यसैले जुम्लामा प्रसिद्ध अन्य देवस्थलहरू यस प्रकार छन् :

१. भैरवनाथ मन्दिर
२. कनकसुन्दरी देवीमन्दिर
३. अखडादेवी मन्दिर
४. नौ मुड्या देवता (नौवटा शिरभएको सर्प)
५. छिनासिन दरवार मालिका
६. ढोकाभैरव
७. चन्दननाथ मन्दिर अखण्ड धुनी
८. स्वामी कार्तिक मन्दिर
९. चन्दननाथ मालिकादेवी
१०. कालिका देवी
११. विन्ध्यवासिनी
१२. कुम्वेद मालिका
१३. हनुमान मन्दिर
१४. रत्न चूडेश्वर महादेव
१५. नीलाभैरव
१६. सरस्वती मन्दिर
१७. कृष्णमन्दिर
१८. चीमारा मालिका
१९. भुरिचुला मालिका
२०. पुगेल्नी मालिका (कालीकोट)
२१. वाँसी मालिका
२२. वूढी मालिका
२३. नदै मालिका
२४. खेस्मा मालिका (मुगु)
२५. स्यूनाथ मन्दिर (कालिकोट)

यसरी हेर्दा जुम्ला र आसपासका मुगु, कालिकोटमा पनि उही प्रकृतिका देवस्थल देखिन्छन्। मालिकाका पनि अनेक रूप छन्। देवी, शिव, विष्णु, भैरव, सिद्ध आदिलाई उत्तिकै सम्मानका दृष्टिले यहाँका वासिन्दा हेर्दछन्। आफ्ना आराध्यदेव, इहलोक र परलोक दुवै सुधार्ने ईश्वरईश्वरीका रूपमा देवदेवीको आराधना गर्ने चलन यस दुर्गम भेगमा पनि छ। यीमध्ये धेरै प्राचीन र केही पहिले स्थापित मन्दिर पनि छन्।

जोरसालपाटी, पाँचथर

फिदिम वजारदेखि ३ किलोमिटर उत्तर जोरसाल वजारमा यो पाटी छ। दुई सालका विशाल रूखवाट यो पाटी निर्माण भएकाले जोरसाल नाम रहेको वुझिन्छ। आजभन्दा झन्डै सवासय वर्ष अगाडि वलभद्र ओझाले यो पाटी वनाएथे। १२ आना जग्गाको क्षेत्रफलमा वनेको यो पाटी कलाका दृष्टिले उच्च रहे पनि संरक्षण चाहिँ त्यति हुन सकेको देखिँदैन। त्यस वेलाको पाटी वनाए धर्म हुन्छ भन्ने चलनकै एक प्रतीकका रूपमा यसलाइं लिन सकिन्छ।

ज्योतिर्लिङ्ग परोँहा, रूपन्देही

परोँहा गाउँको राजीवगियावाट दुई किलोमिटर दक्षिणमा यो ज्योतिर्लिङ्ग पर्दछ। कुनै थारुको घरभित्र आफैं उत्पन्न भएको यस लिङ्गलाई ज्योतिर्लिङ्ग भनिन्छ। घरको मांथि थारु वस्ने तल शिवलिङ्ग समय आएपछि घर ध्वस्त भयो, मानिस सकिए। यो लिङ्ग त्यसै पुरिएर रह्यो। २०३२ सालमा नागावावा आएर यसको उद्धार गरे, उनी पनि हिंडे। शिवलिङ्ग प्राचीन देखिन्छ। आफैं उत्पन्न भएकाले यसलाई ज्योतिर्लिङ्ग पनि भनिन्छ। परोँहा परमेश्वर र सन्तुष्ट भए इष्ट वर प्राप्त हुन्छ भन्ने जनविश्वास छ। श्रावणी सोमवार यहाँ ठूलो मेला लाग्छ, त्यस्तै शिवरात्रिमा पनि। टाढाटाढावाट जल ल्याएर जल अर्पण गर्ने चलन छ।

ज्योतिर्लिङ्गेश्वर, (साँखु) काठमाडौं

साँखु नगरको सिरानमा चित्तह्रददेखि वहेर आएकी रत्नावती (नालन्दुखोला) मणिमती (नारायणेश्वर तर्फवाट आएको) सङ्गम छ। यो सङ्गम योग तीर्थ मानिन्छ। अभक्ष खाएको, अरूको अन्न, जल, खाना हरण गरी खाँदा जो पाप लाग्छ त्यसको प्रायश्चित्त यस शिवलिङ्गको दर्शनपूजन गर्दा हुन्छ। यस्तै पापी सूचीमुख नामका व्राह्मणले हरितमुनिका उपदेशले यहाँ वैशाखशुक्ल १५ मा दर्शनपूजन गर्दा भुक्तिमुक्ति पाएको कथा छ। यसको प्राचीन नाम कामधेनु पर्वत हो। विरूपाक्षले पनि यस तीर्थको उपभोग गरेको उल्लेख छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ। यसको वर्णन हिमवत्खण्डमा पनि छ।

टुँडालदेवी, (हाँडीगाउँ) काठमाडौं

टुँडालदेवीलाई वैष्णवीदेवी पनि भनिन्छ। यिनको मन्दिर हाँडीगाउँ नजिकै छ। टुँडालदेवीलाई खटमा राखी हाँडीगाउँ वरिपरि वाजागाजासाथ घुमाई गहनापोखरीमा लगी गहना खोज्ने प्रयास गरिन्छ। यो जात्रा वैशाखमा हुन्छ।

पौराणिक कथनअनुसार टुँडालदेवी, भाटभटेनी र नक्सालभगवती चैत्रशुक्ल पूर्णिमाका दिन घुम्न निस्कदा टुँडालदेवीका गहना पोखरीमा खसेर हराएकाले यही चैत्रशुक्ल पूर्णिमाका दिन भेटिएकाले त्यसको खुसियालीमा यहाँ यो जात्रा युगौंदेखि चल्दै आएको छ । प्रत्येक वर्ष टुँडालदेवीलाई गहना खोज्न पोखरीमा लगिने प्रचलन छ । यसै कारणले पोखरीको नाम पनि गहनापोखरी नै रहन गएको हो ।

वि.सं. १८३० मा वडामहाराज पृथ्वीनारायण शाहले यस यात्राका लागि १२९ रोपनी जमिन विर्ता राखिदिएकाले पनि यो जात्रा र उत्सव चल्दै आएको छ ।

टौदह, (कीर्तिपुर) काठमाडौं

कीर्तिपुर नगरक्षेत्रको पर्यटकीय स्थल हो टौदह । यसलाई घनादह र द्वादशतीर्थ पनि भनिन्छ । यो सुरक्षित ताल हो । यो चोभारनजिक पर्दछ । यहाँ कर्कोटक नाग रहन्थे भन्ने कुरा स्कन्दपुराण तथा जनश्रुतिमा पनि चर्चित छ । मत्स्येन्द्रनाथको भोटोजात्रा र यस दहका कर्कोटक नागराजसँग तादात्म्य सम्वन्ध रहेको पाइन्छ । मञ्जुश्रीले उपत्यकाको पानी खोल्दा कर्कोट नागराजलाई वस्न कठिन भएकाले चोभारनजिक ठूलो दहको निर्माण गरी वसोवासको प्रवन्ध मञ्जुश्रीले गरेको भनिन्छ । सुखा लागे, पानी नपरे, यस दहको छेउमा वसी नागराजको पूजा, प्रार्थना गरे पानी पर्छ भन्ने पनि उल्लेख पाइन्छ । यो दह ८० रोपनी जमिनमा ७ कुना परेको छ २० मिटर गहिराइ भएको अनुमान छ । नागपञ्चमी, जनैपूर्णिमा, श्रीपञ्चमी, वैशाख १ गते यहाँ आई भक्तहरू स्नान गर्दछन्, अनेक थरी चराहरू पनि यहाँ रहेर रमाइलोसँग खेलवाड गर्दछन् ।

ठाकुरमन्दिर, बर्दिया

गुलरियाको उत्तरपश्चिम १३ कोसको दूरीमा ठाकुरद्वारा गाउँमा ठाकुरमन्दिर छ । पुराणमा रामकृष्णलाई ठाकुर भनिएको छ । "ठाकुर हजुरको म त दास पो हुं ।" ठाकुर भनेको स्वामी, मालिक भनिन्छ । यसै आधारमा यो पनि ठाकुरमन्दिर भनी नामकरण भएको हो । कृष्ण वालगोपाल रहँदा यहाँ यो मूर्ति स्थापना गरिएको भनिन्छ । कुनै गोठालाले यस ढुङ्गामा हँसिया उध्याउँदा रगत आएकाले भगवान् ठानी प्रतिष्ठापन गरी विधिपूर्वक पूजाआजाको प्रवन्ध गरे । हालको मन्दिर २०३७ सालमा शिखर शैलीमा वनाइएको भए पनि यसको स्थापना महाभारत कालमै भएको मानिन्छ । कालो प्रस्तरमा २५ इन्च चौडा मूर्ति छ । अन्य शिवलिङ्ग, हनुमान, शालिग्राम, आदि पनि छन् । शिवलिङ्गलाई चिथरावावा भनिन्छ । अन्य टुटेफुटेका मूर्ति पनि छन् । यहाँ नित्यपूजा र

पर्वपूजा दुवै गरिन्छ। भगवान् कृष्णकै प्रतीक मानेर पूजन गरिने हुँदा वैष्णव वढी रमाउने गर्छन्। माघेसङ्क्रान्तिमा पर्वपूजा हुन्छ। रातभर मेला लाग्छ, ठाकुरवावाको दर्शन गरी रुद्री, होम, पूजा गरी नाचगान पनि गर्छन्। खैरा नदी कर्णालीकै शाखामा स्नान गर्छन्। भक्तहरूको इच्छा पूर्ण हुन्छ भनिन्छ।

डडेलधुरा किल्ला, डडेलधुरा

सदरमुकामकै वीच भागमा यो किल्ला छ। यो किल्ला श्री ५ गीर्वाणका समयमा वमशाहले निर्माण गरेको भन्ने जनधारणा छ। वज्र र ढुङ्गावाट उच्च स्थानमा निर्मित मजवुत पर्खालले घेरिएको छ। वीचमा खाल्डो हुँदा वाहिरवाट देख्न सकिँदैन तर यस किल्लावाट सवैतिर देख्न सकिन्छ। यसको मुख्यद्वार पश्चिमपट्टि मात्र छ। भित्रवाट शत्रुलाई गोली हान्न मचानहरू वनाइएका देखिन्छन्। यहाँ अहिले पनि सैनिक टुकडी रहन्छ। यहाँ भैरवको पूजा पनि हुन्छ। ऐतिहासिक सांस्कृतिक दृष्टिले पनि यसको महत्त्व छ।

डाँडाबाघमाडु, (मन्दिर ?) बझाङ

पौवागढी गाउँ र लामातोला गाउँको वीचमा डाँडावाघमाडु रहेको छ। यहीँ सिँजाली राजाले वनाएको भुङ्ग्रेधारा भएकाले प्राचीन कालीन अस्तित्व झल्किन्छ। ठूलाठूला रूखले घेरिएको माडु ३ खण्डमा विभाजित छ। गवीर (मुख्य देवता वस्ने कोठा), होम गर्ने स्थान र पूजासामान राख्ने, मुख्य मानिस वस्ने स्थान। धामी मरे वा काम गर्न असमर्थ भए नयाँ धामीको व्यवस्था गरिन्छ। नयाँ धामीलाई सुनको मुन्द्रो, चाँदीको वाला, फेटा आदि दिनुपर्ने विधान छ। यहाँ नित्यपूजा हुँदैन। कृष्णाष्टमी, शिवरात्रीमा पर्वपूजा हुन्छ। मेला पनि लाग्छ। टाढाटाढावाट पनि मानिस आउँछन्। मूल्यवान् वस्तु भए गवीरमा चढाउँछन्। १०।१२ रोपनी जमिनमा काठ र ढुङ्गावाट वनाइएको माडु त्यस भेगका मानिसको आस्था र विश्वासको स्थलका रूपमा रहेको छ। भोग वलि पनि चढाउने गरिन्छ।

डिग्रेसाइकुमारी, (भगवती) रुकुम

खलङ्गा गाउँमा नेपाली शैलीको २ तले मन्दिर दक्षिणाभिमुख भएर रहेको छ। उत्तरतर्फ ढुङ्गाको पहरो छ। केवल देवीस्थान छ मूर्ति देखिँदैन। यी देवी प्राचीन कालमा आफैं उत्पन्न भएकी हुन् भन्ने जनधारणा छ। शुद्ध मनले भाकल गरे मनका इच्छा पूरा गरिदिन्छन् भनिन्छ। यस मन्दिरमा गुठी पनि छ। वडादसैं चैतेदसैंमा हजार वाह्र सय वोका काटिन्छन्। ती वोकाका टाउका वेचेको आमदानीले पनि वाँकी पूजा

चलाइन्छ। पहिलो छोरो जन्मेपछि एउटा वोको वलि दिनुपर्ने परम्परा पनि छ। कार्तिक पूर्णिमा, दसैं, चैतेदसैं आदिमा ठूलो मेला लाग्ने, भजन कीर्तन पनि हुने गर्दछ। प्रसिद्ध आदरणीय शक्तिपीठका रूपमा मानिसहरू आस्था प्रकट गर्दछन्, गर्दै आएका छन्। यहाँको मेलामा रोल्पा, सल्यान, प्युठान, दाङ आदि जिल्लावाट पनि भक्तहरू आउँछन्, रमाइलो गर्दछन्। यहाँको संस्कृति यस मेलामा झल्किने गर्दछ।

डुङ्गेश्वरमहादेव, (नाउले कटुवालगाउँ) दैलेख

नाउले कटुवालगाउँमा डुङ्गेश्वर भैरव मन्दिर छ। तल्लो डुङ्गेश्वर, मठडुङ्गेश्वर, शिवमन्दिर आदि नामले पनि उल्लेख गरिन्छ। १६ औं शताव्दीतिर महन्त सागर गिरिले नदीमा स्वयं उत्पन्न शिव भनी यहाँ स्थापित गरेथे भनिन्छ। हालको मन्दिर चाहिँ १९६६ मा वनेको हो। प्रचलित नेपाली शैलीको प्रस्तुत मन्दिरमा पत्थरको डुङ्गेश्वर भैरवको प्रतीक छ। ससाना घण्टा र ध्वजा पनि छन्। मन्दिरपछाडि वरको रूखमा देवीको प्रतीक शिला र त्रिशूल पनि छ। वि.सं. १८४३ को लालमोहरअनुसार गुठीव्यवस्था पनि छ। नित्यपूजा पनि हुन्छ। भोग र वलि पनि चढाइन्छ।

डोलै शिवमन्दिर, (सूर्यपुरा) रूपन्देही

सूर्यपुरा गाउँमा डोलै शिवमन्दिर छ। यस गाउँमा थारु जातिको आधिक्य छ। प्राचीन कालमा एक थारुले खेत खन्दा एक ढुङ्गो भेटेछ। त्यसमा उसले रवर, गहुं आदि पिट्ता ढुङ्गावाट रगत आउन थाल्यो। त्यस कारण त्यस शिलालाई मुड फुटुवा वावा भन्न थालियो। जनसहयोगवाट वनेको एकतले पक्की मन्दिर छ। लिङ्ग प्राचीन प्रस्तरकै जस्तो लाग्छ। यहीं हनुमानको मूर्ति पनि छ। त्रिशूल, घण्टा पनि छन्। यहाँ नित्यपूजा हुन्छ। शिवरात्रिमा ठूलो मात्रामा भक्तहरू आउँछन्, दर्शन गर्दछन्।

ढडारमस्टा, (विराटगाउँ) जुम्ला

विराटगाउँको लुटकुमा यो स्थान छ। निकै प्राचीन मानिन्छ। मस्टाको उत्पत्ति वद्रीनाथमा भएको, त्यसपछि वनारस, वझाङ हुँदै लुटकुमा ल्याएर स्थापना गरिएको हो। विजया नामकी नारीका सन्तान थिएनन्। मस्टाकै कृपाले डाँडाकाँडा ढाक्ने सन्तान भए। उनीहरूले नै गुठीको व्यवस्था पनि गरेका छन्। उनीहरूले उठाएको चामल यहाँ र कनकामाईमा पनि चढाइन्छ। ढडार मस्टालाई इष्टदेवताको रूपमा मानेका छन्। गुम्वज शैलीको मन्दिरमा प्रतीक रूप शिला छ। आइतवार र वुधवार पूजा हुन्छ। श्रावण पूर्णिमा र अनन्त चतुर्दशीमा यहाँ मेला लाग्छ। वाजा वजाई सिँदुर, जनै, खीर आदि चढाइन्छ। ढडार मस्टामा वलि चल्दैन।

ढडारमस्टो, (भातेखोला) बझाङ

भातेखोला गाउँमा ढँडारमस्टो माडौँ रहेको छ। भाते खोलवाट माथि डाँडोमा रहेको यस माडौँको निर्माण सिँजाली राजावाट भएको देखिन्छ। वझाङी राजा शक्तिसिंहले निर्माण गरेको भन्ने पनि छ। विनाप्रमाण केही भन्न सकिँदैन। जुम्लावाट ढँडारमस्टोमा पूजा गर्न आउने चलन अहिले पनि भएकाले सिँजाली राजा अभय मल्लले नै वाटो निर्माण गरेका हुन् भन्ने कुरा तर्कसङ्गत देखिन्छ। १९२६ सालको घण्टा छ। मुख्य देवता राख्ने ठाउँलाई गवीर भनिन्छ। यहाँ पूजारीवाहेक अरूले हेर्न मिल्दैन भनिन्छ। दायाँवायाँ वत्ती छन्। अगाडि होमकुण्ड छ। भोग वलि चढाउने ठाउँ पनि छ। यसका लागि गुठी पनि छ। यहाँ आइतवार र वुधवार सामान्य पूजा हुन्छ। अनन्तपूर्णिमा, मालिकापूर्णिमा, श्रीपञ्चमी, चैतेदसैँ, वडादसैँमा पर्वपूजा हुन्छ। भेडा वलि चढाइन्छ। टाढाटाढादेखि यहाँ पूजा गर्न, मेला गर्न, पर्व मनाउन पनि मानिस आउँछन्। रातमा ड्यौडा पनि गाउँछन्। यो वझाङको महत्त्वपूर्ण तीर्थस्थल हो।

ढोरवाराही, तनहुँ

ढोरा फिर्दी गाउँमा नेपाली शैलीको एक मन्दिर छ। मन्दिरभित्र चतुर्वाहु देवीको मूर्ति छ। नजिकै शिवलिङ्ग पनि छ। चरहाते गणेश र अन्य देवदेवीका मूर्ति पनि रहेका छन्। यहाँ औँसी, रामनवमी, एकादशीवाहेक अरू दिनमा पाठापाठी काटिन्छ। राँगो पनि छुट्टै ठाउँमा काटिन्छ। परेवा, हाँस उडाइन्छन्। कुखुरा चल्दैन। शुद्ध मनले भाकल गरे पुग्छ। भक्तहरू दर्शन गर्न निकै आउँछन्। वि.सं. १९३३ पछि चढाइएका घण्टाहरू छन्। मन्दिरअगाडि पोखरी छ, माछा छन्। मन्दिरमा वलि दिएर वगेको रगत खान पाएर माछा रमाउँछन्। पहरावाट पानी रसाएर मुस्लो आउने गर्थ्यो। भगवान् वराहले पृथ्वीमातालाई उठाएर ल्याउँदाको आवाज ठानिन्थ्यो। तर हिजोआज यस्तो लहरी छुट्ने मुस्लो आउनेसम्म वन्द भएको छ। नित्यपूजा हुन्छ। गुठी छ। यहाँ वलि दिएका वोकाको टाउकाको ठेक्का मात्र वर्षको डेढ लाख जति हुन्छ। तैपनि मन्दिरको मर्मतसम्भार राम्रो हुन सकेको देखिँदैन। ढोरवाराहीप्रति जनआस्था छ, विश्वास छ।

ढोलठानदरबार, (धतान) म्याग्दी

धतान गाउँको ढोलठानमा भुरे राजाको ग्रीष्मकालीन दरवारको भग्नावशेष छन्। रामशाह (१६०९-३६) का समकालीन राजा प्रतापीनारायण मल्लले वनाएको मानिन्छ। समुद्री सतहवाट ११००० को उचाइमा यी भग्नावशेष छन्। उचाइमा रहेकाले प्राकृतिक दृष्टिले पनि यसको महत्त्व छ।

तनहुँसुर, तनहुँ

तनहुँसुर तनहुँको प्राचीन राजधानी हो। यो उच्च स्थानमा रहेको छ। नरभूपाल शाहको मावली यहीं हो। दस वर्षको उमेरसम्म नरभूपाल यहीँ हुर्केथे। वि.सं. १८२७ मा यो गोर्खा राज्यमा विलीन भएको हो। यहाँ अनेक दर्शनीय स्थलहरू छन्। प्राचीन राजनगरी भएकाले यहाँ ऐतिहासिक तथा सांस्कृतिक स्थल हुनु स्वाभाविक पनि छ।

गद्दी चौतारो : यहाँ ठूलो चौतारो छ। विशाल ढुङ्गाको आसन छ। तनहुँका राजाहरू यहीँ वसेर सभा, वैठकहरू गर्दथे, न्याय निसाफ गर्थे भनिन्छ। यहाँ जोकोही वस्तैनन्। गा.वि.स.ले यसको संरक्षण गर्ने गरेको छ।

ढिकुटीघर : यहाँ चौवीसे राजाको ढिकुटी मानिन्छ। पहिले वडादसैंमा यहाँ सेतो वोको वलि चढाइन्थ्यो। यहाँ विधवा तथा अछुतहरू जान नहुने परम्परा छ। १८२७ मा गोर्खाली सैनिकले जितेपछि यहीँ कामारिदत्त सेन राजाले आत्महत्या गरेथे। त्यस घरमा जोकोही आज पनि पस्न डराउँछन्। ढिकुटीघर मिनाया टाँसिएको २ तले घर हो। ढुकुटीको सुरक्षाका लागि वनाइएको तत्कालीन कला यसवाट झल्किन्छ।

गोलाघर : हातहतियार, गोला, वारुद, तोपहरू यहाँ राखिन्थे। यो अग्लो ठाउँमा छ। तलवाट शत्रुहरू आए सहज रूपमा प्रयोग गर्न सकिने गरी राखिन्थे। पहिले वडादसैंमा यहाँ वोका वलि दिइन्थ्यो। पहिले ७ तोप थिए रे अहिले एक तोप मात्र छ। पूजापाठ पनि गरिन्थ्यो। अहिले गरिँदैन। जे भए पनि त्यस वेलाको ऐतिहासिक स्थलका रूपमा यो चिनिन्छ।

खड्गकालिका : तनहुँसुरमै खड्गकालिकाको मन्दिर छ। चौवीसे राजाकै पालाको यो मन्दिर हो। हरकुमारदत्त सेनले यहाँ पूजा गर्न गुठी राखेथे तर त्यो आज छैन। खड्गदेवी भएकाले नौरथामा मात्र खोली पूजा गरिन्छ। अघिपछि वाहिरैवाट पूजा तथा वलि दिइन्छ। राजा र वोहराले यहाँका खड्ग वोकी वाहिर निकाली पूजा गर्दछन्। नौरथामा यहाँ भिड लाग्छ। खड्ग पखालेर र कसैलाई नछुवाई मन्दिरमा लगी स्थापना गरिन्छ।

यिनीहरूवाहेक चौवीसे राजाका पालाको दरवार, टुँडिखेल, रानीको चौतारो, हात्ती वाँध्ने ढुङ्गा र राजाको पँधेरो आदि ऐतिहासिक स्थलहरू यहाँ जीर्ण अवस्थामा छन्। राजाले स्थापना गरेका देवदेवीका मूर्ति पनि छन्। यस्ता वस्तुको यथाशक्य संरक्षण हुनु राम्रो हुन्छ।

तलेजुभवानीमन्दिर, (टिस्टुङ) मकवानपुर

टिस्टुङ गाउँको पाल्चोकमा यो मन्दिर छ। सिम्रौनगढका कर्णाट वंशका राजा इष्टदेवी तलेजुलाई लिई काठमाडौं आउँदा यहाँ वास वसेकाले सो सम्झनामा मल्ल राजाकी पनि इष्टदेवी तलेजुको स्थापना यहाँ मल्लकालमा भयो भनिन्छ। मल्ल राजाको प्रान्तजस्तै थियो टिस्टुङ। पाटनमा विष्णु मल्लले यस ठाउँको मर्मत गरेको जानकारी शिलापत्रवाट खुल्छ। पुरातत्त्व विभागले पनि पछि मर्मत गरेको छ। दुई तले यस देवीघरमा तलेजुभवानी छन्, तर पुजारीवाहेक अरूले दर्शन गर्नु नहुने र स्वरूपको वर्णन पुजारीले पनि गर्न नहुने भएकाले अरू भन्न मिल्दैन। यसको आफ्नै गुठी छ, नित्यपूजा हुन्छ। वडादसैंमा कन्याकेटीहरूको पूजा गरी दक्षिणा दिई भोजन पनि गराइन्छ। मातातीर्थ, वालाचतुर्दशी, घण्टाकर्ण चतुर्दशी आदिमा पनि एकएक वोका वलि चढाइन्छ। यो एउटा किल्ला पनि हो। शिवलिङ्ग र ढुङ्गेधारा पनि छन्। भग्नावशेष पनि छन्। अग्लो ठाउँमा वरिपरि खाडल खनेर मजवुत वनाइएको छ। यो सांस्कृतिक र पुरातात्त्विक दुवै किसिमले महत्त्व राख्ने स्थल हो।

तातोपानी, (मेतेरीपुल) सिन्धुपाल्चोक

सिन्धुपाल्चोकअन्तर्गत वाह्रविसेमाथि खासाको मितेरी पुलनजिक तातोपानी तीर्थ छ। यहाँ कार्तिक र चैत्रमा मेला लाग्छ। पानी निकै तातो छ। पहरावाट मूल फुटेर वाफ छाड्दै निस्केका पानीका मूलले प्राकृतिक आश्चर्य देखाउँछ। ८।१० दिनसम्म यस पानीमा स्नान गरेमा चर्मरोग, गानोगोलाजस्ता रोग निको हुने कुरा स्थानीय वासिन्दाको अनुभव छ।

विभाण्डक ऋषिका छोरा ऋष्यशृङ्गलाई दशरथको पुत्रेष्टि यज्ञ सम्पन्न गरिदिन निम्तो आयो। ऋष्यशृङ्ग दशरथपुत्री शान्ताका पति थिए। वेश्याहरूले ऋष्यशृङ्गलाई फँसाएपछि वाध्य भएर उनले शान्तासँग विहा गरेथे। ऋष्यशृङ्ग यहाँ आउँदा उनलाई स्नानसन्ध्या गर्न यो पानी तातेको थियो। विभाण्डक ऋषिको पनि व्रह्मतेज थियो। कार्तिकमा अयोध्या जाँदा र चैत्रमा फर्कंदा यहीं स्नानसन्ध्या उनले गरेथे। त्यसैले यो पावन तीर्थका रूपमा विकासित भयो।

सन्तानप्राप्ति, रोगनाश, स्नानसन्ध्याका लागि जाडोको वाधा नहुने स्थिति यसमा पाइन्छ। अरनिको राजमार्ग प्रचलित भएपछि तीर्थको महिमा अझ वढेको छ।

ताम्रेश्वरमन्दिर, (नवालीटोल) काठमाडौं

पशुपतिक्षेत्रको नवालीटोलमा यो मन्दिर छ। नेपाली मण्डप शैलीमा निर्मित यस मन्दिरभित्र चतुर्मुखी शिवलिङ्ग छ। यहाँ हुने जात्रा पर्वमा ताम्रेश्वर परिक्रमा गर्ने विधान, परम्परा छ। यसलाई नवौं शताब्दीको मान्ने पनि छन्। मूर्तिको आकार हेर्दा एघारौं शताब्दीको जस्तो देखिन्छ। मन्दिरमा नित्यपूजा देउपाटनका वैद्यहरूवाट हुने गर्दछ। पर्वपर्वमा यहाँ दर्शनार्थी आए पनि साधारणतः वाहिरी भक्तहरूको आवागमन त्यति भएको देखिँदैन। सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले यो मन्दिर निकै महत्त्व राख्तछ।

ताम्रेश्वरमहादेव, (छपालीलेक) डोटी

डोटी जिल्लाको उत्तरी भेग वविनाको कौराडीमा ठूला दुई पहाड छन्। उत्तरपूर्वको पहाडलाई मालिका पहाड भनिन्छ भने दक्षिणपश्चिमको पहाडलाई ताम्रगिरि पहाड भनिन्छ। स्थानीय शैलीमा छपालीको लेक पनि भनिन्छ। ताम्रगिरि पहाडमा शिवजीको मन्दिर छ। यहीँ ताम्रेश्वर महादेव विराजमान हुनुहुन्छ। यो करिव ९ हजार फिटको उचाइमा छ। स्थानीय वासिन्दाको भनाइअनुसार यस शिवलिङ्गलाई सधैं सर्पले वेरिराखेको हुन्छ। चाँदीको विर्को वनाएर लिङ्गलाई ढाकिएको छ। महादेवका पूजारीले आचरण छाडेमा कुष्ठरोगी हुन्छन्। आचारनिष्ठ भएमा उन्नति प्रगति हुन्छ, यो प्रत्यक्ष देखिएको कुरा अनुभवीहरू वताउँछन्। पूजारीवाहेक अरूले वाहिरैवाट दर्शन गर्छन्, भित्री भाग हेर्नुहुँदैन भनिन्छ। त्यहाँ गुफा पनि छ। धुवाँ निस्कन्छ र कहिलेकाहीं ज्वाला पनि निस्कन्छ। ज्वाला निस्किँदा भूकम्प जान्छ भनिन्छ। यस पहाडमा तामाजस्तै ढुङ्गा पनि ठाउँठाउँमा भेटिन्छन्। पहिलेपहिले यहाँवाट तामा निकालिएको थियो भनिन्छ। यसवारेमा विजय चालिसेले डोटेली लोकसंस्कृति र साहित्य पृ. ११७ मा विशेष प्रकाश पारेका छन्।

तिलमाधवनारायण, भक्तपुर

धर्मदत्त वनिया इमानदार र नारायणभक्त थियो, आधावोरा तिल वेच्दै हिँड्यो, नविकेर माघेसङ्क्रान्ति (माघकृष्ण द्वादशी वुधवार) का दिन हनुमन्ते खोलाको दोभानमा स्नान गरी हाल टौभदी टोलमा तिल खन्याएछ। तिल किन्न मानिस खुव आए, जति वेचे पनि सकिएनछ। असर्फी नै असर्फी जम्मा भयो। वनिया चकित वन्यो। विष्णुप्रति समर्पणभाव देखायो। नभन्दै तिलकै थुप्रोवाट भगवान् विष्णु प्रकट भएछन्। यस तीर्थमा आजका दिन जसले यहाँ आएर मेरो दर्शन गर्छ त्यसले इच्छानुसार वर पाउनेछ भनी विष्णु अन्तर्ध्यान भए। धर्मदत्तले त्यसै ठाउँमा तिल वेचेर प्राप्त भएको सम्पत्तिवाट तिलमाधवनारायण रूपमा शिलामूर्ति तयार गरी स्थापना गरे।

ने. सं. २८२ मा आनन्ददेवले ढुङ्गाको खम्वामा गरुड वनाई अर्पण गरे त्यो छँदै छ। किराँत फौजले भक्तपुरमा आक्रमण गर्दा नरेन्द्र मल्लले यिनै नारायणको आराधना गरे। नारायणकै मूर्ति नजिकवाट भमराहरू हजारौँ निस्की चिल्दै, टोक्तै किराँतहरूलाई भगाए। किराँतहरूले छाडेका हातहतियारका अवशेष अझै छन् भनिन्छ। देशमा उपद्रव हुन लागेमा यस नारायण मूर्तिले सङ्केत दिन्छ र शान्तिस्वस्ति गरे सङ्कट मोचन हुन्छ भन्ने जनश्रुति छ।

यथासमय अरू राजाले पनि मन्दिर वनाउँदै, पूजा चलाउँदै गए। राजा नरेश मल्लका पालामा किराँतहरूले हमला गर्दा नारायणको वाहु फुटेको कुरो पनि छ। हरेक वर्ष माघकृष्ण द्वादशीमा यहाँ मेला लाग्दछ। अनेक गुठी राखिएको छ। श्रद्धालु भक्तहरूको जमघट हुन्छ। नित्यपूजा चल्छ। दर्शनपूजा भक्तिभावले गरेमा इन्छा पूर्ण हुने कुरामा जनसमुदायको पूर्ण विश्वास छ।

तिलेश्वरमहादेव, (तेलिया) धनकुटा

तेलियागाउँमा यो मन्दिर छ। महादेव अनादि भए पनि वि.सं. १८५९ तिर तिलवहादुर भण्डारीले मन्दिर वनाई तिलेश्वर नामकरण गरेको जनधारणा छ। गुम्वज आकारमा निर्मित यस मन्दिरमा शिवलिङ्ग र गणेशको मूर्ति स्थापना गरिएको छ। पुजारीहरूवाटै यथाशक्य नित्यपूजा गरिँदै आएको छ।

तिलेश्वर शिवलिङ्ग, (लेले) ललितपुर

लेलेमा मनोमती, प्रभावती र सरस्वतीनदीको सङ्गम छ। यहाँ मनःश्रीतीर्थ छ। यहाँ मृगकुण्ड, रुद्रकुण्ड, रुद्रगङ्गा र सरस्वतीकुण्ड पनि छन्। वृहस्पतिले यहीँ स्नान दर्शन गरी तपस्या गर्दा उनलाई सरस्वतीको कृपा भई सिद्धि मिलेको हो। मकरसङ्क्रान्तिमा उलुक नामका म्लेच्छले तिल चढाई दर्शन स्नान गर्दा मुक्त भएको कथा छ। यसको प्राचीन नाम मुकुन्दगिरि हो। विरूपाक्षले माघ कृष्ण ११ दशमीमा यस तीर्थको सेवन गरेथे। हिमवत्खण्डमा पनि यसको चर्चा छ। नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यसलाई पनि राखिएको छ।

तिनाउनदी, (तिलोत्तमा) रुपन्देही

देवगिरि पर्वतवाट सुरु भई माडी झुँसादोभान हुँदै रूपन्देहीको वुटवल खस्यौलीवाट तराई प्रवेश गर्ने नदीको नाम तिनाउ हो। स्वर्गको अप्सरा तिलोत्तमाका नामवाट अपभ्रंश हुँदै तिनाउ वनेको कुरा जनश्रुतिमा प्रचलित हुँदै आएको छ। तिलप्रमाण गण्डकीको जलले उत्तमा वनेकी भनेर

तिलोत्तमा मानिएको भन्ने एक धारणा छ भने अर्को धारणा सवैलाई मोहित पारी कामशास्त्रको उपासनामा प्रवृत्त गर्ने स्वर्गकी सुन्दरी भन्ने वुझिन्छ। माधवप्रसाद देवकोटा र टीकाराम पन्थीले पनि तिलोत्तमावाट तिनाउ वनेको सप्रमाण चर्चा गरेका छन्। देवगिरिमा इन्द्रादिसँग खेलवाड गर्दा तिलोत्तमावाट पसिना आए, त्यहीँवाट तिलोत्तमा वहिन् भन्ने तर्क पनि छ। अर्को कथा छ, सुन्दउपसुन्द नामका दुई दानव थिए तिनले ठूलो तपस्या गरे। व्रह्माजीले त्रिलोकविजयको वर दिए। तीनै लोकको राज्य लिए। पीडित देवता व्रह्मासमक्ष गएर प्रार्थना गरे। व्रह्माजीले देवशिल्पीलाई वोलाएर विश्वका चरअचरवाट सौन्दर्यसार तिलवरावर सङ्कलन गरी सुन्दरी वनाउन लगाए र तिलोत्तमा वनिन्। उनी सुन्दउपसुन्दका अगाडि परिन्। दुवैले आफ्नी वनाउन चाहे र आपसमा लडेर त्यही निहुँमा सुन्दउपसुन्द मरे। महाभारत अनुशासन पर्वमा शिवले पार्वतीसँग भन्नुभएको छ "अघि व्रह्माजीले चराचरवाट तिलजति तेजसार लिएर तिलोत्तमाको सृष्टि गरे। तिलोत्तमालाई हेर्न लाग्दा मेरा चारमुख वने पूर्वमुखले दिक्पालको शासन गर्छु, उत्तरमुखले तिमीसँग खेलवाड गर्छु, पश्चिममुखले लोकको कल्याण गर्छु र दक्षिणमुखले प्रलय कालमा संहार गर्छु।" यसवाट शिव पनि मोहित वनेको देखिँदा तिनाउ तिलोत्तमा नै हुन सक्छिन्।

तीनकन्या पञ्चवती, (मोली) ओखलढुङ्गा

ओखलढुङ्गाको सदरमुकामवाट करिव छ कोस दक्षिणमा मोली गाउँको वडा नं. २ मा छिमेकी जिल्लामा समेत प्रसिद्धि कमाएकी तीनकन्या पञ्चवतीको मन्दिर छ।

कालान्तरमा मोलीको मगर गाउँमा काला आलेमगर नामका व्यक्ति थिए। उनका सन्तान नभएकाले पीर थियो। अनेक प्रयास भए पनि सन्तान जन्मेनन्। एक रात सपनामा सिंहारूढा भगवतीले एक सुन्दरी वालिका आफ्नी श्रीमतीलाई दिन लाग्दा सिंह देखेर श्रीमती डराएकी हुँदा सपना टुट्यो। मगरलाई पश्चात्ताप भयो।

मगरकी श्रीमती त्यसपछि गर्भवती भइन् र वच्ची जन्माइन्। वच्चीको नाम पञ्चवती राखे। ३ वर्षकी वालिकालाई सुताएर मेला गएका दम्पती फर्कंदा वालिका मृत अवस्थामा थिइन्। परम्परानुसार छातीमा टिलो (पैसा) र चामल राखेर गाडे। त्यसको एक वर्षपछि आले मगरले देवीको दर्शन फेरि पाए। छोरी मरेकोमा चिन्ता नगर, म सेतो सर्पको रूप लिएर भोलिपल्ट मोलीडाँडामा वालिका गाडेको ठाउँमा छातीमा राखेको टिलो (पैसा) लाई घेरेर वस्नेछु। त्यस ठाउँमा पञ्चवतीको मन्दिर वनाई प्रत्येक मङ्गलवार पूजा गर्नू र प्रत्येक वर्षको मार्गशुक्ल पञ्चमीका दिन

विशेष मेला लगाउने गर्नू भनी देवी अलप भइन्। नभन्दै भोलिपल्ट सेतो सर्पले टिलो घेरेको देखे। त्यहाँ देवीको आज्ञावमोजिम मेला लाग्दछ। भाकल गरेको पुग्न थाल्यो। छिमेकी जिल्लावाट समेत भक्तहरू आउने गर्छन्। सयौँ पशुहरूको वलि चढाइन्छ।

अपेक्षित रूपमा विकास हुन नसके पनि यस ठाउँको महिमा स्थानीय वासिन्दाले राम्रै वुझेका छन्।

तुषाराकोट/इस्नाकोट, प्युठान

तुषार गाउँमा यो स्थान छ। मन्दिरकै शैलीवाट चौवीसे राज्यकालमै यो वनेको देखिन्छ। यहाँ कुनै मूर्ति नभएर कटारी मात्र राखिएको छ। यसको सुरक्षा र पूजा थापाक्षेत्री र महत्राक्षेत्रीले पालैपालो गर्ने गर्छन्। नवमीका दिन घर्तीले पाठो काट्ने अरूले इस्नाकोटमा कालो पाठी काट्ने चलन छ। तुषाराकोटमा चाहिँ राँगाँ र वोका काटिन्छ। इस्नाकोटमा पाठी काटिसकेपछि आन्द्राभुँडी झिकी, पखाली कुण्डको आगोमा हाली अलिअलि पड्केपछि टुक्राटुक्रा पारी प्रसादको रूपमा खाने गरिन्छ।

तौलेश्वरशिवालय, (तौलिहवा) कपिलबस्तु

तौलिहवा वजारमा नै रहेको यस शिवालयमा रहेका तौलेश्वर नाम तौलिहवाका ईश्वर भएकाले राखिएको पनि छ र मूर्तिमा तामाको आकार भएकाले ताम्रेश्वर पनि भनिन्छ। १९७४ सालपछिका घण्टाहरू छन्। हेमलाल पुरी गोसाईंका पूर्वज गुरु वनगाई वावाले गाई चराउने ढिस्कोमा उत्खनन गरी दुर्लभ मूर्तिहरू भेटिँदा यहाँ स्थापना गरेका हुन् भनिन्छ। पहिले यहाँ वौद्ध स्तुप थियो, भत्किएपछि शिवालयको निर्माण भएको पनि भनिन्छ। मन्दिरभित्र शिवलिङ्ग छ। पत्थरको वसाह पनि छ। वैदिक विधिअनुसार नित्यपूजा हुन्छ। भक्तहरू दर्शनार्थ निकै आउँछन्।

थकनीकिल्ला, (थानाभन्ज्याङ) सिन्धुपाल्चोक

वडामहाराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा थकनी गाउँको थाना भन्ज्याङमा यो किल्ला निर्माण गरेका थिए। यो स्थान एउटा समृद्ध किल्लाको रूपमा रहे पनि ऐतिहासिक र पूरातात्त्विक सामग्री भए पनि हाल जङ्गलले ढाकिएको छ। जङ्गली जनावर पनि यहाँ रहेकाले जोकोही सजिलै यहाँ जान सक्ने स्थिति पनि छैन। यहाँ भग्नावशेष यत्रतत्र देखिन्छन्। एकीकरणमा यस्ता किल्लाको कति महत्त्व थियो ? आज अनुमान सहज छैन। पुरातात्त्विक अध्ययन उत्खननपछि मात्र अरू भन्न सकिन्छ।

थन्यापभगवती, (सर्कुवा) बागलुङ

सर्कुवा गाउँमा रहेको माई स्थानलाई थन्यापभगवती पनि भनिन्छ। सुरुमा शिला राखी स्थापना गरिएकोले थन्याप भनिएको हो कि ? भन्ने जनश्रुति छ। वि.स. १८६६ मा यसका लागि गुठी व्यवस्था भएको जानकारी मिल्छ। पुरानो मन्दिरलाई २००७ सालतिर कुनै महात्माका प्रयासले मर्मत भएथ्यो। ढुङ्गाको उठेको पेटीमा मन्दिर छ। देवीको प्रतीक शिला छ। दुई तल्ले मन्दिर छ। छानाको चारैतिर उडिरहेका चराहरूका मूर्ति छन्। यी भगवती साक्षात् छिन्। दसैं, चैतेदसैंमा भक्तहरू वढी आउँछन्।

थानीमाई, (इजगार) तनहुँ

डुम्रेवाट करिव १७ कि.मी. पार गरेपछि इजगार वजार पुगिन्छ। त्यहाँवाट करिव ३ घण्टाको उकालो चढेपछि थानीमाईको मन्दिर पुगिन्छ। चौतारा, पाटी, प्राकृतिक दृश्यले गर्दा त्यति थकाइको अनुभव हुँदैन। खुड्किला चढ्दै जानुपर्छ। मन्दिर चारैतिर पर्खालले घेरिएको छ। मन्दिरभित्र थानीमाईको प्राकृतिक मूर्ति छ। मन्दिरको छानो छैन खुल्ला छ। उत्पत्ति विषयमा जनश्रुति यस्तो छ : भोटिनी आमाछोरी व्यापारको क्रममा यहीं आएर वास वसे। असिनापानीले पिटेर दुवै दिवङ्गत भए। क्रियाकाज भएन। केही समयपछि मगरजातिकी एक महिलाले काम्दै यो वृतान्त कहिन्। त्यहाँ गएर हेर्दा भोटिनी आमाछोरीका हाडखोर रहेछन्। त्यहाँ अरू पनि विरामी पर्न थालेछन्। मगर्नीले काम्दै त्यस ठाउँमा थानीमाईका रूपमा हाम्रो पूजा गर्नु दःुख दिँदैनौं, वरु हाम्रो दर्शनपूजा गर्नेको भाकलचाहना पूरा गरिदिन्छौं। हामी देवीका रूपमा यहीं रहन्छौं भनिन्। त्यसपछि त्यहाँ थानीमाईको स्थापना भयो। कार्तिक, मंसिर, माघ र फागुनका प्रत्येक सोमवारमा सत्यनारायणको पूजा गरी मङ्गलवार (औंसी, एकादशीवाहेक) विभिन्न वाजागाजा र फूलको डालीसहित पूजा गरिन्छ। साउन, पुस र चैतमा पूजा गरिंदैन। भक्तहरूको चाहना पुग्ने भएकाले भक्त धेरै छन्। वली चढ्दैन सात्विक पूजा हुन्छ।

थानीमाई, (अमलेखगन्ज) बारा

अमलेखगन्ज गाउँमा यो मन्दिर छ। मन्दिरवाहिर वाघका दुई मूर्ति राखिएका छन्। मन्दिरभित्र अष्टभुजा भगवती वाघमाथि चढेर रहेकी देखिन्छन्। पूर्वाभिमुख यस मन्दिरमा प्रस्तरको वाघमूर्ति र पुरानो देवीमूर्ति पनि देखिन्छ। यहाँ शिवरात्रिमा भजन हुन्छ, धुनी जगाइन्छ। व्यारेकले तीनतीन महिनामा रुद्री लगाउँदछ। चैतेदसैं र वडादसैंमा पनि वलिसहित पूजाआजा हुन्छ। यहाँ शिवलिङ्ग पनि छ। चाडपर्वमा विशेष भक्तहरूको घुइँचो चल्छ। स्थानीय जनताकी आस्थाकी देवीको रूपमा यिनको स्थान छ।

थार्पामस्टाथान, (लुदु) जुम्ला

नरकोट गाउँको लुदुमा यो स्थान छ। यस स्थानको निर्माण डेढसय वर्ष अगाडि भएको मानिन्छ। मुगुको थार्पा गाउँवाट ल्याई यहाँ स्थापना गरिएकाले थार्पामस्टा भएको वुझिन्छ। नित्यपूजाका अतिरिक्त वैशाखपूर्णिमा, वडादसैं, श्रावणपूर्णिमा, चैतेदसैंजस्ता पर्वमा पूजा हुन्छ। माघेपूर्णिमामा मस्टालाई दुध अर्पण गरिन्छ। मस्टाको प्रतीक घण्टा, त्रिशूल, शिला छन। धामी पूजारी दुवै छन्। मेलामा झाँक्रीनाच, मारुनीनाच पनि हुन्छ। स्थानीय वासिन्दाका इष्टदेव, कुलदेवका रूपमा यी देवताको पूजा हुन्छ।

दत्तात्रेयमन्दिर, भक्तपुर

भक्तपुर नगरमा नै एउटै रूखवाट यक्ष मल्लले दत्तात्रेय मन्दिरको निर्माण गराएका थिए। दत्तात्रेय भगवान् विष्णुका २४ अवतारमध्ये एक मानिन्छन्। अत्रिपत्नी सतीशिरोमणि अनसूयावाट व्रह्मा, विष्णु, शिवका अंशका रूपमा जन्मेका दत्तात्रेय चिन्तकका रूपमा उत्यन्त आदरणीय मानिन्छन्। उनको अवधूतगीता प्रसिद्ध छ। २४ गुरुवाट उनले शिक्षा पाएको चर्चा श्रीमद्भागवतमा पनि छ। यो मन्दिर तीनतले छ। सन् १४२७ मा वने पनि यथासमय मर्मत हुँदै आएको छ। मन्दिरका अगाडि अग्लो खम्वामा रहेको गरुडले विष्णुमूर्तिको सङ्केत गरे पनि व्रह्मा, विष्णु र शिवकै अवतारका रूपमा लिइन्छ। मयूरपङ्खी झ्याल र कलात्मक वुट्टाहरूले यसको महत्त्व धार्मिक मात्र होइन कलात्मक पनि छ भन्ने स्पष्ट हुन्छ।

दत्तात्रेयगुफा, जुम्ला

भगवान् विष्णुका २४ अवतारमध्ये भगवान् दत्तात्रेय पनि हुन्। उनका २४ गुरु छन्। २४ गुरुवाट सिकेको तत्त्वज्ञान आज पनि लोकविश्रुत छ। तिनले जुम्लामा तपस्या गरेथे, चिन्तन गरेथे भन्ने कुरा दत्तात्रेय गुफाले जनाउँछ। त्यहाँ एक गुफा छ। काश्मीरतिरवाट आएका एक सन्तले त्यहींको एक तलाउमा भगवान् दत्तात्रेयका पादुका छन् भनी एक वालकलाई आशीर्वाद दिई ऊ सक्षम भएपछि दह खोली पादुका झिकी पूजाको प्रचलन चलेको भन्ने छ। दत्तात्रेय व्रह्मा, विष्णु र शिवका अंशका रूपमा पनि लिइन्छन्। यिनको तपोभूमि यहीं थियो भन्ने उक्त गुफाले स्पष्ट गर्छ। चन्दननाथ मन्दिरभित्र रहेको चरणपादुका दत्तात्रेयकै हो भन्ने कुरा वावा चन्दननाथले नै गरेको भन्ने कुरा रत्नाकर देवकोटाले उल्लेख गरेका छन्। सिद्ध मानसरोवरवाट फर्कंदा वटुकभैरवलाई पनि लिएर आएथे। चरणपादुका खोज्न वावा सानो रूपले अल्पिए। भैरवले पनि सानो

रूप लिएर वटुकाभित्र पसे र वटुकभैरव भए। चन्दनखोरीभित्र सिद्धवावा लुकेकाले उनी चन्दननाथ भए भन्ने लोकधारणा छ। दत्तात्रेय शिवको दर्शन गर्न मानसरोवरतर्फ जान लाग्दा पहिलो पाउ गोर्खा, दोस्रो पाउ जुम्लाको छिनासिम र तेस्रो पाउ मानसरोवर पुग्यो। त्यसैले ती ठाउँमा दत्तात्रेयको स्मारक मन्दिर वनेको भनिन्छ।

दन्तकाली, (धरान) सुनसरी

सुनसरीको धरान विजयपुर नजिक दन्तकालीको मन्दिर छ। यहाँ सतीदेवीको दाँत पतन भएर दन्तकाली भगवती उत्पत्ति भएकी हुन् भनिन्छ। मन्दिर निकै ठूलो छ। मन्दिरका चारैतर्फ गिर्दा छ। यहाँ साँझविहान पूजा हुन्छ। यो पुरानो मन्दिर हो। मेलापर्वमा भक्तहरू दर्शनार्थीहरू जान्छन्। भक्ति प्रकट गर्छन् र चाहना पूर्ण गर्ने वर माग्छन्। यहाँ वलि पनि चढ्छ। सेनहरूले गुठी पनि राखिदिएका छन्। यहीं भीमसेनको मन्दिर पनि छ। नेवारहरू भीमसेनलाई इष्टदेव मान्छन्। रुद्राक्षारण्य माहात्म्यमा भीमसेनलाई विजयपुरका रक्षक मानिएको छ। पहिले भीमसेनको पूजा गरेर अरू देवदेवीको पूजा गर्नुपर्ने विधान पनि छ। यहीं हनुमान स्थान पनि छ। दन्तकालीको महत्त्व निकै छ। दन्तकालीको मूर्ति दाँतको आकारको भएकाले दन्तकाली भनिएको हो। मकवानी सेन राजाका पालादेखि नित्यपूजाको प्रवन्ध भएको पाइन्छ। पूजाका लागि राखिएको गुठीलाई राजा गीर्वाणयुद्ध विक्रमले वि.सं. १८६८ मा थमौती गरेको प्रमाण पाइन्छ।

चैनपुर दरबार, बझाङ

चैनपुरको हात्तीसारमा यो दरवार छ। १९८४ वझाङ्गी राजादेवी जङ्गवहादुर सिंहले वनाएको मानिन्छ। कलात्मक रूपमा रहेको यो दरवार सरकारले खरिद गरी उपयोगमा ल्याएको छ। त्यस क्षेत्रको कला झल्कने दरवारको रूपमा यसलाई लिइन्छ।

योपुर दरवार चैनपुरको योपुरमा रहेको छ। यो दरवार वझाङी राजा भूपेन्द्र सिंहले १८१८ सालमा वनाएका थिए भनिन्छ। पहिले डाँडाको टुप्पोमा रहेको यो दरवार गर्मीयाममा वसोवास गर्नका लागि पछि यहाँ वनाइएको जनश्रुति छ। अगाडि सेती नदी छन्। दरवार कलात्मक र सुविधायुक्त छ। यहाँका दर्शनीय स्थलमध्ये यो दरवार क्षेत्र पनि पर्दछ।

दक्षिणकाली भगवती, (फर्पिङ) काठमाडौं

काठमाडौं जिल्लाको दक्षिणपश्चिम भागमा फर्पिङ नजिक दक्षिणकाली भगवती रहेकी छन्। छाना नभएको खुला आगनका भित्तामा श्री दक्षिणकाली (चामुण्डादेवी)को प्रतिमा छ। दुई खोलाका वीच रहेको यो

मन्दिर खुला छ। दक्षिणकालीको पूजा शाक्तहरूको तान्त्रिक विधिवाट हुन्छ। सन्तानवृद्धि, धनसम्पन्नता, मुद्दामामिलामा विजय र नोकरीमा पदोन्नतिको चाहना राखी भक्तहरू वोका, मिष्ठान्न, धुपदीप, रातो कपडा र पत्रपुष्प लिएर भगवतीको अर्चना गर्छन्, गराउँछन्। नवरात्रिका अतिरिक्त मङ्गलवार र शनिवार दर्शनार्थीको भिड लाग्छ। चामुण्डाको पश्चिममा दक्षिण मुखापेक्षी चारहाते नरसिंही भगवतीको मूर्ति छ। शङ्ख, चक्र, गदा, कुण्डी र अभय धारण गरेको यो देवीको मुख सिंहिनीजस्तै छ। यस मूर्तिले साक्षात् रक्षाको प्रेरणा दिइरहेको भान हुन्छ। मन्दिरको आँगनको पश्चिमी चार किनारमा ७ रक्षिकाहरू छन् र ६ मातृका इन्द्रायणी, वाराही, वैष्णवी, कुमारी, माहेश्वरी र व्राह्मी छन्। त्यहीँ गणेशको मूर्ति पनि छ।

पहिले पीठ मात्र थियो मूर्ति थिएन। प्रताप मल्लले सपनामा देखी मूर्ति वनाई प्रकाश गर भन्ने आदेशानुसार रोगनिवारण, आयुवृद्धि, साम्राज्य प्राप्ति होला भन्ने भएर लम्वकर्ण भट्टसँगको सल्लाहअनुसार स्थापना भएको जानकारी मिल्छ। साक्षात् भगवतीको रूपमा ख्याति प्राप्त छन्। भक्तहरूको घुइँचो देख्ता लाग्छ कलि युगमा सर्वलोक कल्याणकारी परमेश्वरी प्रत्यक्ष वरदायिनी वनेर यहीँ रहेकी छन्। नत्र भक्तहरू किन ओइरिन्छन् ?

दक्षिणामूर्ति, (पशुपति) काठमाडौं

पशुपतिनाथको पश्चिमद्वार हुँदै उमाकुण्डतर्फ लाग्ने ठाउँमा दक्षिणामूर्ति मन्दिर छ। राजा नृपेन्द्र मल्ल वि.सं. १७३१ ले पशुपतिका सन्यासी पुजारी विवलानन्दको सल्लाहमा असिनाको भय निवारण गर्न दक्षिणामूर्तिको आवाहन गरी यो मूर्ति स्थापना गरेको जानकारी मिल्छ। दक्षिणामूर्ति ललितासनमा छन्, दायाँ पाउले अज्ञानरूप राक्षसलाई थिचेको चारहाते मूर्ति छ। एक हातमा माला, एक हात अभय मुद्रामा, एक हातमा अमृतको घडा र अर्को हातमा पुस्तक छ। तीन नेत्र छन्। छुटगुठीअन्तर्गत यो मन्दिरको पूजाआजा हुन्छ। गुरुपूर्णिमाका दिन यहाँ दर्शनार्थी वढी आउने गर्छन्। पशुपतिनाथका गुरु पनि भन्ने गर्छन्। पशुपतिनाथको दक्षिणामूर्ति गुरुवक्र मानिने हुँदा यसो भनिएको हुन सक्छ। जे भए पनि कलात्मकताका दृष्टिले पनि मूर्ति र मन्दिरको महत्त्व छ।

दानसाघु, (त्रिवेणी) जुम्ला

जुम्लाको चन्दननाथ गाडको प्रसिद्ध धार्मिक स्थल हो। दानसाघु र शङ्करपानी (भित्रभित्रै वगेर आउने) तिला र दरा नदीको त्रिवेणी यहाँ छ। पौराणिक दृष्टिले के कसरी यसलाई महत्त्व दिएको छ ? अनुसन्धेय भए पनि यहाँको स्नान, दान, जप, तप स्थानीय वासिन्दाका दृष्टिमा व्यवहारमा

महत्त्वपूर्ण मानिएको छ। यहाँ मानिस मर्दा जलाउने काम पनि गरिन्छ। यहाँबाट तिलानामले नै कर्णालीमा गएर यी नदीको मिलन हुन्छ। तिलानदीको पानी तिलजस्तै र जवाको जल जौजस्तै छ। तिल, जौ र शङ्कर पवित्र तथा श्रद्धेय मानिँदा त्रिवेणी पनि महत्त्वपूर्ण मानिएको हो। जवानदीको जलले सिँचाइ गर्दा जमिनमा केही वाँझोपन देखिन्छ। तिलाको जलले सिँचाइ गर्दा वाझोपन देखिँदैन। तिलाको पानी केही गरम र जवाको पानी केही चिसो छ। यस्तै अनेक कारणले यहाँका वासिन्दाहरू यहाँ धार्मिक तथा तात्त्विक विशेषता अन्तर्निहित रहेको अनुभव गर्छन। प्राकृतिक तथा पर्यटकीय दृष्टिले पनि यो स्थल दर्शनीय छ। वलि राजाले दान गरी साघु वनाएकाले दानसाघु भनिएको भनिन्छ। यहाँ पञ्चदान भएथ्यो। कोटीहवन भएथ्यो। यहीँ रत्नचूडेश्वर महादेवको स्थापना गरी पूजाआजाको प्रवन्ध पनि भएको छ। यस ठाउँको ऐतिहासिक महत्त्व पनि छ।

दामेश्वर महादेव, (तौखुरासिनुवा) धनकुटा

तौखुरासिनुवा गाउँमा दामेश्वर महादेवको स्थापना भएको छ। दामोदर रिजालको स्मृतिमा ७ दशक अगाडि यहाँ दामेश्वर महादेव नामकरण गरी अच्युतानन्द रिजालले मन्दिर निर्माण गरेको वुझिन्छ। मन्दिरभित्र प्रस्तरको शिवलिङ्ग र गणेशको मूर्ति पनि छ। शिखर शैलीको यस मन्दिरको संरक्षण, नित्यपूजा पनि गुठीद्वारा सञ्चालित भएको जानकारी पाइन्छ।

दामोदरकुण्ड, (सुरखाङ) मुस्ताङ

मुस्ताङ जिल्लाको उत्तरपूर्वीभागमा दामोदर हिमालको काखमा सुरखाङ गा.वि.स.अन्तर्गत यो कुण्ड रहेको छ। १५७२१ फिटको उचाइमा रहेको यो कुण्डका वरिपरि हिमाली पहाड छन्। यहाँ पुग्न दुई दिन निर्जन विकट स्थानको यात्रा गरी १८००० फिटका हिमशृङ्खला पार गरी जानुपर्ने भएकाले यो तीर्थस्थल विकट नै मान्नुपर्छ। यहाँ तीन कुण्ड छन्। ती हुन् दुधकुण्ड, व्रह्मकुण्ड र रुद्रकुण्ड। दुधकुण्ड ठूलो र अरू साना छन्। हरियालीविहीन स्थानमा पनि कुण्डका वरिपरि कुश आदि हरियाली देख्न पाइन्छ। हिमशृङ्खला, हिमनदी, सानो तर हरियालीपूर्ण उपत्यका, हिमाली चराचुरुङ्गी, हिमाली जनावरसमेतले यो स्थान यात्रीहरूका लागि आकर्षक छ। शालिग्राम उत्पन्न गर्ने नदी कालिगण्डकीको उद्‌गमस्थल यही हो। यहाँ जान जेठ, असार र साउनवाहेक अरू महिनामा कठिन छ।

दामोदर कुण्डमा विष्णुले वृन्दाको श्रापले शालिग्राम रूप लिएर वस्नुभएको कुरा पुराणमा छ। त्यहाँको पानी छुनेवित्तिकै पाप नाश र वैकुण्ठ लोक प्राप्त हुने चर्चा वराहपुराणमा छ। भारतवर्षभरि नै दामोदरकुण्डको महिमा हिन्दूहरूमा व्यापक छ। भारतीय तीर्थयात्रीहरू नेपालीभन्दा वढी आउने गरेको पाइन्छ। विकटता, असुविधा अनेक वाधाव्यवधानले व्यापक प्रचारप्रसार हुन नसके पनि यहाँ पुग्ने सुगम पर्यटकीय उपायहरू अपनाउन सके नेपालको गरिमामय तीर्थस्थलका रूपमा यसलाई प्रस्तुत गर्ने पर्याप्त आधारहरू छन्।

दाह्रेमस्टो, (राउतकोट) दैलेख

राउतकोट गाउँमा दाह्रेमस्टोको मन्दिर छ। दाह्रा भएको मस्टो (देवता) हुँदा दाह्रेमस्टो भनिएको हो। सयौँ वर्ष अगाडि गढवाल कुमाउँवाट मस्टोहरू आई दैलेखको सुरक्षा गरी रहनथाले। यी मस्टोमध्ये दाह्रेमस्टो पनि एक हुन् भनिन्छ। प्रचलित नेपाली शैलीमा ४ फिट अग्लो मन्दिर छ। मन्दिरनजिक चाँदीको दाह्रा निस्केको मस्टोको प्रतीक छ। यही एउटा मन्दिरमा चाहिँ दाह्रा निस्केको मस्टोको आकृति छ। यहाँ नित्यपूजा हुँदैन। वर्षको एकपटक वैशाखपूर्णिमामा पूजा हुन्छ। धामीले दाँतले वोकाको गर्धन छिनाली रगत चढाइन्छ। हातमा घण्ट र त्रिशूल चढाएर वोकाको टाउको काखी च्यापी धामी वाहिर निस्केपछि मस्टो पूजा समाप्त हुन्छ।

दिल्लीकोट, जुम्ला

गोष्ठीचौर गाउँमा रहेको यो कोट २ तलाको छ। यहाँ कुनै मूर्ति छैन। वैशाखपूर्णिमामा मेला लाग्छ। १०८ वत्ती वाल्ने चलन छ। कार्तिकपूर्णिमा र शिवरात्रिमा पनि मेला लाग्छ। कोट प्राचीन मानिन्छ। कोटघर जीर्ण देखिन्छ। पूजा हुने, नाचगान गर्ने र आस्था प्रकट गर्ने गरिन्छ। कुन देवता भन्ने केही छैन। सवै देवता यहाँ आराध्य छन्।

दिलीपेश्वर महादेव, डोटी

सेती नदीको तीरमा दिपायलमा दिलीपेश्वर महादेवको मन्दिर छ। रामचन्द्रका पुर्खा दिलीप राजा गाई चराउन यहाँ आउँदा महादेवको स्थापना गरेका हुन् भन्ने पौराणिक कथन छ। यसको चर्चा स्कन्दपुराण, मानसखण्ड, हिमवत्‌खण्ड, शैलेश्वरी माहात्म्य आदिमा देखिन्छ। दिलीप राजाले स्थापना गरेको कारणले नै दिलीपेश्वर नामकरण भएको धारणा स्थानीय वासिन्दाको छ। राजा पहाडी शाहीले मन्दिरको जीर्णोद्धार गरेथे। त्यसपछि पनि समयसमयमा जीर्णोद्धार हुँदै आएको छ। मन्दिर तले शैलीमा दुईतले छ। मन्दिरभित्र ५ इन्चको प्रस्तर निर्मित शिवलिङ्ग छ। शिवलिङ्गमाथि जलहरी छ। शिवलिङ्गनजिक शालिग्रामहरू राखिएका छन्।

त्यहाँ उमामहेश्वरको मूर्ति पनि छ। महेश्वरले उमालाई अङ्कमाल गरेको मूर्ति आकर्षक छ। उत्तरपश्चिमतिर विष्णुको मूर्ति पनि छ। यी मूर्तिहरू त पछिपछि थपिँदै आएका हुन सक्छन्। गुठियारहरू पनि छन्। नित्यपूजा र पर्वपूजाको प्रवन्ध उनीहरू मिलाउँछन्। वडादसैं, माघ शुक्ल चतुर्दशी, शिवरात्रि र चैतेदसैँमा पर्वपूजा हुन्छ। सेतीको तटमा पावन तीर्थस्थलको रूपमा यसको इतिहास छ।

दुर्गामन्दिर. (कलैया) बारा

कलैया नगरमा दुर्गामन्दिर छ। करिव डेढसय वर्षदेखि यसको अस्तित्व रहँदै आएको छ। यस मन्दिरमा कालो पत्थरको कालीमूर्ति छ। यसमा स्थानीय भक्तहरूवाट श्रद्धा अर्पण हुन्छ। यहाँ नौरथामा मेला लाग्दछ। पूर्वाभिमुख यस मन्दिरका वरपर धर्मशाला पनि छन्। यस भेककी आस्थाकी प्रतीक दुर्गादेवी आराध्या वनेकी छन्।

दुर्गामाडौं. डोटी

डोटीको दिपायलमा दुर्गामाडौं छ। सुरुमा पौराणिक राजा दिलीपले यो मन्दिर वनाएको जनश्रुति छ। पछिपछि अरूअरूले थप निर्माणमर्मत गर्दै गए। यो मन्दिर प्रचलित नेपाली शैलीकै छ। मन्दिरवाहिर पूर्वी मोहडाको दाहिने खोपामा विष्णुमूर्ति छ, यस मूर्तिको शिरमा मुकुट, गलामा हार, नाडीमा वाला, छातीमा जनै, दाहिने हातले गदा समातेका र वनमाला पहिरिएका छन्। यसका साथै द्विभुज, चतुर्भुज विष्णुमूर्तिका अतिरिक्त देवीमूर्ति पनि छन्। चतुर्दशी र वैकुण्ठ चतुर्दशीमा पर्वपूजा हुन्छ, नित्यपूजा हुँदैन। पर्वपूजामा स्थानीय वासिन्दाले सहयोग गर्दछन्। देवीको मूर्ति मुख्य रूपमा रहेकाले दुर्गामाडौं भनिएको हो। धामी, भण्डारी, पुजारी, झाँक्री, दमाइं सवैले पूजासामग्री ल्याएर पूजा गर्दछन्। कामको वाँडफाँड यसरी गरिएको छ–

धामी : सरसामान झिक्ने, काम्ने नाच खेलखेल्ने, भविष्यवाणी गर्ने।
भण्डारी : सफाइ गर्ने, सामान जुटाउनु, ल्याउनुलैजानु गर्ने।
पूजारी : पूजापाठ गर्नु, प्रसाद वाँड्नु।
झाँक्री : देवता काम्ने, गाँजा वनाउने, नचाउने, खेलाउने।
दमाइं : वाजा वजाउने, नाच्ने।

यी प्रक्रियाद्वारा मन्दिरभित्रका देवताको पूजा गरिन्छ। दिपायल र तीखागाउँको मुख्य सहभागिता हुन्छ। यस पर्वमा मूलतः दुर्गादेवीको उपासना हुन्छ। देवीको दर्शन यसरी गर्नाले सवैको चाहना पूर्ण हुन्छ भन्ने जनधारणा छ।

दुग्धमती नदी, (दुधमती) धनुषा

दुधको नदी हुन्छ भन्ने कुरामा विश्वास गर्न नसकिएला तर मिथिलामा एक समय दुधको नदी प्रवाहित थियो । जनकनन्दिनीका रूपमा सीता अवतरित भएपछि दुधपान गराउने समस्या आयो । जगदीश्वरीकै अवतार भएकीले अम्वा पृथ्वीले नै कामधेनु गाईको रूप धारण गरी सीताका लागि दुध उपलव्ध गराउनुभयो । दुग्धधारा नै प्रवाहित भयो । सीताले मात्र होइन अरूले पनि दुधपान गर्न थाले । यस वेला नदीकै रूपमा दुग्धमती वहन थालिन् । सीतालाई हुर्काइन् । त्यही वेलादेखि वहेकी यी नदीको नाम दुग्धमती रह्यो । यी नदी अहिले पनि छन् । दुधको रूपमा अहिले नरहे पनि यस नदीको पानी स्वादिष्ट र पुष्टिकारक मानिन्छ । श्रद्धाले यहाँको पानी आज पनि मानिसहरू सेवन गर्दछन् । यस नदीको तटमा अनेक सन्तहरू रहे । सुतीक्ष्ण महाराज, श्रीराम वावा, श्री प्रेमदासजी आदि । वृहत् विष्णुपुराणमा चर्चा भएकी दुग्धमती आज पनि देख्न सकिन्छ ।

दुधकुण्ड, सोलुखुम्बु

सगरमाथाको काखमा दुधकुण्ड रहेको छ । यो कुण्ड करिव १४ हजारको उचाइमा छ । एक कोसजति विशाल यो पोखरी दुध जमेजस्तै छ । यसै कुण्डवाट वहेको नदी दुधकोशी भनिन्छ । पहिले उपमन्यु ऋषिले शिवको भक्ति गरी शिव प्रसन्न भई उनलाई दुध पिउन दुधकुण्ड खडा भयो । ऋषिको निधनपछि पानी भएको मानिन्छ । यहाँ वैशाखपूर्णिमा र जनैपूर्णिमामा मेला लाग्छ । अघिपछि सधैँ हिउँले ढाकिए पनि यी दुई दिन हिउँले छाड्छ भनिन्छ । हिन्दू र वौद्ध दुवै धर्मावलम्वी यहाँ जान्छन्, स्नान गर्छन् र शिव र वुद्धको प्रार्थना गर्छन् । अर्को किंवदन्ती के छ भने प्राचीन समयमा यसमा दुध नै थियो । गरिव वाहुनले श्राद्ध खानेवित्तिकै यस दुधले खीर पकाएकाले पानी वनेको जनधारणा पनि छ । यहाँ अरू ६ कुण्ड पनि छन् । तर तिनको स्नान दर्शन कठिन छ । यो कुण्ड दक्षिणउत्तर लम्विएको छ । कुण्डको तीन कोस वरपर कुनै वस्ती छैन । नाङ्गा हिमाली डाँडा मात्र छन् ।

वैशाखपूर्णिमामा शेर्पाहरूले चौंरी चराउन जाँदा चौंरी हराएकाले खोज्दै जाँदा यस कुण्डनजिक कुनै शेर्पा पुगेछन् । त्यहीँ हराएको चौंरी भेटेछन् । त्यसै वेलादेखि यो कुण्ड पत्ता लागेको हो । नेपालमा अनेक प्राकृतिक स्थलहरू छन् । यस्ता स्थलहरू धार्मिक र सांस्कृतिक दृष्टिले पनि चर्चित छन् । तर दुर्गम भएका कारणले यी सर्वसुलभ छैनन् । यस्तै स्थलमध्ये दुधकुण्ड पनि एक हो ।

दुधपोखरी, लम्जुङ

अन्नपूर्ण हिमालको दक्षिणपूर्व फेदीमा अवस्थित अनेक सुन्दर प्राकृतिक पोखरीमध्ये दुधपोखरी पनि एक हो। यहाँ ऋषितर्पणी पूर्णिमाका दिन मेला लाग्दछ। दुधजस्तै सुन्दर र आकर्षक पोखरी छ। यस पोखरीमा शिवपार्वती पनि वर्षमा एक दिन स्नान गर्छन् भन्ने स्थानीय विश्वास छ। यहाँ स्नान गर्नाले आफूले मागेको र चाहेको कुरा पुग्ने विश्वास गरिन्छ। मोक्ष प्राप्ति पनि हुन्छ भनिन्छ। अग्लाअग्ला हिमशिखरका बीचमा यो पोखरी रहेकाले प्राकृतिक सौन्दर्यको अनुभव सवैले गर्दछन्। यस पोखरीमा दुना, टपरी, फोहर यात्रुले फालेमा चराहरू आएर तिनलाई हटाउँछन्। यो आश्चर्यजनक घटना सवैले देख्छन्। रामलाई शस्त्रास्त्रको ज्ञान दिने विश्वामित्रलाई पनि देवर्षिले शिक्षा दिएका थिए। गुरु विश्वामित्रले भेदभाव गरेकाले रावणले विश्वामित्रलाई मार्न दुई राक्षस खटायो, विश्वामित्र दौडँदै यही दुधपोखरीमा स्नान गरी शिवको आराधना गर्दै परम गतिमा गए। केही तल कालो पोखरीसम्म दुई राक्षस पुगे र प्राण त्याग गरे। दुधपोखरी स्नान गरेपछि कालो पोखरी नहेर्नु भन्ने पनि जनश्रुति छ।

हिमाली भेगको वातावरण यहाँ छ। वाटो केही कठिन भए पनि सवै जातिका तीर्थयात्री यहाँ जान्छन्, आफ्नो श्रद्धा र आस्था व्यक्त गर्दै आएका छन्।

दुधेश्वरमहादेव, (राउतेबेसी) नुवाकोट

राउते वेसीमा अवस्थित दुग्धेश्वर वरपर छरछिमेकमा समेत प्रसिद्ध प्राप्त महादेव हुन्। तादी नदीको पूर्व तीरमा खोलाको सतहदेखि करिव २०० फिट माथि भिरमा कैलाशाकारमा शिवलिङ्ग छ। यो शिवलिङ्ग लाखौं वर्ष अगाडिको भन्ने कुरा यहाँको वातावरणले देखाउँछ। खोलाको सतह खिइँदै जाँदा तयार भएको देखिन्छ।

दुधेश्वर महादेवको उत्पत्ति विषयमा कथा यस्तो छ– शिखर वेसीको तादी खोलानजिकै पाखोमा गोठाला गाई चराउँथे। एक गाई हराएछ। खोज्दै जाँदा पहरावाट दुध वगाएर वसिरहेको देखे। यस्तो दृश्य देखेपछि गोठाला र गाउँलेहरू मिलेर यहाँ महादेव रहेछन् भनी पूजा गर्न थाले। दुग्धेश्वर महादेव भन्दाभन्दै पछि जनजिब्रोवाट दुधेश्वर भनियो। यहाँ मार्ग महिनाको धान्य पूर्णिमामा मेला लाग्छ। दुर्गम भए पनि खुड्किला निर्माण भएकाले यात्रीहरू जान सक्छन्। भिडभाडमा लडिने पनि डर हुन्छ। अनेक घण्टाहरू चढाइएका छन्। मेलामा पूजा हुन्छ। नित्यपूजाको खास व्यवस्था छैन। दुधेश्वरको मेलामा तामाङ्ग, मगर, शेर्पा, नेवार, वाहुन सवै जातको उत्तिकै सहभागिता हुन्छ। गाईवस्तुका दाम्ला

दुधेश्वरलाई छुवाएर लाने गर्छन् । यसो गर्नाले वस्तुभाउ नमर्ने, स्वस्थ रहने विश्वास छ । दुध वढ्ने, आखाँ नलाग्ने भन्ने जनधारणा छ । तामाङ्ग, मगरहरू झाँक्रीविद्यामा पारङ्गत हुन जान्छन् । नेवारहरू पुत्रप्राप्तिका लागि प्रार्थना गर्छन् । यसरी अनेक चाहना पूरा गर्ने महादेवको प्राकृतिक स्वरूप पनि आकर्षक नै देखिन्छ ।

देउतीबज्यै, (लाटिकोइली) सुर्खेत

सुर्खेत जिल्लाको लाटिकोइली गा.वि.स. पिपिरा लेकदेखि दक्षिणतर्फ देउती वज्यैको मन्दिर छ । यिनलाई गङ्गामाला पनि भनिन्छ । पवित्र भावनाले पूजा गर्दा मनको चाहना पूरा गर्छिन् भन्ने धारणा स्थानीय वासिन्दामा रहेको छ । मनका चाहना पूरा गर्न यात्री दर्शनार्थ टाढाटाढादेखि आउने गर्छन् । ऐतिहासिक तथ्य खोज्दा राजी जातिले जाल हान्दा ब्राह्मण कन्या जालमा परिन् । राजीले पालनपोषण गरे । विहा गर्न खोज्दा नमानी अग्निमा प्रवेश गरी मरिन् । सपनामा देवीको रूप धारण गरेको वताइन् । गङ्गावाला देउतीवज्यै नामकी देवी स्थापना गरियो । त्यस्तै अरू पनि किंवदन्ती छन् । गङ्गावालावाट अर्थात् गङ्गाजीवाट उत्पन्न वालाकै नामवाट उनी चर्चित भएको तथ्य युक्तिसङ्गत देखा पर्छ । भेरी नदीका नजिक उक्त मन्दिर छ । गङ्गावाला श्रावणमा जन्मी ५ महिनामा अन्नप्राशन उत्सव मंसिरमा मनाइन्छ

गाईवस्तुलाई रोग लाग्ने, सामान हराउने, चोरी हुने समस्या आएमा देउतीवज्यैको भाकल गरेमा रोग हट्ने, सामान भेटिने र चोर पक्रिने विश्वास गरिन्छ । देउतीवज्यैका प्रतापले यस्ता घटनामा सफलता मिल्ने गरेकाले नै स्थानीय वासिन्दाहरू श्रद्धा र विश्वासपूर्वक देउतीवज्यैको पूजाआराधना गर्दछन् । अन्यायीहरूलाई रगत छदाउँछिन् भन्ने धारणाले पनि यस क्षेत्रमा अन्याय गर्न मानिस डराउँछन् । आइतवार, औँसी, श्रावण एकादशी, सोह्रश्राद्धमा यहाँ वलि चढ्दैन । यस क्षेत्रकी प्रत्यक्ष भगवतीको रूपमा यिनी रहेकी छन् ।

देउरालीथान, धनकुटा

धनकुटा नगरको चुलीवनको वीचमा देउराली थान छ । परम्परागत रूपमा पूजा हुँदै आएको छ । निश्चित रूपमा प्राचीनता स्पष्ट हुँदैन । ढुङ्गाका चौघेरामा साधारण शिलालाई देउरालीको प्रतीक मानी पूजा गरिन्छ । आठपहरिया राईले दसैंतिहारमा अक्षता, धुप, वत्ती, नैवेद्य आदि राखेर पूजा गर्ने गरिन्छ । अरूले भाकलअनुसार पूजाआजा गर्दछन् ।

देउलहाट, बैतडी

सदरमुकामदेखि दक्षिणपश्चिममा रहेको यो स्थल पुरातात्त्विक दृष्टिले महत्त्व राख्तछ। शिखरशैलीका सातवटा शिवमन्दिर छन्। यी सबै मन्दिर एकै रातमा वनेका हुन् भनिन्छ। एउटा मन्दिर आधा मात्र वनेको छ। वन्दावन्दै काग कराएकाले अब वनाउनुहुँदैन भनी त्यतिकै छाडिएको भन्ने जनधारणा छ। मन्दिरको वनोट शिलामय छ। फलामको अङ्कुसेवाट अड्याइएको छ। चक्रावली निकै ठूलो छ। देवलमाथि यो कसरी राख्न सकियो ? हेर्दा आश्चर्य लाग्छ। हाटगाउँमा देवल हुँदा देउहाट भनिएको वुभिन्छ। वीचको मुख्य मन्दिरमा दस तह कुँदिएको एक सहस्रशिवलिङ्ग प्रतिष्ठापन भएको छ। शिवपार्वतीको आलिङ्गन मुद्राको मूर्ति पनि छ। वरिपरि गणेश र अन्य देवदेवीका भग्न तर पुरातात्त्विक दृष्टिले महत्त्व राख्ने मूर्ति पनि छन्। यसको आफ्नो गुठी छैन। गाउँलेहरूको सहयोगले चलेको छ। यस ठाउँको उत्तरतिर एक कुवा छ। जहाँ सहस्रलिङ्ग पनि प्राप्त छ। उत्खनन गर्दा पनि अनेक सामग्री भेटिने सम्भावना छ। चन्द राजा कलीचन्दले वनाएको दरवारमन्दिरको भग्नावशेष भन्ने गाउँलेहरूको धारणा छ। यहाँ लक्ष्मीनारायणका मूर्ति पनि छन्। व्यवस्थित पूजाआजा नभए पनि श्रद्धाभक्तिले यथोचित आस्था प्रकट गरिन्छ।

देवघर, (डुम्रेसान्ने) धनकुटा

वेलद्वारा गाउँको डुम्रेसान्नेमा देवघर छ। यस घरमा मार्गा देवताका सरसामान राखिने हुँदा देवघर भनिएको हो। यो देवघर झन्डै ४०० वर्ष अगाडि स्थापना भएको मानिन्छ। यसमा १८ चुलो रहेकामा अपुताली परी हाल ४ चुलामात्र छन्। यसभित्र मार्गास्थानका सामानहरू छन्। पूजा गर्दा मार्गास्थानमा लैजाने गरिन्छ। मंसिरपूर्णिमामा आठपहरिया राईहरू यहाँ जम्मा भई भजनकीर्तन गर्ने चलन पनि छ। ढोल झ्याम्टाका साथ नाच्नेगाउने पनि गर्दछन्।

देवघाट, तनहुँ/चितवन

कालिगण्डकी र त्रिशूलीको सङ्गमस्थल हो देवघाटधाम । यहाँ पश्चिमाञ्चलका सात नदीहरू मिलेर प्रवाहित छन्। यसको महत्त्व स्कन्दपुराण, वराहपुराण आदिमा वर्णित छ। शिवका त्रिशूलवाट निस्केकी त्रिशूली र शालिग्राम तयार गर्ने गण्डकीको सङ्गम भएकाले अत्यन्त पावन क्षेत्र हरिहरक्षेत्र पनि भनिन्छ। दैवीशक्ति र आसुरी शक्तिको द्वन्द्वमा दैवी शक्ति जगाउने दिव्य धाम : देवताको वसोवास भएकाले देवघाटधाम भनिन्छ। यहाँ निधन भएपछि देवलोक प्राप्त हुने हुँदा पनि देवघाट नाम रहेको देखिन्छ। यस पावन स्थलमा लक्ष्मीनारायण मन्दिर, यज्ञशाला,

शिवमन्दिर, गुणराजेश्वर राममन्दिर, पुस्तकालय, विद्यालय, आयुर्वेद औषधालय, वृद्धाश्रम पनि रहेका छन्। दान, ध्यान, जप, श्रवण, मनन आदिका दृष्टिले पनि यो स्थल अत्यन्त उत्तम मानिएको छ। वसिष्ठले योगवासिष्ठको शिक्षा रामलाई यहीँ दिन्थे भनिन्छ। मणिमुकुन्दसेन राजाले यहीँ तपस्या गरेर जीवन विसर्जन गरेथे। कविशिरोमणि लेखनाथले पनि मुक्तिका लागि यहीँ स्थान रोजेथे। स्कन्दपुराणमा लेखिएको छ :

देवदेव स्वयं तत्र तिष्ठति प्रमथैः सह।
देवतीर्थमिति प्रोक्तं तस्मात् सर्वफलप्रदम्॥

अर्थात् देवताका पनि देवता महादेव देवघाटमा रहनुहुन्छ। सम्पूर्ण फल दिने यो धाम उत्तम छ। शालिग्राम वनाउने नदी यहीँ मिसिने हुँदा विष्णुको वास अवश्य छ। यसभन्दा उत्तम तीर्थ अरू कुन हुन सक्छ र? माघेसङ्क्रान्तिमा यहाँ भव्य मेला लाग्दछ। स्वदेश तथा विदेशवाट श्रद्धालु भक्त यहाँ आउने गर्छन्। कल्पवास वस्नेहरू पनि छन्।

त्रिशूली र काली गण्डकीको सङ्गम देवघाटमा छ। यहाँ वसिष्ठले तपस्या गरेको गुफा पनि छ। त्यस्तै दुर्गागुफा पनि छ। यहाँ अनेक देवमन्दिर पनि छन्। यसको महत्त्व निकै वताइएको छ। कुनै एक राजाकी रानी कुरूप भएकीले राजावाट त्यक्ता र दुःखी थिइन्। माइत जाँदा मकरसङ्क्रान्तिमा यहाँ भक्तहरू देखी स्नान गरी भक्तिभाव देखाइन्। त्यसपछि उनी सुरूपा मात्र भइनन् पतिप्रेम र सुख पाएर स्वर्ग पनि गइन्, पति भने नरकतर्फ लागे। आफ्ना पतिलाई मकर स्नानको आधा फल दिएर उनले स्वर्ग लगिन् भन्ने छ। त्यति मात्र होइन, यसै स्थानमा व्रह्मावाट दैत्यहरूले स्वर्गप्राप्तिको वर पाएको कथा पनि छ। यसरी हरेक दृष्टिले देवघाटको महिमा प्रभावकारी रहेको कुरा वताइएको छ।

देवदह, रूपन्देही

केरवानी गाउँमा देवदह पर्दछ। कोली वंशको देश जहाँ गौतम वुद्धकी आमा मायादेवी जन्मेकी थिइन्। यसलाई पुराना ग्रन्थमा अनेक नामले पुकारिन्छ जस्तै कोलीयनगर, व्यग्रपुर, देवदह, रामग्राम आदि। यहाँ उत्खनन गर्दा प्राचीन गाग्री भेटिएको थियो। पुरातात्त्विक अवशेष निकै छन्। उत्खनन हुन सके प्राचीन कोली राज्यवारे धेरै थाहा पाउन सकिन्छ। यहाँ रहेका प्राचीन मूर्तिहरूमा सूर्यमूर्ति, स्त्रीमूर्ति, गणेश, लक्ष्मी, शिवलिङ्ग आदि हुन्। गोलो ढुङ्गा र खिइसकेका मूर्ति त धेरै छन्। गोला ढुङ्गा उखेल्न प्रयास पर्दा पनि नसकिने खालका छन्। देवदहको क्षेत्र ७ विघा १७ कट्टा छ। यहाँका सामग्री ऐतिहासिक महत्त्वका छन्। भवानी माध्यमिक विद्यालय रहेकाले यहाँको रेखदेख भएको छ। अध्ययन अनुसन्धान हुनु आवश्यक छ।

देवलबाज, (मन्दिर) बझाङ

पारा काट्ने गाउँको देवलवाजमा यो रहेको छ। यो देवलको निर्माण सिञ्जाली राजा अशोक मल्लको आज्ञाले जुम्ली जालन्धर भन्ने व्यक्तिले वनाएको जनश्रुति छ। पश्चिम फर्केको शिखर शैलीमा यो देवल निर्मित छ। देवलभित्र लक्ष्मीनारायणको मूर्ति, महेश्वरको प्रस्तरमूर्ति, व्रह्मा, विष्णु, गणेश, आदिका मूर्ति रहेका छन्। यस्तै अरू देवल पनि छन्, कुनैकुनैमा मूर्ति पनि छैनन्, एकमा शिवलिङ्ग छ। यहीँ अगाडि हवनकुण्ड छ। ढुङ्गैढुङ्गाले घेरेर वनाइएको छ। यहाँ नित्यपूजा हुँदैन। पर्वपूजा वडादसैँ, चैतेदसैँको अष्टमीमा हुन्छ। यहाँ त्यस वेला वलि पनि चढ्छ। भोगवलिद्वारा पूजा गरिन्छ। देवलवाजका वासिन्दाहरूले यो सामग्री जुटाउँछन्। पुरातात्त्विक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थान भए पनि यसको सुरक्षा, मर्मतसम्भारमा प्रभावकारिता आउन सकेको देखिँदैन।

देवलिङ्गेश्वर महादेव, दोलखा

दोलखाको लामावगर ठाडीमा देवलिङ्गेश्वर महादेव छन्। स्थानीय वोलीमा द्यौलाङ्ग पनि भनिन्छ। यसको उत्पत्ति विषयमा कथा यस्तो छ : वविया डाँडामा एक जनाले गोठ राखेका थिए। एउटी गाई तामाकोशी तरेर त्यस ठाउँको शिलामा दुध चढाउने गर्थिन्। गोठालाले यो देखेपछि महादेव ठानी सवैले श्रद्धा राखी पूजा गर्न थाले। सतीदेवीलाई घरको झुपडी उघारी कैलाश दर्शन महादेवले गराएको कथा स्वस्थानीमा छ। घरको झुपडी यही ठाउँमा थियो भन्ने श्रुतिपरम्परा छ। ढुङ्गाको गाह्रो लगाएर देवस्थान वनाइएको छ। महादेवको प्रतीकको रूपमा रहेको शिलामाथि गौरीशङ्करको प्रतीक थियो। त्यो चोरिएपछि त्रिशूलहरू र अन्य शिला मात्र छन्। पौषशुक्ल पूर्णिमामा यहाँ मेला लाग्छ। यहाँ स्नान गरेर महादेवको दर्शन गर्छन्, हजारौं भक्त आउँछन्, शिवरात्रिमा पनि मेला लाग्छ। यस क्षेत्रको प्रसिद्ध तीर्थस्थलकै रूपमा यसलाई लिइन्छ।

देवीघाट, (देवस्थल) नुवाकोट

त्रिशूली र तादीको सङ्गमस्थल देवीघाट हो। यहीं वडामहाराजको दाहसंस्कार भएथ्यो। हिन्दूदेव देवीस्थल मात्र होइन वौद्ध सम्प्रदायसँग पनि यो ठाउँ सम्वद्ध छ। नुवाकोटको देवीजात्रासँग पनि यो स्थान सम्वन्ध राख्छ। त्यस कारणले पनि देवीघाट भनिएको हो। सिंहमूर्ति छन्। देवीस्थान भए पनि नदीले कटान गर्न लागेको देखिन्छ। घण्टाहरू पनि छन्। देवीस्थल पीठको रूपमा पुजिन्छ। वौद्ध, नेवारहरू भोटका वौद्धमार्गीहरू पनि कुलदेवताको पूजा गर्न यहाँ आउँछन्। वडामहाराजको अन्तिम संस्कार गरिएको शिला पनि छ। त्यहीं एक चर्तुमुखी शिवलिङ्ग पनि

छ। नन्दीको शिलामूर्ति पनि छ। देवीघाटको मूल वस्तीको वीचमै गुम्वजाकारमा उठेको जमिन छ। यसलाई पुरातात्त्विक स्थल मानेर सुरक्षित राखिएको छ। यहाँ विष्णुविक्रान्त मूर्ति, शुक्राचार्य र अन्य राक्षसका मूर्ति पनि छन्। ७।८ औं शताव्दीका मूर्तिका अवशेष पनि छन्। दुई पावन नदीको सङ्गमस्थल भएकाले त्यसै पनि पवित्र छ। अनेक चैत्य र तिनभित्र लोकेश्वरको मूर्ति पनि पाइनाले वौद्ध सम्प्रदायसँग पनि यो सम्वन्धित छ। माघेसङ्क्रान्ति, चैत्रपूर्णिमा आदिमा यहाँ मेला लाग्छ।

देवीथान, (चुलीवन) धनकुटा

धनकुटा नगरको चुलीवनमा देवीथान छ। यहाँ देवीको प्रतीक स्थापना गरी पूजा गरिन्छ। झन्डै डेढ सय वर्षदेखि मगर जातिले पूजा गर्दै आएको देखिन्छ। यो थान ढुङ्गाको चौघेराले घेरिएको छ। वीचमा पनि शिलाकै प्रतीक राखिएको छ। मगर जातिकै कन्या केटालाई पुजारी वनाई प्रत्येक पूर्णिमामा पूजा गर्ने र फाल्गुन पूर्णिमामा सवै मगर जातिवाट पैसा उठाई दुई वोका र दुई पाठी वलि दिई मेलासमेत मनाउने चलन छ।

देवी भगवतीमन्दिर, (भिग्री) प्युठान

भिग्री गाउँको वजारमा १७ औं शताव्दीतिर स्थापित देवीमन्दिर छ। मादी नदीकै किनारमा अवस्थित प्यागोडा शैलीको मन्दिरमा देवीको प्रतीक मूर्ति छ। यहाँ नित्यपूजा हुन्छ। वडादसैं तथा चैतेदसैंमा विशेष पूजा हुन्छ।

वेलवास गाउँको सोजे वजारमा करिव डेढ वर्षदेखि यो मन्दिर रहेको छ। चारपाते शैलीमा निर्मित मन्दिर सामान्य छ। ढुङ्गाको पर्खालले घेरिएको छ। भित्र सामान्य शिलालाई देवीको प्रतीक मानी पूजा गरिन्छ। दक्षिणाभिमुख यस मन्दिरमा वडादसैं, चैतेदसैंमा विशेष पूजा हुन्छ।

दाखाक्वाडीको पुजारीटोलमा यो मन्दिर रहेको छ। यसको निर्माण काल ३०० वर्ष पहिले मानिन्छ। भुरेटाकुरे राजाकै पालामा यसको स्थापना भएको देखिन्छ। मन्दिरभित्र ससाना ३ देवीमूर्ति छन्। अघिपछि सामान्य पूजा हुन्छ। चैतेदसैं तथा वडादसैंमा विशेष पूजा हुन्छ।

देवीमाई, (देवीगन्ज) बारा

देवीगन्ज गाउँमा यी देवीको मन्दिर छ। करिव २०० वर्ष पुरानो मानिने यस मन्दिरमा माईको ढलोटको मूर्ति छ। नजिकै दुर्गामाताको मन्दिर छ जसमा ढलोटको दुर्गाको मूर्ति राखिएको छ। यहीँ शिवमन्दिर पनि छ। यसमा प्रस्तरको शिवलिङ्ग छ। देवीको मन्दिर भएकाले भक्तहरू श्रद्धाभक्ति प्रकट गर्छन् र पूजा गर्छन् तर यहाँ गुठी छैन। श्रद्धाभक्ति नै एकमात्र स्रोत रहेको छ।

देवीस्थान, (सामरीभन्ज्याङ) नुवाकोट

सामरीभन्ज्याङ त्रिशूली वजारदेखि करिव ३ कोस टाढा छ। यहीँ एक देवीस्थान छ। जालपादेवी नामले प्रसिद्ध छन्। अढाई रोपनी जमिनमा रहेको ढुङ्गे पर्खालले घेरिएको साधारण ढुङ्गालाई नै देवी मानी पूज्ने गरिएको छ। स्थानीय वासिन्दाहरूका लागि प्रमुख देवीका रूपमा रहेकी छन्। यहाँ मार्गशुक्ल पूर्णिमाका दिन मेला लाग्छ। रातभर जाग्राम वस्ने, डोलीसमेत चढाउने गरिन्छ। यहीँ मत्स्येन्द्रनाथ, गोरखनाथ पनि स्थापित छन्। यहीँ १८४१ मा कालु कपर्दारद्वारा स्थापित ढुङ्गेधारा कलात्मक छ। वडामहाराज पृथ्वीनारायणको सालिक पनि छ।

देवीस्थान, (यासोकबजार) पाँचथर

यासोक वजारदेखि आधा किलोमिटर दक्षिणपूर्व पहाडको शिखरमा रहेको यो स्थल लिम्वुजातिको महत्त्वपूर्ण सांस्कृतिक स्थल हो। चारैतिर पर्खाल लगाई महत्त्वपूर्ण गढको रूप दिइएको छ। पश्चिमतिरवाट प्रवेश गर्दा मौलो, देवीका प्रतीक रूप ढुङ्गा ठड्याएर राखिएका छन्। देवीस्थानमा अनेक त्रिशूल छन्। डेढदुई सय वर्ष पुराना त्रिशूल पनि देखिन्छन्। घण्टाहरू पनि चढाइएका छन्। वलि पनि चढाइन्छ। लावती थरका, लिम्वु नै पुजारी हुने चलन छ। नित्यपूजा नभए पनि भाकलपूजा तथा वलिपूजा हुन्छ। वैशाख महिनामा भन्डै दुई हजारजति पशुवलि चढाइन्छ। पशुवलि दुई हजार नपुगे मौरीका चाका ल्याएर पनि वलि दिई दुई हजार पुऱ्याउनुपर्दछ। ३/३ वर्षमा यहाँ मेला लाग्छ। सिद्धस्थानको पूजा सकेर देवीस्थानमा पूजा गरिन्छ। यहाँ पूजा गरे इच्छा पूरा हुने, विजय प्राप्त गर्ने, देवीले इष्ट वरदान दिने जनधारणा छ। वरपरका गाउँ मिलेर भक्तहरूवाट सहयोग लिई पूजा तथा यात्राप्रवन्ध गरिन्छ।

देहीमाडौं भगवती, बैतडी

देहीमाडौं गाउँमा यो मन्दिर छ। यस जिल्लाका सप्तमातृका भगवतीमध्ये यी देवी प्रमुख हुन्। निगलासैनी भगवती नामले पनि पुकारिन्छ। सदरमुकामदेखि २ हजार फिट माथि लेकमा यो मन्दिर छ। हिउँदमा हिमपात हुने यस ठाउँवाट अनेक हिमशृङ्खला पनि देखिन्छन्। मन्दिर ढुङ्गैढुङ्गाले वनेको छ। यसको अस्तित्व प्राचीन भए पनि यथासमय मर्मत हुँदै छ। मुख्य देवस्थलमा सर्वसाधारण जान पाउँदैनन्। चौधौं शताव्दीको विष्णुको कलात्मक मूर्ति छ। शङ्ख, चक्र, गदा, पद्म लिएका विष्णु उभिएका छन्। यस क्षेत्रका शिलामूर्तिमध्ये यो उच्च कोटीको छ। वरिपरि सानातिना अन्य मूर्ति पनि छन्। सिंहले हात्तीलाई टोक्न लागेको मूर्ति पनि छ। घण्टाहरू पनि निकै छन्। शाके संवत् १३०९ को शिलापत्र

पनि छ। यहाँ हरेक पूर्णिमा र सङ्क्रान्तिमा धुपवत्ती गरी पूजा गरिन्छ। वडादसैँ चैतेदसैँमा वलिसहित पूजा हुन्छ र मेला पनि लाग्छ। भाद्रको पूर्णिमामा पनि मेला लाग्छ। भगवतीको सम्पत्ति जाँच्ने काम पनि गरिन्छ। सोराथ र वैतडीका चन्द कर तिर्न आउँछन्। आपसमा झगडा गर्ने पनि गर्दछन्। ग्वालेकका शिव र देहीभाडौँकी भगवतीलाई शिवशक्ति मानेर पनि उपासना गर्ने गरिन्छ। यी देवीको उपासना गर्दा सुख, समृद्धि, आयु, आरोग्य प्राप्त हुने विश्वास गरिन्छ।

दोलखाका (अमयपुर) देवस्थलहरू

दोलखा वजारको ऐतिहासिक प्राचीन नाम अमयपुर हो। वावुराम आचार्यका अनुसार लिच्छविकालमा नै यो स्थलको अस्तित्व रहेको छ। स्वतन्त्र राज्यको रूपमा पनि यो थियो। वि.सं. १५४८ को अभिलेखमा उद्धवदेवलाई दोलखाधिपति भनिएको पाइनाले मल्ल कालमा पनि यस स्थानको ऐतिहासिक महत्त्व छ। त्यसपछि पनि स्वतन्त्र राज्यका रूपमा रहँदै आएकाले यहाँ अनेक देवस्थल छन्। तिनको छोटकरी परिचय यहाँ प्रस्तुत गरिन्छ।

अमयपुरअन्तर्गत पाइने देवदेवी मन्दिरहरूमा गणेशस्थान, जोगिनदेउ (वज्रयोगिनी), देगुरुदेउ, नारायणस्थान, श्यामसुन्दर मन्दिर, दीपङ्कर वुद्धमूर्ति, सरस्वतीमन्दिर, देवीकोट, शिव र विष्णुमन्दिर, कालीमन्दिर, धर्म र धातुचैत्य, नाटचेश्वर, वाराणसी, वालकुमारी, पशुपतिमन्दिर, हरिसिद्धि, मच्छीन्दनाथजस्ता देवदेवी यहाँ स्थापित छ। यस क्षेत्रका प्रमुख देव भीमेश्वरको छुट्टै चर्चा भएको छ। स्वतन्त्र राज्य रहँदा आफ्ना आराध्य इष्टदेवदेवीका रूपमा यहाँ अनेक देवदेवी स्थापित छन्। वौद्ध, हिन्दु दुवै धर्मलाई मान्यता दिइएको छ।

वाराणसी पुग्न नसक्नेका लागि यहीँ वाराणसी छ। ललितपुर आउन नसक्नेका लागि यहीँ मच्छीन्द्रनाथ छन्। यी सवैको यथोचित अर्चना भक्तवाट हुने गरे पनि मर्मत, संरक्षणको प्रवन्ध हुनु जरुरी छ। यी सांस्कृतिक स्थलले यस नगरको प्राचीनता र गौरवमय सांस्कृतिक इतिहास देखाउँछन्।

देउपोखरी, (बनेपा) काभ्रे

वनेपा नगरको गणेश टोलमा यो पोखरी छ। यो निकै प्राचीन पोखरी मानिन्छ। चण्डेश्वरीमाईको रथ वोक्ने तुक्षटोलका वासिन्दाले रथ वोक्ने समयमा हैजा फैलिई वरिपरिको पानी पिउन नहुने भई पोखरी खनी यसै पोखरीको पानी पिएकाले देउपोखरी भनिएको हो भन्ने जनश्रुति छ। ने.सं. ८३२ शिलापत्रमा यस पोखरीको चर्चा छ। २००४ सालमा

हरिविक्रम राणाले जीर्णोद्धार गरेको जानकारी पाइन्छ। पोखरीका चारैतिर अनेक देवदेवीका मूर्तिहरू स्थापित छन्। यी मूर्तिहरूमा प्रस्तरका गणेशमूर्ति (पूर्व) त्यसपछि शिवलिङ्ग, शिवालय, त्यसपछि नारायण मन्दिर, त्यसपछि सरस्वती हनुमान, सूर्य आदिका प्रस्तरमूर्ति पनि छन्। १०० फिट लामो र २० फिट चौडाइको यस पोखरीले वनेपाको शोभा वढाएको देखिन्छ।

धनुषसागर, (जनकपुरधाम) धनुषा

जनकपुर उपनगरपालिका वडा नं. ४ मा पर्ने यो सागर पुराणप्रसिद्ध छ। धनुषसागरमा पहिले शिवधनु पिनाक राखिएको थियो। रामले धनुषामा शिवधनु तोड्दा एक टुक्रा यहीँवाट पाताल प्रवेश गरेको भन्ने जनश्रुति छ। विगत कैयौं वर्षदेखि रामसागरको पानी त्यति सफा नभएकाले यसै धनुषसागरको जल राममन्दिरमा चढाइने गरिएको छ। विवाहपञ्चमी, रामनवमी र जानकीनवमी आदिमा यहाँ धेरैले स्नान गर्दछन्। पुराणप्रसिद्ध १०८ सागरमध्ये यस सागरको पनि महत्त्व रहेको छ।

त्रेतायुगमा रामले जनकपुरमा पिनाक धनुष भाँची सीतासँग वैवाहिक सम्वन्ध कायम गरेको चर्चा रामायणमा छ। उक्त धनुषका भाँचिएका टुक्रा अहिले पनि गोविन्दपुर गा.वि.स. मा रहेका छन्। तिनैलाई धनुषास्थान भनी पूजा तथा दर्शन गर्ने परम्परा छ। धनुषाकै नामवाट यस जिल्लाको पनि नामकरण भएको छ।

पौराणिक कथाअनुसार रामले तोडेको धनुष तीन टुक्रा भएकोमा एक टुक्रा शिवकै पास पुगेको, एक टुक्रा जनकपुरकै धनुषसागरवाट पाताल पुगेको र एक टुक्रा चाहिँ त्यहीं धनुषास्थानमा रहेको भन्ने भनाइ छ। धनुषको अवशेषको रूपमा कीट तथा फलामको घाउको थुप्रोजस्तो रहेको छ। झन्डै सय वर्ष अगाडि रघुनाथ कलवार भन्ने व्यक्तिले वरिपरि कम्पाउन्ड लगाई घेरेर मूलढोकामा परशुराम र महावीरको मूर्तिसमेत स्थापना गरेको जानकारी मिल्छ। धनुषको अवशेषसँगै ठूलो पिपलको वृक्ष छ। यस स्थानको नित्यपूजाका लागि जानकीमन्दिरवाट एक पुजारी र एक टहलुवाको प्रवन्ध छ। पञ्चोपचार विधिवाट पूजा हुन्छ। राति आरती गरिन्छ। रामनवमी, विवाहपञ्चमी, शिवरात्रिजस्ता पर्वमा यहाँ विशेष पूजा हुन्छ। धर्मात्मा महात्माहरूको आगमन पनि हुन्छ।

यस स्थानको उत्तरी भागमा ३५/३६ कोठा भएको धर्मशाला पनि छ। साहु ताराचन्द्र अग्रवालले वनाएको अभिलेखले पुष्टि गर्छ।

धन्दोचैत्य, (चाबहिल) काठमाडौं

नेपालका प्रसिद्ध चैत्यहरूमा वौद्ध, स्वयम्भू, पिम्वहाल, काठेसिम्भूका अतिरिक्त धन्दोचैत्य पनि एक प्रसिद्ध प्राचीन चैत्य हो। गौशालावाट चावेलवजार नपुग्दै वायाँपट्टि सडककै किनारमा यो चैत्य छ। वौद्धधर्मका प्रसिद्ध राजामहाराजाको भस्म वा धातु राखी स्तुप निर्माण गरिन्छ। प्राचीन स्तुपवाट भस्म झिकेर पनि स्तुप वनाउँदै वौद्धधर्मको प्रचार गर्ने चलन पनि चल्यो। धन्दोचैत्य लिच्छविकालदेखि नै थियो भनिन्छ। किन्नरी जातकका कथा कुँदेर चैत्य वनाई गुठी राखेको पनि जानकारी मिल्छ। लिच्छविकालीन कला पनि यहाँ भेटिन्छन्। मानदेव प्रथमका वावु धर्मदेवले वनाएको चर्चा गोपालवंशावलीले गरेको छ। धर्मदेवले स्थापना गरेकाले अपभ्रंश हुँदै धमरे चैत्य, हुँदै धन्दोचैत्य वनेको हुन सक्छ। वैशाख शुक्लपूर्णिमामा शोभायात्रा तथा पूजा गर्ने चलन छ। पश्चिमपट्टि पोखरी थियो, पोखरी सुक्यो, मञ्जुश्रीको मूर्ति छ। श्रीपञ्चमीमा पूजा हुन्छ, दक्षिणपट्टि जीर्ण विहार छ, वोधिसत्वको मूर्ति पनि छ। पाशुपतक्षेत्रमा यति महत्त्वको प्राचीन स्तुप रहनु गौरवको कुरा हो। अशोककी छोरी चारुमतीले वनाउन प्रेरणा दिएकाले चारुमती स्तुप पनि भन्ने गरिन्छ।

धन्वन्तरीमन्दिर, (धरान) सुनसरी

सुनसरी धरानको पिण्डेश्वरनजिक पूर्वतर्फको सत्तलमा धन्वन्तरीको आकर्षक मूर्ति छ। धन्वन्तरी भगवान् विष्णुका चौवीस अवतारमध्ये एक हो। पद्मासन मुद्रामा धन्वन्तरीको दारी भएको चार हातमध्ये पछाडिको दुई हातले अमृतकुण्ड र खट्वाङ्ग समातेको अग्र दुई हात अभय मुद्रामा केही वोकेको शिलामूर्ति छ। धन्वन्तरीले तीन तह पारी फेटा गुत्थे, सर्प, कुण्डल र रुद्राक्षको माला लगाएको देखिन्छ। यसका लागि नित्यपूजा, पर्वपूजा गर्न गुठी संस्थानमार्फत व्यवस्था भएको छ। यहाँ सानो पोखरी छ। अन्य देवदेवीका मूर्ति पनि छन्। सरस्वतीले शिवजीको तपस्या गर्दा शिवजीको दर्शन पाएपछि त्यहीं पोखरी खनेर यहाँको जल शिवजीलाई चढाएको भन्ने जनश्रुति छ। शिवरात्रिका दिन मेला लाग्छ। श्रावण महिनामा वोलवम, भन्दै कोशीको जल यहाँ चढाउने पनि गरिन्छ। सँगै पिण्डेश्वर भएकाले धन्वन्तरीसँग पारस्परिक एकअर्कामा सम्वन्ध पनि हुन आउँछ।

धनेश्वर शिवमन्दिर, (बनेपा) काभ्रे

साँगा र वनेपाका वीचमा दक्षिणपट्टि धनेश्वर शिवको मन्दिर छ। यहाँ भक्तहरू श्रद्धापूर्वक जान्छन् र अर्चना गर्छन्। यसको उत्पत्ति विषयको कथा हिमवत्खण्डमा यसरी दिइएको छ : भृगु ऋषिले ठूलो तपस्या गरे। उनका तपस्यावाट सन्तुष्ट भएर धनेश्वर प्रकट भएका हुन्। यिनैवाट प्राप्त वरले भृगु आजसम्म स्मरणीय र चर्चित छन्। शिवदास नामको वैश्य गरिव थियो। गरिव भएकाले स्वास्नी छोराछोरीले पनि वास्ता गरेनन्। वैरागी भएर हिंड्यो, ऋतु नामका ऋषिसँग धन कसरी कमाउने भन्यो ? उनले धनभन्दा ज्ञान ठूलो भने। तैपनि धन कमाउने मन भए धनेश्वरको तपस्या गर्ने सल्लाह दिए। धनेश्वर शिवको कडा तपस्या गऱ्यो। महादेव प्रकट हुनुभयो। वैश्यले धन र अन्तमा शिवसायुज्य माग्यो। महादेवले तथास्तु भन्नुभयो। धन लिएर वैश्य घर गयो, छोराछोरी, स्वास्नी, जातिवन्धु सवै दास वने। जीवन भोग्नुसम्म भोग्यो र अन्तमा शिवसायुज्य प्राप्त गऱ्यो। अघिपछि पनि पूजा हुन्छ। शिवरात्रि पनि पावन पर्व हो। सुरुको पूजा चाहिँ माघकृष्ण षष्ठीमा भएको कुरा हिमवत्खण्डमा वर्णन गरिएको छ।

सुव्वा गाउँ र उग्रतारा गाउँको सीमाक्षेत्रमा केही उचाइमा धनेश्वर महादेव रहेका छन्। सतीदेवीको दाहिने कान पतन भई महादेव उत्पन्न भएको वर्णन स्कन्दपुराणमा छ। गुम्वज शैलीमा निर्मित मन्दिरमा चतुर्मुख महादेव छन्। त्रिशूल, घण्टा, हनुमान, वसाहाका अतिरिक्त लक्ष्मीनारायण, उमामहेश्वर, भैरव, नारायण, भगीरथ, महाँकाल र भैरवका मूर्ति छन्। धनेश्वर महादेवको स्थापना ३५० वर्ष अगाडि नै भएको वुझिन्छ। यहीं महादेव, गणेश, ढुङ्गेधारा आदि पनि छन्। जङ्गम थरका पुजारीले पालैपालो पूजा गर्दछन्। यसको आफ्नै गुठी छ। नित्यपूजा हुन्छ। धान्यपूर्णिमामा विशेष मेला पनि लाग्छ। धन, शुभ, श्री प्राप्त गर्न धनेश्वर महादेवको भक्तिवाट सहयोग मिल्छ भन्ने भक्तहरूको विश्वास छ। यसको प्राचीन नाम रौद्रगिरि थियो। भृगु ऋषिले ध्यान गर्दा यहाँ महादेव प्रकट भएका हुन् भनिन्छ। विरूपाक्षसमेतले सेवन गरेका यी महादेव नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिन्छन्।

धनेश्वरशिवालय, पर्वत

शिवालय गाउँको माझमा यो शिवालय छ। गिरि कुलका धनेश्वरलाई प्रतीक मानी स्थापना भएकाले धनेश्वर शिवालय नामकरण गरिएको वुझिन्छ। १९१७ सालपछिका घण्टाहरू पाइन्छन्। यस शिवालयभित्र शिवलिङ्ग, गणेश, भगवती, विष्णु आदिका मूर्ति पनि छन्। यसको आफ्नै गुठी छ र नित्यपूजा हुन्छ। वालाचतुर्दशी, शिवरात्रि आदि पर्वमा यहाँ विशेष पूजा पनि हुन्छ।

धनौजीस्थान, (उदयेश्वर) धनुषा

धनुषाको धनौजी गा.वि.स. मा महादेवको मन्दिर छ। उदय गिरि नामका एक सन्तलाई सपनामा म कलौनामा छु मलाई धनौजीमा स्थापना गर, भन्ने सपना भएअनुसार सन्तले उदयेश्वर महादेवको स्थापना गरेको जानकारी मिल्छ। इँटा, सुर्की, चुना आदिवाट निर्मित उक्त मन्दिरका वीचमा शिवलिङ्ग, पूर्वउत्तर नारायण, पूर्वदक्षिण सूर्यनारायण, पश्चिमउत्तर दुर्गाभवानी, पश्चिमदक्षिण गणेशको शिलामूर्ति छ। शालिग्रामसमेत रहेको उक्त मन्दिरका मूर्तिहरू करिव ३०० वर्ष अगाडिका भएका पुरातत्त्वविद्हरूको भनाइ छ। भित्तामा गरुड, भैरवका मूर्ति छन् भने आँगनमा कामदेव र वसाहाका मूर्ति पनि छन्। यस मन्दिरको नाममा करिव ५० विघा जमिनको गुठी छ। यहाँ पञ्चोपचार विधिद्वारा नित्यपूजा हुन्छ। नित्य भोगको व्यवस्था पनि छ। शिवरात्रि, कृष्णाष्टमी, विजयादशमी, माघेसङ्क्रान्तिमा विशेष पर्वपूजा हुन्छ। विवाहपञ्चमी, रामनवमी र जानकीनवमीमा साधुसन्त आउँछन् र सम्मानपूर्वक विदाइ गर्ने चलन पनि छ।

धर्मगढी, (दुल्लु) दैलेख

दुल्लु गाउँमा धर्मगढी छ। धर्ममा रहेर न्याय दिने ठाउँ भएकाले धर्मगढी भनिएको हो। जनश्रुतिअनुसार राजा पृथ्वीमल्लले राजाले धर्ममा रहेर न्याय दिनुपर्ने उद्देश्यले यस गढीको निर्माण गरेका हुन्। धर्मगढीको प्रवेशद्वारको भित्तामा दायाँपट्टि गरुडमा चढेका लक्ष्मीनारायणको खण्डित मूर्ति छ। देब्रेपट्टि शिवको खण्डित मूर्ति छ। प्रवेशद्वारमाथि शिवको मूर्ति छ। चौतारीमा वुद्ध, शिवलिङ्ग, हनुमानका मूर्ति पनि छन्। प्राचीन कालमा जनतालाई देवता साक्षी राखेर धर्मपूर्वक न्याय दिन यस स्थलको निर्माण गरिएको देखिन्छ। स्थानीय धारणा पनि यस्तै छ।

धर्ममुक्तेश्वर महादेव, (त्रिशूली) नुवाकोट

देवीघाटनजिक त्रिशूली नदीको पारिपट्टि करिव २५ रोपनीमा तीन शिवालय छन्। खड्गभन्ज्याङ गाउँमा रहेको यस देवस्थललाई शिलालेखमा भुवनेश्वर भनिए पनि हाल धर्ममुक्तेश्वर भनेर स्थानीय वासिन्दा भन्ने गर्दछन्। १८८५ सालमा रणोद्योत शाहद्वारा प्रतिष्ठापित रणमुक्तेश्वर शिवलिङ्ग छ। यहाँ पूजाआजा सामान्य रूपले चल्दै छ।

धर्मेश्वरशिवलिङ्ग, (टोखा) काठमाडौं

टोखा लिविकोट गाउँको सिरानमा सल्लाघारीमा जोस्टिला र धर्मगङ्गाको सङ्गममा धर्मतीर्थ छ। धर्मको स्थायी रूपमा सञ्चालन र

परिचालन गर्न शक्ति प्राप्त गर्न धर्मराजले आराधना गर्दा धर्मेश्वर शिवलिङ्ग प्रकट भएको हुन् । इच्छासिद्धिको वरदान पनि धर्मराजले प्राप्त गर्न सफल भए । व्याधा वृत्तिका अन्य व्यक्ति पनि यस शिवलिङ्गको दर्शनले भुक्तिमुक्ति प्राप्त गर्न सफल भएका थिए । जेष्ठ कृष्ण १४ का दिन दर्शनपूजन वढी महत्त्वको मानिन्छ । यसको प्राचीन नाम मृगेन्द्रपर्वत हो । विरूपाक्षले समेत सेवन गरेको यस तीर्थका महादेव ६४ शिवलिङ्गमध्ये एक मानिन्छ ।

धरहरा, काठमाडौं

जनरल भीमसेन थापाले वि.सं. १८८२ मा धरहरा वनाएका थिए । विदेशीका अगाडि इज्जत दिने, दुष्टको निगरानी गर्न, आपत् पर्दा विगुल फुकी सैनिक जम्मा गर्न यो निर्माण भएको थियो । ९ तला भए पनि १९९० सालको भूकम्पले चार तला माथिको भाग भत्की खण्डित वन्दा श्री ३ युद्धले फेरि एक तला भन्काई अरू तला थपी गजुरसमेत कायम गरी निर्माण गराए । सातौं तलामा वारदली पनि राखिएको छ । वारदलीवाट काठमाडौं सहर छर्लङ्ग देख्न सकिन्छ । यो एउटा ऐतिहासिक स्तम्भका रूपमा रहेको छ ।

धान्यकुण्ड, (सहबुङ्गा) भक्तपुर

भक्तपुर नगरदेखि डेढ कोस पर जितपुरनजिक सहवुङ्गा रहेको छ । जसलाई धान्यकुण्ड पनि भनिन्छ । खेतको वीचमा पानीको मूलसँगै गहुँ, जौ, तिल, केराउ, मकै, मुगी, मस्याङ आदिका वीजहरू पोटिला भरिला निस्कन्छन् मौसमअनुसार । त्यसैले यसलाई धान्यकुण्ड भनिएको हो । त्यहाँको पानी स्वादिष्ट र चिसो पनि छ ।

कलिगत संवत् ३६७६ मा पानी परेन । दुर्भिक्ष वढ्यो । राजा नरेन्ददेवले कामरु कामाक्षवाट सहकालका देवता मत्स्येन्द्रनाथलाई ल्याउन लाए । गुरुको प्रणाम गर्न गोरखनाथ उठे र नाग उम्किएपछि पानी पर्‍यो । तर वीज नष्ट भइसकेकाले किसान कर्तव्यहीन थिए । किसानलाई कुण्डमार्फत मत्स्येन्द्रनाथले वीज प्रवाह गरेको भन्ने लोकोक्ति छ । यो आश्चर्यजनक घटना देखेर आज पनि यस कुण्डप्रति स्थानीय वासिन्दा, किसानहरू भक्तिभाव प्रकट गर्छन् । सहकालका देवता मत्स्येन्द्रनाथले वीज प्रदान गरेको रोचक प्रसङ्ग यहाँ गाँसिएको छ ।

धुलेश्वरमहादेव, (बडलोजी) दैलेख

वडलोजी गाउँमा यो मन्दिर छ । धुलेश्वर नामकरण कसरी भयो ? यस प्रश्नको उत्तरमा अनेक जनश्रुति छन् । औंसी, पूर्णिमा र सङ्क्रान्तिमा कुण्डमा धुलो उड्ने भएकाले धुलेश्वर मनियो । सतीदेवीको अङ्गको धुलो खसेर उत्पन्न भएकाले धुलेश्वर महादेव भए । अर्जुनले वाण हान्दा पाँच

ठाउँमा लागी पञ्चतीर्थ वने तीमध्ये एक धुलेश्वर हो। तत्कालीन राजा राजेन्द्रको समयमा यहाँको अग्नि कुण्ड वनेको देखिन्छ। यहाँको अग्निकुण्ड, मन्दिर र काल भैरवमन्दिर पनि नेपाली शैलीमा नै छन्। मन्दिरभित्र डेढ फिट अग्लो पत्थरको शिवलिङ्ग छ, त्यस्तै केदारेश्वर महादेव, सिद्धपाइला र पत्थरकै वसाहा र सिंहमूर्ति पनि छन्। कालभैरव, शालिग्राम, त्रिशूल, घण्टाका अतिरिक्त नर्मदेश्वर महादेव र पत्थरको गणेशको मूर्तिका अतिरिक्त पित्तलका देवीका दुई मूर्ति पनि छन्। यहाँ धुनी पनि छ। वडादसैँ र चैतेदसैँमा वोका वलि चढ्छ र तान्त्रिक विधिअनुसार पनि पूजा हुन्छ। महादेवको पूजा वैदिक विधिअनुसार हुन्छ। भक्तहरूका आस्था केन्द्रकै रूपमा धुलेश्वर रहेका छन्।

नक्सालभगवती, काठमाडौँ

द्वापरयुग समाप्त भई कलियुग प्रारम्भ भएपछि करिव १००० वर्ष जाँदा कान्तिपुरमा विक्रमकेशरी राजा राज्य गर्दथे। उनै राजाकी रानीको नाम थियो नवसागर। त्यस वेलाको कुशल कालिगढले एक सुन्दर भगवतीको मूर्ति तयार पारी नवसागर भगवती रानीमा चढायो। रानी खुसी भई आफ्नै नाँउवाट भगवतीको नाम नवसागर राख्न लगाई विधिवत् नक्सालमा स्थापना गरिएको थियो। नवसागरवाट तिनै भगवती नक्सालभगवती नामले आज प्रसिद्ध छन्। यी भगवती अति उग्र हुँदा खाडलमा राखी ढुङ्गाले छोप्ने काम भएथ्यो। पछि राजा शङ्करदेवले वि.सं. ६६४ मा पुनः विधिपूर्वक भगवतीको मूर्ति स्थापना गरी प्रेतचतुर्दशीका दिन रथारोहण गरी यात्रासमेत गर्ने प्रवन्ध मिलाएको जानकारी वंशावलीले दिन्छ। जुद्ध शमशेर तथा राजा महेन्द्र आदिवाट यथासमय मर्मतसम्भार हुँदै आएको छ। नवरात्रि, शनिवारजस्ता पर्वहरूमा यहाँ भक्तहरू दर्शनार्थ जाने गर्छन्।

कूटारम्भेश्वरशिव, (महाँकालथान) मकवानपुर

महाभारतको लेक महादेवखर्कमा महादेव खोलाको सिरान, महाँकालथानमुनि छहरामा व्रह्मतीर्थ छ। व्रह्मादि देवताले प्रार्थना गर्दा यहाँ महादेव प्रकट भएका हुन्। धेरै प्रतिग्रह लिई दान नगर्दा वानरको योनिमा वानर भई जन्मेका देवशर्माले जेष्ठ शुक्ल ८ मा यी महादेवको दर्शनपूजन गर्दा मुक्त भएको पौराणिक कथन छ। यसको प्राचीन नाम योजगातृ कूटाचल पर्वत थियो। यस तीर्थको सेवन विरूपाक्षले पनि गरेको उल्लेख छ। नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

नन्दिकेश्वरमहादेव, (चिसापानी) मकवानपुर

चिसापानी टिस्टुङ रत्नकान्ति नदी र स्वर्णसभा नदीको सङ्गममा नन्दीतीर्थ छ । महादेवको श्रापवाट मानिसको जन्म लिएका नन्दीले यिनै महादेवको दर्शनपूजन गरी पुनः शिवसायुज्य पाएको कथा छ । महारोगले पीडित अन्य व्यक्ति पनि वैशाखशुक्ल १५ मा दर्शनपूजन गर्दा रोगमुक्त भएको चर्चा पनि पाइन्छ । यसको प्राचीन नाम नन्दपर्वत हो । विरूपाक्षले पनि यस तीर्थको सेवन गरेथे । नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो ।

नर्मदेश्वरमहादेव, (कुवापानी) ओखलढुङ्गा

ओखलढुङ्गाको सदरमुकामवाट करिव १५ कोस पश्चिम रामेछापको साघुटारनजिक लिखु खोलाकै समीपमा नर्मदेश्वरमहादेव अवस्थित छन् । नर्मदेश्वरमहादेवसँगै गणेश, नारायण, सरस्वती, हरिधर्मेश्वरमहादेव, गरुड, हनुमान आदिका मूर्ति पनि छन् ।

यस मन्दिर र देवस्थलका वारेमा स्थानीय वासिन्दाको भनाइ छ : कालान्तरमा करिव २०० वर्ष अगाडि कुवापानी गाउँमा हरिशङ्कर उपाध्याय ढुङ्गेलका गाईमध्ये एउटी लैनी गाई चरेर फर्कंदा कल्चौँडामा दुध हुँदैनथ्यो । वुझ्दा सधैं त्यस गाईले एक ठाउँमा खनेर दुधको धारा वगाउँदो रहेछ । त्यस ठाउँमा खनेर हेर्दा शिवमूर्ति फेला पर्‍यो । यहीँ शिवलिङ्गलाई नर्मदेश्वर नामले पूजाअर्चना गर्न थालियो । यस स्थानको संरक्षणमा गुठी पनि छ । यसवारे लेखिएको छ : "वि.सं. १९०६ चैत्रशुक्ल १५ गते वुधवार दीनानाथ ढुङ्गेलले चढाएको ठूलो घण्टा र पाटीको दक्षिणतिर छेउमा रहेको १९०४ साल माघशुक्ल पञ्चमी वुधवारका दिन श्री दीनानाथ उपाध्याय ढुङ्गेलले धर्मार्थकाममोक्ष, निमित्त पौवा, चौतारा, वगैंचा वनाई आफ्नो पुर्खाले स्थापना गरेको तीर्थ भएको देवालय वनाई आफूले स्थापना गरी देवालयमा नित्य नैमित्तिक पूजालाई गुठी स्थायी राख्नका निम्ति ३।५ का हजुरमा विन्ती पारी उहाँवाट लालमोहर गरिवक्सियो" भन्ने शिलालेख छ ।

नमोबुद्ध, काभ्रे

धुलिखेलवाट पूर्वदक्षिणमा नमोवुद्धको मन्दिर छ । यो प्राकृतिक सुन्दर उच्च स्थानमा अवस्थित छ । वुद्ध धर्मावलम्वीहरू यस स्थानलाई श्रद्धाका दृष्टिले हेर्दछन्, घुम्दछन्, पुज्दछन् । वुद्धजयन्तीमा विशेष मेला पनि लाग्छ । अरू पूर्णिमामा पनि भक्तहरू पुग्छन् । यी वुद्धलाई आदिवुद्ध भनिन्छ ।

प्राचीन समयमा पनौतीका राजकुमार महासत्व यस ठाउँमा सिकार खेल्न गएका थिए रे। एउटी सुत्केरी वघिनी भोकले छटपटाइरहेकी देखेछन्। वघिनीको भोक टार्न आफ्नो शरीरको मासु काटेर वघिनीलाइं दिँदै गए र राजकुमारले अन्ततः प्राण छाडे। सिकार खेल्न गएका राजकुमारले आफ्नै मासु काटेर सुत्केरी वघिनीलाई दिनु सानो कुरा थिएन। सिकारीहरूमा पनि दया हुन्छ भन्ने कुरा धार्मिक दृष्टिले ठूलो कुरा हो। यसै घटनालाई चिरस्मरणका लागि नमोवुद्ध मन्दिर (स्तुप) निर्माण भएको हो।

पर्यटनका दृष्टिले पनि यो स्थान उपयुक्त छ। वुद्धधर्मका दृष्टिले त निश्चय नै महत्त्व राख्तै आएको छ यस स्थानले।

नरइन्द्रपदमप्रकाशेश्वर महादेव, कैलाली

कैलालीको नारायणपुर सत्रीवजारमा यी महादेव रहन्छन्। आजभन्दा झन्डै सय वर्ष अगाडि यहाँ दुलाल राजा नरइन्द्रको जमिनदारी थियो। उनको निधनपछि उनकी जेठी रानीसँगै सती गइन् र कान्छी रानी पद्मकुमारीले पतिको सम्झनामा यो मन्दिर निर्माण गरी पूजाआजाको पनि प्रवन्ध मिलाइन् भन्ने जनश्रुति छ। १९६१ सालतिर यो मन्दिर निर्माण गरिएको हो। दक्षिणामुखी गुम्वज शैलीमा निर्मित यो मन्दिर निकै आकर्षक छ १८ इन्च अग्लो ३ फिट मोटाइको शिवलिङ्ग मन्दिरभित्र स्थापना गरिएको छ। भित्तामा विष्णु, गणेश, भैरव, लक्ष्मी, सरस्वती, सूर्य आदिका मूर्तिहरू पनि छन्। यहाँ नित्यपूजा र पर्वपूजा पनि हुन्छ। तिज, शिवरात्रि, कृष्णाष्टमीजस्ता पर्वमा यहाँ दर्शनार्थी वढी हुन्छन् र पर्वपूजा पनि हुन्छ।

नरदेवी, काठमाडौं

महालक्ष्मीवाट सपना भएअनुसार कलिगत ३८२५ मा गुणकामदेवले नरदेवीको स्थापना गरेका हुन्। पछि अमर मल्लले १२/१२ वर्षमा प्रेतचतुर्दशीका दिन नचाउने, नृत्यलीला गर्ने गरी यथोचित प्रवन्ध गरेको देखिन्छ। नवरात्र तथा शनिवार देवीको दर्शनार्थ भक्तहरू वढी जान्छन्। यी देवीलाई श्वेतकाली पनि भनिन्छ। पहिलेपहिले नरवलि पनि दिइन्थ्यो र त्यसैले नरदेवी भनिएको हो कि ? जे भए पनि भक्तहरूको मनोकामना पूरा गर्ने प्रख्यात देवीकै रूपमा नरदेवीको स्थान प्रसिद्ध छ।

काठमाडौँ सहर जमेपछि सहरको सुरक्षाका लागि यी देवीको स्थापना भएको हो। वर्षवर्षमा सवै सहरमा नचाउने चलन छ। तन्त्रोक्त विधिले यी देवीको स्थापना भएको कुरा देवमाला वंशावलीमा छ।

नरपतेश्वर, (हुलाकटोल) धनकुटा

धनकुटा नगर हुलाकटोलमा नरपतेश्वर महादेव रहेका छन्। शिवको अस्तित्व प्राचीन भए पनि १९४४ सालमा सिनुवाका आचार्यले मन्दिर निर्माण गरी शिवलिङ्ग स्थापना गरेको स्थानीय वासिन्दाको भनाइ छ। मन्दिरभित्र शिवलिङ्ग, पार्वती, गणेश, वसाहाका मूर्ति रहेका छन्। यसको आफ्नै गुठी छ। नित्यपूजा हुन्छ। शिवरात्रि, वालाचतुर्दशी, प्रत्येक सोमवार विशेष पूजा हुन्छ।

नरेश्वरमहादेव, (सेनलार) रूपन्देही

सेनलार गाउँमा नरेश्वर महादेव छन्। शिवरात्रिमा नरैनापुरमा भव्य मेला लाग्ने गर्दछ। कर्सानदीको पूर्व अग्लो स्थानमा नरेश्वरमहादेवको मन्दिर छ। एकतले पक्की मन्दिर उत्तर फर्केको छ। मन्दिरमा प्राचीन शिवलिङ्ग छ। यहीँ गणेशको मूर्ति छ, यहीँ रामपुरी वावाको समाधि पनि छ। डहर गाउँमा भेटिएको गोरखनाथको जस्तो प्राचीन मूर्ति पनि यहाँ छ। वसाहा, ससाना अन्यदेव मूर्ति पनि यहाँ छन्। पूर्वदक्षिणमा अखण्ड धुनी छ। यहाँको खरानी जम्मा गरी शिवलिङ्ग वनेको छ। यहाँ साधुहरू खाली हुँदैनन्। दिनको दुईपटक पूजा हुन्छ। नरैना मेलामा शिवरात्रिमा भारतवाट समेत भक्तहरू आउँछन्। प्राचीन सामग्री पनि यहाँ भेटिएकाले पुरातात्त्विक दृष्टिले पनि यसको महत्त्व छ।

नवदुर्गा, (तान्त्रिकनाच) भक्तपुर

धेरै वर्ष अगाडि भक्तपुरको एक जङ्गलमा अष्टमातृकागण देवीहरूलाई एक व्राह्मणले स्थापना गरेका थिए। राजा गुणकामदेवका पालामा देवीगण रिसाई, मानिसलाई नै मारी मन परी भोग लिन थाले। सुनन्द कर्माचार्य (तान्त्रिक)लाई पनि जङ्गलमा लगी भोग खान तयार पारेका थिए तर उनले मेरो पूजा स्वीकार गरेर मात्र भोग लिनोस् भने। तन्त्रमन्त्रका जोडले देवीगणलाई आफ्ना वश पारे। देवीगणले तिनीलाई हामीले चिनेनौं भने। सुनन्दले पनि तपाईंहरू सानो ढुङ्गा (मूर्तिमा) प्रवेश गर्नोस् भने। देवीगणले माने। मूर्तिमा प्रविष्ट देवीगणलाई घरैमा ल्याई पूजा गर्न थाले। सुनन्दका पुरोहित सोमरा व्राह्मणले यो थाहा पाएर जजमान सुनन्दसँग देवीगण मागे। आफ्नै घरमा सोमराले पूजा गर्न थाले। तन्त्रमन्त्रले देवीगणलाई नचाइरहेका वेला उनकै ल्याइते स्वास्नीले देखिछन्। यसवाट देवीगण कुपित भई पूर्वतिर लागेछन्। सोमरा व्राह्मण पनि देवीगणका पछि मन्त्र पढ्दै डमरु वजाउँदै जाँदा वाटामा सुँगुर भेटिएछ र त्यही वलि दिएछन्। स्थिर मन्त्रद्वारा सोमराले प्रार्थना गरेपछि देवीगणले अभक्ष खुवायौ, नहेर्ने मानिसलाई हामीलाई देखायौ, हामी अव

यसरी प्रत्यक्ष देखिँदैनौं, तान्त्रिक नाचमा हामी प्रवेश गर्छौं, नाचद्वारा नै हाम्रो आराधना गर भनेछन्। त्यसै वेलादेखि भक्तपुर ग:छे टोलमा मन्दिर वनाई देवीगणको स्थापना गरी पूजाआजा र तान्त्रिक नाचको प्रवन्ध गरेछन्। सुरापानका लागि तन्त्रविधिअनुसार मानिसको खप्परको भाँडो चाहिने जनश्रुति पनि छ। मल्ल राजाहरूले यो नाचलाई चलाए। ठिमी, वोडे, साँगा, नाला, वनेपा आदिमा पनि यो नाच देखाउने चलन छ। यो नाचको फोटो लिनुहुँदैन भनिन्छ।

नवदुर्गामन्दिर, भक्तपुर

भक्तपुर नगरको उत्तरकुनामा यो मन्दिर छ। यस मन्दिरमा दुर्गाको मूर्ति छ। यहाँ प्राचीन मन्दिरहरूमा यसको विशिष्ट स्थान छ। शुम्भनिशुम्भवध भएपछि वस्ने ठाउँ नपाई अष्टमातृका उन्मत्त भई हिमालतिर जान लाग्दा एक जना आचार्यले साधना गरी भक्तपुरवाट एक कोस ईशानतिर नाला जाने वाटोमा नवदुर्गा जोलमा राखेका थिए। त्यसमा सन्तुष्ट नभई मानिस मारी खान थाले। नालावाट भक्तपुर जाने मानिसलाई रातमै सूर्योदयको भान पारी जाँदा रातमै खाने गर्दथे। यो एकजना तान्त्रिक आचाजुले थाहा पाई पूजासामान लिई जाँदा तान्त्रिक विधिले वन्द गरी वश गरे। रात वितिसकेपछि मानिस खाने भनी वदनाम हुने हुँदा आइन्दा यस्तो नगर्ने भनी माफी पनि मागे। यसपछि पत्थरको रूप लिई उनीहरू रहन थाले। पुजारी आचाजु मरेपछि उनकै पुरेत तान्त्रिक वाहुनले लगी गोप्य कोठामा राखी पूजा गर्न थाले। तल्लो जातिकी फोहोरी आइमाईले हेर्दा रिसाई अष्टमातृका हिँडे। वाहुन आई खोज्दा तिला भन्ने ठाउँमा सुँगुरको भोग खाइरहेको देखी त्यहीँ मन्दिर वनाई स्थापना गरेको र पूजा गर्न थालेको जनश्रुति छ। उनकै सन्तान आज पनि पुजारी छन्।

नागेश्वरमहादेव, (लेगुवा) धनकुटा

लेगुवा गाउँमा नाग आकारको शिवलिङ्ग फेला परेकाले त्यसै आधारमा नागेश्वर नामकरण गरी स्थापना गरिएको छ। झन्डै ३०० वर्ष अगाडि यस स्थानमा २/४ घर मात्र थिए। जङ्गलैजङ्गल थियो। साधुहरू आएर एक रात वास वसेछन्। साधुले कैलीगाईले सिरमघारीमा सर्पलाई दुध दिने गरेको सपना देखेछन्। सपना सत्य हो कि होइन भनी गोठमा गाई हेर्दा कैलीगाई देखे। गाई फुकाएपछि पछ्याउँदै जाँदा सिरमघारीमा पसी दुध दिने गरेको देखेछन्। यो तथ्य विजयपुर अमालमा जाहेरी गर्दा वाजागाजासहित नागमूर्ति ल्याउनु भनेछन्। केही गरे पनि उखेल्न नसकेको कुरा जाहेर गर्दा त्यहीँ पूजाआजा गर्नु भनी आदेश भएको

जनश्रुति छ। वि.सं. १८४२ पछिका कास्यपत्र, लालमोहर, रुक्का आदि छन्। गुम्वज आकारका मन्दिरमा सर्पआकारको प्रस्तरको शिवलिङ्ग, प्रस्तरका गणेश, उमामहेश्वर मूर्ति पनि रहेका छन्। अन्य देवदेवीका मूर्ति पनि छन्। नित्यपूजाको प्रवन्ध छ। गुठी पनि छ। प्रत्येक पूर्णिमा र खास गरी वैशाखपूर्णिमामा कन्याकेटीहरूलाई पूजा गरी पूजापाठ गरिन्छ। नागपञ्चमीमा पाँच कन्याको पूजा गरी खिर खुवाउने चलन छ। दसैंमा वाहिरपट्टि वलि पनि चढ्छ। यहाँ पोखरी, मन्दिर, पाटी पनि छन्। यथासमय मर्मतसम्भार हुनुपर्ने आवश्यकता पनि छ। यो स्थानीय वासिन्दाको आस्थाको प्रतीकका रूपमा रहेको छ।

नाटेश्वरीदेवी, (कैलाशमाडौं) बाजुरा

मार्तडीवाट १२ कोस दक्षिण कैलाशमाडौं गाउँमा डाँडामा जङ्गलका वीचमा रहेकाले देवीको मन्दिर सुन्दर र आकर्षक देखिन्छ। यहाँ भगवती नाचेर, महादेवलाई प्रसन्न पारेकीले नाटेश्वरी उपाधि प्रदान गर्नुहुँदा नाटेश्वरी नाम रहेको जनश्रुति छ। वि.सं. १८९० मा गरिएको लालमोहर उपलव्ध छ। यहाँका वासिन्दा प्राचीन कालदेखि नै यहाँ देवीको अस्तित्व रहेको कुरा स्वीकार गर्दछन्। १ तले मन्दिर नेपाली शैलीमा छ। २०३७ सालमा राजावाट वक्सेको रकमवाट मन्दिरको जीर्णोद्धार भएको छ। मन्दिरअगाडि हवनकुण्ड र मौलो छ। मन्दिरको उत्तरपट्टि कालिकास्थान पनि छ। मन्दिरभित्र मुख्य देवी नाटेश्वरीको शिलामूर्ति छ। अन्य शिलामूर्ति पनि छन्। यी शिला प्राचीन हुन् भनिन्छ। केही मूर्ति मध्यकालीन नमुनाका पनि छन्। यहीं गणेश र ढलपूराका मूर्ति पनि छन्। ढलपूरादेवता देवीका रक्षक मानिन्छन्। भक्तहरूका लागि मन्दिरको ढोका खुला रहे पनि नित्यपूजा हुँदैन। वडादसैं, चैतेदसैं र जनैपूर्णिमामा पर्वपूजा हुन्छ। माघ महिनाभर र सोह्रश्राद्धमा वलि चढ्दैन। नाटेश्वरीदेवीको पूजा र दर्शन गर्नाले चिताएको कुरा पुग्छ, धन प्राप्त हुन्छ, विघ्नवाधा हट्छन् भन्ने जनविश्वास छ।

नारायणघाट, चितवन

पश्चिमाञ्चलका पावन सात नदी मिलेर नारायणी वन्दछिन्। पहिले छुट्टाछुट्टै भए पनि देवघाटवाट अगाडि वढेपछि यिनी नारायणी भनिन्छिन्। नारायणीकै तटमा वनेका घाटहरू पावन मानिन्छन्। यसै कारणले नारायणघाट भनिएको हो। धार्मिक दृष्टिले भन्दा पनि नारायणघाट व्यापारिक दृष्टिले प्रसिद्ध वने पनि यसको धार्मिक महत्त्व कम छैन। यहाँ हरिहरको मन्दिर छ। हरिहरधाम भएकाले यस मन्दिरको पनि महत्त्व छ। यहाँ अनेक देवदेवीको पनि स्थापना गरेका छन्। भित्तामा

दशावतारका भजन लेखिएका छन् । वालकुमारी, लक्ष्मीनारायणका मन्दिर पनि छन् । वालकुमारीका नामवाट विद्यालय, महाविद्यालयको नाम पनि राखिएको छ । वैष्णव सम्प्रदायका मानिसहरूको आधिक्य छ । क्षेत्रपुरमा अद्वैत विश्वविद्यालय पनि छ । यहाँ व्रह्मको चिन्तन तथा मनन गरिन्छ ।

नारायणस्थान, (नासिकास्थान) काभ्रे

नासिकास्थान गाउँमा गुम्वज शैलीमा निर्माण मन्दिरमा नारायणको शिलामूर्ति छ । मूर्तिको पीठमा ने.सं.५७४ लेखिएकाले मन्दिरनिर्माण र नारायण स्थापनाको समय त्यसैताका हुनुपर्दछ । मन्दिरको मर्मत यथासमय हुँदै आएको छ । गुठी नभएकाले नित्यपूजा हुँदैन । जात्रा व्यवस्था पनि छैन । भक्तहरू इच्छानुसार पूजा गर्दछन् ।

नारायणस्थान, (चैनपुर) सङ्खुवासभा

चैनपुर गाउँमा एक मन्दिर छ । यहाँ नारायणको मूर्ति प्रतिष्ठित छ । झन्डै २०० वर्ष अगाडि सिद्धिमान कर्माचार्यले मन्दिर वनाई स्थापना गरेको वुझिन्छ । शिखर शैलीको यस मन्दिरमा गणेश, नारायणका मूर्ति छन् । धातुको सिंहासन पनि छ । गाउँमा मिलेर पूजाआजा चलाउँदै आएका छन् ।

नारायणमन्दिर, (बुटवल) रूपन्देही

वुटवलको पुरानो वजारमा यो मन्दिर छ । गीर्वाण युद्धविक्रम शाह राजाका समयमा यो मन्दिर वनेको अभिलेख छ । प्यागोडा शैलीको दुई तले मन्दिरको छाना तामाको छ । ढोकाको दुवैतर्फ गणेश र हनुमान छन् । मन्दिरभित्र पत्थरको सुन्दर नारायण मूर्ति छ । गणेश, विष्णु, कृष्ण, राधाका मूर्ति पनि छन् । नारायणमूर्ति अगाडि गरुड छन् । कृष्णाष्टमीका दिन रथयात्रा हुन्छ । अघिपछि नित्यपूजा हुन्छ । यसका लागि गुठीव्यवस्था छ । यहीं शिवमन्दिर पनि छ । ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक दृष्टिले पनि यो मन्दिर महत्त्व राख्तछ ।

नारायणेश्वर शिवलिङ्ग, (लप्सेगाउँ) भक्तपुर

साँखु लप्सेगाउँ वोझिनीफेदी घट्ट (मणिमती) खोला नजिक नारायण दहतीर्थ छ । यसलाई कर्णतीर्थ पनि भनिन्छ । कानको श्रवणशक्ति वढाउन यस तीर्थको सृजना नारायणवाट भएको हो । समयमा साक्षी वसी केही नवोलेको पापले वहिरो वनेको एक किराँत जातको मानिसले नारदका उपदेशले माघकृष्ण १४ मा दर्शनपूजन, गर्दा जपस्पर्श गर्दा वहिरोपन हटी सुखभोगपूर्वक मुक्त भएको कथा छ । यस ठाउँको प्राचीन नाम गन्धमादन पर्वत हो । यस तीर्थको उपयोग विरूपाक्षले पनि गरेथे । यहाँ दर्शन, स्नान र पूजन गर्नाले वहिरोपन हट्छ भन्ने जनविश्वास छ । नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिने यसको वर्णन हिमवत्खण्डमा पनि पाइन्छ ।

नारायणमन्दिर, (दछुटोल) काभ्रे

वनेपा नगरको दछुटोलमा यो मन्दिर छ। यसलाई थानपति नारायण पनि भनिन्छ। यसको निर्माण वि.सं. १६०४ मा भएको भन्ने शिलालेख छ। प्रस्तरका गरुड, सिंह, चार सुरमा शार्दूलहरू पनि छन्। मन्दिरभित्र पश्चिमाभिमुख नारायणमूर्ति छ। शिलाका नारायण तथा लक्ष्मीका मूर्ति छन्। शिवलिङ्ग पनि छ। नारायणले चार हातले आफ्ना आयुधहरू लिएका छन्। मन्दिरको उत्तरतर्फ उमामहेश्वरको मूर्ति छ। यस्तै अनेक देवदेवी राखिएको यस मन्दिरको गुठी छ। नित्यपूजा हुन्छ। भजन आरती पनि गरिन्छ। भाद्र कृष्णाष्टमीमा यहाँ जात्रा पनि लाग्छ। नारायणका भक्तहरू यस लोक र परलोकको हितका लागि नारायणको भक्तिभाव गर्दछन्।

नारायणहिटी धारा, काठमाडौं

कलिगत १९११ मा आफूलाई राजतिलक दिने राजा धर्मांगतको नाउँवाट चतुर्मुख नारायणको स्थापना गरेका थिए। वूढानीलकण्ठवाट पूजा गरेको जलसमेत आउने गरी त्यहीँ धारा पनि निर्माण गरेथे। त्यो जलप्रसाद लिएपछि मानिस मुक्त हुन्छ, पापरहित वन्छ भनिन्थ्यो। विक्रमसेनका छोरा विक्रमकेशरीका पालामा धारावाट पानी आउन छाड्यो। ज्योतिषसँग सल्लाह लिँदा ३२ लक्षणको नरवलिले मात्र धारा खुल्ने राय आयो। अपकीर्ति हुनुभन्दा मर्नु उत्तम ठानेर विक्रमकेशरीले छोरा भूपकेशरलाई राति सेतो कपडा ओढेर कुनै वस्तु रहनेछ, चिनजानै नगरी काटिदिनू धारावाट पानी आउनेछ भनी अराए। भूपकेशरले त्यसै गरे धारावाट पानी आयो। खड्ग धुन धारामा जाँदा पितृहत्या गर्नेको मुख हेर्नु छैन भनी हिटिमङ्गल माथितिर फर्केको फर्क्यै छ। नेपाल संवत् ७८२ मा हनुमान ढोकामा स्थापित कृष्ण र गरुडमध्ये गरुडले प्रताप मल्ललाई दुःख दिएकाले चतुर्मुख नारायणकै अगाडि ल्याई स्थापना गरेको अद्यापि छँदै छ भनी देवमाला वंशावलीमा लेखिएको छ।

नारायणमन्दिर, (फलेबास) पर्वत

देवीस्थान गाउँको फलेवास भुसालचौरमा जयमुनि घाटको तीरमा यो मन्दिर छ। नारायणको अस्तित्व प्राचीन भए पनि १९२० सालतिर कृष्णराज पाण्डे गुरुघरानाले यो मन्दिर निर्माण गराएको जानकारी पाइन्छ। वि.सं. १९५४ पछिका घण्टाहरू छन्। गुम्वज शैलीका तीन मन्दिर छन्। मुख्य मन्दिरभित्र चिल्लो पत्थरको शङ्ख, चक्र, गदा, पद्म लिएको नारायण मूर्ति छ। दायाँवायाँ लक्ष्मी र सरस्वतीका मूर्ति पनि छन्। गणेश, सूर्य, गरुड, हनुमान आदिका पत्थरका मूर्ति पनि छन्। अर्को मन्दिरमा शिवलिङ्ग,

देवी र भैरव मूर्ति पनि रहेका छन्। वाहिरपट्टि अनेक देवदेवीका मूर्तिहरू रहेका देखिन्छन्। सामान्य गुठी छ, नित्यपूजा हुन्छ। धार्मिक पर्वमा विशेष पूजा पनि गरिन्छ। फलेवास मेलाका रूपमा शिवरात्रि, रामनवमी, श्रीकृष्णाष्टमी, तिज आदि पर्वमा जयमुनि घाटमा स्नान गरी नारायणको दर्शन गर्नाले मुक्ति प्राप्त हुन्छ भन्ने जनविश्वास छ।

नारायणमन्दिर, (सिद्धार्थनगर) रूपन्देही

सिद्धार्थ नगरको वीचमै एकतले मन्दिर छ। यसको प्राचीनता पुष्टि गर्ने खास सामग्री नभए पनि मन्दिर डेढसय वर्ष पुरानो मानिन्छ। यसको मर्मत पछि शिरध्वज राईले गरेका छन्। मन्दिरभित्र कृष्ण, लक्ष्मी, नारायण, सरस्वती, भगवती, दुर्गाका मूर्ति पनि राखिएका छन्। त्यस्तै सोह्र हाते गणेश, प्रस्तरका लक्ष्मीनारायण, शिवलिङ्ग, शालिग्राम पनि यहाँ रहेका छन्। पूर्वाभिमुख मन्दिरका अगाडि सुन्दर गरुड पनि छ। यहीँ एक धर्मशाला छ जसमा विष्णु, महादेव, सूर्य, गणेश र पार्वतीका स्वरूप झल्कने पाञ्चायन मूर्ति छन्। यहीँ शङ्कराचार्यको मन्दिर छ र विशालकाय हनुमानको मूर्ति छ। अनेक भक्तहरूवाट निर्माण हुँदै, घण्टाहरू चढाउँदै आएका छन्। नगरका वीचमा रहेकाले सफाइ तथा नित्यपूजाको व्यवस्था छ। भक्तहरूको कमी छैन। श्रद्धा र सद्भावनाले मन्दिर सुसज्जित र सुपूजित पनि छ।

नारायणस्थान, इलाम

इलाम नगरमा नै पूर्वाभिमुख भएर यो मन्दिर रहेको छ। शिवालय शैलीको एक तले मन्दिरभित्र नारायणको प्रस्तरमूर्ति छ। त्यहीँ महालक्ष्मीको मूर्ति पनि छ। श्रीकृष्ण, हनुमान, गरुड, वालगोपाल आदिका प्रस्तरमूर्ति पनि छन्। त्यहाँ रहेको एक ताम्रपत्रवाट ३५० वर्ष अगाडिदेखि यस स्थानको महत्त्व रहेको स्पष्ट हुन्छ। यहाँ नित्यपूजा र पर्वपूजा पनि हुन्छ। हरिशयनी, हरिवोधिनी एकादशी, तिज, रामनवमी, शिवरात्रिजस्ता पर्वमा पर्वपूजा हुन्छ। यहाँ सन्तोषीमातालगायत अन्य मूर्ति पनि छन्। शिवालय पनि छ। शिवालयमा नर्वदेश्वर कमलेश्वर शिवलिङ्ग छन्। यहीँ नन्दीको मूर्ति पनि छ। गणेश, सूर्य, भैरव, मार्कण्डेय आदिका मूर्ति पनि राखिएका छन्। एकै ठाउँमा यतिका देवदेवी रहेकाले सवै देवता एकै हुन्, शैव, वैष्णव, शाक्त भनेर आपसमा भेदभाव वा निन्दाचर्चो गर्नु अर्थहीन छ भन्ने भाव पनि यसले देखाउँछ।

नारायणमन्दिर, (म्याङलुङ) तेह्रथुम

म्याङलुङ वजारमा नारायण मन्दिर छ। यस मन्दिरको निर्माण १९३४ मा भगीमान सुव्वाले गरेको जानकारी मिल्छ। गुम्वज शैलीको यस मन्दिरमा पित्तलको दुई फिट अग्लो शिरमा मुकुट, कानमा कर्णफूल र

चारहातमा आफ्ना आयुधहरू लिई गरुडमाथि विराजमान भएर उभिएको विष्णुको मूर्ति छ। पित्तलकै सिंह, पित्तलकै फूलको लहरा वनाएर पनि राखिएको छ। पित्तलकै पुरुष तथा नारी पनि भक्तको रूपमा अगाडि राखिएका छन्। ठूली एकादशीहरूमा यहाँ विशेष मेला लाग्छ, मन्दिरको आफ्नै गुठी भएकाले नित्यपूजा पनि हुन्छ।

नारायणमन्दिर, (नारायणगाउँ) दैलेख

सदरमुकामकै नारायणगाउँमा यो मन्दिर छ। यसै मन्दिरका आधारमा गाउँको नाम पनि रहेको हो। यसको निर्माण १९२२ सालमा काजी जयमानसिंह वस्न्यातवाट भएको भन्ने कुरा यहाँ रहेकै घण्टाको अभिलेखवाट स्पष्ट हुन्छ। प्रचलित नेपाली शैलीमा निर्मित मन्दिरभित्र डेढ फिट अग्लो गरुडमा सवार भएको पत्थरको नारायणमूर्ति छ। दायाँपट्टि राम, लक्ष्मण, सीता, राधाकृष्ण, वलरामका पत्थरका मूर्ति पनि छन्। यी मूर्तिमा चाँदीको जलप पनि लगाइएको छ। गरुड, गणेश, महाकाली भगवतीका मूर्ति पनि छन्। सरस्वती, हनुमान, शिवलिङ्ग आदि पनि छन्। यी मूर्तिहरू पछिपछि भक्तहरूले अर्पण गर्दै आएका हुन् कि भन्ने लाग्छ। श्री ५ महेन्द्रवाट हुकुम वक्सेअनुसार गुठीवाट प्राप्त खर्चले नित्यपूजा हुन्छ। वैदिक विधिद्वारा नै पूजा तथा प्रार्थना गरिन्छ।

नारायणमन्दिर, (खलङ्गा) सल्यान

सल्यानको चारदाही खलङ्गामा नारायणमन्दिर छ। १८७३ वि.सं. को लालमोहरमा त्यसभन्दा अगाडिदेखि नै अस्तित्व रहेको चर्चा छ। त्यसपछि पनि भक्तहरूको श्रद्धा व्यक्त गरेका सन्दर्भ फेला पर्छन्। नेपाली तले शैलीमा निर्मित मन्दिर कलात्मक छ। मन्दिर सञ्चालनार्थ गुठी व्यवस्था भएको छ। नित्यपूजा र पर्वपूजाको पनि प्रवन्ध छ। पहिले यहाँ नारायणको मूर्ति थियो, सो हराएपछि वालकृष्णको कालो पत्थरको १ फुट अग्लो मूर्ति स्थापना गरिएको छ। अष्टवाहु भएकी नरमुण्डमाला लगाएकी २ फिट अग्लो कालीको मूर्ति पनि राखिएको छ। अन्य साना मूर्ति पनि छन्। सांस्कृतिक महत्त्वका पर्वहरूमा यहाँ दर्शनार्थीहरू आउँछन्, भक्तिभाव प्रकट गर्छन्।

नालाभगवती, (लागनटोल) काभ्रे

नालागाउँको लागन टोलमा प्यागोडा शैलीको मन्दिर छ। मन्दिरभित्र १८ हात भएकी देवीको आकर्षक शिलामूर्ति छ। यहीँ लिच्छवि कालीनजस्तो महालक्ष्मीको मूर्ति पनि छ। यहीँ ढुङ्गेधारा, गणेशमूर्ति, नारायण, विष्णुका दशअवतारका मूर्ति, राधाकृष्ण, लक्ष्मी, सरस्वती आदिका

मूर्ति पनि छन्। यहीँ नजिक युधिष्ठिरको मूर्ति पनि छ। यक्षराजलाई प्रसन्न वनाउन युधिष्ठिर सफल भएकाले त्यही सम्झनामा युधिष्ठिरको मूर्ति राखिएको भन्ने जनश्रुति छ। यसको आफ्नै गुठी छ। इन्द्रजात्राको तृतीया र विजयादशमीका दिन रथ घुमाउने जात्रा पनि जनताद्वारा गरिन्छ। श्री ५ राजेन्द्रको समयदेखि यहाँको पूजाजात्रा व्यवस्थित गरिएको भनिन्छ। १९८९ सालमा मन्दिरको मर्मतपछि मर्मत नभएकाले जीर्ण अवस्थामा मन्दिर रहेको छ। नाला ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्व राख्तछ। यस स्थलकी मुख्य देवीका रूपमा भगवतीको उच्च स्थान रहेको छ।

नासिकास्थान, (नासिकागाउँ) काभ्रे

अरनिको राजमार्गको दक्षिणतर्फ नासिकागाउँ ढिस्कोमा यो स्थान छ। यसको स्थापना झन्डै ३५० वर्ष पुरानो मानिन्छ। ३०० दैत्यहरूको शिर काटी देवीले यही डवलीमा गाडेको सम्झनामा अहिले पनि ३०० विमिरा काटी पूजा गर्ने चलन रहेको छ। प्यागोडा शैलीमा निर्मित यस मन्दिरमा टुँडाल, झ्यालहरूमा देवदेवीका चित्र र कलाकृति छन्। भित्रतर्फ छेपोले घेरेर नासिका देवीलाई राखिएको छ। यी देवीकै छेउमा अष्टमातृका र ससाना घण्टा पनि छन्। अगाडि प्रस्तरका दुई सिंह पनि छन्। मन्दिरको दक्षिणतर्फ शिवलिङ्ग पनि छ। यसको आफ्नै गुठी छ। प्रत्येक शनिवार र चाडपर्वमा पूजा हुन्छ। यी देवी प्रत्यक्ष छन्। सतीदेवीको नासिका पतन भई उत्पन्न भएकी हुन् भनिन्छ। यस क्षेत्रमा यी देवीको श्रद्धा गर्ने भक्तहरू निकै छन्।

निसानथान, धनकुटा

यो स्थान धनकुटा नगरक्षेत्रमै रहेको छ। पहिले श्रीजङ्गपल्टनको अधीनमा वेलहरा गाउँमा थियो। पछि पुजारीले सपना देखेअनुसार यहाँ सारिएको भनिन्छ। इन्द्रध्वज पल्टनको निसान पनि यहीँ राखियो। इन्द्रध्वज पल्टन सरुवा भई जाँदा निसान लिई जान खोज्दा घण्टीहरू हल्लिएकाले नलिई गएको जनश्रुति छ। यो निसानथान झन्डै २०० वर्ष अगाडिदेखि नै रहँदै आएको जानकारी मिल्छ। नेपाली घरआकारमा रहेको यस मन्दिरमा जम्मा ९ वटा निसान, ७ कोटका साना २ वटा प्रस्तरका साना देवीमूर्ति, केही खुकुरी र खुँडा छन्। सेनावाट खटिएका पुजारीले यहाँ पूजा गर्छन्। नित्यपूजा हुन्छ। एकादशी, औँसी र आइतवारवाहेक यस थानमा राँगो, वोका वलि दिने गरेको पाइन्छ। यसका लागि गुठी र गुठीयार पनि छन्।

निसानभगवती, (तौरखुवा) धनकुटा

तौखुवा गाउँमा दुई ठाउँमा निसान भगवतीका स्थानहरू छन् । यी कहिले कसले स्थापना गऱ्यो ? यसै भन्न नसकिए पनि यिनको प्रयोग जनजीवनमा श्रद्धापूर्वक गरिँदै आएको छ। यस भेगका सुव्वा तथा जिम्मावालहरूलाई सरकारवाट परापूर्व कालमा वक्सिएको भन्ने जनश्रुति चाहिँ छ। यी दुवै निसान साना मन्दिर छन्, यिनभित्र निसान, नगरा, तरवार, जरायोको सिङ, त्रिशूल, तामाको दियो, तामाको छत्र, ढाल, तरवार, खुँडाजस्ता सामग्री रहेका छन् । यी सामग्री निकै पुराना देखिन्छन् । एकै ठाउँका भगवतीका प्रतीक सामान कसरी फरकफरक ठाउँमा रहे ? यस प्रश्नको उत्तरमा पहिले एकै ठाउँ थिए तर पछि अंशवन्डा हुँदा फरक भएको भन्ने जनश्रुति छ। त्यस्तै ५ वडाकालाई पोथी र ६ वडाका निसानलाई भाले पनि भनिन्छ। वडादसैँमा वोका वलि दिँदा एकअर्कामा लैजानुपर्ने विधान भएकाले पारस्परिक सम्वन्ध छ। चैतेदसैँमा पनि दुवैमा एकएक वोका वलि दिने चलन छ। भाकलअनुसार अरूले राँगा, कुखुरा, परेवा, वोका, हाँस वलि दिन सक्छन् । भगवती, शक्तिका प्रतीक यी निसानप्रति जनआस्था छ। शक्तिको प्रतीकका रूपमा यथाशक्य पूजाअर्चना गर्दै आएका पनि छन् ।

नीलवाराही, (कालिमाटी) काठमाडौँ

कालिमाटी टङ्केश्वरनेर नीलवाराहीपीठ छ। सतीदेवीको अङ्ग पतनवाट यो पीठ उत्पत्ति भएको मानिन्छ। नेपाल माहात्म्यमा वागमती र विष्णुमतीको सङ्गममा सतीदेवीको घुँडो पतन भएर देवी उत्पत्ति भएको वर्णन छ। सङ्गममा नै त्यस्तो देवीमन्दिर नभेटिँदा यिनै नीलवाराही नै हुन् कि भन्ने अनुमान हुन्छ। १९३१ सालदेखि नीलवाराहीको यात्रा पनि हुन्छ। नित्यपूजाका लागि गुठी व्यवस्था पनि छ। खटयात्रा पनि हुन्छ।

नीलकण्ठेश्वरमहादेव, (कठजोर) रामेछाप

कठजोर गाउँमा यी महादेव छन्। २/३ सय वर्ष अगाडिकै मानिस पनि ५०/६० वर्ष अगाडि चढाइएका घण्टाहरू छन्। गुम्वज शैलीमा यो मन्दिर निर्मित छ। मन्दिरको खास गुठी व्यवस्था छैन। कालिगढ युक्त ढुङ्गावाट निर्मित यो मन्दिर कलायुक्त छ। यहीँ एउटा ढुङ्गेधारा पनि छ। पर्वमा यहाँ भक्तहरू आउँछन्, श्रद्धा अर्पण गर्दछन्। वाघमुखे टुटी भएको धारामा वलदेव उपाध्यायको नाम छ र वि.सं. १९७९ मा अर्पण गरेको देखिन्छ।

नृसिंहनारायण, (मधुवेणी) पर्वत

शिवालय गाउँको मधुवेणीमा मोदीगङ्गा र कालीगण्डकीको दोभानमा मोदीवेणी नृसिंहनारायणको मन्दिर छ। सिंहको मुखाकृति भएको शालिग्राम यहाँ रहेकाले नृसिंहनारायण नाम दिइएको देखिन्छ। वि.सं. १९०७ को सनदले पनि यस मन्दिरको प्राचीनता स्पष्ट हुन्छ। यसको आफ्नै गुठी छ, नित्यपूजा पनि हुन्छ। शिवरात्रि, रामनवमी, श्रीकृष्ण जन्माष्टमी, श्रीपञ्चमी, माघेसङ्क्रान्तिजस्ता पर्वहरूमा यहाँ विशेष पूजा हुन्छ। स्थानीय मानिस श्रद्धाभक्तिले दर्शन तथा आराधना गर्दछन्।

नृसिंहभगवती (राजकुट), बागलुङ

वागलुङको राजकुटमा पहिले मल्ल राजाहरूको राज्य थियो। यिनै राजाले इष्टदेवीका रूपमा सिंहवाहिनी भगवतीको स्थापना गरेथे। यिनै भगवतीलाई कालान्तरमा ठाउँको नामसमेत जोडेर राजकुट नृसिंहभगवती भनी नामकरण गरिएको पाइन्छ। मल्लहरूको राजधानी वलोडाँडामा थियो, यिनलाई मगरकुत, पञ्चवलकुत, वार्षिककुट पनि वुझाउनुपर्थ्यो भनिन्छ। पछि सेन राज्यमा यो राज्य गाभियो। देवीको रूपमा पूजा गरिने साङ्केतिक शिला मात्र छ। मन्दिरभित्र घण्टीहरू छन्। यस मन्दिरको सञ्चालन गर्न गुठी पनि छ। वर्षको तीनपटक पर्वपूजा हुन्छ। वडादसैं, चैतेदसैं र चण्डीपूर्णिमामा मात्र मेला र पूजा हुन्छ। क्षेत्री र ठकुरीवाट उपासनाका लागि उपासे भई उपवास वस्नुपर्छ। उपासे वस्न घरको व्यवस्था छ। नवमीका दिन पञ्चवलि हुन्छ। चण्डीपूर्णिमा र श्रीपञ्चमीका दिन होम हुन्छ। मंसिरपूर्णिमामा व्यक्तिगत रूपमा रोट चढाइने गरिन्छ। चिताएको दिने शक्तिशाली देवीको रूपमा त्यस भेगका वासिन्दाले यी देवीप्रति श्रद्धाभक्ति गर्दछन्।

नुवाकोट, नुवाकोट

नवकोटवाट नुवाकोट आएको मानिन्छ। यहाँ केही वर्ष अगाडिसम्म जिल्लाको सदरमुकाम थियो। वि.सं. १८०२ देखि १८२४ सम्म नेपाल अधिराज्यकै राजधानीका रूपमा पनि यो रहेको थियो। यहाँ अनेक देवस्थल, मन्दिर र पुरातात्त्विक स्थल पनि छन्। काठमाडौं केरुङवीच व्यापार चल्दा यस स्थानले निकै महत्त्व पाएको थियो। २०२४ मा सदरमुकाम विदुर सरेपछि पुरातात्त्विक स्थलका रूपमा रहेको छ। नेपालकै प्रमुख कोटका रूपमा यो कोट रहेको छ। यस क्षेत्रमा रहेका अन्य कोटहरूमा वेलकोट, भैरवकोट, कालिकाकोट, मालकोट, प्यासकोट, सिमलकोट, धुवाँकोट, र सल्यानकोट रहेका छन्। नौकोट प्रमुख रहेकाले नवकोट भनिएको मानिन्छ। यी सबै कोटको तत्कालीन पृष्ठभूमिमा युद्धका लागि पनि महत्त्व रहेको देखिए पनि पुरातात्त्विक तथा सांस्कृतिक दृष्टिले पनि यी कोटको महत्त्व रहेको पाइन्छ।

नुवाकोटका अन्य देवस्थल

त्रिशूलीको तीरमा अवस्थित भएकाले र ऐतिहासिक महत्त्वसमेत भएकाले यहाँ अरू पनि देवस्थल हुनु अस्वाभाविक होइन। पौराणिक कालदेखि नै यस स्थानको महत्त्व देखिन्छ। केही देवस्थल पछि पनि स्थापित हुँदै गए जसको सङ्क्षिप्त विवरण यहाँ दिइन्छ।

वेत्रावती : रसुवा हुँदै नुवाकोटमा आएर त्रिशूलीमा मिल्ने वेत्रावती पवित्र नदी मानिन्छिन। समुद्रमथनवाट उत्पन्न कालकूट विष पिएपछि शिवलाई असह्य वेदना भयो। चिसो पानीको खोजमा एक हातमा त्रिशूल र अर्को हातमा वेतको लट्टी लिएर हिँडे। जमिनमा गाडे। त्यहीँवाट वेत्रावती उत्पन्न भइन्। यस नदीको जलको आचमन सर्वप्रथम शिवले गर्नुभयो। त्यसैले यी पवित्र नदी हुन्।

त्रिशूली : महादेवले गोसाईंकुण्डमाथि त्रिशूल घोची उत्पन्न भएकी त्रिशूली रसुवावाट नुवाकोटको भूभागलाई पवित्र गर्दै अगाडि वहेकी छन्। सवैलाई शिवशक्ति यिनले प्रदान गर्दछिन्।

देवीघाट : त्रिशूली र तादीको सङ्गम स्थल देवीघाट हो। यहीं जालपादेवीको मन्दिर छ। यसको धार्मिक महत्त्व छ। पृथ्वीनारायण शाहले यहीं आफ्नो इहलीला टुङ्ग्याउन चाहेथे। यहाँ भैरवेश्वरका अतिरिक्त अनेक देवदेवीका स्थान पनि छन्। यो धार्मिक दृष्टिले र पर्यटकीय दृष्टिले पनि उपयुक्त स्थल हो।

अशोकबारी : समथर जमिन छ। पहिले सैनिक अभ्यास स्थल थियो। अझ पहिले देवदेवीको सभास्थल थियो रे। यसका आसपासमा अनेक देवदेवीका मूर्ति रहेका छन्। गणेश मूर्ति, शिवलिङ्ग, भीमसेन मूर्ति पनि छन्। यी सवै कसले कहिले स्थापना गरे खोजको विषय छ। यहाँ एक चैत्य पनि छ।

भूटोल : इन्द्रचोक अगाडि भूटोल छ। यहाँ एक शिवलिङ्ग छ। हेर्दा सामान्य जस्तै लागे पनि स्वस्थानी व्रतकथाका पुराना संस्करणमा यस शिवलिङ्गको पनि चर्चा भएकाले यसलाई पुरानै महत्त्वको शिवलिङ्ग मान्नुपर्ने हुन्छ।

व्रह्मटोल : भैरवीस्थानवाट अगाडि गएपछि व्रह्मटोल पुगिन्छ। जहाँ गणेशमूर्ति, नारायणमूर्ति रहेका छन्। यी मूर्ति क्रमशः नरेन्द्र मल्ल र महेन्द्र मल्लका पालामा स्थापित देखिन्छन्।

सहरटोल : व्रह्मटोलवाट अगाडि सहर टोल छ जहाँ पृथ्वीनारायणको साततले दरवार छ। जो वास्तुकलाका दृष्टिले उपयुक्त छ। यहीं पार्थिवेन्द्रले वनाएको एक चैत्य पनि छ। चैत्यसँगै विष्णुमन्दिर

पनि छ। यहीँ नारायणको मन्दिर पनि छ। धातुको नारायणमूर्ति छ। रिपु मल्लले स्थापना गरेको मानिने यस नारायणको जात्रा पनि हुन्छ। शङ्खचक्रस्थित शिलालेख पनि यहाँ हुँदा यो नारायणमूर्ति ऐतिहासिक विशेष महत्त्व राख्ने खालको छ। तुलसीमठ, खाल्टादेवीस्थान पनि छन्।

नेमुनिको आश्रम, (दुम्जा) सिन्धुली

रोशी र सुनकोशीको सङ्गम दुम्जा नजिक ने मुनिको आश्रम थियो भनिन्छ। ने मुनिवाट नेपाल नाम रहेको मानिन्छ। नेमि मरिचीका छोरा हुन्। कृष्ण र पशुपति एकै ठाउँ देख्ता नेमिले स्तुति गरेको पनि पौराणिक कथन छ। मणिचूड पर्वत वज्रयोगिनीको १२ वर्षसम्म तपस्या गरी सिद्धि प्राप्त गर्ने ने मुनि कौशिकी तटमा रहे। रोग र पापले पीडित विरूपाक्षलाई तीर्थयात्राको उपदेश दिई श्रापमुक्त गराएको चर्चा पनि भेटिन्छ। विरूपाक्षले नेपालका तीर्थ घुमेको, पापमुक्त भएको, यसतर्फ प्रेरित गर्ने ने मुनि साँच्चै देशभक्त र सनातन धर्मका प्रेरक व्यक्तित्व थिए। यस्ता तपस्वी सिद्ध ऋषिलाई नेपाली वनाउन पाउँदा गौरववोध हुन्छ।

नौलादेवी पाटेश्वर, (जङकोट) रोल्पा

जङकोट गाउँमा यो मन्दिर छ। यहाँकी प्रसिद्ध देवी हुन्। सतीदेवीको अङ्ग पतन भएर उत्पन्न भएकीले यिनको प्राचीन अस्तित्व प्रकट हुन्छ। १९४५ सालपछि चढाइएका घण्टा छन्। मन्दिरभित्र नौलादेवी, पाटेश्वरी र ऋषीश्वर मानिने शिलाका प्रतीक छन्। यहाँ घर्ती पुजारी छन्। पुजारी र पाठ गर्ने व्यक्तिवाहेक अरूलाई प्रवेश निषेध छ। चैतेदसैँ र वडादसैँमा विशेष पूजा हुन्छ, मेला लाग्छ, वलि पनि चढाइन्छ। यहाँका तीन देवीलाई तीन किसिमले पुजिन्छ। नौलादेवीलाई धुपवत्ती गरी फुको पूजा, ऋषीश्वरलाई वलिसहितको पूजा पाटीश्वरीलाई पाठसहित पूजा हुन्छ। यसो गर्दा भाकल पूरा हुन्छ भन्ने विश्वास छ। भक्तहरूको भिड लाग्छ। प्रत्येक तीनतीन वर्षमा वडादसैँमा ठूलो मेला लाग्छ। मेलामा टाढाटाढावाट पनि मानिस आउँछन्। मन्दिरभन्दा केही तल तातोपानीको मूल छ, यहाँ माघेसङ्क्रान्ति, श्रीपञ्चमीमा स्नान गर्न आउँछन् र देवीको दर्शन पनि गर्छन्। स्नानले रोगव्याध हट्ने वा नलाग्ने देवीको दर्शनले चाहना पूर्ण हुने विश्वास छ।

न्यातपोल, भक्तपुर

भक्तपुरको टौमडी टोलमा रहेको यो मन्दिर पाँचतले, पचपन्न झ्याले छ। उपत्यकाकै सवभन्दा अग्लो, कलाकृतिले पूर्ण मन्दिर मानिन्छ। वि.सं. १७६५ मा राजा भूपतीन्द्र मल्लले वनाएको यो मन्दिर निकै महत्त्व राख्तछ। नजिकै रहेका भैरवले निकै उग्रता देखाएकाले उनलाई संयममा

राख्न उनले पनि मान्नुपर्ने देवी सिद्धिलक्ष्मीलाई यस मन्दिरमा तान्त्रिक विधिअनुसार स्थापना गरिएको छ। यस मन्दिरको निर्माणमा चाहिने सामान पाँचै दिनमा जुटाउनुपर्दा राजा स्वयंले पनि इँटाढुङ्गा वोकेका थिए भनिन्छ। पाँच खुड्किला माथिवाट मन्दिर उठाइएको छ। उक्त खुड्किलाहरूमा एकएक जोडा पाँच किसिमका मूर्ति छन्। पहलमान, हात्ती, सिंह, शार्दूल, सिंहिनी, वघिनीका मूर्तिहरू यी सवैमाथि आधारशक्ति देवीको मूर्ति प्रतिष्ठापित छ। छाना तथा खम्वामा कुँदिएका वुट्टा पनि निकै आकर्षक छन्। नेपालकै कलात्मक उत्कृष्ट नमुना दिँदा यसलाई अगाडि सार्न सकिन्छ। यी देवी पनि शक्तिकी श्रद्धामयी प्रतीक मानिन्छिन्।

पञ्चकन्या, (धरान) सुनसरी

विजयपुर डाँडाको उत्तर भागमा रहेको पञ्चकन्या मन्दिर मध्यकालीन मानिन्छ। सेनवंशी राजाले स्थापना गरी पूजा परम्परा चलाएको जनश्रुति छ। गर्भगृहमा माटोको ढिस्को छ यसैलाई पञ्चकन्याको प्रतीक मानिन्छ। नेवार जातिका पुजारी छन्। वालवालिकाको वोली फुट्न ढिलो भएमा चाँडो फुटोस् भनी प्रार्थना गर्न भक्तहरू आउने गर्छन्। वाक्देवीका रूपमा पनि यिनी चिनिन्छिन्।

पञ्चदेवल, (पशुपति) काठमाडौं

पशुपतिनाथको मन्दिरदेखि दक्षिणतर्फ पाँच गजुर टल्कने सेतो रङको मन्दिर छ। राजकीय गुम्वज शैलीका यी मन्दिरलाई पञ्चदेवल भनिन्छ। यी मन्दिरभित्र शिवलिङ्ग छन्। यी पाँच देवल श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र, उनका दुई रानीहरू र श्री ५ त्रैलोक्यले वनाएको जानकारी पाइन्छ। मन्दिरको एकतह मुनिका सिँढीमा विष्णु, सूर्य, देवी, गणेशका लघुमन्दिर पनि छन्। यहाँ वृद्धाश्रम सञ्चालन गरिएको छ। पूजाव्यवस्थाका लागि गुठी पनि छ। यी देवल सञ्चालनका दृष्टिले मात्र होइन कलात्मकताका दृष्टिले पनि महत्त्व राख्तछन्।

पञ्चदेवल, (मान्व) कालिकोट

मान्व गाउँमा पञ्चदेवल छ। यस देवलका अगाडिवाट तिलानदी र दायाँवाट कर्णाली नदी वगेको छ। पहिले यहीं सदरमुकाम थियो, अहिले आधा घण्टा हिँड्दा लाग्ने माथि डाँडामा सरेको छ। वूढापाकाका भनाइमा पौराणिक महत्त्व राख्छ यो स्थान। योगी नरहरिनाथको भनाइमा रास्कोटी राजा मलयवम्वले वनाएका हुन्। कालिकोटका प्रथम राजा मलयवम्व नै हुन् भनिन्छ। यहीं उक्त राजाको दरवार थियो। यसलाई खाँडचक्र पनि भनिन्थ्यो। मलयवम्वले धेरै राज्य जिती यहाँ आएर हतियार पखालेकाले खाँडचक्र भनिएको हो। यी राजाको शासनकाल १४४६ साल हो। उनकै शिलालेखले यसमा पुष्टि दिन्छ।

शिखर शैलीको देवल दक्षिणाभिमुख छ। देवल कलात्मक छ। देवलका चारैतिर थाम छन्। दक्षिणतर्फ गणेश, पश्चिम गारोमा भगवती, पूर्वमा राजा मलयवम्व, र रानी रत्नमाला, त्यहीँ प्रस्तरका शिवलिङ्ग अनेक छन्। पाँच देवल भएकाले पञ्चदेवल भनिएको हो। १९३२ सालमा पिथु शाहीले चढाएको घण्टा छ। यहीँ कालिकाको मन्दिर पनि छ। पहिले गुठी भएकाले नित्यपूजा भए पनि अहिले नित्यपूजा हुँदैन। चाडपर्व, चैतेदसैँ, वडादसैँ, शिवरात्रिजस्ता पर्वमा यहाँ पूजा हुन्छ। मेला पनि लाग्छ। पञ्चवलि पनि अर्पण गरिन्छ। यी देवलको ऐतिहासिक र सांस्कृतिक महत्त्व छ। मलयवम्वले वनाएको भनिने ढुङ्गेधारा पनि छ, जसले पानीको सुविधा सवैलाई दिलाएको छ। मान्वदेखि सुर्खेत जाने वाटोमा चौथो देवल (चारदेवल) छन्। यिनको पनि ऐतिहासिक महत्त्व छ।

पञ्चेश्वरमहादेव, (कुसुन्ती) ललितपुर

कल्याणीमाता नामले प्रसिद्ध योगिनी त्यहीँ वसोवास गर्दै आएकी थिइन्। उनलाई स्थानीय वासिन्दा निकै श्रद्धाका दृष्टिले हेर्ने गर्दछन्। २०५४ सालमा उनी वगलामुखीको दर्शन गर्न गएकी थिइन्। त्यहीँवाट उनमा देउता चढ्यो। उनलाई सपना भयो। त्यहीँ कुसुन्तीको वाँझो सार्वजनिक चौर उत्खनन गर्ने, त्यहाँवाट महादेव प्रकट हुन्छन् भनेर। काँडाघारी भएको सार्वजनिक जमिनसमेत कल्याणीमाताको निर्देशनअनुसार गाउँलेहरूले उत्खनन गरे नभन्दै २०५४ सालमा निकै खनेपछि अनेक देवदेवी प्रकट भए। मुख्य देवका रूपमा पञ्चेश्वरमहादेव प्रकट हुनुभयो। वरिपरि नवदुर्गा, सप्तऋषि, हनुमान, राधाकृष्ण, एकादशी आदिका मूर्ति पनि देखिए। सहृदयी भक्तहरूवाट लाखौँ रुपियाँ सहयोग भयो र मन्दिर वन्यो, पूजाको प्रवन्ध भयो। शिवरात्रि, वालाचतुर्दशी आदि पावन पर्वमा यहाँ मेला लाग्छ। भक्तहरूका कामना पूर्ण गर्न पञ्चेश्वर महादेवले सहयोग गर्नुभएको छ। ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले प्राचीन मानिए पनि गुप्तवासवाट भर्खरै प्रकट हुनुभएको छ। सवैको भक्ति र श्रद्धा महादेवप्रति अटल रहेको देखिन्छ। अरू अनुसन्धेय छ।

पञ्चेश्वरमहादेव, (लालापट्टी) सप्तरी

लालापट्टी गाउँमा सडककै छेउमा यो मन्दिर छ। पञ्चिदास नामका साधुले २०११ सालमा यस मन्दिरको पुनर्निर्माण गराएको वुझिन्छ। गर्भगृह खण्डित वलौटे ढुङ्गाको शिवलिङ्ग रहेको छ। मन्दिर साधारण छ। भक्तहरूकै श्रद्धामा यहाँ पूजाआजा हुन्छ। यहाँकै जस्तो शिवलिङ्ग वरपर खन्दा पनि भेटिने हुँदा प्राचीन कालमा विकसित र समृद्ध ठाउँ थियो भन्ने अनुमान सहज छ। ढिस्कोमाथि रहेको यो मन्दिर रहेको स्थान ऐतिहासिक महत्त्वकै हुन सक्छ भन्ने कुरा यहाँको वस्तुस्थितिले देखाउँछ।

पत्थरकोट, सर्लाही

सर्लाहीको पत्थरकोट ऐतिहासिक र पुरातात्त्विक महत्त्वको स्थल हो। यो ठाउँ केही अग्लो छ। दुवैतर्फ खोला छन्। यसलाई ठूलो घुमाउने पनि भनिन्छ। पत्थरकोट गा.वि.स.वाट उत्तर रहेको यस स्थलमा पुरातात्त्विक महत्त्वका इँटा र मूर्तिहरू पनि देखिन्छन्। प्रस्तरका नारीमूर्तिका अतिरिक्त आधा मिटर लम्वाइचौडाइ भएको एक ढुङ्गामा १५।१६ लिपि कुँदिएको देखिन्छ। त्यो अध्ययन गरेपछि र उत्खनन अध्ययनपछि मात्र यसवारे केही भन्न सकिन्छ। यो स्थल पनि अनुसन्धानकै गर्भमा छ।

पनौतीका देवस्थल र तीर्थस्थल, काभ्रे

काभ्रेको पनौती पवित्र तीर्थस्थल मानिन्छ। गौतम ऋषिको श्रापवाट इन्द्रसमेत मुक्त भएको, भूकम्पवाट पनि केही नहुने अत्यन्त पावनस्थल भनी पौराणिक ग्रन्थमा चर्चा गरिएको छ। यहाँका इन्द्रेश्वर महादेववारे यथास्थान चर्चा भएको छ। यहाँ रहेका अन्य देवमन्दिरहरू यस प्रकार छन् :

सत्यनारायण : इन्द्रेश्वरको पूर्वतर्फ एउटै शिलामा सत्यनारायण र दायाँवायाँ लक्ष्मी कुँदिएका छन्। यो स्थान पश्चिमाभिमुख छ।

लक्ष्मीनारायण : पूर्वतर्फ लक्ष्मीनारायणको मुकुट भएको अर्धनारी शिलामूर्ति छ। आठहाते शिलामूर्तिमा आधाभाग नारायणको र आधामाग लक्ष्मीको छ। दायाँ हातले शङ्ख, चक्र, गदा, पद्म र वायाँ हातले किताव, कमलको फूल, सुरो र कलश लिएको देखिन्छ।

नारायण : पूर्वतर्फ पश्चिममाभिमुख नारायणको शिलामूर्ति रहेको छ।

उमामहेश्वर : उत्तरतर्फ प्यागोडा शैलीको मन्दिरभित्र शिलाका शिवलिङ्ग छन्। मन्दिरका झ्याल, टुँडाल कलापूर्ण छन्।

सूर्यनारायण : पश्चिमतर्फ पर्खालमा एउटै ढुङ्गामा कुँदिएको सूर्यनारायण रथमा वसेका, रथ सारथीले हाँकेको, सूर्य वरिपरि नवग्रह रहेको मूर्ति देखिन्छ।

कृष्ण : पश्चिमपट्टि वीचमा कृष्ण दायाँवायाँ रुक्मिणी भएको एउटै शिलामा कुँदिएको छ। चार हातका कृष्ण पूर्व फर्केका छन्।

तुलानारायण : यो स्थान गुम्वज शैलीको छ। पूर्व फर्किएको काठको ढोका भएको, दसौं शताव्दीको मानिने यस स्थानमा कमलको आसनमा उभिएका, धोती र सरपोसवाट सज्जित नारायण छन्। कुनै भक्तले तुलामा नापी स्थापना गरेकाले तुलानारायण नाम रहेको भन्ने जनश्रुति छ।

उन्मत्त भैरव : इन्द्रेश्वर महादेवदेखि केही दक्षिणपट्टि उन्मत्त भैरव छन् । यस स्थानभित्र पश्चिम फर्किएका चार हात भएका उन्मत्त भैरवको मूर्ति छ । दायाँ खुट्टाले मुसो कुल्चिएको, वायाँ खुट्टाले वासुकी नाग कुल्चिएको मुकट र नागको गहना लगाएको, आँखा र मुख चाँदीको भएका, कम्मरतलको भाग कपडाले छोपिएको, कपालले पनि नागकै रूप लिएको देखिन्छ । यहीँ नाङ्गीदेवी व्याधिनी, अष्टमातृका, गणेश आदिका मूर्ति पनि छन् । गुठीव्यवस्था नभएकाले यहीँका भक्त नेवारहरूको श्रद्धाले नित्यपूजा हुन्छ । जेष्ठपूर्णिमामा जात्रा पनि गरिन्छ ।

पुण्यस्थल भएकाले पनौतीक्षेत्र निकै पावन क्षेत्र मानिन्छ । जहाँ अनेक देवदेवी सहस्र रहेका छन् ।

पर्भास, (तानसेन) पाल्पा

तानसेन डाँडाको ध्याँचमा दक्षिणतिर लामो चोसो समतल स्थान छ, त्यसैलाई पर्भास भनिन्छ । धरमपानी, होलन्दी, सिँदुरे, शालिग्रामधाराका मूल पानीले एउटा खोलै वनेको छ । यहाँ रमणीय पोखरी छ । यहाँ गङ्गा, भागिरथी, जमुना, कृष्णगण्डकी, सेतीगण्डकी आदिको पानी ल्याएर हालिन्छ । सवैतिर जान नसक्ने यहीँ स्नान गरेर पुण्यार्जन गर्छन् । पोखरीमाथि ढिस्कामा गणेश, शिव, वंशीगोपालहरूका मन्दिर छन् । भक्तहरू दर्शन गर्छन् । शिवरात्रिमा यहाँ मेला लाग्छ । वजार जम्छ । रात वस्नेहरू धुनी जगाउँछन् । यहाँ भैरवदेवको मुकुण्डो पनि थियो त्यहीँ पोखरीमा अलप भयो भनिन्छ । हिजोआज पोखरीका चारैतिर फलफूलका वोट छन् । कृषि उत्पादनले मनोरम छ । आज पनि भैरवप्रति तलाउमा भक्तहरू श्रद्धार्पण गर्दछन् ।

पर्वतेश्वरमहादेव, (पर्वतेश्वर) काठमाडौं

पशुपतिमन्दिरनजिक कैलाशको वीचमा पर्वतेश्वर रहेका छन् । यही नजिक ज्ञानकूप र गौरीकुण्ड पनि छन् । कैलाशमा पर्वतेश्वर महादेवका साथ रहँदा गौरीले स्नान गर्नुभएको भनिन्छ । हिमालय पर्वत आई तपस्या गर्दा भगवान् शिव प्रसन्न भई भुक्तिमुक्तिको वरदान दिनुभएको वताइन्छ । मुक्तिको चाहना गर्ने स्थूलपाद यक्षले माघकृष्ण चतुर्दशीदेखि १ वर्षसम्म कठिन तपस्या गरी दर्शनपूजन गर्दा भुक्तिमुक्ति पाएको उल्लेख छ । यसलाई प्राचीन समयमा कैलाश भनिन्थ्यो । विरूपाक्षले पनि दर्शनपूजन गरेको यो शिवलिङ्ग ६४ मध्ये एक मानिन्छ ।

पराशरगुफा, (दमौली) तनहुँ

पराशरगुफा मादी र सेती नदीको दोभानमा रहेको छ। यस गुफामा रहेर पराशर ऋषिले तपस्या गरेको कुरा प्राचीन धार्मिक ग्रन्थवाट वुझ्न सकिन्छ। अरू ऐतिहासिक प्रमाण पाइँदैन। यहीं नजिक शुक्लेश्वर महादेवको मन्दिर पनि छ। पाटी पनि छ। दमौली नगरअन्तर्गत नै यस्ता पावन तीर्थहरू छन्। यी दर्शनीय, मननीय र अन्वेषणीय पनि छन्।

पर्सागढी, पर्सा

वीरगञ्ज वजारदेखि ५/६ कोस उत्तरपश्चिममा यो गढी रहेको छ। पुरातात्त्विक तथा ऐतिहासिक दृष्टिले यो महत्त्वपूर्ण हुन सक्छ। वडामहाराजा पृथ्वीनारायणले अङ्ग्रेजसँग मुठभेड गरेको ठाउँ मानिन्छ। यहाँ गोर्खाका सैनिक गढ वनाई वसे। त्यसै वेला शक्तिस्वरूपा भगवतीको स्थापना पनि भयो। पृथ्वीनारायणवाट गोर्खाली सैनिकको वीरतावाट प्रभावित भई तीन गाउँ विर्ता वक्स भएथ्यो। अहिले यहाँ नवनिर्मित काठको नेपाली शैलीको मन्दिर छ। मन्दिरको गर्भगृहमा तीनवटा माटाको ढिस्कोजस्ता मूर्ति छन्। तिनैलाई देवी मानी पूजा गर्ने, वलि चढाउने गरिन्छ। यसको प्राचीनता र ऐतिहासिकतावारे खोज हुन जरुरी छ।

प्रतापेश्वर, (झाँगाझोली) सिन्धुली

झाँगाझोलीमा महादेवको मन्दिर छ। यस मन्दिरका लागि १८८५ मा गुठी व्यवस्था भएको जानकारी शिलापत्रवाट थाह हुन्छ। सरदार प्रताप थापाले गुठी राखेकाले प्रतापेश्वर भनिएको वुझिन्छ। प्रचलित तले शैलीमा निर्मित मन्दिर कलात्मक छ। त्यस्तो दुर्गम स्थलमा पनि यस्तो मन्दिर हुनु ठूलो कुरा हो। मन्दिरभित्र ६ इन्च अग्लो पत्थरको शिवलिङ्ग छ। मन्दिरको वाहिरी भित्तामा दायाँ भैरवशिर र वायाँ सरस्वतीको मूर्ति छ। नित्यपूजा हुन्छ। शिवरात्रि, तिज, वालाचतुर्दशीजस्ता पर्वमा मेला लाग्छ। यहाँ पाटी पनि छ। स्थानीय वासिन्दाहरू श्रद्धापूर्वक महादेवको दर्शन र पूजा गर्छन्। यस क्षेत्रका उल्लेखनीय देवका रूपमा लिने गरिन्छ।

पलाञ्चोकभगवती, काभ्रे

काभ्रे जिल्लाको पाँचखालदेखि दक्षिणपूर्वमा पलाञ्चोक भगवती विराजमान छिन्। यहाँ जान वस चल्छ। मङ्गलवार तथा शनिवार मानिस वढी जाने गर्छन्। चण्डीपूर्णिमा तथा दसैँमा मानिसहरूको भिड लाग्छ। पलाञ्चोकभगवती, नक्सालभगवती र शोभाभगवती तीन दिदीवहिनी हुन् भनिन्छ। एउटै कलाकारले दाहिने हातले पलाञ्चोकभगवती, देव्रे हातले नक्सालभगवती र गोडाले शोभाभगवतीको मूर्ति तयार पारेको जनधारणा पाइन्छ। पलाञ्चोकभगवती ठूली दिदी हुन्। मानदेवको समयमा निर्मित मन्दिर आकर्षक छ।

मध्यकालको प्रारम्भमा यस जिल्लाका सात ठाउँले देश भन्ने संज्ञा पाए। ती स्थान हुन्, चण्डेश्वरीनजिक वनेपुर (वनेपा), प्रयागतीर्थनजिक पानवती (पनौती), नालाभगवतीनजिक नाला, नारायणतीर्थनजिक धौखेल (धुलिखेल), चकोट ऋषिको आश्रमनजिक (चौकोट), नासिकास्थान पीठनजिक साँगा र धनेश्वरनजिकै श्रीखण्डपुर (खटपु)। यी सवै काभ्रे जिल्लाअन्तर्गत नै पर्छन्।

मानदेव प्रथमको शासनकालमा स्थापित पलाञ्चोकभगवती मन्दिर मध्यकालमा एउटा प्रमुख गढकै रूपमा विकसित थियो। जयसिंह रामवर्धनलाई जयस्थिति मल्लले शासक वनाए। उनकै भतिजा शक्तिरामवर्धन सामन्त रहेका वेला चीनका वादशाहले उनलाई पदवी दिएर दौत्य सम्वन्ध कायम गरे। पछि इतिहास वदलिँदै गयो।

काभ्रे जिल्लाको वुचाकोटवासीले सपनामा भगवतीको दर्शन पाए। भगवतीको आज्ञाअनुसार त्यहाँका वासिन्दाले वोकेर लैजाँदा अहिले भगवती रहेको ठाउँमा वास पऱ्यो। त्यहाँवाट भगवतीलाई उठाउन सकेनन् र त्यहीं मन्दिर वनाई स्थापना गरे। भगवतीकी दिदी कालिका केही पर विराजमान छिन्। दिदीको दर्शन गरेर वहिनीको दर्शन गर्ने चलन पनि छ।

देशमा कुनै आपत्‌विपत् आउन लागेमा भगवतीका मूर्तिमा पसिना आउँछ। यस्तो देख्ने प्रत्यक्षदर्शी छन्। त्यसैले भगवतीमा अत्यन्त श्रद्धा र भक्तिले भक्तहरू उपासना गर्छन्, प्रार्थना गर्छन्।

पवित्रादेवी, (सेर्ना) ओखलढुङ्गा

सेर्ना गाउँको चिसापानीमा डाँडामा जङ्गलका वीच पवित्रादेवीको स्थान छ। यो करिव ३०० वर्ष पुरानो मानिन्छ। यहाँ त्रिशूल घण्टाहरू पनि चढाएका छन्। चैतेदसैं वडादसैंमा विशेष पूजा पनि हुन्छ। यी देवीको उत्पत्ति विषयमा धामीहरूको भनाइ छ : रिजाल व्राह्मणकी अविवाहित कन्याकेटी दुधकोशीमा डुवेर मरिन्। तिनको नाम पवित्रा थियो। तिनैको आत्मा देवीरूपमा प्रकट भई यहाँ रहेको हो। भक्तहरूको इच्छा पूरा गराउन यी देवी साक्षात् छन्। त्यसैले यहाँ भक्तहरूको श्रद्धा रहेको छ।

पशुपतिनाथ, काठमाडौं

पाशुपतक्षेत्रमा वागमतीको तीरनजिक पशुपतिनाथको भव्य मन्दिर छ। हिमवत्‌खण्डमा पशुपतिनाथलाई ज्योतिर्लिङ्ग मानिएको छ। मन्दिरभित्र पञ्चमुखी शिवलिङ्ग छ। पशुपतिको लिङ्ग उमामहेश्वरात्मक र व्रह्मा, विष्णु, शिवात्मक पनि मानिएको छ। पूर्वमुख तत्पुरुषमा व्रह्मा, दक्षिण मुख अघोरमा विष्णु, पश्चिममुख सद्योजातमा गणेश, उत्तरमुख वामदेवरूपमा

पार्वती र ईशान मुखमा सूर्यचन्द्र विलीन भएको चर्चा पाइन्छ। ३० हजार वर्षसम्म यो लिङ्ग पानीमा डुवेर रहेको पशुपतिमा सृष्टिको चाहना भएपछि पार्वतीको सृष्टि गरी कार्तिकशुक्ल नवमी शनिवार लिङ्गवाट सूर्य उत्पन्न भई सृष्टिक्रम अगाडि वढेको वर्णन पाइन्छ। पूर्णिमाका दिन तारासहित चन्द्र उत्पन्न भए। पूर्वमुखवाट व्रह्मा, दक्षिणमुखवाट अग्नि, विष्णु, पश्चिममुखवाट गणेश, वायु उत्पन्न भई सृष्टिक्रम अगाडि वढेको उल्लेख छ। हिमवत्खण्ड, नेपाल माहात्म्य, पशुपतिपुराण, शिवपुराण, वराहपुराण आदिमा मात्र होइन स्वयम्भूपुराणमा पनि त्रैलोक्य शङ्कर लोकेश्वर नाउँ दिइएको छ। मृगस्थलीको दरी (उपत्यका) मा लोकेश्वरको उत्पत्ति हुनेछ भनी लोकेश्वर मानिएको देखिन्छ।

पशुपतिनाथका वरिपरि सिद्धहरू मत्स्येन्द्रनाथ, चौरङ्गीनाथ, गोरक्षनाथका अतिरिक्त दिग्वालभा इन्द्र, अग्नि, यमराज, नैर्ऋत, वरुण, वायु, कुवेर, र ईशान पनि यथास्थान रहेको चर्चा हिमवत्खण्डमा छ। चार दिशामा रक्षक वनेर भैरवहरू उन्मत्तभैरव, असिताङ्गभैरव, रुरुभैरव, कालभैरव, संहारभैरव, आनन्दभैरव, चण्डभैरव, शक्ति र गणसहित रहेका छन् भनी वर्णन गरिएको छ। नवग्रह पनि पशुपतिको आश्रयमा छन्। पाशुपत क्षेत्रका संरक्षक भएर अनेकौं योगिनीसहित महेश्वरी, गणेश, दण्डपाणि, वरुण, राजराजेश्वरी, वागेश्वरी, कामधेनु, नारायणका अतिरिक्त अङ्गिरा, पुलह, शृतु, भुगु र आत्रिजस्ता महर्षिहरू पनि रहेका छन् भनी हिमवत्खण्डमा वर्णन भएको छ। यसरी अनेक देवदेवी पशुपतिनाथको आश्रयमा रमाएका छन्। नित्य दर्शन गर्नु जीवन्मुक्त हुनु हो, दर्शन गर्न नसक्नेले मानसिक चिन्तनले सम्झे पनि मुक्ति पाइन्छ, यस क्षेत्रमा व्राह्मणभोजन, दान, श्राद्ध, देहत्यागजस्ता कुरा निकै महत्त्व राख्छन्, अक्षय फल दिन्छन् भनिएको छ। वरपर अनेक तीर्थ छन्। जसको वर्णन अन्य सन्दर्भमा पनि भएको छ। शिवमहापुराणमा कोटिरुद्र संहिता अध्याय १ मा यस संसारमा नेपाल नामले विख्यात सहरमा सव इच्छा पूर्ण गर्ने, सर्वकर्मको फल दिने, पशुपतिनाथ नामको शिरोनागरूपी शिवलिङ्ग छ भनिएको छ। पाण्डवहरू मात्र हत्याको पापवाट मुक्ति पाउन केदारनाथको दर्शन गर्न जाँदा शिव राँगो भएर भाग्न लाग्दा पुच्छर पक्रे जमिनमा मुख गाडेर शिरभाग नेपालमा प्रकट भए पुच्छरभाग मात्र केदारनाथ वने। त्यस कारण केदारनाथको दर्शनपछि पशुपतिनाथको दर्शन अवश्य गर्नुपर्छ। वंशावलीमा त्रेतायुगको अन्त्यमा केदारनाथवाट मृगस्थलीमा मृगरूप लिई महादेव आउनुभएको उल्लेख छ। कृष्ण आएर कीर्तिपुरमा रहँदा कामधेनु गाईले दुध चढाई गुप्त ज्योतिर्लिङ्ग गोपालले खन्दा भस्म भई पत्ता लागेको ऐतिहासिक कथा पनि छ। यहाँ पञ्चवुद्ध चैत्य पनि भएकाले वौद्धधर्मको प्रभाव रहेका वेला पनि सुरक्षित रहन सकेको, किराँतकालमा पनि पशुपति

पूजामा कमी नआएको चर्चा छ। नाथ जोडिनुमा नाथ सम्प्रदायको प्रभाव हो कि भन्ने अनुमान हुन्छ। सोझै पशुपतिको दर्शन गर्ने होइन क्षेत्रपाल, नन्दीभृङ्गी, दिगम्वर, गणेश, वासुकी आदिको दर्शन गरेर पशुपतिनाथको दर्शन गर्नुपर्दछ।

नेपालको आराध्यदेवका रूपमा पशुपतिनाथ रहेका छन्। अनेक पुराणमा पनि पशुपतिको महिमा छ। पशुपाशवाट मुक्ति पाउन, अज्ञानतावाट मुक्ति लिन, शिवलोक प्राप्त गर्न, भुक्तिमुक्तिका साथै इच्छा सिद्धिका लागि पनि पशुपतिनाथ संरक्षक हुनुहुन्छ। वालाचतुर्दशी र शिवरात्रिमा विशेष मेला लाग्छ।

पशुपतिक्षेत्र(काठमाडौं)का अन्य तीर्थस्थल

पशुकुण्डतीर्थ : रक्षास्थली भन्छन्। गोरखनाथवाट गुहचेश्वरी जाँदा वरालाका छेउको गुफा नै यो तीर्थ हो।

ब्रह्मादेवतीर्थ : गुहचेश्वरीदेखि पूर्वपट्टि गाह्रामा यो तीर्थ छ।

सुन्दरीतीर्थ : गोरखनाथदेखि गुहचेश्वरी जाँदा वाटोमा यो तीर्थ छ।

स्कन्दतीर्थ : विश्वरूपादेखि करिव ३०० हात दक्षिणमा यो तीर्थ छ।

उमास्तनकुण्ड : विश्वरूपादेखि अग्नेयमा यो तीर्थ छ।

शूलगङ्गातीर्थ : गौचरको पूर्वपट्टि पाखामा यो तीर्थ छ।

भृगुपत्तनतीर्थ : यो तीर्थ कैलाशमा रहेको छ।

अगस्तवापीतीर्थ : यो तीर्थ गौचरको पश्चिमपट्टिका पाखामा छ।

सप्तर्षितीर्थ : गुहचेश्वरीदेखि आग्नेयतर्फ यो तीर्थ रहेको छ।

गोखुरतीर्थ : गुह्येश्वरी उत्तरढोकावाहिर वागमतीमा यो तीर्थ छ, यसलाई पशुगण तीर्थ पनि भनिन्छ।

योगकुण्ड : गोरखनाथदेखि पूर्वपट्टि छ। यस्तै अन्य तीर्थ पनि पावन छन्।

पशुपतिनाथ, (मखनटोल) काठमाडौं

कान्तिपुरको मखनटोलमा पनि पशुपतिनाथको मन्दिर छ। राजा महेन्द्र मल्ल पशुपतिनाथ देउपाटनको नित्य दर्शन गर्दथे। सपनामा यहाँसम्म धाउनु पर्दैन। जहाँ आवाहन गरे पनि म आउँछु र त्यहीँ हुन्छु भनेकाले मखनटोलमा पशुपति स्थापना गरी त्यहीँ दर्शन गर्न थाले। नेपाल संवत् ६७४ मा यो मन्दिरको निर्माण भई स्थापना भएको जानकारी मिल्छ। यसलाई महेन्द्रेश्वर महादेव वा पशुपतिनाथ पनि भन्ने गरिन्छ। १९९० को भूकम्पमा सामान्य क्षति हुँदा त्यसपछि जुद्ध शमशेरवाट यथोचित मर्मत भएको हो। यस देवस्थलको पनि आफ्नै महत्त्व छ।

पशुपतिमहादेव, (नाला) काभ्रे

नालागाउँमा प्यागोडा शैलीको पूर्वाभिमुख मन्दिर छ। यसभित्र चतुर्मुखी शिवलिङ्ग छ। मन्दिरभित्र ने.सं. ८१६ को शिलालेख छ। पशुपतिका रूपमा भक्तहरू दर्शन तथा पूजा गर्दछन्। नित्यपूजा हुँदैन। भक्तहरूको भक्तिले श्रद्धा व्यक्त गरिन्छ।

पाँचकन्यादेवी, (बेलहारा) धनकुटा

वेलहारा गाउँको मान्दरामा पाँचकन्यादेवीको स्थान छ। कमलवहादुर राईका वाजे रघुलाई देवता उत्रिई यस ठाउँमा पाँचकन्या देवीस्थान स्थापना गरेको भनिन्छ। साधारण ढुङ्गा पर्खाल लगाई प्रस्तुत स्थान निर्माण गरिएको छ। प्रत्येक पूर्णिमामा धुपवत्ती गर्ने, माघशुक्ल (स्वस्थानी) पूर्णिमामा वाजागाजासाथ वोका, कुखुरा, अण्डा, परेवाको वलि दिने चलन छ। मेला पनि लाग्छ, चण्डीपूर्णिमामा पनि वलि चढाइन्छ। अन्य दिनमा पनि भाकलअनुसार पूजा हुन्छ। यसका लागि सामान्य गुठी छ, जसद्वारा नित्यपूजाको प्रवन्ध गरिएको छ।

पाञ्चायनदेवता, (खलङ्गा) रूकुम

पृथ्वी, जल, तेज, वायु, आकाश पञ्चतत्त्व अनि विष्णु, देवी, शिव, गणेश, सूर्यजस्ता देवलाई पाञ्चायन भनिन्छ। पाञ्चायनदेवताको घरघरमा पूजा गर्ने विधान पनि छ। यहाँ खलङ्गामा पाञ्चायन मन्दिर छ। यस मन्दिरभित्र प्रस्तरमूर्तिहरू छन्। यिनको प्राचीनता पुष्टि गर्ने प्रमाण नभेटिए पनि यी मूर्तिको महत्त्व निकै छ। यहाँका प्रमुख मूर्तिहरूमा

विष्णुमूर्ति : चतुर्वाहु, शेषनागले फणा फिँजाएको निकै आकर्षक देखिन्छ।

देवीमूर्ति : महिषासुरमर्दिनी तथा भगवतीका गरी दुई मूर्ति छन्। यी पनि आकर्षक देखिन्छन्।

शिवशक्तिमूर्ति : तान्त्रिक पद्धतिअनुसार शिव सुतेर शक्ति उठेर मैथुन गरिरहेको संयुक्ताकारको मूर्ति पनि आकर्षक छ। यहाँ अनेक हतियार पनि छन्।

भैरवमूर्ति : प्रस्तरको भैरव उभिएको अवस्थामा छ। पाइतलाले दुई वेताललाई टेकिराखेको देखिन्छ।

अर्धनारीश्वर : आधा अङ्ग पुरुष र आधा अङ्ग नारीको गरी संयुक्त रूप जसलाई अर्धनारीश्वर भनिन्छ। त्यस्तो प्रस्तरमूर्ति पनि यहाँ छ।

वसुन्धरादेवी : वुद्धधर्मकी देवी वसुन्धराको धातुमूर्ति छ। यो मूर्ति पनि आकर्षक छ।

यीमध्ये धेरै मल्लकालीन र केही पछिका पनि देखिन्छन्। पुराना यत्तिका देवता एउटै मन्दिरमा रहनु पनि ठूलो कुरा हो। यहाँ सामान्य नित्यपूजा हुने गर्दछ।

पाञ्चायनमन्दिर, (दमौली) तनहुँ

दमौली नगरकै उत्तरतर्फ सूर्य, शिव, गणेश, देवी र हरिहरका मन्दिरहरू छन्। यी मन्दिर त्यति प्राचीन नलागे पनि गणेशका मूर्ति, धुनी मूर्ति प्राचीन प्रतीत हुन्छन्। शिखर शैलीमा यी मन्दिर वनेका छन्। यहाँ व्यासले महाभारत लेखाएको गणेशको मूर्ति, हनुमानको प्रस्तरमूर्ति, शेषनागको मूर्ति, व्यासकुण्ड आदि छन्। पौराणिक कालकै तीर्थस्थल, चर्चित भूमि भएकाले त्यसलाई जीवन्त राख्न यस पावन भूमिमा यस्ता मन्दिर, देवताको स्थापना र पूजनले निश्चय नै महत्त्व राख्तछ।

पाटीहरू, (धनकुटा) धनकुटा

धर्मशालापाटी : नगरको तल्लो कोप्लेमा यो पाटी छ। १९६३ सालमा नन्द कर्माचार्यले निर्माण गरेको भनिन्छ। नाम धर्मशालापाटी भए पनि लुगा सिउनेहरूका लागि कर्मशालापाटीका रूपमा रहेको छ।

लक्ष्मीनारायणपाटी : धनकुटा नगरको तल्लो कोप्लेमा रहेको यस पाटीमा लक्ष्मीनारायणको मूर्ति राखी पूजा गर्ने गरिएको छ। १९६० सालतिर शेरवहादुर प्रधानले यो पाटी वनाएको भनिन्छ। स्थानीय वासिन्दाहरूले यहाँ श्रद्धानुसार पूजाआजा गर्दछन्। अन्य व्यवस्था छैन।

कृष्णजीपाटी : धनकुटा नगरको वीचमा यो पाटी छ। यहाँ कृष्णको मूर्ति स्थापना गरिएको छ। साहेवसिंह नामका व्यक्तिले झन्डै १७० वर्ष अगाडि वनाएका थिए भनिन्छ। वीचको मूर्तिका अतिरिक्त खोपामा कृष्ण, राधा, गोपालका मूर्ति पनि छन्। श्रद्धालु छिमेकीले यहाँ श्रद्धानुसार श्रद्धा अर्पण गर्दछन्। यसै नगरको हुलाकटोलमा पनि कृष्णजीपाटी छ। यहाँ पनि कृष्णजीको मूर्ति राखिएको छ। १९३३ सालमा निर्माण भएको पाइन्छ। कृष्ण, गोपाल, गोपिनीका प्रस्तरमूर्ति छन्। एकादशी तथा कृष्णाष्टमीमा यहाँ सामान्य पूजा श्रद्धानुसार हुन्छ।

लाम्पातेपाटी : धनकुटा नगरको टेकुनाला लाम्पातेमा छ। झन्डै सवासय वर्ष अगाडि धर्मशालाको लागि यो वनाइएको हो। यो सामान्य रूपमा छ।

यस्ता पाटी वनाउने चलन आज त्यति छैन। आर्जित सम्पत्ति सार्वजनिक भलाइका लागि अर्पण गर्ने त्यस वेलाको चलन प्रशंसनीय छ।

पाण्डवगुफा, जुम्ला

पाण्डवगुफा गाउँमा यो गुफा छ। पाण्डवहरू गुप्तवास वस्ता यहाँ पनि आएर वसेका थिए भनिन्छ। दैलेखमा पाण्डवहरूको नाउलो (कुवा) छ, पाण्डवसम्वन्धी स्मारक अन्य स्थानमा पनि भएकाले पाण्डवगुफा पनि

अर्थपूर्ण देखिन्छ। गुफाभित्र ढुङ्गा काटिएको गढी छ। यसलाई युधिष्ठिर गढी भनिन्छ। प्रकृतिवाट वनेका मूर्ति पनि गुफाभित्र छन्। यी मूर्ति पाण्डवका मूर्ति हुन् भन्दछन् वासिन्दाहरू। यहाँ पूजाआजा त्यति हुँदैन। वरु वटुवाहरू वास वस्ने, आराम गर्ने गर्दछन्। यस गुफावाट विरागुफामा पनि पुग्न सकिन्छ भनिन्छ। प्राकृतिक गुफा भएकाले यसको आफ्नै महत्त्व छ।

पाण्डुकेश्वर महादेव, मकवानपुर

पालुङको अङ्गोरमा यो मन्दिर छ। यसको अस्तित्व ५/६ सय वर्ष अगाडिदेखि रहेको हो भनिन्छ। ने.सं. ८१० पछिका घण्टाहरू चाहिँ यहाँ छन्। प्यागोडा शैलीमा निर्मित ३ तले मन्दिरमा पाण्डुकेश्वर महादेवको प्राकृतिक शिलाको लिङ्ग छ। पहिले त्रिभुवनेश्वर भनिन्थ्यो, पाण्डुराजा यहीँ आएर दर्शन गरी विलीन भएकाले पाण्डुकेश्वर भन्न थालियो। पालुङ (सरस्वती) खोलाको तीरमा रहेको यो मन्दिरमा नारायण, गणेश, वसाहा, आदिका मूर्ति पनि छन्। यसको आफ्नै गुठी छ, नित्यपूजा पनि हुन्छ। यहाँ पाण्डु राजा र शिवजीको सम्झनामा शिवरात्रि तथा एकादशीमा मेला लाग्छ। तिज, फागुपूर्णिमा, रामनवमी, कृष्णाष्टमीजस्ता पर्वमा पनि भक्तहरूको भिड लाग्छ। सरस्वती नदीको स्नान र पाण्डुकेश्वरको दर्शनले सम्पूर्ण पाप नाश हुने र जीवनमा सुखसमृद्धि प्राप्त हुने विश्वास रहेको छ।

चिसापानी पालुङमा ऋतुवाणदेखि आएकी देविकानदी र भद्रकूट पर्वतदेखि आएकी रेतोवतीनदीका सङ्गममा भद्रतीर्थ छ। यहीँ यी महादेव छन्। ऋषेश्वरदेखि आएको नारायणखोलो र पश्चिमवाट आउने मत्स्यरूपा अनि भद्रतीर्थवाट आएको महादेवखोलाको सङ्गममा नारदतीर्थ छ। मरीचिका पुत्र पाण्डु नामका व्राह्मणले तीर्थयात्राका क्रममा यी महादेवको सेवन गर्दा भुक्तिमुक्ति प्राप्त गरेको कथा छ। सङ्कुकर्ण नामको दैत्य पनि नारदका उपदेशले यी महादेवको दर्शन गर्दा मुक्त भएको भनिन्छ। यसको प्राचीन नाम ऋक्षवाण पर्वत हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको हो। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

पाथरनाउली, (दुल्लु) दैलेख

दुल्लु गाउँमा पाथर (पत्थर) नाउली (कुवा) पत्थरको कुवा छ। स्थानीय वोलीमा यसलाई पाथरनाउली भनिन्छ। राजा पृथ्वी मल्लले यसको निर्माण गरेथे भनिन्छ। शाके १८७६ शिलालेखले पनि यसलाई पुष्टि गर्दछ। गुम्वज शैलीमा १५ फिट अग्लो कुवा छ। कुवा पत्थरैपत्थरले फलामको जोर्नी हालेर वनाइएको देखिन्छ। यसवाट १२ सिढीँ तल झर्ने छन् भनिए पनि हाल ३ चाहिँ देखिन्छन्। त्यस वेलाको एक उत्कृष्ट कलाकृति भए पनि आज यसको सुरक्षा र उपयोग त्यति भएको देखिँदैन।

पाथीभराभगवती, ताप्लेजुङ

ताप्लेजुङ जिल्लाको पाथीभरा चुली पाथी भरेजस्तो देखिन्छ। चारहजार मिटरको उचाइमा रहेको यो चुली धार्मिक र प्राकृतिक दुवै दृष्टिले उपयोगी छ। शरद् र वसन्त ऋतुमा यहाँ मेला लाग्छ। ताप्लेजुङ सदरमुकामदेखि १६ कोस उत्तरमा अवस्थित यो चुली मनमोहक छ। यहाँ पुगेर प्रकृतिको निरीक्षण गर्दा स्वर्गीय आनन्दको अनुभव हुन्छ।

पाथीभराभगवतीवारे अनेक किंवदन्ती छन्। धेरै वर्ष पहिले भेडीगोठ यहाँ राखिन्थ्यो। कुकुर पनि गोठमा भेडाको सुरक्षाका लागि थिए तर सयौँ भेडाहरू हराए। गोठालाहरूले पाथीभरा भगवतीलाई थुमा चढाएर पूजा गर्ने भाकल गरे। तत्काले भेडा यथावत् भेटिए। देवीकै शक्तिले भेडा हराएका र पाइएको कुरामा विश्वास लाग्यो। त्यसै वेलादेखि त्यहाँ पूजाप्रार्थनाको सुरुआत भयो। मनका चाहना पूरा गर्न पाथीभराभगवती सक्षम छिन् भनिन्छ। उधौली र उभौली वसन्त शरद्मा पूजा गर्ने चलन छ र त्यस वेला मेला पनि लाग्छ। देवीको अपमान गरे अनिष्ट हुने र सम्मान गरे फाइदा हुने जनविश्वास छ। देवीस्थान वरपर गहना पैसा छरिएका छन्, लिएर जाँदा अनिष्ट हुन्छ भन्ने धारणाले कसैले केही लाँदैनन्। वलिदान दिएको रगत देखिँदैन भन्ने भागीरथा प्रसाईंको भनाइ छ।

धार्मिक दृष्टिले त महत्त्व राख्छ नै, पर्यटकीय दृष्टिले पनि यस्ता ठाउँमा यातायात सुलभ भए मानिसहरूको आवागमन वढी हुने थियो। प्राकृतिक सौन्दर्यको अवलोकनका लागि पनि यस ठाउँको महत्त्व छ। वीचडाँडामा उठाइएको स्थानमा भगवतीको धातुको मूर्ति छ। वायाँपट्टि भगवती र गणेशका प्रस्तरमूर्ति छन्। त्रिशूल, घण्टा र हातहतियार पनि छन्। टाढाटाढादेखि पनि वोकेर भक्तहरू आउँछन्। विहान हिउँ पगालेर स्नान गरी भगवतीको दर्शन गर्छन्। वोका, हाँस, परेवा मन्दिरभित्रै र कुखुरा चाहिँ मन्दिरवाहिरपट्टि वलि चढाइन्छ। श्रद्धाभक्तिले पूजा गरिन्छ। श्रावण महिनावाहेक अरू महिना र दिनमा भक्तहरू आइरहन्छन। यहाँ चढाएका भेटीदक्षिणा यत्रतत्र छरिएका देखिन्छन्। समात्ने मानिस देखिँदैनन्। यस्तो रकम यस स्थानकै विकासमा लगाउनु राम्रो हुन्छ। यी देवीको दर्शन तथा पूजा गरे दुःख, विमार हुँदैन, चिताएको पुग्छ भन्ने जनविश्वासले गर्दा मानिसहरू आस्थापूर्वक यहाँ आउने र दर्शन गर्ने गर्दछन्।

पादुकास्थान, (जलुकेघाट) दैलेख

यो स्थान जलुकेघाट भैरवीनदी (पादुकाखोला) को किनारमा पर्दछ। पादुकास्थानकै नामवाट गाउँको नाम पनि पादुका रहेको छ। सतीदेवीको पाउ पतन भएको स्थान भनी पादुकास्थान भनिएको हो अथवा विष्णुको पादुका चिन्ह भेटिएकाले यसलाई पादुकास्थान भनिएको हो। यथार्थ जे भए पनि जनधारणा यही छ। यहाँ कुनै मन्दिर नभए पनि करिव ६ इन्च लामो डेढदुई फिटका भगवान् वुद्ध र गोरखनाथका मूर्ति पनि छन्, यहाँका भैरव र शिवको दर्शन गर्नुहुँदैन भनिन्छ। वरिपरि लक्ष्मीनारायण, मत्स्येन्द्रनाथ, गुप्तीगणेश, वालभैरव, सिंहका मूर्ति पनि रहेका छन्। धुनीघर पनि छ। यहाँ वैदिक विधिअनुसार नै पूजाआजाको प्रवन्ध छ।

प्राणेश्वरनाथ, (इटहवा) धनुषा

इटहवा गा.वि.स.मा प्राणेश्वरमहादेवको मन्दिर छ। लख्खीवावा उर्द्धवाहु प्राणपुरी नामका महन्तले स्थापना गरेकाले प्राणेश्वरनाथ भनिएको श्रुतिपरम्परा छ।

सिराहाको सिक्काज्योति भन्ने ठाउँमा प्राणपुरी वावा रहन्थे। आफू तीर्थयात्रामा गई फर्कंदा पालेका सवै कुखुरा मरेका भेटिएकाले उक्त स्थान अफाव ठानी यहाँ आई आसन जमाई शिवलिङ्गको स्थापना गरेका थिए। गीर्वाणयुद्ध विक्रमले १८६७ सालमा गरिदिएको ताम्रपत्रवाट पनि उक्त जनश्रुतिमा पुष्टि मिल्छ। उक्त मन्दिरका नाममा २२० विघा जमिन रहेको र उक्त जमिनकै आमदानीवाट नित्यपूजाको प्रवन्ध छ। शिवरात्रि, विजयादशमी, विवाहपञ्चमी, रामनवमी, आदि पर्वमा विशेष मेला लाग्छ र विशेषपूजा पनि हुन्छ। जनआस्था विशेष रूपमा झल्किने यस शिवमन्दिरको आफ्नै महत्त्व छ।

पारसनाथमठ, पर्सा

पर्सा सदरमुकामदेखि १५ किलोमिटर पश्चिमउत्तरमा रहेको छ। धेरै अगाडि मन्नुनाथ वावाले स्थापना गरिएको भनिने पारसनाथ महादेव त्यस क्षेत्रका प्रसिद्ध देवता हुन्। १७०७ सालमा मकवानपुरको राजा माणिकसेनले यस मठलाई अझ जीवन्त रूप दिएका हुन् भनिन्छ। राणाकालमा वनाइएको ५२ कोठाको परिसर जीर्ण भए पनि चट्टानवाट वनेकाले भत्केको छैन। भारतवाट आउने तीर्थयात्री काठमाडौं पशुपतिनाथको दर्शनार्थ आउन नसकेमा पारसनाथकै दर्शन गरी फर्कन्थे। वसन्तपूर्णिमा र शिवरात्रिमा यहाँ मेला लाग्छ। पौराणिक अनेक किंवदन्ती यहाँको वारेमा पाइन्छन्। त्यतिमात्र होइन यहाँको दृश्यावलोकन गर्दा पौराणिक कालीन वैभव स्पष्ट देखिन्छ। हजारौं विघा जमिन मठका नाममा छ, तर सदुपयोगको खाँचो छ। यो राम्रो पर्यटकस्थलका रूपमा रहेको छ।

पाल्ही भगवती, नवलपरासी

पाल्ही गाउँमा भगवतीमन्दिर छ। पालवंशी राजाले करिव ४५० वर्ष अगाडि स्थापना गरेको वुझिन्छ। कोटमा स्थापित हुनाले कोटकाली पनि भन्ने गरिन्छ। यथासमय मर्मत हुँदै आएको छ। इन्द्रवीर सुव्वाले १९०० सालमा गुठी व्यवस्थाको लालमोहर पनि गरेको पाइन्छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरमा कोटकालीको मूर्ति छ। काली, शिवजीको शरीरमाथि उभिएकी छन्। गणेश, हनुमानका मूर्ति पनि छन्। नित्यपूजा चल्दै छ। वडादसैं र चैतेदसैंमा तान्त्रिक विधिद्वारा पूजा हुन्छ। पञ्चवलि पनि चढाइन्छ। देवीलाई आस्थाका दृष्टिले भक्तिभाव प्रकट गरिन्छ।

पिण्डेश्वर, (धरान) सुनसरी

सुनसरीको धराननजिक विजयपुर छ। विजयपुरवाट पूर्वतिर लागी अलिकति ओर्लिएपछि पिण्डेश्वर मैदान छ। ज्ञानमणि नेपाल लेख्छन् "पिण्डेश्वरको मूल मन्दिर डवल छ। पहिलोमा सानो वसाहा मात्र रहेको छ। दोस्रो ढोकावाट पसेपछि अँध्यारामा वत्तीको उज्यालोले मात्र महादेवको दर्शन पाउन सकिन्छ।" यहाँ चौवीसै घण्टा वत्ती वाल्नुपर्छ, वत्ती निभेमा चतरा रामधुनीवाट ल्याएर सल्काउनुपर्छ। गाजल लगाई भित्तो कालो छ। चार अङ्गुल जतिको शिवलिङ्ग छ। यो लिङ्ग वनावटी नभएर प्राकृतिक हो। जीर्णोद्धार गर्दा तल हेर्दा लिङ्ग झन्झन् फुकेर गहिरिँदै गएको भनिन्छ। सप्तकोशीवाट जल लगेर पर्वपर्वमा अर्पण गर्ने चलन पनि छ। कुम्भमेला पनि वैशाखमा लाग्छ।

देवता र दानव मिलेर समुद्र मन्थन गरे। समुन्द्र मन्थन गर्दा जडीवुटी हाली मन्थन गरेर अमृत निकाले। जडीवुटी निचोरेर अमृत निकाल्दा वनेको पिण्ड (डल्लो) यहाँ राखे। त्यही नै पिण्डेश्वर महादेव हुन् भन्ने कुरा रुद्रक्षारण्य माहात्म्यमा उल्लेख भएको छ। चतरा गुटवाट यहाँको पूजा चलेको छ। पिण्डेश्वर संस्कृत महाविद्यालय पनि सञ्चालित छ।

पिण्डेश्वरका अतिरिक्त गणेश, पार्वती, वेदव्यास, स्वामी कार्तिक, कालभैरव, दक्षिणकाली, पशुपतिजस्ता अनेक देवदेवीका मूर्ति पनि छन्। वागम्वर र चेतम्वरका समाधि (चिहान) पनि छन्। जे भए पनि पिण्डेश्वर महादेवको ठूलो महत्त्व छ। शिवरात्रि, आदि पर्वमा मेला पनि लाग्छ।

पिण्डेश्वरका अन्य देवदेवी, सुनसरी

सुनसरीको धरान ऐतिहासिक र सांस्कृतिक स्थल हो। यसको चर्चा छुट्टै सन्दर्भमा भएको छ। यस स्थलमा अन्य देवदेवी पनि छन् जसको सङ्क्षिप्त विवरण यस प्रकार छ।

चन्द्रशेखर : पिण्डेश्वरको उत्तरतर्फ श्रीचन्द्रशेखरको स्थान छ। स्वामी कार्तिक र चन्द्रशेखरका मूर्ति थिए तर चोरी भए भनिन्छ। यस ठाउँमा चारहात भएका गणेशको मूर्ति मात्र छ।

वेदव्यास : एक ढुङ्गा छ जसलाई वेदव्यास मानेर पूजाआजा गर्ने गरिन्छ।

उत्तरकाली : पिण्डेश्वरको उत्तरतर्फ पद्मासनमा रहेको उत्तरकालीको शिलामूर्ति छ।

कालभैरव : पिण्डेश्वरको उत्तरतर्फ कालभैरवको शिलामूर्ति छ। डमरु, खप्पर, त्रिशूल र ग्राह हातमा लिएका छन्।

पशुपतिनाथ : यसै स्थानमा पित्तलको चतुर्भुज पशुपतिनाथको मूर्ति छ।

कोटीदेवता : पिण्डेश्वरका पूर्वतर्फ सत्तलमा गणेश, वालगोपाल, अष्टमुरी ताण्डव नृत्य, शिवलिङ्ग आदिका पित्तल र सिसाका मूर्तिहरू छन्।

सरस्वती : यहीँ सरस्वतीको शिलामूर्ति पनि छ।

पित्तलको पानस, (पेलवास) प्युठान

पेलवास गाउँमा एउटा पित्तलको पानस छ। एक मिटरको वुट्टा कुँदिएको र जोर्नी नभएको, ढलोटे पित्तलका घण्टामा सानो दुलो एकएक राखिएका छन्। यसलाई शिवको प्रतीक मानी पुजिन्छ। शिवरात्रिमा मेला लाग्छ, रुद्रीपाठ हुन्छ। पानसलाई नै देवताका प्रतीक मानी पूजा गरिने सन्दर्भ नवीन प्रतीत हुन्छ।

पुरानाकोटभैरव, पाल्पा

पुरानाकोट पाल्पाको प्राचीन राजधानी हो। सेनवंशी राजाले २४ पुस्ता शासन चलाएको जानकारी पाइन्छ। पुरानाकोटमा नै भैरवको मूर्ति तथा मन्दिर छ। यो पनि सांस्कृतिक महत्त्वको मानिन्छ। पुरानाकोटमा ठूलो पोखरी थियो। सेन राजकुमारी पौडी खेल्दा डुवेर मरिछन्। पछि त्यो पोखरी पुरियो। आज पनि वर्षा नहुँदा पुरानाकोटकी मैजा पानी देऊ भनी लोकले पानी माग्छन् र वर्षा पनि हुन्छ भन्ने जनधारणा छ।

पुरानाकोट भैरववारे अनेक धारणा भेटिन्छ। मणिमुकुन्द सेनको पालामा मच्छीन्द्रनाथको खट अगाडि राखिएको भैरवको मूर्ति ल्याई स्थापित गरिएको हो, वनारसवाट ल्याई यहाँ स्थापना भएको हो, उपत्यकावाट चारवटा भैरवका मुखुण्डोहरू ल्याई अमरगञ्ज, पुरानाकोट, वुटवल, नुवाकोट र पर्भासको पवित्र स्थानमा स्थापना भएको हो। यस्तो मत भए पनि अर्को मत पनि छ। त्यो हो, करिव ४०० वर्ष अगाडि राजा मुकुन्दवीर थिए। उनकी सुसारेले घरआँगन राती वढार्दै जाँदा नदेखेर ठक्कर लागेछ र त्यसै कारणले मरिछन् पनि। त्यही रात राजालाई सपना भएछ, म

वटुकनाथ कृतमुख भैरव हुँ, मेरो रङ्गरूप जनताका लागि डर लाग्दो हुन्छ। कसैले नदेख्ने गरी सुरक्षित ठाउँमा थापना गर्नू, धुपदीप पूजा अविवाहित कनफट्टा योगीलाई लगाउनू, पुजारीले पनि सकभर मेरो मूर्ति नहेर्नू, तिमीले पनि पुरानाकोटमा दरवार सार्नू, यसपछि राजाले त्यसै गरे। मणिमुकुन्द सेनले दिग्विजय गरे, नाम र जस पाए भनिन्छ। पाल्पा भैरवको प्रभाव वुझी राजधानीमा ल्याउन १९१० सालमा श्री ३ ले प्रयास गरेछन्। कपडाले ढाकी पूजा गरी वोकेर पहिलो वास रम्दीघाट भएछ। विहान हेर्दा भैरवमूर्ति छैन। खोजखवर गर्दा त पाल्पा पुरानाकोटमा नै यथावत् रहेको देखेपछि सवैले आश्चर्य माने भन्ने जनश्रुति छ। पछि तान्त्रिक विधिअनुसार काठमाडौँ ल्याए तर केही दिनमै पाल्पामै पुगेपछि वल गर्नुहुँदैन भनी भुइतल्ले अँध्यारो कोठामा पुरानाकोटमै राखिएको छ। सवैले हेर्न पाउँदैनन्। तर भनिन्छ वटुकनाथ कृतमुख भैरवको उचाइ २ फिट ४ इन्चको छ। दुई हात, दुई पाउ, त्रिनेत्र, अनुहार कालो र भयङ्कर छ। शिरमा सुशोभित कालो नागले लामो जिव्रो फिरफिर चलाई सजीवताको सङ्केत गर्छ। डुव्लिकेट मूर्ति वाहिर राखिएको छ सक्कली भित्र छ।

पाल्पाका प्रसिद्ध भैरवहरूमा तानसेन अमरजङ्गभैरव, प्रभासभैरव, नुवाकोटभैरव, टक्सारभैरव र पाल्पा पुरानाकोटभैरव र शिवजीको गणमध्ये वटुकनाथभैरव पनि एक हुन्। यिनी भोकाएका वेला आफ्नै खुट्टा टोक्ने गर्थे रे। भगवान् शिवले वलि र चामल गहुँका पिठाको रोट चढाउनेछन्, आफ्ना हातखुट्टा टोक्नुपर्दैन भनेछन्। रोट पनि भैरवको प्रिय वस्तु मानिन्छ। चैतेदसैँ र वडादसैँमा वलि तथा रोट चढाउने गरिन्छ। प्रत्येक साताको सोमवार गोरखनाथ सम्प्रदायका कन्कट्टाले भैरव र त्यहाँ रहेका देवदेवीलाई स्नान गराई सरसफाइ गर्ने चलन छ। गाईको दुध नित्य चढाइन्छ।

मणिमुकुन्द सेनले १३० मुरी माटोको खेत गुठी राखी नित्यपूजाको प्रवन्ध गरेका थिए। नित्यपूजाका लागि गाईको दुध आवश्यक पर्छ, सो पूरा गरिँदै आएको छ।

वटुकनाथभैरव उच्च डाँडोमा रहेका र पानीको अभावमा शुद्ध जल चढाउन कठिन थियो। धेरै वर्ष अगाडि जैमन नामका ऋषिले त्यहाँ तपस्या गर्थे र कालीगण्डकी पुगी स्नान गरी शुद्ध जल ल्याई चढाउँथे। जैमनको दुःख देखेर कालीगण्डकीले आकाशवाणी गरी भनिन् "तिम्रो दुःख देखी तपस्यावाट म प्रसन्न भएँ अव दुःख गर्नु पर्दैन, वटुकनाथ भैरवनजिकै म प्रकट हुन्छु, त्यहीँ जल चढाउनू।" नभन्दै केही दिनमा पुरानोकोट घ्याँचमा शुद्ध जल प्रवाहित भयो, जैमनधाराका नामले धेरै काल चर्चित भयो अहिले जयधारा भनिन्छ। त्यही पानीले भैरवको स्नान हुन्छ।

पाल्पामा अनेक भैरव भए पनि वटुकनाथ भैरवको प्रसिद्धि निकै रहेको छ। भक्तहरूलाई आकर्षित गर्न पनि भैरवको प्रभावले महत्त्व राख्लै आएको छ। दर्शनीय, पर्यटकीय दृष्टिले पनि यो स्थान विशेष महत्त्व राख्तछ।

पुरानोदरबार. (पञ्चकन्या) सिन्धुली

पञ्चकन्या गाउँगढीमा जङ्गलको माझमा यो दरवार छ। वयवीर विक्रमवहादुर राणावाट १९५६ मा यो दरवार वनाइएको शिलापात्रवाट वुझिन्छ। राणाकालीन ब्रिटिस दरवारकै शैलीमा वनेको यो दरवार निकै आकर्षक छ। कलात्मक पनि छ। यस भेगको एक नमुना पनि मानिन्छ। शिलापत्रका दायाँ गणेश, वायाँ सरस्वती, शिरोभागमा राधाकृष्णका राम्रा पत्थरमूर्तिहरू पनि छन्। यी मूर्ति पनि निकै सुन्दर छन्। यस्तो कलात्मक दरवार वास्तुकलाको सुन्दर नमुनाका लागि पनि संरक्षणयोग्य छ।

पुरानोपाटी. खोटाङ

खोटाङ गाउँमा पुरानोपाटी छ। १९०४ सालमा कान्तिपुरवाट कालीगढ मगाई निर्माण भएको यसको ऐतिहासिक महत्त्व छ, कलात्मक छ र यसका लागि गुठी पनि छ। वुट्टेथाम, आँखिझ्याल वुट्टायुक्त, तेलिया इँट, झिंगटीको छानाले त्यस वेलाको वास्तुकलाको नमुना वुझ्न सकिन्छ। पाटीका लागि पनि गुठी राख्नु यसको विशेषता हो। पाटी चाहिँ जीर्ण हुँदै छ। संरक्षणको आवश्यकता छ।

पुरानोपाटी. (मूलकोट) सिन्धुली

पुरानो झाँगाझोलीको मूलकोटमा यो पाटी छ। यो पाटी वि.सं. १८९२ मा निर्माण गरिएको भन्ने शिलापत्रवाट थाह हुन्छ। तीनतले, कालिगढी युक्त काठका खम्वा टुँडाल, आँखिझ्याल आदि यस पाटीका आकर्षक पक्ष हुन्। यस पाटीको लागि गुठी पनि छ। यो पाटी त्यो वाटो गरी काठमाडौँ आउने र जाने मानिसका लागि मुख्य आधार वनेको छ। यहीं वास पनि वस्ने गर्दछन्। यसभन्दा पनि तत्कालीन काष्ठकलाको जीवन्त नमुनाका रूपमा यसलाई लिन सकिन्छ।

पुलस्त्य तपोभूमि. (त्रिवेणीधाम) नवलपरासी

नवलपरासीकै त्रिवेणीधाममा पुलस्त्य, पुलह ऋषिले तपस्या गरेको चर्चा वराहपुराणले गरेको छ। वराहपुराण अध्याय १४४ मा लेखिएको छ।

अपरादेविका नाम्ना गण्डक्या सह सङ्गता,
पुलस्त्यपुलहौ पूर्वं तेपाते परमं तपः।
यत्र सृष्टि निधानार्थ कृत्वाश्रमपद पृथक्,
सृष्टे विधान सामर्थ्यं यत्र लब्धं ततः परम्॥

पुलस्त्य, पुलह ऋषिको आश्रम वागलुङमा भए पनि तपोभूमि चाहिं यही स्थान हो भन्ने वुझिन्छ। यही स्थानमा कठिन तपस्या गरी सृष्टि विधानका लागि समर्थ भएको चर्चा भएकाले यो ठाउँ प्राचीन समयदेखि नै महत्त्वपूर्ण रहेको तथ्य वोध हुन्छ।

पुरानोकोट, (ताकम) म्याग्दी

ताकम गाउँमा यो कोट छ। ताकमकोट पहिले पर्वतको राजधानी थियो। १६ औं शताव्दीका डिम्ववमले यसको स्थापना गरेथे भनिन्छ। यहाँ एउटा कोतघर छ। अन्नपूर्ण र जगन्नाथका प्रतीक शिला छन्। त्यहीं एक ढिस्को पनि छ। जहाँ डिम्व महाराज विलाएथे भनिन्छ। रानीले वनाएको भनी माटाको शङ्ख राखिएको छ। डिम्व राजालाई धुप दिइन्छ। एउटा फलामको ओदान छ। यसलाई पनि देवता मानी पूजा गरिन्छ। वडादसैंमा पञ्चवलि पनि अर्पण गरिन्छ। विशेष पूजा हुन्छ। जेष्ठपूर्णिमा, धान्यपूर्णिमा, चैत्राष्टमी आदिमा देवीस्थान र ओदानदेवतालाई पनि वोकाको वलि चढाइन्छ। वडादसैंमा भाकलअनुसार वलि, पञ्चवलि चढ्छ। करिव १३००० फिटको उचाइमा रहेको कोतघरवाट धवलागिरि, गुर्जा हिमाल राम्रै देखिन्छन्। पुरातात्त्विक, सांस्कृतिक, प्राकृतिक र धार्मिक दृष्टिले पनि यसको महत्त्व रहेको छ।

पुरेनवामठ, रौतहट

पुरेनवा गाउँको माधवपुरीमा यो मठ छ।करिव ३०० वर्ष अगाडिदेखि यसको अस्तित्व रहेकाले गुठीको व्यवस्था छ। चौघेरा आकारको २ तले यस मठमा शिवालय पनि छ। भैरवमन्दिर, शिवमन्दिर पनि नजिकै छन्। मठअन्तर्गतका मन्दिरहरूको रेखदेख पूजाआजा र साधुसन्तलाई वस्ने, भोजन, महन्तहरूलाई पारिश्रमिक आदिमा मठको आमदानी उपयोग गर्ने गरिन्छ।

पुलहाश्रम (गलेश्वर) धाम, म्याग्दी

म्याग्दी जिल्लाको सदरमुकाम वेनीवजारदेखि ३ किलोमिटर उत्तर मुक्तिनाथ जाने वाटोमा धवलागिरिवाट आएकी रहुगङ्गा र मुक्तिनाथवाट आएकी कृष्णगण्डकीको सङ्गम छ। त्यहीं एउटा विशाल चट्टान छ जो ६५ हजार वर्गफिटमा फैलिएको छ। यति ठूलो चट्टान अन्त पाइएको छैन। सोही चट्टानमा भगवान् शिव ज्योतिर्लिङ्गको रूपमा प्रकट भई शिवशक्तिको रूपमा विराजमान भएको श्रुतिपरम्परा छ। यहीं क्षेत्र पौलस्त्य ऋषिको तपोभूमि पुलहाश्रम, राजर्षि भरत र गालव ऋषिको तपस्थली रहेको कुरा पुराणहरूमा पाइन्छ।

रहुगण राजालाई जडभरतले ज्ञान वताएको, क्षेत्र पनि यही हो भनिन्छ। यही पुलहाश्रमलाई गलेश्वरधाम पनि भनिन्छ। यो स्थल अत्यन्त पवित्र छ भनी पुराणमा भनिएको छ।

यसै धाममा महायोगी कपिलमुनि तपोलीन हुनुभएको कुरा देवीभागवत अष्टम स्कन्दमा उल्लेख भएको छ।

कालिगण्डकीको महिमा धेरै छ। मुक्तिनाथको प्रवेशद्वारका रूपमा रहेको यो स्थल धार्मिक र पर्यटकीय दुवै दृष्टिले महत्त्व राख्तछ भनी धनञ्जय शर्माले लेखेका छन्।

वरदान गुफावाट पूर्वदक्षिण करिव १५ मिनेटको हिँडाइमा पुलहाश्रम रहेको छ। यो पुलह ऋषिले तपस्या गरेको तपोभूमि मानिन्छ। यस आश्रमका नजिक चक्रवर्ती नदी (कालीगण्डकी) रहेको पुराणमा वर्णित कथन सत्य प्रमाणित हुन्छ। राजर्षि भरतले मृगको शरीर यहीँ छाडी जडभरत भएर जन्मेथे। गण्डकी र रघुगङ्गाको तीरमा रहुगण राजाले जडभरतवाट उपदेश (ज्ञान) प्राप्त गरेथे भनिन्छ। भरतेश्वर गलेश्वर रहेकाले यस भनाइमा पनि पुष्टि मिल्छ। श्रीकृष्णका दाजु वलराम पनि तीर्थयात्राका क्रममा यहाँ आएको चर्चा पुराणमा छ। यहाँ पत्थरको एक हवनकुण्ड पनि छ। पुलह ऋषिको मन्दिर पनि छ, जहाँ जनैपूर्णिमा र शिवरात्रिमा मेला लाग्छ।

पुलहाश्रम, काठमाडौं

नेपाल माहात्म्यले वताएअनुसार वागमती र विष्णुमतीको वीच रुद्रमती (धोवीखोला) आसपास कतै पुलह ऋषिको आश्रम थियो भनिन्छ। यहाँ स्नान गर्नाले सूर्यलोक प्राप्त हुन्छ भनिए पनि यो कहाँ थियो ? निश्चित रूपमा भन्न सकिँदैन। यज्ञडोल (जगजोम) मा यज्ञ गरी रावणले गोकर्णेश्वरको तपस्या गरेको भन्ने भनाइवाट यस कुरामा पुष्टि मिल्छ। तपोभूमि वनाउँदा अस्थायी आश्रम यहीँ थियो कि भन्ने अनुमान सहज छ।

पौसिया महादेव, (बभनी) रूपन्देही

वभनी गाउँमा कुरुमको रूखमा एक ढिस्कोसँगै दुई ढिस्का छन्। पुराना इँटाले वनेका भग्नावशेष उत्खननमा पाइएको हो। यहाँ व्रह्मानिक देवको मन्दिर छ भनिन्छ। शिवपार्वतीका प्रस्तरमूर्ति, गणेशको प्रस्तरमूर्ति, धोती लगाएका पुरुष आकृतिहरू निकै देखिन्छन्। मूर्तिहरू हेर्दा गुप्तकालपछि र मल्लकालअगाडिका जस्ता प्रतीत हुन्छन्। कतिपय मूर्ति मर्मतसम्भारको अभावमा पुरिन गई फेरि उत्खनन गर्नुपर्ने स्थितिमा पुगेका छन्। प्राचीन शिवलिङ्ग, विष्णुमूर्तिवाहेक टुटेफुटेका अवशेष निकै देखिन्छन्। यहाँ भक्तहरू श्रद्धाले पूजा गर्छन्। शिवरात्रिमा राम्रै जमघट हुन्छ। नित्यनियमित पूजा चाहिँ त्यति हुँदैन।

फक्ताक्लुङतीर्थ, (लेलेप) ताप्लेजुङ

लेलेप गाउँको वडा नं. ९ मा अवस्थित यो तीर्थ किराँतहरूको मानिन्छ। लिम्वु भाषामा फेक्ता भनेको पड्के र लुङ भनेको ढुङ्गा वुझिन्छ। ढुङ्गा पड्केर वनेको पहाड हो यो। यसैको फेदीमा आफ्ना इष्टदेवको दर्शनार्थ किराँतहरू आउने गर्छन्। यहाँ दुईमुखे ओडार छ। एक मुखवाट पिता र अर्को मुखवाट माताको उत्पत्ति भएको मानिन्छ। पारुङफुकु र मारुङफुकुले पितामाताको उत्पत्तिस्थल जनाउँछ। वि.सं. १९९० मा महागुरु फाल्गुनन्दले यो तीर्थ पत्ता लगाएको हो भनिन्छ। वैशाखदेखि असोजसम्म मात्र यो तीर्थ पुग्न सकिन्छ। अरू दिन हिमाच्छादित वन्छ। किराँत भएर यस तीर्थको दर्शन गरेन भने स्वर्ग जान नपाइने फाल्गुनन्दको भनाइ थियो। फाल्गुनन्दले यहाँ पाटी पनि वनाएका थिए। ७ पटक यहाँ दर्शन गर्न उहाँ पुग्नुभएको थियो भनिन्छ। महत्त्वपूर्ण तीर्थस्थल भए पनि दुर्गम भएकाले यसको प्रचार त्यति हुन सकेको छैन। यस तीर्थको परिचय चेतन अधिकारीले गोरखापत्र १०४ वर्षको अङ्क १८३ मा दिएका छन्।

फटिकेश्वर शिवलिङ्ग, (फटकशिला) काभ्रे

काभ्रेको फटकशिलामा यो शिवलिङ्ग छ। जर्घे (चन्द्रकान्तनदी) र सिन्धनदी (हिमश्रवा)को सङ्गममा काकिन्दतीर्थ छ। यस ठाउँमा व्रह्माजीले तपस्या गर्दा शिव प्रकट भई वरदान दिएको वर्णन पाइन्छ। यस ठाउँलाई प्राचीन समयमा काकन्द भनिन्थ्यो। आश्विनशुक्ल पूर्णिमामा धर्मदास व्राह्मणले दर्शन गरी मुक्त भएको कथा हिमवत्खण्डमा छ। शिवरात्रिमा पनि मेला लाग्ने यस तीर्थको उपयोग विरूपाक्षले पनि गरेको उल्लेख पाइँदा यसको प्राचीनता स्पष्ट हुन्छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो।

फलाहारी सिद्ध, (दाखाक्वाडी) प्युठान

दाखाक्वाडी गाउँमा फलाहारी सिद्ध स्थान छ। यो निकै प्राचीन मानिन्छ। फलाहारी देवता फल मात्र खान्थे। एक केरा मात्र खान्थे। उनका शिष्य त झन् निराहारी थिए। त्यस कारण फलाहारीलाई सिद्धको रूपमा र निराहारीलाई भैरवको रूपमा पूजासम्मान गरिन्छ। थुमा भित्रीकोटका राजाले तपस्वी सिद्धका तपस्यावाट उत्पन्न दाखाकोटका राजालाई दानपत्र दिइएको देखिन्छ। यसमा गुठी छ। वि.सं.१६२५ मा निर्माण भएको र पछि मर्मत हुँदै आएको पाइन्छ। प्यागोडा शैलीको दुई तले मन्दिर छ। मन्दिरभित्र पुराना कटारी ३, ढुङ्गाका भैरव १, शालिग्राम, शङ्ख, सिंहनाथ, गणेश पनि राखिएका छन्। देवी र भैरवका लागि वोका वलि चढे पनि अरूका लागि सात्त्विक पूजा हुन्छ।

फूलबारी महादेव, (गणेशपुर) स्याङ्जा

गणेशपुर गाउँमा यी महादेव छन् । शिखर शैलीको पुरानो मन्दिर छ । मन्दिरभित्र शिवलिङ्ग छ । यसको प्राचीनतावारे त्यति प्रमाण नभए पनि डेढसय पुरानो भनिन्छ । यसको आफ्नै गुठी छ । नित्यपूजा हुँदै आएको छ । वालाचतुर्दशी, शिवरात्रिमा यहाँ वढी भक्तहरू आउँछन् । भक्तिभाव अर्पण गर्दछन् ।

बगलामुखी, ललितपुर

ललितपुरको काखमा कुम्भेश्वर महादेव मन्दिरकै परिसरमा अवस्थित वगलामुखी देवी प्रसिद्ध छन् । सत्य युगमा भयानक तुफान आएर सम्पूर्ण चराचरको विनाश हुन लागेको देखेर भगवान् विष्णुले त्रिपुरासुन्दरीको तपस्या गर्नुभयो । तपस्यावाट प्रसन्न भएकी त्रिपुरासुन्दरी हरिद्रारव्य सरोवरमा जलक्रीडा गर्दा शरीरवाट उत्पन्न पहँलो तेज चारैतिर फैलियो । त्यही तेजवाट वगला प्रकट हुनुभयो । आँधीतुफान रोक्नुभयो । त्यसपछि त्यस क्षेत्रमा दैवी प्रकोपवाट वगलाले सुरक्षा गरेको किंवदन्ती छ । वगला दस महाविद्यामध्ये एक हुन् ।

यस मन्दिरमा सधैँ दर्शनार्थी आउने भए पनि वृहस्पतिवार वढी घुइँचो हुन्छ । वगलामुखी देवी वृहस्पतिकी स्वामी भएकाले विहीवार भक्तहरू वढी आउँछन् । धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार सूर्यको त्रिपुरासुन्दरी, चन्द्रमाको कमला, मङ्गलको भुवनेश्वरी, वुधको तारा, वृहस्पतिको वगला, शुक्रको भैरवी, शनिको काली र राहुको छिन्नमस्ता स्वामी मानिन्छन् । वृहस्पतिवार वगलादेवीको दर्शन गरे चाहना पूरा हुने भक्तहरू विश्वास गर्छन् । यी देवी कुलदेवताका लागि पनि कुलदेवी मानिन्छिन् । कुलदेवताको पूजा गर्न टाढा जानुपरे वा सम्भव नभए यहीँ आएर पूजा गरे हुन्छ भनिन्छ ।

वृहस्पतिकी स्वामी भएका कारणले पहँलो पवित्र पदार्थले पूजाअर्चना गरिन्छ । ५, ९ वा १९ विहीवार वत्ती वाली पूजाअर्चना गर्दा मनको इच्छा पूरा हुने कुरा अग्निपुराणमा उल्लेख भएको छ । आफ्ना अनेक चाहनाले श्रद्धापूर्वक प्रत्येक विहीवार र मङ्गलवार यहाँ मेला लाग्छ ।

बडीमालिका, बाजुरा

वाजुरा मात्र नभएर सुदूर पश्चिमकै सम्पूर्ण मानिसहरू वडीमालिकालाई अत्यन्त श्रद्धा र विश्वासका दृष्टिले हेर्छन् । करिव १४ हजार फिटको उचाइमा यी देवी रहेकी छन् । पूर्ण गिरिवाट शीतल, स्वच्छ, ठाउँको खोजी गर्दै यहाँ आएर यी देवी वसेकी हुन् भन्ने लोकविश्वास छ । यहाँ आउँदा वास वसेका ठाउँमा छोटी, सानी मालिका भनेर लोकले मान्ने

गरेको पनि भटिन्छ। पूर्णगिरिवाट आउँदा पहिलो पाइला डोटीको गोलच्यौला, दोस्रो पाइला, ताम्रगिरिमा, तेस्रो पाइला खप्तडको छेउ (रिग्न्या) मा र चारौँ पाइला वाजुराको हाल वडीमालिका रहेको ठाउँमा पऱ्यो रे। त्यसैले माथिका तीन ठाउँमा छोटीमालिका र चारौँ पाइलो परेका ठाउँमा वडीमालिका रहेको विश्वास गरिन्छ। मालिकादेवीको प्राप्त भजनमा मालिका सिंहमा चढी जाँदा डुमराकोट, गत्या, चाकजस्ता ठाउँहरूमा वास वस्तै वाजुरा पुगेको चर्चा छ। छोटीमालिका रहेका ठाउँमा पनि मेलापर्व र उत्सव साथै मालिकाको उपासना गरिन्छ।

प्रत्येक वर्ष श्रावणपूर्णिमामा यहाँ मेला लाग्छ। पश्चिमाञ्चलकै विभिन्न जिल्लावाट आएको पूजासामग्रीले पूजा गरिन्छ। अत्यन्त श्रद्धाले भक्तहरू पुग्ने गर्छन्। नियमअनुसार वास वस्तै जाँदा १५ वास पर्छ। डोटीवाट वाजुराका राजालाई सन्तुष्ट पारेर गए वढी फल पाइन्छ भनिन्छ। देवकान्त पन्तले वडीमालिकावारे यस्तो जनश्रुति उल्लेख गरेका छन्, मालिका वाजुरे राजासँग प्रसन्न भई पासा खेल्न आइछन्। धेरे दिन पासा खेलेपछि उनको रूपलावण्यवाट मुग्ध भएका राजाले मालिकादेवी भन्ने थाह हुँदाहुँदै भोगको चाहना राखेछन्। यो देखेर मालिकाले अवदेखि तँलाई दर्शन दिन्नँ मेरो मन्दिरमा तैँले नआउनू, आए हानी हुन्छ। राजाले भुल स्वीकार गरी माफी मागे। पछि पूर्वभक्ति ख्याल गरी मालिकाले तैँले पठाएको पूजा स्वीकार गरूँला, अरूले चाहिँ आफैँले पूजा गरेमात्र स्वीकार गर्छु त्यस्तै मेरो दर्शन गर्न आउनेले तेरो अनुमति लिएर आएमा म वढी खुसी हुनेछु भनिछन्।

जनश्रुति जे भए पनि वडीमालिका सिंहमाथि चढेकी अठार हात भएकी छन्। महाकालीको मूर्ति पनि छ। देवीको पावन निवास पुरातन भए पनि पश्चिमतर्फ विजय अभियान चलाउँदा अमरसिंह थापाले १८७० मा वाईसेचौवीसे राज्यमाथि विजय प्राप्त गर्ने उद्देश्यले यी मूर्ति स्थापित गरेका हुन् भनिन्छ। धर्मराज थापा, पूर्णप्रकाश नेपाल यात्री, विजय चालिसे, देवकान्त पन्त आदिले वडीमालिकाको महिमा लेखी प्रकाशमा ल्याएका छन्।

बझाङी राजाको कोट, (बेसीगाउँ) बझाङ

वझाङको वेसी गाउँमा यो कोट छ। सुरक्षार्थ वनाइएकाले अग्लो ठाउँमा रहेको छ। चारैतिर देखिने रमणीय स्थलमा रहेकाले यसको आफ्नै प्राकृतिक महत्त्व पनि छ। यो कोटको निर्माण वझाङी राजा शक्तिसिंहले गरेथे। वजेश्वरदेवता दवेर रहेका थिए। शक्तिसिंह र जक्तिसिंह चितौडगढवाट वान्नेकोट आइपुगेपछि वजेश्वर प्रकट भए। कोटमा वजेश्वरको स्थापना भयो। यहीँ वसेर शक्तिसिंहले वझाङ राज्यको

सञ्चालन गर्न थाले । वजेश्वरवाटै वझाङ भयो । मस्टोदेवताको स्थापना चाहिँ वान्नेकोटमा भयो । जयपृथ्वीवहादुरले मात्र पछि राजधानी सारेका हुन् । वझाङ्गी राजाको कोटमा वजेश्वरमन्दिर, भैरवमन्दिर, विष्णु, वुद्ध, शिवलिङ्ग, दुर्गादेवी आदिका मूर्ति र मन्दिर पनि छन् । दरवार भग्नावशेषका रूपमा रहे पनि वाईसीचौवीसी राज्यमा शक्तिशाली राष्ट्रका रूपमा वझाङ थियो । वझाङको राज्यप्रशासन यही कोटवाट सञ्चालन हुने हुँदा यसको आफ्नै ऐतिहासिक र सांस्कृतिक महत्त्व रहेको छ ।

बनैनिया, (प्राचीनवस्तु) सप्तरी

राजविराजवाट करिव २ किलोमिटर दक्षिण नरघो गाउँमा पुरातात्त्विक अवशेषहरू निकै छन् । अझ उत्खनन, अन्वेषण र विश्लेषण गरेका खण्डमा अनेक तथ्य पत्ता लाग्ने सम्भावना छ । कुनै राजाको दरवार थियो भन्ने जनधारणा पनि रहेको छ । होइन भने यतिका प्राचीन महत्त्वका सामग्री यस्तो अविकसित ठाउँमा कसरी रहन्थे । माटाका भाँडा, इँटा, ढिस्काहरूले प्राचीन अस्तित्व देखाउँछन् । यस्ता सामग्रीले कृष्ण कालदेखि गुप्त कालसम्मका सामग्री हुन् भनी औँल्याउन सकिने आधार भएकाले यसको महत्त्व निकै छ भन्न सकिन्छ ।

बसडिलवाशिव, (बर्नेलीटोल) रूपन्देही

सिद्धार्थ नगरको वर्नेलीटोलमा यो मन्दिर पर्दछ । यो निकै प्राचीन शिवलिङ्ग हो । प्राचीन समयमा यो ठाउँ जङ्गलमय थियो । यहाँ कोही आए मूर्तिवाट मानिसको आवाज आउँथ्यो । मानिस त्यतिकै डराएर भाग्थे । यस्तो अनौठो मूर्ति चोर्न आए, मानिसकै आवाज आयो । पहिले त डाँकाहरू पनि डराए तर डाँका न हुन्, मूर्तिमा वन्चराले हानेछन्, त्यसपछि दुर्नियत राख्ने डाँकाहरू सवै मरे तर त्यसपछि मूर्तिवाट मानिसको जस्तो आवाज आउन छाड्यो भन्ने जनश्रुति छ । वन्चराको चोट अझै पनि देखिन्छ । स्वच्छ, सत्य र असल चाहना राखेर दर्शन गरे चाहना पूरा हुन्छ भन्ने जनविश्वास अझै पनि छ । दुई फिट अग्लो १८ इन्च गोलाइको प्राचीन शिवलिङ्ग, मन्दिरभित्र छ । शिवलिङ्गका चारैतिर औँला छिर्ने प्वाल छन् । पाँच टाउके नागले फणा उठाई शिवलिङ्गमाथि फैलाएको छ । एकतले मन्दिरको छानो शिखर शैलीको छ । गजुरमा त्रिशूल छ । वसाहा पनि छ । दुर्गा, कृष्ण, राधा, कालीका मूर्ति पनि छन् । यसको गुठी छ, नित्यपूजा हुन्छ । शिवरात्रिमा यहाँ भव्य मेला लाग्छ । लाखौं मानिस दर्शनार्थ यहाँ आउँछन् । टाढाटाढावाट पनि भक्तहरूको आगमनले यस स्थानका शिवको महत्त्व देखाउँछ ।

ब्रह्मेश्वरशिवलिङ्ग, (कवलाल ब्यासी) नुवाकोट

कवलाल व्यासीमा मृगेन्द्रपर्वतदेखि आएकी व्रह्मगङ्गा (लिखु) र व्रह्मदी नदीको सङ्गममा व्रह्मतीर्थ छ। यही व्रह्मेश्वर शिव छन्। सृष्टि गर्ने इच्छाले व्रह्माले यी शिवको उपासना गरी सिद्धि प्राप्त गरी सफलता पाउनुभएकाले यी शिवको नाम व्रह्मेश्वर रहेको हो। व्रह्मशर्मा र वाणासुरले पनि यस तीर्थको उपासना दर्शनवाट सफलता पाउन सफा भएको पौराणिक कथन छ। फागुनशुक्ल पूर्णिमा यस लिङ्गको दर्शनपूजनका लागि उत्तम मानिएको हो। शृङ्गाचलपर्वत यसको प्राचीन नाम हो। विरूपाक्षले पनि यसको सेवन गरेको हो र नेपालका ६४ शिवलिङ्गमध्ये यो एक मानिन्छ।

बहेरेश्वरमहादेव, (ओखरे) भोजपुर

ओखरे गाउँमा महादेवको मन्दिर छ। ३०० वर्ष पुरानो भन्ने जनधारणा छ। मन्दिरभित्र शिवलिङ्ग छ। भक्तहरूको सहयोगमा पूजाप्रवन्ध हुन्छ। वालाचतुर्दशीमा यहाँ ठूलो मेला लाग्छ। शतवीज छर्ने काम पनि हुन्छ। मेलामा भजन कीर्तन, नाचगान हुन्छ। परम्परागत रूपमा यी महादेवप्रति जनश्रद्धा निकै छ। वेहरेश्वर खोलानजिक महादेव रहेकाले नाम वेहरेश्वर रहेको देखिन्छ। भक्तहरूलाई स्नान गर्न पनि वेहरेश्वर खोला उन्मुक्त छ।

बयलकाँडा गढी, (गढीगाउँ) सुर्खेत

गढी गाउँमा वयलकाँडा गढी छ। यस गढीकै नामवाट गाउँको नामकरण भएको छ। ५० फिट लामो र ३० फिट चौडा क्षेत्रमा यो गढी रहेको छ। गोरखाली फौजले वि.सं. १७९० मा सुर्खेत, दैलेख सर्दा यो गडी निर्माण गरिएको मानिन्छ। प्राचीन ऐतिहासिक स्थल भए पनि यसको संरक्षण त्यति हुन सकेको छैन।

बलदेवी, (नालाङ) धादिङ

नालाङ गाउँमा यो मन्दिर छ। यी देवीको उपासना, दर्शन गर्नाले वल तथा शक्ति प्राप्त हुने भएकाले वलदेवी भनिएको जनधारणा छ। करिव २५० वर्षअगाडि यी देवीको स्थापना भएको मानिन्छ। एक तले मन्दिरमा काठको मौलो, ८ वटा शिला छन्। यिनैलाई देवी मानेर दर्शनपूजा गरिन्छ। भाकल गर्नेहरू यहाँ आएर पूजा गर्छन्। इच्छा पूरा पनि हुन्छ भन्ने धारणा छ।

बलाकातीर्थ, (मृगस्थली) काठमाडौं

मृगशृङ्ग भन्नाले मृगस्थलीमा सल्लाका रूखको खोच छ। त्यहाँ वलाकातीर्थ छ। जुन ठाउँमा कन्याङकुरुङ (वलाका) को रूप लिएर धर्मराज रहेका छन् । यहीँ पशुपतिपुराणमा उल्लेख छ। यस ठाउँमा व्राह्मण भोजन गराएमा पितृहरूको उद्धार हुन्छ भन्ने पौराणिक कथन छ।

बाउन्नदेवी, नवलपरासी

वाउन्नदेवी गाउँको सीमामा वाक्लो जङ्गलको वीचमा यी देवीको मन्दिर छ। देवीकै नामवाट वाउन्ने पहाड भनिन्छ यस ठाउँलाई। यी देवीको अस्तित्व प्राचीन रहे पनि चितवनका थारु राजाले साक्षात् इष्टदेवीका रूपमा मानेका थिए। आज पनि टाढाटाढावाट पनि वाउन्ने देवीको दर्शन गर्न भक्तहरू आउने गर्दछन्। प्रचलित नेपाली शैलीको मन्दिरमा देवीको प्रतीक स्वरूप शिला छ। देवीको खास गुठी नभए पनि आएका भक्तवाट चढाइएको नगद जिन्सीवाट नित्यपूजा चलेको छ। चैतेदसैं र वडादसैंमा पशुवलिसहित विशेष पूजा गर्ने चलन पनि छ।

बाघभैरव, (कीर्तिपुर) काठमाडौं

कीर्तिपुरमा वाघआकारको भैरवको मूर्ति छ। कलिगत संवत् २९८४ तिर यसको निर्माण भएको मानिन्छ। गोठालाहरू भेडा चराउन यहाँ गए। माटो मुछेर वाघको मूर्ति वनाए भनेजस्तो जिभ्रो राख्न पात खोज्न जाँदा वाघले भेडावाखा खाएछ। फर्केर आउँदा भेडावाखा देखेनन्। वाघको मुखमा रगत देखे। वाघले आतङ्क मच्चाउन थाले। त्यहाँका वासिन्दा वसाइँ सर्न वाध्य भए। तान्त्रिकलाई देखाउँदा वाघको मूर्तिमा भैरव प्रवेश गरेकाले उत्पात मच्चाएको, भैरवको विधिपूर्वक पूजा गरे साम्य हुने वताएपछि भाद्र १ गते सिंह सङ्क्रान्तिका दिन राँगो, वोको र भेडो एकएक वलि दिने चलन चल्यो। त्यसपछि वाघआतङ्क साम्य भयो। त्यो चलन आज पनि छँदै छ। पहिले यस ठाउँलाई पद्मकाष्ठगिरि भनिन्थ्यो। पृथ्वीनारायणसँग लड्दाका हतियार पनि यहाँ छन्। कालु पाँडेको हतियार पनि राखिएका छन्। भाद्र १ मा जात्राउत्सव पनि हुन्छ। वाघभैरव स्थानभित्र अन्य ससाना मन्दिर पनि छन्। पर्यटकीय, ऐतिहासिक र सांस्कृतिक दृष्टिले यो स्थल निकै महत्त्वको मानिन्छ।

बान्नेमस्टोमाडौं, (कडेलगाउँ) बझाङ

कडेलगाउँमा वान्नेमस्टोमाडौं। यसलाई भटेश्वर पनि भनिन्छ। यसलाई इन्द्रको पुत्र पनि भन्छन्। वझाङी राजाको कुलदेवता पनि मानिन्छ। शाके सं. १२९८ मा सेती नदी साक्षी राखी सिंजाली राजा अभय

मल्लले जग्गा प्रदान गरेको देखिँदा यसको प्राचीनता स्पष्ट हुन्छ। डाँडामा ढुङ्गाको चौघेरा हालेर माडौँ तयार गरिएको छ। जङ्गलका वीच मनोरम स्थलमा रहेकाले रमणीय छ। यसको जीर्णोद्धार यथासमय हुँदै आएको छ। यसका तीन खण्ड छन्। पूर्वको खण्डमा मुख्य देवता छन् जसलाई गवीर भनिन्छ। पर्वका वेला धामीमा मस्टोदेवता चढेपछि काम्ने स्थान छ, जहाँवाट भविष्यवाणी हुन्छ। दुःख हटाउने उपाय वताइन्छ, दोस्रो खण्डमा जग्गे गर्ने, होम गर्ने, देवताको स्तुतिगान गर्ने स्थल छ। तेस्रो खण्ड त्यसै छ। दमाईले वाजा वजाउने स्थान पनि छ। वसाहामाथि चढेका शिवमूर्ति पनि छन्। हरेक आइतवार पूजापाठ हुन्छ। घोडेजात्रामा विशेष पूजा हुन्छ। घोडेजात्रा काँक्रेऔँसीमा यहाँ ठूलो मेला लाग्छ। भाकलअनुसार ३/४ सय वोका काटिन्छन्। ड्यौडा खेलिन्छ। नाचगान हुन्छ। यो जात्रा १३ दिन चल्ने भए पनि ३/४ दिन चाहिँ भव्य नै हुन्छ।

बानेश्वरमहादेव, सङ्खुवासभा

वानेश्वरगाउँ महादेवकै नाउँवाट रहेको देखिन्छ। महादेवको अस्तित्व प्राचीन भए पनि वि.सं. १८७८ मा पगरी आशा खत्रीले मन्दिर निर्माण गरेका थिए भनिन्छ। प्यागोडा शैलीको यस मन्दिरमा प्रस्तरको शिवलिङ्ग, धातुको मूर्ति, ढुङ्गाको वसाहा, प्रस्तरको गणेश र इँटाको भैरव, वालगोपाल, नारायण, नागकन्याका मूर्तिहरू छन्। नित्यपूजाको प्रवन्ध छ। वालाचतुर्दशीका दिन यहाँ मेला लाग्छ। शतवीज पनि छर्ने गरिन्छ। जात्रामा सङ्गिनी, वालन, स्थानीय नाचगान गरी रमाइलो गरिन्छ। यसको केही गुठी पनि छ।

बारपाककोट, गोरखा

गोरखाका ३६ कोटमध्ये वारपाककोट इतिहासप्रसिद्ध छ। वारपाक गोर्खा युद्धमा गोर्खा सफल भएन। वारपाकले नुनसमेत पठाउन चाहेन, पूर्ण शाहले वारपाकसँग सन्धि गरी गोर्खालीले नुन पाएको कुरा गोरखा वंशावलीमा छ। यसवाट वारपाक उत्तरतर्फको व्यापारिक महत्त्व भएको शक्तिशाली राज्यसमेत भएको देखिन्छ। यहाँ घलेहरूले कोटपूजा गर्थे। द्रव्य शाहले यस राज्यमाथि विजय प्राप्त गरेपछि पनि यो महत्त्वपूर्ण कोटका रूपमा रहेको छ। प्राचीन राज्यस्थल भएकाले महत्त्व राख्ने त छँदै छ। वारपाककी देवी अम्विकाको पूजा गरिन्थ्यो। हिजोआज, औलादेवीका रूपमा पूजा गरिन्छ। अम्विका, दुर्गा, काली, सरस्वती, महाकालीदेवीको शिलाराखी अर्चना गर्ने चलन छ। राँगा, वोका, सुँगुर वलि दिने मौलो छ। त्यहाँ घले पुजारी छन्, ती पहिले राजा भएको दावी गर्छन्। उनीहरूले पृथ्वीनारायण शाहवाट पूजाका लागि सनद पनि पाएका थिए भनिन्छ।

विहान धुप दिने चलन छ। नित्यपूजा त छँदै छ। व्यक्तिगत भाकल गरी वलि दिन ल्याएका शुक्रवार र सोमवार मात्र वलि दिइन्छ। वडादसैँ र चैतेदसैँमा विशेष पूजाको प्रवन्ध छ। पञ्चवलि पनि चढाइन्छ। साल औलादेवीको भाकल गरेर आउने भक्तहरू पनि निकै हुन्छन्। यिनै क्रियाकलापले यस कोटको आफ्नै महत्त्व छ।

बारागढी, (उमजन) बारा

उमजन गाउँमा यो गढी छ। यो गढीको निर्माण मकवानी सेन राजाले गरेका थिए भनिन्छ। पृथ्वीनारायणका सेनाले सिन्धुली गढीमा अङ्ग्रेजसँग लडी अङ्ग्रेजसेनालाई पराजित गर्दा अङ्ग्रेजहरू वारागढी हुँदै फर्केथे भनिन्छ। यस गढीदेखि पूर्वमा जमनी खोला, उत्तरमा वारावजार, दक्षिणमा सिंहरहित खोला र पश्चिममा वारागाउँ पर्दछ। यहाँ पुरातात्त्विक महत्त्वका सामग्री पनि कहिलेकाहीँ भेटिने गर्दछन् भनिन्छ। ढिस्कोको पूर्वमा एक चौतारा वनाई गढीकी देवी भनी स्थानीय वासिन्दा पूजा गर्दछन्। सुरुमा मकवानपुरवाट ल्याएर निजगढमा, निजगढवाट यस ठाउँमा, यस ठाउँवाट वुद्धगाई भन्ने ठाउँमा र त्यसपछि मात्र वरिदापुरमा गढीमाई लगी स्थापना गरिएको मानिँदा वारागढीमा पर्वपूजा गरेर मात्र गढीमाई पूजा गर्ने चलन छ। यहाँ नित्यपूजा हुँदैन वडादसैँमा वलिसहित पूजाआजा हुन्छ।

वालकुमारीस्थान, दोलखा

त्रिपुरासुन्दरीकी वहिनी वालकुमारी चञ्चल भएकाले त्यहाँका वासिन्दालाई दुःख पनि दिने भएकीले तान्त्रिकले वन्धनमा पारी यहाँ राखेका छन्। तान्त्रिक दीक्षा नपाएका व्यक्ति यहाँ जानुहुँदैन भनिन्छ। कुनै मूर्ति छैन। वज्राचार्य आचाजुहरूवाट तान्त्रिक विधिद्वारा पूजा गर्ने चलन छ। यो मन्दिर ढुङ्गाको पर्खालले घेरिएको छ।

वालमुक्तेश्वर शिवालय, (बेनी) म्याग्दी

यो शिवालय वेनीवजारमा छ। खड्गवहादुर राणाले यो शिवालय निर्माण गरको मानिन्छ। शिवालयभित्र शिवलिङ्ग छ। चार सुरमा गणेश, भगवती, नारायण, र सूर्यका मूर्ति छन्। गुम्वजका चार सुरमा पत्थरका ऐना छन्। वेनीवजारमा ३ शिवालय रहेकाले यसलाई त्रिशिवालय पनि भन्ने गरिन्छ। तीनैवटा शिवालयवाहिर त्रिशूल, वसाह र भैरवका शिर पनि छन्। गुठी छैन। भक्तहरूको श्रद्धावाट यसको सञ्चालन हुन्छ।

वालेश्वर महादेव, (गुफा) सङ्खुवासभा

चैनपुरको वालेश्वर गाउँमा यो गुफा पहराका वीचमा रहेको छ। प्राकृतिक गुफा भएकाले प्राचीन मानिन्छ। ओडार ३५।४० फिट लम्वाइ र

१५।२० फिट चौडाइको छ। चुनढुङ्गा पग्लेर वनेको शिवलिङ्ग गुफामा छ। यिनैलाई महादेव मानी पूजा गरिन्छ। प्रत्येक दिन पुजारी आएर पूजा गर्दछन्। कार्तिकको ठूली एकादशीमा यहाँ मेला लाग्छ। विशेष पूजा हुन्छ।

बालेश्वर महादेव, सङ्खुवासभा

सङ्खुवासभाको चैनपुरमा अनेक देवदेवीका मन्दिर छन्। एक देवस्थलका रूपमा पनि चैनपुर प्रसिद्ध छ। चैनपुरवजारदेखि आधा घण्टा दक्षिण, पिलुवा खोलादेखि १५ मिनेट जति उकालो चढेपछि एउटा गुफा छ। त्यहीँ वालेश्वर महादेव रहेका छन्। पहिलेपहिले चन्द्रेश्वर वायव्येश्वर महादेव भनिए पनि हिजोआज वालेश्वर महादेव भनिन्छ। सुभाष गिरिको भनाइ छ : यहाँ करिव १०० मिटरसम्म पहरैपहराको लहर छ। जसको भित्तामा विभिन्न प्रकारका चित्रहरू अङ्कित छन्, जसलाई हेर्न टाउको ठाडो पारेर हेर्नुपर्छ। पहराका छेउमा सिँढीहरू छन्, यी सिँढीहरू चढेपछि गुफामा पुगिन्छ। जहाँ गुफाको उपल्लो भागवाट उज्यालो छिर्छ त्यहाँ रूखको ठुटो आकारको करिव १ मिटर अग्लो स्तम्भ छ त्यही नै शिवजीको प्रतीक मानिन्छ।

यो स्तम्भ प्राकृतिक हो। स्तम्भमाथि गाईका थुनजस्तै चार थुन छन्, जसवाट पहिले दुध झरेर शिवलिङ्गमा पर्थ्यो र अहिले पानी तपतप चुहेको देखिन्छ। कालान्तरमा यहाँ किराँतहरू रहन्थे। गाई चराउँदा दुध चुहुने, घरमा गाई दुध नदिने गर्दा गोठालाले देखी थुनमा हिर्काई टाँसिएको किंवदन्ती छ। त्यस्तै प्रत्येक हरिवोधिनी एकादशीमा मेला लाग्ने भक्तहरूको चाहना पूरा हुने र लाटाहरूलाई दर्शन गराए वोल्न सक्ने विश्वास छ। स्कन्दपुराणअनुसार सतीदेवीको करङ पतन भई वायव्येश्वर (वालेश्वर) महादेवको उत्पत्ति भएको वर्णन यससँग सम्वन्धित छ।

बालेश्वरशिवालय, (चोराठा) दैलेख

चोराठा गाउँमा वालेश्वर शिवालय छ। वालनरसिंह कुँवरको स्मृतिमा स्थापित भएकाले वालेश्वर भनिएको हो। शिवालय निर्माणअघि पनि शिवको अस्तित्व थियो। निर्माण मात्र पछि भएको हो। पहिलेदेखि नै शिव रहेका ठाउँमा पछि शिवालय निर्माण भएको हो। पछिमात्र वालेश्वर नामकरण भएको हो। यहाँ करिव डेढ फिट अग्लो शिवलिङ्ग, वसाहा र शालिग्राम पनि छन्। यहाँ नित्यपूजा हुन्छ। वालाचतुर्दशी, शिवरात्रि आदिमा वढी भक्त आई श्रद्धाभाव अर्पण गर्दछन्।

बिराटगुफा, (बिराटगाउँ) जुम्ला

विराट गाउँमा यो गुफा छ। विराट राजाकहाँ वस्ता पाण्डवहरू यस गुफामा गुप्तवास वस्थे भनिन्छ। यस गुफामा कुनै मूर्ति देखिँदैन। तिला नदीपारि गणेश गुफा पनि छ। यस गुफामा चाहिँ अनेक देवदेवीका मूर्ति रहेका छन्। यस्ता प्राकृतिक गुफाहरूले हाम्रो प्राचीन अवस्थाको झलक दिन्छन्।

बीरगञ्जका अन्य स्थलहरू, पर्सा

घडीअर्वापोखरी : वीरगञ्ज नगरको मध्य स्थानमा अवस्थित यो पोखरी २१८ हेक्टर जमिनमा रहेको छ। वीचमा सूर्यनारायणको मूर्ति आकर्षक रूपमा रहेको छ। यस पोखरीको चारैतर्फ रमाइलो पार्क छ। दुईवटा डुङ्गावाट पोखरीमा यात्रा गर्न सकिन्छ।

बौद्धचैत्यभीसवा : वीरगञ्जको वसपार्कवाट करिव ४०० मिटर उत्तरपूर्वमा अवस्थित यो चैत्य दर्शनीय छ। यहाँ वुद्धका ५ वटा ठूलाठूला प्रस्तरका मूर्ति छन्। भगवान् वुद्धको सम्झनामा निर्मित यो चैत्य धार्मिक पुरातात्त्विक र पर्यटकीय दृष्टिले पनि महत्त्व राख्दछ।

गीतामन्दिर : गीतादर्शन महत्त्वपूर्ण मानिन्छ। गीताका श्लोकहरू कुँदिएको यस मन्दिरमा श्रीकृष्णको पावन चरित्र झल्काउने प्रमुख घटनाको अनेक सजीव प्रस्तरका मूर्ति छन्। यो मन्दिर दर्शनीय पनि छ।

शङ्कराचार्यढोका : भारतवाट नेपाल प्रवेश गर्ने ठाँउमा यो ढोका भव्य रूपमा निर्मित छ। प्यागोडा शैलीमा यस गेटको निर्माण भएको छ। काञ्चीकामाकोटीका पीठाधीश जगद्गुरु शङ्कराचार्य १००८ जयेन्द्र सरस्वतीवाट शिलान्यास र समुद्घाटन भएको यो ढोका नेपालभारत मैत्रीसम्वन्धको प्रतीकको रूपमा रहेको छ।

बुद्धमन्दिर महाबौद्ध, (ओकुबहाल) ललितपुर

पाटनको सुनधाराको दक्षिणपट्टि ओकुवहालको महावौद्ध मन्दिर शिखर शैलीमा निर्मित छ। नौ हजार इँटामा वुद्धका मझौला साना र ठूला आकारका प्रतिमा कुँदिएका छन्। यस मन्दिरको निर्माण पण्डित अभयराज शाक्यले गरेको मानिन्छ। भारतको वौद्धगयाको अध्ययन गरी फर्केका शाक्यले यसको निर्माण वि.सं. १६२२ मा गरे र समयसमयमा यसको मर्मत हुँदै गयो। यसको कलाकारिता प्रशंसा गर्न योग्य छ। वुद्धका अनेक अवस्थाका आकृति यसमा देख्न सकिन्छ।

मन्दिरको भुईं तल्लामा वौद्धगयाको जस्तै शाक्यमूर्ति वुद्धको विशाल धातुप्रतिमा रहेको छ, जो पूर्वाभिमुख छ। मन्दिरको पहिलो तल्लामा ध्यानमुद्रामा रहेको अमिताभ वुद्ध देख्न सकिन्छ। दोस्रो तल्लामा पञ्चवुद्धको प्रतीक स्वयम्भू महाचैत्य छ भने तेस्रो तल्लामा धर्मधातुमण्डल, चौथो तल्लामा वज्रमण्डल, पाँचौं तल्लामा सर्ववुद्ध महामुकुट उष्णीय चुडामणि श्री शून्य निरञ्जन चैत्य राखिएको छ।

यसरी मध्यकालीन वास्तुकलाको सुन्दर नमुनाका रूपमा मात्र यो रहेको छैन वुद्ध धर्मावलम्वी भक्तहरूका लागि श्रद्धा र आस्थाको केन्द्र पनि छ। कलाको सुन्दर नमुना भएकाले पर्यटकहरूको लागि पनि यो दर्शनीय छ।

बूढानीलकण्ठ (नारायणस्थान), काठमाडौं

शिवपुरीको फेदीमा जलपूर्ण पोखरीमा चतुर्वाहु नारायणको भव्य मूर्ति शयनावस्थामा छ। शालिग्रामी शिलावाट वनेको यो मूर्ति विश्वकै उत्कृष्ट र विशालमध्ये एक मानिन्छ। चार हातमा शङ्ख, चक्र, गदा र पद्म रहेका छन्। पद्म चाहिँ त्यति स्पष्ट छैन। आकार नीलो भएकाले नीलकण्ठ भनिएको हो कि ? नीलकण्ठ शिवको नाम भए पनि मूर्ति चाहिँ नारायणकै छ। वूढा शव्दको अर्थ वुद्धिष्टहरू वुद्ध लगाउँछन् हरिहर (शिव र विष्णु)को समन्वयात्मक रूप पनि मानिन्छ। पाखुरामा नागले वेरेको, शिरोभाग र पृष्ठभागमा शिव, भैरव आदिका झलक पनि देख्न सकिन्छ। त्यसैले वुद्धधर्मावलम्वी, शैव र वैष्णव सवै समान आस्था राखेर यहाँ भक्तिभाव प्रकट गर्दछन्।

उत्पत्ति विषयक अनेक जनश्रुति छन्। प्राचीन समयमा नेपालका एक राजा दुःख गरेर वद्रीनाथ, केदारनाथ जान्थे, उनको निष्ठावाट प्रसन्न भएर म नेपालमै अवतरित हुन्छु, त्यहीँ दर्शन गर्नु, दुःख गरेर यहाँ आउनु पर्दैन भनी हरिहरका रूपमाा उत्पत्ति भएका हुन्। त्यस्तै अर्को भनाइ छ। मूर्ति अत्यन्त प्राचीन भए पनि पुरिएर रहेको थियो। एक किसानले खेत खन्दा चोट लागी रगत वगेको देखी वरिपरि खनी मूर्ति निकाली प्रत्यक्ष गराएका थिए। किसानको नाम नीलकण्ठ भएकाले नीलकण्ठ भनिएको हो।

त्यस्तै अर्को भनाइ छ : राजा ऋषभदेवले यस मूर्तिको स्थापना गरेका हुन्। नारायणपूजामा पनि यहाँ शङ्ख वजाइँदैन। गद्दीनसीन राजा यहाँ दर्शन गर्न जानुहुँदैन भनिन्छ। राजा प्रताप मल्लले नारायण मूर्ति उखेली हनुमान ढोकामा ल्याउन लाग्दा उनलाई सपना भएछ। यस ठाउँवाट मलाई अन्त सारेमा अनिष्ट हुनेछ। यसमा विश्वास गरी मल्ल राजा र शाहवंशीय राजाले पनि प्रत्यक्ष दर्शन नगरी त्यसकै सानो प्रतिमूर्ति वालाजु र पशुपतिमा स्थापना गरी दर्शन गर्ने चलन चलेको छ।

यसको सञ्चालनका लागि गुठी व्यवस्था छ। कार्तिक, वैशाख, कृष्णअष्टमी, एकादशीजस्ता पर्वमा विशेष पूजा हुन्छ। यात्रा लाग्छ। प्रस्तरकलाको अत्यन्त सुन्दर मूर्ति त यो छँदै छ त्यसका अतिरिक्त सबै प्रकारका भक्तहरूको आस्थाको प्रतीकका रूपमा पनि यसको उच्च स्थान रहेको छ।

बूढासुब्बा, (धरान) सुनसरी

सुनसरी जिल्लाको धरानमाथि विजयपुर छ। त्यहीँ वूढासुव्वाको मन्दिर छ। मूर्ति ठूलो भुक्क परेको धमिराको गोलोजस्तो छ। त्यहीँ माटाको ढिकुरोलाई वूढासुव्वाको समाधि मानिन्छ। त्यहीँ पूजा हुन्छ। वूढासुव्वा सिद्ध थिए। गुलेली हान्दै यहाँ आए, उनी सिकार खेल्थे, यहाँ आएपछि उनी समाधिस्थ भए। देवस्थलकै छेउमा वाँसको झाङ्ग छ। ती वाँसका टुप्पा हुँदैनन्, वूढासुव्वाको गुलेलीवाट वाँस उम्रेको र गुलेली टुप्पोरहित हुने हुँदा त्यसो भनिएको हो भनिन्छ। मन्दिर मर्मतका लागि मात्र यी वाँसको प्रयोग हुन्छ।

ठूलाठूला पाका मटचाङ्ग्रा भेटिन्छन्, मानिसलाई पेट दुख्यो भने यिनै मटचाङ्ग्रा पखालेर घोटेर खान दिएपछि निको हुन्छ भन्ने विश्वास छ। सिकारी लाग्यो भने यसरी नै उपचार गरिन्छ। मगर यहाँ पूजारी छन्। वैशाखपूर्णिमामा यहाँ मेला लाग्छ। सुँगुर र कुखुराको वलि चढाइन्छ। वूढासुव्वा लिम्वु हुन् भन्ने जनधाराणा छ तर इतिहासकार ज्ञानमणि नेपालले भने मगर जातिका हुन् भनी आफ्नो तर्क दिएका छन्।

जे होस् वूढासुव्वा स्थानीय वासिन्दा र अन्य भक्तदर्शकका लागि श्रद्धेय रूपमा रहेका छन्।

बूढीगण्डकी, गोरखा

गोरखा र धादिङ्गलाई जोड्ने नदी हो वूढीगण्डकी। नारायणीमा मिल्ने सप्तगण्डकीमध्ये यो पनि एक हो। पृथ्वीनारायण नुवाकोट विजयको लागि जान लाग्दा न तुइन थियो न पुल। तरेर जान कठिन, डुँगा लाग्ने ठाउँ पनि थिएन। त्यहाँका नामुद ज्योतिषी तान्त्रिक दुल्लभले कटारीले हानेर नदीलाई वग्नवाट रोके अनि पृथ्वीनारायण नुवाकोट पुगे अनि विजय पनि प्राप्त गरे। पृथ्वीनारायण फर्की ती ज्योतिषीलाई भेटी एक चिलिम तमाखु खाउन्जेल जति जमिनमा धागो टाँग्न सक्छौ त्यति जमिन तिमिलाई भनी गुनको वदला दिन चाहे। धावा र तान्द्राङ त्यसै अवधिमा धागो तानेर कायम गरिएको हो भन्ने किंवदन्ती छ। धार्मिक तथा सांस्कृतिक दृष्टिले पनि वूढीगण्डकीको महत्त्व छँदै छ।

बूढेश्वरमहादेव, (र्लयाङ) खोटाङ्ग

लफ्याङ गाउँमा झन्डै ३५० वर्ष अगाडिदेखि महादेवको अस्तित्व रहेको स्थानीय वासिन्दाको भनाइ छ। वि.सं. १९५५ मा चढाइएका घण्टाहरू चाहिँ छन्। यो प्राकृतिक गुफा हो। आफैं उत्पन्न भई विविध आकृति लिएका शिलालाई नै महादेव, पावर्ती, गणेश मानेर पूजा गर्दै त्रिशूल चढाउँदै जनता श्रद्धा व्यक्त गर्दछन्। पहिले गुठी भए पनि अहिले छैन। स्थानीय भक्तहरूकै श्रद्धाभावले यहाँको पूजा चलेको छ। वालाचतुर्दशी, तिजमा यहाँ मेला लाग्दछ। टाढाटाढादेखि भक्त आउँछन्। प्राकृतिक गुफामा रहेका महादेवपरिवारको दर्शन गरी स्वच्छ हृदयले भक्ति चढाउने गर्दछन्।

बेडाबाबा, (उर्मारामपुर) कैलाली

कैलालीको उर्मारामपुरमा वेडावावाको मन्दिर छ। पहिले त्यो ठाउँलाई वेडा भनिन्थ्यो। त्यसअनुसार वावाको नाम पनि वेडा रहेको हो। यसको उत्पत्ति विषयमा जनश्रुति यस्तो छ। एक जना महात्माले शिवपार्वतीलाई सन्तुष्ट वनाई शालिग्राम प्राप्त गरी लिएको ठाउँमा आइपुग्दा पिसाव लागेकाले त्यहाँ भुईंमा राख्नुपर्ने स्थिति आयो। शिवले शालिग्राम दिँदा निर्दिष्ट ठाउँमा नपुगी भुईंमा नराख्नू भनेको थिए। समस्या परेकाले एक वटुवालाई समाउन दिई पिसाव फेर्न गए। वटुवाले भुईंमा राखिदिएछ र हिँडेछ। महात्मा शूची गरी फर्कंदा शालिग्राम भुईंमा देखी उचाल्न खोज्दा शालिग्राम जमिनमा दविँदै गए। उठाउन सकेनन्। कालान्तरमा त्यस ठाउँमा गोठालाहरूले गाईले दुध चुहाइरहेको देखेर उत्खनन गर्दा शिवलिङ्ग उत्पन्न भयो। त्यसै वेलादेखि पूजाआजा चल्दै गयो। हालको मन्दिर चाहिँ वि.सं १९८२ मा वालाचन्द, तुलसी मुखिया र लडे पुजारीले निर्माण गराएका हुन्। नित्यपूजाका अतिरिक्त गङ्गादशहरामा विशेष पूजा हुन्छ। भक्तहरूका संरक्षकको रूपमा वेडावावा रहेका छन्। भारतवाट समेत भक्तहरू आउँछन्। भक्तहरूको इच्छा पूर्ण गरिदिने, दुःखकष्ट हरण गर्ने, गाई भैँसीको दुध चढाए दुधालु पारिदिने, दुध दिनेजस्ता विश्वास वावावाट जनताले पाएका छन्। त्यस्तै दशहरामा विशेष मेला लाग्दछ।

बेनीदोविल्ला शिवालय, म्याग्दी

वेनीवजारमा मङ्गलानदी र कालीगण्डकीको सङ्गममा यो शिवालय छ। १७५१ सालमा पर्वतका राजा मलयवम मल्लले स्थापना गरेको मानिन्छ। पत्थरैपत्थरवाट निर्मित गुम्वज शैलीको यस शिवालयमा मलयवमको मूर्ति पनि छ। चार सुरमा नारायण, भगवती, गणेश र सूर्य

छन् । वीचमा शिवलिङ्ग छ । यसको सञ्चालानार्थ गुठीको व्यवस्था छ । नित्यपूजा पनि हुन्छ । पुरातात्त्विक महत्त्व भएको स्थल हो । त्यस वेलाका कलाकृति यहाँ अध्ययन गर्न सकिन्छ ।

वेलकोट, नुवाकोट

नुवाकोटपछि दोस्रो प्रमुख कोट हो वेलकोट । नुवाकोट गोर्खालीको हात परेपछि मल्ल राजाका सैनिकले यस कोटमा रही जयन्त रानाको निर्देशनमा यहाँ लडेथे तर जित भएन । नुवाकोटवाट ढिकुरे, थानसिङ, ककनी हुँदै काठमाडौं आउने एउटा वाटो छ भने देवीघाट, वेलकोट, भीमढुङ्गा हुँदै आउने अर्को वाटो पनि छ । यस दृष्टिले पनि वेलकोटको भूमिका रहेको छ । यस कोटको पनि सामाजिक महत्त्व छ । यहाँ निरञ्जनस्थान छ । अरू गढका पुरातात्त्विक अवशेष छन् । वर पिपल र शमीका रूख छन् । दर्शनीय स्थल भए पनि आज यसको त्यति भूमिका छैन ।

वेलीचमेली, (हर्कपुर) ओखलढुङ्गा

सदरमुकामदेखि १५ कि.मि पश्चिमतर्फ हर्कपुरमा जरायटार छ । पानी नभएकाले यहाँ सिँचाइको व्यवस्था थिएन । आजभन्दा झन्डै ३०० वर्ष पहिले सिँचाइको आवश्यकता अनुभव भयो । करिव तीन कि.मि.को कुलो खन्नुपर्थ्यो । पहिरो काटेर कुलो खन्नु सजिलो अवश्य थिएन । गाउँलेहरूमा पनि एकताको अभाव थियो । नुवाकोटको कविलास गाउँवाट वसाइँ सरेका खतिवडा परिवार यहाँ वस्छन् । त्यस परिवारमा घर्ती परिवार पनि थियो । त्यस परिवारमा दुईवटी सुन्दरी छोरी थिए वेली, चमेली । यिनीहरू नाचेर गाएर सवैलाई लट्ठ पारेर दुई कुला निर्माण गर्न सफल भए । दिनभर कुलो वनाउन सवैलाई लगाउने र राती गायव हुने गर्दथे । योजनावद्ध रूपमा कुलो निर्माण गरेपछि वेली, चमेली दुवै अलप भए । उनीहरूले निर्माण गरेका कुला वेली, चमेलीकै नामवाट छँदै छन् । प्रभावकारी पनि छ । एक वालीमा झन्डै ५००० मुरी धान हुन्छ त्यस्तै ३ वाली हुने गर्दछ । त्यस वेला यस्तो रचनात्मक काममा प्रेरित गर्ने वेली, चमेली आज पनि यहाँ अमर छन् । ती को थिए किन त्यसो गरे ? त्यो प्रश्न रहस्यमय छ ।

वैजनाथमन्दिर, (वैजनाथगाउँ) अछाम

वैजनाथ गाउँमा सदरमुकामदेखि उत्तरपश्चिम आठ कोसको दूरीमा यो मन्दिर छ । वूढापाकाहरूको भनाइअनुसार करिव ५०० वर्ष पुरानो मानिन्छ । पुष्कर शाहले चढाएको जलहरीमा वि.सं. १८८१ लेखिएको छ । वहादुर शाहको नायवीको रूपमा अछामी राजालाई भारी विजय प्राप्त गरे

पनि १०० जना गोर्खाली फौज वैजनाथको मन्दिरमा लुके। अछामी सैन्यको डरले लुकेका सिपाईहरूलाई जोगीको रूप लिन लगाई पालैपालो मठाधीशले काठमाडौं पठाए। यो थाहा पाएपछि वहादुर शाहले गुठी तथा अन्य राम्रो प्रवन्ध त्यस मन्दिरको लागि मिलाए। अन्य भक्तहरूले चढाएका छड, छत्र र अन्य सामान पनि रहेका छन्। १८९० सालको भूकम्पले पहिलेका मन्दिरमा वूढीगङ्गाले क्षति पुऱ्याएपछि अर्को मन्दिर वनाएको देखिन्छ। मन्दिर वरिपरि गोरखनाथ, कालभैरव, काली आदि छन्। मन्दिरभित्र मुख्य देवता तावाले छोपिएका शिवलिङ्ग छन्। त्यस्ता अन्य मूर्तिहरू पनि छन्। नित्यपूजा हुन्छ। शिवालयमा ठूलो मेला लाग्छ। गुठी पनि छ। अछामको एक प्रसिद्ध र लोकप्रिय देवताको रूपमा वैजनाथ रहेका छन्।

बौद्धनाथस्तुप, (बौद्ध) काठमाडौं

कान्तिपुरको पूर्वोत्तरमा वौद्ध छ। यहाँ भव्य वुद्ध स्तुप छ। यहाँ साना स्तुप र वौद्ध विहार पनि छन्। संसारका ठूला र आकर्षक स्तुपमध्ये यो पनि एक हो। अष्टकोण आकारमा निर्माण भएको वौद्धनाथ स्तुपमा रहेका प्रार्थनाचक्र वौद्धहरूले घुमाउने गर्छन्। यो प्राचीन स्तुप हो। पाँचौं शताव्दीतिर वनेको अनुमान छ।

जनश्रुतिअनुसार धर्मदेव राजाले निर्माण गरेको धारामा पानी नआई आलोचना सहनुपर्दा ज्योतिषीलाई देखाए। वत्तीस लक्षणले युक्त नरवलि दिएमा पानी आउँछ भने। राजा, रानी र युवराज मात्र वत्तीस लक्षणले युक्त ठहरिँदा राजाले आफैँ काटिने विचार गरे। राति कुनै भूत सेतो धारामा वस्छ त्यसलाई काटिदिनू पानी आउँछ भनी राजाले युवराजलाई अराए। युवराजले पनि त्यसै गरे। पानी आयो। काटिएको टाउको वौद्धमा आई रोकिएर त्यसपछि वज्रयोगिनीमा पुगेछ। त्यो टाउकाको प्रतीक त्यहाँ छँदै छ।

वावुको हत्यावाट दुःखित युवराज मानदेवले चिन्ता गर्दा उनलाई सपना भएछ। मेरो टाउको विश्राम गरेको ठाउँ वौद्धस्तुप निर्माण गराइदेऊ मलाई शान्ति मिल्छ, जे हुनु थियो भयो चिन्ता नगर भन्ने सूचना पाएपछि मानदेवले यो स्तुप निर्माण गरे। त्यस वेला पानी नपर्दा शीतले रुमाल भिजाई त्यसवाट जम्मा गरेको पानीवाट यो निर्माण भएको मानिन्छ। यहाँभित्र कश्यप ऋषिको अस्तु राखिएको छ भनिन्छ। हिन्दू र वौद्धवीच कुनै तात्त्विक अन्तर नभएको यसवाट पुष्टि हुन्छ। यहीँ हारतीमाताको सानो मन्दिर पनि छ। विश्वसम्पदा सूचीमा परेकाले यसको मर्मतसम्भार राम्रो भएको छ। सुरुको सानो स्तुपलाई सत्रौं शताव्दीमा आएर विशाल रूप दिइएको देखिन्छ।

यहाँ पूर्णिमा, वुद्धपूर्णिमा आदिमा विशेष मेला लाग्दछ। पर्यटकहरू यहाँ निकै आउने र हेरेर प्रसन्न वन्ने गर्दछन्।

बौडेश्वरगुफा. (शिवपुरी) काठमाडौं

झोर महाँकाल गाउँ शिवपुरी राष्ट्रिय निकुञ्जको मध्यमाभगमा यो गुफा छ। विशाल ढुङ्गाका वीचवाट वग्ने वौद्धखोलाका झर्नाले मोहित पार्छ। अग्लो ठाउँमा भएकाले प्राकृतिक रूपले उपत्यकाको दृश्य पनि देखिन्छ। यो गुफा २० फिट लामो छ। गुफाभित्र एकादश रुद्र, गायत्री, सावित्री, गणेश, सरस्वती, गुप्तवासी भगवतीका मूर्तिहरू रहेका छन्। गुफाअगाडि पोखरी छ र त्यसलाई चण्डकुण्ड भनिन्छ। महादेव गुप्त भएकाले वौडेश्वर र महादेव रहेको गुफा पनि भनिन्छ। यहाँ सन्तान नहुने आएर भक्तिभावले दर्शन गरे सन्तान हुने भन्ने विश्वास गरिन्छ। देशमा अनिष्ट हुने भए चण्डकुण्डको पानी अम्लिन्छ। ढुङ्गाका कापवाट नाग निस्कन्छन् भनिन्छ। शिवरात्री, जनैपूर्णिमा, अष्टमी, वालाचतुर्दशीजस्ता पर्वमा यहाँ भक्तजनहरू वढी आउँदछन्। राजधानीमा नै रहेका यो गुफा निकै महत्त्व राख्ने भए पनि त्यति चर्चित छैन।

भगवतीमन्दिर. (चोछ्रे) काभ्रे

धुलिखेलको चोछे टोलमा यो मन्दिर छ। जमिनवाट १३ खुड्किलाको उचाइमा रहेको प्यागोडा शैलीको मन्दिरमा ने.सं.९४० पछिका घण्टाहरू छन्। भगवतीलाई सात नागको फणाले छहारी प्रदान गरेको छ। यहीं नजिक महाँकाल भैरवस्थान पनि छ। सधैं र पर्वमा पनि भक्तहरू गएर पूजाआजा गरी भगवतीलाई प्रसन्न वनाउने काम गर्दछन्।

भगवतीमन्दिर. (खलङ्गा) प्युठान

खलङ्गाको सरस्वतीटोलमा यो मन्दिर छ। भगवतीको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ पछि नै वनेको देखिन्छ। प्यागोडा शैलीको मन्दिरमा सिंहवाहिनी भगवतीको मूर्ति छ। अघिपछि सामान्य पूजा हुन्छ। चैतेदसैं तथा वडादसैंमा विशेष पूजा पनि हुन्छ। भगवतीप्रसाद गुप्तावाट यसको रेखदेख भएको छ।

भगवतीमन्दिर. (नारायणगाउँ) दैलेख

सदरमुकाम नारायणगाउँमा भगवती मन्दिर छ। वडा हाकिम कर्णेल लोकजङ्ग राणाले स्थापना गरेको वनाएको मन्दिर भत्केकाले २०१९ मा तेजवहादुर कार्की (पुजारी) ले अर्को मन्दिर वनाएको देखिन्छ। मन्दिरमा चाँदीको गोलाकार रूपको ६/७ इन्चको भगवतीको मूर्ति छ। साथै दायाँ भैरव र वायाँ गणेशको मूर्ति पनि छ। लोकजङ्ग राणाले नित्यपूजाका लागि वलि दिएको गुठी पनि छ। वडादसैं, चैतेदसैं आदिमा यहाँ विशेष पूजा हुन्छ।

भगवतीमन्दिर, (मुडबलुवा) रौतहट

मुडवलुवा गाउँमा भगवतीको मन्दिर छ। झन्डै अढाई सय वर्ष पुरानो मानिने यो मन्दिर शिखर शैलीमा छ। मन्दिरभित्र माटोको ढिस्को छ, त्यसलाई नै भगवती मानी आराधना गरिन्छ। मन्दिरवाहिर भित्तामा विष्णु, लक्ष्मी, सरस्वतीका मूर्ति छन्। यी सिम्रौनगढका मूर्तिजस्तै देखिन्छन्। पहिले जङ्गल थियो, आवादी हुँदा अनेक मूर्ति भेटिए, यहाँ ल्याएर राखिएका हुन् भन्ने श्रुतिपरम्परा छ। सामान्य गुठी छ। नित्यपूजा सामान्य रूपले चलेको छ।

भगवतीमन्दिर, (तातोपानी) सिन्धुपाल्चोक

तातोपानी चौकीडाँडामा भगवती मन्दिर छ। पहिले सैनिकव्यारेक रहँदा भगवती मन्दिर निर्माण भए पनि व्यारेक सरेपछि यो मन्दिरको रेखदेख स्थानीय जनताका जिम्मामा आएको छ। भगवतीको मन्दिर चाहिँ पचास वर्ष अगाडि वनाइएको हो। २०१६ सालमा चढाइएको घण्टा देखिन्छ। मन्दिरभित्र भगवतीको महिषमर्दिनी मूर्ति छ। चैतेदसैं, वडादसैं, रामनवमीमा विशेष पूजा हुन्छ। गुठी नभए पनि भक्तहरू गएर पूजा गर्छन्। यहीं शिवलिङ्ग र सीतारामका अन्य साना मन्दिर पनि छन्, मूर्ति पनि राखिएका छन्।

भगवतीमन्दिर, (चौतारा) सिन्धुपाल्चोक

चौतारा गाउँमा भगवती मन्दिर छ। मन्दिरमा महिषमर्दिनी भगवतीको मूर्ति स्थापित छ। नित्यपूजाको प्रवन्ध छ। चैतेदसैं र वडादसैंमा यहाँ मेला पनि लाग्छ। वर्षमा एकपटक देवीको पूजा गरिन्छ। जात्रा वनदेवी मन्दिरसम्म पुगी भगवतीलाई फिर्ता ल्याउने चलन छ। नित्यपूजा वा जात्राका लागि गुठी नभए पनि स्थानीय वासिन्दाकै भक्तिभावले यी कार्य सम्पन्न हुँदै आएका छन्। भगवती प्राचीन भए पनि मन्दिर त्यति प्राचीन छैन।

भगवतीस्थान, (टिस्टुङ) मकवानपुर

टिस्टुङ गाउँको पाल्चोकमा यो मन्दिर छ। करिव ३५० वर्ष अगाडिदेखि यसको अस्तित्व रहेको कुरा ने.सं. ८९२ को शिलापत्रले पनि वताउँछ। यस मन्दिरमा २ तरवार र शिला भगवतीका प्रतीकका रूपमा रहेका छन्। मन्दिरको गुठी पनि छ। पुजारी कर्माचायहरू छन्। नित्यपूजाको प्रवन्ध छ। वडादसैंमा विशेष मेला लाग्छ, वोकाहरूको वलि चढाइन्छ। मातातीर्थ, घण्टाकर्णचतुर्दशी, वालाचतुर्दशीमा पनि भगवतीलाई वलि चढाइन्छ। मानिसहरूको चाहना पूरा गर्छिन् भन्ने विश्वास पनि भक्तहरूमा रहेको छ।

भजनेश्वरमहादेव, (घोघनपुर) सप्तरी

घोघनपुर गाउँको वलवामा यो मन्दिर छ। भजनेश्वर चौधरीले उमामहेश्वरको भव्य प्रस्तरमूर्ति पोजखोलाको किनारमा फेला पारेकाले त्यही मूर्ति प्रतिष्ठापित गरी भजनेश्वर महादेव नामकरण गरिएको जानकारी मिल्छ। यो मूर्ति १३ औं शताव्दीको उत्कृष्ट नमुना मानिन्छ। यो मूर्तिमा शिवजी ललितासनमा वसी आफ्नो देव्रे काखमा पार्वती राखी दाहिने तल्लो हातमा कमलको फूल तथा माथिल्लो हातको चोर औंलाले पार्वतीको चिउँडो उचालिरहेको देखिन्छ। माथिल्लो हातमा त्रिशूल छ भने तल्लो हात पार्वतीलाई अङ्गमाल गर्न व्यस्त देखिन्छ। पार्वतीको एक हातले डमरु वजाइरहेको छ भने अर्को हातले महादेवलाई अङ्गमाल गरेको छ। यति कलात्मक र भावपूर्ण मूर्ति सायदै अन्त पाउन सकिन्छ। यहाँ यस्तै अन्य ससाना मूर्ति पनि छन्। जे होस् यो मन्दिर पनि महत्त्वपूर्ण पाइन्छ।

भद्रकालीमन्दिर, (मुडुलथुम्के) कास्की

पोखराको मुडुलथुम्केमा भद्रकालीको मन्दिर छ। चौवीसे राजाकै समयदेखि यस मन्दिरको अस्तित्व रहेको छ। यहाँका घण्टाहरू १९७४ का छन्। यहाँको वर्तमान मन्दिर चाहिँ कालिदास ढेवाजु र लक्ष्मी थापाले पछि वनाएको देखिन्छ। नेपाली तले शैलीमा रहेको ढुङ्गाको गाह्रो भएको मन्दिर छ। अष्टभुजा भएकी २७ इन्च अग्लो भद्रकालीको मूर्ति छ। यसका लागि गुठी पनि छ। गुठीकै आमदानीवाट नित्यपूजा, चण्डीपाठ हुन्छ। स्थानीय वासिन्दा इष्टदेवी संरक्षिकाको रूपमा दर्शन र प्रार्थना गर्दछन्। वडादसैंमा विशेष भिड लाग्छ। पूजा र वलि दुवै चढ्छ।

भद्रकाली टुँडिखेल, (लुमडी) काठमाडौं

नेपाल संवत् ५८० मा अमर मल्लले प्रत्येक वर्ष प्रेतचतुर्दशीका दिन रथारोहण यात्रा गर्ने गरी परम्परा वसाले पनि यिनको उत्पत्तिको कथा र समयले प्राचीन प्रतीत हुन्छ।

प्राचीन समयमा खेतैखेत थियो। किसानहरू खेती लगाउने काममा व्यस्त थिए। खेतको वीचमा एउटी वालिका रोएको किसानले सुन्यो। कति फुल्याउँदा पनि वालिका रुन छाडिनन्। खाजारोटी वालिकालाई किसानले दियो। त्यो देखेर वालिका हाँसिन् र अन्तर्ध्यान भइन्। त्यो रोटी सुनको वन्यो। नेवारभाषामा लुं भनेको सुन र मडी भनेको रोटी त्यो देखेर वालिकालाई साक्षात् देवी ठान्यो। त्यो विवरण कलिगत ३८२५ मा गुणकामदेव राजालाई थाहा भयो र स्वप्न पनि भयो र नीलपीठवाट भगवतीको आवाहन गरी भद्रकाली नामले पीठ स्थापना गरे। वालिका देखा परेको ठाउँमा किसानले नौ देवीको पूजा गर्दै आयो। पछि गुणकामदेवले यसलाई व्यवस्थित रूप दिए। आज पनि भद्रकालीको उपासना भक्तहरू नवरात्र तथा अन्य पर्वमा गर्दछन्।

भद्रकालीमन्दिर, (शोभागाउँ) रूकुम

शोभागाउँमा शिखर शैलीको मन्दिर छ। भद्रकालीको अस्तित्व प्राचीन भए पनि डेढ सय वर्ष अगाडिका प्रमाण दमाहा घण्टाहरूले दिन्छन्। मन्दिरभित्र शिला, तरवार र त्रिशूल छन्। यिनैलाई भद्रकाली मानेर पूजा गरिन्छ। ठकुरीहरूले पनि पालो मिलाएर पूजा चलाएका छन्। यहाँ गुठी छैन।

भद्रकालीमन्दिर, (बाङ्गेखोला) सिन्धुली

सिद्धेश्वर आदर्श गाउँको सिन्धुली माडी वाङ्गखोलाको किनारमा यो मन्दिर छ। १९८८ सालमा चढाएका घण्टा छन्। झन्डै अढाई सय वर्ष अगाडिदेखि यसको अस्तित्व रहेको स्थानीय वासिन्दाको धारणा छ। नेपाली तले शैलीमा निर्मित यस मन्दिरभित्र भद्रकालीको करिव डेढ फिट अग्लो पत्थरको मूर्ति छ। दायाँवायाँ प्राकृतिक शिलाहरू छन्। त्रिशूलहरू छन्। देवीलाई तामाको छत्र ओढाइएको छ। यी सवै देवीका प्रतीक मानिन्छन्। अघिपछि सामान्य पूजा हुन्छ। वडादसैंमा वलिसहित पूजा हुन्छ। पूजाका लागि चन्दा उठाई श्रद्धा सङ्कलन गरिन्छ।

भवानीश्वरी, (खलङ्गा) प्युठान

खलङ्गाको सरस्वतीटोलमा यो मन्दिर छ। चारपाते शैलीमा निर्मित यसमा भगवतीको मूर्ति छ। शाही सेनावाट पूजा हुन्छ। अघिपछि सामान्य पूजा भए पनि वडादसैं चैतेदसैंमा चण्डीपाठ, वेदपाठ हुन्छ। वलि पनि चढ्छ। यहीँ महिषमर्दिनी भगवतीको कलात्मक मूर्ति पनि राखिएको छ।

भवानीमन्दिर, रूकुम

खलङ्गामा नेपाली शैलीमा भवानी मन्दिर रहेको छ। उहिले भुरेटाकुरे राजा मुसिकोटे राजाको पालामा यो दसैं घर थियो। जमरा राख्ने गरिन्थ्यो। देवीमूर्ति पनि थिए। मूर्तिहरू हराउँदै गए। अहिले खुँडा र खड्गहरू छन्। यिनैलाई भवानीको प्रतीक मानी पूजाअर्चना गरिन्छ। चैतेदसैं र वडादसैंमा वलिसहित पूजा हुन्छ। नित्यपूजा पनि हुन्छ। सामान्य गुठी छ। वडादसैंको सप्तमीमा खुँडाखड्गलाई वाजागाजासाथ मुसिकोटे राजाको दरवारमा लगिन्छ र वलि चढाइन्छ। पूर्णिमापछि ती खुँडाखड्गलाई वाजागाजासहित यहीं ल्याएर राख्ने गरिन्छ। खुँडाखड्ग हेर्दा प्राचीन ढाँचाका छन्। यी सामग्री ऐतिहासिक महत्त्वका हुँदा संरक्षण हुनु आवश्यक छ।

भस्मेश्वरशिवलिङ्ग, (पशुपति) काठमाडौं

पशुपतिनाथको मन्दिरवाट दक्षिणतर्फ वागमतीका तीरमा भस्मेश्वर शिवलिङ्ग छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो एक हो। यो पौराणिक महत्वको तीर्थ हो। आफ्नो कर्तव्यमा, निष्ठामा रहेका व्यक्ति मर्दा मृत शरीर भस्म भइसकेपछि सवैको उद्धार होस् भन्ने उद्देश्यले धर्मराजले तपस्या गर्दा महादेव प्रसन्न भई भस्मले स्नान गर्दा यो लिङ्ग उत्पन्न भएको पौराणिक कथन छ। यस शिवलिङ्गमा चितावाट निस्केको धुवाँ वा भस्म परेमा मात्र पनि मृतकको उद्धार हुन्छ भन्ने गरिन्छ। भ्रष्टाचारी, सर्वभक्षी, चौरवृत्तिको वनियाले जोगीको झोलामा धेरै सम्पत्ति छ भन्ने ठानी चोरेर लगी हेर्दा खरानीको डल्लो मात्र देखी भस्मेश्वर शिवलिङ्गमा रिसले हान्न खोज्दा डल्लो नखसी हात अड्किएर त्यसै रहेकाले उनै जोगीसमक्ष गई प्रार्थना गर्दा भस्मेश्वरकै दर्शनवाट दोषमुक्त हुने उपदेश पाई दर्शन गरेको र रोग निको भई अन्तमा मुक्त भएको कथा छ। विरूपाक्षले पनि वैशाखकृष्ण नवमीमा दर्शन गरेको उल्लेख छ। अहिले पनि यहाँ मृतकहरू जलाउने, भस्मेश्वरको दर्शन गर्ने चलन छ।

भागेश्वरमहादेव, (धुरा) डडेलधुरा

नेपालको सुदूर पश्चिमको विकट पहाडी जिल्ला डडेलधुराअन्तर्गत धुराको तपोभूमिमा भागेश्वर शिवलिङ्ग रहेको छ। धार्मिक दृष्टिले यो स्थान महत्त्व राख्तछ।

पौराणिक भनाइअनुसार भागेश्वर शिवलिङ्गमा दैनिक एउटी गाईले दुधको धारा वगाउँथिन्। दुध चढाउँथिन्। यो थाहा पाएर अज्ञानी गोठालाले स्वस्फूर्त शिवलिङ्गमा हँसियाले हान्यो दुध घिच्ने भनेर। त्यसपछि गोठालो वेहोस् भयो। त्यस शिवलिङ्गवाट भने रगत वहन थाल्यो। रगतको नदी नै वहयो। यो देखेर जोशी थरका दाजुभाइ गुणाकर र कमलाकर धुराशिखरमा चढी रहस्य पत्ता लगाउन प्रयत्नरत रहे। गर्भगृहमा रहेको विशेष शिला (शिवलिङ्ग)वाट रगत वहेको थाहा पाएपछि प्रार्थना गरे पनि रगत रोकिएन। आफ्नै औँला काटेर रगत वहाए, चढाए। शान्तिस्वस्ति र प्रार्थना गरे। त्यसपछि रगत वग्न रोकियो। यहाँ धार्मिक श्रद्धालुहरूको भिड लाग्छ, मेला लाग्छ र शिवार्चना गरिन्छ। पाण्डवहरू उत्तराखण्ड जाँदा यहींको नजिक रहेको जलकुण्डमा स्नान गरेको चर्चा पाइन्छ। यस क्षेत्रको महिमा र भागेश्वर स्तोत्रको पुस्तिका आर.डी. प्रभास चटौतले अध्ययनपूर्वक प्रकाशमा ल्याएको पाइन्छ।

भाटभटेनी, (हाँडीगाउँ) काठमाडौं

काठमाडौँको हाँडिगाउँमा भाटभटेनी मन्दिर छ। वाणासुरपुत्र महेन्द्रदमनले वागमती थुनी तलाउ वनाएका वेला, विशालनगर आदि जलमय थिए। द्वापरका अन्तमा श्रीकृष्णले वागमती खोली कच्छपासुर आदिलाई मारी जल वग्ने प्रवन्ध मिलाएपछि भट्टभट्टिनी स्त्रीपुरुष नेपालमा आई जतनामका राजा थापी वसेका थिए। भट्टभट्टिनीले पूर्वजन्ममा भगवान्को तपस्या गरेथे। भगवान्ले वरदान माग भन्दा तपाईं हाम्रो पुत्र हुनुहोस् भने। भगवान् नारायणले यस जन्ममा होइन अर्को जन्ममा हुँला भनेकाले विशालनगरका भट्टभट्टिनीका कोखमा नारायण अवतरित भए। भट्टभट्टिनी नारायणजस्तो पुत्र पाएर दङ्ग थिए। वाहिर घाममा वसेका थिए चिलको रूप लिई गरुड आएर वालकलाई उडाई लगे। भट्टभट्टिनी पनि तन्त्रमन्त्रका प्रभावले र छोराको प्रेमले उड्दै आकाशमै पुगे। चतुर्वाहु नारायणरूप छोरालाई भेटे। म छोरो भएर जन्मनेछु भन्ने कवोल पूरा गर्न जन्मेको थिएँ। म यहाँ वसिरहन पाउन्नँ। पितामाताका रूपमा तपाईंहरू श्रद्धेय हुनुहुन्छ। मुक्त हुनुहुन्छ। आकाशचारिणी देवदेवीका रूपमा तपाईंहरूको अर्चना लोकले गर्नेछ भने। आकाशचारी झुन्डिएर यी देवदेवी रहेका छन्। भक्तहरू पर्वपर्वमा जाने दर्शन गर्ने गर्छन्। ऐतिहासिक र सांस्कृतिक दृष्टिले पनि भाटभटेनीको महत्त्व छ। अन्तरिक्षचारी यक्ष, पिशाच, भूतप्रेतादिले वालवालिकालाई दुःख दिएमा यी देवदेवीको दर्शन गराएमा, पूजाआजा गराएमा वाधा हट्ने विश्वास आज पनि छ।

भाटभटेनीले आफ्नो घरमा डेरा गरी वस्ने कुनै व्यक्तिले राखेको नासो पचाएको, फिर्ता नदिएकाले उनका छोरा भिल्ललाई गिद्धले लगेको, नासो पचाउनेको वास धर्तीमा नहोस् भनी सराप दिएकाले झुन्डिएर रहनुपरेको जनश्रुति पनि छ। यस जनश्रुतिलाई पत्याउनेहरू यहाँ दर्शन गर्न जाँदैनन्।

विशालनगरकी अधिष्ठात्री भटेनी हुन्। चैत्र पूर्णिमाताका हुने टुँडालदेवी, भाटभटेनी र महामाजुदेवीको जात्रा यस क्षेत्रको प्रसिद्ध जात्रा हो। यस जात्राका क्रममा अर्को जनश्रुति पनि छ। त्यो के हो भने भटेनी आफ्ना श्रीमान् र छोरासहित आमा टुँडालदेवीलाई भेट्न गएकी, आमा चाहिँ पोडेसँग विग्रेकी थाहा पाई रुँदैकराउँदै राति फर्केकी हुनाले सोझै मन्दिरभित्र प्रवेश गराई झुन्ड्याएर राख्ने, शान्ति स्वस्ति गरेर मात्र मन्दिर प्रवेश गराउने पनि चलन छ। माइत गएकी छोरी रुँदाकराउँदा गहना हराएकीले गहनापोखरीमा गहना खोज्ने चलन पनि छ।

भाटभटेनीवारे अनेक लोकोक्ति भए पनि त्यसक्षेत्रका प्रसिद्ध देवस्थलका रूपमा महत्त्वपूर्ण भूमिका छ भन्ने कुरामा शङ्का छैन।

भालेश्वर महादेव, (पनौती) काभ्रे

पनौतीदेखि भन्डै एक कोस पश्चिम चिन्डागाउँ जहाँ लीलावती र विहावर खोला (सुखश्रवानदी) को सङ्गम छ त्यहाँ गन्धर्वतीर्थ छ। यहाँ सतीदेवीको निधार (भाल) पतन भएर भालेश्वर शिवलिङ्ग उत्पन्न भएको उल्लेख छ। रम्भाले श्राप दिएको सुमुख नामको गन्धर्वले यसै शिवलिङ्गको दर्शन गरी मुक्त भएको कथा पनि हिमवत्खण्डमाा भेटिन्छ। विरूपाक्षले पनि यस तीर्थको उपभोग गरेका वर्णन छ। यो शिवलिङ्ग पनि नेपालका ६४ शिवलिङ्गमध्ये एक हो।

भीमसेन, (विष्णुमती) काठमाडौं

काष्ठमण्डप पश्चिम विष्णुमती नपुग्दै भीमसेन मन्दिर छ। कलिगत ४३५९ मा सूर्यवंशी राजा यहाँ राज्य गर्दथे। पाल्पाका मुकुन्दसेनले सैन्य वलवाट दमन गरी फर्केपछि नुवाकोटका ठकुरीहरू टोलटोल वाँडेर राज्य गरी वसेका वेलामा दोलखाका भीमसेन मानव रूपमा आई ओं श्री भीमसेन हुँ भन्ने चिनारी पाई भीमसेनको तामसमूर्ति १ र शान्तमूर्ति १ वनाई भीमसेनलाई प्रवेश गराई स्थापना गरियो। भीमसेनका यी दुई रूपले नेपाल संवत् ७९३ मा कुनै कुरामा चित्त नवुझी उपद्रो मच्चाउँदा प्रताप मल्लले टोलैपिच्छे वोको, दोवाटैपिच्छे राँगो वलि दिने, मोहनचोकमा द्रौपदीको कन्यादान गरी भीमका वीचमा द्रौपदी स्थापना गरी १२ वर्षमा कलेवर फेर्ने गरी गुठी राखेपछि उपद्रो शान्त भयो। यी भीमसेन प्रत्यक्ष छन्। पूजा, जात्रा, विधिविधानअनुसार आज पनि हुँदै छ।

भीमसेनस्थान, (पनौती) काभ्रे

भीमसेन स्थान : पनौतीको खुला ढिस्कोमा प्रतीकात्मक भीमसेन रहेका छन्। दुई ढुङ्गाका सिंह पनि छन्। यहींको एक स्तम्भमा ने.सं. ७२२ उल्लेख भएको छ। यहाँ भाद्रकृष्ण पञ्चमीका दिन भीमयात्रा हुन्छ। जात्राका दिन वलि र भोज पनि हुने गर्दछ।

भीमसेन स्थान : नासिका स्थान गाउँमा पूर्वाभिमुख भीमसेन स्थान छ। यहाँ आकर्षक भीमसेनको मूर्ति छ। पलान्चोक भगवतीको मूर्ति वनाउने कलाकारले एक हात काटिएपछि यो मूर्ति वनाइएको भनिन्छ। यो ११ औं शताव्दीतिरको मानिन्छ। गुठी नहुँदा नित्यपूजाको व्यवस्था नभए पनि स्थानीय भक्तहरूवाट पूजाआजा हुने गरेको छ।

भीमसेनस्थान : छात्रवाँझ गाउँको तिमिल्सिनाटोलमा यो मन्दिर छ। रत्नवीर नामका व्यक्तिले धेरै वर्ष पहिले स्थापना गरेको यसको गुठी सामान्य छ। पूजा सामान्य रूपमा चल्दै छ। प्यागोडा शैलीको मन्दिरमा भीमसेनको शिला मूर्ति छ। भाकलअनुसार यहाँ वलि पनि चढ्छ। भक्तहरूवाट पूजा हुन्छ। वि.सं. १९३९ को शिलापत्र छ। भदौ पञ्चमीमा भीमको रथ निकाली जात्रा हुन्छ। निकै ठूलो सहभागिता हुन्छ।

भीमसेनमन्दिर, (भैदी) धादिङ

भैदी गाउँको उखुवारीमा यो मन्दिर छ। वडामहाराज पृथ्वीनारायणका भाइ दलमर्दनवाट सर्वप्रथम यो मन्दिर निर्माण गराएको भनिन्छ। यहाँ शिलापत्र भए पनि पढ्न नसकिने अवस्थाको छ। मन्दिरभित्र भीमसेन, गणेश, भगवती आदिका पत्थरका मूर्तिहरू छन्। दुईवटा सिंहका मूर्ति पनि छन्। सामान्य गुठी छ जसवाट नित्यपूजा र पर्वपूजा हुन्छ। भीमएकादशी र वडादसैँमा पर्वपूजा पनि हुन्छ।

भीमसेनमन्दिर, कास्की

आजभन्दा ३०० वर्ष पहिले स्थापना गरिएको भनिने भीमसेन र उनको मन्दिरकै नामवाट भीमसेन टोल रहेको छ त्यस ठाउँको नाउँ। यस मन्दिरको स्थापना जीतनारायण सुव्वाले गरेको मानिन्छ। नेवारी लिपिको अभिलेखमा ने.सं.९३३ मा तोरण चढाएको प्रमाण भेटिन्छ। पोखरामा पाइने सवभन्दा प्राचीन मन्दिर पनि यही हो। किंवदन्तीअनुसार मन्दिर भएको ठाउँमा धान सुकाउँदा विस्कुन सुकाएको ठाउँ उचालिने, जुरुक्क जुरुक्क उठेजस्तो देखिने, मलाई छोप्ने को ? भन्ने आवाज आउने गर्न थाल्यो। यो के उदेक भयो ? भनेर सवै आश्चर्यमा थिए। स्थानीय सचेत व्यक्ति जीतनारायणलाई सपना भयो। त्यहाँ भीमसेन रहेको तथ्य पत्ता लागे पछि मन्दिरको निर्माण भयो भनिन्छ।

नेपाली तले शैलीको दुईतले यस मन्दिरको लम्वाइ १८ फिट र चौडाइ १२ फिटको छ। उचाइ करिव २४ फिट छ। तेलिया इँट र चुनवाट प्रस्तुत मन्दिरको निर्माण भएको छ। यहाँ भीमसेनको मूर्ति छ। गुठी पनि छ। नित्यपूजाको प्रवन्ध पनि छ। चतुर्मासामा भजनको व्यवस्था छ। भीम द्वादशीका दिन भीमसेनको विशेष पूजा गुठियारहरूवाट हुन्छ।

भीमसेनमन्दिर, धनकुटा

धनकुटा नगरकै वीचमा यो मन्दिर छ। श्री ५ राजेन्द्रका पालामा यो मन्दिर वनेको मानिन्छ। एक शिलालेखमा १८८१ मा स्थापना भएको उल्लेख छ। गुम्वज आकारमा निकै कलात्मक ढङ्गले निर्माण भएको यस मन्दिरमा चाँदीको भीमसेन मूर्ति छ। प्रस्तरका सिंहमूर्ति पनि छन्। यसको

आफ्नै गुठी छ। नित्यपूजा हुन्छ। एकादशी, आश्विनपूर्णिमामा जात्रा पनि हुन्छ। माघे एकादशीमा भीमसेनको विशेष पूजा हुन्छ। माघमा राँगा र वोका वलि दिने पनि चलन छ।

धनकुटा नगरकै सिरवानीटोलमा अर्को भीमसेन मन्दिर छ। भीमसेनको अस्तित्व प्राचीन भए पनि १९९५ मा यो मन्दिर वनेको भनिन्छ। गुम्वज आकारमा वनेको मन्दिरमा भीमसेनका दुई मूर्ति, गणेशको एउटा सानो र अर्को ठूलो मूर्ति, सिंहका दुई मूर्ति पनि राखिएका छन्। नित्यपूजा गरिन्छ। सोह्रश्राद्ध सुरु हुने पूर्णिमा, वडादसैंको अष्टमी र नवमीका दिन पनि मूर्तिहरू घुमाई पूजा गर्ने गराउने परम्परा रही आएको छ।

भीमसेनमन्दिर. (भगवतीटोल) पाल्पा

भगवतीटोल तानसेनमा नेपाली तले शैलीको मन्दिर छ। यसभित्र दुःशासनवध गरिरहेको भीमसेनको शिलामूर्ति छ। अन्य मूर्तिहरूमा गणेश तथा भीमकै धातुमूर्ति पनि छन्। यहाँ तान्त्रिक परम्परावाट पूजा गरिन्छ। नित्यपूजा र पर्वपूजाको प्रवन्ध पनि छ। भीमएकादशीका दिन विशेष पूजा र जात्रा हुन्छ।

तानसेन टुँडिखेलनजिक भीमसेनटोलमा भीमसेनको मन्दिर छ। यहाँ भीमसेन स्थापना भएपछि यस टोलकै नाउँ भीमसेनटोल रहन गएको छ। झन्डै अढाई सय वर्ष अगाडि स्थापित संवत् १८८६ मा भीमसेनको रथ वनाएको प्रमाण भेटिन्छ। नेपाली तले शैलीमा निर्मित यस मन्दिरमा भीमसेनको शिलाको ठूलो मूर्ति छ, साथै द्रौपदी, नाथेश्वरी र गणेशका मूर्ति पनि छन्। यात्राको समयमा यी मूर्ति राखिन्छन्। नित्यपूजा हुन्छ। भीमएकादशीका दिन जाग्राम वसी धुनी जगाइन्छ, द्वादशीमा वलि दिने चलन थियो, यो चलन रोकिएपछि भाद्र चौथीको दिन राति जाग्राम वसेर पञ्चमीका दिन विशेष पूजा गर्ने चलन छ। गुठियारहरू मिलेर पूजा प्रवन्ध मिलाएका छन्।

भीमसेनमन्दिर. (दिङला) भोजपुर

दिङ्लाको टक्सार आदर्शगाउँमा यो मन्दिर छ। यस मन्दिरमा रहेको एक घण्टामा वि.सं. १८०७ अङ्कित पाइएकाले मन्दिरको प्राचीनता झल्किन्छ। मन्दिर निकै आकर्षक छ। मन्दिरभित्र ६ इन्च अग्ला भीमसेनका तीन मूर्ति छन्। ढलोटका दुई सिंह ढोकामा छन्। यस मन्दिरको गुठी छ र गुठियार पनि छन्। नित्यपूजा हुन्छ। इन्द्रजात्राका दिन यहाँ ठूलो मेला लाग्छ। वल र शक्तिका प्रतीक भीमको आराधना गरी भक्तहरू सन्तुष्टि प्राप्त गर्दछन्।

भीमसेन, (मङ्गलबजार) ललितपुर

पाटनको मङ्गलवजारमा राजा योगेन्द्र मल्लले पूर्णानन्द उपाध्यायलाई गुरु मानी कोटिहवन गरी दुःशासनवधको ध्यान गर्दै रहेको भूतभूतिनीसहित मूर्ति वनाई प्रतिष्ठापित गरेका थिए। राँगा, वोका, हाँस वलि चढाई प्रतिष्ठा गर्दा भीमको मूर्तिमा शक्तिसञ्चार भएको सवैले देखे। राजाले भीमलाई औँठी पनि लगाइदिए। पाल्पाका मुकुन्दसेनले सूर्यवंशी राजा विनाश गरी फर्केपछि नुवाकोटमा ठकुरी राज गर्दथे। यस वेला भीमको मूर्ति कुनै नारीको घरको खोपामा राखिएको थियो। त्यहाँ पनि भीमसेन जाग्दा मूर्ति पुरानो भई विग्रँदा योगनरेन्द्र मल्लले विधिपूर्वक स्थापना गरेका थिए। पछि श्री ५ सिंहप्रताप शाह स्वर्गीय हुँदा वर्षदिन यात्रा नगरी पूजासमेत स्थापित हुँदा खेलाँची गरी मेरो वेवास्ता भयो भनी कोपपूर्ण वचन हुँदा यात्रा चलाउनू, म प्रत्यक्ष देखाउँछु भन्ने भएकाले पूजा गर्दा मेरो मूर्तिमा फूल नखसेसम्म यात्रा नचलाउनू, खसेपछि यात्रा चलाउनू भनेवमोजिम झटापोलका आचार्यहरूले यात्रा चलाइराखेका छन्। यी भीमसेन प्रत्यक्ष छन्। देवमालाले पनि यसमा प्रकाश पारेको छ।

भीमसेनशिला, (भीमफेदी) मकवानपुर

भीमफेदीमा भीमसेन शिला छ। लाल खोलापारि रहेको यस शिलाको प्राचीनतावारे खास प्रमाण नभेटिए पनि झन्डै २०० वर्ष पूर्वसम्मको हो भन्ने जनधारणा छ। सपनामा एक व्यक्तिले भीमसेनको दर्शन पाए, व्युँझेर दर्शन पाएको ठाउँमा हेर्न जाँदा शिला देखे, उठाउन खोजे सकेनन्, शिला झन् वढ्दै गएको देखेर यिनै रहेछन् भीमसेन भनी पूजाआजा गर्न थाले भन्ने जनश्रुति छ। भीमसेनशिलासँगै भीमसेन र द्रौपदीका ढलौटका मूर्ति पनि राखिएका छन्। मुख्यद्वारको दायाँवायाँ सिंह, गणेश तथा भगवतीका मूर्तिहरू पनि छन्। दैवी आपत् विपत् पर्दा भीमसेनशिलाले पूर्वसूचना वा सङ्केत दिन्छ भन्ने जनविश्वास छ। भीमद्वादशीमा यहाँ विशेष मेला लाग्छ। भीममूर्ति र शिला दुवैमा पूजा हुन्छ। भाद्रमा पनि विशेष पूजा हुन्छ।

भीमसेनस्थान, इलाम

वजारकै मूलचोकसँगै प्यागोडा शैलीको पूर्वाभिमुख मन्दिर छ। मन्दिरभित्र भीमसेनका प्रतीक स्वरूप २ शिला छन्। भीमसेनको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ १९४५ तिर वनेको यहाँ रहेको प्रमाणले देखाउँछन्। वजारकै श्रद्धालु भक्तजनहरूवाट नित्यपूजाको प्रवन्ध भएको छ।

भीमसेनस्थान, (पुतलीबजार) प्युठान

खलङ्गा गाउँको पुतलीवजारमा यो स्थान छ। भीमसेनको अस्तित्व प्राचीन भए पनि वि.सं. १७६२ मा यसको निर्माण भएको देखिन्छ। यसमा भीमसेनको मूर्ति छ। अर्जुन, भीम, नकुल, सहदेव, युधिष्ठिरका मूर्ति पनि छन्। चारपाटे शैलीको द्वारपाल भएको २ तले मन्दिर छ। यहाँ विहान दैनिक पूजा हुन्छ, वेलुका वत्ती वालिन्छ। वल, शक्ति र शुभका प्रतीकका रूपमा भीमसेन आराध्य रहेका छन्।

भीमसेनस्थान, (ल्वाङल्वाङगाउँ) रामेछाप

रामेछापको ल्वाङल्वाङ गाउँमा भीमसेन स्थान छ। यसको अस्तित्व पनि झन्डै ३५० वर्ष पुरानो देखिन्छ। वि.सं. १८४९ को शिलापत्र भेटिएकाले पनि यसको प्राचीनता स्पष्ट हुन्छ। इँटा र ढुङ्गाका पर्खालले घेरिएको यस स्थानमा भीमसेनको प्रतीक शिला राखिएको छ। दुवैतर्फ पत्थरका सिंहहरू पनि छन्। त्रिशूल, घण्टा, गदा पनि भीमसेनमा चढाइएका छन्। खास गुठीव्यवस्था नभए पनि श्रद्धालु भक्तहरूकै श्रद्धाका आधारमा पूजाप्रवन्ध छ।

भीमसेनस्थान, (चैनपुर) सङ्खुवासभा

चैनपुर गाउँमा यो स्थान छ। यसमा भीमसनेको मूर्ति राखिएको छ। शिलापत्रअनुसार शाके १८२३ मा यो स्थान वनेको देखिन्छ। काजी र कजिनीले दोलखा भीमसेन स्थानवाट वाजागाजा वजाउँदै यहाँ ल्याएर स्थापना गरिएको भनिन्छ। प्यागोडा शैलीको मन्दिरमा भीमसेनको प्रस्तरमूर्ति, गणेशका प्रस्तरमूर्ति पनि छन्। नित्यपूजा हुन्छ। असोज पूर्णिमामा पञ्चवलिसहित पूजा हुन्छ।

यसै गाउँमा अर्को पनि भीमसेनमन्दिर छ। वि.सं. १९३८ मा स्थानीय रत्नमान श्रेष्ठले वनाएको यस मन्दिरमा प्रस्तरको भीमसेनमूर्ति १ गणेशमूर्ति १ पनि रहेका छन्। घरछिमेकका भक्तालुहरूवाट यी भीमसेनको पूजाआजा हुने गर्दछ।

मनकामना गाउँमा पनि भीमसेन मन्दिर छ। झन्डै २०० वर्षअगाडि मेहरमान, जीतमान, राममान मिलेर यो मन्दिर वनाएथे। यसभित्र भीमसेन र गणेशका मूर्ति छन्। इन्द्रजात्राका दिन जात्रा हुन्छ। अघिपछि वलिसहित टोलवासीले पूजा गर्छन्। टोलवासीकै श्रद्धाभर यो मन्दिर सञ्चालित छ।

भीमसेनस्थान, (चतरा) सुनसरी

सुनसरीको चतरामा गद्दीघरको दक्षिणमा गुम्वज शैलीको मन्दिर छ। मन्दिरभित्र मुकुट पहिरिएको आठ हात भएको भैरवको मूर्ति छ। यो मूर्ति औलियावावाकै समयको मानिन्छ। कोशीपारिवाट मूर्ति उठाएर ल्याउन हात्तीले पनि नसकेपछि यथोचित प्रार्थना गरी वरही जातिका मानिसले उठाएर ल्याई यहाँ स्थापना गरिएको भनिन्छ। विघ्नवाधा र समस्या परे भक्तहरू यी देवताको प्रार्थना गर्ने परम्परा छ।

भीमसेन, (नवलपुर) सिन्धुपाल्चोक

नवलपुर गाउँको पारङ्खोर टोलमा भीमसेन स्थान छ। पाटीको आकारमा रहेको मन्दिरमा कालो ढुङ्गाको प्राचीन भीमसेनको मूर्ति छ। मूर्ति निकै पुरानोजस्तो लाग्छ। गाउँलेहरूले गणेशको मूर्ति पनि पछि राखेका छन्। घण्टा चाहिँ २००० सालपछिका मात्र छन्। भीमसेनको मूर्ति श्री ५ वडामहाराज पृथ्वीनारायण शाहवाट स्थापित गरिएको भनिन्छ। यसका लागि गुठी व्यवस्था पनि छ। १९४३ सालको शिलालेख भए पनि पढ्न नसकिने स्थितिको छ। यहाँ भोट तथा तामाङ्गहरूको राज्य रहेका वेला पनि प्रत्येक दिन वोकाको वलि चढाइन्थ्यो र वलिपछि सर्प निस्कने गर्थ्यो भन्ने जनश्रुति छ। नित्यपूजा हुन्छ। भीमसेनयात्रा पनि गरिन्छ। तिव्वत जाने वाटो यतैवाट भएकाले र फलाम खानी पनि रहेकाले नवलपुरवजार ग्रामीण क्षेत्रको विकसित स्थल हो। जो ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले पनि महत्त्व राख्तछ।

भीमाद, तनहुँ

खैरनीटार (पृथ्वीराजमार्ग) वाट ७ किलोमिटर दक्षिणमा अवस्थित भीमाद सेतीगण्डकी र जुडीखोलाको दोभान हो। नेपाल माहात्म्यमा शिवजीले ठूलो वाँध वाँधेर सेतीगण्डकीलाई रोकी त्रिशूल प्रहार गरेर काली र सेतीको सङ्गम गराएकाले भीमवन्ध भनिएको भनिएको छ। भीमवन्धवाट भीमाद भएको मानिन्छ। यहाँ शिवालय, नारायण, कालिका, भगवती र शङ्केश्वर र महादेवका मन्दिरहरू छन्। १९१३ सालमा कृष्णशाहीले यहाँ मन्दिर वनाएको उल्लेख पाइन्छ। हरिशयनी एकादशीका दिन यहाँ मेला लाग्छ। भजन, कीर्तन, गायन हुन्छ। यहीँ सिडी खोलाको दायाँ भागमा रहेको प्राकृतिक गुफामध्ये सिद्धगुफा, चमेरेगुफा र अर्को गुफा पनि छ। भृगु ऋषिले तपस्या गरेको स्थल सिद्धगुफाको प्रवेशद्वार सानो भए पनि भित्र तलैतला र विशाल छ। एक तलामा सयजना जति वस्न सक्ने तला पनि छन्। गर्मीमा शीतल र जाडोमा तातो हुनु यहाँको विशेषता हो। चमेरेगुफामा चमेरा छन्। त्यहाँ शुद्ध पानीको मुहान पनि छ। यहाँ

मगरजातिको वस्ती भएकाले शिवरात्रिताका कौडानाच नाचिन्छ। यो यात्रा गुरुपूर्णिमासम्म पनि पुग्छ। यहाँ अनेक जडीवुटी पनि छन्। प्रकृति र सांस्कृतिक इतिहास वोकेको भीमादको अरू अन्वेषण वाँकी भए पनि पर्यटनका दृष्टिले यसको महिमामय स्थान छ।

भिरेश्वर गुफा, (चैनपुर) सङ्खुवासभा

चैनपुर गाउँको छेउमा यो गुफा छ। भिरमा रहेकाले भिरेश्वर भनिएको हो। गुफाभित्र साधारण शिला छन्, तिनैलाई महादेवका प्रतीक मानी पूजा गरिन्छ। परम्परागत रूपमा पूजा गर्दै आएको यसको प्राचीनता झल्काउने प्रमाण नभए पनि प्राकृतिक गुफा त्यसै पनि प्राचीन हो।

भीमेश्वर, दोलखा

जनकपुर अञ्चलको दोलखामा भीमेश्वर रहेका छन्। टाढाटाढावाट पनि हजारौँ भक्तहरू यहाँ आएर दर्शन गर्छन्, आफ्ना चाहना पूरा गराउँछन्। काठमाडौँवाट १३५ किलोमिटर पूर्वमा रहेको यस स्थानमा यातायात सुविधा छ। यस भीमेश्वरमा प्रत्येक दिन तीन रूप हुन्छन् भनिन्छ। शिवशक्ति रूपका भीमेश्वर महादेव, महादेवकै अर्को रूप भैरव र पाँच पाण्डवमध्ये वीर साहसी योद्धा भीमसेन। यी तीनै रूपको आराधना, प्रार्थना र पूजा गरिन्छ। भीमसेन, कुन्ती, द्रौपदी छन्। शिलामूर्ति पनि छन्। भीमसेनको मूर्ति कालो चिल्लो खालको छ।

उक्त मूर्ति स्थापना कहिले भयो यसै भन्न नसकिए पनि दोलखावजारको सांस्कृतिक अध्ययनवाट किराँतकालीन सांस्कृतिक स्थलकै रूपमा चिनिन्छ। विजयादशमीमा त्रिपुरासुन्दरी भैरवस्थानमा पूजा गर्दा र एकादशीको खड्गजात्रामा थामी जातिको भूमिका अझसम्म रहेकाले किराँतकालीन भन्ने स्पष्ट हुन्छ। किराँतीछाप किराँतकालीन राजधानी भनिन्छ। भीमेश्वरको महिमा हिमवत्खण्डमा पनि छ।

नित्यपूजाको व्यवस्था छ। गुठीको व्यवस्था पनि छ। समयसमयमा पञ्चवलि पनि दिइन्छ। अन्य पूजामा फलफूल, रोटी, दही, दुध, घिउ, मह, चिउरा, चिनी, चाकु, अर्पण गर्ने चलन छ। नुनिलो पदार्थ अर्पण गरिँदैन। महादेवको रूपमा पानी, दुध, मह, घिउवाट स्नान गराई रुद्री पनि गरिन्छ। पूजारीवाट नित्यपूजा सकिएपछि त्यस दिन अरूवाट पूजा, रुद्री गरिँदैन।

नेपालमा भविष्यसूचक देवताका रूपमा पनि भीमेश्वरलाई लिइन्छ। दैवीप्रकोप वा राजनीतिक उथलपुथल हुने समयमा भीमेश्वरका मूर्तिमा पसिना आउने कुरा प्रत्यक्षदर्शीहरूको अनुभव छ। पसिना आउँदा

कपासले पुछिन्छ र कपास राजदरवार पठाइन्छ। पसिना आएका वेला पूजा,रुद्री गरिँदैन। यस्तो वेला पहिलेपहिले दरवारवाट र हाल जिल्लाप्रशासनवाट विशेष पूजा गरिन्छ। पसिना आउँदा घण्टा, नगरा वजाउने र पङ्खा हम्कने चलन छ। उद्योग, व्यापार, रोगव्याधिको वेला सफलताको कामना गरी भाकल गरिन्छ र दर्शनार्थ जाने गर्छन्। औले ज्वरोलाई खेद्दै गदा लिएर भीमसेन आएका यहाँ वसेका भन्ने धारणा पनि छ। भीमसेन आएको वाटोमा औलो लाग्दैन भनिन्छ। अर्को किंवदन्ती के छ भने : भरियाहरूले भात पकाउँदा चम्काको रूपमा यी मूर्ति प्रयोग गरेको भातको भाँडो हल्लेर आजित भई पुन्यौले पिट्ता रगत वगेको पुन्यौको चोट पनि मूर्तिमा छ। त्यस वेलादेखि भीमेश्वरको पूजाअर्चना थालिएको भन्ने जनधारणा छ। चैतेदसैँ, वडादसैँ र अन्य पर्वमा पनि यहाँ दर्शनार्थी भक्तहरू भक्तिभाव अर्पण गर्छन्।

भीमेश्वर शिवलिङ्ग, (कोशीदोभान) दोलखा

स्वर्णकौशिकी र ताम्रकौशिकी (सुनकोशी र तामाकोशी)का दोभानमा देवतीर्थ वेणीघाट छ। शुम्भासुर दैत्यका भयले भागेका देवताले ध्यान गर्दा यी महादेव प्रकट भएका हुन्। यिनै महादेवका प्रभावले कालिकाले शुम्भादि दैत्यको विनाश गरी देवताको राज्यसुख फिर्ता गरिथिन्। तीर्थमा स्नान नगरी देवताको पूजा पनि नगरेको र श्राद्धमा वारवार खाएका पापले सुँगुर वनी जन्मिएका रुद्रशर्मा माघकृष्ण १४ मा यस शिवलिङ्गको दर्शनपूजन गर्दा मुक्त भएको चर्चा छ। यसको प्राचीन नाम ताम्रचूड पर्वत हो। विरूपाक्षसमेतले सेवन गरेको यो शिवलिङ्ग ६४ शिवलिङ्गमध्ये एक हो। तामाकोशी र दोलती खोलाको दोभानमा नागदह छ, त्यसभन्दा उत्तरतर्फ त्रिपुरासुन्दरीको दर्शन र धाराको स्नान पनि विशेष महत्त्वका मानिन्छन्।

भीमेश्वर, (गौराती) सिन्धुपाल्चोक

सिन्धुपाल्चोकअन्तर्गत गौरातीमा प्रत्येक वर्ष कार्तिकपूर्णिमामा स्वदेश तथा विदेशका भक्तालुहरू आउँछन्। रातभर वत्ती वाल्छन्, जाग्राम वस्छन् र भीमसेनको आराधना गर्छन्।

करिव आजभन्दा २०० वर्ष अगाडि गौरातीडाँडामा गाई चराउन लाग्दा लैना गाईले आफ्ना स्तनवाट दुग्धधारा वहाएको देखी यहाँ कुनै अदृश्य शक्ति छ भन्ने विश्वास राखी दुग्धधारा वगेको शिलालाई भीमेश्वर भनी स्थानीय भक्तहरूले पूजा गर्दै आएको तथ्य स्थानीय जनतावाट परम्परागत रूपमा प्रचलित हुँदै आएको छ।

कार्तिक पूर्णिमामा तीन दिनसम्म यहाँ मेला लाग्छ। असङ्ख्य मानिस आउँछन्। श्रद्धापूर्वक भावना चढाउँछन्। भीमेश्वरको पूजा गर्छन। पञ्चवलि चढाउने पनि चलन छ।

भीमेश्वर, (खुर्कोट) सिन्धुली

भीमेश्वर गाउँको खुर्कोट सदावर्तमा यो मन्दिर छ। यस मन्दिरको स्थापना राजा प्रताप मल्लले गरेका हुन् पनि भनिन्छ। मन्दिर खुला छ। चारैतिर पर्खाल छ। वीचमा उठेको जमिनमा भीमसेनको मूर्ति छ। त्यहीँ पत्थरको कलात्मक सिंह पनि छ। मन्दिरको गुठी केही भए पनि राम्रो प्रवन्ध देखिँदैन। वडादसैंमा चाहिँ चन्दा उठाएर पनि वलिसहित पूजा गर्ने चलन छ।

भित्रीकोट राजदरबार, (विजबार) प्युठान

विजवार गाउँमा रहेको यो राजदरवार वि.सं. १६१० मा वनेको देखिन्छ। प्युठानका छ थुममध्ये वीचको थुम भएकाले यसलाई भित्रीकोट भनिएको हो। दरवार पुरातात्त्विक भग्नावशेषका रूपमा छ। मूर्तिहरू देखिँदैनन्। केही कटारीहरू छन्। कटारीहरूलाई नै शक्तिको प्रतीक मानी यहाँ पूजा गरिन्छ। यहाँ गुफा पनि छ जसवाट धर्मावती नदीमा पुगेर त्यस वेलाका राजा स्नान गर्थे भनिन्छ। चैतेदसैं र वडादसैंमा अहिले पनि मेला लाग्छ। यो हेर्दा प्राचीन अवस्थाको झझल्को पाइन्छ।

भृङ्गेश्वर महादेव, ललितपुर

सुनागुठीनजिक सिद्धरस कुण्ड तीर्थ छ। यहीँ ज्ञानवापि (इनार) तीर्थ छ। छारपाखेलमा नागदह छ। कर्तव्यच्युत हुँदा महादेववाट श्राप पाएका भृङ्गीले मानव रूप लिई दीन वनी ध्यान गर्दा यस लिङ्गको उत्पत्ति भएको हो। उडिसा नगरका नहुस राजाले कर्तव्यच्युत हुँदा सर्प वन्नुपर्दा अनेक दुःखकष्टले पीडित थिए। यिनै महादेवको उपासनावाट उनले मुक्ति पाए। वैशाखशुक्ल पूर्णिमा दर्शनपूजनका लागि उत्तम मानिएको छ। यसको प्राचीन नाम नागकूटपर्वत हो। विरूपाक्षले पनि सेवन गरेको यो शिवलिङ्ग नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिन्छ।

भुटनदेवी, (हेटौडा) मकवानपुर

हेटौडामा यो मन्दिर छ। सेन राजाहरूकै पालामा भुटनदेवीको मन्दिर वनेको देखिन्छ। यस मन्दिरका वरपर भग्नावशेष निकै पाइन्छन् सेनकालीन। राणाहरू यस क्षेत्रमा सिकारमा जाँदा यिनै देवीमा वलि चढाएर सिकार खेल्थे। देवीको पूजा नगरे उपयुक्त सिकार पाइँदैन भन्ने विश्वास थियो भनिन्छ। करिव १०० वर्ष अगाडिका घण्टाहरू यहाँ छन्।

भुटनदेवीको मन्दिर शिखर शैलीमा छ। मन्दिरका दक्षिणतिर लक्ष्मीनारायणको मन्दिर, उत्तरपश्चिम कुनामा गणेश, महावीरको मन्दिरअगाडि पछाडि चतुर्मुख भएको प्रस्तरको शिवलिङ्ग छ। भुटनदेवीको मन्दिरभित्र विभिन्न आयुधहरू लिएकी, १८ हात भएकी भगवतीको शिलाको मूर्ति छ। दायाँ वाघ र वायाँ मानिसको मूर्ति छ। यी सबै एउटै शिलामा वनाइएकाले कलात्मक पनि छ। मन्दिरको रेखदेख, मर्मतसम्भारका लागि सञ्चालक समिति छ। प्राचीन मन्दिरको जीर्णोद्धार २०२८ मा भएको हो। यी देवीप्रति जनआस्था छ। वाधाविरोध र समस्या परे भक्तहरू यी देवीवाट सुरक्षाको भरोसा गर्दछन्। महाभारतकालीन हिडम्वा राक्षसीका नामवाट हेटौडा वन्न गएको र हिडम्वाकै वहिनी भुटनदेवी शक्ति माताका रूपमा चिनिएकी हुन् भन्ने पनि जनधारणा छ।

भुवनेश्वर, (पशुपति) काठमाडौँ

देउपाटन पशुपतिनाथदेखि पश्चिममा भस्मेश्वरदेखि पश्चिममा ज्ञानतीर्थ छ। ज्ञानकुण्डको जल भुवनेश्वर शिवलिङ्गमा एक वर्षसम्म चढाउँछ भने अज्ञान नाश भई ज्ञान प्राप्त हुन्छ भनिएको छ। नेमुनि र विरूपाक्षले पनि यस कुण्डको जल सेवनले ज्ञान प्राप्त गरेको चर्चा छ। यो कुण्ड र आर्यातीर्थदेखि केही दक्षिण खर्वरिका तीर्थ छ, यस तीर्थको सेवन र भुवनेश्वरको दर्शनपूजन, उत्तम मानिएको छ। इनद्रादि देवता पशुपतिनाथको शरणमा मृगस्थली आई वस्ता भुवन नामका देवताले यस लिङ्गको पूजन, सेवन गर्दा ज्ञान प्राप्त भएको कथा छ। हस्तिनापुरकी मधुश्रवा नामकी स्त्री व्यभिचारिणी, विधवा थिई। माघकृष्ण ८ मा यस शिवलिङ्गको उपासनाद्वारा पापरहित भई मुक्त हुन गई। प्राचीन नाम वृषभाचल हो। विरूपाक्षले पनि यसको सेवन गरेको र ६४ शिवलिङ्गमध्ये यो एक मानिन्छ।

भुवनेश्वरी मन्दिर, (पशुपति) काठमाडौँ

गौशालावाट पशुपतितर्फ जाँदा वायाँतर्फ यो मन्दिर छ। चारपाखे नेपाली मण्डप शैलीमा निर्मित दुई तले मन्दिरमा भुवनेश्वरीदेवीको मूर्ति नभई प्रतीकात्मक यन्त्र छ। कर्माचार्य पुजारी छन् र पुजारीवाहेक अन्य व्यक्ति भित्र जान पाइँदैन। लिच्छविकालीन शिवदेवले वनाएको र नरेन्द्र मल्ल (वि.सं. १५८६) ले जीर्णोद्धार गरेको उल्लेख पाइन्छ। काष्ठकलाका दृष्टिले त महत्त्वपूर्ण छँदै छ। पशुपति क्षेत्रमा हुने अनेक यात्रा र कृत्यसँग यो मन्दिर सम्वन्धित छ। वैशाखमा हुने दमनारोहण, जेठमा हुने देवालीपूजा, असारमा हुने त्रिशूलयात्रा, श्रावणमा घण्टा कर्णलाई भोज खुवाउने, असोजको नवरात्रिपूजा, कार्तिकमा लक्ष्मीपूजा, चैत्रमा हुने

दुदुच्याँच्याँमा संलग्नताजस्ता पर्वका अतिरिक्त पशुपतिनाथमा प्रत्येक पूर्णिमाका दिन हुने महास्नान हुँदा भुवनेश्वरीलाई पनि पूजासामान तथा भाग पठाउनुपर्ने विधान छ। प्राङ्गणमा ज्ञानवादी ढुङ्गेधारा छ, यहीँ भुवनेश्वर नामको प्राचीन शिवलिङ्ग पनि छ। पशुपति क्षेत्रको प्रसिद्ध चर्चित मन्दिरका रूपमा भुवनेश्वरीलाई अगाडि सार्न सकिन्छ।

भुवनेश्वरी पाटेश्वरी भगवती, (हेवल्ला) सल्यान

सल्यानको हेवल्ला गाउँ खैरावाङमा भुवनेश्वरी पाटेश्वरी भगवतीको मन्दिर छ। भूमिवाट आफैँ उत्पन्न भएकी हुनाले भुवनेश्वरी भनिए पनि सरकारी कागजहरूमा पाटेश्वरी कालिका भन्ने पनि भेटिन्छ। यो पीठ कहिलेदेखि कसरी उत्पन्न भयो भन्ने विषय अझै अनुसन्धेय रहे पनि १८ औँ शताव्दीभन्दा अघिदेखि नै प्रचलित भन्ने चाहिँ प्रमाण फेला पर्दछ। भीमसेन थापाको यस मन्दिरको फूलवारी कायम गरेको लालमोहर देखिन्छ। ३०८३० फिट वर्गाकारको ५० फिट अग्लो यस मन्दिरमा गुह्येश्वरी आकारकी भगवती छन्। त्यहाँ एक भौलो छ। र पर्वमा वलि चढाउने चलन पनि छ। मन्दिरभित्र त्रिशूल र अन्य घण्टाहरू पनि भक्तहरूले चढाएका छन्। सहस्रवाहु भएकी भगवतीको मूर्ति पनि एक योगीले त्यहाँ स्थापना गरेका छन्। नित्यपूजा र पर्वपूजामा वलि पनि चढाइन्छ। कुनै वाधा परे, समस्या आए, मनमा शान्ति नभए समस्या समाधानका लागि भक्तहरू देवीको उपासना गर्छन् र यथोचित फल पनि प्राप्त गर्दै आएको तथ्य स्थानीय भक्तहरूवाट जानकारी मिल्छ।

भूतकुवा, रूपन्देही

नरेश्वर र ऐरेनी स्थानदेखि दक्षिणतिर छ। यसको अस्तित्व झन्डै दुई सय वर्ष अगाडि देखिन्छ। माटोमाथि खुल्ला भए पनि माटोमुनि इनार भएको अनुमान हुन्छ। पत्थर काटेर मिलाइएका ढुङ्गाहरू देखिन्छन्। तल ढुङ्गा र फलामले पनि कसेर २० हातजति गहिरो वनाइएको कुवा छ। यहाँको पानी नुनिलो छ। मानिसहरू खाने पनि गर्छन्। यो कुवा एकै रातमा भूतले वनाएको भन्ने जनश्रुति छ। काटेर चिटिक्क पारेर, कलात्मक रूपले वनाएको देख्ता पहिले दरवार वा मन्दिर केही थियो कि भन्ने अनुमान हुन्छ।

भूतको ढुङ्गा, (दुनै) डोल्पा

दुनैमा सरस्वतीमन्दिरको उत्तरतर्फ जमिनको वीचमा एउटा ढुङ्गा छ। यसलाई छुनुहुँदैन, छोए भूत लाग्छ भन्ने जनविश्वास छ। यहीं घरको जग खन्दा घ्याम्पो भेटियो, जसभित्र मानिसका हाडखोर भेटिए।

त्यही भेटिएको ढुङ्गो हो यो। यो ढुङ्गो छुँदा र यसमाथि उफ्रँदा मानिसहरू विरामी पनि परे। यसवाट यसलाई भूतको ढुङ्गा भन्न थालियो। अहिले पनि यसलाई प्राचीन नेपालमा महापाषाण युगको पाषाण भनी परिचय दिएका छन्।

भूमेथान, (खैराकोट) प्युठान

खैराकोट गाउँमा भूमेस्थान छ। करिव ३०० वर्ष अगाडिको लालमोहर देखिएकाले यसको प्राचीनता स्पष्ट हुन्छ। चारपाते शैलीमा निर्मित यस स्थानमा पादुका र निकै खड्ग छन्। विहानसाँझ सामान्य पूजा हुन्छ। वडादसैंमा चाहिँ निकै ठूलो मेला लाग्छ। भूमेदेवताको आराधना र पूजा हुन्छ।

भूर्तिदेवल, (बेलवासपुर) दैलेख

वेलासपुरको मूर्ति गाउँमा २२ देवल छन्। नजिकै पाँच देवल र अलिक पर अर्को पनि छ। यी देवल पञ्चपाण्डवले वनवासकालमा वनाई सम्झनास्वरूप छाडेका हुन् भनिन्छ। यी देवल शिखर शैलीका छन्। यी देवल १० देखि १८।२० फिटसम्मका छन्। पत्थर र फलामको जोर्नीवाट यी देवल तयार भएका छन्। यहाँ पूजा तथा सफाइको प्रवन्ध छैन। यस्ता देवल छिमेकी अन्य गाउँमा पनि छन्। यी देवलवारे खास अन्य जानकारी मिल्दैन। देवलैदेवल किन वने ? अनुसन्धेय छ।

भेडियामठ, (गोरपार) सप्तरी

गोरपार गाउँमा यो मठ छ। यसलाई ठेलिया मठ, वरसखण्डी वावाजस्ता नामले पनि चिनाउने गरिन्छ। गुरुनानक सम्प्रदाय वावा मोहनदास वैरागीकुटी यहीँ थियो। यी वावालाई वरसखण्डी पनि भनिन्थ्यो। शिखधर्मका प्रवर्तक गुरुनानक स्वयं यस स्थानमा विलीन भएका थिए भनिन्छ। त्यसैले वरसखण्डी वावा यहीँ रहे र यहीँ समाधिस्थ पनि भए। शिखधर्मसँग सम्वन्धित अति प्राचीन ग्रन्थ यहाँ अझै सुरक्षित रहेकाले यस स्थानको विशेष महत्त्व अवश्य छ भन्ने वुझिन्छ। गर्भगृहमा वरसखण्डी वावाको समाधि छ। दुर्लभ शिखग्रन्थ पनि यहीँ छ। यसका लागि श्री ५ राजेन्द्रका पालामा गुठी प्रवन्ध भएको देखिन्छ। यहाँ शिखहरूको दर्शनार्थ घुइँचो लाग्दथ्यो। यातायातको कठिनाइ र सुव्यवस्थाको उचित प्रवन्ध नहुँदा आवागमनमा कमी आएको छ।

भैरवकोट, (तुप्चे) नुवाकोट

तुप्चे गाउँमा त्रिशूलीवजारदेखि उत्तरको डाँडोमा यो कोट पर्दछ। युद्ध सञ्चालनमा यस कोटको महत्त्वपूर्ण भूमिका रह्यो। पश्चिममा सामरी भन्ज्याङ, दक्षिणमा देवीघाटजस्ता स्थल स्पष्ट देखिने यस स्थलको सामरिक

महत्व छ। यहाँ सालका रूखहरू छन्। खास मूर्ति नभए पनि दर्शनीय र पूज्य स्थलका रूपमा मानिसहरू लिन्छन्। मूर्ति हराइसके। १९१७ सालमा वटुकभैरवलाई चढाएको घण्टा छ। शिलालाई भोग दिई पुजिने यो स्थल पहाडको टुप्पामा करिव २ रोपनी जग्गामा फैलिएको छ। पृथ्वीनारायण शाह नुवाकोट दरवारमा रहँदा यहीँ देवाली गरिन्थ्यो भनिन्छ। केही त्रिशूल, कीर्तिस्तम्भ छन्। वनभोजका रूपमा यस स्थानको उपयोग वढी हुने गरेको छ।

भैरवीस्थान, (विदुर) नुवाकोट

नुवाकोटको सदरमुकाम विदुरमा भैरवीको मन्दिर छ। नेपालका प्रसिद्ध भैरवभैरवीको नाम लिँदा नुवाकोट भैरवीको नाम पनि अगाडि आउँछ। यहाँका भैरवलाई गण्डकी भैरव भनिन्छ। भैरवको अस्तित्व वढी थियो। राज्य सुरक्षा, शक्ति प्राप्ति, नगरिक सुरक्षासमेतका लागि भैरवभैरवीको उपासना गर्ने चलन पुरानै हो। पृथ्वीनारायण शाह पनि भैरवीका उपासक थिए। राज्यविस्तारमा भैरवीको प्रेरणा, आशीर्वाद लिएका थिए। भैरवीजात्रालाई देवीजात्रा भनिन्छ। यस टोललाई देवीस्थानटोल भन्ने गरिन्छ। मस्त सिद्धान्तमा निर्मित शीर्षभाग मात्र देखिन्छ। स्वयं पृथ्वीनारायणले शिवपुरी विजयको प्रार्थना गरी १८१६ सालमा एउटा घण्टा चढाएको देखिन्छ। भैरवभैरवीको दुई तले मन्दिर छ। यसको निर्माण १७८३ मा जगज्जय मल्लले गरेथे। काष्ठकलाको दृष्टिले यो मन्दिर निकै महत्व राख्तछ। अरू मल्ल राजाले पनि मर्मतसुधार गरेको पाइन्छ। भैरवेश्वर महादेवका रूपमा पनि आराधना गर्ने गरिन्छ। भैरव पनि महादेवकै अर्को रूप भएकाले अतिशयोक्ति ठान्न मिल्दैन। नेपाल अङ्ग्रेज युद्ध, नेपाल भोट युद्धवाट प्राप्त केही हतियार पनि यहाँ चढाइएको छ भनिन्छ। खड्गसिद्धिका लागि यसो गर्ने गरिन्थ्यो। देवीयात्रामा धामीलाई भोग खुवाउने मण्डप, भीमसेनमूर्ति, सरस्वतीमूर्ति, एक चैत्यजस्ता अन्य देवदेवी पनि यहाँ छन्। अग्लो ठाउँमा रहेको यो मन्दिर साधारण जनतादेखि राजामहाराजाले पनि मानिएको, पुजिएको देवस्थलका रूपमा चिनिन्छ।

भैरवनाथ, जुम्ला

जुम्लावजारदेखि केही माथि यो मन्दिर छ। यी भैरवलाई वटुकभैरवनाथ पनि भनिन्छ। मन्दिर निकै भव्य छ। चन्दननाथ गुरु र भैरवनाथ शिष्यका रूपमा यहाँ स्थापित छन्। दक्षिणाभिमुख १ तले मन्दिर छ। मूल रूपमा भैरवनाथ रहे पनि अन्य देवदेवीका मूर्ति पनि यहाँ छन्। यी मूर्तिहरूमा लक्ष्मी, आकाशभैरव, नीलभैरव, वालभैरव, कालभैरव, महाकाली, गोरखनाथ, गोपाल, वटुकभैरव, हनुमान, कामाक्ष्याका मूर्ति

छन् । सामान्य शास्त्रीय विधिअनुसार नित्यपूजा हुन्छ । कृष्णाष्टमी, कालरात्रि, चैत्राष्टमी, कोजाग्रत पूर्णिमामा पर्वपूजा हुन्छ । राँगा, वोका पनि काटिन्छन् । प्रत्येक हप्ताको आइतवार ८ माना चामल र गहुँको रोटी वनाई भोग पनि अर्पण गरिन्छ । वि.सं. १९८६ पछिका घण्टाहरू यहाँ छन् । मन्दिरभित्र फोटो खिच्न निषेध छ । यी भैरव साक्षात् छन् भनिन्छ । स्थानीय वासिन्दा भक्तिभाव प्रकट गर्दछन् ।

नरकोट गाउँमा पनि अर्को भैरव मन्दिर छ । करेल राजाको पालामा यसको स्थापना भएको मानिन्छ । ढुङ्गाको गारो, प्यागोडा शैलीको मन्दिरमा भैरव छन् । उत्सव, पर्व, आपत् विपत्मा यी भैरवको पनि पूजा हुन्छ ।

भैरवमन्दिर, (समनपुर) रौतहट

समनपुरमा यो मन्दिर छ । यसको अस्तित्व करिव ३०० वर्ष अगाडिदेखि रहँदै आएको छ । शिखर शैलीमा रहेको यस मन्दिरमा प्राकृतिक शिला छ, शिवलिङ्गजस्तै देखिए पनि भैरव मानेर अर्चना गरिन्छ । पुरेनवा मठको आमदानीवाट यहाँ नित्यपूजा गरिन्छ ।

भैरव, (तानसेन) पाल्पा

पाल्पाको सदरमुकाम तानसेन भैरवस्थान गाउँमा यो मन्दिर छ । उत्पत्ति विषयक अनेक धारणा छन् । पाल्पाका एक सेन राजाले काशीवाट ल्याई सुरक्षार्थ भैरवको स्थापना गरेका हुन् । अर्का थरीको भनाइ छ : पाल्पाली राजा मणिमुकुन्द सेनले काठमाडौं आक्रमण गरी मत्स्येन्द्रनाथको रथअगाडि राखिने भैरवलाई पाल्पा लगी स्थापना गरेका हुन् । भैरवका पुजारी नाथ सम्प्रदायका व्यक्ति रहने हुँदा मत्स्येन्द्रनाथसँगै सम्वन्धित हुन् कि भन्ने तर्क दिन सकिए पनि खास आधार प्राप्त छैन । मणिमुकुन्द सेनको दरवार यस मन्दिरवाट १० मिनेट जतिमा पुगिने हुँदा भैरवको दर्शन सपनामा पाएपछि यहाँ मन्दिर निर्माण गरी भैरव स्थापना गरेको तथ्य तर्कसङ्गत मान्नुपर्छ । हेरम्वराजको हृदयादर्शमा यसलाई वटुकभैरव भनिएको छ । भैरवमन्दिर तले शैलीको छ । भित्री भैरव रूप पुजारीवाहेक अरूले दर्शन गर्न मिल्दैन । वाहिरी रूप सवैले दर्शन गर्न सक्छन् । यस मन्दिरको मर्मतसम्भार समयसमयमा हुँदै आएको छ । यहीं मुकुन्द सेनको दरवार छ जसलाई पञ्चकोटी पनि भन्ने गरिन्छ । यहाँ मुकुन्द सेनका रानीहरू रहन्थे भनिन्छ । पहिले तामाको मूर्ति, त्यसपछि चाँदीको मूर्ति पनि छ । यहाँ अन्य देवदेवीका मूर्ति पनि छन् । यसका लागि गुठी पनि छ, अखण्ड धुनीका लागि पनि गुठी प्रवन्ध छ । यहाँको सरसामानको लगत

मालमा छ। राति १२ वजेदेखि विहान ४ वजेसम्म नित्यपूजा हुन्छ। महाकाल भैरव, वटुकभैरव, काली र भैरवका गणहरू (गणेश, नन्दी, धुनी, भौलो, भैरवचक्र, ढोका आदि) को पूजा गरिन्छ। प्रत्येक मङ्गलवार र शनिवार रोट पनि चढाइन्छ। दिउँसो १२ वजे अन्य देवदेवीलाई स्नान गराई पूजा हुन्छ। २।३ दिन मानिस आउँछन्। वडादसैँको सप्तमी, अष्टमी र नवमीका दिनमा भिड लाग्छ मंसिर र वैशाखको १५ पछि पनि यहाँ दर्शनार्थी भक्तहरूको भिड लाग्ने गर्दछ। यहाँ अखण्ड ज्योति र अखण्ड धुनीको व्यवस्था पनि छ। अखण्ड ज्योति निभ्नुहुँदैन। निभेमा धुनीको आगोवाट पुनः जगाउनुपर्छ। धुनीको आगो निभ्नुहुँदैन निभेमा अखण्ड वत्तीवाट सल्काउनुपर्छ दुवै निभेमा काँगडाज्वाला वा दुल्लुको ज्वालावाट आगो ल्याई सल्काउनुपर्दछ। यहाँ पाटीहरू पनि छन्। भक्तहरूलाई सुरक्षा र सन्तुष्टि दिने भैरवका भक्त निकै छन्।

भैरवमन्दिर, भक्तपुर

वंशावलीमा उल्लेख भएअनुसार कालान्तरमा भक्तपुर एउटा गाउँ थियो। शासन राम्रो थिएन। आज शासक छानिन्थे भोलि मारिन्थे। रानी स्थायी थिइन्। राजा मर्ने कारण थाहा हुँदैनथ्यो। कुनै सूर्यवंशी महान् व्यक्तिले राजा हुने र राजा मर्ने समस्या पत्ता लगाउने निधो गरे। राजा भएपछि रानीको कोठामा गए। गुप्त हतियार पनि उनका साथमा थियो। यथार्थ पत्ता लाउन राजा जाग्राम वसे। निदाएनन्। मध्यरात भयो, रानी निदाइन्। रानीको नाभीवाट सर्प निस्क्यो, सर्पलाई राजाले नडराई हतियारले मारे। राजा मरेनन्, राम्रो शासन गर्दै रहे।

देवी भद्रकालीको वार्षिक यात्रा आयो। यात्रा हेर्न देशविदेशका मानिस आउँथे। तन्त्रज्ञ, मन्त्रज्ञ, मुनिहरू पनि थिए। यात्रा हेर्न कोको आएका रहेछन् भनी अध्ययन गर्दा काशीका प्रसिद्ध भैरव पनि आएका रहेछन्। तिनलाई यहीँ राख्न तन्त्रज्ञले आकाश र जमिनको वाटो वन्द गरे। यो वुझेर भैरवले पृथ्वीमुनिवाट जाने प्रयास गर्दा जान नदिई यहीँ राख्न तन्त्रविधिले आधा प्रवेश गरेपछि शिर छेदन गरियो। शिर यहीँ रह्यो र खुट्टा चाहिं काशी पुगी कालभैरवको रूपमा रहे। काशीका कालभैरवको शिर अरू वस्तुले तयार पारे। भक्तपुरका आनन्ददेवले कलिगत संवत् ४१९७ मा सर्वप्रथम भैरवमन्दिर निर्माण गरे। पछि समयसमयमा मन्दिर वन्दै गयो। भैरव र कालिकाको यात्रामा मेषसङ्क्रान्तिका दिन शत्रुहन्तायोगले लिङ्गो ढाल्ने रीत गरी कालिका र भैरवको रथ जुधाउने गराए। यो यात्रा चल्दै छ। समयसमयमा राजामहाराजाले यस मन्दिरको मर्मतसम्भार गर्दै गए।

भैरवस्थान, (फेदीखोला) नुवाकोट

नुवाकोट फेदीखोलामा भैरवस्थान छ। देवस्थान डाँडाको टुप्पामा रहेको यस स्थानवाट वरपरका हरियाली दृश्य मनमोहक देखिन्छन्। डेढ सयजति खुड्किला चढ्दै यहाँ पुग्नुपर्दछ। शाहजङ्गी नामकी वूढीले यी खुड्किला वनाइदिएकी हुन् भनिन्छ। भैरवस्थानमा माटाको ढिस्को छ। त्यसैलाई भैरव मानी दर्शनपूजा हुन्छ। घण्टाहरू चढाइएका छन्। १९२१ सालको घण्टा पाइए पनि चौवीसे राज्यकै आराध्यदेवका रूपमा भैरवको स्थापना र पूजा हुँदै आएको प्रतीत हुन्छ। अहिले पनि पवित्र भावनाले कुनै कामना गरेर भाकल गरेको छ भने भैरवले पूरा गरिदिन्छन् भनिन्छ। त्यसैले मानिसहरू दर्शनार्थ आउने गर्छन्। यहाँ नित्यपूजा र पर्वपूजा दुवै हुने गर्दछ।

भैरवेश्वर, (देवीघाट) नुवाकोट

कविलास व्यासी देवीघाटमा सत्यवती (तादी) त्रिशूलगङ्गा (त्रिशूली) को सङ्गममा भैरवतीर्थ र भैरवीदेवी छन्। शिवले भैरव रूप लिई संसारको संहार गरी तपस्या गर्दा भैरवेश्वर उत्पन्न भएको मानिन्छ। धर्मशर्माको उपदेशले एक आँखे वैश्यले रातमा वत्ती वाली पूजाआराधना गर्दा भुक्तिमुक्ति पाएको कथा छ। यसको प्राचीन नाम नीलकूट पर्वत हो। विरूपाक्षले पनि यस लिङ्गको दर्शन गरेको वर्णन छ। नेपालका ६४ शिवलिङ्गमध्ये यसलाई पनि एक मानिन्छ।

भैरवीमन्दिर, नुवाकोट

नुवाकोटमा पृथ्वीनारायणको ७ तले दरवारसँगै भैरवीको कलात्मक, आकर्षक मन्दिर छ। पृथ्वीनारायणकै इष्टदेवीका रूपमा स्थापित मानिने भैरवी प्रत्यक्षदेवी मानिन्छिन्। भैरवीको प्राचीन अस्तित्व छ। यात्रा पनि अगाडिदेखि नै चल्दै आएको देखिन्छ। नेपाल संवत् ५६१ को अभिलेखमा त्यसभन्दा अगाडि नै भैरवी भएको प्रमाण भेटिन्छ। चैत्रशुक्ल अष्टमीदेखि पूर्णिमासम्म देवीयात्रा लाग्छ। सरकारको प्रतिनिधि पनि रहने व्यवस्था छ। धामी मण्डपमा उभिएपछि कुमारीले ३ पटक चाँदीको करुवामा पानी दिन्छिन् र खन्याई स्नान गर्छन्। त्यसपछि भैरवीलाई पनि महावलि दिइन्छ। वज्राचार्यले मन्त्रवलद्वारा धामीमा भैरवभैरवी चढाउने गरिन्छ। जात्राको महत्त्वपूर्ण विधान तयार भएपछि वाजागाजासहित अलि तल वूढीदेवताको थानमा पुगेपछि यात्रा टुङ्गिन्छ। ७ तले दरवारमा राजाका तर्फवाट धामीधमिनीलाई १ शस्त्र र गणेशकुमार खलकीलाई पगरी वितरण हुन्थ्यो। धमिनीको सिउँदोमा सिँदुर राखिन्छ। धामीधमिनीलाई सगुन दिई भोज पनि खुवाइन्छ। त्यसपछि धामीधमिनीलाई वाजागाजासहित

तलेजुमन्दिरमा भित्र्याई पूजा सकिएपछि धर्मपानी, वट्टार हुँदै देवीघाटको जालपादेवी भए ठाउँ पुगी यात्रा टुङ्गिन्छ। देवीघाटमा पनि अनुष्ठानपूर्वक धामीलाई राँगा, वोकाको वलि दिइन्छ। देवता चढेका धामीले भविष्यवाणी पनि गर्छन्। भविष्यवाणी राजप्रतिनिधि र वज्राचार्यले मात्र सुन्न पाउँछन्। यसै वेला देवीघाटमा मेला पनि लाग्छ, त्यहाँवाट जात्रा वट्टार हुँदै धर्मपानीमा पूजा लिई तलेजुतर्फ जान्छ। भैरवीस्थान पुगेपछि धमिनीलाई सिँदुर लगाएपछि सिँदुरजात्राको रूप लिन्छ। सैनिकले पनि साथ दिन्छन्। तलेजु हुँदै भैरवीस्थानमा फर्किन्छ। धामीधमिनी आफ्नै निवासमा पुग्छन्। त्यही रात भैरवीस्थानको पूर्वपट्टि डवलीमा भोग दिइन्छ। भोग दिइएका राँगा, वोकाको रगत धामीधमिनीले पिउँछन्। यो हेर्न दर्शकको घुइँचो लाग्छ। वैशाखअष्टमीका दिन वाहिर खटमा रहेका भैरवमूर्ति भित्र्याउने गरिन्छ। भैरवी र वूढीदेवताका स्थानमा नवमी र दशमीका दिन लिङ्गो ढालिन्छ। अन्त्यमा वाह्र भाइ खलकवाट भैरवी र तलेजुमन्दिरमा क्षमापूजा गरी देवीयात्राको विसर्जन हुन्छ। यसरी नुवाकोटमा रहेकी भैरवीयात्रा निकै महत्त्वको रहेको छ।

भैरवीमन्दिर, (सुनौलाबजार) धादिङ

सुनौलावजार गाउँको कोटथोकमा करिव ११ हजार फिट उचाइमा भैरवीमन्दिर रहेको छ। भैरवीको अस्तित्व प्राचीन भए पनि वडामहाराजा पृथ्वीनारायणले मन्दिर वनाई लालमोहर र गुठी व्यवस्था कायम गरी गनामगरलाई पुजारी वनाई उनका सन्तति पनि पुजारी हुँदै जाने परम्परा कायम भएको देखिन्छ।

नेपाली तले शैलीको मन्दिरभित्र देवीको प्रतीकस्वरूप करिव २ फिट अग्लो १० फिट जति गोलाइ भएको शिला छ। केही खुँडा र त्रिशूलहरू पनि छन्। यिनैलाई भैरवी मानी पूजा गरिन्छ। गुठीको आमदानीवाट वडादसैं र चैतेदसैंमा पर्वपूजा पनि हुने गर्दछ। वोका, राँगा, सुँगुर गरी सवै देवदेवतालाई १८ वटा वलि दिनुपर्ने विधान छ। भैरवीस्थान पछाडि भैरवको प्रतीक ठूलो शिला र त्रिशूलहरू छन्। भैरवी शक्तिकी प्रतीक हुन्। शक्ति प्राप्त गर्न भैरवीको उपासना गरिन्छ। धादिङ जिल्लाकै प्रसिद्ध देवीका रूपमा भैरवीको उपासना गर्ने चलन छ।

मकवानपुरगढी, मकवानपुर

गढी गाउँमा यो स्थल छ। पाल्पाली राजा मुकुन्द सेनले यो गढी निर्माण गरेथे भनिन्छ। हेटौडावाट पूर्वोत्तर भागमा रहेको यो गढी मजवुत छ। शत्रुको हमलावाट वच्न अग्लो ठाउँमा छ। चारैतिर खाडल खनिएको छ। तोप जडिएका छन्। चोरडाका फटाहालाई गहिरो इनारमा हाल्ने सजाय दिने प्रवन्ध पनि देखिन्छ। पोखरी पनि छन्। वंशगोपाल र शिवका

मन्दिर पनि छन्। वंशगोपाललाई जन्जिरले वाँधिएको छ। कोतघर पनि छ। प्राकृतिक दृष्टिले जति महत्त्वपूर्ण छ सुरक्षाका दृष्टिले, सांस्कृतिक दृष्टिले पनि यो त्यतिकै प्रभावकारी देखिन्छ। वंशगोपालको मन्दिरमा वाँसुरी वजाइरहेको मूर्ति छ। जो खुट्टामा जन्जिरले वाँधिएको छ। शिवमन्दिरमा शिवलिङ्ग छ। वंशगोपालको मन्दिरमा कृष्णाष्टमीमा मेला लाग्दछ। यसको गुठी भए पनि सुरक्षाटोलीवाट यसको रेखदेख भएको छ। हेर्दा अति रमणीय स्थानमा रहेको यो गढी पुरातात्त्विक दृष्टिले पनि महत्त्व राख्तछ। गोपाल नहिँडून् यहीँ वसून् भनेर जन्जिरले वाँधिएको किंवदन्ती छ।

मङ्गलादेवी, (मनकामना) सङ्खुवासभा

मनकामना गाउँमा यो मन्दिर छ। मङ्गलवार मात्र पूजा चढ्ने हुँदा यी देवीलाई मङ्गलादेवी भनिएको हो। करिव २०० वर्ष अगाडि मगरजातिले स्थापना गरेको भन्ने जनश्रुति छ। ‍पाली शैलीको यस मन्दिरमा मङ्गलादेवीको प्रतीक कालो शिला, केही छत्र र त्रिशूल राखिएका छन्। मगरजातिकै विवाह नगरेको व्यक्ति हुनुपर्ने चलन छ। वि‍ गर्ने निधो भए, विहा नगरेको अर्को पुजारी तैनाथ गर्नुपर्छ। यी देवीप्रति भ‍हरूको आस्था छ। यसै आस्थाले यहाँको पूजाआजा राम्रै चलेको छ।

मङ्गलसेनदरबार, अछाम

एक शताव्दी अगाडि अछामी राजा दलवहादुरले निर्माण गरेको दरवार मङ्गलसेन सदरमुकाममै छ। सुदूर पश्चिमका ठूला दरवारमध्ये यो पर्दछ। ७४६ रोपनी जमिनमा रहेको यो दरवार ऐतिहासिक र कलात्मक पनि छ। यहाँ अहिले सरकारी कार्यालयहरू छन्।

मङ्गलेश्वरमहादेव, (उलाछेटोल) भक्तपुर

भक्तपुरको उलाछे टोलमा नृत्यनाथ अर्द्धनारीश्वरको स्थान रहेको छ। यस स्थानदेखि केही तल भद्रनदीमा मङ्गलतीर्थ छ। यहीँ मङ्गलेश्वर शिवलिङ्ग रहेको छ। मङ्गल नामका ऋषिले सर्वप्रथम यस शिवलिङ्गको आराधना गरी भुक्तिमुक्ति प्राप्त गरेको कथा छ। भाद्रकृष्ण चतुर्दशीमा चाँपको फूल चढाई पूजा गरे सङ्कट टर्ने कुरा लेखिएको छ। यस ठाउँको प्राचीन नाम सुमोदपर्वत हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको चर्चा हिमवत्खण्डमा छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

मर्चबारीमाई, (बोगडी) रूपन्देही

वोगडी गाउँमा मर्चवारीमाईको मन्दिर छ। यो निकै पुरानो मानिन्छ। केही मानिस उत्तरतिर खर काट्न जाँदा राति सपनामा देवीले म

माटो हुन्छु तिमीहरूले दुधको धारा वगाउँदै हिँड्नू जहाँ विसाउँछौ म त्यहीं वस्छु भनिन् । भक्त घाँसीहरूले पनि त्यसै गरे । वनियाडिहा, हर्दी, मर्चवारी र लक्ष्मीपुरमा आइपुग्दा दिसापिसाव लागी विसाए । फर्के र आउँदा दुधको धारा सकिएको र देवी पनि अलप भइसकेकी थिइन् । देवीलाई लैजानेले पनि त्यहीँ देह त्याग गरे । उनीहरूकै सम्झनामा तीनवटा माटाका डल्ला त्यहाँ राखिएका छन् । त्यहाँ दुई खुर्सानी उम्रे । दुई वोटमा दुई खुर्सानी फले । त्यहाँका वासिन्दाले खुर्सानी खाँदा पीडा र दुःख भयो । सपनामा खुर्सानी खाएकोले हो पूजा गर, भक्ति गर ठीक हुनेछ भनी देवीले भनिन् ।

त्यहीँको माटोको डल्लो वनाई देवीको प्रतीकका रूपमा पूजा गर्न थालेपछि पीडादुःख हटचो । यिनै हुन् मर्चवारीदेवी भन्ने जनश्रुति छ । देवी माटोको ढिस्कोका रूपमा छन् । पहिले वलि चढाइन्थ्यो, अहिले वलिप्रथा छैन । सात्विक वस्तुले पूजा गरिन्छ । २०४४ सालमा राजावाट रकम प्राप्त भएपछि मन्दिरको जीर्णोद्धार भएको छ । चैतेदसैं र वडादसैंमा विशेष मेला र विशेष पूजा हुन्छ । नित्यपूजा पनि हुन्छ । यस क्षेत्रकी प्रसिद्ध देवीका रूपमा यिनको उच्च स्थान छ भक्तका हृदयमा ।

मछुअनमठ, (पारसबाबा) पर्सा

वीरगञ्ज वजारको पश्चिमतर्फ करिव ७ किलोमिटरको दूरीमा पारसनाथ वावाको मन्दिर छ । यहीं मठ पनि छ । यो मध्यकालीन मानिन्छ । काठमाडौं जान नसके पारसनाथलाई नै पशुपति मानी पूजाप्रार्थना गर्दछन् । मन्दिर गुम्वज शैलीको छ । ७/८ कट्टा जमिनमा यो परिसर रहेको छ । १५५ विघा जमिन यसको गुठीको रूपमा पनि रहेको छ । गुठी संस्थानवाटै यसको सञ्चालन हुन्छ । नित्यपूजाका अतिरिक्त साधुसन्त, महन्त आदिलाई भोजन पनि गराइन्छ । गर्भगृहभित्र ढुङ्गाको शिवलिङ्ग प्रतिष्ठापित छ । खोपाहरूमा सङ्गमर्मरका लक्ष्मी, शिव, पार्वती, वसाहाका साना मूर्तिहरू पनि छन् । शिवरात्रि, वालाचतुर्दशी, वडादसैं आदिमा भक्तहरू वढी आउने गर्छन् । वीरगञ्जको मुख्य धार्मिक स्थलको रूपमा यो मठ रहेको छ ।

मणिचूडेश्वर, (साँखु) काठमाडौं

काठमाडौंको साँखु उत्तरमा मणिचुडेश्वरको मन्दिर छ । विरूपाक्षले फाल्गुनकृष्ण सप्तमीका दिन पूजा गरेको चर्चा हिमवत्खण्डमा छ । निर्जल स्थानमा गङ्गाजी आएपछि त्यहीँ पानीमा लुकी काकेश्वर नामले शिव रहनुभयो । काकको रूप लिई पार्वतीले देवतालाई रुद्र देखाउनुभयो । त्यसपछि शिव प्रकट भई पार्वतीलाई मोहित पार्नुभयो । जलले छोपी शिव अदृश्य वन्नुभयो । देवताहरू छटपटाएर वज्रयोगिनीको स्तुति भक्ति गर्न

थाले । प्रसन्न भएकी वज्रयोगिनीले केही माथि कुण्ड छ, मेरो क्षमङ्कर रूप त्यहीँ छ । त्यहीँ पानीमा सवैलाई मोहित वनाएर शिव अदृश्य रूपमा हुनुहुन्छ । क्षेमङ्करी रूप पक्षीलाई देवताले देखे । नमस्कार गरेर कुण्ड (तलाउ)मा स्नान गरेर स्तुति गर्न थाले । फाल्गुनकृष्ण सप्तमीका दिन सङ्क्रान्ति पनि परेको थियो । देवताका भक्तिदेखि मणिचूडेश्वर महादेव प्रकट हुनुभयो । देवताहरूलाई अभय दान दिनुभयो । चोर, दुष्ट कुनै व्यक्ति त्यहाँ गएको र स्नान गरेपछि देह त्याग गर्दा शिवगणले लगेको चर्चा पनि छ । त्यो पर्वत चढ्नु मणिचूडेश्वरको दर्शन गर्नु, तालतलाउमा दर्शन गर्नु मानवजीवनमा ठूला कुरा हुन् । त्यहाँ स्नान गरी वज्रयोगिनीको दर्शन गरे अभय रही मुक्तिसमेत पाइने चर्चा छ । जलमै मणिचूडेश्वरको दर्शन साँच्चै भक्तहरूले पाउँछन् भनिन्छ । यो वज्रयोगिनीवाट केही माथि शिखरमा छ । यहाँको धार्मिक महिमा ठूलो छ ।

मणिमुकुन्देश्वर, (तानसेन) पाल्पा

पाल्पाको सदरमुकाम तानसेनमा रहेको यो मन्दिरमा महादेवको स्थापना मणिमुकुन्द सेनले स्थापना गरेकाले मणिमुकुन्देश्वर महादेव भनी नामकरण भएको भनिन्छ । प्राचीन मन्दिर भग्नावशेष मात्र वाँकी भएकोमा यहाँ रहने वुलाय वावाको सक्रियतामा १९९४ सालमा मन्दिरको पुनर्निर्माण भएको हो । यही रहेको वंशगोपाल घण्टाको अभिलेखवाट पनि स्पष्ट हुन्छ । यस मन्दिरको भित्र वीचमा शिलाको शिवलिङ्ग छ । त्यहीँ भित्तामा चतुर्वाहु नारायणको मूर्ति एक छेउमा छ । वीचमा चक्रैचक्र परेको एउटा शिला पनि छ र त्यसलाई मणिमुकुन्द सेनको शिलाकार टाउको हो भन्ने पुजारीको भनाइ छ । नित्यपूजाका लागि गुठी व्यवस्था छ । वैशाखशुक्ल पञ्चमीका दिन मानिस जम्मा भएर महादेवसँग पानी पनि माग्दछन् । त्यस वेला रुद्री पारायण, नाचगान, पूजा, प्रार्थना गर्ने चलन पनि छ ।

मत्स्यनारायण, (कीर्तिपुर) काठमाडौं

कीर्तिपुर मत्स्यगाउँमा मत्स्यनारायण छन् । त्यहीँ कुण्ड छ । त्यसलाई मत्स्यतीर्थ भनिन्छ । मत्स्यअवतारको काम सकेपछि पशुपतिक्षेत्र पावन भएकाले यसै क्षेत्रमा वस्ने चाहना राखी मत्स्यनारायण रहनुभयो । वैशाख, असार, कार्तिक र माघमा यहाँ मेला लाग्छ । श्री ३ जङ्गवहादुर राणाले तलाउ वनाई माछासमेत राख्ने व्यवस्था गरे । पुरुषोत्तम महिनामा यस तीर्थको स्नान, मत्स्यनारायणको दर्शन उत्तम मानिन्छ । यस अवसरमा यहाँ मेला पनि लाग्छ ।

मतेश्वरमहादेव, (परेवादिन) धनकुटा

परेवादिन गाउँको वोक्रेमा यो मन्दिर छ। महादेवको अस्तित्व अनादि भए पनि २००३ सालमा मतवहादुर थापाले मन्दिर वनाएकाले मतेश्वर महादेव नामकरण भएको देखिन्छ। यसभित्र शिवलिङ्ग गणेश, देवी, सूर्य, विष्णु, वसाहाका मूर्ति स्थापना गरिएका छन्। यसको गुठी नभए पनि थापा परिवारवाट पूजासामान जुटाई नित्यपूजाको प्रवन्ध गरिएको छ।

मधुगङ्गामहादेव, (धीरगाउँ) धनकुटा

धीरगाउँको मधुखोलाको गुफाभित्र महादेव रहेका छन्। यसको प्राचीनताको प्रमाण खास नभेटिए पनि अहिलेका पुजारीका ३ पुस्ता पहिलेका हैगन आठपहरिया राईका पालादेखि मधुगङ्गामहादेव र लिङ्गेश्वरीदेवीको पूजा गर्दै आएको जानकारी पाइन्छ। प्राकृतिक गुफामा शिवलिङ्ग रहेको छ। चण्डीपूर्णिमामा पाँच दिनसम्म यहाँ मेला लाग्छ। लिङ्गेश्वरीमा हाँसकुखुरा, परेवा, वोका वलि चढाइन्छ। यसको खास गुठी नभए पनि पुजारीले पूजा चलाउँछन्, भक्तहरू पनि सहयोग गर्दछन्। महादेवकै छेउमा लिङ्गेश्वरी भगवती रहेकी छन्। मेलावाहेक पनि पूजा गर्न भक्तहरू आउने गर्दछन्। धान्यपूर्णिमामा ५ दिनसम्म मेला लाग्दछ। रातमा नाचगान भजन कीर्तन गरी मधुगङ्गामहादेव र लिङ्गेश्वरी देवीलाई प्रसन्न वनाउने काम हुन्छ। यसो गरेमा सुखसुविधा वृद्धि हुन्छ, पीरवाधा हट्छन् भन्ने जनविश्वास छ।

मधुगङ्गामहादेव, (हतपते) सिन्धुली

सिन्धुली जिल्लाको हतपतेको फेदी खोलामा केही जङ्गलको वीचमा एक गुफा छ, त्यहाँ मधुगङ्गा महादेव रहेको त्यति थाह थिएन। गाई चराउन लैजाँदा गाई हराउने, तिनै महादेवको प्रार्थना गर्दा तुरुन्त भेटिने घटना निकै भए। भगवान् महादेवको प्रचार गर्न मेला लगाए। वद्रीवहादुरले यी महादेवको प्रचारमा विशेष ध्यान दिएका छन्। उनकै श्रीमती मेला लागेका वेला निदाइछन्। सपनामा मेला नलगाउनू भनी राता लुगा लगाएका तीन केटीले सम्झाएछन्। गुफाको भित्रपट्टि शिवजीको दक्षिणपट्टि गणेशको, दक्षिणपश्चिमपट्टि कुमारको पूर्वदक्षिणमा सरस्वतीको, उत्तरमा लक्ष्मीको उत्तरपूर्वमा भगवतीका मूर्तिहरू छन्। पूजा गर्दा पहिले गणेश, शिवजी र अरू देवदेवीको पूजा गर्नू भनी अलप भएछन्। त्यस वेलादेखि त्यहाँ राम्रो पूजाको प्रवन्ध वद्रीवहादुरले गरेका छन्। पूजाप्रार्थना नहुँदा अनिष्ट हुने र पूजाप्रार्थनापछि अनिष्ट साम्य हुने घटना आज पनि प्रत्यक्ष अनुभव गर्दै छन्। त्यसैले भक्तहरू टाढाटाढावाट पनि यहाँ मेलापर्वमा आउने गर्न थालेका छन्। अरूको ध्यान चाहिँ त्यति गएको छैन।

मनकामना, गोरखा

गोरखा जिल्लाको दक्षिणपूर्वमा मनकामना देवीको मन्दिर छ। यहाँ सधैँजसो मेला लाग्छ। दर्शनार्थीहरूको भिड लाग्छ। शनिवार, मङ्गलवार, नवरात्रमा त एक प्रकारको जमघट नै हुन्छ। पहाडको शिखरमा वसेकी मनकामना सवैको कामना पूरा गरिदिन्छिन् भन्ने विश्वास गरिन्छ। कुनै कामको लागि प्रार्थना गर्दा र काम पूरा भएपछि पनि भगवतीकहाँ भक्तहरू जाने गर्छन्। ३/४ घण्टाको उकालो चढेर जानुपर्ने स्थिति थियो, तैपनि यहाँ जान्थे। हिजोआज त केवुलकार सञ्चालनले यहाँ जान सुविधा भएको छ। सजिलै जानआउन सकिन्छ। आन्तरिक पर्यटकस्थलका रूपमा यो स्थान निकै चर्चित र प्रसिद्ध छ।

यी देवीको उत्पत्तिवारे अनेक किंवदन्ती छन्। तीमध्ये एक यस्तो छ- रामशाहका रानीमध्ये एक रानी रातीराती वेपत्ता हुने र दिउँसो मात्र राजासँग रहने गर्दथिन्। यस्तो चाला देखेर लखन थापालाई रानी कहाँ जान्छिन् ? के गर्छिन् वुझ्न, गुप्तचरको रूपमा नियुक्त गरिएको थियो। हाल मनकामनाको मन्दिर रहेका ठाउँमा राति लखन थापाले साक्षात् देवीको रूपमा दर्शन पाए। सिंहमाथि चढेर रहेकी प्रत्यक्ष भगवती देखेर लखन थापा प्रसन्न भए। लखनलाई देवीले भनिन् "तिमी मेरो वारेमा के खोजीनिती गर्छौ ? भैगो मलाई भेटिहाल्यौ, यो कुरा कसैलाई पनि नभन्नू। मेरै पुजारी भएर वस, तिम्रै सन्तान मेरा पुजारी हुँदै जानेछन्, तिमीहरूलाई खानलाउनको दुःख हुनेछैन।"

त्यसपछि उनको जीवनकालसम्म लखन थापा नै पुजारी वने। उनका शेषपछि उनकै सन्तान पुजारी वन्दै गए। रूखोसुखो डाँडामा पनि उनीहरूलाई खानलाउनको दुःख भएको छैन। देवीका प्रसादले पुगेकै छ।

केही समयपछि कालगतिले रामशाहको निधन भयो। त्यहीँ तल नदीमा दाहसंस्कार भयो। रानी पनि सती गइन्। तर मलामीहरूले प्रत्यक्ष देखे। रानी डढिनन् त्यसै अलप भइन्। त्यसपछि हाल मनकामना रहेकै स्थानमा भगवती विद्यमान छन्। वोका, कुखुराको वलि हुन्छ। सो स्थानवाट चारैतिरको प्राकृतिक दृश्य अत्यन्त मनोहरी रूपमा देख्न सकिन्छ।

यहाँ गएका दर्शनार्थीहरूको भिड देख्ता लाग्छ धर्मको नाश भएको छैन, अझ उत्थान हुँदै गएको छ। भगवतीप्रति विश्वासको भावना अत्यन्त तीव्र वन्दै गएको छ। होइन भने अनेक स्थान र देशवाट समेत यहाँ मानिस किन आउँथे।

मनकामनादेवी, सङ्खुवासभा

मनकामना गाउँअन्तर्गत अरुणको किनारमा यो मन्दिर छ। मनको चाहना भक्तहरूलाई पुऱ्याइदिने भएकीले मनकामना नामकरण गरिएको देखिन्छ। झन्डै २०० वर्ष अगाडि यो मूर्ति अरुणनदीको तीरमा फेला परेकाले विधिपूर्वक यहाँ स्थापना गरिएको भनिन्छ। प्यागोडा शैलीको मन्दिरमा ढुङ्गाको मनकामनाको मूर्ति, मुक्तिनाथ शिवलिङ्ग पनि रहेका छन्। यहाँ नित्यपूजाको प्रवन्ध छ। वलि चढाउन ल्याए वाहिरपट्टि कालिका मूर्तिमा वलि चढाइन्छ। ठूली एकादशीका दिन मेला लाग्छ। टाढाटाढावाट पनि भक्तहरू आउँछन्। मानिसहरूको श्रद्धाभक्तिवाट अर्पित वस्तुहरूवाट नै पूजाआजाको व्यवस्था गरिएको छ। पूर्वकी मनकामनाका रूपमा यी देवीको महिमा धेरैले वुझेका छन्।

मनकामनामाई, (मनहरिबजार) मकवानपुर

मनहरिवजारदेखि पश्चिमपट्टि यो मन्दिर छ। यसको अस्तित्व प्राचीन भए पनि २०३६ मा यसको जीर्णोद्धार भएको देखिन्छ। शिखर शैलीमा निर्मित यस मन्दिरमा देवीको प्रस्तरमूर्ति छ। हनुमान, वुद्ध तथा अन्य देवदेवीका मूर्ति पनि छन्। यहाँ अरू पनि भग्नावशेषहरू छन्। सेनवंशी राजाको इतिहास यहाँ हुन सक्छ। नित्य नैमित्तिक पूजा हुन नसके पनि जनताको आस्था र विश्वास यस स्थानप्रति रहेको छ।

मनमैजू, काठमाडौं

कान्तिपुरको वालाजु जाने पुल (विष्णुमतीको) माथितिर मनमैजू गा.वि.स. छ। उक्त गा.वि.स.को नाम मनमैजूदेवीकै नामवाट रहेको हो। केही अग्लो ठाउँमा रहेको मनमैजूमन्दिर छ र देवीको मूर्ति पनि छ। यहाँ शनिवार, मङ्गलवार र अन्य चाडपर्वका वेला पनि दर्शनार्थीहरू आउँछन्। प्रत्येक वडादसैंको षष्ठीका दिन यी देवीलाई नौरथा स्नान गराउने चलन छ। अनुहार विग्रेका, दाग भएका वा नराम्रा व्यक्तिले यी देवीको दर्शन गरेमा वा यस क्षेत्रमा वसोवास गरी भक्ति गरेमा अनुहार राम्रो हुँदै जाने विश्वास छ।

यी देवीको उत्पत्तिवारे जनधारणा यस्तो छ- "जीतपुर गाउँमा मन नामकी एक कन्या थिइन्। उनी विष्णुमती र महादेव खोलाको वीचमा इन्द्रको तपस्या गर्थिन्। इन्द्र प्रसन्न भई वरादान लेऊ भन्दा इन्द्रलाई नै पतिवरण गर्ने इच्छा व्यक्त गरिन्। इन्द्रले हुन्छ भने र विहा पनि गरे तर मुखमा दाग भएकी स्वर्गमा नसुहाउने हुँदा लिएर गएनन्। यही ठाउँमा मनमैजूदेवीका नामले प्रसिद्ध भई रहनू भनी वर दिए, त्यतिमात्र होइन नराम्रा मानिसलाई विस्तारै सुन्दर वनाउन सक्नू भनी वर दिए।

यहाँ नेपाल संवत् ७८६ को एक शिलालेख पनि छ। प्यागोडा शैलीको मन्दिर मल्लकालमा वनेको मानिन्छ। गीर्वाणयुद्ध विक्रम शाहले आफ्नी जेठी रानीको सम्झनामा १८५८ मा गुठी पनि राखिदिएका थिए।

प्रत्येक वैशाखपूर्णिमाका दिन यहाँ ठूलो मेला लाग्छ। स्थानीय वासिन्दा मनमैजूमाई भनेर श्रद्धा र आस्थाका दृष्टिले हेर्दछन्।

मन्ठारीबाबा, (बिसुनपुरा) रूपन्देही

विसुनपुरा गाउँको पौवा भन्ने ठाउँमा मन्ठारी वावाको स्थान छ। अग्लो ढिस्को छ, पिपलको वूढो रूखले मन्दिर भत्काइसकेको छ। अवशेष मात्र देखिन्छ। मन्दिर र मूर्ति नदेखिए पनि प्राचीन स्थानको ढिस्को नै मन्ठारी वावाको स्थान मानिन्छ। करिव सय वर्ष अगाडि मन्ठारी वावा यहाँ रहन्थे, उनी यहीँ समाधिस्थ भएथे। उनले आफ्ना खराउ र सुनको हार नजिकैको पोखरीमा राखेका थिए भनिन्छ। उनी सिद्ध र त्यागी पनि थिए। उनै वावाको सम्झना गराउने यो स्थल श्रद्धाले हेरिए पनि उपेक्षित रूपमै छ।

मनौरीमहादेव, (अमारी) रूपन्देही

अमारीगाउँमा मनौरीमहादेव छन्। यो निकै प्राचीन महत्त्वको स्थल मानिन्छ। इनार, पोखरी, इँटा ज्यादै पुराना भेटिँदा यसको प्राचीनता स्पष्ट छ। उत्थान गर्दा यहाँ प्राचीन सामग्री भेटिने सम्भावना वढी छ। यहाँ प्रस्तरको शिवलिङ्ग छ। शिवलिङ्गदेखि पूर्व पोखरी छ। यहाँका भग्नावशेषले वुद्धकालीन पुरातात्त्विक स्थलजस्तो लाग्छ। पी.सी. मुखर्जीले पनि मनौरी महादेववारे महत्त्वपूर्ण सार्थक टिप्पणी गरेका छन्। उनका दृष्टिमा मायादेवी कालीन शिवलिङ्ग हो। उत्खनन गर्न सके महत्त्वपूर्ण सामग्री उपलव्ध हुन सक्छन्। यहाँ शिवरात्रिमा मेला लाग्छ। नाचगान, पूजापाठ गरेर महादेवलाई प्रसन्न पार्ने काम हुन्छ।

मरूसत्तल, (हनुमानढोका) काठमाडौं

हनुमानढोका गद्दीवैठकको सामुन्ने पशिचमतिर तीनछाने विशाल भवन मरुसत्तल रहेको छ। यसलाई काष्ठमण्डप पनि भनिन्छ। यसै नामवाट काठमाडौं नाम रहेको हो। नेपाली वास्तुकलाको इतिहासमा यसको विशिष्ट स्थान छ। यस भवनको भुईंतलामा गोरखनाथको मूर्ति रहेको छ। यो निकै पुरानो सत्तल हो र यसवारे अनेक जनश्रुति छन्। तीमध्ये एक कथा यस्तो छ- "राजा लक्ष्मीनरसिंहको पालामा मत्स्येन्द्रनाथको जात्रा हेर्न कल्पवृक्ष मानिसको रूप लिएर आएका थिए। एक जना तान्त्रिक पूजारीले चिनेछन् र च्याप्प समातेछन्। एउटै सिङ्गो

रूखवाट एक सत्तल वनाउने कवुल गरेपछि मात्र छाडेछन्। ४ दिनपछि विशाल सालको रूख पठाएछन् र त्यसै रूखवाट उक्त सत्तल निर्माण भएको हो भनिन्छ। यसभन्दा अगाडि पनि काष्ठमण्डप भनिन्थ्यो भन्ने ऐतिहासिक प्रमाण पनि पाइएका छन्। सत्तलसँगै धर्मका लागि धारा वनाउने चलन थियो- यहाँ पनि मरुहिटी छ।

यस सत्तलको प्रतिष्ठा अहिलेसम्म भएको छैन। जुन दिन नुन र तेलको एउटै दररेट कायम हुन्छ त्यही दिन प्रतिष्ठा हुन्छ भन्ने जनश्रुति छ। त्यो नभएकाले प्रतिष्ठा वाँकी नै छ। जे भए पनि धार्मिक र ऐतिहासिक दृष्टिले यसको महत्त्व छ। स्वयं कल्पवृक्षको कृपावाट निर्मित यस भवनको आफ्नै महत्त्व छ।

मल्लिकार्जुन, दार्चुला

महाकाली अञ्चलको दार्चुला जिल्लाको मध्यदक्षिणी भागमा करिव २० हजार फिटको उचाइमा रहेको यो तीर्थस्थल मल्लिकार्जुन शिखर नामले प्रसिद्ध छ। व्यास, दुहु, मार्मा र लेकम गरी चार गर्खाक्षेत्रमा विभाजित लेकम क्षेत्रको मध्यभागमा यो तीर्थ पर्दछ। भारतमा पनि मल्लिकार्जुन तीर्थ छ। त्यसकै प्रतिरूप यो तीर्थ पनि मानिन्छ। हिउँदमा यहाँ हिउँले ढाक्छ। द्वादश ज्योतिर्लिङ्गमध्ये यो शिवलिङ्ग पनि एक मानिन्छ। यस शिवलिङ्गवारे जनश्रुति यस्तो छ। "सन् १२८० तिर भारतको कत्योरवाट अमयराज नामका शिवभक्त व्राह्मणले इष्टदेव शिवलिङ्ग लिएर आएथे। विजयपुरमा आएर वसे। त्यहाँका राजा (तत्कालीन)लाई गाईको मासु चाहिने रहेछ। त्यसका लागि गोहत्या पनि हुने भयो। एक रात शिवलिङ्ग हराएछ, अमयराज चिन्तित भए। सपनामा हराएकोमा चिन्ता नगर म मल्लिकार्जुन शिखरमा रहेको छु। गोहत्या हुने अपवित्र ठाउँमा मैले वस्न चाहिनँ। मेरो दर्शन गर्ने भए काँडो विझेको वाघ तिम्रा सामु आउनेछ, नडाराई काँडो झिकिदिनू र त्यस वाघसँगै आउनू म भए ठाउँ आइपुग्नेछौ। नभन्दै त्यस्तै भयो। त्यसै वेलादेखि मल्लिकार्जुन शिवलिङ्ग नामले प्रसिद्ध भए। पूजाआजा सुरु भयो। आषाढको र कार्तिकको शुक्ल चतुर्दशीमा यहाँ मेला लाग्छ। ७ दिनदेखि नित्य स्नान गरी निष्ठापूर्वक नियममा रहने यात्रीहरू मात्र यहाँ पुग्न सक्छन्। भक्तिले जानेहरूलाई थकाइ लाग्दैन, लेक भए पनि यस क्षेत्रमा जुका लाग्दैन। ढुङ्गाको मूर्तिमा अर्को ढुङ्गा चुम्वकले तानेझैं टाँसिन्छ। गणेश र अन्य मूर्ति पनि छन्। घाउचोट लागे यहाँ जानुहुँदैन भनिन्छ, तर घाउचोट यहाँ जानेहरूलाई लागेको छैन भनिन्छ।

मस्टोमन्दिर, (पैकगाउँ) जाजरकोट

पैकगाउँमा यो मन्दिर छ। कुसेभुसे लेकको दक्षिण भागमा यो मन्दिर पर्दछ। यसलाई दुधिया मस्टो पनि भनिन्छ। यसको उत्पत्ति सम्वन्धमा जनश्रुति यस्तो छ : एउटा काग उडेर आउँदै थियो। एक व्राह्मण पनि त्यसमुनि आउँदै थिए। काग एक ढुङ्गामा वस्यो। व्राह्मणले कागको खुट्टामा समाए। कागमा ज्योति देखे तर व्राह्मणका हातमा खुट्टा मात्र रहे, काग अलप भयो। त्यही एउटा घण्ट पनि फेला पर्‍यो। कागको खुट्टा र घण्टलाई दुधिया मस्टोको रूपमा त्यहाँ स्थापना गरियो। प्रचलित नेपाली शैलीको मन्दिर छ। पत्थरको ५ इन्च अग्लो मूर्ति छ। यहीँ नारायणको अर्को मूर्ति पनि छ। कागको नङ्ग्रा आकारको शिला पनि छ। विजुली डाँडामा काकल्लो मस्टो र लाटो मस्टोका प्रतीकका रूपमा त्रिशुल घण्टाहरू छन्। नित्यपूजा यहाँ हुँदैन। धामीहरूले यथासमय पूजा गर्दछन्। दुध वा खीर चढाएर पूजा गरिने हुँदा दुधिया मस्टो भनिन्छ। वैशाख र भदौ पूर्णिमामा धामी मेला लाग्छ, वलि चढाइन्छ। भाकल गर्ने पनि हुन्छन्। शरीर, घरपरिवार, वालीनाली पशुहरूमा राम्रो होस् अनिष्ट नहोस् भनी मेलामा आउने, पूजा गर्ने, वलि चढाउने गर्दछन्।

मस्टमण्डाली, (बडागाउँ) अछाम

मस्टमण्डालीको वडागाउँमा मस्टमण्डालीको मन्दिर छ। यो मन्दिरसमेत अन्य ओखलढुङ्गावन्डाली, डाँडावन्डाली, वान्जरवन्डालीको निर्माण आजभन्दा झन्डै ३५० वर्ष अगाडि साउन वोहराले गराएथे। मन्दिरको सुव्यवस्थाका लागि गुठी पनि राखेथे भनी वूढापाका अनुभवीको भनाइ छ। मर्मतसम्भार यथासमय हुँदै आएको छ। मन्दिरभित्र मस्टदेवताको रूपमा प्राकृतिक शिला छ। हरेक पूर्णिमामा धुपवत्ती वालेर पूजा हुन्छ। जेठ, मंसिर, श्रावण, पौष महिनामा एकएक दिन मेला पनि लाग्छ। नित्यपूजा हुँदैन। स्थानीय वासिन्दाका इष्टदेवका रूपमा अर्भ्यचना गरिन्छ।

मस्टाभगवतीथान, (गोष्ठीचौर) जुम्ला

गोष्ठीचौर गाउँमा यो थान छ। करिव २०० वर्ष अगाडि यस थानको निर्माण गरिएको हो। तसी महतर नामका व्यक्तिले यसको स्थापना गरेका हुन् भनिन्छ। मस्टाभगवतीको पूजा सामान्य रूपमा हुन्छ। गाउँमा महामारी, अनिकाल वा त्यस्तै ठूलो सङ्कट परेमा रोकथामका लागि प्रार्थना गरी विशेष पूजा हुन्छ। सङ्कट पनि टर्छ भनिन्छ। वडादसैंमा पनि वलिसहित पूजा झामले नाच, सिगाउ, लहरे नाच पनि गरिन्छ। यहीँ ढुङ्गेधारा पनि छन्। त्यहाँ नरनारीका ससाना प्रस्तरमूर्ति पनि रहेका देखिन्छन्। त्यस भेगकी साक्षात् देवीका रूपमा यिनी रहेकी छन्।

मस्टोभवानीथान, (पहाडगाउँ) डोल्पा

पहाडागाउँको छलठाउँमा मस्टोथान छ । कुनै मूर्ति छैन । माटोको ढिस्को छ । यसै ढिस्कोलाई मस्टोभगवती मानेर पुजिन्छ । यस थानको स्थापना करिव डेढसय वर्ष अगाडि भएको हो । गुम्वज शैलीको मन्दिरमा दायाँ भगवती र वायाँ मस्टोथान छ । भक्तहरू वस्ने पाटीपौवा पनि छन् । हवनकुण्ड पनि छ । यस थानमा नित्यपूजा हुन्छ । त्यसका अतिरिक्त वैशाख, कार्तिक र माघे पूर्णिमामा मस्टोदेवतालाई घिउदुध चढाई, होम गरी प्रार्थना गरिन्छ । सन्तान नहुने, आफ्नो चाहना पूरा गर्न चाहने भक्तहरू वलिसहित मस्टोको पूजा गर्छन् । उनीहरूको चाहना पनि पूरा हुन्छ भनिन्छ ।

उक्त स्थानमै अर्को मस्टोभवानीथान छ । यो पनि प्राचीन स्थल हो । यहाँ पनि कुनै मूर्ति छैन ढिस्को मात्र छ । यहाँ नित्यपूजा हुन्छ । विहीवार र शनिवारवाहेक अरू दिन भक्तहरू दर्शन गर्न पाउँछन् । यहाँ अग्लो एउटा तामाको गद्दी छ । त्यसमा चौरीको पुच्छर, तामाको छत्र, वत्ती वाल्ने पानस र घण्टा राखिएका छन् । यी नराखिएका वेला धामी वसेर विरामीलाई झारफुक गर्ने गर्छन् । यो थान पनि स्थानीय जनताको आस्था र विश्वासको प्रतीक छ । यस स्थानका संस्थापक र पुजारी पनि माथि उल्लिखित नै हुन् ।

महाँकाल, (टुँडिखेल) काठमाडौं

कलिगत ३८२२ मा राजा गुणकामदेवको पालामा महाँकाललाई त्यहाँ स्थापना गरिएको हो । कुनै तन्त्रमन्त्रका ज्ञाता गुभाजु टुँडिखेलमा वाख्रा चराइरहेका थिए । त्यसै वेला आकाशमार्गले साक्षात् परमेश्वर महाँकाल चीनतिर जान लागेको देखी गुभाजुले राजालाई वोलाई नेपालको रक्षा गर्न यहीँ राख्ने विचार गरे । त्यसैअनुसारको मूर्ति वनाई तान्त्रिक विधिअनुसार प्रतिष्ठापन गरी स्थापना गरे । सधैं वस्न गुभाजुले आग्रह गर्दा व्रह्माण्डभर निरन्तर घुमिरहनुपर्ने हुँदा सधैं यहाँ वस्न नसक्ने तर प्रत्येक शनिवार यहाँ रही नेपालको सुरक्षा गर्ने वचन दिएर त्यस मूर्तिमै शनिवार रहनुहुन्छ भन्ने धारणा र विश्वास छ । भक्तहरू शनिवार विशेष रूपले दर्शन गर्छन्, भक्ति गर्छन्, भक्तहरूको चाहना पूरा गर्न पनि सफल छन् भन्ने भनाइ छ ।

महाँकालमन्दिर, (माटीगाउँ) दोलखा

दोलखाको माटीगाउँको विसनटोलमा महाँकालस्थान छ । यो स्थान १९ औं शताव्दीतिरको हुन सक्छ । पुरातात्त्विक सामग्री त्यति भेटिँदैनन् । स्थानीय मानिसको भनाइअनुसार तिव्वतसँग झुङ्गामा र लखनौमा सिपाहीविद्रोह भएका वेला तत्कालीन नेपाली सेनामा काम गर्ने स्थानीय

सैनिकले देवमूर्ति लिएर आएका थिए। महाँकालको मूर्ति त देखिँदैन भगवतीको सानो मूर्ति मात्र छ। यहाँको महाँकालमूर्ति सैनिकले लगेको, काठमाडौँ महाँकालमा वास वसेको भन्नेसम्म पुजारी भन्छन्। गणेश, उमामहेश्वर, वुद्धका मूर्ति पनि छन्। यहाँको नित्यपूजाका लागि गुठीप्रवन्ध छ। श्रीपञ्चमी र नागपञ्चमीमा विशेष पूजा गरिन्छ। शनिवार र मङ्गलवार भक्तहरू वढी आउने गर्दछन्। ढुङ्गाका पर्खालले घेरिएको स्थान छ। यसलाई नै मन्दिर मानिएको छ।

महाकालीदेवी, (धर्मस्थली) काठमाडौँ

धर्मस्थलीगाउँमा महाकालीमन्दिर छ। यी देवीको पौराणिक कालदेखि नै अस्तित्व छ। सतीदेवीको वायाँ पैताला पतन भई मल्लवीपीठ, महाकालीदेवी करालीयोगिनी, भूपालेश्वरमहादेव उत्पन्न भएको कथा स्वस्थानीमा छ। यही स्थानमा मधुकैटभर र विष्णुवीच मल्लयुद्ध भएकाले मल्लवी नाम रहेको हो भनिन्छ। ऋषिपत्नी अहल्यासँगको अनैतिक सम्वन्धवाट पीडित इन्द्र घाइते रूपमा यहाँ वसे। उनलाई उद्धार गर्न श्रापमुक्त पार्न धर्मराज आएर यहीँ तपस्या गरेकाले यस ठाउँको नाम धर्मस्थली रहेको वुझिन्छ। यहीँ नजिक अहल्यावन छ। अहल्याको उद्धार भएको सुरिलो ढुङ्गो छ जसवाट रामको चरणस्पर्श पाई अहल्या पापमुक्त भएकी थिइन् भनिन्छ। मन्दिरमा महाकालीको मूर्ति छ। त्यसका अतिरिक्त गणेश, नारायण, शिव, रामकृष्ण, सीताराम आदिको पनि मूर्ति छन्। नवरात्रिमा र चैतकृष्ण औँसीमा पनि यहाँ मेला लाग्छ। पर्यटकीय र धार्मिक दुवै दृष्टिले यो ठाउँ, यी देवी महिमामय मानिन्छन्।

महादेवमन्दिर, (वनेपा) काभ्रे

वनेपाको वटुटोलमा महादेवमन्दिर छ। वि.सं. १५४२ मा यसको निर्माण भएको मानिन्छ। मन्दिरको मर्मत यथासमय हुँदै आएको छ। मन्दिरभित्र प्रस्तरको शिवलिङ्ग छ। मन्दिरभित्रै भैरव, सूर्य, नारायण, विष्णु, वुद्धका मूर्तिहरू पनि छन्। यहीँ नजिक भीमसेन, गणेश, भक्तभक्तिनीका मूर्तिका अतिरिक्त शिवालय पनि छ। नागनगिनी द्वारपाल, वुद्धका अन्य विविध मूर्ति पनि राखिएका छन्। शिवालय गुम्वज शैलीको छ। यहाँ नित्यपूजा हुन्छ। वालाचतुर्दशी, शिवरात्रीमा विशेष रूपमा भक्त आउने गर्छन्। वनेपाका पुराना देवस्थलमध्ये यो पनि एक हो। यसप्रति जनआस्था भएकाले यसको मर्मतसम्भार पनि हुँदै आएको छ।

वनेपा नगरको कोलाटोलमा महादेव रहेका छन्। त्यहीँको शिलालेखमा १८९२ साल उल्लेख भएकाले त्यसभन्दा अगाडि नै मन्दिर वनेको प्रमाणित हुन्छ। मन्दिरभित्र प्रस्तरको आसनमा प्रस्तरकै शिवलिङ्ग

रहेका छन् । भित्तामा भैरवको टाउको पनि टाँगिएको छ । नागको छत्रावली छ । त्यहीँ गणेशको मूर्ति पनि छ । कुनै गुठी नभए पनि स्थानीय भक्तहरू महादेवलाई पुज्दछन् । चतुर्मासमा नित्यपूजा हुन्छ । अन्य दिनमा पनि भजनकीर्तन हुन्छ । महादेवको उपासना पनि गरिन्छ ।

महादेवमन्दिर, (कलैया) बारा

कलैया नगरकै वीचमा यो मन्दिर छ । करिव १०० वर्ष अगाडि लक्ष्मी महतो भन्ने व्यक्तिले यो मन्दिर वनाएका थिए भनिन्छ । यस मन्दिरमा प्रस्तरको शिवलिङ्ग छ । उत्तरतर्फ भैरवको प्रस्तरमूर्ति पनि छ । यहीँ गणेश र अन्य देवदेवीकाससाना मूर्ति पनि छन् । कुनै गुठी नभए पनि नित्यपूजा हुन्छ । शिवरात्रिमा यहाँ दर्शनार्थी वढी आउने गर्छन् ।

महादेव (शिवनगर), रौतहट

महमपुर गाउँको शिवनगरमा लमहा नदीको तीरमा यो मन्दिर छ । ६/७ सय वर्ष अगाडिसम्म यसको इतिहास छ । मन्दिरभित्रको शिवलिङ्ग पनि प्राचीन छ । जीर्ण मन्दिरलाई २०४२ सालमा श्री ५ वीरेन्द्रवाट मर्मत गराइवक्सेको थियो । प्यागोडा शैलीमा ३ तल्ले मन्दिर छ । मन्दिरभित्र कलात्मक खिइन लागेको कालो, चिप्लो पत्थरको शिवलिङ्ग छ । निजी गुठीअन्तर्गत केही जमिन छ । यसैको आमदानीवाट नित्यपूजा र पर्वपूजा चल्दछ । सीताराम गिरि, कृष्ण गिरिका पुर्खाले यो शिवलिङ्ग भेटी यहाँ स्थापित गरेथे । उनीहरूकै सन्तानवाट यसको संरक्षण हुँदै आएको छ । शिवरात्रि, श्रीपञ्चमी आदिमा मेला लाग्दछ र पर्वपूजा पनि हुन्छ । प्राचीन भएकाले सवैको आस्था र श्रद्धा रहेको छ ।

महादेवसतीदेवीथान, (त्रिपुराकोट) डोल्पा

त्रिपुराकोट गाउँको रुमामा यो थान छ । यहाँ ढिस्को मात्र छ । कुनै मूर्ति छैन । यो पनि मस्टोस्थान हो । देवताहरूको रूखवाट आदिकालमा मस्टोको उत्पत्ति भएको मानिन्छ । खानको अभाव भए, सन्तान नभए वा कुनै अनिष्ट भए यस थानमा आएर भाकल गरे चाहना पूर्ण हुने जनविश्वास छ । महादेवलाई जाँडरक्सी चढाउँछन् भने सतीदेवीलाई फलफूल, दुधदही, खीर चढाउने चलन छ । देवदारु र धुपीका वृक्षका वीचमा यो थान छ । रूख काट्नुहुँदैन काटे मस्टोले दुःख दिन्छ । पहिले ५०/६० घर थिए, रूख काटेर उपयोग गर्दा आगलागी भई सखाप भए, ३ जना कोटगाउँतिर गएकाले वचे । उनीहरूवाटै पुनः सृष्टि विस्तार भयो गाउँ वन्यो । भदौपूर्णिमाका दिन मस्टोथानमा पर्वपूजा हुन्छ । त्यस भेकको आस्था र विश्वासको स्थानका रूपमा यो स्थल रहेको छ ।

महादेवस्थान, (ढुङ्ग्रीखोला) सर्लाही

सर्लाहीको ढुङ्ग्रीखोला गा.वि.स.मा महादेव स्थान छ। औलोका कारण पहिले वस्ती थिएन। अहिले वस्ती छ। यहाँ पुराना इँटाहरू भेटिन्छन्। यहाँ एक महादेवमन्दिर छ। मन्दिर २०१४ सालतिर वने पनि महादेवको स्थापना पहिले नै भएको हो। मन्दिरअगाडि वसाहाको प्राचीन मूर्ति छ। अनेक स्तम्भ र प्रस्तरकै एक मुसो पनि छ। सम्भवत: गणेशको वाहनका रूपमा रहेको होला। यहाँ नित्यपूजा नभए पनि वालाचतुर्दशीमा मेला लाग्छ। रुद्री पूजा पनि गरिन्छ। यो पुरातात्त्विक स्थल हो। विनाअन्वेषण अरू भन्न सकिँदैन।

महालक्ष्मी, काठमाडौं

कान्तीश्वर रहेको ठाउँमा म पनि वस्छु भनी महालक्ष्मीवाट राजा गुणकामदेवलाई सपना भएअनुसार कलिगत ३८२५ मा कान्तिपुर सहर वसाइसकेपछि महालक्ष्मी आफैँ आई विराजमान् भइन्। हुन पनि यहाँ प्रत्येक दिन करोडौंको कारोवार हुन्छ। प्रमुख व्यापारकेन्द्र पनि वनेको छ। साँच्चै महालक्ष्मीकै वासस्थान वनेको छ। महालक्ष्मीको वास्तविक स्वरूप देख्न नसकिए पनि नगदको कारोवार हुने यस ठाउँमा साच्चै महालक्ष्मीको निवास छ भन्ने कुरामा शङ्का छैन। १९९६ सालमा श्री ३ जुद्ध समशेरले भण्डारखाल फोरी वाटो वनाएको चर्चा पनि देवमाला वंशावलीले गरेको छ।

महालक्ष्मीमन्दिर, (बन्दिपुर) तनहुँ

तनहुंको वन्दिपुरमा यो मन्दिर छ। झन्डै अढाई सय वर्ष पुरानो यो मन्दिर कलापूर्ण छ। यसमा महालक्ष्मीको मूर्ति छ। भक्तहरूवाट श्रद्धाभाव यथासमय अर्पण गरिन्छ। यसवारे अरू अनुसन्धेय छ। यहीं विन्ध्यवासिनीदेवीको काष्ठकलाले पूर्ण मन्दिर छ। यो मन्दिर पनि झन्डै ३०० वर्ष अगाडिको मानिन्छ। यसमा पनि भक्तहरू यथासमय भक्तिभाव प्रकट गर्छन् अरू अनुसन्धेय छ।

महावीरजैन, (देवपत्तन) काठमाडौं

पशुपतिक्षेत्र देवपत्तनमा अचुलाछे ननिना रहेको महावीर र जैनको मूर्तिले धार्मिक समन्वय देखाउँछ। यस मूर्ति रहेको दायाँवायाँ खोपाहरूमा शिवलिङ्ग, सिंहवाहिनीदेवी, उमामहेश्वर, नाटेश्वरका मूर्ति पनि छन्। ध्यानावस्थामा रहेको यस जैनमूर्तिको आकारप्रकार हेर्दा दसौं शताव्दीको जस्तो प्रतीत हुन्छ। कुन समयको हो किटानसाथ भन्न सकिने आधार छैन। लामा कान, नाङ्गो शरीर, वुद्धको शरीरमा पाइने भन्दा भिन्न किसिमको केशविन्यासले वुद्धमूर्ति भन्दा भिन्न देखिन्छ। यथार्थमा यो महावीर जैनको मूर्ति हो। यस कुरालाई डा. गोविन्द टण्डनले पनि पुष्टि गरेका छन्।

माईपोखरी, इलाम

सदरमुकामवाट ५ कोस उत्तरमा माईपोखरी छ। यो पोखरी इलाम, पाँचथर, ताप्लेजुङ, दार्जिलिङका लागि पनि सांस्कृतिक स्थलका रूपमा रहेको छ। करिव ८ रोपनी जग्गामा फैलिएको यस पोखरीको निकास उत्तरपश्चिमतिर रहेको छ। करिव ८००० फिटको उचाइमा रहेको यसमा हरिवोधिनी एकादशीका दिन मेला लाग्छ। टाढाटाढावाट भक्तहरू आउँछन्। यस पोखरीमा स्नान गरी नजिकै रहेको शिवालयमा गई दर्शन गर्छन्। स्नान गर्नाले रोगव्याध नलाग्ने, धनधान्यले पूर्ण हुने अनि आलस्य हट्ने जस्ता फल पाइन्छ भन्ने जनविश्वास छ। भाकल पूरा गर्न पनि भक्तहरू आउने गर्छन्। विशुद्ध धार्मिक र सांस्कृतिक उद्देश्य रहेको यस स्थानको महिमा धेरैलाई थाह छ। यसको प्राकृतिक महत्त्व पनि गाँसिएको छ।

माईबेनी, इलाम

वजारवाट करिव दुई कोस दक्षिणपूर्वमा महामाई र जोगमाई खोलाको सङ्गम छ। यस दोभानलाई वेनी पनि भनिन्छ। माईवेनी दुई खोलाको दोभान हो। यो पावन तीर्थस्थलको रूपमा स्वीकार गरिँदै आएको छ। माघेसङ्क्रान्तिमा यहाँ मेला लाग्छ। दुवै खोलाको जनले स्नान गर्दछन् भाकलअनुसार वोका, हाँस, कुखुरा, परेवा आदिको वलि पनि चढाउने गरिन्छ। यहाँ स्नान गरेर नजिकै रहेको शिवालयमा गई दर्शन पनि गर्दछन्। एकातिर वलि, अर्कोतिर स्नान र फुको पूजा दुवै हुन्छ। नाचगान भजन पनि चल्छ। यस मेलामा कुनै पनि जातजाति आउँछन्। खास गरी लिम्वु हुन्छन्। मेलाको परम्परा पुरानो भए पनि शिवालयको निर्माण चाहिँ त्यति पुरानो देखिँदैन।

माईस्थान, इलाम

इलाम नगरमा नै यो स्थान छ। प्यागोडा शैलीमा निर्मित ३ तले यो मन्दिर पूर्वाभिमुख छ। दायाँवायाँ रणोद्दीपसिंह कालीन तोप पनि राखिएका छन्। वि.सं. १८८६ पछिका घण्टाहरू पाइँदा यस मन्दिरको प्राचीनताको अनुमान गर्न सकिन्छ। माईको अस्तित्व निकै पुरानो भए पनि मन्दिर निर्माण १८७५ तिर वनेको अनुमान छ। मन्दिरको गर्भगृहमा सहस्रभुजा भगवतीको प्रस्तरमूर्ति छ। माईखोलावाट ल्याएर चारचार आकृति दायाँवायाँ राखिएका छन्। यहीं नजिक गणेशमृत्तिका (नागकन्या) का मूर्ति पनि छन्। यसका लागि खास गुठी व्यवस्था नभए पनि नगरपालिकाले पूजाप्रवन्ध मिलाएको छ। भक्तहरूको चाहना पूरा गर्ने देवी भएकीले भक्तहरूकै श्रद्धावाट पनि यसको पूजाप्रवन्धमा सहयोग पुग्दै आएको छ।

माईस्थान, (वीरगञ्ज) पर्सा

करिव २०० वर्ष अगाडि यो मन्दिर निर्माण गरिएको र यहाँ देवीको मूर्ति छ। नवरात्रमा यहाँ भव्य मेला लाग्छ। अघिपछि पनि दर्शनार्थी भक्तहरू भगवतीको दर्शन गरी आफ्नो मनोकामना पूरा गर्दछन्। यस मन्दिरसँगै अतिथिसदन पनि छ। आन्तरिक पर्यटनका लागि यस मन्दिरको पनि महिमापूर्ण स्थान छ।

माईस्थान, (ग्वाङखोला) सिन्धुली

सिद्धेश्वर आदर्श गाउँको ग्वाङखोला र कमला नदीको दोभानमा एउटा सानो थुम्कोमा माईस्थान छ। यसको उल्लेख वृहत् विष्णुपुराण मिथिला माहात्म्यमा पनि छ। प्रचलित नेपाली शैलीमा निर्मित दुई तले यस मन्दिरमा माईको प्रतीकस्वरूप पुरानो पत्थरको मूर्ति र प्राकृतिक शिलाहरू छन्। यहीँ भैरव, गणेशका मूर्तिका अतिरिक्त शिवलिङ्ग पनि छ। नित्यपूजा पनि हुन्छ। प्रत्येक माघमहिनामा माईमेला लाग्छ। यसको ठूलो महत्त्व छ। भारतवाट समेत हजारौँ दर्शनार्थीहरू आउँछन्। वलिसहित पूजा गर्छन्। यसका लागि गुठीव्यवस्था पनि छ। वोका, पाठी, परेवा पनि वलि चढाइन्छ। चिताएको कुरा यी देवीको दर्शनले पूरा हुन्छ भन्ने जनधारणा छ।

मार्गादेवी, (तौखुवा) धनकुटा

तौखुवा गाउँमा मार्गादेवीको स्थान छ। प्रतीकात्मक रूपमा साधारण ढुङ्गालाई नै मार्गादेवी मानी पूजा गरिँदै आएको छ। खास मन्दिर नभए पनि मार्गादेवीका भक्त निकै छन्। वैशाखपूर्णिमामा वोका, कुखुरा, परेवाको भाकलअनुसार वलिदिने चलन छ। वि.सं. १९६४ पछिका घण्टाहरू पाइँदा त्यसभन्दा अगाडि नै देवस्थलको रूपमा चर्चित रहेको तथ्य प्रकट हुन्छ। यस स्थलको पूजाआजा भट्टराई थरका व्राह्मणहरूले गरेको देखिन्छ।

तोखुवाकै वन्चरेमा पनि मार्गास्थान छ। यहाँ पनि मन्दिर छैन। साधारण ढुङ्गालाई नै मार्गाको प्रतीक मानी पूजा गरिन्छ। फाल्गुन पूर्णिमामा भक्तहरू भेला भई वोका, पाठा, पाठी, कुखुरा वलि दिई मार्गालाई पुज्ने गरेको देखिन्छ। मेलामा नाचगान पनि हुने गर्दछ।

वेलहारा गाउँ तिल्केचौर पारीपत्लेमा पनि मार्गास्थान छ, झन्डै ३०० वर्ष अगाडिदेखि यहाँ पूजाप्रार्थना हुँदै आएको छ। यहाँ मार्गास्थान, द्वारेस्थान, सिद्धस्थान रहेका छन्। सयौँ त्रिशूलहरू चढाइएका छन्। मंसिरपूर्णिमामा देउघरवाट सामान लगी सुँगुर, कुखुरा, परेवाको वलि दिइन्छ। आठपहरिया राई नै यहाँका पुजारी छन्। वैशाख तथा भदौ

पूर्णिमामा पनि देवघरवाट सरसामान लगी यहाँ पूजा हुन्छ। यहाँ पूजा सकिएपछि देवघरमा पनि पूजा हुन्छ। गुठियारहरूकै सहयोग र सद्भावनामा यहाँको पूजा चलेको छ। यस्तै मार्गास्थान धनकुटा नगरी, सिप्तिङ, पाल्ले, विहीवारे हटियाजस्ता ठाउँहरूमा पनि रहेका छन्। त्यहाँ पनि यस्तै पूजाप्रार्थना हुने गर्दछ।

माडी, (माण्डव्यआश्रम) पाल्पा

पद्मपुराणमा माण्डव्य ऋषिको कथा छ। माण्डव्य ऋषिको आश्रम नै माडी हो भनिन्छ। मध्यदेश (साभ्का) माण्डव्यको आश्रम मानिन्छ। यहाँ माण्डव्यको मन्दिर छ। माण्डव्यको पाषाणमूर्ति पनि छ। माडीमा असिना पर्दैन। लोकोक्तिहरू पनि यस ठाउँलाई चिनाउने खालका छन्। रोल्पाको शिर, हिमाचल प्रदेशको मण्डी हपेद्वारजस्ता अनेक स्थलले माण्डव्यलाई सम्भ्के पनि पाल्पाको माडी नै मुख्य आश्रय स्थल मानिन्छ। यसवारे पौराणिक कथा यस्तो छ "कालान्तरमा शैव्या नामकी पतिव्रता नारी थिइन्। उनका पति कुष्ठरोगी थिए। पतिले त्यही वाटो हिँडेकी सुन्दरी वेश्यामा मन गएको कुरा वताए। शैव्या वेश्याको चाकरीमा गइन्। खुसी भएकी वेश्याले के चाहना छ भनी। मेरो पतिसँग एकरात खेलवाड गरिदेऊ भनिन्। कुष्ठरोगी पतिलाई वोकेर राति शैव्या जाँदै थिइन्, त्यस देशका राजाको सामान चोरिएकाले चोरहरूको खोजतलास हुँदै थियो, माण्डव्य समाधिस्थ भएर तप गर्दै थिए। माण्डव्यलाई नै चोर ठानेर सिपाहीले पक्री लगे। राजाले चोर ठानी शूली चढाए तैपनि समाधिस्थ थिए। कुष्ठरोगीलाई वोकेर जाँदा राति नदेखी माण्डव्यलाई घच्च लागेछ। माण्डव्यले मलाई जसले घच्चा दियो त्यो व्यक्ति भोलि सूर्योदय हुनासाथ खस्नेछ "भनी श्राप दिए। शैव्याले तीन दिनसम्म सूर्योदय हुनेछैन भनिन्। सूर्योदय नहुँदा आतिएका प्राणी व्रह्माछेउ पुगे। व्रह्माले शैव्यालाई वोलाएर सूर्योदयलाई नरोक। तिम्रा पति पनि तुरुन्त दिव्य रूपका हुनेछन् भनी वरदान दिए। नभन्दै त्यस्तै भयो। यस्तो पौराणिक कथा वोकेको माडी धार्मिक दृष्टिले पनि महत्त्व राख्तछ। सत्यवती शैव्या नै हुन् भनिन्छ। समस्थल, सूर्यकुण्ड, सरापकोटजस्ता ठाउँ यसै ठाउँको सोरोफेरोसँग सम्वन्धित छन्।

दायाँको दस्कडामा माण्डव्य ऋषिको सम्भ्कनामा यो मन्दिर वनाइएको छ। प्राचीन कालमा माण्डव्य ऋषि प्रतिदिन कालीगण्डकी गएर स्नान गर्थे, उनको तपस्यावाट प्रसन्न भएकी गण्डकीले म तिलको दानाजति तिनाउ (तिलोत्तमा नदी) मा मिसिन्छु। यहीँ स्नान गर्नु गण्डकी धाउनुपर्दैन भनेकीले त्यसपछि माण्डव्य आश्रममा रहेर तिनाउमा स्नान गरी तपस्या गर्न थाले। एक दिन राजाको दरवारमा रानीको सुनको हार

हराएछ। प्रहरी चोर खोज्दै हिँडेका थिए। चोरले ऋषिको गलामा हार लगाएर भाग्यो। ध्यानमग्न ऋषिलाई यस कुराको पत्तै भएन। प्रहरीले ऋषिवाट हार भेटिएपछि ऋषि नभएर छद्म रूपधारी चोर भएको ठानी शूली चढाउने आज्ञा राजाले दिएछन्। शूली चढ्दा पनि ऋषि मरेनन्। ऋषिलाई निर्दोष ठानी मुक्त गरे। सत्यवादी महान् ऋषिको सम्झनामा यहाँ मन्दिर वनाइएको छ। भक्तिभाव गरिन्छ। गुठी पनि छ। त्यसको आमदानीवाट पूजा, मर्मत चल्दै आएको छ।

मातातीर्थ, (थानकोट) काठमाडौं

काठमाडौंको पश्चिम भेगमा चन्द्रागिरिको फेदीमा मातातीर्थका रूपमा एक कुण्ड रहेको छ। गुणाढ्य र विरूपाक्षले यस तीर्थको भ्रमण गरको चर्चा नेपाल माहात्म्य तथा हिमवत्खण्डमा भेटिन्छ। मातातीर्थ अर्थात् वैशाखकृष्ण औँसीका दिन यहाँ मेला लाग्छ। आमा नभएकाहरूले यहाँ स्नान गरे वा कुण्डमा हेरे मातृदर्शन हुन्छ भन्ने धारणा छ।

मातातीर्थ औँसीका दिन गोठालाहरू यहीँ वसेर खाजा खान थालेछन्। एउटा गोठाले खाँदा उसको गाँस कुण्डमा परेछ। कुण्डमा हेर्दा आफ्नी दिवङ्गत आमाको दर्शन पाएछ त्यसले। त्यसै वेलादेखि आमाको दर्शन चाहनेहरू यहाँ जान्छन्, दर्शन गर्छन्। आमाको र आफ्नो मुक्तिका लागि।

आमाप्रति आदरभाव देखाउन यस तीर्थको ठूलो महत्त्व छ। पौराणिक अस्तित्व रहेको यस तीर्थमा अहिले पनि मानिसहरू उत्तिकै श्रद्धाले जान्छन्, दर्शन गर्छन् र आमाको मुख हेर्छन्।

यस स्थलको परिचय आमाको तीर्थ मातातीर्थ नामले श्रीहरि रुपाखेतीले एक पुस्तिका नै प्रकाशमा ल्याएका छन्।

मानराजामन्दिर, सप्तरी

मानराजा गाउँको मध्यभागमा यो मन्दिर छ। मन्दिरको वास्तुकला अन्यत्र त्यति नपाइने खालको छ। यहीँ प्राचीन मन्दिरको भग्नावशेष स्पष्ट देखिन्छ। पहिले अर्कै मन्दिर थियो, त्यो भत्केर यो वनाएको भन्ने वुझिन्छ। मन्दिरभित्र पालसेन शैलीको लक्ष्मीनारायणको मूर्ति छ। यसमा गुठी छैन। यसको पश्चिमपट्टि एक ढिस्को छ। यस ढिस्कोलाई मान राजाको गढ भनिन्छ। पक्की इँट, पर्खाल, इनार, पोखरी आदि हेर्दा कुनै राजाको दरवार नै रहेको अनुमान हुन्छ। भाँडाकुँडा तथा इँटा र अन्य वस्तु हेर्दा गुप्तकालीनजस्तो लाग्छ। धार्मिक दृष्टिले भन्दा पनि पुरातात्त्विक दृष्टिले यस स्थानको महत्त्व छ।

मानेश्वरीस्थान, (पनौती) काभ्रे

पनौती गाउँमा मानेश्वरीको मन्दिर छ। पुण्यमतीको पश्चिम किनारमा रहेको यस मन्दिरको निर्माण मल्ल कालमा नै भएको मानिन्छ। मन्दिरभित्र प्रतीकात्मक देवीको रूपमा शिला रहेको छ। यही एउटा पाटी छ। त्यसको भाडावाट देवीको नित्यपूजा चल्छ। फागुनकृष्ण द्वादशीका दिन यहाँ जात्रा लाग्छ। देवीको मूर्ति रथमा राखेर वजारपरिक्रमा गराउने चलन छ। रातमा भोज पनि खाइन्छ। यी देवीलाई सवैले मान्ने हुँदा मानेश्वरी नाम रहेको वुझिन्छ।

मालिकाधाम, (कुर्घा) गुल्मी

गुल्मीको आँपचौर र कुर्घाको दोसाँघमा कुर्घाक्षेत्रकै दक्षिणउत्तर भागमा समुद्रसतहदेखि ४५०० फिटको उचाइमा मालिकाधाम अवस्थित छ। त्यस धामवाट चट्टानको मुखाकारवाट अविरल झर्ना वग्छ। यो निकै आकर्षणपूर्ण देखिन्छ। अनकन्टार भिरवाट वग्ने उक्त झर्नावारे किंवदन्ती पनि छ। कुनै एक सुनार कामविशेषले जाँदा झर्नाको आकर्षण र तिर्खाले एकछिन रोकिएछ। चराहरूको चिरविर र झर्नाको दृश्य, प्राकृतिक सौन्दर्य देख्ता झर्नाको मूल हेर्न मन लागेछ। पहारामा झुन्डिँदै झर्नाको मूलमा पुगेछ। मूल कुण्डमा सुनको डल्लो देखेछ र पेसाअनुसार सुन पिटेछ। त्यस पिटाइवाट रगत वग्न थालेछ। सुनार झस्कियो। आकाशवाणी भएछ- तैंले पिटेको सुन सुन होइन, साक्षात् जगदम्विका भगवती मालिका हुन्। सुन पिट्ता भगवतीको कान वहिरो भएको छ। यस पापको प्रायश्चित्त गर्नुपर्छ। कार्तिकशुल्क पूर्णिमाका दिन जात्रा, मेला, पूजा गरी शक्तिमाताको उपासना गर्नुपर्छ। भिकुम पूर्णिमाका दिन पूजा गरी कराएर वर माग्नुपर्छ। वहिरी भगवतीले नत्र सुन्दिनन्। यस घटनावाट यात्रा सुरु भयो। भाकल गरेको १ वर्षभित्र माग पूरा भएका तथ्यहरू छन्। मालिकाधामवाट वगेकी नदीको दोभान रुद्रगङ्गा विशेष पावन छ। भिकुम पूर्णिमामा प्रत्येक वर्ष ३ दिन मेला लाग्छ। मालिकालाई प्रत्यक्ष भगवतीका रूपमा स्थानीय जनताको विश्वास छ।

मालिकादेवी, (मर्भुङ) गुल्मी

गुल्मीको उत्तरपश्चिम क्षेत्रमा मर्भुङ पर्छ। यहाँ ७३०० फिटसम्म अग्ला शिखरहरू छन्। यी अग्ला शिखरलाई खामदेशको धुरी, मालिकाको धुरी भनिन्छ। त्यस्तै मदानेको धुरी पनि भन्ने गरिन्छ। मालिकादेवीको प्रतीकका रूपमा रहेको पुण्य शिला, सवैका आराध्यदेवीका रूपमा छन्। उच्च स्थल, घना जङ्गल, वस्तीविहीन स्थान भए पनि त्यस पावन स्थलमा वैशाखशुक्ल पूर्णिमाका दिन मेला लाग्छ। त्यस पुण्य शिलाको पूजा गरिन्छ।

मर्भुङभन्दा ४ कोस पूर्व इस्मा नामको सुन्दर राज्य थियो। त्यहाँ अर्ज्यालवंशी व्राह्मण राज्य गर्थे। अर्यालहरू भट्ट भनिन्थे। व्राह्मणले राज्य गर्नुभन्दा ठकुरीहरूलाई राज्य सुम्पनु उनीहरूले उचित ठाने। सल्लाहकारका रूपमा अर्यालहरू रहे। अर्ज्यालवंशीय श्रीपद मर्भुङ आए। कुलाचार, विधिव्यवहार निश्चित गरे। सवैले यसको अनुकरण गरे। श्रीपदवाटै स्थापित मालिका मनोवाञ्छा पूरा गर्ने धुर्कोट, दुर्कोट, इस्मा, धमीर, अर्जे, वाग्ला आदिका वासिन्दाले पनि मालिकालाई इष्टदेवी मान्छन्। कालो पाठीको वलि दिइन्छ। मालिकाको पूजा गर्ने दिन उत्सवको दिन ठानिन्छ। पुरुषहरू जान्छन् तर नारीलाई दुर्गम भएकाले जान निषेध छ। अर्ज्यालले छोएर पूजा गर्छन्- तर अरू जातिले टाढैवाट पूजा गर्छन्। देवीको सेवा गर्ने दिन पानी पर्छ। घर्ती, थापा, क्षत्री, खत्रीहरू पनि वलिको काममा सघाउँछन्।

मालिकाको पूजासामान मन्दिरमा नपुगी केही खानुहुँदैन। पुत्रोत्सव, विवाहोत्सव वा अन्य धार्मिक उत्सवमा पनि मालिकाको सम्भनापूजा गरिन्छ। स्थानीय वासिन्दा मालिकाले मानसिक तनाव, आशङ्का, सङ्कट र विकृतिलाई नाश गर्ने विश्वास छ।

मालिकास्थान, (काडाभाडौं) डोटी

सिलगढी वजारदेखि ६ कोस पूर्व काँडाभाडौँको वरालागाउँमा मालिकास्थान छ। वाजुराकी वडी मालिकाकै नामवाट यी देवीको स्थापना अमरसिंहले गरेको जनश्रुति छ। गढवालमाथि विजय प्राप्त गरेमा यहाँ मालिका स्थापना गर्ने सङ्कल्प गरेअनुसार विजय प्राप्त गरेपछि मालिका स्थापना गरी यो मन्दिर निर्माण गरिएको मानिने यस मन्दिरको निर्माण पूर्वाभिमुख गरेर तले शैलीमा गरिएको छ। दक्षिणपट्टि ढुङ्गाको वाघमूर्ति छ, मन्दिरभित्र वीचमा महालक्ष्मी, दायाँ महासरस्वती, वायाँ महाकालीका मूर्तिहरू छन्। यी सवै मूर्तिहरू कलात्मक र आकर्षक छन्। उत्तर कुनामा अखण्ड वत्ती वाल्ने दियो छ। मन्दिरको गुठियार वटाला, वोगटी, नवाघर र उपरकाँडासमेत गरी चार गाउँ छन्। गुठीवाटै मन्दिरको संरक्षण र पूजा हुन्छ। चैत्राष्टमी, वडादसैँको अष्टमी र भाद्रशुक्ल चतुर्दशीमा पर्वपूजा हुन्छ। अखण्ड वत्तीको सुरक्षा गुठियारवाट हुन्छ। नित्यपूजा पनि हुन्छ। यी देवीप्रति सवैको दृढ विश्वास छ।

मालेपाटी, (चैनपुर) सिन्धुली

शीतलपाटी गाउँको चैनपुरमा यो पाटी छ। वि.सं. १८५० मा सरदार अरिमर्दन थापाले वनाएको मानिन्छ। दुई तले यो पाटी कलापूर्ण छ। कालिगढीयुक्त काठका तोरण, थामहरू, आँखिभ्यालहरू, ढोकाका टुँडालहरू निकै आकर्षक र कलापूर्ण छन्। त्यस वेलाको काष्ठकलाको सुन्दर नमुनाका रूपमा यसलाई लिनुपर्दछ।

मिथिलाका तलाउहरू, धनुषा

मिथिला क्षेत्र (जनकपुर) तलाउ तलाउको क्षेत्र हो। यहाँ पावन ७२ तलाउ छन्। समयको प्रवाहमा कति पुरिए, कति दूषित वने र कति आज पनि चलनचल्तीमा छन्। अनुसन्धान र सुधारको विषय भए पनि पुण्यप्रद तलाउहरूको नाम यस प्रकार छन् :

पुरन्दरसर, दशरथसर, भार्गवसर, भण्डनासर, रीक्षसर, विडालसर, रुक्मिणीसर, जनकसर, सुनेत्रासर, वलदेवसर, गोपालसर, धनुषसरोवर, पादप्रक्षालनसर, विचित्रासर, धूतपावन्तीसर, चञ्चुवतीसर, पयस्विनीसर, कुडावन्तीसर, तैलदीर्घिकासर, महापण्यासर, इष्टदासर, विघ्नहारिणीस, मत्स्योदरीसर, व्याघ्रहरासर, पूर्णव्रतासर, दुर्गम्यासर, चित्रधात्रीसर, खण्डोवरीसर, सुधासर, पाकवतीसर, नगरदेविकासर, सनकादिसर, मन्मथासर, मयाजसर, कौशलसर, चात्रसर, लोमससर, रामसागर, सप्तवेधसर, ध्रुवसर, गरुडसर, केदारसर, अग्निकुण्डसर, मध्यमाकुण्ड, जानकीकुण्ड, कुम्भादेकसर, वरुणसर, सरस्वतीसर, चतुर्दीर्घिकासर, कष्टहरिसर, धात्रीसर, विषहरीसर, मुरलीसर, गङ्गासागर, अङ्गरागसर, गौतमसर, वसिष्ठसर, गण्डमतीसर, तारणसर, तरणतारणसर, वाल्मीकिसर, कौडिन्यसर, कपालमोचनसर, केदारसर, व्रह्मकुण्ड, प्रेमसागर, सिरध्वजकूप, सतानन्दकूप, अक्रूरकूप, हेमन्तकूप, विद्याकूप, ज्ञानकूप आदि।

यी सरोवर र कुवामा स्नानदान, जपतपको महत्त्व निकै छ। यी सवैको प्राचीन महत्त्व रहे पनि आज कति प्रचलित र कति अन्वेषणीय वनिसकेका छन्। यी सरोवरहरूको चर्चा वृहत् विष्णुपुराणमा छ।

मिथिलाका नदीहरू

वृहत् विष्णुपुराणमा मिथिलामाहात्म्य छ। जसमा पावन नदीहरूको चर्चा छ। मिथिलाक्षेत्रका नदीहरूमा कोशी, कमला, विल्वमती, यमुना, गैरिका, जलधि, दुधमती, व्याघ्रवती, विरजा, मण्डना, इच्छावती, लक्ष्मणा, वागमती, गण्डकी र नारायणीको उल्लेख छ। यी नदीमध्ये कति आज पनि प्रसिद्ध छन् र कति चिनिन पनि नसक्ने स्थितिमा छन्। समयको प्रवाहमा यस्तो हुन्छ नै। यी १५ नदीहरू पुण्यदा र मोक्षदा मानिन्छन्। यी नदीका तीरमा गरिएको तपस्नान, दान, पितृकर्म अक्षय फलदायी हुन्छ भनिएको छ। यी नदीहरू मिथिला नगरीमा पूर्व तथा पश्चिम ९६ कोसको क्षेत्रमा फैलिएका छन्। यी प्रमुख १५ नदीमा मिल्ने शाखा नदी पनि अनेक छन् र ती पनि श्रद्धानुसार फल दिन्छन् भनिएको छ।

मिथिलाका प्राचीन नाम

भगवान् रामको ससुराली मिथिला अत्यन्त प्यारो क्षेत्र हो। यस क्षेत्रमा पावन स्थल अनेक छन् तीमध्ये मिथिला, तैरमुक्ति, वैदेही, नैमिकानन, यज्ञक्षेत्र, क्रियापीठ, स्वर्णलाङ्गन पद्धति, जानकीजन्मभूमि, निरपेक्षा, विकल्मषा, रामानन्दकरी, नित्यमङ्गला, तपोवन, स्वर्णकानन, शाम्भवीजस्ता नाम पनि मिथिलाक्षेत्रका छन्। यी नाम जसले श्रद्धापूर्वक स्मरण गर्छ त्यसको पुनर्जन्म हुँदैन। आफ्नो जीवन आनन्दपूर्वक विताउन सफल हुन्छ भनिएको छ। यस पावनधाममा व्रह्मादिदेवता पनि आएर तपस्या गर्छन् र यी नामको स्मरण गर्छन् भनिएको छ। यस धाममा भजन, कीर्तन, स्मरण, पूजन गर्नाले रामजानकीलाई प्राप्त गर्न कठिन हुँदैन भन्ने शास्त्रको भनाइ छ।

मिथिलाक्षेत्रका ऋषिहरू

मिथिलाका पूर्वभागमा विश्वामित्र, दक्षिणमा महायोगी विभाण्डक, दक्षिणपश्चिम कोणमा गौतम ऋषि, पश्चिममा वाल्मीकि ऋषि, उत्तरमा याज्ञवल्क्यले आफ्नो तपस्यास्थल वनाएका थिए। यी ऋषिहरूले मात्र आफ्नो साधनास्थल वनाएका होइनन्, अष्टावक्र, गार्गी, मैत्रेयीका अतिरिक्त जनकसभामा वहस गर्ने भाग लिने अनेक चिन्तकहरू पनि मूलतः मिथिलाक्षेत्रमै रहन्थे। त्यस कारण प्राचीन ज्ञानभण्डार र ज्ञानीहरूको आवासक्षेत्रको रूपमा पनि यो क्षेत्र विकसित थियो भन्ने तथ्य प्रमाणित हुन्छ। पुण्यभूमिमा सन्तमहर्षिहरू रहनु स्वाभाविक पनि छ।

मिथिलाको परिक्रमा

विदेह अर्थात् जीवनमुक्त जनकले राजाहरूको शासन गरेको मिथिला पूर्वमा कोशी, पश्चिममा गण्डकी उत्तरमा हिमाल र दक्षिणमा गङ्गासम्मको क्षेत्र मानिन्छ। यो सवैको परिक्रमा वृहती हो। फागुनकृष्ण औँसीदेखि शुक्ल पूर्णिमाका दिनमा पनि यो परिक्रमा गरिन्छ। सिद्धेश्वरनाथ महादेवलाई प्रणाम गरेर यो परिक्रमा सुरु गरिन्छ र अनेक नदीमा स्नान गर्दै कामेश्वरमहादेवको दर्शन गरी सिद्धेश्वरमै गएर यो परिक्रमा टुङ्गिन्छ।

मध्यमा परिक्रमा पाँच दिनको हुन्छ। कल्याणेश्वरवाट गिरिजास्थान ४ कोस, त्यहाँवाट धनुषा ८ कोस, त्यहाँवाट कल्याणेश्वर ९ कोससमेत ३५ कोस मिथिलाक्षेत्रको परिक्रमा गर्ने विधान छ। छोटी परिक्रमा चाहिँ औँसीवाट सुरु गरेर पूर्णिमाका दिन १५ दिन लगाएर गर्ने विधान छ। वीचवीचमा देवदेवीको दर्शन, पावन नदीमा स्नान, कीर्तन, भजन, नृत्य आदिको पनि विधान छ। यो परिक्रमा नेपालका धनुषा र महोत्तरी जिल्लाका विभिन्न स्थानमा हुन्छ। भारतको मधुवनी जिल्लाको मधवापुरमा रहेको गिरिजास्थान पनि परिक्रमास्थलमा पर्दछ।

वृहत् विष्णुपुराणमा भनिएको छ- ठूलो भाग्यले, पुण्यले मात्र मिथिलामा जन्म लिन पाइन्छ, परिक्रमा गर्न पाइन्छ। मिथिलामा उपवास, ध्यान, जप, कीर्तन, दानजस्ता सत्कर्म गर्नाले इहलौकिक र पारलौकिक परम सुख प्राप्त हुन्छ।

मिथिलाका शिवलिङ्ग

शिव कल्याणका प्रतीक परमेश्वर पावन नगरी मिथिलाको सुरक्षाका लागि चारैतिर शिवलिङ्गमा विराजमान भई रहनुभएको छ। पूर्वमा शिलानाथ, कपिलेश्वर, आग्नेय कोणमा कूपेश्वर, दक्षिणमा कल्याणेश्वर, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षीरेश्वरनाथ, ईशानमा मिथिलेश्वर भैरवनाथ महादेव रहनुभएको छ। जहाँ राम छन् त्यहाँ शिव (कल्याण) छ। त्यस कारण रामको निवासमा शिवको अस्तित्व स्वाभाविक छ। त्यस कारण सन्तहरूको सत्प्रयासमा स्वयं परमेश्वर शिव आफ्नो विविध स्वरूपले यहाँ विराजमान रहेको तथ्य पौराणिक ग्रन्थवाट मात्र होइन प्रत्यक्ष अवलोकन गर्दा पनि दृष्टिगोचर हुन सक्छ। मिथिलाक्षेत्रको संरक्षणमा शिव रहनुभएको चर्चा वृहत् विष्णुपुराणमा छ।

मीननाथ, (पाटन) ललितपुर

कलिगत संवत् ३४०० मा राजा अंशुवर्मालाई यमराजले सपनामा मलाई मूर्तिमा प्रकाश गर भनी आज्ञा गरेका थिए। यसअनुसार धर्मराजलाई आनन्दस्वरूपले लोकेश्वरको मूर्ति वनाई चैत्रशुक्ल अष्टमीका दिन स्थापना गरी वौद्धाचार्यसमेतवाट पूजा गराएपछि अंशुवर्माकै सन्तान वीरदेवका पालामा ललितपुर वनाई ९००० घरवस्ती वसाई जात्राको प्रवन्ध गरी गुठीसमेत राखिएको जानकारी मिल्छ। राजा नरेन्द्रदेवका पालामा मत्स्येन्द्रनाथ नेपाल आएपछि मीननाथ र मत्स्येन्द्रनाथको यात्रा सालिन्दा सँगसँगै चल्न थाल्यो। मल्ल राजा, चन्द्रवंशी राजा पृथ्वीनारायण आदिवाट पनि यात्रा चल्दै गयो। मत्स्येन्द्रनाथको जात्रा हुँदा मीननाथको रथमा मान्द्रोले छोप्ने चलनलाई जङ्गवहादुरको छोरा जगत्जङ्गले सुनको मोलम्वा लगाई मान्द्रोले छोप्ने चलन हटाएको जानकारी पाइन्छ। मीननाथ नेपालका प्राचीन देवता हुन् र यिनको महत्त्व अद्यापि छँदै छ।

मुकुटेश्वरीदेवी, (झाङ्गाझोली) सिन्धुली

पुरानो झाङ्गाझोली गाउँको सानो डाँडाको थुम्कोमा मुकुटेश्वरीदेवी रहेकी छन्। यी देवी ३/४ सय वर्ष पहिलेदेखि यहाँ रहँदै आएकी हुन् भन्ने स्थानीय वासिन्दाको भनाइ छ। वि.सं. १८५० का घण्टाहरू यहाँ छन्। मन्दिर प्यागोडा शैलीमा छ। मन्दिरभित्र देवीको प्रतीक स्वरूप प्राकृतिक शिला छ, तोरण पनि छ। त्रिशूल पनि छन्।

प्रवेशद्वारमा पत्थरका सिंह पनि छन्। नित्यपूजाको प्रवन्ध नभए पनि दसैंमा वलि तथा पूजा गर्न मानिसहरूको भिड लाग्छ। यिनको नाम मुकुटेश्वरी किन रहचो अनुसन्धेय छ।

मुकुन्देश्वरमहादेव, (देवघाट) तनहुँ

देवघाट गाउँमा यो मन्दिर छ। अति प्राचीन तीर्थस्थलमध्ये देवघाट एक हो। जहाँ त्रिशूली र कृष्णानदीको सङ्गम छ। यहाँ सवै देवता आएर स्नान गर्ने हुँदा देवघाट भनिएको मानिन्छ। गुम्वज शैलीमा यहाँ मुकुन्देश्वर महादेवको मन्दिर छ। पूर्व फर्केको मन्दिरमा शिवलिङ्ग छ। शिवलिङ्गकै छेउमा चक्रैचक्र भएको चक्रवर्ती शिला छ। राजा मुकुन्दसेनले वेनीमा भेट्टाएर यहाँ ल्याई राखेका हुन् भनिन्छ। मन्दिरभित्र अन्य देवदेवी पनि छन्। गणेशमूर्ति, गोरखनाथमूर्ति, विष्णुमूर्ति, कालिकामूर्ति आदि। शिवरात्रि, माघेसङ्क्रान्ति, एकादशीजस्ता पर्वमा यहाँ मेला लाग्छ। नित्यपूजा पनि हुन्छ। मुकुन्दसेनले नै राखेको गुठी प्रशस्त भए पनि समयको प्रवाहमा नाश हुँदै गयो। गुठीजमिन आफ्नै नाउँमा दर्ता गराउँदै गए। कडिकडाउ भएन। जे भए पनि भक्तहरूको भावनाअनुसार नित्यपूजा चलेको पाइन्छ।

मुकुन्देश्वरी, (बन्दिपुर) तनहुँ

वन्दिपुरवाट करिव ३००० मिटर माथि डाँडामा यो स्थान रहेको छ। यस स्थानमा नौरथामा भक्तहरू आएर वलि चढाउने गर्दछन्। यहाँ चौवीसे राजाको टुँडिखेल पनि छ। यो मन्दिर निकै प्राचीन हो। यहाँ गद्दी पनि छ। प्राचीन राजाकी आराध्यदेवीका रूपमा पनि मुकुन्देश्वरीको महत्त्व रहेको छ।

मुक्तिनाथ, (मुक्तिक्षेत्र) मुस्ताङ

धवलागिरि अञ्चलको मुस्ताङ जिल्लामा पर्ने मुक्तिक्षेत्रअन्तर्गतका अनेक तीर्थमध्ये मुक्तिनाथ पनि एक हो। हिन्दु र वौद्धहरूले उतिकै श्रद्धा र भक्तिले अर्चना गरिने मुक्तिनाथधाम व्रह्माको तपस्यास्थल, वृन्दाको श्रापले भगवान् विष्णुले शालिग्रामको रूप लिइरहेको पावन स्थल मानिन्छ। मुक्तिनाथनजिक रहेको ज्वालालाई वौद्धहरू अवलोकितेश्वर मान्दछन्। प्यागोडा शैलीमा तीन तले तामाको पाताले वनेको मुक्तिनाथको मन्दिर आकर्षक छ। १८७१ मा शाह राजावाटै यो मन्दिर वनेको देखिन्छ। मन्दिरभित्र मुक्तिनाथको तामाको मूर्ति र साथमा लक्ष्मी तथा सरस्वतीको मूर्ति पनि छन्। विष्णुका वाहन गरुड पनि छन्। उत्तरपूर्वतर्फ १०८ धारावाट जल वगिरहेछ। दर्शनअगाडि यी धारामा स्नान गर्नुपर्छ। यहाँ तिव्वती महायानी देवताका मूर्ति पनि छन्। दक्षिणपश्चिममा ज्वालाजीको

मन्दिर छ। यहाँ पानीमाथि आगो वलेको देखिन्छ। पद्मसम्भव, वज्रयाणी, मञ्जुश्री, शाक्यमुनि वुद्धका मूर्ति पनि यहाँ छन्। ज्वालाजी गुम्वामा वौद्ध झुमाले पूजा गर्छन् भने मुक्तिनाथमा शास्त्रीय पूजा ब्राह्मणवाट हुने र सेविकाका रूपमा वौद्ध झुमाहरू पनि हुन्छन्। यहाँ शिवमन्दिर पनि स्थापित छ। वृक्षारोपण पनि भएको छ। चैत, वैशाख, ऋषितर्पणी र दसैँमा पनि यहाँ विशेष भिड लाग्छ। भुक्तिभन्दा पनि मुक्तिका लागि यो क्षेत्र परम पावन मानिन्छ। यस क्षेत्रको महिमा पुराणहरूमा प्रभावकारी रूपले वर्णन गरिएको छ।

मुक्तिनाथ गाउँमा यो मन्दिर छ। मुक्तिनाथको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ करिव ७०० वर्ष पुरानो मानिन्छ। गुठीव्यवस्था चाहिँ १९५५ सालदेखि मात्र भएको देखिन्छ। नेपाली शैली (प्यागोडा) मा निर्मित यसभित्र नारायण (विष्णु) को मूर्ति छ। त्यस्तै सरस्वती, गरुड, लक्ष्मी, दोर्जे तेम्वाका मूर्ति पनि छन्। साँझविहान सात्विक पूजा हुन्छ। कार्तिकपूर्णिमाका दिन भव्य मेला लाग्छ। जनैपूर्णिमामा पनि मेला लाग्छ। भारत तथा नेपालवाट मुक्तिनाथको दर्शन गर्न हजारौँ मानिस आउने गर्छन्। यो मन्दिर हिन्दू तथा वौद्ध सवैका लागि उत्तिकै श्रद्धेय छ। झुमाहरू नै यहाँ पुजारी हुन्छन्। यहाँ चढाइएको अन्न, वस्त्र, भेटीवाट झुमाहरूको पालन हुन्छ। मुक्तिकेन्द्रको रूपमा यसलाई सम्पूर्ण नेपालीले लिने गरेका छन्।

मुक्तिक्षेत्रका तीर्थस्थलहरू, मुस्ताङ

मुक्तिक्षेत्र त्यसै पनि पावन क्षेत्र हो। मुक्तिनाथका अतिरिक्त अन्य दर्शनीय स्थल छन्। तिनको झलक यस प्रकार छ :

कुटीघर : त्यहाँ आउने अतिथि साधुसन्तको वसोवासका लागि यो घर रहेको छ।

१०८ गोमुखीधारा : मुक्तिनाथमन्दिरका पूर्वपट्टि गोमुखी १०८ धारा प्रवाहित छन्। यी धारामा स्नान गर्नाले मुक्ति मिल्छ भनिन्छ।

ज्वालामाई मन्दिर : उत्तराभिमुख यस मन्दिरभित्र सधैँ ज्वाला प्रज्वलित छ। यहाँ झुमाहरूवाट मात्र पूजाआजा गर्ने चलन छ।

झुमाघर : यसमा मुख्यतः दुई कोठा छन्। एकमा मुक्तिनाथका झुमाहरू वस्छन् भने अर्को कोठामा सुरक्षार्थ खटिएका प्रहरी रहन्छन्।

शिवमन्दिर : प्यागोडा शैलीको तीनतले मन्दिरमा शिवलिङ्ग छ। शिवको पूजा पुजारीवाट हुन्छ, झुमावाट हुँदैन।

यहीँ जगन्नाथ, रामेश्वर, द्वारिका, वद्रिनाथका प्रतीक ४ मन्दिर पनि छन्। यहाँ मूर्ति छैनन्। १९० माने पनि छन्। नारायणस्तम्भ पनि छ। दुई पोखरी छन्। १०८ गोमुखीधारामा नुहाएपछि यी दुई पोखरीमा स्नान गरी मुक्तिनाथको दर्शन गर्ने विधान छ।

मूर्तिमहेश्वर, (मूर्तिढुङ्गा) धनकुटा

मूर्तिढुङ्गा गाउँको कोलचौरमा मूर्तिमहेश्वर रहेका छन्। झन्डै अढाई सय वर्ष अगाडि यस ठाउँमा मानिस आकारको ढुङ्गा देखियो। राम्रो लागी त्यहाँका वासिन्दा किराँतीहरूले घर लगे। भोलिपल्ट त त्यो ढुङ्गो फेरि उही ठाउँमा पुगेको देखे। फेरि लगे फेरि त्यो ढुङ्गो त उही ठाउँमा पुग्दा रिसले खुकुरी प्रहार गरे। रगत वग्न थाल्यो। यो देखेर यसमा दैवी शक्ति छ नभए यस्तो किन हुन्छ भनी त्यस ढुङ्गालाई त्यहीँ स्थापना गरी पूजाको चलन चलाए। नेपाली शैलीको मन्दिरमा मानिस आकारका ढुङ्गाका शिवजी, पार्वती र गणेशजी छन्। यिनैलाई परम्परागत रूपमा पूजा गरिँदै आएको जनश्रुति छ। यहाँ नित्यपूजा गरिन्छ। शिवरात्रिमा मेला पनि लाग्छ। यसको आफ्नै गुठी छ। भक्तहरूको सहयोगले मन्दिरको जीर्णोद्धार पनि हुँदै आएको छ।

मूर्तिया, (पुरातात्त्विकस्थल) सर्लाही

सर्लाहीको उत्तरपश्चिम, पूर्वपश्चिम राजमार्गवाट चारकोस दक्षिण वरथवानजिक मूर्तिया रहेको छ। मूर्तिमूर्ति रहेकाले यस ठाउँलाई मूर्तिया भनिएको हो। वि.सं. २०११ साल पहिले यो घना जङ्गल थियो। अहिले वस्तीका रूपमा विकसित छ। २०२४ सालमा यहीँका एक जना मोहन वावालाई सपना भएछ त्यहाँको ढिस्कोभित्र अनेक देवदेवी छन्, सम्पत्ति छ खनेर हेर्नू, त्यसअनुसार खनेर हेर्दा मन्दिरका भग्नावशेष र अनेक मूर्तिहरू फेला परे। केही शिवलिङ्ग, वुद्धमूर्तिवाहेक अरू अनेक देवदवीका मूर्तिहरू टुटेफुटेका अवस्थामा छन्। शिवमूर्ति चाहिँ मध्ययुगीन देखिन्छ। मन्दिरमा प्रयोग गरिएका इँटा, चुनको विमका केही भाग देखिन्छन्। यस्तै भग्नावशेषले करिव ५ कट्ठा जमिन ओगटेको छ। यसभित्र केके छ ? केही नजिक परको इँटले वनेको इनार पनि छ, यसभित्र अनेक सम्पत्ति पनि हुनुपर्छ भन्ने जनधारणा छ। यहीँ एउटा पोखरी पनि छ, मन्दिर, पोखरी, इनारले पहिले भव्य देवमन्दिर रहेको तथ्य खुल्छ। मूर्ति र इँटा मध्यकालीन छन्। सिम्रौनगढका भग्नावशेषसँग मिल्ने हुँदा १३ औं शताव्दीतिर मुसलमानको आक्रमणवाट वच्न कर्णाटकवंशी राजा यही वाटो हुँदै काठमाडौं आएथे। त्यसै वेलाको हो कि भन्ने अनुमान हुन्छ। तर पूरापुर अध्ययन, उत्खनन नगरेसम्म यसै भन्न सकिँदैन। सामान्य पूजा हुन्छ। व्यवस्थित छैन। एक ऐतिहासिक सांस्कृतिक स्थलका रूपमा यसको अस्तित्व छ।

मैतीदेवी, काठमाडौं

फलाम छोए पनि सुन पारसमणि। त्यहाँवाटै उडेर आएको मयूर भन्दाभन्दै मैतीदेवी। वदमासले हिर्कायो मयूर उड्यो। उत्पत्ति भएकी देवी अंशुवर्मा कालीन शिलालेख। मल्ल, लिच्छवी कालका शिलालेख। उत्तरपट्टि मयूरकुण्ड, मसानघाट, व्रह्मनाल, विभिन्न जातजाति जलाउने मसानघाट। वेतालको मूर्ति लामो लिच्छवि कालीन धातुको मूर्ति। माटोको रूपमा पानी। पारसमण्विाट फुटेर मयूर। मयूरकुण्डको पानीमा हातगोडा धोएर दर्शन। आसनवाट असत्त। तान्त्रिक विधिअनुसार पूजा।

यक्षेश्वरशिवलिङ्ग, (हलचोक, इचङ्गु) काठमाडौं

इचङ्गु हलचोकदेखि पश्चिम आदेश्वरनजिक दुई नदीको सङ्गम पनि छ। विष्णुमती नदीको सङ्गममा यस कुण्ड र नन्दिनी सङ्गममा नन्दिनीतीर्थ छ। हिरण्यकशिपु आदि दानवले देवताको घरवास उठाउँदा उनीहरूमाथि विजय प्राप्त गर्न विष्णुले शिवको आराधना गर्दा यो शिवलिङ्ग प्रकट भएको हो। शिवकै कृपावाट विष्णुलाई सफलता प्राप्त भई देवताको कल्याण भएको हो। कुवेरका द्वारपाल हयग्रीव यक्षले कर्तव्य पालन नगर्दा कुवेरवाट श्राप पाई नोकरीवाट वर्खास्त हुँदा दुःख भोग गरेको थियो। कुनै मुनिका उपदेशले माघकृष्ण १४ मा यसै शिवलिङ्गको आराधना, पूजा गरी उसले भुक्तिमुक्ति प्राप्त गरेको कथा छ। यसको प्राचीन नाम उसिरावीर पर्वत हो। विरूपाक्षले समेत सेवन गरेको यो शिवलिङ्ग ६४ मध्ये एक हो।

योगेश्वरशिवलिङ्ग, (साँखु) काठमाडौं

साँखु वज्रयोगिनी मणिचुडेश्वरभन्दा करिव १ कोस दक्षिणतर्फ यो शिवलिङ्ग रहेको छ। यो महापीठमा वजवज्रयोगिनीलाई उमामहेश्वररूपमा वर्णन गरिएको छ। वाहिरपट्टिको वासुकी शिलामा शिवको पूजा हुन्छ। यसभन्दा केही तल योगकुण्ड र योगगङ्गा तीर्थ छ। ब्रह्माले ध्यान गर्दा यो तीर्थ उत्पन्न भएको हो। सिद्धिदायक मानिन्छ। कालिङ्ग देशका राजा देवीदासले नारदका उपदेशले असौजकृष्ण नवमीमा दर्शनपूजन गर्दा मुक्त भएको कथा छ। यसको प्राचीन नाम मणिचूड पर्वत हो। विरूपाक्षले पनि यस तीर्थको उपयोग गरेथ्यो। यो नेपालका ६४ शिवलिङ्गमध्ये एक हो। यसको वर्णन हिमवत्खण्डमा पनि छ।

रणउजिरेश्वरी भगवती, (तानसेन) पाल्पा

१८७१ सालमा काजी अमरसिंह थापाको कार्यकालपछि उजिरसिंह थापा पाल्पाका तैनाथवाला वडाहाकिम भए। अवधका नवावसँग अढाई करोड रुपियाँ ऋण लिई भारतका अङ्ग्रेज गभर्नरलाई हेस्टिङ्ले युद्धको घोषणा गरे र नेपाल पनि अङ्ग्रेजकै शासनमा मिलाउने लक्ष्य राखी

जतातते आक्रमण गर्न थाले। ६ हजार फौज र तोपहरू लिई जनरल अक्टर लोनी पश्चिमतिरवाट ४ हजार फौज र तोपहरू लिई जनरल जिलेप्सी देहरादुन गढवाल दखल गर्दै नेपाल हान्न थाले। ८ हजार सेना र तोप लिई मकवानपुर हुँदै काठमाडौँ हान्न जनरल मार्ले अगाडि वढे। मेजर लेटरले सिक्किमलाई साथ लिई नेपालको पूर्वीभाग कव्जा गर्ने सुर कसे। ४ हजार फौज र तोप लिई जनरल उज पाल्पा हान्न तयार भए। तत्कालीन राजा गीर्वाणवाट अङ्ग्रेजसँग फौज लिई लडाकु भन्ने हुकुमी पत्र पनि आयो। यस्तो स्थितिमा दैवीशक्तिवाहेक नेपालले लड्न सक्ने स्थिति पनि थिएन। उजिरसिंहले शक्तिस्वरूपा, मातृका भगवती जो अष्टादश भुजाले सुशोभित छिन्, जुन मूर्ति अहिले पनि तानसेन भगवती मन्दिरमा रहेको छ उनका अगाडि यस्तो प्रतिज्ञा गरे- "हे शक्तिस्वरूपा माता भगवती ! दुश्मनको मुकाविला गर्न हामी रणभूमितर्फ प्रस्थान गर्दै छौँ। रणमा विजय गर्न हजुरको शक्ति र आशिर्वाद हामीलाई वक्सियोस् कृपाले विजय प्राप्त गर्न सके हजुरको यो दिव्य मूर्तिलाई एक सुन्दर मन्दिरभित्र स्थापित गरी वर्सेनी हजुरलाई खटमा विराजमान गराई सजधजका साथ फौजी जवान, निजामति कर्मचारीको उपस्थितिमा वैन्डवाजा वजाई नगरपरिक्रमा गर्ने गराउने मन वचनले वाचा र प्रतिज्ञा गर्दछु। हे अम्वे ! यो दुःखी भक्तको वन्दना पुकार सुनी दया गरिवक्सनुहोस्, हजुरको जय होस्।"

यसरी प्रार्थना गरी काजी उजिरसिंह युद्धमा अगाडि वढे। उतावाट जनरल उडले वुटवलमा आई सैनिक क्याम्प खडा गरे। काजी उजिरले वुद्धिमानीपूर्वक राँगा भैँसी थुप्रै जम्मा पारी सिँङमा राँको जड्न लगाई राती ओरालो लगाए, फौजी व्यक्ति ठाउँठाउँ उभिएजस्तो देखाए फौजहरू चाहिँ लुकेर वसे। राती आक्रमण हुन लागेको ठानी ठुटामुडा र राँगाभैँसीमाथि तोप र आक्रमण भयो। धेरै वेरमा अङ्ग्रेजको खरखजना सकियो र स्थकित पनि भए। त्यसपछि लुकेका नेपाली सैनिकले आक्रमण गरेर अङ्ग्रेज सैन्यलाई परास्त गरे। वाँकी फौजसहित जनरल उड फर्के। त्यसपछि पाल्पा फर्केका काजी उजिरसिंहले भगवतीको भव्य मन्दिर वनाई जात्राको प्रवन्ध कवुलअनुसार गरे। ५०० मुरी उठ्ती हुने जमिन पनि नित्यपूजा र जात्राका लागि जोडे। प्रत्येक भाद्रकृष्ण नवमीका दिन खटयात्रा हुन्छ। कृष्णाष्टमीका रात कृष्णको जन्मपछि योगमायाको जन्म भएको उत्सव पारी यो यात्रा गरिन्छ। हुन त, अरू देवदेवीको यात्रा पनि पाल्पामा हुन्छ तर रणउजिरेश्वरी भगवतीको यात्रा विशेष रूपमा हुन्छ।

भक्तहरू मेला, पर्व र उत्सवहरूमा दर्शनार्थ यहाँ जाने गर्छन् र आफ्ना चाहना पूरा गर्न प्रार्थना गर्छन्।

रतबारमठ, (डामीमडै) महोत्तरी

डामीमढै गाउँको रतवारामा यो मठ छ। यस मठको अस्तित्व झन्डै ३५० वर्ष अगाडिदेखि रहेको देखिन्छ। १८८७ सालको ताम्रपत्रवाट श्री ५ राजेन्द्रवाट गुठी व्यवस्था कायम गरेको देखिन्छ। यस मठका अन्य प्रमुख देवमन्दिर हुन् :

नारायणमन्दिर : यो मन्दिर शिखरशैलीमा छ। यस मन्दिरको कलात्मक शङ्ख, चक्र, गदा, पद्म, लिएर उभिएको नारायणको मूर्ति छ। राधाकृष्ण तथा गणेशका मूर्ति पनि छन्। हनुमान र गरुडका पत्थरका मूर्ति पनि राखिएका छन्।

शिवमन्दिर : गुम्वज शैलीमा निर्मित यस मन्दिरमा भव्य शिवलिङ्ग छ। गणेश, सूर्य, नारायण, दुर्गाका अन्य मूर्ति पनि छन्। भैरवको मूर्ति र वसाहा पनि छ। यहीँ सानो कामदेवको मन्दिर पनि छ। यस मठमा नित्यपूजा भोग आदिको उपयुक्त व्यवस्था छ।

शिवरात्रि, रामनवमी, विवाहपञ्चमी, गणेश चौथी, तिजजस्ता पर्वमा मेला लाग्छ। मेलामा पर्वपूजा पनि हुन्छ। पर्वका वेला उठेका रकमवाट यहीको वन्दोवस्त मिलाउने गरिन्छ। महोत्तरीको महत्त्वपूर्ण ऐतिहासिक स्थलका रूपमा यसको महत्त्व रहेको छ।

रत्नचूडेश्वर, (महादेवपोखरी) काभ्रे

भक्तपुरको साँगादेखि उत्तर महादेवपोखरी रत्नह्रद तीर्थमा रत्नचूडेश्वर महादेवको शिवलिङ्ग छ। व्रह्माले ध्यान गर्दा यो लिङ्गको उत्पत्ति भएको हो। सृष्टि भएको समस्त प्राणीको उद्धारका निम्ति जिम्मेवारी पनि सुम्पनुभएको हो। आचारहीन व्राह्मण पिचाशयोनिमा प्राप्त हुँदा कुनै योगीको उपदेशले असारशुक्ल पूर्णिमामा यस शिवलिङ्गको दर्शनपूजन गर्दा मुक्त भएको कथा छ। यस ठाउँको प्राचीन नाम डोलागिरि हो। रत्नह्रदमा पानी निकै हुँदा प्रत्यक्ष लिङ्गको दर्शन पाइँदैन। जलभित्र नै लिङ्ग रहेको धारणा राखी पूजाप्रार्थना गर्ने गरिन्छ। विरूपाक्षले पनि यस लिङ्गको दर्शन गरेको कुरा हिमवत्खण्डमा लेखिएको छ। नेपालका ६४ शिवलिङ्गमध्ये यसलाई पनि एक मानिन्छ।

रत्नसागर, (जनकपुरधाम) धनुषा

जनकपुर उपनगरपालिकाको जानकी मन्दिरको पशिचमपट्टि रत्नसागर पर्दछ। यस सागरको उत्तर र दक्षिणतर्फ रामजानकी र हनुमानको गरी दुई मन्दिर छन्। वरिपरि घाट तथा अन्य मन्दिर पनि छन्। पशिचमतर्फ एक पुष्प वगैँचा पनि छ। रत्नसागरलाई आजभन्दा झन्डै ३५० वर्ष अगाडि औलियाजी महाराजले प्रकाशमा ल्याएको

वताइन्छ। राजा जनकको पालामा सीताको विवाहका लागि जम्मा भएका रत्नादि यहीँ राखिएको थियो भनिन्छ। त्यसै वेलादेखि रत्नसागर भनिए पनि वीचमा यो पनि गुप्त रहेको थियो। मन्दिरहरू चाहिँ पछि नै निर्माण भएका हुन्। राम तथा जानकीमन्दिरमा हुने जात्रा तथा मेलामा यहाँ पनि मेला लाग्छ। परिक्रमाका अवसरमा भगवान्लाई एक रात यहाँ विश्राम गराउने चलन छ। सूर्यग्रहणको दिन गङ्गामा स्नान गर्दा एक करोड गाई दान गर्दा जुन फल पाइन्छ रत्नसागरमा एकपटक स्नान गर्दा पाइन्छ भन्ने जनधारणा र श्रुतिपरम्परा छ। त्रेतायुगकै कुण्ड मानिने यसमा स्वदेश तथा विदेशवाट मेलापर्वमा भक्तहरूको घुइँचो लाग्दछ। षोडषोपचार तथा पञ्चोपचार विधिद्वारा पूजा वरिपरिका देवदेवीको हुन्छ। रत्नसागरको नामवाट योगी, सन्तमहन्तमा सदावर्त भोग लगाउने चलन पनि छ। राजभोगमा भगवान्लाई खाना खुवाउन समयानुकूल खाद्यसामग्रीको प्रयोग हुन्छ। सन्ध्याकालीन आरतीपछि रामजानकीलाई छुट्टै शयनकक्षमा र दिनको सुकला सिंहासनमा नै गराउने चलन पनि छ।

रथघर, (टिस्टुङ) मकवानपुर

टिस्टुङको पाल्चोकमा झन्डै ३५० वर्ष पुरानो रथघर छ। यसको पुरातत्त्व विभागवाट हालै मर्मत पनि भएको छ। यो वज्रवाराहीको रथ राख्ने घर हो। वज्रवाराहीको ३/३ वर्षमा जात्रा हुन्छ। यो रथ निकै पुरानो हो। १९०३ सालमा दुण्डुसिंहले पित्तलको छाना र गजुर हाली जीर्णोद्धार गरेको जानकारी मिल्छ। काष्ठकला निकै आकर्षक छ। यो रथको सुरक्षा पोडेहरूवाट भएको छ।

रम्भादेवी, (ताहुँ) पाल्पा

ताहुँ गाउँमा रम्भादेवीको स्थान छ। जङ्गलका वीच रहेकाले र वस्ती कम हुँदा त्यति सुरक्षित देखिँदैन। पौराणिक कालदेखि नै रम्मादेवीपीठका नामले चर्चित यस धार्मिक स्थलमा रहेको देवीको मूर्ति एकपछि अर्को चोरिने गरेकाले स्थानीय प्रमुख व्यक्तिका घरमा राख्ने र यहाँ ल्याएर पूजा गर्ने अनि फेरि घर लाने चलन छ। वि.सं. १९५८ मा ढलोटको तोरण कृष्णप्रसादले चढाएको पाइनाले त्यसभन्दा अगाडि नै अस्तित्वमा आएको प्रसिद्ध देवीस्थान हो भन्ने स्पष्ट हुन्छ। साधारण नित्यपूजा हुन्छ। गुठी पनि छ। कृष्णाष्टमी, वडादसैँ आदिमा मेला लाग्छ। दर्शनार्थी वढी आउने गर्छन्। वलि, पञ्चवलि, रोट आदि अर्पण गर्दछन्। वलि नदिनेहरू परेवा चढाएर जान्छन्। भक्तहरूलाई यथेष्ट वर दिन्छिन् भन्ने विश्वास यहाँका वासिन्दाहरूमा छ।

रम्मादेवी रम्मापानी, पाल्पा

तानसेनवाट करिव पच्चीस किलोमिटर पूर्व ताहुँ गाउँमा रम्मादेवीको मूर्ति छ। यी देवीलाई पानीपँधेरीदेवी पनि भनिन्छ। अग्लो ठाउँ भए पनि यहाँ पानी छताछुल्ल छ। मन्दिर होइन रूखको छहारीमा धपक्क वलेजस्तो मूर्ति छ। घण्टा, ध्वजा, खुँडा, खुकुरी चाहिँ चढाएका देखिन्छन्। देवी रिसाएमा गाउँमा अनिष्ट हुन्छ भन्ने धारणा प्रवल रहेकाले सन्तुष्ट राख्न सवै प्रयास गर्छन्। वोका, भेडा, हाँस वलि चढाउने पनि गरिन्छ। कृष्णाष्टमीमा यहाँ मेला लाग्छ। पूर्णिमा, शनिवार पनि दर्शनार्थी आउँछन्। रसाएर आएको पानीले शरीर शुद्ध गरेर मात्र दर्शन गर्ने चलन छ। यहाँ मगर जातिको वस्ती छ।

कालान्तरमा यहाँकी एक वूढी गाउँलेका गाईवस्तु चराइदिन्थिन्। एक दिन वनदेवीको दर्शन पाइछन्। वरदान र सिद्धिसमेत पाइछन्। तिनै वूढी रम्मादेवीका रूपमा अवतरित हुने र गाउँको सुरक्षा गर्ने भइन् भन्ने एक जनधारणा छ भने अरू पनि जनश्रुति छन्। स्वर्गकी अप्सरा रम्भाले त्यहीँको रिन्घामा तपस्या गरी स्वर्गमा प्रवेश पाइन् र प्रसिद्ध भइन्, उनैको सम्झनामा रम्भादेवीको अर्चना गरिएको हो। त्यस्तै अर्को जनश्रुति के छ भने : जनकपुरमा रामसीताको विहा भएपछि कालीगण्डकीमा स्नान गर्न रामसीता रामदीघाट हुँदै आए। रम्भा पानीमा वास वसे पानीको अभाव थियो। रामले धनुषले वाण छाडी पानी छत्ताछुल्ल पारे। रमा (जानकी) को सम्झनामा रम्मादेवीको स्थापना पछि भयो। जनविश्वासका दृष्टिले यी देवी प्रत्यक्ष छन्। पर्यटकीय दृष्टिले पनि यस स्थानको महिमा निकै छ।

रसिकनिवास, (जनकपुरधाम) धनुषा

जानकीमन्दिरवाट एक किलोमिटर पश्चिममा पर्ने यो निवास रसज्ञ सन्तहरूका लागि महात्मा रसिक अलीले १८ औं शताव्दीमा स्थापना गरेको मानिन्छ। यस स्थानमा त्रेतायुगमा नै लक्ष्मीनिधिको निवास थियो। सीता विवाहपश्चात लक्ष्मीनिधिसँग विदा हुन जाँदा आँसु झरेकाले ती आँसुवाट त्यहाँ सागर तयार भएको जनश्रुति छ। यसै स्थानमा टेकरीका राजाले रामजानकीको मन्दिर निर्माण गराएका थिए। १९९० को भूकम्पमा क्षतिग्रस्त भएपछि काशी नरेशकी राजमाता हरिप्रियाले मन्दिरको पुनर्निर्माण गराएकी थिइन्। यो मन्दिर पनि जीर्ण रूपमा नै छ। गुम्वज शैलीमा रचित यस मन्दिरमा रामजानकीको मूर्ति, हनुमानको मूर्ति र शालिग्राम पनि रहेका छन्। मन्दिरमा नित्यपूजा र पर्वपूजाको पनि प्रवन्ध छ।

रसुवागढी, (टिमुरे) रसुवा

टिमुरे गाउँमा यो गढी छ। यसै गढीका नामवाट जिल्लाको नाम रसुवा रहेको छ। नेपाल र भोटवीच चल्ने व्यापारको प्रमुख मार्गको रूपमा रहेको देखिन्छ। नेपालभोट युद्धमा पनि यस गढीले ठूलो भूमिका खेलेको थियो। एकपटक तिव्वती फौज वेत्रावतीसम्म आइपुगेको थियो भने अर्कोपटक तिव्वती फौजलाई हराउँदै नेपाली फौज यही गढी हुँदै केरुङ विगर्चासम्म पुगेको थियो। यसै युद्धको क्रममा वि.सं. १९१२ मा यो गढी निर्माण भएको भनिन्छ। उत्तरवाट लिङदे र पश्चिमवाट केरुङ खोला मिलेर भोटेकोशी वनेको छ। यी दुई खोलाको सङ्गमस्थलमा यो गढीको निर्माण भएको छ। लिङदे खोलाको माथि नै गढीमाईको प्रतीक प्राकृतिक शिला अर्चना गरिन्छ। माईस्थलमा घण्टाहरू पनि चढाइएका छन्। युद्धका लागि आवश्यक प्रवन्ध यसमा भएको छ। यहीं गणेशस्थान पनि छ। धार्मिक, प्राकृतिक र सुरक्षाका दृष्टिले पनि यस गढीको ऐतिहासिक महत्त्व रहेको देखिन्छ।

राजकुलेश्वर, (दोलखाबजार) दोलखा

दोलखावजार कोटछे टोलमा राजकुलेश्वर घर छ। मध्यकालमा दोलखा स्वतन्त्र राज्य हुँदा त्यहाँको राजसंस्कृति यस घरले वोकेको देखिन्छ। राजाको कुलदेवको घर भएकाले राजकुलेश्वर, भनिएको हुन सक्छ। तलेजु, वैष्णव, शाक्य, वौद्ध अनेक मूर्तिहरू छन्। वडादसैंमा जमरा राख्ने, वलि चढाउने, टीकाको दिन यहाँ टीका लगाएपछि मात्र घरघर लगाउने गर्दछन्। दोलखाको सांस्कृतिक रीति र परम्परा यसले निर्वाह गरेको छ। यसमा दसैंका जमरा राखिन्छ, अष्टमीका दिन कालरात्रि हुन्छ, दशमीका दिन यहाँ जमरा भीमेश्वरलाई चढाइन्छ, त्यसपछि अरूलाई चढ्छ। भीमेश्वरका गुठियार नै राजकुलेश्वरका पनि गुठियार हुन्। यस भवनको लागि केही गुठी पनि छ।

राजदेवी, (कलैया) बारा

कलैया नगरमा राजदेवीको मन्दिर छ। यस मन्दिरको निर्माण २०० वर्षजति पहिले भएको भए पनि जीर्णोद्धार यथासमय हुँदै आएको छ। यस मन्दिरमा प्रस्तरको भगवतीको सानो मूर्ति छ, ढलोटवाट निर्मित आकर्षक अर्को मूर्ति पनि छ। अगाडिपट्टि प्रस्तरका गणेश, भगवती, सरस्वतीका मूर्ति राखिएका छन्। अगाडिपट्टि लक्ष्मीनारायणको पुरानो मन्दिर पनि रहेको छ। यहाँ नित्यपूजा हुन्छ। साँझमा आरती पनि गरिन्छ। दसैंमा वलिसहित पूजा हुन्छ। यसै वेला दर्शनार्थी वढी आउने गर्दछन्।

राजदेवी, (हटियागाउँ) मकवानपुर

हटियागाउँको राजदेवीमा राजादेवी रहेकी छन्। सेन राजाकी एक रानीले यो मन्दिर निर्माण गराएकी थिइन् भनिन्छ। तिनै रानीले ढलोटको भगवती मूर्ति पनि राखेकी थिइन्। वि.सं. १९६६ मन्दिरको जीर्णोद्धार गरी भगवतीको प्रस्तरको मूर्ति राख्ने काम शूलपाणि शर्माले गरेको जानकारी मिल्छ। मन्दिरभित्र चार हात भएकी, सिंहमाथि कमलासनमा रहेकी भगवतीको प्रस्तरमूर्ति छ। नित्यपूजाको प्रवन्ध छैन। वडादसैँमा मात्र सरसफाइ गरी भक्तहरूवाट भोग चढाउने र पूजापाठ गर्ने गरिन्छ।

राजदेवी, (कटहरबना) रौतहट

कटहरवनाको राजदेवी गाउँमा राजदेवीको मन्दिर छ। यसै मन्दिरका नाउँमा गाउँको नामकरण भएको छ। ५/६ सय वर्ष अगाडिदेखिकै देवस्थलका रूपमा यसलाई लिइन्छ। १८६४ सालमा जारी भएको रुक्कामा ७५ विघा जमिन मकवानपुरे राजावाट १८५७ मा गुठीको लागि लालमोहर भएको उल्लेख छ। यहाँ चढाइएका घण्टावाट पनि प्राचीनता स्पष्ट हुन्छ। प्यागोडा शैलीमा ३ तले मन्दिर छ। मन्दिरभित्र देवीको प्रतीकस्वरूप शिला छ जसलाई चाँदीले मोरेर खुँडाको आकार दिइएको छ। यसैलाई राजदेवी मानिन्छ। मुख्य देवी यिनै हुन्। देवीका दायाँवायाँ अरू पनि अनेक प्राकृतिक शिला छन्। यिनलाई पनि चाँदी तथा पित्तलले मोडिएको छ। यिनलाई वगलामुखी गुहचेश्वरी आदि अनेक नामले पूजा गरिने चलन छ। मन्दिरभित्र चामुण्डा, भीमसेनका पत्थरमूर्ति पनि छन्। यहाँका पुजारी दसौं पुस्तादेखि परम्परागत रूपमा कार्यरत छन्। नित्यपूजा हुन्छ। वडादसैँमा पर्वपूजा हुन्छ। रौतहटकी मात्र होइन तराईका छरछिमेकी जिल्लाकी पनि प्रसिद्ध देवी भएकीले दसैँमा धेरै वलि चढाइन्छ। मन्दिरको वायाँपट्टि गणेश र शिवका साना मन्दिर पनि छन्। मानिसहरू यी देवीलाई आफ्नै संरक्षिकाका रूपमा लिन्छन्। अत्यन्त श्रद्धा र आस्थाका दृष्टिले हेर्दछन्।

राजदेवीमन्दिर, (राजबिराज) सप्तरी

राजविराज नगरमै राजदेवी रहेकी छन्। यो मन्दिर गुम्वज शैलीमा छ। यहीँका वुटाई चौधरी भन्ने व्यक्तिले आफ्नो घरको जग खन्दा प्राचीन मूर्ति तथा अन्य धार्मिक महत्त्वका सामग्री भेटेकाले त्यस ठाउँमा घर नवनाई मन्दिर वनाइदिएका हुन्। उनकै वंशजकै नाममा यो स्थान रहेको छ। यिनलाई राजदेवी भनिन्छ। यसैवाट राजविराज नाम रहेको वुझिन्छ। मन्दिरका गर्भगृहमा कलात्मक शिलाका कलात्मक चौकोसका टुक्राटाक्री

राखिएका छन्। यिनै ढुङ्गाका कलात्मक चौकोस र टुक्रामा नारीमूर्ति कुँदिएको छ। यसैलाई राजरानी भनी स्थानीय वासिन्दा पुज्ने गर्दछन्। पशुवलिसमेत चढाई पूजा गर्दछन्। मन्दिरमा नित्यपूजा हुन्छ र पर्वपर्वमा विशेष पूजा पनि हुन्छ।

राजराजेश्वरी, (पशुपति) काठमाडौं

पशुपतिनाथदेखि दक्षिण, चक्रपथदेखि उत्तर वीचमा राजराजेश्वरीको मन्दिर छ। चारपाखे छाना शैलीको भुईंतले मन्दिर छ। राजेश्वरीमन्दिर तान्त्रिक साधनाकी देवीको हो। मन्दिरभित्र नवदुर्गाका पूर्ण कदका मूर्तिहरू छन्। नवदुर्गाका विग्रहका अगाडि भुईंमा श्री विद्यामहात्रिपुरासुन्दरीको यन्त्र छ। यहाँ कर्माचार्य पुजारी छन्। वि.सं. १४६४ मा जयधर्म मल्लका पालामा यो स्थापना भएको देखिन्छ। पशुपतिमा प्रत्येक पूर्णिमामा महास्नान हुँदा त्यहाँको भाग यहाँ पनि पठाउने गरिन्छ। जङ्गवहादुरका छोरा ...तजङ्ग प्रकाशले यहीं शिवालय निर्माण गराए, जीर्णोद्धार पनि गरे। यो राजराजेश्वरीघाट नामले पनि प्रसिद्ध छ। यसको आफ्नै गुठी छ अमानत गुठीमार्फत ...हाँको पूजाआजा चलेको छ। यस ठाउँमा पूर्वजन्मको छायाँ देखिने इना... थियो। आफ्नो अनुहार राम्रो नदेखी पछिका राजालाई कष्ट होला भनी रा...। शङ्करदेवले इनार छोपी विराटेश्वर शिवलिङ्ग स्थापना गरी घाट वनाएका हुन्।

राजदेवीस्थान, (मुगागाउँ) धनकुटा

मुगा गाउँमा राजदेवीस्थान छ। यहाँ परम्परागत रूपमा पूजा चल्दै आए पनि प्राचीनताको प्रमाण भेटिँदैन। करिव १०० वर्षदेखिका घण्टाहरू चाहिँ प्रमाणका रूपमा छन्। यहाँ राजदेवीका प्रतीक शिला छन्। पहिले पहिले यहाँ वोका चढाइन्थ्यो, अहिले चाहिँ सामान्य धुपदीप, नैवेद्य अर्पण गरी श्रद्धाभक्ति अर्पण गरिन्छ।

रातो मत्स्येन्द्रनाथ, ललितपुर

रातो मत्स्येन्द्रनाथ ललितपुरमा रहे पनि उपत्यकाभित्रका गाउँ सहरमा मात्र होइन दोलखामा वसोवास गर्ने नेवारहरूले पनि त्यतिकै श्रद्धाले मत्स्येन्द्रनाथको सम्मान गर्दछन्। रातो मत्स्येन्द्रनाथलाई लोकेश्वर, लोकनाथ, करुणामय, सहकालका देवताजस्ता अनेक नामले पनि उल्लेख गरिन्छ। नाथ सम्प्रदायका अनुयायीहरू गोरखनाथका गुरु, हिन्दुधर्मावलम्वीहरू सूर्य, व्रह्मा, विष्णु, विरञ्चिनारायण र महेश्वरका रूपमा पनि आराधना गर्दछन्। स्थानीय नेवारहरू वुङ्ग्यो भनी पुज्दछन्। त्यस्तै वौद्धहरू पद्मपाणिका रूपमा पुज्दछन्। एउटै देवतालाई अनेक धर्मले समान रूपमा आदरसम्मान गरिने देवताका रूपमा रातो

मत्स्येन्द्रनाथको स्थान रहेको छ। वि.सं. ४०१ देखि नै मत्स्येन्द्रमूर्तिहरूवाट अस्तित्व प्रमाणित भए पनि इस्वीको सातौं शताव्दीतिर राजा नरेन्द्रदेव, वन्धुदत्त आचार्य र ललित किसानको संयुक्त प्रयासवाट मत्स्येन्द्रनाथलाई नेपालको अनावृष्टि हटाउने मन्त्र साधनाद्वारा नेपाल भित्र्याएर राखिएको र जात्रा चलाएको कुरा गोपाल वंशावलीमा पाइन्छ।

राधाकृष्णमन्दिर, (सिलगढी) डोटी

डोटीको सिलगढीवजार इन्द्रचोकमा राधाकृष्णको मन्दिर छ। डोटी जिल्ला वृहत् नेपालमा एकीकृत भएपछि चौतारिया पुष्कर शाहले वजार वसाल्न काठमाडौंवाट व्यापारी पनि लिएर गएका थिए। उनीहरूले राधा र कृष्णका मूर्ति पनि लिएर गएका थिए। उनीहरूवाट नै राधाकृष्णको प्रतिष्ठापन गरी मन्दिर तयार भएको स्थानीय वासिन्दाको भनाइ छ। प्रचलित नेपाली शैलीका दुईतले मन्दिर छ। छानामाथि पित्तलको गजुरमा सुनको जलप छ। पुरानो मन्दिरको मर्मतसम्भार २०१७ सालमा भएको देखिन्छ। मन्दिर सञ्चालक समिति छ, नित्यपूजाको प्रवन्ध पनि छ, पर्वपूजा चाहिँ कृष्णाष्टमीमा हुने गर्दछ।

राधाकृष्णमन्दिर, (गणेशपुर) स्याङ्जा

गणेशपुर गाउँको वूढीखोलाछेउ यो मन्दिर छ। शिखर शैलीको पांच गजुरले युक्त यो मन्दिर निकै सुन्दर छ। मन्दिरभित्र वाँसुरी वजाएका श्रीकृष्ण र राधाको मूर्ति छ। मन्दिरको निर्माण १९८३ मा १०८ गुरु धीर्जगिरिवाट भएको वुझिन्छ। चञ्चागिरिले पछि जीर्णोद्वार गरेकी थिइन्। यसका लागि गुठी पनि छ। कृष्णाष्टमीमा यहाँ ठूलो मेला लाग्छ। त्यस वेला विशेष पूजा हुन्छ। अघिपछि नित्यपूजाको व्यवस्था छ।

राधाकृष्णमन्दिर, (मनकामना) सङ्खुवासभा

मनकामना गाउँको वजारमा नै यो मन्दिर छ। झन्डै डेढसय वर्ष अगाडि गोपाल सिंहले मन्दिर वनाएको भनिन्छ। शिखर शैलीमा निर्मित यस मन्दिरमा राधाकृष्ण, सीताराम, हनुमान, गणेश, गरुड आदिका सिंहमर्मर, पित्तल र प्रस्तरका मूर्ति छन्। गुठी छैन। भक्तहरूवाट नित्यपूजा हुन्छ। रामनवमी, कृष्णाष्टमीजस्ता पर्वमा विशेष श्रद्धापूर्वक पूजा हुन्छ।

रानीचौतारो, (नुवाकोट) स्याङ्जा

नुवाकोटको डाँडोमा एउटा सुन्दर चौतारो छ।करिव १६ फिट लम्वाइ र १४ फिट चौडाइको। ढुङ्गैढुङ्गा छापेर वनाएको छ। यसलाई स्थानीय वासिन्दा रानीचौतारो भन्ने गर्दछन्। सायद कुनै रानीले रमणीय दृश्य हेर्न, आराम गर्न वनाएको थियो होला यो। त्यसैले यो रानीचौतारो

भनेर प्रख्यात हुँदै गयो। यहीँ नजिक दरवारका पुरातात्त्विक भग्नावशेष पनि छन्। यहाँ उत्खनन भएको छैन। यस्ता भग्नावशेषको परीक्षण, संरक्षणवाट यसको महत्त्वसँग परिचय प्राप्त गर्न सकिन्छ। त्यो हुनु आवश्यक छ।

रानीपाटी, (जनकपुरधाम) धनुषा

जनकपुर उपनगरपालिका वडा नं.८ मा रानीपाटी छ।यो रामानुज सम्प्रदायका लागि महत्त्व राख्ने स्थान मानिन्छ। त्यहाँ महाकरतुपस्तम्भ छ। यस स्तम्भमा मूल रामायण, तुलसीकृत, रामायण, वाल्मीकि रामायणका श्लोकका अंशहरू कुँदिएका छन्। पूर्वतर्फ रामजानकीका शिलामूर्ति पनि छन्। रामानुज सम्प्रदायका व्यक्तिहरू यस स्तम्भलाई एकपटक परिक्रमा गरे १०० पटक रामनाम जपेको पुण्य प्राप्त हुन्छ भन्दछन्। वि.सं. १९३३ मा तत्कालीन रानीले निर्माण गरेकाले यसलाई रानीपाटी भनिएको मानिन्छ। रानीपाटी जीर्ण अवस्थामा छ। महाकरतुपस्तम्भ नै महत्त्व राख्ने स्थल हो। यसको परिचालन गर्न ५ विघा गुठी जमिन रहेको छ। त्यसैवाट यो सञ्चालित छ।

रानीपोखरी, काठमाडौं

रत्नपार्कको माथिल्लो भागमा रानीपोखरी छ। प्रताप मल्लका छोरा चन्द्रपतेन्द्र मल्ल विरामी परी निधन हुँदा रानी भुवनलक्ष्मीले पीर मान्दा पोखरी खनाई वीचमा महादेव स्थापना गरिन्। यसमा सम्पूर्ण तीर्थको जल पनि राखियो। पोखरीमा शङ्कर्ण नाग छन् भनिन्छ। भीमसेन थापाको निधन हुने वेलामा यस पोखरीको पानी सवै रातो भएको थियो भनिन्छ। पोखरीको वीचमा रहेका महादेवको दर्शन गर्न भाइटीकाका दिन खुला गरिन्छ। दिदीवहिनी वा दाजुभाइ नहुनेले टीकाका दिन यी महादेवको दर्शन गरी टीका लगाएमा आयु, आरोग्य, सुख सम्पत्ति वढ्ने विश्वास गरिन्छ।

रानीपौवा, (खलङ्गा) प्युठान

पौवा खलङ्गाको गणेशटोलमा रानीपौवा रहेको छ। १६ औं शताव्दीमा जयसिंह मल्लकी रानी मलयाले वनाउन लगाएको वुझिन्छ। दुईपाते शैलीमा निर्मित यसको गुठी पनि छ। गुठीवाट शिवमन्दिर, गणेशमन्दिर र यस पौवाको पनि संरक्षण गरिँदै छ। मलया रानीको आदेशअनुसार त्यस वाटोवाट हिंड्ने इच्छुक यात्रीलाई सर्वत पिलाउने, साधुसन्तलाई सदावर्त गर्नुपर्ने थियो। २०१२-१३ सालसम्म त भएको पनि थियो, त्यो चलन विस्तारै हराएर गयो। छोरा नभएकाले श्रीसम्पत्ति यस्तै पौवा, मन्दिर पोखरीमा उनले अर्पित गरेकी थिइन्। यस पौवाका माध्यमवाट रानी मलयाकुमारी आज पनि श्रद्धेय र स्मरणीय वनेकी छन्।

रामचन्द्रपाटी, (माथिल्लो कोप्चे) धनकुटा

धनकुटा नगरको माथिल्लो कोप्चेमा एउटा पाटी छ। पाटीको वीचमा रामचन्द्रको मूर्ति राखिएकाले रामचन्द्रपाटी नामकरण भएको हो। वि.सं. १९५५ मा जोगमान अमात्यले प्रस्तुत पाटीको निर्माण गरेका हुन् भनिन्छ। नेपाली शैलीको पाटीमा राम, सीता, लक्ष्मण र हनुमानका मूर्तिहरू राखिएका छन्। स्थानीय वासिन्दाहरूले श्रद्धानुसार दैनिक र पर्वमा पनि यथोचित पूजा, श्रद्धा अर्पण गर्ने गरेका छन्। गुठी व्यवस्था छैन।

रामचन्द्रमन्दिर, (पशुपति) काठमाडौं

भस्मेश्वरघाटको पारि (पूर्व) गुम्वज शैलीको मन्दिर छ। पश्चिमाभिमुख यस मन्दिरको गर्भगृहमा पूर्णकदका तीन मूर्ति छन्। लवकुशसहितका राम पनि भन्ने गरिन्छ। रामनवमीमा पूजा गर्न गुठी व्यवस्था पनि छ। राखिएको मूर्तिका हातमा शङ्ख, चक्र, गदा, पद्म देखिनु अनि गोपाल वंशावलीले पनि विष्णुमूर्ति भनेकाले विष्णुमूर्ति नै हो भन्ने प्रमाणित हुन्छ। रामचन्द्र पनि विष्णुकै अवतार मानिने हुँदा त्यति भिन्नता देखिँदैन। रामनवमी, कृष्णाष्टमीजस्ता पर्वमा यहाँ भक्तहरू वढी आउने गर्दछन्। डा. गोविन्द टण्डनका अनुसार यो विष्णुगुप्त वि.सं. ६९० ले निर्माण गरेको विष्णुकै मूर्ति हो।

रामजानकी मन्दिर, (कोइलाबास) दाङ

दाङको कोइलावासमा रामजानकीको मन्दिर छ। यो मन्दिर १९८१ मा वनेको हो। मुगल शैलीमा वुर्जाहरू हालेर यो मन्दिर वनेको छ। ६० फिट अग्लो ३० ८ ४० फिट लम्वाइ चौडाइको यो मन्दिर झलक्क हेर्दा जनकपुरको जानकीमन्दिरजस्तै लाग्दछ। यसमा सीता, राम र लक्ष्मणका ६/६ इन्च अग्ला सङ्गमर्मरका मूर्तिहरू छन्। राधाकृष्ण, शिव र सन्तोषीमाताका मूर्तिहरू पनि छन्। सञ्चालक समितिमार्फत पूजाआजाको प्रवन्ध मिलाइएको छ।

रामजानकीमन्दिर, (बकुलिया) बारा

वकुलिया गाउँमा करिव १२५ वर्ष पुरानो रामजानकी मन्दिर छ। शिखर शैलीको यस मन्दिरमा राम, लक्ष्मण र सीताका मूर्तिहरू छन्। वाहिरपट्टि पत्थरका हनुमान पनि छन्। मन्दिरभित्रै कृष्ण र गणेशका मूर्ति पनि देखिन्छन्। महिपाल भगत भन्ने व्यक्तिले केही मूर्ति राखेको भन्ने जनश्रुति छ। यहाँ धर्मशाला तथा गुठीको प्रवन्ध पनि छ। रामनवमी, कृष्णाष्टमीजस्ता पर्वमा यहाँ विशेष पूजा हुने गर्दछ।

अमलेखगञ्ज गाउँमा पनि रामजानकी मन्दिर छ। गुम्वज शैलीमा निर्मित यसमा राम, सीता र लक्ष्मणका मूर्ति छन्। शिवलिङ्ग पनि स्थापित छन्। मन्दिरवाहिर गणेश, हनुमान, शिवलिङ्ग र घण्टाहरू पनि छन्। आफ्नै गुठी नभए पनि स्थानीय जनताको भक्तिभावले यहाँ पूजाआजा चल्छ।

गञ्जभवानीपुर गाउँमा पनि रामजानकी मन्दिर छ। करिव डेढसय वर्ष पुरानो मानिने शिखर शैलीको यस मन्दिरमा राम, सीता, लक्ष्मण, शत्रुघ्न र हनुमानका सङ्गमर्मरका मूर्ति छन्। उत्तरतर्फ प्रस्तरको शिवलिङ्ग पनि छ। यहीँ गणेश तथा स्वामी कार्तिक र पार्वतीका मूर्ति पनि छन्। शिवरात्रि, रामनवमी, कृष्णाष्टमी, विवाहपञ्चमीमा मेला लाग्छ। गुठी छ। नित्यपूजा हुन्छ।

रामजानकीमन्दिर, (परौल) महोत्तरी

परौल गाउँमा यो मन्दिर छ। झन्डै २२५ वर्ष अगाडिदेखि यस मन्दिरको अस्तित्व रहे पनि १९९० को भूकम्पमा क्षतिग्रस्त भई मर्मत भएको देखिन्छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरभित्र काठको सिंहासनमा श्रीरामजानकीका धातुका करिव १ फिट अग्ला मूर्तिहरू र अन्य देवदेवीका मूर्तिहरू पनि छन्। यसको गुठी पनि छ। वैदिक विधिअनुसार पूजा हुन्छ। रामनवमी, कृष्णाष्टमी, विवाहपञ्चमीजस्ता पर्वहरूमा विशेष पूजा हुन्छ। यस्ता पर्वहरूमा साधुसन्तहरूलाई भोजन गराउने पनि चलन छ।

रामजानकीमन्दिर, (गौर) रौतहट

गौरगाउँको महादेवपट्टिमा रामजानकी मन्दिर छ। रामजानकीको अस्तित्व प्राचीन भए पनि झन्डै २०० वर्ष अगाडि मुखझा भन्ने व्यक्तिले यो मन्दिर वनाएका थिए। शिखर शैलीमा निर्मित यस मन्दिरमा राम, लक्ष्मण र सीताका १/१ फिट अग्ला धातुका मूर्ति छन्।अरू देवताका आकृति पनि छन्। यो निजी गुठीअन्तर्गत सञ्चालित छ। दीनवन्धुलगायत अन्य गुठियार पनि छन्। नित्यपूजा, पर्वपूजा साधुसन्तलाई भोजन, पर्वमा वसाइ गुठियारवाट वेहोरिँदै आएको देखिन्छ।

रामजानकीमन्दिर, (वसन्तपुर) रूपन्देही

वसन्तपुर गाउँमा यो मन्दिर छ। एकतले मन्दिरमा रामजानकी, लक्ष्मण र हनुमानका मूर्तिहरू छन्। शालिग्राम पनि राखिएको छ। उत्तरतर्फ शिवमन्दिर छ। वसाहा, पार्वती, गणेशका मूर्ति पनि छन्। जुद्धशमशेरका गुरु पहाडीवावाको समाधि यहीँ छ। उनका चेला रामशाहदास, मोहनदास, रामदासका समाधि पनि यहाँ छन्। यी मन्दिरको निर्माण गर्न उहाँहरूको पनि भूमिका रहेको छ। यहाँ नित्यपूजा हुन्छ।

गुठीहरू भएकाले साधुसन्तहरू आउनेजाने वस्ने गर्छन्। कृष्णाष्टमी, रामनवमी, विवाहपञ्चमीजस्ता पर्वमा यहाँ विशेष मेला पनि लाग्छ। भक्तालुहरू दर्शनार्थ यहाँ अघिपछि पनि आउँछन्।

रामजीमन्दिर, (मादी) सङ्खुवासभा

मादी गाउँको रामवेनीमा यो मन्दिर छ। यो भवन करिव डेढसय वर्ष अगाडि भवनीवक्स देवानले काठमाडौँवाट डकर्मीसिकर्मी ल्याई वनाएको मानिन्छ। नेपाली शैलीमा निर्मित यस मन्दिरमा गणेशको प्रस्तरमूर्ति, शिवलिङ्ग पनि राखिएको छ। रामवेनीमा वनेको मन्दिर भएकाले रामजीमन्दिर भनिन्छ। यहाँ माघेसङ्क्रान्तिमा मेला लाग्छ। अघिपछि नित्यपूजा भएको पाईदैन। भक्तहरूको श्रद्धाभाव यसको मूल स्रोत हो।

रामदीघाट, पाल्पा

पोखरावाट स्याङ्जा हुँदै पाल्पातर्फ लाग्दा वीचमा कालीगण्डकीको पुल तर्नुपर्छ। कालीगण्डकी भेटिने ठाउँ नै रामदीघाट भनेर चिनिन्छ। अश्वमेध समाप्त भएपछि कालीगण्डकी स्नान गर्ने इच्छाले रामसीता जनकपुर आए। त्यहाँवाट अगाहा (अङ्गिरा ऋषिको आश्रम) हुँदै रम्भापानी आएर वास वसे। सीता ओडार पनि त्यतै पर्छ। त्यहाँवाट रामदीघाट पुगेर स्नान गरे। रामदीघाटनजिकै सिद्धगुफा वा सुनगुफा पनि छ।

सुनगुफावारे लोकोक्ति यस्तो छ "ऋण खाएकाले सुनवीर साहुकहाँ वाँधा वसेको थियो। छोराको विहामा सुनवीरलाई घर कुर्न राखेर सवै गए। सुनवीर तान्त्रिक पनि थियो। उसले आठ वाघ तान्त्रिकविधिले खडा गरी रुङ्न राख्यो र विहामा गयो। साहु रिसायो तर वाघ रुङ्न राखेको देख्यो। सुनवीरले जाओ भनेपछि वाघहरू वनतिर लागे। यो चमत्कारले साहुले आश्चर्य मान्यो र ऋण माफ गरिदियो। सुनवीरले त्यही गुफामा तपस्या गरी वाँकी जीवन वितायो। सुनवीर अन्तर्ध्यान भयो।" त्यो अन्तर्ध्यान भएको कुण्ड पनि अद्यापि छ।

यसै गुफालाई सिद्धगुफा भनिएको तथ्य केलाउने लोकोक्ति (आनन्द रामायणमा आधारित) यस्तो छ "रामचन्द्र पर्वतीय देशमा गण्डकीतट पुग्नुभयो। त्यहाँ एक गुफा देखेपछि धनुषले गुफाको ढोका खोल्नुभयो। त्यहाँ चार व्राह्मणकन्या देखिए। तिनले दुन्दुभि राक्षसले हामीलाई थुनेको हो, अलिक पर १६ हजार अरू कन्या पनि थुनिएका छन्। एक लाख पुऱ्याएर विहा गर्ने उसको लक्ष्य छ भने। रामले दुन्दुभिलाई वालीले मारिसक्यो तिमीहरूको के इच्छा भनी सोध्दा : रामसँगै विहा गर्ने इच्छा गरे। यस जन्ममा त होइन, म एक पत्नीव्रत छु। द्वापर युगमा म कृष्णरूप लिनेछु र तिमीहरू मित्रवृन्दा, भद्रा, नग्नजिती एवं लक्ष्मणा

नामका कन्या हुनेछौ भनी १६ हजार कन्या भएका ठाउँमा गए । उनीहरूले पनि रामलाई पति वन्न आग्रह गरेर चारैतिरवाट घेरे । रामले तिमीहरूको इच्छा कृष्णावतारमा पूरा हुनेछ भनी अन्तर्ध्यान हुनुभयो ।

यही गुफामा समयसमयमा सिद्धहरू वस्तै गए र सिद्धगुफाका नामवाट पनि प्रसिद्ध हुँदै गयो । पौराणिक कथनमा रामायणले पुष्टि गर्छ । अश्वमेध यज्ञका क्रममा लवकुशले घोडा पक्रँदा र मुक्तिक्षेत्रमा घोडा रोकिँदा भगवान् स्वयं यस क्षेत्रमा आएर घोडा छुटाउनुपरेको तथ्य उद्घाटित छ । सम्भवतः यसै क्रममा गण्डकीस्नान गरेको प्रसङ्ग पनि आउँछ । यस आधारमा हेर्दा माथिका लोकोक्ति तथा पौराणिक कथनलाई अतिशयोक्ति मान्न मिल्दैन । आनन्द रामायण यात्राकाण्ड सर्ग छ श्लोक ७१ यसको प्रमाण हो :

गण्डकीसङ्गमे स्नात्वा नेपाले जगदीश्वरम्
दृष्ट्वा हरिहरक्षेत्रं ययौ रघुकुलोद्वहः ।

गण्डकी सङ्गममा नुहाएर नेपालमा जगदीश्वर पशुपतिनाथको दर्शन गरेर राम हरिहरक्षेत्र देवघाट गए । यसले राम नेपाल आएको प्रमाण प्रस्तुत गर्दछ ।

स्नानदान, धर्मकर्मका लागि यो रामदीघाट पावन मानिन्छ । यहाँ एकादशी, माघेसङ्क्रान्ति आदिमा मेला लाग्छ ।

रामधुनी, (सिङ्गिया) सुनसरी

सुनसरीको सिङ्गिया गा.वि.स.मा २ कोस चौहद्दीको घना जङ्गल छ । रामचन्द्रले १४ वर्षको वनवास कालमा यसमा धुनी जगाएको भन्ने जनश्रुतिले यसलाई रामधुनी भनिन्छ । कालान्तरमा उदासीन अखडाका निराकार मतका अनुयायी वावा वाल्सखण्डीले मन्दिर स्थापना गरेका थिए । यो ठाउँ सन्तमहन्तहरूको अखडाजस्तै थियो । १२ हण्डी पनि प्रतिदिन ५ कादरले कायम भएकाले हिजोआज सन्तहरू आउन कम भएको छ । नित्यपूजा मन्दिर संस्थापक वावाकै मतका अनुयायीले गर्दछन् । रामनवमी, शिवरात्री, ठूलीएकादशी, गुरुपर्व (भदौ) मा विशेष पूजा गरिन्छ । पूर्णिमामा पनि पूजा हुन्छ । गुरुपर्वमा वाहिरवाट समेत भक्तहरू आउँछन् । मन्दिरको पूर्वभागमा रामले जगाएको धुनी छ । यस धुनीमा पर्वपर्वमा भक्तहरू आउने गर्छन् । यहाँ पोखरी पनि छ । यसका लागि गुठी पनि छ जसको आमदानीवाट नित्य तथा पर्वपूजा सञ्चालन गरिन्छ ।

राममन्दिर, (मुगा) धनकुटा

मुगा गाउँमा राम र सीताको मूर्ति स्थापना गरिएको छ । रामसीताको अस्तित्व प्राचीन भए पनि मन्दिर निर्माण चाहिँ वि.सं. १९९७

मा भएको देखिन्छ। सामान्य मन्दिर छ। मन्दिरभित्र राम, सीता, लक्ष्मण, हनुमान, कृष्ण, राधा र चतुर्मुखी ब्रह्माका मूर्तिहरू रहेका देखिन्छन्। यसको गुठी पनि छ। रामनवमी, कृष्णाष्टमी, शिवरात्रिजस्ता पर्वमा भजन, कीर्तन, लाखवत्ती वाल्ने धार्मिक कार्य गरिन्छन्।

राममन्दिर, (जनकपुरधाम) धनुषा

जनकपुरधामका मठमन्दिरमध्ये यो मन्दिर निकै पुरानो हो। जानकीमन्दिरका संस्थापक स्वामी सूरकिशोर दास यहाँ आएर गङ्गासागरमा स्नान गरी रामको दर्शन गरेपछि वर्तमान जानकीमन्दिर भएको ठाउँमा निमको रूखमुनि वसी थकाइ मारे भन्ने कुरा मिथिला माहात्म्यमा भेटिएकाले रामको प्राचीन अस्तित्ववोध हुन्छ। रामको सस्रुराली भएकाले रामको अस्तित्व त्रेतायुगीन मान्न सकिए पनि ऐतिहासिक प्रमाण त्यति पुराना फेला पर्दैनन्। प्राप्त अभिलेखमा : श्री ५ गीर्वाण युद्धविक्रमको लालमोहरमा "संवत् १७१४ साल श्रावण शुदी ३ रोजका दिन मकवानी राजा इन्द्रविधाताले रामचन्द्रप्रीति कुशविर्ता वितलव गरी चढाएको" वि.सं. १८०८ मा हेमकर्णसेनले वि.सं. १८२६ मा श्री ५ पृथ्वीनारायणले १८३१ मा श्री ५ प्रतापसिंह शाहले, वि.सं. १८३४ मा श्री ५ रणवहादुर शाहले र १८६३ मा श्री ५ गीर्वाणले पनि कुशविर्ताकै रूपमा कायम गरिएको जग्गाको नापजाँच गरी साँधसिमाना मिलाएको पाइन्छ। रामको अस्तित्व प्राचीन ठहरे पनि राममन्दिरको निर्माण चाहिँ वि.सं. १८६३ कै आसपासमा काजी अमरसिंहले गरेको देखिन्छ। नेपाली तले शैलीमा निर्मित प्रस्तुत मन्दिरको मर्मतसम्भार यथासमय हुँदै आएको छ।

मन्दिरको अगाडिपट्टि हनुमानको मन्दिर छ। राम, सीता, लक्ष्मण, भरत, शत्रुघ्नका पनि शिलामूर्ति छन्। मन्दिरवरिपरि लक्ष्मीनारायण, चतुर्वाहु नारायण वद्रीनारायण, नृसिंह र सूर्यको सातघोडे वग्गीसहितका शिलामूर्ति पनि छन्। अन्य अनेक मूर्ति छन्। चाँदीको खराउ पनि यहाँ राखिएको छ। यस मन्दिरका लागि २२ मौजा गुठी छ। यसैको आमदानीवाट यो मन्दिरको संरक्षण र सञ्चालन गुठी कार्यालयमार्फत हुन्छ।

यस मन्दिरमा नित्यपूजा र पर्वपूजा दुवै हुन्छ। रामनवमी, कृष्णाष्टमी, ठूली एकादशी, तिज, विवाहपञ्चमीजस्ता पर्वमा विशेष षोडशोपचार विधिवाट पर्वपूजा हुन्छ। नेपाल तथा भारतका भक्तहरूले श्रद्धापूर्वक रामको दर्शन गर्दछन्।

राममन्दिर, (लहरे) रसुवा

लहरे गाउँको त्रिशूली नदीको किनारमा यो मन्दिर छ। कान्तिपुरका मल्ल राजाले गुरुज्यूलाई जग्गा विर्ता दिएको र त्यसवाट प्राप्त आमदानीवाट मन्दिर वनाइएको जानकारी मिल्छ। प्यागोडा शैलीमा

दक्षिणाभिमुख भएको यस मन्दिरमा वीचमा राम, वायाँ सीता र दायाँ लक्ष्मणका प्रस्तरमूर्तिहरू छन्। यहीँ प्रस्तरको शिवलिङ्ग पनि छ। तुलसीको मठ पनि छ। रामनवमी, हरिशयनी, हरिवोधिनी एकादशी, वालाचतुर्दशीजस्ता पर्वमा यहाँ मानिस वढी आउँछन्। पूजा तथा दर्शन गर्छन्। यसको गुठी पनि छ र नित्यपूजाको प्रवन्ध पनि छ।

राममन्दिर, (झाँगाझोली) सिन्धुली

झाँगाझोली रातामाटा गाउँमा राममन्दिर छ। १९३४ सालमा यो मन्दिर निर्माण गरिए पनि रामको अस्तित्व यसभन्दा अगाडि नै रहेको देखिन्छ। मन्दिरको निर्माण विक्रमसिंह थापाले गरेका थिए। गुम्वज शैलीमा निर्मित यस मन्दिरभित्र ढलौटको सिंहासनमा राम, लक्ष्मण, भरत, शत्रुघ्न, सीताजीका धातुमूर्ति राखिएका छन्। यहीँ हनुमानको मूर्ति पनि छ। भक्तहरूको सहयोगमा पूजा हुन्छ। राम नवमीमा दर्शनार्थी वढी आउँछन्।

रामारोशन, (तडिगौरा) अछाम

अछामको उत्तरतर्फ कैलाशखोलाको शिरमा तडिगैरामा समुद्रसतहभन्दा करिव ९ हजार फिटको उचाइमा रामारोशन रहेको छ। भैँसीचरनका लागि चउर पत्ता लगाई धेरै समयसम्म रामु र रसु प्रेमक्रीडा गर्दै रमाएकाले कालान्तरमा रामारोशन नामले यो स्थल प्रसिद्ध भएको भनिन्छ। चारैतिर चराचुरुङ्गीको चिर्विर हरियालीपूर्ण सानाठूला डाँडाकाँडावाट वेष्ठित रामारोशनको दृश्य देखेर कुन यात्री लोभिँदैनन् र? वाह्र वण्ड अठार खण्ड नामका सानाठूला १२ ताल छन्। यीमध्ये सवभन्दा ठूलो ताल जिगलेताल हो। यो तालको लमाइ ४०० मिटर र चौडाइ ३०० मिटर छ। तालमा राजहंस र अन्य चराहरूको जलक्रीडा दर्शनीय छ। त्यस तालका वीचमा पाँचवटा ठूला खम्वा छन्, प्राकृतिक खम्वा। यसवारे जनधारणा छ "जहले नामका राक्षसले देवीदेवताको क्रीडास्थल रामारोशनमा आतङ्क मच्चाउँदा ठूलो सङ्घर्ष गरी जहले राक्षस र उसका सहयोगी ४ राक्षससमेतलाई पोखरीका खम्वामा वाँधिदिएथे रे त्यसैवाट यो तालको नाम नै जिगले रहेको हो।" त्यस्तो तालका वीचमा खम्वा प्राकृतिक छन्, आश्चर्य लाग्दा छन्। यस क्षेत्रका देवता नीलकण्ठ, मस्टो वाङपगेछाला, कालाशिला आदिका मूर्ति यही तालमा स्नान गराइन्छ। प्राकृतिक दृष्टिले, धार्मिक दृष्टिले पनि यो स्थल दर्शनीय छ।

रामेश्वरमन्दिर, (पोखरीथोक) गोरखा

गोरखाको पोखरीथोकमा अवस्थित यस मन्दिरमा रामशाहको अभिलेख पाइएकाले यसको प्राचीनता स्पष्ट हुन्छ। वि.सं. १६९३ को

शिलालेख हुँदा यसको नाम पनि रामेश्वर भनेर राखिएको छ। मन्दिर कलात्मक छ। गर्भगृहमा जलहरि र शिवलिङ्ग मात्र छ। मन्दिरका अगाडि वसाहाको मूर्ति छ। मन्दिरमा नित्यपूजाको प्रवन्ध मुरलीधर नारायण मन्दिरकै पुजारीले गर्ने गरेका छन्। रामशाहको शिवभक्ति पनि यसवाट झल्किन्छ।

रामेश्वरमहादेव, (लेले) ललितपुर

लेलेको टीकाभैरवमा प्रभावती (नखुखोला) र सरस्वती (लेलेखोला) का सङ्गममा प्रभातीर्थ छ। तीर्थयात्राको क्रममा परशुरामले वास वसी विधिपूर्वक शिवलिङ्ग स्थापना गर्नुभएको र यसै शिवलिङ्गको उपासनावाट सर्वत्र विजय प्राप्त गर्ने सिद्धि प्राप्त गर्नुभएको चर्चा हिमवत्खण्डमा छ। फागुनशुक्ल चतुर्दशीमा दर्शना पूजन गर्दा तुच्छ जातिले पनि उच्च स्थान प्राप्त गरेको चर्चा छ। यस ठाउँको प्राचीन नाम त्रिकुटाचल हो। विरूपाक्षले पनि यस तीर्थको उपयोग र सेवन गरेको वर्णन पाइन्छ। नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यो पनि एक हो।

राराताल, मुगु

कर्णाली अञ्चलको मुगु जिल्लाको सदरमुकामवाट ३।४ घण्टाको उकालो पार गरेपछि हरियालीको वीचमा वाह्रै महिना निर्मल जलले भरिएको आकर्षक तालको नाम हो रारा। यसलाई महेन्द्रताल पनि भनिन्छ। यसको उत्पत्ति विषयमा जनधारणा यस्तो छ : "पानीको रित्तो चिण्डो लिएका एउटा योगी त्यहाँ आएर पानी खान पनि नदिने यो ठाउँ पानीले डुवाइदिन्छु भनी रित्तो चिण्डो फोरेछन्। पानी छताछुल्ल भई त्यो समथर मैदान भएछ। पानी भरिएर पूर्ववाट वग्न थालेछ। छायाँनाथ ठाकुरले म हुँदाहुँदै पूर्ववाट वग्ने यसलाई पश्चिमतर्फ वगाइदिन्छु, यो तीर्थस्थल पनि हुनेछ भनी हावाको वेगमा आई त्यहींको ढुङ्गामा आफ्नो खुट्टा अडचाई पश्चिम फर्काइदिए।" यस भनाइसँग मेल खाने तथ्य पनि छ त्यो के भने छायाँनाथले खुट्टा अडचाएको ढुङ्गामा पैतालाको दुईवटा छाप स्पष्ट देखिन्छन्। रारा जाने दर्शक त्यस ढुङ्गाको पनि दर्शन गर्दछन्। त्यस ठाउँलाई स्थानीय वासिन्दा ठाकुरको लात्ती हान्ने ठाउँ भन्छन्। यहाँ साउनेसङ्क्रान्तिमा मेला लाग्छ। छायाँनाथ ठाकुर भन्नाले कान्जीरोवा हिमालको चुचुरो हो। यस हिमालमा जनैपूर्णिमामा मेला लाग्छ। यो हिमालको उचाइ ७०४४ मिटर छ। यहीं धमानाथ (?) वाट झरेको जल मुगुकर्णालीको मुहान पनि हो। यस जिल्लाका अरू तीर्थस्थलमा ऋणमोक्ष दह, अन्नपूर्ण दह, धर्मकुण्ड दह, गौकुण्ड दह, गरुड नुहाउने दह, राक्षस दह आदि छन्। प्रकृतिको खानी भने पनि हुन्छ। अरू अनुसन्धेय छ।

रुकुमकोट, रुकुम

रुकुमकोट पुरानो सदरमुकाम हो । यो सोनागाउँमा पर्दछ । प्राचीन भग्नावशेष भेटिने हुँदा पहिले यहाँ दरवार थियो भन्ने अनुमान हुन्छ ।

वोक्सीविद्या जान्ने भोटे राजाले जनतालाई दुःख दिएर आजित पारेपछि भुरेटाकुरे राजाले मीत लगाएर खानामा विष पारी मारेपछि जनता हर्षित वनी उनैलाई राजा माने । पछि गोर्खाली सेनाले रुकुम विजय गरेपछि नेपालमै मिल्यो भन्ने जनश्रुति छ । रुकुमकोटमा अहिले पनि वडादसैँमा राँगाको वलि दिइन्छ, हर्षवढाइ गरिन्छ, फूलपाती ल्याइन्छ । प्राचीन किल्ला भए पनि भग्नावशेषहरूको अध्ययनपछि अरू जानकारी मिल्छ ।

रुद्रागारेश्वर, (पशुपति) काठमाडौं

पशुपति देउपाटनमा पशुपतिनाथदेखि उत्तर कैलाशमा रुद्रस्नानोदक तीर्थ छ । मानव मात्रको उद्धारका लागि यस तीर्थको स्थापना भएको हो । यहीँ रुद्रागारेश्वर शिवलिङ्ग छ । वागमतीमा स्नान गरी वैशाखकृष्ण त्रयोदशीमा वासुकी तथा रुद्रागारेश्वर शिवलिङ्गको दर्शनपूजन गर्नु राम्रो हुन्छ । कसैले कुकर्म गर्छ भने शक्ति भए रोक्नुपर्छ नभए मनले मात्र भए पनि समर्थन जनाउनु हुँदैन, यसो नगरे पाप लाग्छ, यस्तो पापले ग्रस्त भएको कुनै अङ्कुश नामको व्यक्ति कुनै योगीका उपदेशले यस लिङ्गको दर्शनपूजन गर्दा, पापमुक्त भएको कथा छ । असारशुक्ल पूर्णिमामा पूजारीसँग रुद्रस्नानोदक शिलातीर्थको जल मागी आँखा पुछेमा, दीपदान यज्ञ गरेमा आँखाको रोग निको हुने र अर्को जन्ममा पनि नेत्ररोग नहुने भनाइ पुराणमा छ । यसको प्राचीन नाम धर्माचल पर्वत हो । यस तीर्थको विरूपाक्षले पनि सेवन गरेको र नेपालका ६४ शिवलिङ्गमध्ये यो एक मानिन्छ ।

रुद्रायणी, (खोकना) ललितपुर

काठमाडौँवाट ११ किलोमिटर दक्षिण ललितपुरअन्तर्गत खोकना भन्ने ठाउँ छ । यहाँ नेवारहरूको पुरानो वस्ती छ । एघारौँ शताव्दीमा स्थापना गरिएकी मानिने रुद्रायणीको मन्दिर छ । सिद्धिकाली, श्रीकाली र सिकाली पनि भन्ने गरिन्छ । यिनलाई महालक्ष्मी पनि भनिन्छ । इन्द्रायणीको पूजा गरे सवैको पूजा हुन्छ भन्ने स्थानीय वासिन्दाको धारणा छ । वाह्र वर्षमा एक महिना रुद्रायणी गुप्तवास वस्छिन् रे । यस वेला यहाँ ठूलो मेला लाग्छ, जात्रा हुन्छ । यस वेला नाच्ने, गाउने, सुसुल्ने गर्दैनन् । सम्पूर्ण आधुनिक क्रियाकलाप र सिद्ध क्रियाकलाप मात्र होइन, घरायसी काम पनि वन्द गरेर देवीको उपासना गर्छन् । खोकनाका तीनगुठी तरगुठी,

सलागुठी र जरगुठीवाट छानिएका कुमारहरूले जात्राको प्रवन्ध गर्छन् । खत नवसेको राँगो काटी वलि दिन्छन् । सिकालीखेलको जहाँ देवी उत्पत्ति भएकी थिइन् त्यहाँ रगत लगेर गुप्त पूजा गरिन्छ । दसैँको पञ्चमीका दिन घ्याम्पोमा जाँड राखेर भैरवको रूप दिई गाउँभरि जात्रा गर्छन् । रुद्रायणी मन्दिरका मूर्ति खटमा राखेर वलि, पूजापछि महाँकाल वीरभद्र रूप लिनेहरूलाई त्यसको रगत खुवाइन्छ । राती सवै खटसँगै सिकालीखेल पुग्छन्, अश्वमेध यज्ञसहित पूजा गर्छन् । दक्षप्रजापतिले अश्वमेध यज्ञ गरेको, सतीदेवी डढेकी, यज्ञ विध्वंश भएको स्वस्थानी कथासँग सम्वद्ध छ । षष्ठीका दिन नाचका देवदेवीहरू यज्ञस्थल आइपुग्छन् । वूढा नर्तकहरू पनि नाच्तै उफ्रँदै स्वर्गवाट झरेझैँ उफ्रेर आउँछन् । फूलपातीका दिन जितापुर मन्दिरका अगाडि रुद्रायणी नाच नचाइन्छ । राजा अमरमल्लले सन् १५४० मा चलाएको यो नाच गुठीमध्येवाट १४ जना रुद्रायणी, भैरव, वालकुमारी, गणेश, कुमार, व्रह्मा, विष्णु, महेश्वर, इन्द्रायणी, वज्रवाराही, कालिका (अजिमा), शक्तिकुमार, हनुमान, सिंहिनी, व्याधिनी, लाखे र ध्वंखिचाका रूपमा दैवीशक्ति प्राप्त गरी नाच्छन् । यहीं करुणामय (कलयः) र श्रीखण्ड भवानीलाई पनि वोकेर ल्याइन्छ । यस वेला पाँच प्रकारका वाद्यसमूहले यस स्थानलाई गुन्जायमान वनाउँछन् । यसरी खोकनाको रुद्रायणी नाच सानो खोकना, वुङमती, पाटन र काठमाडौंमा पनि देखाइन्छ । दुई भाग गरेर देखाइने र प्रत्येक भागको अन्त्यमा पशुवलि दिने चलन छ । पशुवलिको रगत भैरव, कुमारी, वाराही र कालिकाले खाने विश्वास गरिन्छ ।

वौद्ध पुरोहितले नाच सिकाउनु, करुणामयको पूजा गरिनु, नाच्नेले वौद्ध चैत्य घुम्ने गर्नाले हिन्दू र वौद्धको समन्वय यसमा देखिन्छ । कालान्तरमा काठमाडौं ज्यावहालका एक किसानलाई मरेको ठानेर टेकु लगेछन् । हुरीवतास आएछ । मलामी भागेछन् । सती जान तयार श्रीमती त्यहीं वसिछन् । शव व्युँतेछ, अरू कोही नदेखी श्रीमती र व्युँतेको किसान वागमतीको तीरैतीर खोकना पुगेछन् र वसेछन् । त्यहीं रुद्रायणी प्रकट भई दर्शन दिइछन् र मन्दिर पनि वनाएछ । पारीका भोटेले दुःख दिएकाले सिकालीवाट खोना (रोएर वसालेको वस्ती) खोकना वनेको भन्ने किंवदन्ती छ । नर्तकहरू नीतिनियममा वस्नुपर्छ वूढो भएपछि छोराछोरीमा सार्नुपर्छ । यो चलन आजसम्म छ भविष्यमा के हुन्छ हेरौं । जे भए पनि यो ऐतिहासिक धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्व राख्ने स्थलका रूपमा चिनिन्छ ।

रेसुङ्गा, (रेसुङ्गालेक) गुल्मी

नेपालको लुम्विनी अञ्चलअन्तर्गत गुल्मी जिल्लाको शोभाजनक यहाँ पर्वत रेसुङ्गा हो । रेसुङ्गा महागिरिको काखमा तम्घास छ । १६८२ फिट उचाइमा रेसुङ्गा छ । गुल्मीको रमणीय प्रसिद्ध लेक हो ।

ऋष्यशृङ्ग ऋषिको आश्रम कोशीको आसपास थियो। उनी विनाण्डक ऋषिका छोरा थिए। वेश्याहरूद्वारा फकाएर अङ्गदेशमा उनलाई लगियो। अङ्गदेशका राजाकी छोरी शान्तासँग विहा भयो। दशरथको पुत्रेष्टि यज्ञमा पनि प्रमुख व्यक्ति ऋष्यशृङ्ग नै थिए। विनाण्डकले मेरुशृङ्गमा सरस्वतीकवच सिकाएको उल्लेख छ। ऋष्यशृङ्गकै अपभ्रंश रेसुङ्गा मानिन्छ। यो कसरी भयो ? खोज गर्न वाँकी नै भए पनि लोकमा त्यसै प्रसिद्ध भएको छैन। यसमा केही न केही रहस्य अवश्य छ।

रेसुङ्गा लोकदर्शनीय र पावन छ। यहाँ श्रीशशिधर स्वामी (१८०४-१९०६) ले ऋष्यशृङ्गको तपस्थल मान्नुभयो। दधिराम मरासिनीले पनि ऋष्यशृङ्ग गिरि मान्नुभएको देखिन्छ। यसै आधारमा ऋष्यशृङ्गकै तपस्थल मानी यस ठाउँलाई श्रद्धापूर्ण दृष्टिले हेरिन्छ। योगी नरहरिनाथले हाम्रो देश दर्शनमा ऋष्यशृङ्गाश्रम भन्नुभएको छ। ठूलीएकादशीमा यहाँको पोखरीमा मेला लाग्छ, यहीँ ऋष्यशृङ्ग स्नान गर्थे भनिन्छ। गाई पालनका लागि त्रेता युगदेखि नै यो प्रसिद्ध स्थल थियो रे। डा. टीकाराम पन्थीले चम्पारन अङ्ग देशको राजधानी थियो त्यहाँ ऋष्यशृङ्ग गए, त्यतावाट फर्कंदा रेसुङ्गा गएनन्, वसेनन् भन्न मिल्दैन भनेका छन्। त्यसपछि सपत्नीहरू उनी रेसुङ्गा आएका हुन्। ससुरालीमा वस्न मन नलाग्ने र पिताजीका आश्रममा जान नपाएपछि गोपालन गर्न सकिने पावन भूमिमा ऋष्यशृङ्गले रेसुङ्गामा विताए होलान् भन्ने तर्क नै युक्तिसङ्गत देखिन आउँछ। योगी नरहरिनाथका अनुसार पनि कर्मयोगी गोसेवकका रूपमा ऋष्यशृङ्ग देखिन्छन्।

धार्मिक, पुरातात्त्विक वा पौराणिक दृष्टिले हेर्दा अनेक तर्क दिन सकिन्छ। प्राकृतिक मनोरम स्थलका दृष्टिले हेर्न यो ठाउँ अत्यन्त मनोहर छ, सांस्कृतिक सम्पदाले पनि यो स्थल पर्यटकहरूका लागि पनि अत्यन्त उपयोगी छ।

रेसुङ्गा यज्ञशाला, (तम्घास) गुल्मी

गुल्मीको तम्घासमा अवस्थित यो यज्ञशाला पसिद्ध तीर्थस्थलमध्ये एक हो। त्रेतायुगमा ऋषि शृङ्गाको क्रीडाभूमि थियो। ऋषि शृङ्गावाट अपभ्रंश हुँदै रेसुङ्गा भएको भन्ने जनश्रुति छ। उनै ऋषिको यज्ञशाला भए पनि त्यसको पुनरुद्धार र नवनिर्माण १९८४ मा प्रभु यदुकानन्दले गरेको जानकारी मिल्छ। यदुकानन्दले वेदमन्त्रवाट अग्नि निकाल्दथे र त्यो अग्नि अद्यापि छ भन्ने यज्ञशालाका साधुको भनाइ छ। ५० फिट चौकोसमा यो यज्ञशाला निर्मित छ। यसको निर्माण नेपाली शैलीमा छ। छानामा ताँवाको प्रयोग भएको छ भने काँसमा सुनको मोलम्वा लगाइएको गजुरले यज्ञशाला भव्य छ। यो ३० फिट उचाइको देखिन्छ। एघार हजार फिट उचाइमा रहेको रेसुङ्गा धार्मिक, प्राकृतिक तथा पर्यटकीय दृष्टिले पनि महत्त्व राख्ने खालको छ।

रैनादेवीस्थान, (चुवनपोखरी) पाल्पा

चुवनपोखरी गाउँमा अवस्थित यी देवीलाई कसैले रैनादेवी, कसैले गोखुङ्गा देवी पनि भन्दछन् । यस्तो नाम कसरी रह्यो ? यसै भन्न सकिँदैन । परम्परागत रूपमा पुजिँदै आए पनि प्राचीनतावारे थाहा हुँदैन । स्थानमा खास मूर्ति छैन । प्रतीकात्मक शिला र श्रीखण्डको अचानो छ । श्रीखण्डको अचानोमा राखेर वलि चढाउँदा आधा अचानो काटिन्छ । त्यसपछि अर्को वर्ष वलि दिँदा त्यो अचानो जस्ताको तस्तै हुन्छ भन्ने जनविश्वास छ । नयाँ वाली यी देवीलाई चढाएर मात्र खाने गरिन्छ । न्वागी खाँदा भाग् पर सारेर मात्र खान्छन् । न्वागीपूर्णिमाका दिन मेला पनि लाग्छ ।

लक्ष्मीनारायणमन्दिर, (खलङ्गा) प्युठान

खलङ्गा गाउँको व्राह्मणटोलमा यो मन्दिर छ । लक्ष्मीनारायणको अस्तित्व अनादि भए पनि यहाँको मन्दिर सय वर्ष पुरानोजस्तो देखिन्छ । स्वर्गद्वारी महाप्रभुले पनि यहाँको पूजाविधिमा शास्त्रसम्मत निर्देशन गर्नुभएथ्यो । मन्दिरभित्र लक्ष्मीनारायणको मूर्ति छ । एकादशी, रामनवमी, कृष्णअष्टमी, वामनजयन्ती, नृसिंहजयन्ती, जनैपूर्णिमा, वडादसैँ आदिमा विशेष पूजा हुन्छ । भक्तहरूको पनि भिड लाग्छ । यहाँको प्रसाद श्री ५ मा पनि वार्षिक रूपमा चढाउने चलन छ ।

लक्ष्मीनारायणमन्दिर, (इमाटोल) मकवानपुर

टिस्टुङको इमाटोलमा यो मन्दिर छ । यो मन्दिर झन्डै ३५० वर्ष पुरानो मानिन्छ । प्यागोडा शैलीको यस मन्दिरमा रहेको लक्ष्मीनारायणको मूर्ति अलप भएकाले छत्रचण्डेश्वरको मूर्ति स्थापना गरिएको छ । यस मन्दिरमा कर्माचार्य पुजारी छन् । नित्यपूजा पनि हुन्छ । मंसिरपूर्णिमामा विशेष पूजा हुन्छ । भगवान्को प्रसाद गाउँमा वितरण गर्ने चलन पनि छ । गुठीवाट नपुग रकम गाउँलेवाट उठाइन्छ ।

लक्ष्मीनारायण, (गोनपुर) महोत्तरी

गोनपुर गाउँमा लक्ष्मीनारायणको मन्दिर छ । यसको अस्तित्व अढाई सय वर्ष अगाडिको मानिए पनि जिर्णोद्धार चाहिँ २००५ सालमा भएको देखिन्छ । गुम्वज शैलीमा निर्मित यस मन्दिरमा सङ्गमर्मरको सिंहासनमा भगवान्का मूर्तिहरू छन् । रामसीता र लक्ष्मणका धातुमूर्तिका अतिरिक्त अन्य साना मूर्तिहरू र शालिग्राम पनि छन् । नित्यपूजा हुन्छ । १० वजे विहान र राति ९ वजे भोग लगाउने चलन छ । यस मन्दिरको गुठी पनि छ । गुठी व्यवस्था मटिहानी मठवाटै हुने गर्दछ । महोत्तरीका प्रमुख मन्दिरमध्ये यसको पनि विशिष्ट स्थान रहेको छ ।

लक्ष्मीनारायणमन्दिर, (सिमरदही) महोत्तरी

सिमरदही गाउँमा यो मन्दिर छ। यसको अस्तित्व ३५० वर्ष पहिलेदेखि मानिए पनि श्री ५ गीर्वाणले दिएको ताम्रपत्रकै आधारमा पनि अढाई सय वर्ष पुरानो देखिन्छ। यो मन्दिर गुम्वज शैलीमा छ। यसका चारैतिर धर्मशाला छन्। १९९० पछि मन्दिरको जीर्णोद्धार गरिएको छ। मुख्य मन्दिरको भित्रपट्टि सिंहासनमा भगवान् छन्। रामजानकी, नारायण, राधाकृष्ण, हनुमान आदिका मूर्तिहरू पनि छन्। सामान्य नित्यपूजा हुन्छ। दिनको १२ वजे र रातको १०, ११ वजे भगवान्लाई भोग लगाइन्छ। रामनवमी, कृष्णाष्टमी, विवाहपञ्चमी, वसन्तपञ्चमी, फागुपूर्णिमा, दसैंतिहार, हनुमानजयन्ती आदि पर्वमा पूजा हुन्छ। यस्ता पर्वमा टाढाटाढावाट भक्तहरू आई पूजाप्रार्थना गर्दछन्। मन्दिरको उत्तरतर्फ वावा धर्मदासजीको गद्दीघर छ। यो मन्दिर उनैले वनाएको भनिन्छ।

लक्ष्मीनारायणमन्दिर, सिराहा

सिराहा गाउँको वडा नं.६ मा यो मन्दिर छ। यसको अस्तित्व निकै पुरानो भनिए पनि मन्दिर निर्माण चाहिँ १९९० मा भएको देखिन्छ। गुम्वज शैलीको प्रस्तरमन्दिरमा चार फिट अग्लो सिंहासनमा पत्थरको लक्ष्मीनारायण मूर्तिको स्थापना गरिएको छ। शालिग्राम र अन्य ससाना मूर्तिहरू पनि राखिएका छन्। यस मन्दिरका नाममा गुठी पनि छ। त्यसकै आमदानीवाट नित्यपूजा हुन्छ। प्रत्येक श्रावणमा १०८ व्राह्मणलाई भोजन गराउने, कृष्णाष्टमीमा विशेष पूजा गर्ने चलन छ। लक्ष्मीनारायणप्रति श्रद्धा राख्नेहरू भगवान्को दर्शन गरेर आनन्द लिन्छन्।

लक्ष्मीनारायणमन्दिर, (कुरूमहार) सप्तरी

राजविराजवाट करिव ९ किलोमिटर पश्चिममा यो मन्दिर छ। जसलाई वादेवसाइन पनि भनिन्छ। सारसेरको कुरुमहार गांउँमा यो रहेको छ। केही उचाइमा रहेकाले प्राचीन महत्त्वकै स्थलमा रहेको अनुमान हुन्छ। यसको गुठी पनि छ। गाउँका भद्रभलादमीका समितिले पनि रेखदेख गर्दछ। मन्दिरको गर्भगृहमा सेनपाल शैलीमा चिल्लो कालो प्रस्तरमा कुँदिएको लक्ष्मी तथा सरस्वतीले युक्त विष्णुको मनोरम मूर्ति राखिएको छ। वैशाख १ देखि १५ गतेसम्म यहाँ वैशाखे मेला लाग्छ। अन्य हिन्दू चाडपर्वमा पनि भक्तहरू आएर दर्शन तथा पूजा गर्दछन्। त्यस भेगको आदरणीय देवस्थलका रूपमा यसको महत्त्व छ।

लक्ष्मीपुरपीठ, (लक्ष्मीपुर) सल्यान

सल्यानको लक्ष्मीपुर गाउँमा आफैँ उत्पत्ति भएको मानिने त्रिपुरेश्वर महादेवको शिवलिङ्ग छ। पहराको वीचमा भएकाले सजिलै जान सकिँदैन। चुनढुङ्गा जमेर लिङ्गाकार वनेको जस्तो पनि भान हुन्छ। शिवलिङ्ग भएको ठाउँवाट ५० फिट जति तलतिर अर्को पहरो छ जहाँ करङजस्तै पत्रैपत्र परेको घाँटीदेखि ढाडसम्मको आकृति स्पष्ट देखिन्छ। सतीदेवीको करङ पतन भएर उत्पन्न भएको शक्तिपीठ मानिन्छ। यसैलाई लक्ष्मीपुरपीठ पनि भनिन्छ। यही नजिकै अर्को गुफा पनि छ। त्यसभित्र वाघ, भगवती, विष्णु आदिको चुनढुङ्गाको आकृति देखिन्छ। त्यहीं शिवलिङ्ग पनि छ। यहाँ शिवरात्रि, वालाचतुदर्शी आदिमा मेला लागे पनि नित्यपूजाको प्रवन्ध छैन। भक्तहरू पर्यटकहरू चाहिँ यहाँ गएर भक्ति गर्छन्, प्राकृतिक स्वरूपको अवलोकन गर्छन्।

लङ्खनामाई, काभ्रे

धुलिखेलको इटोलमा प्यागोडा शैलीको माईको मन्दिर छ। पूर्वाभिमुख यस मन्दिरमा अनेक कलाकृति छन्। अगाडिका धारोमा ने.सं. ७९९ को शिलालेख पाइँदा त्यसैताका मन्दिर वनेको अनुमान हुन्छ। मन्दिरभित्र रहेको शिलालाई माईको प्रतीकात्मक रूपमा पूजा गरिन्छ। खड्गी थरका पुजारीले पालैपालो पूजा गरे पनि गुठी व्यवस्था छैन। यात्रीहरू आवतजावत गर्ने वाटो पनि यो मन्दिर भएकाले लङ्खनामाई भनिएको भन्ने जनधारणा छ।

लटीनाथमन्दिर, दार्चुला

लटीनाथ गाउँको चौलानी नदीको तटमा एक पहाडको फेदमा यो मन्दिर छ। लटीनाथ मन्दिर यस क्षेत्रको महत्त्वपूर्ण देवस्थल हो। अलमोडा भारतवाट ल्याई १९९० तिर वाक्लो तामाको पाताले छाना छाइएको देखिन्छ। मन्दिरभित्र १०० भन्दा वढी घण्टाहरू छन्। नित्यपूजा हुँदैन। सप्ताह, नवाह आदि यहाँ लगाइन्छ। स्थानीय मानिस राजा नागमल्लले वनाएको भन्छन्, भित्रपट्टि एक शिवलिङ्ग र गणेशमूर्ति रहेको छ। पशुपति, वद्रीनाथ, जगन्नाथ, आदिका प्रतिरूप मानी लटीनाथलाई भक्तहरू उपासना गर्छन्। दार्चुलाका मालिकार्जुनका पुत्र पनि भन्ने गरिन्छ यस मन्दिरमा ढुङ्गाको छानु लगाउनुहुँदैन। लटीनाथका वावु मल्लिकार्जुन थिए। लटीनाथ जन्मनासाथ ढुङ्गाको वाकसमा राखी चौलानी नदीमा वगाइदिए तर लटीनाथको शक्तिले गर्दा वाकस तलतिर वग्नुको सट्टा माथितिरै जान थाल्यो, अनि हालको स्थानमा आई स्थिर भएर अडियो। ढुङ्गाको वाकसमा वगाएकाले ढुङ्गाको छानो निषेध छ भन्ने जनश्रुति छ। पर्वपर्वमा यहाँ मेला लाग्छ, भक्तहरू भक्तिभाव पनि गर्छन्।

लाटिकोइली शिवालय, सुर्खेत

लाटिकोइली गाउँमा यो शिवालय छ। सतीदेवीको अङ्ग पतनवाट उत्पत्ति भएको मानिने यस पीठको अस्तित्व १३ औं शताव्दीमा रहेको र त्यसै वेलादेखि लाटिकोइली नाम चलेको वुझिन्छ। २०४१ मा श्री ५ वाट वक्सेको रकमले यसको जीर्णोद्धार भएको हो। सातसय वर्ष पुरानो मानिने काँक्रेविहारको पश्चिमतिर पाखोमा रहेको संवत् १६३९ मा योगी लगननाथको चेला आत्मनाथले प्रतापशाही र मानशाहीको राज्यकालमा शिवलिङ्ग स्थापना गरी मन्दिरको नामकरण लाटिकोइली राखे भन्ने उल्लेख भएकाले यसको प्राचीनता स्पष्ट हुन्छ। गुम्वज शैलीको यस मन्दिरमा शिवको प्रतीक पत्थरको वसाहा छ। यसैलाई लाटिकोइली शिव भनी पूजा गरिन्छ। यहाँ गणेश त्रिशूल पनि छन्। शिव, गणेश, सरस्वतीका पत्थर मूर्ति पनि छन्। खास गुठी नभएकाले समितिमार्फत चन्दा उठाई पूजाआजाको प्रवन्ध गरिन्छ।

लिगलिगकोट, गोर्खा

लिगलिगकोट गोर्खाको आँपपिपल गा.वि.स.मा पर्दछ। यस जिल्लाका ३६ कोटमध्ये यो कोट इतिहास प्रसिद्ध छ। द्रव्यशाहले विजय प्राप्त गरी एकीकरण गरेका थिए। यसभन्दा पहिले दौडमा जो पहिला हुन्थ्यो त्यही एक वर्षका लागि राजा हुने चलन थियो। २ कोस दौडनुपर्थ्यो त्यो रेखाङ्कन छँदै छ। नागीडाँडाको चारवटा थुम्कामा गढी र मूलकोटहरू रहेका छन्। शत्रुहरूवाट वँच्न र विजय पाउन सुरक्षाको प्रवन्ध यी कोटहरूमा कसरी गरिन्थ्यो ? यहाँको दृश्यावलोकनवाट स्पष्ट वुझ्न सकिन्छ।

इष्टदेवीका रूपमा कालिका तथा अन्य देवीको पूजा गर्ने चलन थियो। लिगलिगमा पनि कालिकाको पूजा गर्ने चलन छ। देवीको मन्दिर दरवारभन्दा दुईसय फिटजति दक्षिणपट्टि छ। उक्त देवीको मन्दिर दस फिट चौडा वीस फिट लम्वाइको र पाँच फिट उचाइको छाना नभएको खुला रूपमा छ। यसमा छानो लगाउनुहुँदैन भन्ने जनधारणा छ। मन्दिरभित्र कालिकाको शिला छ। विष्णुनारायणका साना मूर्ति र घण्टी पनि छन्। कालिकाको पूजा चलाउन गुठीको व्यवस्था पनि छ। १९४१ मा पूजा रोकिएकाले १९४२ सालमा जग्गावाट उठ्ने उठ्तीमध्ये ५५ पूजालाई छुट्ट्याई वाँकी रहेको मात्र पुजारीले भोगचलन गर्न पाउने, पूजा रोकिएमा रु ५ दण्ड पनि गरिएको जानकारी मिल्छ। नित्यपूजा न्यौपाने र हमाल थरका ठकुरीले मात्र गर्न पाउने गरिएको छ। त्यहीँ भूमेस्थान पनि छ। कोट रक्षाको लागि १ वर्षमा एकपटक वलि पूजा गरिन्छ। अन्य इच्छुकहरू पनि यहाँ आफ्नो श्रद्धा र पूजा अर्पण गर्न सक्छन्।

लिङ्गतीर्थ त्रिवेणी, (थानकोट) काठमाडौं

काठमाडौंको थानकोटनजिक चन्दनभराटेश्वर महादेव छन्। त्यसभन्दा उत्तर वाणस्थली मुनि त्रिवेणी पर्दछ। स्वर्णधारा (गया) शक्रदीप्ति (इन्द्रावती) र श्रेष्ठ नदी मत्स्यगङ्गा (यान्खु खोला) यी तीन नदी मिलेको ठाउँ त्रिवेणी हो। यसलाई लिङ्गतीर्थ भनिन्छ। लिङ्गतीर्थ त्रिवेणीमा स्नान गरी चन्दनभराटेश्वर महादेवको दर्शन गर्नाले ठूलो पुण्य र सफलता मिल्ने कुरा नेपाल माहात्म्य तथा हिमवत्खण्डमा उल्लेख छ। यही तीर्थको सेवनद्वारा वाणासुर, शङ्खासुर सत्यवादी विराटक आदि दानवले पनि स्वर्गमाथि विजय प्राप्त गरी तीस हजार वर्षसम्म राज्य गरेको कुरा हिमवत्खण्डमा उल्लेख छ। इन्द्रदहनजिक रहेको यस तीर्थका वरिपरि कनखल तीर्थ, यक्षेश्वर, नन्दिनी नदी, विष्णुमती आदि रहेको चर्चा छ। यस तीर्थको महिमा खोज गरी श्रीहरि रूपाखेतीले त्रिवेणी माहात्म्य प्रकाशमा ल्याएका छन्। आजको रूप पनि देखाएका छन्। कार्तिकशुक्ल पूर्णिमाका दिन यहाँ मेला लाग्छ। व्रह्मानन्दका मरेका छोरा लिङ्गतीर्थमा स्नान गरेपछि व्युँतिएको वर्णन पनि हिमवत्खण्डमा छ। चन्दनभराटेश्वर र लिङ्गतीर्थ (त्रिवेणी) को महत्त्व एकअर्कामा सम्वन्धित पनि देखिन्छ।

लुम्बिनी, रूपन्देही

पहरियागाउँमा पर्ने लुम्विनी विश्वप्रसिद्ध तीर्थस्थल हो। इसापूर्व ६२३ मा यस ठाउँमा शाक्य वंशका राजा शुद्धोदनका सुपुत्रको रूपमा सिद्धार्थ गौतम जन्मेथे। कपिलवस्तुवाट लुम्विनी हुँदै माइत देवदह जान हिँडेकी मायादेवीले लुम्विनीमा सिद्धार्थलाई जन्म दिइन्। मौर्य सम्राट् अशोकले इसापूर्व २४९ मा यस ठाउँमा अशोकस्तम्भ गाडेर वुद्धको जन्मस्थल यही हो भनी प्रमाणित गरिदिए, अद्यापि छँदै छ। यो स्तम्भ व्राह्मी लिपिमा छ। यसमा भनिएको छ "अशोक राजा राज्याभिषेकको २० औं वर्षमा आएर वुद्ध शाक्यमुनिको जन्मस्थानमा शिलास्तम्भ स्थापना गरिवक्स्यो।" यहाँ मायादेवीको मन्दिर छ, प्रतिमा छ। मायादेवीलाई लुम्विनीदेवी पनि भनिन्छ। यहाँ मायादेवीले सालको हाँगा समातेको, वुद्धले सात पाइला टेकेको, व्रह्मा, मायादेवीकी वहिनी प्रजापति, गौतमीका मूर्ति पनि छन्। यहाँ वुद्धधर्मावलम्वी मात्र होइन हिन्दूहरू पनि जान्छन्, अन्य धर्मावलम्वी पनि जान्छन्। श्रद्धापूर्वक दर्शन गर्छन्, पुरातात्त्विक वस्तुहरूको अवलोकन गर्दछन्। चैत्र र वैशाखपूर्णिमामा यहाँ भव्य मेला लाग्छ। मायादेवीलाई लुम्विनीदेवी भनेर वलि पनि दिन्थे। अव वलि दिइँदैन। सात्विक सद्भाव राखेर पूजा गर्ने चलन छ। जनचाहना पूरा गर्ने देवीका रूपमा यी देवीको महत्त्व र जनविश्वास छ। यी देवीलाई सम्झेर भाकल

गर्छन् भाकल पूरा भएपछि मुरी पकाएर चढाउँछन् । देवीस्थानमा कपाल, विवाह सकिएपछि वर्षदिनभित्र माहुर पनि यहाँ चढाउने गरिन्छ । मायादेवी साँच्चै श्रद्धा र सद्भावनाकी देवीका रूपमा छन् । यस्ती देवी रहेको लुम्विनी निकै महत्त्व राख्तछ ।

लाब्रेकुटी, (लालीखर्क) पाँचथर

लालीखर्क र चोकमागुको सिमानामा यो स्थान छ । प्यागोडा शैलीको मन्दिर छ । मन्दिरको गर्भगृहमा शिवलिङ्ग राखिएको छ । अस्तित्व प्राचीन भए पनि मन्दिर निर्माण चाहिँ १९८५ मा भएको देखिन्छ । मन्दिरका संस्थापक स्व. फाल्गुनन्द लिङदेन हुन् भनिन्छ । गर्भगृहमा लिम्वुजातिका वाजागाजा, भ्याली, ढोलक, नगरा, च्याव्रुङ आदि पनि छन् । मन्दिरनजिक स्व. फाल्गुनन्दको सालिक पनि छ । यस मन्दिरमा लिङदेन थरका लिम्वु नै हुन्छन् । गुठीको अभावमा दैनिक पूजा नचले पनि शिवरात्रिमा मेला तथा पूजा हुन्छ । नाचगानले पनि मेलाको रौनक वढ्छ ।

वज्रयोगिनी, (साँखु) काठमाडौं

काठमाडौँ साँखु उत्तर शिखरमा वज्रयोगिनी छन् । यिनी उग्रतारामध्येकी हुन् । व्रह्मा, विष्णु र महेश्वरले महामायाका रूपमा आराधना गरी प्रकट भएकी हुन् । कालिङ्ग देशका राजा देवीदान यिनै देवीको भक्ति गरी सदेह मुक्त भएथे । मन्त्रजपको महिमा यहाँ वढी छ । सूर्यवंशी राजा धर्मांगत कराईमा पाकी देवीलाई भोजन गराउँथे र देवीका कृपाले पुनः जीवित भई सुवर्णादि द्रव्य पाई त्यसैवाट राज्य चलाउँथे भनिन्छ । विक्रमादित्य पनि विशालनगर आई धर्मांगतभन्दा अगाडि नै गई कराईमा पाकी देवीलाई तृप्त पारी देवीले वचाइन् र अवदेखि यसरी पाक्नु पर्दैन भनी सुवर्णादि द्रव्य मणिसमेत दिइन्, यसैवाट सवैको ऋण तिरी संवत् चलाए । त्यो कराई घोप्टिएकै अवस्थामा अद्यापि छँदै छ । धर्मांगत राजा पराजित भई विक्रमादित्यलाई राज्य दिए । केही वर्ष राज्य चलाई कलिगत १७९९ मा भारत गए । त्यसपछि शङ्करदेव भएर यिनले साँखु सहर वसाए । त्यसपछि सूर्यमल्लले शङ्खपुरमा ६ वर्ष यिनै भगवतीको आराधना गरी रथारोहण, यात्राको प्रवन्ध गरे । वैशाखकृष्ण सप्तमीमा स्वयं स्थानमा नै राख्ने प्रवन्ध भयो । कलिगत ३२४८ मा राजा शिवदेव र दुर्वाशत्अंशकायोगीले (?) योग्य चित्रकार मगाई रङ्गरोगन चढाएर सुन्दर रूप वनाएको जानकारी मिल्छ । चन्द्रशमशेरले पनि पुनरुद्धार गरे । कराई र भगवतीको टाउको आगलागीले केही भएन । चन्द्रशमशेरवाट यो अद्भुत घटनापछि पुनः व्यवस्था भयो । कुलदेवी, इष्टदेवीका रूपमा धेरैले भगवतीको आराधना गर्दछन् ।

त्याग गऱ्यो, शिवदूत आएर उसलाई लगे। छोरानातिले पिण्डतर्पण दिँदा ७ पुस्ता पूर्वका पितृ पनि तर्छन्, मुक्त हुन्छन्, यहाँ प्राण त्याग्नेहरू पनि शिवलोक जान्छन् भन्ने कुरा पुराणमा (?) लेखिएको छ।

भाद्रकृष्ण औँसी (कुसेऔँसी) को दिन पितृहरूका लागि ठूलो पर्व हो। त्यस दिन यहाँ पितृलाई सम्झेर टेकिमात्र दिए पनि पितृमुक्त हुन्छन् भनिन्छ। सो दिन यहाँ मेला लाग्छ। अघिपछि पनि पितृहरूको सम्झनामा यहाँ श्राद्ध गर्ने गरिन्छ।

प्राचीन कालदेखि शिवरूप रहे पनि जयस्थिति मल्लले नेपाल संवत् ५१२ मा मन्दिर वनाएर गुठी राखेको कुरा वंशावलीमा उल्लेख छ। पूजाआजाको प्रवन्ध पनि गरे। अहिले पनि नित्यपूजाको प्रवन्ध छँदै छ।

वज्रवाराही, (टिस्टुङ) मकवानपुर

टिस्टुङ खोलाको किनारमा वज्रवाराहीको स्थान झन्डै ४५० वर्ष पुरानो यो स्थान खुला रूपमा छ। २ पत्थरको क्षेपयुक्त तोरण र पत्थरकै प्रतीकात्मक मूर्ति र ७१८ शिला पनि रहेका छन्। घण्टाहरू पनि चढाएका छन्। यसको आफ्नै गुठी छ। र यसैवाट पूजाजात्रा चलाइन्छ। वर्षको तीनपटक पूजा हुन्छ। दा पूजा, छो पूजा र वनवार पूजा। दा पूजा (धान काट्नुअघि कार्तिकमा), छो पूजा (गहुँ काट्नुअघि वैशाखमा) र केही दिन पछि वैशाखमै वनवार पूजा गरिन्छ। वनवार पूजा चाहिँ गाईवस्तु नमरून्, वालीनाली सप्रोस्, कुनै नोक्सानी नहोस् भनेर गरिन्छ। दा पूजा र छो पूजामा एकएक वोका, वनवारामा चाहिँ २ वोकाको वलि चढाइन्छ। यी तीन जात्रामा २२ पाथी चिउरा, जाँड आदि वनाई भोज खुवाउनुपर्दछ। यहाँ पाटीहरू पनि छन्। वज्रवाराही यस क्षेत्रकी संरक्षिकाको रूपमा रहेकी छन्।

बटुकभैरव, (त्रिपुराकोट) डोल्पा

त्रिपुराकोट गाउँमा यो मन्दिर छ। त्रिपुरासुन्दरीसँगै भैरवको पनि उत्पत्ति भएको मानिन्छ। यथासमय जीर्णोद्धार हुँदै आएको छ। यसमा वटुकभैरवको प्रस्तरमूर्ति छ। शिवमूर्ति तथा शालिग्राम पनि राखिएका छन्। १८१६ सालमा चढाइएको घण्टा पनि छन्। चैतेदसैं वडादसैंमा भक्तहरू निकै आउँछन्। आफ्नो श्रद्धा, पूजा तथा वलि पनि चढाएर भक्तिभाव अर्पण गर्दै भैरवलाई सन्तुष्ट गरी सुरक्षा प्राप्त गर्दछन्।

बटुकभैरव मन्दिर, (विलासपुर) दैलेख

विलासपुर गाउँको डाँडामा वटुकभैरव मन्दिर छ। यहाँ विलासपुरे राजाका भग्नावशेष पनि छन्। यी भैरवलाई यहाँका राजाले कुलदेवका रूपमा स्थापना गरेको जानकारी मिल्छ। आफ्ना हतियार यसै मन्दिरमा

राख्ने गर्थे। यिनै भैरवका प्रतापले विलासपुरे राजाले थुप्रै भूभाग जितेका थिए भनिन्छ। १४ औं शताव्दीतिर वैश्वानर ज्वालामा संसारवर्मा शासन गर्दथे। उनैले यी भैरव स्थापना गरेको अनुमान छ। मन्दिरहरू चाहिँ यथासमय मर्मत निर्माण हुँदै गए। तले शैलीको यो मन्दिर ३० फिट जति अग्लो छ। वटुकभैरवको करिव ४ इन्च अग्लो पत्थरको मूर्ति छ। गणेश र भैरवका अन्य ढलौटका मूर्ति पनि छन्। भैरवका प्रतीक शिला र त्रिशूल छन्। नित्यपूजाको प्रवन्ध छ। भक्तहरू आउँछन्, दर्शन गर्छन्, सुरक्षाको माग गर्छन्।

नारायण गाउँमा वज्रभैरव र कालभैरव छन्। यी भैरवको स्थापना कहिले भयो ? यसै भन्न नसकिए पनि १८७० सालको लालमोहरमा यस स्थानको अस्तित्ववारे स्पष्ट उल्लेख भएको छ। यहाँ चटचाङ वढी पर्ने हुँदा जनधनको नोक्सानी पनि हुन्थ्यो। वज्रभैरवको स्थापना गरे चटचाङ पर्दैन भन्ने ज्योतिषीको सल्लाहअनुसार वज्रभैरवको स्थापना भएको जनश्रुति छ। त्यस्तै कालभैरववारेको जनश्रुति यस्तो छ "एकपटक कुनै फिरन्त वावा आएर यहाँ वसी वटुकभैरवको उपासना गर्दै जीवितै समाधिस्थ हुन गए। उनले पुजारीलाई विधिपूर्वक पूजा गर्नु भनेथे सोअनुसार राम्रो पूजा नगर्दा पुजारीको निधन भयो र पुजारीका सन्तानले पनि दुःख पाउन थाले। फिरन्ता वावाले सपनामा कालभैरवको स्थापना गरे दुःख हटी शान्ति हुने सूचना दिएकाले कालभैरवको पनि स्थापना भयो।" वटुकभैरवको मन्दिर ४० फिट जति अग्लो छ। मन्दिरभित्र भैरवको मूर्ति तामाको छ र चाँदीको पशुपतिमुहार पनि छ। वाघमुख भएकी वाघेश्वरीको मूर्ति पनि छ। कालभैरवको प्रत्यक्ष दर्शन गर्नुहुँदैन भनिन्छ। भैरवको पूजा तान्त्रिक विधिअनुसार गरिन्छ। वडादसैं र चैतेदसैंमा विशेष मेला लाग्नका लागि गुठी व्यवस्था पनि छ।

वणुवाज्याथान, (दुनै) डोल्पा

दुनैमा यो थान छ। वाँसका लिङ्गा, सेता ध्वजा पताकाले मात्र मन्दिरको सङ्केत गर्छन्। यहाँ मन्दिर छैन, मूर्ति छैन, केवल माटोको आसन छ, त्यसमाथि छत्र छ। यो थान धामीझाँक्री र झारफुकसँग सम्वन्धित छ। मानिसलाई सामान्य रोग, लागोभागो भूतपिचाश लागेमा यहाँ लगी धामीमा देवता चढी त्यस आन्तरिक दैवी शक्तिवाट रोगीको उपचार गरिन्छ। विरामी मानसिक रूपवाट सन्तुष्ट हुन्छ, रोग पनि हट्ने गरेको छ। यहाँ कार्तिक पूर्णिमादेखि चतुर्दशीसम्म मेला पनि लाग्छ। नारीपुरुष भेला भई आपसमा जुवारी खेली आनन्द पनि लिने गर्दछन्।

वत्सलेश्वरीमन्दिर, (पशुपति) काठमाडौं

पशुपतिनाथको दक्षिणतर्फ वागमतीकै तीरमा वत्सलेश्वरी (पार्वती) को मन्दिर रहेको छ। काशी र कैलाशलाई समेत छाडेर शिव यहाँ रहेपछि पार्वती पनि वत्सलेश्वरी रूपले यहाँ रहेको चर्चा नेपाल माहात्म्यमा गरिएको छ। वागमतीमा स्नान गरी वत्सलाको दर्शन गर्ने भक्तहरूले कैलाशवास पाउने वरदान शिवले दिएको चर्चा पनि छ। चारपाखे नेपाली मण्डप शैलीको दुईतले कलात्मक मन्दिरमा यन्त्राकारमण्डल छ। कुनै मूर्ति छैन। मन्दिरमा खापा पनि छैन। पीठ मानिएकाले यस्तो भएको हो। देवमाला वंशावलीमा आदिपीठ भनी चिनाइएको छ। जयप्रकाश मल्लले सिन्दुरगुठी वत्सलेश्वरीकै नाममा राखेका थिए। वत्सलेश्वरीको यात्रा तीन दिनसम्म मनाइन्छ। दुदु च्याँच्याँ, देशोद्वारा पूजा, व्रजेश्वरी यात्राका वीच वत्सलेश्वरी यात्राको सम्वन्ध जोडिन पुग्छ। नित्यनैमित्त पूजा गुठियारले गर्नुपर्ने चलन रहेको छ। लिच्छविकालीन देवीपीठकै रूपमा यी देवीको पनि महत्त्व छ।

वनकाली, (पशुपति) काठमाडौं

कलिगत संवत् ३४८९ मा सूर्यवंशी राजा शिवदेवले धर्मदत्तका समयको देवताहरूसँगको समराङ्गणमा आफ्ना दाँतमा अड्केका वस्तु झिक्न लागेको अवस्थाको भगवतीकालीको शास्त्रोक्त स्वरूपको ध्यानयुक्त मूर्ति वनाउन लगाई काठमाडौं गौशाला वनकालीमा स्थापना गरिएको हो।

वंशावलीमा समेत उल्लेख भएको यसवारे जनश्रुति यस प्रकार छ "उग्ररूप पीठस्थकाली हुन्। अघि प्राचीन समयमा कुनै राजाले पशुपतिनाथमा दन्तविन्यास भव्य स्वरूपका श्रीमुखमा अत्यावश्यक सम्झी कालिगढहरू मगाई वर्तमान वनकाली रहेको ठाउँमा उक्त दन्तविन्यासकार्य निर्माण गराउन लाग्दा अकस्मात् ठूलो महामारी चली सवै कालिगढहरू त्यहीँ मरिरहेका देखिए। मृत व्यक्तिका शरीर कुहे। राजाले महामारी रोक्न सरसल्लाह गरी भूतप्रेतादिको दोष तन्त्रमन्त्रवाट आराधना गराई साम्य भयो। पछि तिनै भूतप्रेतादिवाट अरू विघ्नवाधा भए। त्यसको निवारणका लागि वनकाली भगवतीको आराधना गरी प्रतिष्ठापूर्वक स्थापना गरिएको जानकारी मिल्छ। भक्तहरू पर्वपर्वमा र अनुकूल समयमा गई वनकालीको दर्शन श्रद्धापूर्वक गर्दछन्, गर्दै छन्।

पशुपति क्षेत्रमा रहेको वनकालीकै नामवाट यस ठाउँको नाम पनि वनकाली रहेको छ। वि.सं.१९०२ को लालमोहरमा वनकाली, उल्लेख भएको पाइन्छ। मन्दिरमा अष्टा भुजा भगवतीको मूर्ति छ। हातमा अनेक आयुध छन्, खिइएर नचिनिने पनि वनेका छन्। गोडामा सर्पका कल्ली छन्। झलक्क हेर्दा रौद्ररूपजस्तो देखिन्छ। यो मूर्ति विक्रमको ७ औं

शताव्दीको जस्तो देखिन्छ। चामुण्डाको जस्तो मूर्ति छ। देवमाला वंशावलीमा कलिगत वर्ष ३४८९ मा सूर्यवंशी राजा शिवदेवले देवदानव युद्धमा सत्यको जितका लागि वनकाली मूर्तिको प्रतिष्ठापन गरी स्थापना गरेको उल्लेख छ। जेहोस् यो प्राचीन मूर्ति हो। पुराना शक्तिपीठमध्ये यो पीठ पनि श्रद्धेय रूपमा रहेको छ।

वनजरही, (वमनी) रूपन्देही

यो ऐतिहासिक महत्त्वको स्थान हो। वमनीगाउँको दानुनदीको किनारमा निपानिया र अभाहवाको सीमामा यो स्थान रहेको छ। सन् १९६४ मा यहाँ उत्खनन भएको थियो। इसापूर्व १००० सम्मका पुरातात्त्विक सामग्री प्राप्त हुँदा नेपालभारतवीचको सांस्कृतिक सम्वन्धमा प्रकाश परेथ्यो। यो पुरातात्त्विक स्थल हो, यहाँ अझै उत्खनन र अन्वेषण हुनुपर्दछ। यहाँ सीमित उत्खननवाट प्राप्त भाँडाकुँडा हस्तिनापुरमा पाइने भाँडाकुँडासँग मेल खाने भएकाले यसको ऐतिहासिक अध्ययन हुन सक्छ।

वनदेवी, (चौतारा) सिन्धुपाल्चोक

यो मन्दिर सदरमुकाम चौतारामा छ। प्यागोडा शैलीमा निर्मित मन्दिरभित्र एउटा कालो शिला मात्र छ। जसलाई वनदेवी मानी पूजादर्शन गरिन्छ। वि.सं. १९७७ पछिका घण्टाहरू छन्। मन्दिरमा दैनिक नित्यपूजा गरिन्छ। नित्यपूजा भएन भने त्यहाँ आगो लाग्ने वा कुनै दैवी विपत्ति आउँछ भनी त्यहाँका वासिन्दा सचेत छन्। त्यस कारण पूजाको प्रवन्ध गरिएको छ। दैवी विपत्ति नपरोस् भनेर भक्तहरू प्रार्थना गरी भक्तिभाव प्रकट गर्दछन्।

वनेश्वरमहादेव, (गौर) रौतहट

गौरगाउँमा अवस्थित यस मन्दिरको अस्तित्व ३०० वर्ष अगाडिदेखि रहेको छ। मन्दिरको जीर्णोद्धार चाहिँ २०४३ मा भएको देखिन्छ। शिखर शैलीमा रचित यसमा प्राकृतिक शिलालाई गोलो खाल्डो वनाई शिवलिङ्गको आकार वनाई राखिएको छ। यहाँको पूजाआजा पुरनवामटकै आमदानीवाट विहोरिने गरेको छ। यहाँ सँगै भगवतीका मन्दिर पनि छन्। वन हुँदा शिवरूप स्थापना भएकाले वनेश्वर भनिएको हुन सक्छ।

वरदादेवी, अछाम

मङ्गलसेनदेखि ४ कोस उत्तरमा वरदादेवीको मन्दिर छ। यो स्थल निकै रमणीय छ। वाईसे राजा विनोदी शाह यी देवीलाई इष्टदेवी मान्दथे भनिन्छ। सुरुमा यिनलाई त्रिपुरासुन्दरी भनिए पनि भक्तहरूको दुःखकष्ट हटाउन तपस्या र भक्तिअनुसार वर दिने भएकीले वरदा भन्न थालिएको हो

भनिन्छ। मन्दिर निकै आकर्षक छ। मन्दिरभित्र कडा प्रस्तरवाट वनेको वरदादेवीको ९८७ को आकर्षक मूर्ति छ। २४४ वर्ष अगाडिका घण्टाहरू पनि छन्। वडादसैं, चैतेदसैं, कृष्णाष्टमी आदिमा मेला लाग्छ। यसको आफ्नै गुठी छ, पूजाआजाको प्रवन्ध छ।

वरदानगुफा, (पुलाचौर) म्याग्दी

पुलाचौर गाउँको पुलाडाँडामा वरदानगुफा छ। गुफाभित्र वरनाथको मूर्ति छ। यिनलाई केदारनाथ, मुक्तिनाथ पनि भन्ने गरिन्छ। गुफा प्राचीन भए पनि मूर्ति चाहिँ करिव ४५० वर्ष अगाडि भुरे राजा डिम्व महाराजका काजी रुद्र वानिया र रतन वानियाले वनाएको भन्ने जनधारणा छ। यहाँ वरनाथका अतिरिक्त नरसिंह सिद्ध वावा, भूमिदेवता र नागदेवता पनि छन्। यहाँ श्रावणमा रोपाइँ सकिएपछि, जेष्ठशुक्ल र कार्तिकशुक्ल पूर्णिमामा पर्वपूजा गर्ने चलन छ। श्रावणमा खीरको भोग र अन्य पूर्णिमामा वलि पनि दिइन्छ। भाकल गर्नेहरूले यहाँ द्वितीया, पञ्चमी, दशमी, द्वादशी र पूर्णिमामा पूजा गर्दछन्। रोट चढाउने, खीरको भोग लगाउने र वलि दिने तीन थरी पूजा विधान छ।

वराहपोखरी, खोटाङ्ग

वराहपोखरी गाउँमा रहेको यस स्थानको अस्तित्व भन्डै ५५० वर्ष अगाडिदेखि रहेको धारणा त्यहाँका वासिन्दाको छ। यस स्थानका लागि भएको लालमोहर पनि २०० वर्ष अगाडिको हो। संवत् १८५९ मा लालमोहर भएको देखिन्छ।

यो स्थान प्रसिद्ध वराहपोखरीको किनारमा छ। वराहपोखरी पवित्र कुण्ड मानिन्छ। यहीँ रहेका वर र काम्राका रूखका फेदमा शङ्खेश्वर महादेव र विजुवाविजुवीको स्थान छ। महादेवस्थानमा नै वाराहीदेवी छन्। देवदवीका प्रतीकका रूपमा साना शिला छन्। त्रिशूल, घण्टा निकै चढाइएका छन्। वराहपोखरी २०० फिट गोलाइमा फैलिएको छ। यहाँ राता माछा पनि छन्। माछा आफैं उत्पत्ति भएका हुन्, मार्नु खानु हुँदैन भनिन्छ। यहाँ कुमार केटो मात्र पूजारी हुन सक्छ। यहाँका आराध्य महादेव र वाराही भगवती नै हुन्। यथाशक्य पूजा गरिन्छ। विजुवाविजुवीको पूजा गर्दा चाहिँ तमाखु, अदुवा, खुर्सानी, हुक्का, चिलिम, काइँयो, गुलेली आदि चढाएर पूजा गरिन्छ। औंसी र पूर्णिमामा मात्र विजुवाविजुवीको पूजा हुन्छ। वलिको चलन छैन। वाराही देवीलाई जिउँदै परेवा चढाई उडाइन्छ। हरिवोधिनी एकादशी, वालाचर्तुदशी, माघेसङ्क्रान्तिमा यहाँ मेला लाग्छ। टाढाटाढावाट मानिस आउने गर्छन् मेला भर्न। त्यस भेगको प्रसिद्ध तीर्थस्थलको रूपमा यसको महत्त्व छ।

वराहमन्दिर, (शोभागाउँ) रूकुम

शोभागाउँमा नेपाली शैलीको २ तले वराह मन्दिर छ। यसमा डेढदुई सय अगाडिका दमाहा घण्टाहरू फेला परेकाले यसको प्राचीनता स्पष्ट हुन्छ। मन्दिरभित्र चतुर्वाहु वराह मूर्ति छ। कालो प्रस्तरले वनेको मूर्ति मल्लकालीन देखा पर्दछ। यहीँ गणेशको मूर्ति पनि छ। यहाँ खुँडा पनि छ जसलाई कोटमा लगेर दसैँमा पूजा गरिन्छ। यहाँ दैनिक पूजा हुन्छ। तिज, कृष्णाष्टमीमा मेला लाग्छ, नाचगान, भजनकीर्तन चल्छ। पहिलो छोरो जन्मेपछि यहाँ भेडा तथा वोका वलि दिने चलन छ। कसैको सन्तान भएन भने, सन्तान भएर पनि वाक्य फुटेन भने यहाँ पूजा तथा दर्शन गरे इच्छा पूरा हुन्छ भन्ने जनविश्वास छ। वाहिर काठका कलात्मक टुँडाल पनि छन्। तिनलाई पनि भक्तहरू पुज्ने गर्छन्। यस क्षेत्रको निकै आस्था र विश्वासको प्रतीक वनेर यो मन्दिर रहेको छ।

वराहक्षेत्र, सुनसरी

नेपाल पावन क्षेत्रले युक्त छ। वराहक्षेत्र, मिथिलाक्षेत्र, पाशुपतक्षेत्र, मुक्तिक्षेत्र, लुम्विनीक्षेत्रजस्ता धाम कति छन् कति। प्रथम धाम वराहक्षेत्र हो। भगवान् विष्णुले वराहको रूप धारण गरी हिरण्याक्षलाई मारी पृथ्वीको उद्धार गरेको कथा पुराणादिमा छ। वराहभगवान्ले उद्धार गरेको स्थान कुन हो ? भन्ने कुरा पत्ता लगाउन लामो समय लागे पनि अव दुविधा छैन। पूर्वी पहाडवाट प्रवाहित हुने सप्तनदी सप्तकोशी वनेर पहाडलाई चिर्दै पहाडपहाडका वीचवाट प्रवाहित भएका छन्। यही क्षेत्रमा आएर उनीहरू पूर्ण वन्छन् र समथरतिर ओर्लन्छन्। यस ठाउँमा कोका र सप्तकोशीको सङ्गम छ। यही वराहक्षेत्र हो। यहाँ स्नान, दान, जप, श्राद्ध, तर्पणजस्ता सत्कर्म पुण्य प्राप्तिका लागि उत्तम मानिएको छ।

कालान्तरमा कौशिक (विश्वामित्र) ले रामलक्ष्मणलाई दानवादिको उग्रता नियन्त्रण गर्न अयोध्यावाट यतै ल्याएथे। फर्कंदा जनकपुर जाँदा कोशी नदी डुङ्गावाट तरेको वर्णन रामायणमा छ। वराहक्षेत्रको वर्णन हिमवत्खण्डमा पनि छ। त्यहाँ उल्लेख भएअनुसार वराहभगवान् प्रकटको कथा यस्तो छ "व्रह्मपुरीमा विष्णुशर्मा व्राह्मण थिए। विरक्तिएर उनी काशी गए, त्यहाँ वराहभगवान्को चर्चा सुनेर उनी कोशीनदीका तीरमा पुगे। स्नान गरी जप गर्न लागेथे भिल्लहरूले भेटे, कसैले पिट्न थाले, कसैले मार्न चाहे, तर वूढो भिल्लले भन्यो- यससँग के छ र ? यसलाई मार्नु ? वरु यसलाई घर लैजाने, छोरी सुवदना दिने र काममा जोताउने भन्यो। भैगो त भनी अरूले छाडे र वूढो भिल्लले लग्यो, छोरी दिएर ज्वाइँ नोकर वनाएर राख्यो, सङ्गतले सवै कुरा खाए पनि संस्कार छाडेन। एक

दिन कार्तिक पूर्णिमाका रातमा विहानीपख मादल, नगरा वजेको, नाचगान भएको सुनियो भनी सुवदनालाई व्राह्मणले भने। सुवदनाले महिनैपिच्छे शुक्ल द्वादशीका दिन यस्तै सुनिन्छ त्यहाँ जानुहुँदैन, कोही गए त्यहीँ हराउँछ, फर्केर आउँदैन भनिन्। त्यहाँ आएर पर्वपर्वमा देवता तथा अप्सरा- जहाँवाट आवाज आउथ्यो। वराह भगवान्को दर्शनस्तुति भक्तिमा सवै रमाएका देखेर ती व्राह्मणले पनि भगवान्को दर्शन गरे। अज्ञानी त मेरो दर्शन पाउनेवित्तिकै ममा विलीन हुन्थे तर तिमी त ज्ञानले दर्शन गर्न आयौ, तिमी यस स्थानलाई प्रकाश गर भन्नुभयो। यसरी यो स्थान प्रकाशमा आयो।

१८४३ मा चतरामठका महन्त शिव भारती आदिले वराहक्षेत्र मन्दिरको पुनर्निर्माण गराएको प्रमाण भेटिन्छ। हिमवत्खण्डमा भनिएको छ "धर्मज्ञान नभएका भिल्लहरू पनि वराहजीको दर्शनले धेरै मुक्त भएर गए। त्यसको उत्तरपट्टिको टाकुरामा वराहरूप विष्णुले आराधना गरिएका वाराहेश शिव छन्, स्वयम्भू व्रह्मा पनि छन्। उनैवाट वर पाएर विष्णुले वराहरूप लिएर पृथ्वीको उद्धार गरे।"

वराहको मूल मूर्ति मन्दिरभित्र छ। खोपोजस्तोमा पृथ्वी उद्धारका वराहमूर्ति अङ्कित छ। आकार छुट्टयाउन पनि निकै गहिरिएर हेर्नुपर्छ। वरिपरि गणेश, शालिग्राम, पञ्चायन भगवान् छन्। वनेलको सुन्दर कलापूर्ण मूर्ति पनि छ।

लोहाङ्गसेन (सेन वंशी) राजाले वराहक्षेत्रमा विष्णुको मूर्ति वनाई स्थापना गरेको पनि उल्लेख भेटिन्छ। गुठी पनि कही राखे।

प्राचीन कालीन तीर्थस्थल भए पनि प्रकाशमा ढिलो आएकाले यसका अभिलेख त्यति प्राचीन छैनन्। यहाँको वनोट हेर्दा सप्तकोशी थुनिँदा नेपालभारत नै डुव्ने स्थिति स्पष्ट देखिन्छ। वनेलरूप लिएर नदी खोलेर पृथ्वीको उद्धार गरेको प्रसङ्ग चाहिँ साँच्चै मिल्दो देखिन्छ। कार्तिक पूर्णिमासम्म र शुक्ल द्वादशीमा पनि यहाँ मेला लाग्छ। चतरावाट यहाँ जान पनि अव त्यति कठिन छैन।

वरुणेश्वर महादेव, (रामपुर) ओखलढुङ्गा

ओखलढुङ्गा जिल्लाको मध्यक्षेत्र रामपुरमा वरुणेश्वर महादेवको मनिदर छ। २०१६ सालमा ठूलो खडेरी पऱ्यो। किसानहरूले धानको विउसमेत राख्न पाएनन्। कलकत्तामा धार्मिक कार्यमा संलग्न पुष्पलाल दाहालको सक्रियतामा महभिरमा पानीका देवता वरुणेश्वर महादेवको आह्वान गरी मूर्ति स्थापना गरी पूजाआजा गरियो। त्यहाँ मन्दिर पनि वनाइएको थियो। पछि त्यसको स्याहारसम्भार हुन सकेन र २०४२

समलमा सोही नामवाट काठमाडौँवाट शिवलिङ्ग लगी प्राणप्रतिष्ठा गरी विधिपूर्वक रामपुरको गल्छचौडामा स्थापना गरियो । सिमेन्टेड मन्दिर पनि निर्माण गरियो । गाविसको नाम नै वरुणेश्वर राखिएको हुनाले स्थानीय मानिसहरू वरुणेश्वर महादेवप्रति आस्थावान् रहेको वुझिन्छ । मन्दिर सञ्चालन गर्ने गुठी वा स्थायी आधार भने देखिँदैन । स्थानीय मानिसहरूको सक्रियतामा मन्दिरको दैनिक पूजाआजा चलिरहेको देखिन्छ ।

वंशगोपालमन्दिर, (सुनारगाउँ) पाल्पा

मदनपोखराको सुनारगाउँ वंशगोपाल डाँडोमा अवस्थित यस मन्दिरको निर्माण मणिमुकुन्द सेनको पालामा भएको भनिन्छ । मूर्तिको वनोट हेर्दा १६ औँ शताव्दीको जस्तो लाग्छ । मुकुन्द सेनको शरद्कालीन दरवार यही थियो भनिन्छ । भग्नावशेष, मणिमुकुन्देश्वर महादेव, पोखरी पनि रहेकाले यस कुरामा पुष्टि मिल्छ । प्राचीन मन्दिर भत्की भग्नावशेष मात्र रहेकोमा वुलायवावाले सवैसँग सहयोग जुटाएर वि.स. १९९४ मा मन्दिर वनाई वंशगोपाल (नारायण) को पूजाप्रवन्ध मिलाएको वुझिन्छ । यसको गुठी पनि छ । चतुर्वाहु नारायणमूर्ति यहाँ छ । नित्यपूजा हुन्छ । तिज, कृष्णाष्टमी, रामनवमीजस्ता पर्वमा नरनारी जम्मा भई दर्शन, नाचगान गर्छन् । गुम्वज शैलीको साधारण मन्दिर छ ।

वाकूपतिनारायण, भक्तपुर

वलिदेव नामका राजा चाँगुनारायणको दर्शन नगरी खाँदैनथे । ठूलो वाढी आई खोलो तर्न नसकी एक दिन त्यसै फर्केछन् । भोकै सुतेछन् । सपनामा भक्तग्राममा नै विहान कुइरो छुट्ने वेलामा म त्यहीँ हुन्छु, त्यहीँ दर्शन गर्नू, सधैँ म कहाँ आइरहनु पर्दैन भनी चाँगुनारायणले भनेछन् । नभन्दै भोलिपल्ट भक्तपुरकै तोलाछे टोलमा नारायणको दर्शन पाएछन् । मेरो दर्शन चाहनेले यहीँ दर्शन गरे सिद्धि प्राप्त हुनेछ भनी नारायण अन्तर्ध्यान भएछन् । त्यसपछि त्यहीँ राजा वलिदेवले नारायण मूर्ति स्थापना गरी मन्दिरसमेत वनाई पूजाआजाको प्रवन्ध गरे । धानको थुप्रोवाट कुइरो छुट्ने वेलामा उत्पन्न भएकाले वाकूपति नारायण नाम रह्यो । त्यसपछिका मल्ल राजा धर्म मल्ल, कीर्ति मल्ल, जगत्प्रकाश मल्ल, रणजीत मल्ल आदिले पनि यथोचित सुधार र मन्दिरको मर्मत गरे । अहिले पनि वाकूपतिनारायणका भक्तहरू श्रद्धाभक्तिले पूजाप्रार्थना गर्दै छन् ।

वागमती, काठमाडौं

वाग्द्वारवाट उत्पन्न भएकी वागमती वहँदै गङ्गामा मिल्छिन् । वागमतीलाई शिवगङ्गा पनि भनिएको छ । सुरअसुर सवैले सेवा गरिएकी वागमती सवैको पापनाश गर्न समर्थ छन् भनिएको छ । हिमवत्खण्डमा

शिवजीको मुखवाट निस्की हिमालयको अग्लो टाकुरावाट झरेकी शिवगङ्गा, आर्या र ब्रह्मसरस्वती हुन्। गङ्गाभन्दा पनि सय गुणा वढी वागमतीको जल पवित्र छ। वागमतीमा स्नान गरे नारायणस्वरूप वनी वैकुण्ठ जान पाइन्छ भनिएको छ। पशुपतिपुराणमा पनि लोकलाई पवित्र पार्न, उद्धार गर्न वागमती प्रकट भएकी हुन् भनिएको छ। त्यस्तै नेपाल माहात्म्यमा पनि शिवको हाँसोपूर्ण वाक्‌वाट उत्पन्न भएकीले वागमती नाम रहेको वताइएको छ। वराहपुराणमा पनि वागमतीको मुक्तकण्ठले प्रशंसा गरिएको छ। गङ्गाभन्दा पनि सयगुणा वढी फल दिने, स्नानले मात्र पनि वैकुण्ठ पाइने, शिवलोक, इन्द्रलोक प्राप्त हुने चर्चा छ। वागमती स्नानले राजसूय, अश्वमेध यज्ञको फल पाइन्छ। वागमती र मणिमती (मनोहरा)को सङ्गममा स्नान दान गर्दा विशेष फल पाइने चर्चा पनि छ। वाग्द्वारमा दुर्वासाले आश्रम वनाएर वसेको चर्चा पनि भेटिन्छ। हिमवत्‌खण्डमा वागमती सहस्रनाम र पुण्यफल पनि निकै वताइएको छ।

वागीश्वरी महादेव, (चुतेखोला) भक्तपुर

वीरगङ्गा (चुतेखोला) र काभ्रेखोलाको सङ्गममा वीरतीर्थ छ। यहीँ नजिक वागीश्वरीमा वागीश्वर शिवलिङ्ग छ। वाग नामका ऋषिले तपस्या गर्दा वाक्‌सिद्धि भई मुक्ति पनि उनलाई मिलेथ्यो भन्ने कुरा हिमवत्‌खण्डमा वर्णन गरिएको छ। श्रावणशुक्ल पूर्णिमामा दर्शनपूजन विशेष मानिन्छ। यसको प्राचीन नाम जेलागिरि हो। विरूपाक्षले पनि यस तीर्थको उपयोग गरेका थिए। नेपालका ६४ शिवलिङ्गमध्ये यसलाई पनि एक मानिन्छ।

वागेश्वरी, (देवघाट) चितवन

देवघाटवाट भरतपुर जाने वाटोमा वागीश्वरीको स्थान छ। मन्दिर वन्न सकेको छैन। ढुङ्गाका दुई सिंहहरूले दायाँवायाँ पहरा दिई वीचमा आकृतिहीन मूर्तिलाई वागीश्वरी भनी पूजा गरिने हुँदा मन्दिर भन्नुभन्दा पनि वागीश्वरीस्थान भन्नु उपयुक्त हुन्छ। पहिले यहाँ कुनै भव्य मन्दिर थियो होला, भन्ने कुरा यहाँका भग्नावशेषहरूले पुष्टि गर्दछन्। ढुङ्गाका सिंह गजुर, इँटा, खम्वाजस्ता आधारवाट मध्यकालीन कलाकृति मान्न सकिन्छ। वागीश्वरी भगवतीको रूपमा भक्तहरूवाट यथासमय प्रार्थना र पूजा गरिँदै आए पनि उपयुक्त मन्दिर निर्माण हुन सकेको छैन।

वागेश्वरी, (नेपालगञ्ज) बाँके

सतीदेवीको जिव्रो पतन भएको हुनाले वाघेश्वरी भन्दै वागेश्वरी भन्न थालिएको हो भन्ने जनधारणा छ। नवरात्रि, चैतेदसैं, शिवरात्रि, छठ र तिजमा पनि यहाँ मेला लाग्छ। देशभित्र र भारतवाट समेत दर्शनार्थी भक्तहरू यहाँ आउँछन्। यस मन्दिरमा वर्षमा एकपटक सरकारी पूजा र

वर्षमा २ पटक महायज्ञ पनि सम्पन्न हुन्छन्। भक्तहरूवाटै जम्मा भएको सम्पत्तिवाट खिचडी पकाएर दर्शनार्थीलाई खुवाउने चलन पनि छ। देवी अति नै साक्षात् छन् एक भक्तले एकपटक जिव्रो काटी चढाएको र केही घण्टामै उसको जिव्रो जस्ताको त्यस्तै भएको कुरा पुजारी पद्मनाथ योगीको भनाइ छ। मन्दिरकै पूर्वतिर एउटा तलाउ छ। त्यसको वीचमा खडेश्वर महादेवको मूर्ति छ। जुँगा भएको महादेवको मूर्ति यहीँ मात्र छ। तलाउको पानी त्यति सफा छैन तर त्यस पानीले धोएपछि घाउखटिरा निको हुने विश्वास छ।

यो क्षेत्र सिद्धेश्वर योगीले भगवतीको तपस्या गरेको क्षेत्र हो। यहीं खाल्डो खनी सिद्धेश्वरले समाधि लिएका थिए। वागेश्वरी भगवती साक्षात् छन्। भक्तहरूको मनोकामना पूरा गर्छिन् भन्ने जनविश्वास वलियो छ।

बाणेश्वरमहादेव, (वानेश्वर) काठमाडौं

वानेश्वरमा वाणगङ्गा छ। यहीँ शिवलिङ्गका आधारमा वानेश्वर नाम रहेको हो। वाणगङ्गातीर्थ छ। वाण ऋषिले तपस्या गर्दा शिव प्रकट भएका हुन्। सिद्धि पनि प्राप्त भएको हो। पिङ्गकेश नामको व्यक्ति अति लुब्ध, क्षयरोग, पिनासरोगग्रस्त थियो। गुरुको उपदेशअनुसार माघेसङ्क्रान्तिमा यी देवताको दर्शनपूजन, स्नान गर्दा उक्त रोगवाट मुक्त भई शिवसायुज्य पनि प्राप्त गरेको चर्चा पुराणमा छ। स्कन्दपुराणमा पाइने पिनासको कथामा पनि यसको चर्चा पाइन्छ। वाणगङ्गाको पानीले नस लिँदा पिनासरोग निको हुन्छ भनिन्छ। मध्यवानेश्वरमा यो तीर्थ र शिवलिङ्ग छ। विरूपाक्षले पनि उपासना गरेको यसलाई नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिन्छ। यसको प्राचीन नाम पारियात्रपर्वत थियो।

बाणेश्वरमहादेव, (जोशीपुर) कैलाली

कैलालीको जोशीपुरमा वाणेश्वर महादेवको मन्दिर छ। यस ठाउँलाई वाणी पनि भनिन्छ। यस स्थानमा उत्पन्न भएकाले वाणेश्वर भनिएको हो। त्यस गाउँमा वस्ने रघुनाथ महतोलाई महादेववाट सपना भएछ “म वाणीमा छु मलाई पूज्य गराऊ, यसवाट त्यहाँ खोजी गर्दा हाल मन्दिर रहेको ठाउँमा शिवलिङ्ग फेला परेकाले त्यहीँ खर र काठको मन्दिर वनाई झन्डै अढाई सय वर्ष पहिले स्थापना भएको थियो रे। अहिले वीरवहादुर राईले गुम्वज शैलीको मन्दिर वनाइदिएका छन्। मन्दिरभित्र शिवलिङ्ग छ। भित्ताको खोपामा अनेक देवताका मूर्ति छन्। वैशाखमा मेला लाग्छ। नित्यपूजा र पर्वपूजाको पनि प्रवन्ध छ।

वाल्मीकिआश्रम, (ठोरी) चितवन

नवलपरासी जिल्लाको त्रिवेणीनजिक डुङ्गावाट नारायणी पार गरेपछि वाल्मीकि आश्रम चितवनको ठोरीमा पुगिन्छ। भारतको विहार वाल्मीकि नगरवाट पनि यहाँ पुग्न सकिन्छ। त्रेतायुगमा महर्षि वाल्मीकिले यहीँ आश्रम वनाई काव्य साधना गरेथे। वाल्मीकिरामायण आदि लौकिक काव्यको सृजना गरेथे। भगवान् रामको पावन रामचरित्र लोकमा विश्रुत भएथ्यो। यही ठाउँमा भगवती सीताले आफ्नो जीवनको उत्तर भाग व्यतीत गरिथिन्। लवकुशले यहीँ रहेर आफ्नो वाल्य जीवन विताई शिक्षानिपुण वनेथे। नदीलाई गङ्गा भनिन्छ। नारायणी गङ्गाका रूपमा छन्। तमसा नदी यहीँ मिल्छिन्। यहाँ उत्खनन पनि भयो, अनेक प्रमाण र परिस्थितिले वाल्मीकि आश्रम यहीँ हो भन्ने निष्कर्षमा नेपालभारत दुवै पुगेका हुन्। वाल्मीकि हरिहरका भक्त थिए। उनले पूजा गरेका हरिहर यहीँ छन्। त्रिशूली र कालीगण्डकी मिलेर वहेकी हरिहरगङ्गानजिकै आश्रम हुनु शास्त्रसम्मत पनि छ। चक्रतीर्थ, निर्भर, त्रिवेणी, अश्वमेधको घोडाको यात्राक्रम आदिका आधारमा पुराणहरूका भनाइलाई विश्लेषण गर्दा वाल्मीकि आश्रम यही हो भन्ने निष्कर्ष सन् १९६५ मा नेपालभारतका खोज टोलीले पत्ता लगाएका हुन्। लामो समयको अन्तरालमा सामान्य परिवर्तन वा भिन्नता देखिनु स्वाभाविक भए पनि प्रकृति र भूगोल नै यस्ता प्रसङ्गमा आधार हुन्छन्। आदिकाव्य रामायणका स्रष्टा महर्षि वाल्मीकिको आश्रमस्थल कति पवित्र र मोक्षदायक छ ? भनिरहनु पर्दैन।

वाल्मीकेश्वरशिवलिङ्ग, (हनुमानधारा) भक्तपुर

हनुमानघाटमा भद्राचल पर्वतदेखि आएकी भद्रानदी र वीरानदीको सङ्गममा वीरभद्रतीर्थ छ। वाल्मीकि ऋषिले तीर्थयात्रा गर्दा यहाँ आई तपस्या गर्दा शिवलिङ्ग उत्पन्न भई ऋषिलाई इच्छासिद्धिको वरदान प्राप्त भएको उल्लेख छ। यस शिवलिङ्गको दर्शनपूजन गर्दा चक्रवर्ती राजा विश्वकेतु वनेका राजगुरुको उपदेशले पौषशुक्ल पूर्णिमामा दर्शनपूजन गर्दा मुक्त वनेको कुरा हिमवत्खण्डमा छ। स्वस्थानीअवधिमा यहाँ दर्शनपूजन वढी मात्रामा हुने गरेको छ। यस ठाउँको प्राचीन नाम शुभोदपर्वत हो। विरूपाक्षले पनि यस तीर्थस्थलको उपभोग सेवन गरेको चर्चा पाइन्छ। नेपालका प्रसिद्ध ६४ शिवलिङ्गमध्ये यसलाई पनि एक मानिन्छ।

वाल्मीकेश्वरमहादेव, (झागाझोली) सिन्धुली

पुरानो झाँगाझोली गाउँमा निकै पुरानो देवस्थल छ। त्यहाँ वाल्मीकि ऋषिले स्थापना गरेकाले वाल्मीकेश्वर महादेव भनिन्छ। गुम्वज शैलीको मन्दिर छ। यसभित्र सानो पत्थरको शिवलिङ्ग छ। त्यहीँ अर्को नारायणमूर्ति पनि छ। मन्दिरका चारैतर्फ पत्थरका भैरव, नाग, सिंह,

वसाहाका अस्पष्ट आकृतिका मूर्तिहरू पनि छन् । वरपिपलको प्राकृतिक छहारीमुनि मन्दिर रहेको छ । वालाचतुर्दशीका दिन ठूलो मेला लाग्छ, शिवरात्रि, एकादशी आदिमा पनि दर्शनार्थी वढी आउँछन् । सामान्य गुठी पनि छ । यसैको आमदानीवाट यसको संरक्षण र पूजाआजाको प्रवन्ध छ ।

वाराहीमन्दिर, (फेवाताल) कास्की

फेवातालको वीचमा रहेकाले यसलाई तालवाराही पनि भनिन्छ । प्राचीनताको खास प्रमाण नभेटिए पनि पूजारीका अनुसार आजभन्दा ३२५ वर्ष अगाडि कास्कीका एक राजा र रानीले फेवातालको वीचमा रहेको एक ढिस्कोमा रहेको एक शिला जसलाई अर्घौतो पनि भनिन्थ्यो, लाई प्रतीक मानेर मन्दिर वनाएका थिए । हालको मन्दिर चाहिँ २०१७ सालमा निर्माण गरिएको हो । यहाँ धार्मिक दृष्टिले भन्दा पनि तालको वीचमा प्राकृतिक आनन्द लिने उद्देश्य राखेर जान्छन् । नेपाली तले शैलीमा निर्मित यो मन्दिर झन्डै २० फिट उचाइको छ । मन्दिरको भित्री भागमा वाराहीको मूर्ति छ । यो मूर्ति स्थापना अगाडि अर्घौतो (शिला) लाई नै पूजा गरिन्थ्यो । यहाँ पनि नित्यपूजा हुन्छ । गुठीको प्रवन्ध छ । वडादसैँमा दर्शनार्थी बढी हुन्छन् । वलि दिने चलन पनि छ ।

वासुकीमन्दिर, (पशुपति) काठमाडौं

पशुपतिनाथको उत्तरपूर्व दिशामा वासुकीमन्दिर छ । दुई तले मन्दिर पश्चिमाभिमुख छ । यसभित्र नागराज वासुकीको मूर्ति छ । पशुपतिका रक्षकमध्ये वासुकी पनि एक हुन् । उनको दर्शन गरेर मात्र पशुपतिको दर्शन गर्ने चलन छ । नन्दीभृङ्गीगण, गणेश, वासुकी, भैरव द्वारमा रहेर पशुपतिको रक्षा गर्छन् । यिनलाई अभिनन्दन गरेर मात्र पशुपतिको दर्शन गर्ने विधान छ । आदियुगमा गरुडले समाती ल्याएका वासुकी पशुपतिको शरणमा आई तप गर्दा आफ्नै द्वारपाल वनाई राखेको र संरक्षण प्रदान गरेको भनाइ छ । लिच्छविकालदेखि नै यहाँ वासुकीको अस्तित्व रहेका तथ्यहरू फेला पर्छन् । यसको मर्मतसम्भार यथासमय हुँदै आएको पाइन्छ । पशुपतिनाथको दर्शन गर्नुभन्दा पहिले नागराज वासुकीको दर्शन गर्नुपर्ने विधानले पनि यस मन्दिरको महत्त्व स्पष्ट हुन आउँछ ।

व्यासगुफा, (दमौली) तनहुँ

दमौली बजारदेखि करिव ८०० मिटर दक्षिणमा मादी र सेतीको दोभानमा यो गुफा छ । यो प्राकृतिक ओडार प्राचीन हो । ४०/५० फिटसम्मको लम्वाइ छ । भित्र वेदव्यास र शिवका मूर्ति छन् । सेतीनदी पारिवाट महर्षि पराशर यहाँ आए । मत्स्यगन्धाले नदी तार्न लाग्दा उनको रूपवाट मुग्ध भई ऋतुदान मागे । समागम पनि भयो । व्यास जन्मे ।

मत्स्यगन्धालाई कुमारी नै वन्ने वर दिई ऋषि अन्तै लागे। व्यास पनि तपस्या गर्दै हिंडे। मत्यगन्धा सत्यवती वनी सन्तनुसँग वैवाहिक सम्वन्धमा आवद्ध भइन्। यहीँ व्यासको जन्म भएकाले यो तीर्थस्थल वन्यो। प्रत्येक माघेसङ्क्रान्तिमा व्यासको सम्झनामा यहाँ मेला लाग्छ। स्वदेश तथा विदेशवाट भक्तहरू आई व्यासको दर्शन गर्छन् र यहीँ नजिक शिखर शैलीको मन्दिर वनाई व्यासको मूर्ति पनि स्थापना गरिएको छ। यिनै कारणले गर्दा यो पावनभूमि अझ पावन र दर्शनीय वनेको छ।

विकटेश्वर शिवलिङ्ग, (साँगा) काभ्रे

भक्तपुरको साँगामा यो तीर्थस्थल छ। अगनील, च्याहानडोल र फलैचाडोलसमेत ३ नदीको सङ्गममा यो पुण्यतीर्थ छ। यहाँको जल पान गर्नाले, विकटेश्वरको दर्शन गर्नाले व्याधाको वृत्ति गर्ने विकट नामको म्लेच्छ पनि मुक्त भएको, शिवले दर्शन दिनुभएको चर्चा हिमवत्खण्डमा छ। विरूपाक्षले पनि यस तीर्थमा स्नान, दर्शन, गरेको चर्चा पाइन्छ। यसको प्राचीन नाम द्रोणाचल हो। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो।

विजयपुर, (धरान) सुनसरी

सुनसरीको धरानमाथि विजयपुर छ। यहाँ कहिल्यै शीत पर्दैन, स्याल र काग कराउँदैनन्। अघि यहाँ पाण्डवहरूले वेदीजस्तो वनाएर यज्ञ गरेका थिए भन्ने जनधारणा छ। भीमसेनले भित्री पहाडको माटो ल्याई वेदी वनाएका रे। यज्ञमा वाधा दिने स्याल र कागलाई निषेध गरिएको थियो। अग्लो यज्ञमण्डपमा चँदुवा टाँगेथे। त्यसैले छेकेर शीत पर्दैन भन्ने जस्ता अनेक लोकधारणा छन्। अध्ययन गर्दा यी धारणा गलत जस्तो लाग्दैनन्। विजयको लालसाले यज्ञ भएकाले विजयपुर भएको हो अथवा विजयसेनले राजधानी वनाएकाले विजयपुर भएको हो अनुसन्धेय छ। यहाँ भग्नावशेष पनि छन्।

विजयपुरलाई रुद्राक्षको जङ्गल (रुद्राक्षारण्य) पनि भनेको पाइन्छ। हिजोआज त्यति रुद्राक्ष नभए पनि कालान्तरमा रुद्राक्षको जङ्गलै थियो भनिन्छ। शीतशैल पनि भनिन्छ। मोरङ्गवाट औलो छल्न मानिसहरू यहाँ आउँथे। यहाँ शीतलताको अनुभव गर्थे। अग्लो ठाउँ भए पनि पानीका मूल छन्। शिर काटिएको डाँडामा अनेक पानीका कूप र मूल पाइनु अनौठो कुरा मानिन्छ। रुद्राक्षारण्य माहात्म्यमा सेउतीलाई शिवगङ्गा मानिएको छ। पञ्चकन्यामध्ये कान्छी चाहिँ नछुने भएका वेला यहाँ आएकाले घचेडिदिँदा तल खसेकी छन् र चारकन्या मात्र छन् भनिन्छ। चार अग्ला शिलामाथि र एक तल छ। यही विश्वास त्यहाँका वासिन्दामा छ। औलोको प्रकोपवाट वच्न मोरङ्गका राजाले यहीँ राजधानी वनाएको वुझिन्छ। जे भए पनि यो नगरी सुन्दर, प्राकृतिक र धार्मिक दृष्टिले पनि महत्त्व राख्तछ।

विजयेश्वरी, रुकुम

विजयेश्वरी गाउँमा यो मन्दिर छ। यस मन्दिरकै आधारमा गाउँको पनि नामकरण भएको देखिन्छ। नेपाली शैलीको २ तले मन्दिर छ। देवीको अस्तित्व प्राचीन भए पनि मन्दिर त्यति प्राचीन देखिँदैन। मन्दिरभित्र मुख्यदेवी विजयेश्वरीको शिला छ। यसलाई आफैँ उत्पन्न भएको मानिन्छ। महिषासुरलाई मारिराखेको अर्को मूर्ति पनि छ। यहीं अर्को नारीमूर्ति छ जसलाई मालिकादेवी भनिन्छ। जाँजरकोटे राजा दीपनारायण शाहले १८९२ मा यो मन्दिर वनाएका थिए भन्ने प्रमाण ताम्रपत्रवाट खुलेको छ। मन्दिरको मर्मत पछि पनि हुँदै आएको छ। नौरथामा पूजापाठ र वलि पनि चढाइन्छ। गुठी छैन। भक्तहरूकै भावनाले नित्यपूजा चल्दै आएको छ।

विन्ध्यवासिनीदेवी, (विराटगाउँ) जुम्ला

विराटगाउँको लुटुकमा यो मन्दिर छ। एक तले मन्दिरमा विन्ध्यवासिनी देवीको प्रस्तरको प्रतिमा जमिनवाट नै उत्पन्न भएको मानिन्छ। यी भगवतीका दायाँपट्टि क्षेत्रपाल र वायाँपट्टि भैरवका मूर्ति छन्। यो मन्दिर वैशाख, श्रावण र कार्तिक, माघेपूर्णिमा र अनन्तचतुर्दशीका दिन मात्र खोल्ने गरिन्छ। यी दिनमा पर्वपूजा हुन्छ, नित्यपूजा गरिँदैन। दुधचामल र षोडशोपचारले पूजा हुन्छ। चण्डीरुद्री आदि पाठ हुन्छ। १९३२ सालको दानयात्राअनुसार गुठीवाट सामान्य आमदानी छ। आमदानीले भन्दा पनि भक्तहरूको श्रद्धा र भक्तिद्वारा यो मन्दिरमा पूजाआजा हुन्छ।

विन्ध्यवासिनीदेवी, पर्सा

वीरगञ्ज वजारवाट ८ किलोमिटर पश्चिममा रहेको पर्सा जिल्लाको मुख्य धार्मिकस्थल मानिन्छ। प्रचलित नेपाली शैलीमा निर्मित यो मन्दिर वि.सं. १९४४ मा पृथ्वीवीरविक्रमले वनाएको त्यसमा आकाररहित ढुङ्गालाई देवीको रूपमा पूजा गरिएको भनिन्छ। त्यसभन्दा पहिले श्री ५ रणवहादुर शाहकै पालामा नित्यपूजाको प्रवन्ध भएको वुझिन्छ। अहिले अष्टधातुवाट निर्मित स्थानक मुद्रामा उभिएकी भगवतीको मूर्ति गर्भगृहमा छ। जो पृथ्वीवीरविक्रमवाटै स्थापित मानिन्छ। श्री ५ महेन्द्रवाट जीर्णोद्धार भएको यस मन्दिरको स्थिति राम्रै छ। यहाँ चैतेदसैँ, वडादसैँजस्ता पर्वमा मेला लाग्छ, स्वदेश तथा विदेशवाट समेत भक्तहरू आएर भक्तिपूर्वक अर्चना गर्दछन्। भक्तहरूको मनोवाञ्छा पूरा गर्न भगवती सक्षम छन् भन्ने विश्वास रहेको छ।

विन्ध्यवासिनीमन्दिर, (पोखरा) कास्की

पोखराको प्रसिद्ध यो मन्दिर मोहरिया टोलमा छ। कास्कीका राजा सिद्धिनारायण शाहले विन्ध्याचलवाट ल्याई स्थापना गरेकाले विन्ध्यावासिनी

भनिएको भन्ने एक धारणा छ भने अर्को धारणानुसार पोखराको विन्दु (केन्द्र) स्थलमा रहेकाले विन्दुवासिनी भन्दै जाँदा विन्ध्यवासिनी रहन गएको भन्ने स्थानीय वासिन्दाको भनाइ छ। १८७२ मा सूर्यनारायणले दिएको लालमोहर र गुठी तथा पूजाप्रवन्धवाट यसको प्राचीनता स्पष्ट हुन्छ। अष्टकोणाकार गुम्वज शैलीको यस मन्दिरमा अष्टभुजा भएकी भगवतीको मूर्ति छ। मन्दिरको चोकमा शिव, हनुमान, सरस्वती आदि देवदेवीका मूर्ति पनि छन्। राँगो तथा पाडो वलि चढाउने गरिन्छ। नित्यपूजा र पर्वपूजाको प्रवन्ध छ। नित्यपूजा पञ्चोपचार र पर्वपूजा चाहिँ षोडषोपचार विधिद्वारा गरिन्छ। दसैँमा विशेष भिड र मेला लाग्छ। शनिवार पनि दर्शनार्थीको चाप हुन्छ। यस्तै पर्ववाहेक छुट्टै मेला चाहिँ लाग्दैन। चाहेको पुग्ने भगवतीको कृपादृष्टि रहने जनविश्वास छ। भक्तहरूले समयसमयमा विशेष पूजा पनि गराउँछन्। राजा सिद्धिनारायण शाहले व्यवस्था गरेको ४० मुरी माटोको चाहर खेत र ४ पाथी वीजको पाखोवारी यस मन्दिरको गुठीको रूपमा रहेको छ।

विनायकपञ्चदेवल, (विनायकगाउँ) अछाम

विनायक गाउँमा पञ्चदेवल छ। पञ्चदेवलवजार पनि भनिन्छ। अहिले चारदेवल छन्। ठूलो देवलको माथि लेखिएका अक्षरमा अक्षय मल्ल भन्ने उल्लेख भएको छ। यसवाट प्राचीन कालीन भन्ने पुष्टि हुन्छ। यहाँ काली र गणेशका मूर्ति छन्। गणेश, कालीका मूर्ति पछि स्थापना भए पनि देवलको ऐतिहासिक र सांस्कृतिक महत्त्व छ। यिनको पुरातात्त्विक अध्ययन हुनु आवश्यक छ।

विनलनगरगुफा, (आदर्शगाउँ) तनहुँ

आदर्श गाउँमा रहेको यस गुफलाई मगरहरू भालुगुफा भन्छन्, अरूअरू सिद्धगुफा पनि भन्छन्। यो प्राकृतिक गुफा भएकाले प्राचीन हो। यहाँ ऋषिआकारको मूर्ति पनि छ। शिवलिङ्ग छ जसमा पहिरो रसाएर पानी लिङ्गमाथि पर्दछ। गुफाभित्र ढुङ्गाकै वनोटका अनेक आकृति देखिन्छन्। गोरुको सिङ आकारको पैसा पनि प्राप्त भएथ्यो भनिन्छ। सिद्ध, तपस्वीहरू यहाँ वस्थे होलान्, पछि हिंसक जनावर भालु, वाघ पनि वस्न थाले होलान्। यस्ता प्राकृतिक गुफाले पर्यटक र दर्शकहरूको सङ्ख्या वढाउने गर्छन्।

विनलेश्वरमहादेव, (सिपाडोल) भक्तपुर

भक्तपुरको सिपाडोलमा पूर्ववाट आएकी विनलगङ्गा र दक्षिणवाट आएकी सिनलगङ्गाको दोभानमा विनलोदेक तीर्थ छ। यहीँ विनलेश्वर शिवलिङ्ग छ। विनल नामका ऋषिले ध्यान, पूजा, प्रार्थना गरी सिद्धि प्राप्त गरेको चर्चा छ। मार्गकृष्ण औँसी पूजनदर्शनका लागि वढी उपयुक्त समय

हो । विरूपाक्षले पनि यस तीर्थको उपयोग गरेको यस ठाउँको प्राचीन नाम निकुञ्ज पर्वत हो । नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो ।

विरूपाक्ष, (आर्यघाट) काठमाडौं

आर्यघाटको दायाँतर्फको किनारको एउटा सानो मन्दिरभित्र उभिएको अवस्थामा यो मूर्ति छ । विक्रमको तेस्रो वा चारौं शताव्दीतिरको मानिने यो मूर्ति नयाँ किसिमको छ । कसैले यसलाई विरूपाक्ष, कसैले शिव र कसैले नागराज पनि मानेका छन् । जान्नेवुझ्ने मानिसहरू आर्यघाटवाट जल अँजुलीमा लिएर यस मूर्तिलाई चढाउँछन् । यो मूर्ति अलिअलि गरेर माथि वढ्दै आउँदै छ, जव यसका हातका औंलाले जमिन छुन्छ त्यस वेला कलियुग समाप्त भई महाप्रलय हुन्छ । महाप्रलय चाँडै नहोस् भनी कलिरूप यसलाई भक्तहरू जल अर्पण गर्ने गर्दछन् । विरूपाक्ष पूर्वजन्मको कर्मअनुसार मातृगमन गर्नुपर्दा त्यसको प्रायश्चित्त गर्न कुशेश्वरवाट यात्रा प्रारम्भ गरी ६४ शिवलिङ्गको दर्शन गरी अनेक तीर्थयात्रा पूरा गरी नेमुनिका उपदेशले पापमुक्त भएको सन्दर्भ हिमवत्खण्डमा छ । तीर्थयात्राले र पश्चात्तापले पवित्र वनेका विरूपाक्ष शिवरूप वनी यहाँ रहेको पनि सन्दर्भ पनि आउँछ । पशुपतिनाथका पूर्वीद्वार वागमतीका तीरमा रहेको यस स्वरूपले श्रद्धालु भक्तवाट पूजाअर्चना र जल प्राप्त गर्दछ । यसलाई पनि कम महत्त्व दिन मिल्दैन ।

विवाहमण्डप, (जनकपुरधाम) धनुषा

जानकीमन्दिरको उत्तरी भागमा रहेको प्राचीन विवाह मण्डप १९९० सालको भूकम्पमा क्षतिग्रस्त भई सोही स्थानमा २०२६ सालमा विवाहमण्डपको निर्माण भएको छ । जानकी (सीता)को विवाह गर्न तयार भएको मानिने यस मण्डपको नवनिर्माणमा जानकीमन्दिरमा महन्त नवलकिशोर दासले विशेष योगदान गरेका हुन् । करिव २ विघा जमिनको कम्पाउन्ड छ । नेपाली तले शैलीको २ तले उक्त मण्डपको वीच भागमा रामजानकी विराजमान सिंहासन रहेको छ । त्यसका दायाँ दशरथ र ऋषिहरू अनि वायाँतर्फ जनक र ऋषिहरूका सङ्गमर्मरका मूर्ति राखिएका छन् । यसको रेखदेख र सरसफाइ जानकीमन्दिरमार्फत नै हुने गरेको छ ।

विशङ्खुनारायण, (गोदामचौर) ललितपुर

ललितपुरको गोदावरीतर्फ जाने वाटोमा गोदामचौर पहाडी गुफा नजिक विशङ्खुनारायण रहेका छन् । यी नारायण उपत्यकाका चार प्रमुख नारायणमध्ये एक हुन् । वाँडेगाउँको दक्षिणतर्फको त्यस गोदामवारीवाट काठमाडौं उपत्यकाको मनोरम दृश्य देखिन्छ । त्यसै ठाउँवाट साँगुरो वाटोवाट सिँढीहरू पार गर्दै ढुङ्गेमञ्च पुगेपछि गुफामा प्राकृतिक शिला

रहेको देखिन्छ। यिनैलाई विशङ्खुनारायण भनिन्छ। यहाँ भौतिक संरचनाभन्दा प्राकृतिक रूप नै महत्त्व राख्तछ।

भस्मासुरवधको सन्दर्भ यहाँ जोडिन्छ। नारायणले भनेअनुसार आफ्नो हात आफ्नै शिरमा राख्ता भस्म भई उसकै खरानीले यो पहाड वनेको भन्ने जनश्रुति छ। भस्मासुरलाई मारी शिवलाई सङ्कटवाट वचाएपछि नारायण यहीँ आरामसँग रहनुभएको हो भनिन्छ। यहाँ कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म विशेष मेला लाग्छ, विशेष पूजा हुन्छ।

विशङ्खुनारायण, (पालुङ) मकवानपुर

पालुङ गाउँमा रहेको यो मन्दिर झन्डै ३०० वर्ष पुरानो मानिन्छ। विशङ्खुनारायणको पादपीठमा ने.सं. ७९० कुँदिएको छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरमा कालो चिल्लो पत्थरको नारायणमूर्ति छ। यो मूर्ति पनि पाण्डुकेश्वर मन्दिरमा स्थानान्तर गरिएको छ। यहीँ पूजा हुन्छ। यस मन्दिरको गुठी छैन र नित्यपूजा पनि हुँदैन। पर्वपूजा चाहिँ भक्तहरू आई गर्दछन्।

विश्वरूपामन्दिर, (पशुपति) काठमाडौं

पशुपतिको मृगस्थलीजङ्गलको पूर्वपट्टि राजकीय गुम्वज शैलीमा यो मन्दिर निर्मित छ। वि.सं. १९१२ भोटसँगको युद्धमा नेपालको विजय होस्, धनजनको त्यति क्षति नहोस् भनी भोट जाने वाटोमा भेटिएको विशाल शिलालाई भैरवको प्रतीक मानी यहाँ स्थापना गरियो। हनुमानढोकामा प्रताप मल्लले स्थापना गरेकी विश्वरूपा अर्थात् कामकामेश्वरीको धातुको ठूलो मूर्ति पनि ल्याई यहीँ स्थापना गरियो। १९२० वि.सं.मा मन्दिर वन्यो। जङ्गवहादुरले तान्त्रिक विधिअनुसार कोटिहवन गरी प्रतिष्ठापूर्वक स्थापना गरको चर्चा पाइन्छ। पश्चिमाभिमुख यस मन्दिरमा झन्डै १२ फिटजति अग्लो धातुको मूर्ति छ, हजारौँ हात, हजारौँ टाउकासहितको मूर्तिमा शक्तिआलिङ्गन अवस्थामा रहेकी छन्। वरिपरि राम, सीता, कृष्ण, राधा, शिव पार्वती, लक्ष्मीनारायणका मूर्ति पनि छन्। यसको आफ्नै गुठी छ, नित्य र पर्वपूजा पनि हुन्छ। कलात्मक र तान्त्रिक दुवै दृष्टिले यसको महत्त्व निकै भए पनि मन्दिरको संरक्षण र जीर्णोद्धार गर्नुपर्ने स्थितिमा छ।

विश्रान्ति मन्दिर, (मूलघाट) धनकुटा

तमोर नदीको तीर मूलघाटमा विश्रान्ति मन्दिर छ। पावन तीर्थस्थलको रूपमा प्राचीन कालदेखि रहेको भए पनि विश्रान्ति मन्दिरको रूपमा २०४० सालपछि विकास गरिएको छ। यहाँ शिव पाञ्चायन मन्दिरको स्थापना गरिएको छ। वृद्धहरूको सेवास्थलका रूपमा पनि यो

मन्दिरले सार्थक रूपमा काम गर्दै छ। मुष्टिदानवाट अक्षय कोषको स्थापना गरिएको छ। गरिव असहाय वृद्धहरूलाई वसोवास, उपचार, शास्त्राभ्यास, खानपिनजस्ता सुविधा उपलव्ध गराउने लक्ष्य यस मन्दिरले राखेको देखिन्छ। १०० वृद्धहरूको वसोवासको प्रवन्ध भइसकेको कुरा रामनारायण श्रेष्ठ वताउनुहुन्छ। धार्मिक महत्त्व त यस स्थलको छँदै छ त्यसका अतिरिक्त सामाजिक र मानवीय दृष्टिकोणले पनि सेवा गर्ने स्थलको रूपमा यसको महत्त्व रहेको छ।

विष्णुनारायणमन्दिर, (नदीपुर) कास्की

सेतीनदीको छेउ नदीपुरमा यो मन्दिर छ। झन्डै एक शताव्दीपूर्व गणेश गिरि नामका वावाले यस मन्दिरको स्थापना र निर्माण गरेका थिए भनिन्छ। देवीप्रसाद पराजुलीलाई ७ पुस्तासम्म पूजा चलाई गुठी राख्नू भनी जिम्मा लगाएकाले पराजुलीपरिवारवाटै मर्मत तथा आवश्यक पूजाप्रवन्ध हुँदै आएको छ। तले शैलीको दुई तले मन्दिरमा गरुड र नारायणको मूर्ति छ। यसका लागि गुठी पनि छ। त्यसैवाट पूजा चल्दछ। साधुहरूलाई सदावर्त पनि गरिन्छ। अरूवाट पूजासामान आए पनि पूजा चाहिँ पूजारीवाटै गर्ने चलन छ।

विष्णुपादुका, (वराहक्षेत्र) सुनसरी

यो तीर्थ सुनसरी जिल्लाको वराहक्षेत्रमा रहेको छ। वराहपुराण अध्याय १२६ श्लोक ६ र ७ मा यसको वर्णन छ। पद्मकल्पमा भगवान् नारायण यहाँ विश्राम गर्नुभएको थियो। त्यही विश्रामस्थल विष्णुव्रह्ममशिलानामले प्रसिद्ध छ। यहीँ विष्णुपादुका रहेको छ। त्यहाँ श्राद्ध तर्पण गर्नाले पितृहरू मुक्त हुन्छन् भन्ने लेखिएको छ। हजारौँ मानिसहरू समयसमयमा यहाँ गएर श्राद्धतर्पण गर्न थाले। प्रचारले गर्दा ठूलो भयो। गुप्त रहेको पावन विष्णुपादुका प्रकाशमा आएको छ। फरक त्यति हो। यसको महिमा अपरम्पार छ।

विश्वरूपेश्वर, (तर्सागाल) भक्तपुर

भक्तपुरको तर्सागालमा वृद्धगङ्गा (गडुखोलो) र अर्को सानो खोल्साको मिलन स्थलमा वृद्धगङ्गा तीर्थ छ। यहीँ विश्वरूपेश्वर शिवलिङ्ग छ। श्रुतिश्रवा नामका व्राह्मणको ध्यान, जप र तपस्यावाट प्रसन्न भएका महादेवले भुक्तिमुक्ति प्रदान गरेथे। वेद ऋषिका उपदेशले त्रिसिरा नामका पक्षिराजले वैशाखशुक्ल पूर्णिमामा दर्शनपूजन गर्दा मुक्ति प्राप्त गरेको कथा छ। यसको नाम ऋष्याश्रम पर्वत थियो। विरूपाक्षले पनि सेवन गरेको यस तीर्थको वर्णन हिमवत्खण्डमा पाइन्छ। ६४ शिवलिङ्गमध्ये एक पनि हो।

विहारकुण्ड, (जनकपुरधाम) धनुषा

जनकपुर उपनगरपालिका ८ नं. वडामा यो कुण्ड रहेको छ। सीताले पौडी खेल्ने, स्नान गर्ने विहार गर्ने कुण्ड भएकाले विहारकुण्ड नाम रहेको हो भन्ने जनधारणा छ। ३००२५० फिटको लमाइ चौडाइ भएको यसलाई जानकीह्रद पनि भनिन्छ। अनेक महात्माहरूको वसोवास भएको, रामध्वनि गुञ्जित यो कुण्ड निकै रमणीय छ। उन्नाईसौं शताव्दीका वरिपरि गुम्वज शैलीका मन्दिरहरू छन्।

वैतेश्वरमहादेव, (नाम्दुवैती) दोलखा

दोलखाको नाम्दुवैतीमा वैतेश्वर महादेवको मन्दिर छ। वैतीनामकी गाईले दुध चढाएर लिङ्ग पत्ता लागेकाले वैतेश्वर महादेव नाम रहेको जनधारणा छ। ऐतिहासिक प्रमाण नभेटिए पनि यहाँका प्राप्त सामग्री अध्ययन गर्दा १८ औँ शताव्दी अगाडिकै मानिन्छ। प्रचलित नेपाली तले (प्यागोडा) शैलीमा निर्मित दुईतले मन्दिर छ। मन्दिरको गर्भगृहमा शिवलिङ्ग (शिलाको) स्थापना गरिएको छ। वाहिरी कम्पाउन्डको भित्तामा कृष्णजी, कीर्तिमुखसहित उमामहेश्वरका मूर्ति पनि छन्। नित्यपूजाका लागि गुठी पनि छ। वेलावेलामा रुद्री, लघुरुद्री, सप्ताह पनि लगाइन्छ। भक्तहरू पर्वहरूमा आई पर्वपूजा पनि गर्दछन्। आस्थाका प्रतीकका रूपमा अर्चना गर्ने गर्दछन्।

सतासीधाम, (सतासीधामगाउँ) झापा

चुलाचुली पहाडको काखमा सतासीधाम गाउँमा यो धाम रहेको छ। ८७ हजार ऋषिहरूले यस ठाउँमा तपस्या गरेकाले सतासीधाम भनिएको भन्ने जनश्रुति छ। पाण्डवहरू यहीँ आएर गुप्तवास वसेथे। १९८७ सालमा यो धाम कुनै साधुले पत्ता लगाएका हुनाले पनि सतासीधाम नाम रहेको भन्ने पनि सुनिन्छ। यस धामको उत्तरी खण्ड मैनाचुली पहाडको टुप्पामा हवनकुण्ड, पुराना इँटा, साधुसन्तका कुटी रहेकाले प्राचीन देवस्थल हो भन्ने कुरा चाहिँ स्पष्ट छ। मन्दिरभित्र शिवको मूर्ति छ। वालाचतुर्दशी, शिवरात्रि, मकरसङ्क्रान्ति, रामनवमीजस्ता पर्वमा यहाँ मेला लाग्दछ। सतासीधाम विकास समितिले यस स्थलको रेखदेख गर्दै आएको छ। शताक्षीदेवीको तपस्या गरी पाण्डवले वर पाएका शताक्षीवाट सतासी तद्भव वनेको पनि भनिन्छ। यसै चुलाचुलीमा हतियार लुकाई गुप्त रूप लिएका भन्ने पनि छ। महादेवसँग विवाह गर्न अड्डी लिएकी पार्वतीको विष्णुसँग विवाह हुन लाग्दा भागेर यहीँ आई तपस्या गरेकी थिइन् भनिन्छ। शिवरात्रिगुफा, सहस्रधारा, पाण्डवगुफा, चिनामा रहेका गाईका थुन आकारका प्रतीक, झर्ना, पोखरीहरूले हामीलाई मोहित

वनाउँछन् र प्राचीन संसारतर्फ डोऱ्याउँछन्। झरेको पानीमा विरेनुनको स्वाद आउँछ अनि गन्धकमिश्रित यहाँको पानीले स्नान गर्दा घाउखटिरा निको हुन्छ भनिन्छ।

सत्यनारायण, (तिमालडाँडा) काभ्रे

नारायणधामको पोखरीगाउँमा तिमालडाँडाको शिरमा सत्यनारायण स्थान छ। धेरै वर्ष अगाडि यहाँको सत्यनारायणको शिलामूर्ति मेचीदेखि वोकेर महाकाली पुऱ्याउन हिँडेकोमा यहाँ आएपछि हलचल गर्न नसकी मूर्ति उठाउन नसकेकाले यहीँ थापना गरेको जनश्रुति छ। उठाउन नसक्दा रिसले खुकुरीले हात र नाकमा हानेको चोट पनि देखिन्छ भनिन्छ। गुम्वज शैलीको मन्दिरमा १८ हात भएको पँखेटा भएका सत्यनारायणको कालो चिप्लो शिलामूर्ति छ। मूर्ति आकर्षक छ। नजिकै गणेश पनि छन्। यहाँ घण्टा पनि चढाइएका छन्। गरुडको शिलामूर्ति पनि देखिन्छ। जे चिताए पनि पुग्छ भन्ने विश्वासले गर्दा भक्तहरू यहाँ आएर दर्शनपूजा गर्दै भक्तिभाव अर्पण गर्दछन्। वरिपरि घना जङ्गल छ। यहाँका रूख काट्न पनि मानिस डराउँछन्। करिव ४०० वर्ष पुरानो मानिने यस मन्दिरमा पूर्णिमा, सङ्क्रान्ति, एकादशी, पञ्चमीमा भक्तहरूको घुइँचो लाग्छ। नित्यपूजा पनि हुन्छ। जनै पूर्णिमाका दिन ठूलो मेला लाग्छ। अन्य धार्मिक कार्य पनि यहाँ हुने गर्छन्।

सत्यवतीताल, (कौडेलेक) पाल्पा

तानसेनदेखि करिव १५ किलोमिटर दक्षिणतर्फ कौडेलेक शृङ्खलामा एउटा प्राकृतिक सुन्दर ताल छ, जसको नाम हो सत्यवती ताल। यस तालको मुहान कतै पनि देखिन्न। यसको निकास पनि देखिन्न। वाह्रैमास शुद्ध निर्मल पानीले भरिएको हुन्छ। शिखरमा जङ्गलका वीचमा छ। यहाँ कार्तिकशुक्ल पूर्णिमाका दिन (ग्रहण नपरेमा) मेला लाग्छ। देवीको प्रतिमा, मूर्ति, मन्दिर केही देखिन्न। लोकले सत्यवती देवीका रूपमा उक्त ताललाई नै आराधना गर्दै आएको छ। शैत्या नामकी पतिव्रता नारी नै सत्यवती हुन् भनिन्छ।

धेरै वर्ष अगाडि वैराग्य प्राप्त गरेकी उक्त वृद्धाले यहाँ तपस्या गरिथिन्। उनी सत्यवती, शीलवती र गुणवती थिइन्। उनले भगवान्‌वाट सिद्धि प्राप्त गरी देवी वनिन्। त्यही तालमा प्राण विसर्जन गरिन्। उनको पावन आत्मा त्यहीँ विचरण आज पनि गर्छ भनिन्छ। तालको डिलवाट चिच्याएर मागे छोरा, छोरी, धन, पति, पत्नी आदि पाइन्छ। निगालाको लिङ्गो गाड्ने, जाग्राम वस्ने, पाठापाठी वलि चढाउने पनि गरिन्छ तर सूर्य न उँदाउँदै ताल छाड्नुपर्छ नत्र अनिष्ट हुन्छ भनिन्छ। एक दिन अधवैंसे

आइमाई मेला भरी हिँडिछ, काँगियो विर्सेर तालमा फर्कंदा सेतै फुलेकी वूढी तालवरिपरि सफा गर्दै देखिइन्। अरू कोही थिएनन्। अज्ञानवश सूर्योदयपछि फर्केर आएकीले सुनको काँगियो दिएर पठाइछन्। आइन्दा यसरी निषेधित समयमा नआउनू भनिछन्। आज पनि मानिसहरू इच्छा र चाहना पूरा गर्न सत्यवती ताल जाने गर्दछन्।

सतियामाई, (पटखौली) रूपन्देही

पटखौलीको गौरीगाउँमा यी माई छन्। यी प्रसिद्ध माई हुन्। सिटौलिया मेला भनेर जिल्लाभर प्रसिद्ध छ। कार्तिक पूर्णिमामा यो मेला लाग्छ। गुठी समिति नभए पनि श्रद्धाले यस्तो मेला लाग्ने, पूजा गरिने ठाउँ कमै छन्। सतियमाई सिद्ध नारी थिइन्। पटखौलीनिवासी कुनै पुरुषसँग उनको विहा भयो। डोला लिएर जाँदा रोहिणी नदीवाट उनी अलप भइन्। वच्चाहरूका जमातमा ठूली, ठूलाहरूका जमातमा वच्ची भएर, घुम्छिन् भनिन्छ। रोहिणी नदीमा वाढी आउँदा खराउ लाएर सजिलै तर्छिन् अनि घिउ चाहिए रोहिणी नदीकै जललाई घिउ वनाउँछिन् भनिन्छ। वालवच्चाकी संरक्षिका पनि थिइन्। हैजा आदि रोगको प्रकोप भए यी माईलाई सम्झी पूजा गरे रोग साम्य हुन्छ भनिन्छ। मन्दिर पक्की छ, कृष्ण, राधा, शङ्खचक्र समातेको गोही, हात्ती पनि छ। वुद्ध, विष्णु, जानकी, रामलक्ष्मण, हनुमानका मूर्ति पनि राखिएका छन्। शिवलिङ्ग, गणेश, उमामहेश्वर, वसाहाका मूर्ति पनि छन्। हनुमान नजिक सतीमाई छ। उनका खराउ पनि छन्। सतीमाईको आकर्षक माटाको मूर्ति छ। सतीमाईको रेखदेख गर्ने अर्को नारीमूर्ति पनि छ। यो ऐतिहासिक र धेरैको आस्था र विश्वासको केन्द्र पनि रहेको पाइन्छ।

सन्तोषीमाता, (दुनै) डोल्पा

दुनै गाउँको पूर्वतर्फ भैरवी (भेरी)का किनारमा एक मन्दिर छ। यो मन्दिर त्यति पुरानो होइन। गुम्वज शैलीको मन्दिर छ। मन्दिरमा सन्तोषीमाताको कालो ढुङ्गाको सानो मूर्ति राखिएको छ। सन्तोषीमाताका भक्तवाट नित्यपूजा हुन्छ। प्रत्येक शुक्रवार भक्तहरूको वढी भिड लाग्छ, श्रद्धाभाव व्यक्त गरिन्छ।

सप्तकोशी, सुनसरी

कोशीको महिमा धेरै छ। सप्तकोशीको महिमा त कति छ कति। कोशीका तीरका आश्रम र तीर्थहरू पनि निकै छन्। भृङ्गी, विश्वामित्र आदिको चरित्र स्पष्ट छ। कोशीलाई वराहपुराणले आदि गङ्गा मानेको छ। कोशीको उत्पत्ति जेष्ठ शुक्ल तृतीयामा भएको र त्यस पछि दशहरामा मात्र गङ्गा उत्पत्ति भएकी हुन्। कलिमा सहरी प्रदूषण र ढलले गङ्गा प्रदूषित हुने

हुँदा फर्केर स्वर्ग जाने, तर हिमाली र पहाडी भेगवाट प्रवाहित सप्तकोशीले गङ्गाको भूमिका खेल्ने प्रसङ्ग पनि उल्लेख छ। हिमवत्खण्डले पनि सप्तकोशीको महिमा गाएको छ। सूर्यग्रहण, चन्द्रग्रहण, जात्रा, मेला, उत्सवहरूमा यहाँ स्नानादि गरिँदै आएवाट पनि लोकभक्ति झल्किन्छ।

दत्तं हुतं च कौशिक्यां जप्तं समर्पितं तथा ।
उपवासं च धर्मं च तत्सर्वमक्षयं स्मृतम् ।
मृकण्डोश्च सुतो विप्र पितृन् सन्तर्प्य सन्ततम् ।
श्राद्धं चकार भव्या वै कौशिक्यां च पुरा मुने ।
तत्पितरः समागत्य व्योमस्थश्च तत्तटे मुदा ।
पिण्डौ तिलोदकैस्तृप्त्वा तस्मै प्रददुराशिवम् ॥

कोशी नदीका तीरमा दिएको, हवन गरेको, जपेको, उपवास गरेको, धर्म गरेको अक्षय हुन्छ। मृकण्डुका छोराले यहाँ श्राद्ध गर्दा पितृहरू आएर आफैँ लिए, तृप्त भएको जनाएर आशीर्वाद दिए भने जस्तो अनेक भनाइ वराहपुराणमा उल्लेख भएको पाइन्छ। यसवाट सप्तकोशीको महिमा स्पष्ट हुन्छ।

सभापोखरी, सङ्खुवासभा

व्रह्मपुराणको १२० अध्यायमा देवसभाको वर्णन छ। पितृ, देवता र मानिसको संयुक्त सभा हुने स्थल हो सभापोखरी। सभापोखरीकै नामवाट सङ्खुवासभा नाम रहेको छ। उत्तानो परेको शङ्खको आकार भएको पोखरी छ। पोखरीमा अँगालोभरिको छाँगो पाँचसय मिटरजति माथिवाट झर्छ। प्राकृतिक दृश्यले यो रमणीय छ। प्रत्येक वर्ष जनैपूर्णिमाका दिन १५।२० हजार मानिस यहाँ पुग्छन् तीर्थ गर्न। पोखरीको वीचमा चप्लेटी ढुङ्गो छ। यसलाई व्यासासन मानिन्छ। वरिपरि पितृ, देवता र मानिस वसेर सभा गर्ने स्थल प्रकृतिले वनाएको भन्ने धारणा छ। यहाँ गएमा, दर्शन गरेमा र स्नान गरेमा मानिसका चाहना पूरा हुन्छन् र परलोक पनि सुधन्छ भन्ने जनविश्वास छ। त्यहाँ वास वस्न प्राकृतिक घर, ओडार छन्। पोखरी गहिरो छ। गोठाला दाम्ला चढाउँछन् यात्रीहरू सुन, चाँदी र पैसा चढाउँछन्। सवैको श्रद्धा पोखरीले ग्रहण गर्छ। इच्छा पूर्ण गराउँछ।

धनकुटाको हिलेवाट वसन्तपुर हुँदै दुई दिनमा यहाँ पुग्न सकिन्छ। लेक भएकाले लेक लाग्ने हुँदा आवश्यक सामान र ताता कपडाको जोहो चाहिँ गर्नै पर्छ। दुई अढाई घण्टामा यस पोखरीको परिक्रमा गर्न सकिन्छ। पोखरीको उत्तरपूर्वमा जलजला हिमाल छ। त्यसको चुचुरोवाट ऊर्ध्वगामी पानीको मुस्लो निस्किएर फोहरा वन्दै झर्छन्। जसको प्राकृतिक मनोरम दृश्य शव्दमा उतार्न सकिँदैन। पोखरीवाट उत्तर ३ घण्टाजतिको वाटोमा

वन्दुके पोखरी छ। यो पनि सभापोखरीजत्रै छ तर वन्दुक पड्किएजस्तो आवाज आइरहन्छ। यसवाट पनि उत्तरतर्फ १०८ पोखरी छन्। यी पोखरीमा पात वा कुनै फोहर परे हिमाली चराले टिपेर लान्छन्। हिमाली भेगकै सुन्दर र पावन स्थलका रूपमा सभापोखरीलाई लिन सकिन्छ।

समयमाई, (तौलिहवा) कपिलवस्तु

तौलिहवाको आनन्दवागमा समयमाईको मन्दिर छ। ठूलो भग्न स्तुपको माथिपट्टि यो मन्दिर छ। आनन्दवागमा ३०० वर्ष अगाडि नै देवी थिइन्। यहाँ रहेको मूर्तिको वनोट र खिइएको रूप हेर्दा पनि प्राचीनता स्पष्ट हुन्छ। सरस्वतीजस्तै देखिने मूर्ति, अन्य साना अस्पष्ट मूर्ति पनि छन्। टाउको नभएको उभिएको पुरुषमूर्ति पनि छ। भक्तहरू यथासमय गई पूजाआजा गर्दछन्। श्रद्धा अर्पण गर्दछन्।

सरस्वतीकुण्ड, (वराहक्षेत्र) सुनसरी

सुनसरीकै वराहक्षेत्रमा सरस्वतीकुण्ड रहेको छ। यो कुण्ड व्रह्मा, विष्णु र इन्द्रले निर्माण गरेको भनिन्छ। पिण्डेश्वर वावा, शिवको उपासना जलधाराद्वारा गर्दथे। यसै कुण्डको पानीले देवता, पितृलाई तृप्त वनाउँथे। यस कुण्डवारे– "पिण्ड, तर्पण, दान, आदि सत्कर्म यहाँ गर्नाले प्रेत भए पनि मुक्त हुन्छ" लेखिएको छ। यसवाट के प्रस्ट हुन्छ भने पितृश्राद्धका लागि वराहक्षेत्र अत्यन्त पवित्र छ।

सरस्वतीमन्दिर, (सिलगढी) डोटी

सिलगढी वजारदेखि आधा माइलजति तल सरस्वतीमन्दिर छ। मन्दिरभित्र सरस्वतीको षट्कोण मूर्ति प्रतिष्ठापित छ। चौतरिया पुष्कर शाहले शैलेश्वरीको मन्दिरको मर्मत गरी यो मन्दिर पनि निर्माण गराएका थिए। शैलेश्वरीका पुजारीमार्फत नै यहाँको नित्यपूजा र पर्वपूजा चलाइँदै आएको छ। मन्दिरको खोपामा गणेशको प्रस्तरमूर्ति छ। श्रीपञ्चमीमा विशेष पूजा हुन्छ।

सरस्वतीमन्दिर, (दुनै) डोल्पा

दुनैमा सरस्वतीमन्दिर छ। यसै मन्दिरका नाताले दुनैलाई सरस्वतीतीर पनि भन्ने गरिन्छ। सरस्वतीको अस्तित्व प्राचीन भए पनि १९४४ मा पहिलोपटक यहाँ मन्दिर वनेको थियो। त्यसपछि पनि यथासमय मन्दिरको जीर्णोद्धार हुँदै छ। भैरवी (भेरी) नदीभन्दा माथि गुम्वज शैलीमा यो मन्दिर निर्माण गरिएको छ। चतुर्भुजा वीणापुस्तक धारिणी सरस्वतीको मूर्ति छ। ढलोटको आयाताराको अर्को मूर्ति पनि छ। यो सत्रौं शताव्दीको जस्तो देखिन्छ। सिंह र सर्प पनि ढलोटकै छन्।

उमामहेश्वरको मूर्ति भए पनि त्यति प्राचीन देखिँदैन। यहाँ शिवलिङ्ग पनि छ, चतुर्भुज विष्णुको प्रस्तरमूर्ति छ। अष्टभुजा दुर्गा र मयूरवाहिनी सरस्वतीका मूर्ति पनि यहाँ छन्। राम, लक्ष्मण, सीता, हनुमानका मूर्ति पनि रहेका छन्। यो सरस्वतीमन्दिर मात्र होइन, अनेक देवताको साझा मन्दिर पनि भन्न सकिन्छ। यहाँ तिज, पञ्चमी, शिवरात्री, श्रीपञ्चमी, मालिकाचतुर्दशी, वडादसैं, चैतेदसैँमा मेला लाग्छ, भक्तिभावना प्रकट गर्ने वढी हुन्छन्।

सरस्वतीमन्दिर, (खलङ्गा) प्युठान

खलङ्गा गाउँको सरस्वतीटोलमा यो मन्दिर छ। सरस्वतीको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ एकसय वर्ष अगाडिको प्रतीत हुन्छ। चारपाते शैलीको मन्दिरमा ढुङ्गाका गणेश, भैरव, सरस्वतीका मूर्ति छन्। गुठी व्यवस्था नभए पनि स्थानीय भक्त र श्रद्धालुहरूको सहयोगमा यसको दैनिक पूजा चल्दै आएको छ। श्रीपञ्चमीमा विशेष पूजा पनि हुने गर्दछ।

सरस्वतीमन्दिर, (पालुङ) मकवानपुर

पालुङ गाउँको घट्टेचौरमा यो मन्दिर छ। यो करिव ४०० वर्ष पुरानो मानिन्छ। प्यागोडा शैलीको यस मन्दिरमा पुरानो शिलाको सरस्वतीको मूर्ति छ। मूर्ति मल्लकालीन जस्तो लाग्छ। दायाँवायाँ अनेक देवदेवीका प्रतीक शिलाहरू पनि छन्। श्रीपञ्चमीका दिन यहाँ मेला लाग्दछ र ज्ञानको वरदान भक्तहरू माग्छन्। यहाँ शिवलिङ्ग पनि छ। मन्दिरमा नित्यपूजाको प्रवन्ध नभए पनि भक्तहरू आई पूजा गर्छन्। पुरातात्त्विक हिसावले पनि यहाँका टुटेफुटेका भए पनि अन्य मूर्ति अध्ययनीय छन्।

सरस्वतीमन्दिर, (सूर्यपुरा) रूपन्देही

सूर्यपुरा गाउँमा सरस्वतीमन्दिर छ। यहाँ वुधवार हाट पनि लाग्ने गर्छ। सरस्वतीको अस्तित्व प्राचीन भए पनि मन्दिर निर्माण चाहिँ २०३२ सालमा शारदादेवीले गराएको देखिन्छ। सरस्वतीको वीणा हातमा लिएको, चारहात भएको मयूर र कमलको फूलमा वसेको प्रस्तरको कलात्मक मूर्ति छ। यहीँ गणेशको प्रस्तरमूर्ति पनि छ। यहाँ दैनिक पूजा पनि हुन्छ, श्रीपञ्चमीका दिन चाहिँ निकै ठूलो मेला पनि लाग्छ।

सरस्वतीमन्दिर (लेले) ललितपुर

ललितपुरको लेलेमा सरस्वतीकुण्ड छ। ने मुनिसँगै विरूपाक्षले यस कुण्डमा स्नान गरी वाक्सिद्धि पाएको कथा हिमवत्खण्डमा छ। त्यहीँ

चम्पकेश्वर शिवलिङ्ग छ। त्यसको पनि महत्त्व वताइएको छ। सरस्वती प्रत्यक्ष मानिन्छिन्। श्रीपञ्चमीमा यहाँ मेला लाग्छ। अघिपछि पनि भक्तहरू गएर सरस्वतीको दर्शन गर्छन्, स्नान गर्छन्। सरस्वतीनदीमा स्नान उत्तम मानिएको छ। यहाँ नुहाएर चम्पकेश्वरको दर्शन गर्ने विधान छ। हिमवत्खण्डमा कथा यस्तो छ– सत्ययुगमा मनु नामका व्राह्मण थिए। परेवामा पाठ घोकेकाले विर्सने वानी वस्यो। जानेको विद्या पनि विर्सेका थिए। वृहस्पतिका उपदेशले मनु व्राह्मण यहाँ आएर सरस्वतीकुण्डमा नुहाएर तिलेश्वरको स्थापना गरे। सरस्वतीकुण्डको जल चढाए। उनलाई पूर्वजन्मको मात्र होइन पूर्वजन्ममा पढेका यावत् विद्याको ज्ञान भयो। तिलेश्वर महादेवले अव मुक्ति सहज छ भनी अन्तर्ध्यान भए। त्यस्तै चम्पकेश्वरको पनि महिमा छ। यसै कारणले मनु व्राह्मण मुक्ति प्राप्त गरी मुक्त भएको वर्णन छ। यही शङ्कराचार्यसँग अमर वाँडाले शास्त्रार्थ गरी सरस्वतीका सहयोगले हराएको भनिन्छ। जे भए पनि हिमवत्खण्डमा भएर मात्र होइन आज त्यहाँको जनजीवन र जनआस्था वढ्दै गएको छ। श्रद्धा र भक्तिले दर्शनार्थी आउँछन्, नुहाउँछन् र दर्शन गर्छन्। श्रद्धालु भक्तको भिडले नै यहाँको महत्त्व देखाइरहेको छ।

सरस्वतीमूर्ति, (सल्लेरी) धनकुटा

धनकुटा नगरको सल्लेरी जङ्गलमा सरस्वतीको मूर्ति स्थापित छ। यो मूर्तिको स्थापना १९०७ सालमा शमशेर भन्ने व्यक्तिले गरेको भनिन्छ। भित्तामा खोपी सरस्वतीको मूर्ति राखिएको छ। प्रस्तरकै गणेश र मुसा पनि छन्। सरस्वतीपूजाका दिन भिड लाग्छ। अघिपछि सामान्य पूजा हुन्छ। यसका लागि सामान्य गुठी व्यवस्था पनि छ।

सल्यानकोटदेवी, धादिङ

आइनचोकमा एउटा र आँखुखोलाको वीच अर्को गरी सल्यानकोट गाउँमा सल्यानकोट देवीका दुई मन्दिर छन्। यी दुवै मन्दिरमा देवी एकमा १ महिना र अर्कोमा ५ महिना वस्छिन् भनिन्छ। यी देवीलाई त्रिपुरासुन्दरी पनि भन्ने गरिन्छ। यी देवी कसरी कहिले उत्पन्न भइन् ? यसै भन्ने प्रमाण नभए पनि प्राचीन हुन् भन्नमा चाहिँ शङ्का छैन। पृथ्वीनारायण शाहवाट दिव्योपदेशमा लेखिएको छ– "सल्यानकोटकी देवी साछ्यात छन् भनिई भन्छन् म पनि सचित गरि जान्छु।" भनी उक्त माईको पूजा गरी गुठीसमेत राखेको कुरा पाइन्छ। त्यति मात्र होइन १८७० सालको लालमोहरका आधारमा पनि राजा गीर्वाणले गुठीव्यवस्था मिलाएको पाइन्छ। डाँडाको टुप्पोमा रहेको एकतले मन्दिरमा घण्टाहरू, ढलोटको झन्डा वोकेको सिंह पनि छ। आँखुखोलाको दोस्रो मन्दिर दुईतले छ।

यसमा ५ महिना देवीलाई राज गराइन्छ। देवीको वास्तविक मूर्ति पूजारीवाहेक अरूले हेर्न मिल्दैन। रानामगर परम्परागत रूपमा यसका पुजारी छन्। जुठोसुतक परेका वेला व्राह्मणद्वारा पनि पूजा हुन्छ। गुठी छ, नित्यपूजा पनि हुन्छ। पर्वपूजा चैतेदसैं, वडादसैंमा र धान्यपूर्णिमामा पनि पूजा विशेष हुन्छ। चण्डीपूर्णिमा र लसारमा मध्यपूजा गर्ने चलन पनि छ। वलिको व्यवस्था पनि छ। पाहुनाहरूलाई पनि भोजन गराइन्छ। देवी साक्षात् छन्। राजाप्रजा सवैले मानेकी छन्। धादिङको प्रमुख देवी हुन् भन्ने कुरामा सन्देह छैन। प्रत्येक वर्ष देवीलाई नयाँ वाली न्वागी खुवाएर मात्र खाने गरिन्छ। यसो गर्दा धनधान्यले पूर्ण हुन्छ भनिन्छ।

सलहेशमहाराज, सिराहा

सिरहा गाउँमा अवस्थित यस मन्दिरमा सलहेशमहाराजको अस्तित्व प्राचीन मानिए पनि मन्दिर निर्माण चाहिँ २०४२ सालमा भएको देखिन्छ। मन्दिरभन्दा पनि यसलाई एक कोठा मान्नु उपयुक्त हुन्छ। यसभित्र करिव दस फिट अग्लो हात्तीमाथि हौदा वनाई राजारानीको मूर्ति राखिएको छ। यस मूर्तिलाई दैवीशक्ति सम्पन्न महाराज मानी पूजा गरिन्छ। वरिपरि सैनिकहरू पनि छन्। एक ढिस्कोमा यो स्थान छ। यहीँ एउटा पोखरी पनि छ। स्थानीय वासिन्दाको भनाइअनुसार ६/७ सय वर्ष अगाडि स्थानीय सलहेश राजाले यहाँ शासन गर्थे। उनैको सम्झनामा यो निर्माण गरिएको हो। लहान नगरवाट १ कोसजति टाढा यिनै राजाको फूलवारी पनि छ। यस स्थानमा वैशाखपूर्णिमामा मेला पनि लाग्दछ। उक्त राजाको जन्मोत्सव पनि यसै दिन मनाइन्छ। यहीँ नजिक महेशपुरको लक्ष्मीपुर पतारीमा र सानो पुरानो पोखरीमा वैशाख १ देखि १५ सम्म मेला लाग्ने गर्दछ। यस मेलावाट सलहेशमहाराजको दर्शन गरेपछि मात्र मेला भरेको पुण्य मिल्छ भन्ने परम्परागत विश्वास छ। यहीँ भदैया गाउँमा पनि यस्तै ढिस्को छ, यहाँ पनि मेला लाग्छ। यी सवै पुरातात्त्विक स्थल हुन्। उत्खनन गरे निश्चय नै प्राचीन महत्त्वका सामग्री उपलव्ध हुने सम्भावना छ। गुठी र नित्यपूजाको प्रवन्ध नभए पनि यस्ता स्थलप्रति स्थानीय जनताको अगाध आस्था छ।

सर्वेश्वरमहादेव, (पटन) ललितपुर

पाटनको कुम्भेश्वरमा यी देवका ईशानतर्फ कुम्भेश्वर छन्। यहीँ नजिक गौरीकुण्ड छ। नागदह शिवगङ्गा छ। गौरी र कश्यपले आराधना गर्दा सर्वेश्वरशिव प्रकट भई मनोवाञ्छा पूरा गरी दर्शन दिएको पौराणिक कथन छ। पतिसेवा नगर्ने, पतिको निन्दा गर्ने एक विरूपा नारी पतिवाट त्यक्त भई दुःख पाइरहेकी थिई। ललितारण्यवनमा कुनै मुनिका उपदेशले

सर्वेश्वरशिवको आराधना गरी कार्तिक शुक्ल १५ मा दर्शनपूजन गर्दा सुख प्राप्त गरी मुक्त भएको कथा छ। यसको प्राचीन नाम ललितारण्यवन हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको चर्चा छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक हो।

सहस्रलिङ्गमन्दिर, डडेलधुरा

सदरमुकामदेखि ४ किलो पूर्वदक्षिणमा सहस्रलिङ्गको मन्दिर छ। धेरै लिङ्ग भएकाले सहस्रलिङ्ग भनिएको हो। गा.वि.सको नाम पनि यसैवाट रहेको छ। जमिनवाट आफैँ उत्पन्न भएका र प्रतिवर्ष आफैँ अलिअलि वढ्ने गर्छन् भन्ने जनधारणा छ। मन्दिरको निर्माण र लिङ्गको उत्पत्ति विषयको इतिहास अज्ञात भए पनि १९४० सालमा घण्टा अर्पण गरिएको प्रमाण भेटिन्छ। गाउँलेहरूले मानुपाथी उठाएर यहाँको पर्वपूजाको प्रवन्ध गरेका छन्। जङ्गलका वीच मन्दिर रहेकाले नित्यपूजा हुँदैन। कार्तिक अष्टमी, शिवरात्री र चैतको अष्टमीमा पर्वपूजा गर्दछन्। वाजागाजा, नृत्यगायन, चहलो खेल्ने आदि गरी जात्रा मनाइन्छ। चहलोखेलका खेलाडीलाई गाउँलेले खसी र खाने कुरा दिने चलन पनि छ। यसरी भगवान्लाई खुसी वनाएर सुखसमृद्धि प्राप्त हुने विश्वास गरिन्छ।

सङ्कटामन्दिर, (टेबहाल) काठमाडौं

कलिगत ३८२० मा राजा गुणकामदेवले देशरक्षाको निम्ति सल्लाह गरी तन्त्रविज्ञ गुभाजुले तन्त्रसम्मत मूर्ति बनाए। कटवालदहमा गएर धेरै दु:ख गरेर कामरुपीठको आवाहन गरी कलशमा प्रवेश गराउने काम भयो। कलश उदरमा राखी काठमाडौंको टेवहालमा ल्याई स्थापना गरेको कुरा देवमाला वंशावलीमा उल्लेख छ। वाहिरी र भित्री पूजाको पनि प्रवन्ध भयो। सङ्कटा भगवती प्रत्यक्षकी छन्। सङ्कटनाशिनी भगवतीको आराधना भक्तहरू प्रत्येक शनिवार विशेष गरी हुन्छ।

अर्को जनश्रुति के छ भने नागराज कर्कोटककी पत्नीलाई नेत्र रोगले ज्यादै दु:ख दिएको थियो। कति औषधि गर्दा पनि निको नभएपछि नागराज विक्षिप्त भई घुमिरहन्थे। रातमा खेत खनिरहेको ज्यापूलाई देखे। पीर अरूलाई सुनाउँदा हल्का हुन्छ भन्ने धारणानुसार नेत्र रोगको कथा सुनाए। ज्यापूले म निको पारिदिन्छु भन्यो। ज्यापूले औषधि गरी नागिनीलाई निको पाऱ्यो। के माग्छौ म दिन्छु भनी नागले भन्दा नागकै इष्टदेवी सङ्कटालाई माग्यो वाचा हारेकाले दियो र विधिपूर्वक टेवहालमा स्थापना गऱ्यो। सङ्कटानजिक दक्षिणमा एउटा इनार छ, सम्पूर्ण तीर्थ जलमिश्रित त्यही जलले देवीको पूजा हुन्छ। नाभीसम्मको मूर्ति दर्शनीय छ। त्यसभन्दा मुनि पुजारीले पनि हेर्नुहुँदैन भनिन्छ। सङ्कटनाशिनी भगवतीको रूपमा भक्तहरू श्रद्धा र आस्थाले दर्शन गर्छन् र पूजा गर्छन्।

सङ्कटामन्दिर, (पनौती) काभ्रे

पनौतीवजारको दक्षिण लीलावती नदीको दक्षिणकिनारमा यो मन्दिर छ। कम्पाउन्डभित्र यहाँ प्रतीकात्मक रूपमा अनेक देवी रहे पनि मुख्य सङ्कटा छन्। ने.सं. १९६२ को शिलालेख पनि छ। यिनलाई विजयकी प्रतीक मानी फागुन पूर्णिमाका दिन जात्रा पनि गरिन्छ। राँगाको वलि पनि चढाइन्छ। नित्यपूजा नभए पनि भक्तहरूको श्रद्धार्थको कमी छैन।

सङ्ग्राममठ, सर्लाही

मलङ्गवादेखि दक्षिणपूर्वपट्टि अवस्थित सङ्ग्राममठ ऐतिहासिक स्थलको रूपमा रहेको छ। हरदी नदीको किनारमा लगभग २० विघा जमिनमा पुरातात्त्विक महत्त्वका अवशेषहरू भेटिन्छन्। यहाँ प्राप्त इँटाहरू मध्यकालीन देखा पर्छन्। ठूलाठूला ढिस्का, हवनकुण्ड, इनार, वेदीहरू, इनारवाट हरदी नदीसम्म जाने सुरुङ आदि स्पष्ट देखिन्छ। यस्ता सामग्रीले यो निश्चय नै पुरातात्त्विक तथा सांस्कृतिक स्थल हो भन्ने स्पष्ट जानकारी हुन्छ। यो कुनै गढको रूपमा पनि प्रचलित थियो होला। यसलाई अहिले सङ्ग्राममठ भनिन्छ। यस स्थलका वारेमा रोचक र आश्चर्यजनक किंवदन्तीहरू पनि त्यहाँका वासिन्दा भन्ने गर्दछन् तर वास्तविकता के हो ? विनाअनुसन्धान यसै भन्न सकिँदैन।

साङ्गाकोट, (नासिकागाउँ) काभ्रे

नासिकागाउँमा करिव १ रोपनी जमिनमा एक घर छ, जसलाई साङ्गाकोट भनिन्छ। यहाँ पहिले कोट र लायकु थिए भनिन्छ। यहाँ तलेजुको मूर्ति राखिएको छ, पुजारीवाहेक अरूले हेर्न मिल्दैन भनिन्छ। यहाँ गणेश, भैरव, र कुमारीको पनि पूजा हुन्छ। यहाँ राँगा, वोका, कुखुरा आदिको वलि तलेजुभवानीलाई अर्पण गर्ने विहान छ।

सातकन्याकालिका, खोटाङ्ग

लफ्याङ्ग गाउँमा जङ्गलको वीचमा रहेको डाँडामा कालिकास्थान छ। झन्डै ४०० वर्षदेखि यसको अस्तित्व रहेको वूढापाकाको भनाइ छ। १८९० तिर यसका लागि गुठी पनि राखिएको थियो। विशेष मन्दिर नभएर रूखको फेदीमा देवीस्थान वनाइएको छ। यहाँ सातकन्यादेवीका प्रतीक सातशिला र ढुङ्गाको गणेशमूर्ति पनि छ। यहाँ नित्यपूजा हुन्छ। मार्गपूर्णिमा, चण्डीपूर्णिमा र भाद्र १ गते यहाँ सरकारतर्फवाट पनि पूजा हुन्छ। घण्टा, त्रिशूल र ढलोटका सिंह पनि छन्। वरपर सानासाना पाटी पनि छन्। मन्दिरको क्षेत्रभन्दा वाहिर प्रसाद लानु र दिनुहुँदैन। ७ वर्षमाथिका कन्याले पनि यो प्रसाद लाउनुहुँदैन। लाए हानि हुन्छ। तिज र वालाचतुर्दशीमा यहाँ विशेष मेला लाग्छ। यी देवी स्थानीय वासिन्दाका दृष्टिमा साक्षात् मानिन्छिन्।

सालखम्बा, (गमौडी) दैलेख

गमौडी गाउँमा जङ्गलवीच सात खम्वा छन्। यी खम्वा पाँच पाण्डवले राखेका हुन् भनिन्छ। वजारको नाम पनि सातखम्वा वजार रहेको छ। छरिएका खम्वा पछि गाडिएका हुन्। खम्वामा केही लेखिएको भए पनि वुझ्न सकिँदैन। यसको आसपास यस्ता खम्वा अरू पनि छन्। यस्ता खम्वालाई पूजा गर्ने र फूलपातीका दिन वलि पनि चढाउने गरिन्छ। यी खम्वाहरू ऐतिहासिक महत्त्वका छन्।

सार्कीस्थान, (रीपगाउँ) हुम्ला

रीपगाउँमा यो स्थान छ। यसको इतिहास लगभग ३५० वर्ष पुरानो मानिन्छ। विजय फडेरा यसका संस्थापक हुन् भनिन्छ। दुधचामल मिलाई खीर वनाएर यहाँ चढाउनुपर्दछ। प्रत्येक पूर्णिमामा धामीझाँक्री मिलेर नाचगान गर्दछन्। पूर्वतर्फ फर्केको दुईतले मन्दिर छ। चारैतिर खम्वा छन्। धामीको जिउमा सिरिङसिरिङ हुने हुँदा यसलाई सार्की स्थान भनिएको भन्ने जनधारणा छ। यहाँ त्रिशूल, फलामका जहाज, घण्टाहरू यथासमय चढाइएका छन्। गाउमा कुनै अप्रिय घटना घटेको छ भने यहाँ पूजाआजा गरी धामी वकाउँदा सत्य तथ्य दुधको दुध पानीको पानी भएर प्रकट हुन्छ भन्ने कुरामा जनविश्वास छ।

सारस्वरनाथमहादेव, (सारस्वर) सिरहा

सारस्वर गाउँमा झन्डै ४०० वर्ष अगाडिदेखि महादेव रहँदै आएको भन्ने जनधारणा भए पनि मन्दिर चाहिँ झन्डै १०० वर्ष अगाडि वनाएको देखिन्छ। गुम्वज शैलीको प्रस्तुत मन्दिरमा करिव ५ फिट तल वर्लिएपछि प्राकृतिक शिला भेटिन्छ। त्यसैलाई शिवलिङ्ग मानी भक्तहरू पूजा तथा प्रार्थना गर्दछन्। १९८९ मा खड्गनिसाना भएको देखिन्छ। त्यसभन्दा अगाडिदेखि नै गुठी राखिएको, सोही गुठीवाट पूजा चल्दै आएको छ। शिवरात्री, कार्तिकको ठूलीएकादशीजस्ता पर्वमा विशेष मेला लाग्दछ। सदावर्त पनि गरिन्छ। जनआस्था प्राप्त शिवालयका रूपमा यसलाई लिन सकिन्छ।

सारीकोट, (सारीगाउँ) प्युठान

सारीगाउँमा यो कोट छ। करिव ३०० वर्ष अगाडि भुरेटाकुरे राजाको राजदरवार र सुरक्षाकोटका रूपमा यसको निर्माण भएको थियो। यसको जीर्णोद्धार हुँदै आएको छ। वेलवुट्टा, कुँदिएका ढुङ्गाहरू छन्। पुरातात्त्विक सामग्रीहरू पनि भेटिन्छन्। यहाँ वडादसैँमा भगवतीको पूजा हुन्छ। श्रद्धालु भक्तहरू पनि आउँछन्। खड्ग र ढुङ्गाका मूर्ति पनि छन्। यो प्राचीन ऐतिहासिक स्थल हो।

सिख्यौलीकैलाशाश्रम, (नारायणी) चितवन

शिवघाटदेखि दक्षिणपश्चिम नारायणीको पश्चिम किनारमा नवलपरासीको सिख्यौली नामका स्थानलाई सिख्यौलीघाट भनिन्छ। यहाँ पाल्पाका मुकुन्द सेनले एकादश रुद्र स्थापना गर्ने क्रममा यहाँ सिख्यौली महादेव स्थापना गरेथे। मन्दिर भत्किएपछि पुरातात्त्विक सामग्री छरिएका छन्। महादेवको शिला अनावृत्त रूपमा छ। त्यहीँ कैलाशाश्रम पनि वनेको छ। प्रतिवर्ष माघमा सत्सङ्गसमारोहको आयोजना हुन्छ। धार्मिक तथा पुरातात्त्विक दृष्टिले यसको पनि महत्त्व छ।

सिद्धकाली, भोजपुर

भोजपुर वजारवाट डेढ किलोमिटर उत्तरपश्चिममा यो मन्दिर छ। प्राचीन कालमा सिद्धकालीदेवी यहाँ प्रकट भएकी हुन् भन्ने जनश्रुति भए पनि १०० वर्ष पुराना सामग्री मात्र यहाँ फेला पर्छन्। मन्दिरको जीर्णोद्धार १९९८ मा हरिकुमारीले गरेको पाइन्छ। मन्दिरभित्र अष्टभुजा भगवती सिंहमाथि पाउ राखेर उभिएकी छन्। मूर्ति ढलोटको छ। त्यहीँ शिवलिङ्ग पनि छ। ढलोटका सिंह, वसाहा र भक्तको मूर्ति पनि रहेका छन्। मन्दिरका लागि गुठी पनि छ। नित्यपूजा पनि हुन्छ। वडादसैँमा, चैतेदसैँमा विशेष मेला र पूजा हुन्छ। वलि, पञ्चवलि पनि चढाइन्छ। यस क्षेत्रकै प्रसिद्ध देवस्थलका रूपमा रहेकी देवीले भक्तका चाहना र समस्या सुल्झाउन मद्दत गर्छिन् भन्ने जनविश्वास छ।

सिद्धकाली, (गाउँ) सङ्खुवासभा

सिद्धकाली गाउँमा यो मन्दिर छ। जे चितायो त्यो सिद्ध हुने विश्वासले यसको नाम सिद्धकाली रहेको छ। सतीदेवीको आँखा पतन भई यो शक्तिपीठ उत्पन्न भएको र माथवरसिंह थापाको पालामा जनता एवं सरकारको सहयोगमा मन्दिर निर्माण भई पूजा चलेको जनश्रुति छ। प्यागोडा शैलीको यस मन्दिरमा सतीदेवको प्रतीक मानी पुजिने सानो गोलो पत्थर छ। पित्तलकी सिंहदेवी, प्रस्तरका गणेश, भैरवका मूर्ति पनि राखिएका छन्। यहीँ अर्को मन्दिरमा प्रस्तरको शिवलिङ्ग, वसाहा, पार्वती आदिका मूर्ति पनि छन्। वालाचतुर्दशीका दिन यहाँ मेला लाग्छ, अघिपछि वलि दिन ल्याएमा वाहिरपट्टि वलि चढाइन्छ। नित्यपूजा पनि हुन्छ। यसको आफ्नै गुठी पनि छ त्यसैले पूजा चलेको छ।

सिद्धगुफा, (राम्दीघाट) पाल्पा

पाल्पाको राम्दीघाटनजिक कालीगण्डकीको तीरमाथि एक गुफा रहेको छ, जसलाई सिद्धगुफा भनिन्छ। यसमा उहिल्यैदेखि सिद्धतपस्वीहरू वसोवास गर्दै आएकाले सिद्धगुफा भनिएको हो। सिद्धगुफामा एकै छिन् भए

पनि वस्दा मनोकामना पूर्ण हुने, सिद्धि मिल्ने भएकाले सिद्ध भनिएको हो। पहिले यसलाई सुनगुफा पनि भनिन्थ्यो। त्रेतायुगमा राम्दीघाटमा स्नान गरी केही समय रामसहित सीता यस गुफामा वस्नुभएको भन्ने पनि जनश्रुति छ। अनेक साधुसन्त यहाँ रहँदै आएका पनि छन्। गुफाको भित्रीभागमा आफैँ उत्पन्न भएका र पछि स्थापना गरिएका शिवलिङ्ग पनि छन्। गुफाभित्रै पानीको मूल, महात्माका विछ्यौना, धुनी आदि पनि छन्। सानो दुलो पनि छ। भित्र अनेक देवदेवीका मूर्ति छन् भनिन्छ। यसवाट मुस्किलले मात्र मानिस छिर्न सक्छन्। यहाँ सर्वेश्वरमहादेव, सिद्धेश्वरमहादेव, सत्येश्वरमहादेवका अतिरिक्त गणेश मूर्ति पनि छन्। तारापुरी वावा यहाँ रहेपछि अनेक सुधार पनि भएको छ। नित्यपूजा हुन्छ, नारायणपूजा गर्न भक्तहरू आउने गर्छन्। सोह्रश्राद्धमा पूजा हुँदैन। ठूलीएकादशी र यस्तै पर्वमा भक्तहरू वढी आउँछन्।

सिद्धदेवस्थान, (बेलवास) प्युठान

वेलवास गाउँको भण्डारीटोलमा यो स्थान छ। झन्डै २५० वर्ष अगाडि यहाँ आएर कुनै साधु वसेथे। उनी गाउँलेको भलो चिताउँथे, भविष्यवाणी गर्थे, गाउँलेवाट श्रद्धा पनि पाउँथे। एकाएक साधु अलप भए, फेरि त्यहाँ उनी देखिएनन्। उनी रहेका ठाउँमा मन्दिर निर्माण गरी सिद्धदेवको सम्झना गर्दै प्रतीक त्यसै त्रिशूललाई मानी पूजाआजा गर्न थाले। यस मन्दिरमा खड्ग, त्रिशूलका अतिरिक्त सिद्धवावाको ढुङ्गाको मूर्ति, पित्तलको गणेश मूर्ति, ढुङ्गाको वसाहा रहेका छन्। यस मन्दिरमा श्रद्धापूर्वक सिद्धवावाको सम्झना र पूजा हुन्छ।

सिद्धनाथमन्दिर, (महेन्द्रनगर) कञ्चनपुर

कञ्चनपुरको महेन्द्रनगर नगरपालिकाअन्तर्गत सिद्धनाथको मन्दिर छ। भारतको सिमानामा रहेको पूर्णगिरि भगवतीको दर्शन गरेर सिद्धनाथ वैजनाथको दर्शन नगरे तीर्थयात्रा पूरा हुँदैन भन्ने लेखिएको छ। त्यस कारण पूर्णगिरिकी प्रसिद्ध भगवतीको दर्शन गर्नेहरू यहाँ पनि आएर दर्शन गर्छन्। सिद्धनाथले भगवतीको तपस्या गरेर सन्तुष्ट पारेपछि भगवतीले मेरो दर्शन गरेपछि तिम्रो पनि दर्शन गर्नुपर्ने, नगरे फल नपाइने वरदान दिएकी थिइन् भन्ने धारणा छ। महेन्द्रनगर वजार वसेपछि व्रत्मदेववाट सिद्ध वैजनाथलाई सानो मन्दिर वनाई स्थापित गरियो। सिद्धनाथ वैजनाथलाई शिवको रूपमा आराधना र प्रार्थना गरिन्छ। मन्दिरको निर्माण २०२१ सालमा भए पनि सिद्धनाथको अस्तित्व निकै पुरानो छ। उक्त मन्दिरभित्र रहेका विभिन्न मूर्तिहरू घण्टा वि.सं. १८८९ का देखिन्छन्। शिखर शैलीको यस मन्दिरमा वाक्लो खालको प्रस्तरको शिवलिङ्ग राखिएको छ। व्रत्मदेववाट नै ल्याइएको भन्ने पुजारीको भनाइ छ। वैजनाथको

मन्दिरभित्र ५ इन्चको शिवलिङ्ग र त्यसमाथि तामाको जलधारी छ। रामलक्ष्मणको मानिने विष्णुलक्ष्मीको भव्य मूर्ति पनि यहाँ छ। नित्यपूजाको व्यवस्था छ। चैतेदसैंमा ९ दिनसम्म विशेष मेला लाग्छ। अझ चैतभरि नै यात्रीहरू भारतवाट समेत आउँछन्। पूर्णगिरि भगवतीमा पनि यसै वेला मेला लाग्ने हुँदा त्यसको प्रभाव यहाँ पनि पर्छ।

सिद्धपाइलामन्दिर, (गढीगाउँ) सुर्खेत

गढीगाउँको दैलेख जाने वाटोमा जङ्गलको वीचमा सिद्धपाइलामन्दिर छ। सतीदेवी वोकेर हिंड्दा शिवको पाइतालाको डाम वसेकाले यसैलाई सिद्धपाइला भनिन्छ भन्ने जनश्रुति छ। त्यस्तै अर्को जनश्रुति छ- काशीका एक सिद्धले यही ठाउँमा एक पाइला राखे अनि अर्को पाइलो मानसरोवरमा पुगेको हुनाले यसलाई सिद्ध पाइला भनेको हो। विशाल दर्सन ढुङ्गामा पैतालाको चिह्न मात्र छ। वटुवाहरूले यहाँ पत्थर र पात नचढाई हिंडेमा अनिष्ट हुन्छ भन्ने धारणा छ। प्रत्येक वर्ष जेठको पहिलो मङ्गलवार यहाँ मेला लाग्छ।

सिद्धपोखरी, भक्तपुर

भक्तपुरमा रहेको यो पोखरी इन्द्रदह नामले सुरुमा प्रसिद्ध थियो भने पछि सिद्धतलाउ भयो। अहिले सिद्धपोखरीका नामवाट चिनिन्छ। यो तलाउ निकै प्राचीन मानिन्छ। यसवारे देवमाला ग्रन्थमा लेखिएको छ- राजा आनन्ददेवका पालामा भक्तपुरका कुनै तान्त्रिकले ठिमीकी पत्नी वनाई आनन्दसँग रहँदा एक दिन पत्नीले तान्त्रिक पतिको अनेक रूपमध्ये रूप वदलेको हेर्न चाहिन्। अक्षता मन्त्रिएर मेरो रूप वदलिँदा यिनै अक्षताले हान्नू भनी तान्त्रिकले नागको रूप लियो। नाग देख्नेवित्तिकै पत्नी डराएर भागी। पत्नीका पछिपछि नाग लाग्यो। सिद्धपोखरीमा पुग्दा उज्यालो भयो र त्यहीं पोखरीभित्र नाग प्रवेश गर्‍यो। ठिमीलेहरू अहिले पनि त्यस पोखरीमा जान डराउँछन्। गए नराम्रो हुन्छ भनिन्छ।

भक्तपुरको संरक्षित क्षेत्रअन्तर्गत रहेको सिद्धपोखरी ऐतिहासिक तथा सांस्कृतिक महत्त्व राख्ने धार्मिक स्थलका रूपमा चिनिन्छ।

भक्तपुरको टुँडिखेलदेखि पूर्वभागमा पर्ने यो पोखरीमा कलीगत संवत् ४१९७ मा सर्परूप तान्त्रिक पसेको कुरा वंशावलीमा उल्लेख छ। त्यसै वेलादेखि सिद्धपोखरी नामले प्रसिद्ध भयो। "व्राह्मण डामजु प्रभु खत्रीले समेत पुसमी व्रतप्रतिष्ठापूर्वक करिव ५०० वर्ष अगाडि पुनः खनी मर्मत गरेको" भन्ने शिलापत्र प्राप्त छ। इन्द्रदमन र इन्द्रदहका नामले पनि प्रसिद्ध छ। अनेक तीर्थको जल यहाँ राखिन्छ। भाद्रशुक्ल पूर्णिमा र इन्द्रामणीको जात्रा र आश्विनशुक्ल षष्ठीमा पनि मेला लाग्छ।

सिद्धबाबाधाम, (बुटवल) रूपन्देही

वुटवल नगरपालिका ५ चिडियाखोलामा अवस्थित ऐतिहासिक सिद्धवावा धामको महिमा र प्रसिद्धि निकै छ। हिन्दु धर्मावलम्वीहरूको आकर्षणकेन्द्र पनि वनेको छ। यसमा भारतवाट समेत तीर्थयात्री आउने गरेका छन्।

भारतका प्रसिद्ध राजा भर्तृहरि नीतिशतक, शृङ्गारशतक लेखी वैराग्य उत्पन्न भएपछि ४८ वर्षको उमेरमा योगीरूप धारण गरी गुरु गोरखनाथवाट शिक्षादीक्षा लिई उत्तराखण्डतिर घुम्दै वुटवल नगरको उत्तरक्षेत्र पाल्पाको दोन्तनको कुइरेभिरमा वसेर तपध्यान गरी सिद्धि प्राप्त गरेको हुनाले यही ठाउँ सिद्धधामका रूपमा जनसमुदायले लिँदै आएको छ।

यहाँ युगौंदेखि अखण्ड धुनी, अखण्ड दीप प्रज्वलित छ। २००२ सालमा वाटो वनाउँदा त्रिशूल, ध्वजा, पताका र धुनी पत्ता लागेको हो। सिद्धधाम भिरमा भएकाले २०१९ सालमा हालको स्थानमा सारिएको हो। यस धामभित्र पशुपतिनाथ, जगन्नाथ, विश्वनाथ, वद्रीनाथका मूर्तिहरू छन्। १५ विघा राष्ट्रिय वनलाई तपोवन वाटिकाका रूपमा विकास गर्ने योजना छ। धामभित्र शिव, गणेश, वैष्णवी, चन्दननाथ, सन्तोषीमाता, मनसादेवी, विश्वकर्मा, सिद्धवावा, दुर्गा, नागका मूर्ति पनि छन्। भर्तृहरिको प्रस्तरमूर्ति पनि छ। पूजा चलिरहेका वेला विभिन्न रङका नागहरू आउने, घुम्ने र जाने गर्छन् भन्ने पुजारीको भनाइ छ। यहाँका मन्दिर प्यागोडा, मण्डप र शिखर शैलीका छन्। भारतका विभिन्न भागवाट र नेपालवाट दैनिक करिव ४०० भक्त आउने र सिद्धवावाको दर्शन गर्दा मनोकामना पूरा हुने विश्वास गरिन्छ।

सिद्धबाबास्थान, (गढीडाँडा) सिन्धुली

जलकन्या गाउँ गढीमा डाँडाको टुप्पामा यो स्थान छ। यो स्थान झन्डै ३५० वर्ष पुरानो छ। वि.सं १८९० र त्यसपछि चढाएका घण्टाहरू छन्। प्यागोडा शैलीमा निर्मित यस मन्दिरमा सिद्धवावाको प्रतीकस्वरूप शिला र त्रिशूलहरू रहेका छन्। यस स्थानमा पूजा, दर्शन गर्नाले रुद्री लगाउनाले भगवान् शिव प्रसन्न भई धन, सुख, विद्या दिन्छन् भन्ने जनविश्वास छ। यसका लागि गुठी व्यवस्था छ। नित्यपूजाको प्रवन्ध पनि छ। सिद्धवावालाई महादेवकै रूपमा श्रद्धा व्यक्त गरिन्छ।

सिद्धमन्दिर, (खलङ्गा) रूकुम

खलङ्गा गाउँमा रहेको यो मन्दिर हरिवहादुर मल्लले वनाएको भन्ने जानकारी मिले पनि प्राचीनता पुष्टि गर्ने प्रमाण पाइँदैन। नेपाली शैलीमा निर्मित मन्दिरमा मूर्ति छैनन्। त्रिशूलहरू छन्। मन्दिर अगाडि एउटा

शिला छ। त्यसैलाई सिद्धको प्रतिमा ठानी पुजिन्छ। सामान्य रूपमा पूजा चल्छ। नित्यपूजा हुँदैन। औंसी, पूर्णिमा र दसैंमा पूजा हुन्छ। जेष्ठपूर्णिमा र मंसिरे पूर्णिमामा मेला पनि लाग्छ। मेलामा धेरै भक्तहरू सिद्धप्रति भक्तिभाव प्रकट गर्दछन्। मेला भर्दा सिद्धि प्राप्त हुने कुरामा विश्वास गर्दछन्।

सिद्धस्थान, (पाउलिङ) धनकुटा

धनकुटा नगरको पाउलिङमा सिद्धस्थान छ। यसको प्राचीनता स्पष्ट छैन। परम्परागत रूपमा पुजिँदै आएको छ। चारैतिर ढुङ्गा लगाएर वीचमा ढुङ्गाहरू राखी त्रिशूल, घण्टा चढाई सिद्धको रूपमा पूजा गर्दै आएको देखिन्छ। यहाँ भाकलअनुसार वलि चढ्छ। नित्यपूजा हुँदैन। गुठी नभए पनि स्थानीय वासिन्दाहरू धान वा नगद उठाएर वर्षको एकपटक सिद्धको वलिसहित पूजा गर्छन। यहाँ पूजा गरे कार्य सिद्धि हुन्छ भन्ने जनविश्वास छ।

सिद्धस्थान, (यासोक) पाँचथर

यासोक वजारवाट २ किलोमिटरजति उत्तरपश्चिममा सिद्धस्थान छ। भित्र प्रस्तरका प्रतीक छन् तिनलाई नै सिद्धका प्रतीक मानिन्छ। यहाँ थुप्रै त्रिशूल चढाएका छन्। विजय वा सफलताको कामना गरी त्रिशूल चढाइन्छ। घण्टाहरू पनि निकै छन्। प्यागोडा शैलीको मन्दिर छ। लावती थरका पुजारी छन्। पृथ्वीनारायण पूर्वी भेक विजय गर्दै दस लिम्वुआनमा आइपुग्दा यस स्थानलाई गढकिल्ला कायम गरे। सपनामा यस स्थानलाई देवस्थलका रूपमा विकसित गरी विजय अभियान चलाएमा सफलता मिल्ने सन्देश मिल्यो। यहाँ देवीस्थान स्थापना गरी पूर्ण विजय भएपछि यहाँ विशेष पूजा गर्ने वचन दिई गोर्खाली फौज अगाडि वढ्यो। तराईको वाटो गरी फर्केकाले विशेष पूजा हुन सकेन भन्ने जनश्रुति छ। यस स्थानमा पूजाआजा तथा भाकल गर्दा चिताएको पुग्ने र रोगव्याधि नलाग्ने, लागे पनि मुक्त हुने जनविश्वास छ। यहाँ ३/३ वर्षमा मेला लाग्छ। ३ दिनसम्म लाग्ने मेलामा देवीस्थानमा पनि वलि चढ्दैन, परेवा उडाइन्छ। भाकल पूरा गर्न पनि मानिस आउँछन्। गुठी व्यवस्था नभए पनि प्रसिद्ध सांस्कृतिक स्थलका रूपमा यसको महत्त्व रहेको छ।

सिद्धसंसारनाथ, (विजबार) प्युठान

विजवार गाउँको डेवनडेरा फूलवारीमा यो मन्दिर छ। वि.सं. १६२५ भुरेटाकुरे राजावाट यो मन्दिर वनाएको र त्यसपछि सनद लालमोहर हुँदै यथासमय मर्मत हुँदै आएको वुभिन्छ। चारपाते शैलीमा निर्मित यस मन्दिरको सञ्चालनार्थ गुठी पनि छ। यहीँ राजगुरु मन्दिर पनि छ। यसभित्र

राधाकृष्ण, लोकेश्वर, गरुड, ससाना भगवती, भैरव, विष्णु, वराह, खड्ग, घण्टा आदि पनि छन्। दैनिक पूजाका अतिरिक्त यहाँ वडादसैँ, चैतेदसैँमा विशेष पूजा हुन्छ। नवमीका दिन वलिसहित पूजा हुने चलन छ। त्यस भेगको प्राचीन र श्रद्धेय मन्दिरका रूपमा यसको महत्त्वपूर्ण स्थान छ।

सिद्धिविनायक, (कालिकागाउँ) वागलुङ

वागलुङकै कालिका गाउँमा सिद्धिविनायक गणेशको मन्दिर छ। यिनलाई सिद्धिविनायक भनिन्छ। आफैँ उत्पन्न भएका गणेश भनी भक्तहरू सम्मान गर्दछन्। यी गणेशको उत्पत्ति विषयमा यस्तो जनश्रुति छ- हाल मन्दिर भए ठाउँमा घर वनाउन गारो उठाउँदा दुई पटकसम्म घर लडेर घर वनाउन सकिएन। घरधनीलाई जोरगणेशले सपनामा गणेशको मूर्ति भएका कारण घर लडेको हो। त्यसलाई प्रकट गरी स्थापना गर्नू भलो हुनेछ भनेपछि उत्खनन गर्दा डेढ फिट चौडाइ र डेढ फिट उचाइको गणेशमूर्ति फेला पऱ्यो। यसरी आफैँ प्रकट भएकाले गणेशस्थान कायम गरी पूजापाठको प्रवन्ध गरियो। वेलावखत श्रद्धाले मन्दिर वन्दै, मर्मत हुँदै पनि गए। विभिन्न भक्तहरूले श्रद्धापूर्वक काम गरे। हाल तले शैलीको मन्दिर छ। गर्भगृहमा स्वयं उत्पत्ति भएको गणेश शिला छ। वरिपरि अरू मूर्ति देखिँदैन। वि.सं. १९०२ देखि नै पूजाको परम्परा चले पनि हाल नित्यपूजाको प्रवन्ध छैन। मङ्गलवार, गणेशचौथीजस्ता पर्वमा भक्तहरू आफैँ आई पूजा गर्छन्, श्रद्धा व्यक्त गर्छन्। यी गणेशको रथयात्रा पनि हुन्छ। विघ्ननाशक, सिद्धिदायक रूपमा यिनको महिमा छ।

सिद्धिविनायक, (श्रीनगर) पाल्पा

पाल्पाको श्रीनगरमा सिद्धिविनायक गणेशको मन्दिर अवस्थित छ। कहिले, कसले स्थापना गरेको भनी निश्चित रूपमा भन्न नसकिए पनि आफैँ उत्पत्ति भएका गणेशलाई सेनवंशी कुनै राजाले मन्दिर वनाई स्थापित गरेका हुन् पनि भनिन्छ। मन्दिरको निर्माणमर्मत चाहिँ खड्ग शमशेरले पनि गरेथे। उक्त गणेशको खटयात्रा गर्ने चलन पनि छ। यो जात्रा चाहिँ १९८२ देखि चलेको मानिन्छ।

प्रत्येक मङ्गलवार दर्शनार्थीको भिड लाग्छ। गणेशले श्रद्धानुसार चाहना पूर्ण गरेकाले पनि जनसमुदाय दर्शनप्रति लालायित भई भक्तिभाव प्रकट गर्दछन्। वनभोजका लागि पनि यहाँ जाने गर्छन्। सुन्दर, रमणीय, शिखरमा अवस्थित गणेश सवैका आस्था केन्द्रका रूपमा रहेका छन्। लाखवत्ती वाल्ने, धार्मिक कृत्य गर्ने, दानदक्षिणाको प्रवन्ध गर्ने काममा पनि पाल्पालीहरू यसै स्थानलाई रोज्दछन्। पाल्पालीका श्रद्धा र आस्थाका प्रतीकका रूपमा सिद्धिविनायक गणेश रहेका छन्।

सिद्धेश्वरमहादेव, (कटुवालगाउँ) दैलेख

कटुवालगाउँमा डुगेल खोलाको तीरमा सिद्धेश्वर डुङ्गेश्वर महादेव छन् । सिद्धि दिने, सवैको भलो गर्ने हुँदा सिद्धेश्वर भनिएको र डुङ्गे खोलाको तीरमा रहेकाले डुङ्गेश्वर भनिएको हो भन्ने स्थानीय वासिन्दाको भनाइ छ । यहाँ देउकीहरू पनि रहन्थे । चन्द्रशमशेरले दासदासीसँगै देउकीहरूको पनि उद्धार गरे । यहाँ धुनीघर पनि वनाउन लगाए भनिन्छ । यहाँकै देउकीमध्ये पुरुस्वार नामकी विवाहिता देउकीले सिद्धेश्वर महादेवको मन्दिर निर्माण गरी अरूअरू देउकीको पनि उद्धार गर्न प्रार्थना गरेकी थिइन् १९५६ सालमा । प्रचलित नेपाली शैलीमा निर्मित यस मन्दिरमा तामाको शिवलिङ्ग छ । सानासाना वसाहा, त्रिशूल र घण्टा पनि छन् । यहाँ नारायण, भगवतीको प्रतिकृति छन् । यहीँ तरवार, त्रिशूल पनि छन् र गणेशको मूर्ति पनि छ । वलि पनि पर्वपर्वमा चढाइन्छ । गुठी पनि छ । यहाँ शिव, विष्णुको वैदिक विधिअनुसार र देवीको चाहिँ तान्त्रिक विधिअनुसार पूजा हुन्छ । भक्तहरू सिद्धि प्राप्तिका लागि यहाँ जान्छन् । श्रद्धापूर्वक दर्शन गर्छन् ।

सिद्धेश्वरमहादेव, (कलैया) बारा

कलैया नगरमा सिद्धेश्वर महादेवको मन्दिर छ । मन्दिर त्यति पुरानो नभए पनि गुम्वज शैलीको मन्दिरमा प्रस्तरको शिवलिङ्ग छ । यहीँ सिंहारूढ पार्वती छन्, राधाकृष्णको मन्दिर पनि छ । धर्मशाला, यज्ञशाला, पाठशालासमेत भएकाले यहाँको वातावरण मनोरम छ । मन्दिरको गुठी पनि छ । नित्यपूजा तथा आरती हुन्छ । शिवरात्रि, वालाचतुर्दशी र असारमा सिद्धेश्वर मा.वि.को वार्षिक उत्सवमा पनि मेला लाग्छ । देवदेवीकै नामवाट विद्यालय पनि सञ्चालित भएकाले यहाँको महिमा अर्कै किसिमले आनन्ददायी वनेको देखिन्छ ।

सिन्धुलीगढी सिन्धुली

जलकन्या गाउँ गढीमा यो ऐतिहासिक गढी छ । यस गढीको निर्माण मकवानी राजा शुभसेनका छोरा माणिक्य सेनले गराएका हुन् । वि.सं. १८१९ मा गोरखालीहरूवाट यो गढी पराजित भएको थियो । यसै गढीवाट अङ्ग्रेज फौजलाई परास्त गरी वडामहाराज पृथ्वीनारायणका सैनिकले विजय प्राप्त गरी गोर्खालीको शिर ठाडो भएथ्यो । यो गढी जङ्गलवीचमा छ । सामान्य पत्थरवाट निर्मित छ । तोप राख्ने कोठा, वन्दुक छिराउने प्वाल, पानी पिउने इनार पनि छन् । गढीको चारैतिर २५ वर्गफिटका खाल्डा पनि छन् । प्रवेशद्वार उत्तरतर्फ छ । त्यस वेला रणकौशल प्रदर्शन गर्न र शत्रुको आक्रमणवाट वच्न केकस्ता गढी तयार गरिन्थे भन्ने कुरामा यस गढीले जानकारी दिन्छ । यो गढी त्यति सुरक्षित नभए पनि पुर्खाको गौरवको रूपमा रहेको छ ।

सिरुङ्गा आश्रम, (रूरू) गुल्मी

गुल्मीको प्रसिद्ध धार्मिक स्थल रुरुक्षेत्रभन्दा माथि करिव २ कोसको उचाइमा सिरुङ्गा लेक छ। रेसुङ्गाकै अर्को रूपजस्तो पर्खालले घेरेको अनेक मन्दिर र भग्नावशेष पाइने यो स्थल पनि प्राचीन कालको गौरवमय स्थल थियो भन्न सजिलै सकिन्छ। यहाँ शृङ्गी ऋषिद्वारा स्थापित शृङ्गेश्वर शिवमन्दिर नै प्रमुख देवस्थल हो। हात्तीमा चढेका शृङ्गी ऋषिका आकृति पनि कुँदिएको छ । यहाँ श्रावणकृष्ण औँसीमा मेला लाग्छ। आश्रमभित्र कहिल्यै नसुक्ने पोखरी छ। साउनभरि यहाँ स्नान गर्न मेला लाग्छ। पतिराम साधुले चन्दा सङ्कलन गरी गुठी राखिदिएका छन्।

भागवतमा परीक्षित राजा सिकार खेल्दै समिक ऋषिकहाँ पुगे। उनी ध्यानस्थ थिए। उनले सत्कार नगर्दा रिसाई राजाले मरेको सर्प ऋषिका गलामा भिराइदिए। परीक्षित फर्केपछि समिकका छोरा शृङ्गी रिसाएर सात दिनभित्र तक्षक नागले डसेर मर्नुपरोस् भनी सराप दिए। समिकको आश्रम कोशीको नजिक थियो भन्ने छ।

सिलिङ्गेको रूख, (तनहुँसुर) तनहुँ

तनहुँसुरको गतिविधिमा यस रूखको पनि महत्त्व छ। नौरथामा राना र वोहराले वोकेर कालिकाको खड्ग यही रूखमा लगेर सफा गर्छन्, स्नान गराउँछन्, वोकाको वलि दिन्छन्। वर्षमा एक दिन मात्र हेर्न पाउने खड्ग हेर्न दर्शक निकै आउँछन्। यो रूख वूढो भइसकेको छ। यस रूखले यहाँको लामो इतिहास देखेको छ, भोगेको छ। त्यसैले यो रूख पनि ऐतिहासिक छ।

सिंहदेवी, (मुगा) धनकुटा

मुगागाउँमा सिंहदेवीको स्थान छ। ३/४ सय वर्ष अगाडि यहाँ घना जङ्गल थियो। गाउँलेहरू गाईवाखा चराउन जाँदा वाघले खाएर दिक्क पारेपछि त्यस वेलाका जान्ने वुझ्नेहरूले सिंहदेवीको स्थापना गरी आराधना गर्न थाले। त्यसपछि वाघले मन परी वनमा गाईवाखा मार्न छाड्यो। रूखको फेदमा सिंहदेवीको स्थान छ। वैशाखपूर्णिमा र वडादसैँमा गाउँले मिलेर वोका तथा परेवाको वलि दिने गर्छन्। यसो गर्दा वन्यजन्तुको भय हुँदैन भन्ने विश्वास स्थानीय वासिन्दामा रहेको छ।

सिंहपुर ऐतिहासिक स्थल, कञ्चनपुर

कञ्चनपुरको अन्डैया गा.वि.स. शाही आरक्षण क्षेत्र शुक्लाफाँटको जङ्गलमा ऐतिहासिक तथा पुरातात्त्विक स्थल छ। डोटीका राजा नागमल्लले कञ्चनपुर विजय गरी त्यहाँको संरक्षण गर्न सिंहपाललाई जिम्मा दिई आफू विजययात्रामा अगाडि वढे। सिंहपालले जिम्मेवारी पाएकाले सिंहपुर नाम

रहन गयो । सिंहपालको दरवार, तलाउ, पर्खाल आदि भग्नावशेषका रूपमा छन् । इँटा प्राचीन छन् । शिलास्तम्भहरूलाई सिंहपाल र जयपाल भनेर देवताको रूपमा गाउँलेले पुज्दै आएको देखिन्छ । उत्खनन हुन वाँकी छ । प्राचीन महत्त्वको सामग्री निकै देखिन्छ । माघेसङ्क्रन्तिमा पर्वपूजा हुन्छ भने अघिपछि नित्यपूजाको पनि प्रवन्ध छ । सुरक्षाक्षेत्रभित्र परेको, जङ्गली जनावरको डरसमेत भएकाले यस स्थानमा आउनजान त्यति सहज छैन ।

सिंहमाई, (पशुपतिनगर) इलाम

पशुपतिनगरमा रहेका धार्मिक स्थलमध्ये सिंहमाई पनि एक हो । वजारदेखि १ किलोमिटरजति उत्तरपूर्वमा जङ्गलका वीचमा अनेक आकृति देखिन्छन् । भित्ताकै पूर्वीछेउमा सिंहमाथि आरूढ अष्टभुजा भएकी, हरेक भुजामा शङ्ख, चक्र, त्रिशूल, भाला लिएकी र वरद मुद्रासमेत देखिने देवीको प्रस्तरमूर्ति छ र त्यसैलाई सिंहमाई भनिन्छ । वनोट हेर्दा प्राकृतिकजस्तो देखिने यो मूर्ति प्राचीनजस्तै प्रतीत हुन्छ । अन्य प्रस्तरआकृतिमा शिव, पार्वती, गणेश, कुमार आदिका स्वरूप पनि देखिन्छ । नित्यपूजा विधिपूर्वक गरिन्छ । सिंहमाईमा वलि पनि चढ्छ र अरूमा वलि चढ्दैन खास गुठीव्यवस्था नभए पनि श्रद्धालु भक्तहरूवाट चढाएको भेटीघाटीवाट पूजा चल्ने गर्छ । दसैँ, चैतेदसैँमा विशेष श्रद्धालु भक्तको भिड लाग्छ । भक्तका चाहना पूरा गर्न पछि नपर्ने सिंहमाईका उपासक धेरै छन् ।

सिंहवाहिनी, इलाम

इलामवजारको पुछारमा खोल्साको किनारमा मालागिरि वृक्षको फेदमा दक्षिणाभिमुख ओडारजस्तो ठाउँमा यो मन्दिर छ । शनिवार र मङ्गलवार पशुवलि तथा पञ्चवलि दिएर पूजा गरिन्छ । भाकल गर्नेहरू पनि वलि चढाउँछन् । भाकल गर्दा पुग्ने जनविश्वास छ । मूलसडकवाट सिँढीवाट ओर्लंदै यहाँ पुगिन्छ । प्यागोडा शैलीको मन्दिरमा सिंहवाहिनीका ढुङ्गामा आकृति राखी पुज्ने गरिन्छ । खास मूर्ति देखिँदैन । वि.सं. १९२७ पछिका घण्टा पाइनाले त्यसभन्दा प्राचीन हो भन्ने कुरा स्पष्ट हुन्छ । २०२८ सालमा राजा वीरेन्द्रवाट यस मन्दिरको जीर्णोद्धार गराएको ताम्रपत्र छ । मन्दिरमा प्रवेश गरेपछि नागद्वारा वेष्ठित मालगिरि भनिने झाँक्री काठको रूखको परिक्रमा गरी पछाडि भागमा रहेको डङ्गिनीको पूजा पहिले गरेर मात्र सिंहवाहिनीको पूजा गर्ने विधान छ । यसको गुठी पनि छ । नगरपालिकाको पनि रेखदेख छ । यहीँ नजिक शिवालय, गणेश, कुमार, सिंहारूढ देवी, प्रस्तरको नन्दी आदि पनि छन् । यी मूर्ति हेर्दा ३५० वर्ष पहिलेका जस्ता प्रतीत हुन्छन् । भक्तहरू भाकल गर्ने र उनीहरूको चाहना पूरा हुने पनि जनविश्वास छ । दसैँ, चैतेदसैँमा दर्शनका लागि विशेष भिड लाग्दछ ।

सिंहवाहिनी, (म्याङलुङ) तेह्रथुम

म्याङलुङ वजारमा सिंहवाहिनीभगवतीको मन्दिर छ। यिनलाई म्याङलुङदेवी पनि भनिन्छ। यिनै देवीको नामवाट म्याङलुङ रहेको स्थानीय वासिन्दाको भनाइ छ। यी देवीको अस्तित्व प्राचीन भए पनि शिलालेखमा १९०५ सालमा मन्दिर वनेको देखिन्छ। मन्दिरभित्र रहेको प्राकृतिक शिलालाई भगवतीको प्रतीक मानी पूजा गरिन्छ। यहीँ सिंह, गणेश, भीमसेन आदिका मूर्ति पनि छन्। वुद्धजयन्ती, वडादसैं, चैतेदसैं आदिमा यी देवीको भव्य पूजा हुन्छ। मन्दिरका नाउँमा गुठी भए पनि आमदानी पुग्दो छैन। तेह्रथुमकै प्रसिद्ध, लोकप्रिय भगवतीको रूपमा भक्तहरू आराधना गर्दछन् भने देवी पत्यक्ष छन् भन्ने कुरामा भक्तहरू आश्वस्त छन्।

सीताकुण्ड (जनकपुरधाम) धनुषा

जनकपुर उपनगरपालिकाकै सीताकुण्ड विहारकुण्डको दक्षिणतर्फ रहेको छ। त्यहीँ दक्षिणतिर रहेको आश्रमलाई सदानन्दआश्रम भनिन्छ। धेरै वर्ष अगाडि रामआचार्य नामका महन्तलाई गुरु सदानन्दले "म धनुषा पोखरीमा छु त्यहाँवाट मलाई झिकी सीताकुण्डमा स्थापना गर्नू।" सपनामा भनेकाले रामआचार्यले सदानन्दको मूर्ति सीताकुण्डमा स्थापना गरेको जनश्रुति छ। यस मन्दिरमा रामजानकी, हनुमान र सदानन्दको मूर्ति पनि छ। प्राचीन समयको मन्दिर १९९० सालको भूकम्पमा भत्किन गई त्यसपछि मर्मतसम्भार गरिएको छ। पहिलेका एक आचार्यले नथुनीवास नामका सर्पलाई चेलो वनाएका, भवितव्यले सर्पको निधन हुँदा मनुष्यकै जस्तो काजक्रिया गरिएको थियो। मनुष्यजस्तै भाषा वोल्ने सर्पको निधनपछि मन्दिर स्थानमा दीपावलीको दिनमा ५ वटा र आश्रमपछाडिको गढमा ७ दीप वाल्ने चलन छ। दीप नवाले सर्पहरू छ्याप्छ्याप्ती निस्कन्छन्। त्यस कारण दीप वाल्न ध्यान दिनुपर्छ भनिन्छ। सर्पहरू निस्के पनि मानिसलाई नडस्ने जनविश्वास छ।

सुकाकोटीथान, (त्रिपुराकोट) डोल्पा

त्रिपुराकोट गाउँको रुमामा यो थान छ। यो मस्टोथान भएकाले यहाँ कुनै मूर्ति छैन। पहिले व्यास ऋषि अन्य ठाउँमा उत्पन्न भए पनि पछि सुकेरहतमा आई वसेकाले सुकाकोटथान भनी नाम रहेको वुझिन्छ। यस थानको करिव ५०० वर्ष पुरानो इतिहास छ भनिन्छ। भूतप्रेत लागेमा वा विसन्चो भएमा यस ठाउँमा धामीमा देवता चढ्छ, झारफुक गरी पानी मन्त्रेर खुवाएपछि विरामी ठीक हुन्छ। यस कारणले यी मस्टोदेवताप्रति स्थानीय जनताको विश्वास छ। श्रावणपूर्णिमामा यहाँका मानिस व्यास ऋषिकहाँ जान्छन्, वाजा वजाई नाचगान गरी फर्कन्छन्। भाद्र र कार्तिक पूर्णिमामा पनि यहाँ मेला लाग्छ, पर्वपूजा हुन्छ।

सुतुङ्कोटमन्दिर, (चण्डीकालिका), स्याङ्जा

चण्डीकालिका गाउँमा यो मन्दिर छ। प्राचीन मन्दिर भत्किएर सामान्य मन्दिर वनाइएको छ। चौवीसे राजाकै पालाका हातहतियार खुँडा खुकुरी, तरवार आदि देवीका चिह्न यहाँ छन्। कालिकाको प्रतीक मानी यिनैलाई पूजा गरिन्छ। तामाको वाकस पनि छ। त्यसभित्र देवीदेवताका शिला छन्। पुजारीले मात्र खोलेर पूजा गरी वन्द गर्छन्। अरूले हेर्न मिल्दैन। वाहिरपट्टि सिंहको मूर्ति खम्वामाथि छ। दसैंमा पूजापाठ, वलि आदि भव्य रूपमा हुन्छ। अघिपछि सामान्य रूपमा नित्यपूजा हुन्छ।

सुनवर्षापोखरी, विराटनगर मोरङ

विराटनगरदेखि पूर्व वुभनगरमा एउटा भव्य पोखरी छ। जसको निर्माण विराट राजाले गरेको भन्ने जनधारणा छ। प्राचीन भग्नावशेषहरू यहाँ पाइन्छन्। विराट राजाका गाईहरू यहीँ पानी पिउँथे। २० विघा क्षेत्रफलमा फैलिएको भए पनि पाँच विघाजतिको पोखरी छ। डिलमा अनेक वृक्षहरू लगाइएको छ। यस पोखरीमा वैशाख १ गतेदेखि ७ दिनसम्म मेला लाग्छ। पोखरीमा चढाइएका पैसाको खोजी गर्दा मुद्राको इतिहास पत्ता लाग्छ, त्यति मात्र होइन यहाँ गाडधन पनि छ भन्ने जनश्रुति छ। प्राचीन कालमा यस पोखरीमा नुवाइधुवाइ गरी शुद्ध भई देवीको आराधना गरेमा गरिवगुरुवाहरूले चाहेको धन, भाँडाकुँडा पाउँथे, काम सकेपछि भाँडाकुँडा चोखो पारी फिर्ता गर्नुपर्थ्यो, भाँडा नवुझाएमा मृत्यु पनि हुन्थ्यो। समयअनुसार मानिसमा जालझेल र विश्वास घटेपछि यो क्रम रोकियो। अहिले पनि यस पोखरीको उपहास तथा निन्दा गरे हानि हुन्छ भनिन्छ। यहाँका वासिन्दा चाडपर्व, उत्सवमा सुनवर्षा महाराजलाई चढाएर खाने गर्छन्। यहाँको दैवीशक्तिमा आज पनि विश्वास छ। वक्राहा खोलामा ठूलो वाढी आउँदा पनि यस पोखरीका माछा वगेनन्, पोखरी सुरक्षित रहे। यहाँ दैवीशक्ति छ भन्छन् वूढापाकाहरू। मनोकाङ्क्षा पूरा गर्न दार्जिलिङ्ग, भुटान, सिलगुढीवाट पनि आउँछन्। हराएका गाई पनि यहाँ पोखरीमा रहेकी सुनवर्षी माईको प्रार्थना गरेमा धन भेटिन्छ भनिन्छ। प्राकृतिक र सांस्कृतिक दुवै दृष्टिले यस पोखरीको महिमा महत्त्व राख्तछ।

सुन्दरीमाई, (चैसे गाउँ) मकवानपुर

चैसे गाउँमा यो मन्दिर छ। त्रिभुवन राजपथ वन्नुभन्दा अगाडि नै यस मन्दिरको अस्तित्व थियो भनिन्छ। सरस्वतीको प्रस्तरको मूर्तिसँगै अन्य देवीदेवताका मूर्ति पनि छन्। शिला पनि छन्। यहाँ भोग चढाउने काम पनि हुन्छ। माईको पूजा गर्दा श्रीवृद्धि हुन्छ भन्ने जनविश्वास भए पनि नित्यपूजाको व्यवस्था छैन। शनिवार र मङ्गलवार भक्तहरू आएर पूजा गर्छन्। वडादसैंमा विशेष भिड लाग्छ। माईलाई वलि पनि चढाएर पूजा गरिन्छ।

सुब्बाकुटी, (काशीपुर) धनुषा

धनुषाको काशीपुरमा गिरिजाघर र विरिजाघर नामका दुई सुव्वाले वनाएकाले यसलाई सुव्वाकुटी भनिन्छ। यो मठ १९९०-९१ मा निर्माण गरिएको मानिन्छ। यस मठका नाउँमा ५४ विघा जमिन छ। गुम्वज शैलीको छाना भएको, भुइँतला सत्तलजस्तो भएको यस कुटीलाई वरिपरि कम्पाउन्ड लगाई घेरिएको छ। यस कुटीमा रामजानकी र हनुमानका मूर्तिहरू राखिएका छन्। यहाँ ८ वजे वालभोग, दिउँसो १२ वजे र वेलुका ७-८ वजे राजभोग लगाउने चलन छ। विवाहपञ्चमी, रामनवमी, तिलासङ्क्रान्ति, मकरपर्व, परिक्रमा, झुलन, जानकीनवमीजस्ता पर्वमा विशेष भोग चढाउने चलन छ। भोग चढाउनुअगाडि सन्ध्या, पूजा र आरती पनि गरिन्छ।

सुर्मादेवी, (चैनपुर) बझाङ

चैनपुर वजारको वीचमा सुर्मादेवीको मन्दिर छ। यसलाई स्थानीय भाषिकामा कुभलतडो पनि भनिन्छ। पहिले यो ठूलो थियो, सेतीनदीले खाँदै अव सानो भएको छ। यी देवी पौराणिक महत्त्वकी हुन्। यी देवी पहिले कुभलतडोमा प्रकट भएकी थिइन्। पछि सुर्मासरोवरमा सरेकी हुन् भन्ने जनविश्वास छ। प्यागोडा शैलीमा देवीको मन्दिर छ। मन्दिरभित्र प्राकृतिक शिला छ। यसैलाई देवीको प्रतीक मानी पूजा गरिन्छ। अन्य साना शिलामूर्ति पनि छन्। हाले चढाइएको भगवतीको मूर्ति पनि छ। नित्यपूजा हुन्छ। चैतेदसैं, वडादसैं र असोज शुक्लपूर्णिमामा मेला लाग्छ। मेलामा ड्यौडा पनि खेलिन्छ। यसको मर्मत यथासमय हुँदै आएको छ।

सुर्मासरोवर, बझाङ

सुर्मागाउँको उत्तरतर्फ पहाडको चुचुरोमा हिमाली भेगमा सुर्मासरोवर छ। यहाँ सुर्मादेवीको अस्तित्व पौराणिक कालदेखि नै रहेको देखिन्छ। सुर्मादेवी कुभलतडो (चैनपुर) त्यसपछि खेतकोट, धोगाज हुँदै पुगिन्। त्यहाँवाट मृगको रूप धारण गरी थकुन्नाडा हुँदै सुर्मासरोवर पुगेर अलप भइन् भन्ने जनश्रुति छ। सुर्मादेवी रहेको स्थान हुनाले सुर्मासरोवर विशेष महत्त्वको छ। श्रावण शुक्लपक्ष एकादशीमा यहाँ मेला लाग्छ। वझाङ, वाजुरा, डोटी, अछाम, डडेलधुरा जिल्लावाट पनि सुर्मासरोवरमा स्नान गरी, सुर्मादेवीको दर्शन गर्न, आफ्ना चाहना पूरा गर्न मानिसहरू जाने गर्छन्। वाटोवाटोमा सुर्मादेवीका प्रतीक ससाना मन्दिर छन्। यहाँ जानआउन करिव ७ दिन लाग्ने भए पनि, सुर्मासरोवर नजिक जुत्ता लगाएर जान नपाइने छ तापनि भक्त यात्रीहरूको कमी हुँदैन। यसैवाट यस सरोवर र सुर्मादवीको महत्त्व वुझ्न सकिन्छ।

सूर्यविनायक, भक्तपुर

भक्तपुरवाट आधा कोस दक्षिणको उच्च भागमा सूर्यविनायकको मन्दिर छ। यहाँ अनेक जडीवुटी पनि पाइन्छन्। उच्च स्थान र पूर्वाभिमुख भएकाले सूर्यका किरण सर्वप्रथम यहाँ पर्छन्। यसै कारणले सूर्यविनायक नाम रहेको हुन सक्छ। सूर्यले आफ्नो मङ्गलमय यात्राका लागि गणेशको दर्शन गरेको हो कि ? यी गणेश पनि उपत्यकाका चार गणेशमध्ये एक हुन्। यी गणेशलाई आदिगणेश पनि मानिन्छ। चतुर्मासका मङ्गलवारमा यहाँ विशेष मेला लाग्छ। माघका मङ्गलवारमा भक्तहरूको घुइँचो लाग्छ। आफ्ना वोली नफुटेका वालवालिकालाई यहाँ ल्याएर दर्शन गराए वोली फुट्छ भन्ने जनधारणा र विश्वास छ। अस्पष्ट वोली भएकालाई पनि दर्शन गराई छाड्ने, वालक रुन्छ र रोएपछि वोली स्पष्ट हुन्छ, त्यस्तै हिँड्न नसक्ने वालवालिकालाई यहाँ छाडे अतालिँदै हिँड्न थाल्छ भनिन्छ।

वि.सं. १८९० मा श्री ५ सुरेन्द्रवाट घण्टा अर्पण गरेको र पछि श्री ५ महेन्द्रका पालामा पनि मर्मतसम्भार भएको जानकारी मिल्छ।

प्राचीन कालमा गुणनिधि व्राह्मण र लीलावती पतिपत्नी यहीँ तपस्यारत थिए। शिवभक्त थिए। वालक छोरो जन्म्यो र अचानक मर्‍यो। पुन: शिवभक्तिमा तन्मय भए। शिवले तपस्यारत ठाउँमा गई गणेशको आराधना गर्नू, म पनि त्यहीँ आउँछु भने। व्राह्मणव्राह्मणीले त्यसै गरे। मृत पुत्र जीवित भयो। गणेश उत्पन्न भएकाले त्यसै ठाउँमा सूर्यविनायक नामले पूजाआजा चलेको कुरा पनि श्रुतिपरम्परामा भेटिन्छ। शिव र गणेशको भेटघाट, वालकको पुनर्जीवनका कथा जोडिएको छ।

सूर्येश्वरनाथमहादेव, (छनौजी तरही) धनुषा

जनकपुरको छनौजी गा.वि.स. तरहीमा रहेको यो मन्दिर सूर्येश्वरनाथ गिरिको समाधिमा स्थापना गरिएकाले यो नामकरण भएको भन्ने जनश्रुति छ। १९९० सालको भूकम्पले क्षतिग्रस्त भएपछि महन्त गङ्गापुरीले निर्माण गराएको जानकारी मिल्छ। यस मन्दिरमा चतुर्मुखी शिवलिङ्गको स्थापना गरिएको छ। यहीँ छेउमा सूर्येश्वर पुरीका चेलाको पनि समाधि छ। यस मन्दिरको नाउँमा ३२ विघा गुठी रहेको र यसैको आमदानीवाट नित्यपूजा, पर्वपूजा, कुमारभोजन र सदावर्त पनि गरिने परम्परा छ।

सेतीदेवी, (सालु) रामेछाप

सालुको मध्यवजारमा नै सेतीदेवीको स्थान छ। ३५० वर्ष अगाडिदेखि नै यसको अस्तित्व रहेको स्थानीय वूढापाकाको भनाइ छ। देवीको रूपमा सानो शिला छ। त्यसैलाई पुजिन्छ। एकसय वर्ष अगाडिका

ताम्रपत्र घण्टाहरू रहेकाले यसको प्राचीनता स्पष्ट हुन्छ। पर्खाल लगाइएको देवीस्थान छ। गुठी व्यवस्था नभए पनि भक्तहरू गाउँलेहरू गएर भक्तिभाव प्रकट गर्छन्। देवीप्रति गाउँलेको पूर्ण आस्था छ।

सैनामैना, (पर्रोहा) रूपन्देही

परोँहा गाउँको कर्सानदीको उत्तरपश्चिम चुरेमा सैनामैना नामको सालको जङ्गल छ। यसलाई प्राचीन कालमा सैनपुर भनिन्थ्यो। कोट र मन्दिरहरूको भग्नावशेष रानीकुवा, रानीवगैंचा, वुद्धका मूर्तिहरू पाइएको चर्चा पुरातत्त्वविदहरूले गरेका छन्। झलक्क हेर्दा पुरातात्त्विक वस्तु वा सामग्री छरिएर रहेको देख्ता निश्चय नै यसको पुरातात्त्विक महत्त्व छ। यस स्थानमा उत्खनन गरे महत्त्वपूर्ण सामग्री प्राप्त हुने अनुमान सहज छ।

सोनामाईस्थान, (सोनामाईस्थान गाउँ) महोत्तरी

सोनामाईस्थान गाउँमा देवीको स्थान छ। यसको अस्तित्व ३०० वर्ष भन्दा पनि पहिले थियो भनिन्छ। जिल्लाभरकै प्रसिद्ध तीर्थस्थल हो। झलक्क हेर्दा प्यागोडा शैलीको एक घरजस्तै देखिन्छ। यसभित्र गणेश, चामुण्डाका साना मूर्ति छन्। मन्दिरको भित्री कोठामा डेढ फिट अग्लो भगवतीको मूर्ति छ, जसलाई कपडाले छोपेर राखिएको छ जो कोहीले हेर्नु हुँदैन भनिन्छ। एक फिट अग्लो त्रिशूल पनि छ। विधिपूर्वक पूजा हुन्छ। वडादसैंमा मेला लाग्छ, दैनिक ७/८ वलि चढ्छ। राँगा, वोका, भेडा, हाँस, परेवा पञ्चवलि पनि चढाइन्छ। पञ्चवलिमा माछा, पीठोको मूर्ति, मिठाइ र वस्त्र गरी नववलि पनि चढाइन्छ। भक्तहरूवाट चढेको भेटीरकम पनि निकै जम्मा हुन्छ। वलिका राँगाको मासु व्यवसायीहरूले खाने र वेच्ने गर्दछन् तर छालाको रकम भने पूजारीलाई नै दिन्छन्। अन्य पशुपन्छीको शरीर वलि चढाउनेले र टाउको पुजारीले लिने चलन छ। वाहिरपट्टि शिवलिङ्ग र अन्य देवमूर्ति पनि छन्। यी देवी प्रत्यक्ष फल दिने छन् भनी भक्तहरूमा विश्वास भएकाले पनि वढी महत्त्वकी मानिन्छिन्।

सोनुवागढमाई, (चनई) कपिलबस्तु

चनई गाउँको मितरिया वहवेलनदी पार गरी सुखवेल नदीको तीरमा जङ्गलको माझमा सोनुवागढमाईको मन्दिर छ। यी माईलाई पार्वतीमाई पनि भन्ने गरिन्छ। करिव ६ सय वर्ष पुरानो मानिने प्यागोडा शैलीको मन्दिर छ। भग्न प्राचीन स्तुप पनि छ। देवीको मूर्ति आकर्षक छ। उभिएकी देवीले एउटा गोडा मानिसमाथि र अर्को गोडा भूमिमा टेकेकी छन्। गढमा रहेकी देवीको स्थापना शक्तिमाताकै रूपमा कालान्तरमा स्थापित भएकी थिइन् होलिन्। यिनका वारेमा विशेष अध्ययन आवश्यक देखिन्छ।

सोमेश्वर महादेव, (जिङटार) भक्तपुर

जिङटार चरखरिङमा विश्वरूपदेखि दुई पाउ पश्चिमपट्टि छ। कमेरेटारको साल्मी गाउँवाट आएको खोल्सो र पद्मानदी (सुयालगाउँवाट आउने नदी) को सङ्गममा सोमतीर्थ छ। यहीँ सोमेश्वर छन्। दक्षप्रजापतिको श्रापवाट दुःखी वनेका चन्द्रमाले ध्यान गर्दा उत्पन्न भई श्रापमुक्त गरेको कथा छ। तपस्यावाट प्रसन्न भएका महादेवले चन्द्रमालाई आफ्नो गहना पनि वनाएको पाइन्छ। इन्द्रका श्रापले मानवरूप लिई दुःखी वनेको सुखश्राप नामको गन्धर्व पनि नारदको उपदेशले कार्तिकशुक्ल चतुर्दशीमा यी महादेवको दर्शनपूजन गरी मुक्त भएको कथा छ। यसको प्राचीन नाम धर्मरूप शैल हो।

स्कन्देश्वरमहादेव, (भिडावाडी) नुवाकोट

भिडावाडी पूर्व चुहानडाँडादेखि पश्चिमको खोलामा चन्द्रदीप्ति (महादेव खोलो) नदी र सिद्धरसा (सानो खोल्सी) का सङ्गममा स्कन्दतीर्थ छ। ताराकासुरलाई मार्नका लागि स्कन्दकुमारले ध्यान गर्दा यो लिङ्ग उत्पन्न भएको हो। यिनै महादेवका सदीच्छाले कुमार स्कन्द ताराकासुरमाथि विजय प्राप्त गर्न सफल भएको कथा छ। कर्मानुसार शरीर चिलचिलाएमा यस लिङ्गको स्पर्शपूजाले उक्त रोग हराउँछ भनिन्छ। चैत्रशुक्ल १३ पूजाका लागि उत्तम अवसर हो। चन्द्रकान्त पदाचल यसको प्राचीन नाम हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको उल्लेख छ। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

स्वर्गद्वारीआश्रम, प्युठान

स्वर्गद्वारी गाउँमा यो आश्रम छ। यस ठाउँवाट ५ किलोमिटर उत्तरमा चतुर्भुज छ। त्यहाँ व्रह्माको उपनयन भएथ्यो। आश्रम रहेका ठाउँमा १६ ऋषिहरूले यज्ञ सम्पन्न गरी स्वर्गतर्फ लागेथे। यसै आधारमा स्वर्गद्वारी नाम रहेको हो। युधिष्ठिरादि पनि यतैवाट स्वर्ग गए भनिन्छ। आश्रमको निर्माण वि.सं. १९५१ मा गौतम गोत्रीय वालतपसी नारायणद्वारा भएको थियो। यहाँ अखण्ड मण्डलाकार महायज्ञ छ। हवनकुण्ड छन्। देवी, सूर्य, शिव, गणेश, शालिग्राम आदिको पूजा हुन्छ। नित्य हवन हुन्छ। कीर्तन हुन्छ। शिष्यपरम्परावाट आश्रमको सुरक्षा हुन्छ। वैशाख र कार्तिक पूर्णिमामा यहाँ मेला लाग्छ। महाप्रभुको समाधि, नवग्रह, नर्मदेश्वर शिव आदिको पूजन पनि हुन्छ। यहाँ खन्दा चरु, पूजाका भाँडा पाइन्छन् भनिन्छ। स्वर्गद्वारी महाप्रभुको अलौकिक सिद्ध व्यक्तित्वको पनि गायन गरिन्छ। गुठी निकै छ, त्यसैवाट यो आश्रम सञ्चालित छ। भारती खरेल पुरस्कारवाट पनि यो सम्मानित छ। यहाँ जाने अतिथिहरूले चाहेमा खाने,

वस्ने व्यवस्था पनि गरिएको छ। उच्च स्थानमा रहेको प्राकृतिक मनोहारिता यहाँवाट छर्लङ्ग देखिन्छ। महाप्रभुवारे काव्यहरू लेखिएका छन्। जसवाट महत्त्व झल्किन्छ।

स्वर्गद्वारी महाप्रभु, प्युठान

राप्ती अञ्चलको प्युठान जिल्लाको उच्च शिखरमा स्वर्गद्वारी लेक छ। जहाँवाट पाण्डवहरू सजीव स्वर्ग गएथे भनिन्छ। रोल्पाको रुम्टीमा जन्मेको एउटा वालकले ६ दिनदेखि आमाको दुध खान छाडी गाईको दुध खाएर हुर्केका थिए। आमाले खसीको मासु खाएकै दिन दुध परित्याग गर्ने ती वालक ६ वर्षकै उमेरदेखि तपस्यामा संलग्न रहेकाले, वालतपसी कहलिए। ती वालतपसी संन्यास ग्रहण गरेपछि हंसानन्द गिरि हुँदै स्वर्गद्वारी महाप्रभुका रूपमा परिचित हुन पुगे। १९५१ मा प्रभु स्वर्गद्वारी पुगे। १९५२ सालदेखि उनले अखण्ड महायज्ञ सुरु गरे र त्यो अद्यापि सञ्चालित छ। स्वर्गद्वारी तीर्थस्थललाई नै महाप्रभुले साधना स्थल वनाउनुभयो।

एउटा रूखमुनि वसी महाप्रभुले तपस्या गरे। गुठी जुटाई आश्रमको रूपमा विकसित गरे। यज्ञशालामा दैनिक १६ घण्टाजति पूजा चल्छ। उत्तरमा गणेशको पाञ्चायन पूजा, अखण्ड एघार अष्टाध्यायी रुद्री पारायण हुन्छ। पूर्वमा देवीपाञ्चायन, देवीभागवत र वेदपाठ हुन्छ। दक्षिणमा सूर्यपाञ्चायन् पद्मपुराण र वेदपाठ गरिन्छ। पश्चिममा अखण्ड दीप, विष्णुपाञ्चायन पूजा, श्रीमद्भागवत पाठ हुन्छ। सोही स्थानमा ईशान, आग्नेय, नैऋत्य र वायव्यकोणमा अग्निकुण्डका साथै शिव, गणेश, सूर्य र देवीको पूजा र घृतधारा अर्पण गरिन्छ। वीचमा २२ फुट गहिरो यज्ञशाला छ। यहाँको आगो स्थापना कालमा व्राह्मणको मुखवाट निस्केको र निभ्न दिइँदैन। अग्निस्थापनाको विधिअनुसार नित्य हवन हुन्छ। यस कुण्डकै अग्निज्वालामा महाप्रभुको दर्शन मिल्ने कुरा प्रभुले वताउनुभएथ्यो। प्रत्येक दिन विहान ५ वजेदेखि दिउँसो ३ वजेसम्म र साँझ ५ वजेदेखि राति १२ वजे पूजा, हवन, भजनकीर्तन हुन्छ। यहाँ जान इच्छुक यात्रीलाई वस्ने, खाने प्रवन्ध पनि छ।

स्वर्गद्वारिका अरू दर्शनीय स्थल

गुफा : स्वर्गद्वारी शिखरकै दक्षिणपूर्वमा एक गुफा छ जहाँ महाप्रभुको निधनपछि समाधि लगाइएको थियो। त्यही समाधिमाथि शिवलिङ्ग राखिएको छ र पूजा गरिन्छ। यात्रीको चाहनाअनुसार धार्मिक नृत्य पनि यहाँ गर्ने चलन छ।

शिवालय : महाप्रभुले शिवलिङ्ग स्थापना गरी आफूले पूजाअर्चना गरेको स्थान नै शिवालयका रूपमा स्थापित र विकसित छ।

रखालशिवालय : प्रभुका चेला शङ्करानन्द गिरिको समाधि स्थललाई रखाल भनिन्छ। यसमा पनि शिवलिङ्ग स्थापना भएको छ र भक्तहरूवाट अर्चना गरिन्छ।

गुप्तीसमार : एउटा सुरुङ छ। स्वर्गद्वारीमा पानीको कमी छ। महाप्रभु यही सुरुङवाट मादीनदीमा स्नान गरी फर्कनुहुन्थ्यो भन्ने जनश्रुति छ। यहीँ नजिकै महाप्रभुले स्थापना गरेका सिद्धस्थानका अवशेष पनि छन्।

स्वर्गद्वारी महाप्रभुका अद्‌भुत चरित्र पनि सुनिन्छन्। महाप्रभुका दर्शनवाट प्रेरित भएर कविशिरोमणि लेखनाथले तरुणतपसी लेखेका हुन्। स्वर्गद्वारी उच्च शिखर, पावन तीर्थस्थल र प्राकृतिक दृष्टिले पनि मनोहर छ। यहाँ एक रात वसे पनि प्राचीन ऋषिमुनिको आश्रमको अनुभव हुन्छ। पर्यटन र धार्मिक आस्थाको दोभानका रूपमा यस स्थानको परिचय पाइन्छ।

स्वयम्भूनाथ, काठमाडौं

कान्तिपुर सहरको पश्चिमतर्फ विष्णुमतीपारि अग्लो स्थानमा स्वयम्भू स्तुप रहेको छ। आफैं उत्पन्न भएकाले स्वयम्भू भनिएको हो भनिन्छ। प्राचीन कालमा कान्तिपुर जलामय तलाउ हुँदा देशदेशान्तरवाट सन्तमहन्त ऋषिहरू आई यस तलाउमा स्नान, पूजा गरी यहीँ अग्लो ठाउँमा रहन्थे। वौद्ध भिक्षु पनि यहीँ वस्थे। विपश्वी वुद्धले रोपेको सहस्रदल कमलवाट तेज उत्पन्न भई वुद्ध स्वयम्भूका रूपमा प्रकट भए। चीनवाट कालान्तरमा महामञ्जुश्री आई चोभारवाट तलाउ खोली पानी वाहिर पाठाई कान्तिपुर उर्वर उपत्यका वन्न गएको कुरा वंशावलीमा पाइन्छ। स्वयम्भूवाट गुह्येश्वरीसम्मको वाटो निर्माण पनि त्यसै वेला भयो। ने मुनिले वस्ती वसाई पालित गरेकोले नेपाल नाम रहन गएको हो भनिन्छ।

मञ्जुश्रीवाट दीक्षाप्राप्त प्रचण्डदेव (शक्तिकार) ले यसै स्थानमा चैत्य निर्माण गरेको कुरा स्वयम्भूपुराणमा छ। यहाँ अनेक देशका प्रसिद्ध वौद्ध भिक्षुहरू आएर वस्ने, दर्शन तथा साधना गर्न थाले। लिच्छविकालीन मानदेवका वाजे वर्षदेवले आफ्ना ऐतिहासिक अभिलेखमा प्रस्तुत चैत्यको चर्चा गरेको पाइँदा यसको प्राचीनता प्रमाणित हुन्छ। समयसमयमा मर्मतसम्भार हुँदै आएको यस स्तुपनजिक प्रताप मल्लले अनन्तपुर र प्रतापपुर नामका दुई मन्दिर पनि वनाएथे। ३६० सिँढी चढ्दै यहाँ पुगिन्छ। यहाँवाट उपत्यकाको सुन्दर दृश्य देखिन्छ। मण्डलाकार शिलाको जगमा यो महाचैत्य रहेको छ। माथि गोलाकार भगवान्‌को गर्भगृह छ। यो सत्य र

ज्ञानको प्रतीक हो भनिन्छ। रञ्जनालिपिमा वुद्धका मन्त्र ओं मणि पद्मे हुम्, पनि ठाउँठाउँ लेखिएको छ। शान्तिपुर, वायुपुर, अग्निपुर र नागपुर नामका देवस्वरूप मूर्तिहरू पनि छन्, जसले यो सुशोभित देखिन्छ। के हिन्दु, के वुद्ध ? सवैका आस्थाको केन्द्रको रूपमा यो रहेको छ। यहीं मञ्जुश्री, हारतीमाता, सरस्वती, गीतामन्दिर आदि रहेका छन्। प्रत्येक १२ वर्षमा यहाँ सम्यक् पूजा हुन्छ भने पूर्णिमा, वुद्धपूर्णिमा, श्रीपञ्चमीजस्ता पर्वमा यहाँ विशेष मेला लाग्दछ।

चन्द्रागिरिनजिक प्रह्लादका वंशज वाणासुरको राजधानी थियो। वाणासुरको छोरो महेन्द्रदमन र छोरी प्रभावती (उषा) थिइन्। प्रभावतीको जल विहारका लागि काठमाडौँको चोभारमा थुनी पोखरी वनाइएको थियो। त्यस वेला विपश्वी नामका वुद्ध आएर नागार्जुनमा वसे। उनले यस पोखरीमा चैत्रशुक्ल पूर्णिमाका दिन एक कमल रोपे। कमलको वीजवाट ६ महिनापछि आश्विनशुक्ल पूर्णिमाका दिन अनौठो कमल फुल्यो। त्यही कमलको वीचवाट स्वयम्भू भगवान् अवतरित भए ज्योतिको रूपमा शिवमार्गीले यसलाई शङ्करज्योति ठाने भने वुद्धमार्गीले वुद्ध भगवान्को ज्योति ठाने। त्यस ज्योतिको दर्शन गर्न देशविदेशवाट तपस्वीहरू आए। चीनवाट मञ्जुश्री वोधिसत्व आएर नगरकोटमा वसे। उनले आफू साथका वरदा र मोक्षदा दुई शक्तिलाई फूलचोकी र ध्यान्त्रोगिरिमा स्थापना गरी फूलचोकीवाट फूल ल्याई ज्योतिमा अर्पण गरे। आफ्नो खड्गले चोभारवाट पोखरी खोली उपत्यकामा वस्ती वसाउने प्रवन्ध गरे। यिनले स्वयम्भूदेखि गुह्येश्वरीसम्म वसाएको सहरलाई मञ्जूपत्तन भनिन्थ्यो। मञ्जूश्रीले वनाएको स्वयम्भू पछाडिको मन्दिरमा सरस्वतीको पूजा गरिँदै छ।

समय वित्तै जाँदा सूर्यवंशी राजा वृषदेवले शिवमत छाडी वौद्धमत लिए। उनले ज्योति प्रकट भए ठाउँ वशुपुर, वरुणपुर, समरपुर, अग्निपुर र वायुपुर नामका शिलाका चैत्यहरू स्थापना गरी पाठपूजाको प्रवन्ध गरे। यहीँ नै स्वयम्भूचैत्यका रूपमा आज प्रसिद्ध छ। वौद्धाचार्य वाँडाहरूले पुजारीका रूपमा सेवा गर्दै गए। प्रताप मल्लले पनि यस स्तुपको जीर्णोद्धार गरे। मोलम्वा भएका भगवान् स्थापित गरी यस स्थानलाई अरू रमणीय वनाए। त्यहीँनेर प्रतापपुर, कवीन्द्रपुरका गाउँ पनि तयार पारे। जयप्रकाश मल्लले पनि ह्लासावाट वौद्ध लामा ल्याई जीर्णोद्धार र गुठीको वन्दोवस्त पनि मिलाए। स्वयम्भूज्योति प्रकट भएको स्थानमा निर्मित यो स्तुप मण्डप के हिन्दू, के वौद्ध सवैका लागि दर्शनीय छ। श्रद्धास्थल वनेको छ। पर्यटकका लागि पनि उच्च ठाउँमा अवस्थित भएकाले यसको महत्त्व रहेकै छ।

षोडशादेवी, (मङ्गलसेन) अछाम

सदरमुकाम मङ्गलसेनमा नै षोडशादेवीको मन्दिर छ । यसको निर्माण वि.सं. १९४९ मा राजा दलवहादुर शाहले गराएका थिए भनिन्छ। प्यागोडा शैलीमा रचित यस मन्दिरमा काठको सिंहासनमाथि सानो चाँदीको सिंहासन वनाई छत्र राखिएको छ। सिंहासनभित्र षोडशादेवीको मूर्ति छ। खड्ग, घण्टा, आशा (?) पनि छन्। यहाँ नित्यपूजा हुन्छ। पर्वपर्वमा विशेष मेला पनि लाग्छ ।

शङ्करनारायण, (पशुपति) काठमाडौं

शिवलाई समस्या पर्दा विष्णुले सहयोग गरेको, विष्णुलाई पनि शिवले सकारात्मक रूपमा सहयोग गरेका प्रसङ्ग पुराण आदिमा पाइन्छ। यसवाट वैष्णव र शैववीच पारस्परिक समन्वयात्मक दृष्टिकोण देखा पर्छ। शिव र विष्णुको संयुक्ताकारको यो मूर्ति देवपत्तनमा महास्नान घरको पूर्वपट्टिको चोकमा रहेको छ। वि.सं. ६२३ मा स्थापना भएको मानिन्छ। यसमा दायाँ भागमा शिव र वायाँ भागमा विष्णु छन्। यो मूर्ति सौम्य र आकर्षक पनि छ। सँगसँगै पार्वती र लक्ष्मीका लघु आकारका मूर्ति पनि छन्। यो हरिहर, शिव र विष्णुमा अभेद देखाउने कलात्मक भाव हो। यस्ता मूर्तिहरू अरू ठाउँमा पनि भेटिन्छन्। यसवाट लिच्छविकालदेखि नै पारस्परिक समन्वयात्मक भाव देखाए पनि यस्ता मूर्तिमा हुने पूजाप्रार्थनाको उपयुक्त व्यवस्था चाहिँ त्यति हुन सकेको देखिँदैन ।

शङ्खेश्वरीमाई, (नमोबुद्ध) काभ्रे

कडकमणि तीर्थ नामका खोलाको तीरमा शङ्खेश्वरी माईको स्थान छ। नमोवुद्धकी आमा अत्तिवतीको (?) स्थान भनिन्छ। द्वापर युगमा नै स्थापना भएको भन्ने जनश्रुति छ। यहीँ सुमेरु, भगवतीस्थान पनि छ। नमोवुद्ध साँधको डाँडालाई हिरण्यगिरि, गन्धमादनपर्वत पनि भन्ने गरिन्छ। यहीँ नमोवुद्धले जीवनदान गरेको मानिन्छ। प्रत्येक महिना पूर्णिमाका दिन भगवती स्थानमा मेला लाग्छ। कार्तिक पूर्णिमामा अझ ठूलो मेला लाग्छ। टाढाटाढावाट पनि यस मन्दिरमा दर्शनार्थी आउँछन्। गुभाजुका पुर्खा पहिले राजकुमारका पिता राजा महारथका मन्त्री थिए भनिन्छ। त्यस कारण मन्दिरको रेखदेख गुभाजुहरूले गर्दछन्। श्रद्धा, आस्था र विश्वासकी प्रतीकका रूपमा यी माई श्रद्धेय छन् ।

शचीतीर्थ त्रिवेणीघाट, (पनौती) काभ्रे

पनौती वजारको पूर्वी पुछारमा रहेको यो तीर्थ पद्मावती (पार्वती) लीलावती (पुण्यमाता) इन्द्रायणी (रोसी) को त्रिवेणीधामका रूपमा रहेको छ। पुण्यमती पुण्यमातावाटै पनौती नाम रहेको वुझिन्छ। यहाँ गौतम

ऋषि तपस्यारत थिए । आश्रममा उनकी पत्नी अहल्या निकै सुन्दरी थिइन् । इन्द्र सिकार खेल्न आउँदा अहल्याको रूप देखेर मुग्ध भई सहवास गरे । गौतम ऋषिले यो थाहा पाएर इन्द्रलाई शरीरभर योनि हुने सराप दिए । श्रापमोचनका लागि इन्द्रले महादेवको र शचीले पार्वतीको तपस्या गरे । पार्वती पुण्यमाता वनेर इन्द्रलाई श्रापमुक्त गर्न वगिन् । गुरु वृहस्पतिको श्रापअनुसार सुकेको निगालाको लठ्ठी लिएर इन्द्रले तीर्थ गरे । यहाँ आएपछि त्यसले पुनर्जीवन पाई हरियो भयो । इन्द्र पनि श्रापमुक्त भए । यो ठाउँ शचीले तपस्या गरी पुण्यमती (पार्वती) नदीलाई वगाउन सफल भएकीले यो पावन शचीतीर्थ वन्यो । यस त्रिवेणीधाममा प्रत्येक जेष्ठशुक्ल पूर्णिमामा मेला लाग्छ । प्रत्येक ६ वर्षमा पनि वृहत् मेला लाग्ने गर्दछ । यहाँ स्नान, ध्यान, जप, दान गर्नाले भुक्तिमुक्ति हुने कुरा पुराणादिमा लेखिएको छ ।

शचीतीर्थका अन्य देवमन्दिर, (पनौती) काभ्रे

पनौती त्रिवेणीघाटमा रहेका अन्य महत्त्वपूर्ण देवदेवी यस प्रकार छन् :

राधाकृष्ण मन्दिर : प्यागोडा शैलीको पूर्वाभिमुख मन्दिरभित्र कालो प्रस्तरको कृष्णमूर्ति छ । मूर्तिका दायाँवायाँ राधा र रुक्मिणीका प्रस्तरमूर्ति छन् । ने.सं. ७८४ को शिलापत्र छ । सामान्य गुठी छ । कृष्णाष्टमीमा मेला लाग्छ ।

वद्रीनारायण : लीलावतीको उत्तरकिनारमा पूर्वाभिमुख गुम्वज शैलीको मन्दिर छ । करिव एकसय वर्ष अगाडि वनेको यस मन्दिरमा सदा शेष नागले वेरिएका गरुडमाथि उभिएका, चारहात भएका वद्रीनारायणको शिलामूर्ति छ । यसका दायाँवायाँ सूर्य, चन्द्र, इन्द्र, अप्सरा, व्यास, कुवेर, लक्ष्मी, गणेश, भीमसेन आदिका मूर्ति छन् । यहाँ नित्यपूजा हुन्छ । अक्षय तृतीयाका दिन वेलसँग विवाह हुने चलन छ ।

शीतला, वत्सला : वद्रीनारायणको उत्तरमा शीतलामाईको मूर्ति छ । विफरको प्रकोप हुँदा यी माईको पूजा गर्दा साम्य हुन्छ भनिन्छ । यहीं वत्सलामाईसँगै गणेश र नारायणका मूर्ति पनि छन् ।

रामसीता र हनुमान : पद्मावतीको दक्षिणी किनारमा गुम्वज शैलीको मन्दिर छ । यसमा राम, सीता, हनुमान, लक्ष्मणका मूर्ति छन् । यहीं उत्तरवाहिनीमा ९ हाते ढुङ्गा छ । मर्ने वेलामा यहीं सुताइन्छ । लीलावती र पद्मावतीको मिलन छ । १२ वर्षे मेला यहीं लाग्छ । वासुकी नागको प्रतीकात्मक शिला पनि राखिएको छ ।

माधवनारायण : यहीँ पद्मावती नदीको दक्षिणकिनारमा माधवनारायणको मन्दिरका चार खम्वा छन्। लिच्छविकालीन मानिने ४ खम्वामा लक्ष्मीनारायण, सूर्यनारायण आदि कुँदिएका छन्। यहीँ गणेश तथा अन्य देवदेवी पनि छन्।

पञ्चमुखी महादेव र केदारनाथ : यहीँ पञ्चमुखी महादेवको शिवलिङ्ग छ। पद्मावती लीलावती मिसिएको स्थानमा गुम्वज शैलीको मन्दिर छ जसमा चतुर्मुखी महादेव छन्। यहीँ वसाहा पनि छ। यिनलाई केदारनाथ भनिन्छ।

सङ्कटनारायण : यहीँ शिलाको सङ्कटनारायणको मूर्ति छ। नारीजातिलाई प्रसववेदना हुँदा यस स्थानमा तेल चढाएमा सुखद रूपमा सन्तान पैदा हुने, जन्मेको सन्तान पनि निरोगी वन्ने स्थानीय धारणा छ।

अजम्वरीपाटी : यहाँ एक पाटी छ जसमा साधुसन्त आउँदा वस्ने गर्दछन्। यो पाटी कलात्मक पनि छ।

यसरी शचीतीर्थ वरपर अन्य मन्दिर पनि छन्। पावन तीर्थस्थलको रूपमा युगौँदेखि यसको महत्त्व रहँदै आएको छ।

शतरूद्रेश्वरशिवलिङ्ग, (शिवपुरी) काठमाडौं

काठमाडौं नगरदेखि ईशान वाग्द्वार शिवपुरी नजिक यो शिवलिङ्ग छ। मृगेन्द्रशिखरदेखि आएकी विश्वगङ्गा र जोटिलाको सङ्गममा नृसिंहतीर्थ वाग्द्वार छ। नृसिंहले ध्यान गर्दा शिवलिङ्ग प्रकट भई हिरण्यकशिपुलाई मार्न समर्थ वनाएको हो। सूर्यकेतु नामका राजाले राज्य गर्दा भएका दूषित कार्यको प्रायश्चित्त गर्न नृसिंहका आज्ञानुसार माघशुक्ल अष्टमीका दिन दर्शनपूजन गरी मुक्त भएको कथा छ। यस ठाउँको प्राचीन नाम मृगेन्द्रशिखर हो। विरूपाक्षले पनि यस तीर्थको सेवा गरेको पाइन्छ। नेपालका ६४ शिवलिङ्गमध्ये एक मानिन्छ र यसको महत्त्व हिमवत्खण्डमा पनि छ।

शम्भुनाथमन्दिर, (कर्चदहा) सप्तरी

शम्भु गाउँको कर्चदहामा यो मन्दिर छ। गुम्वज शैलीको यो मन्दिर १९९० सालपछि नै निर्माण भएको अनुमान हुन्छ। वैशाखभर जलहरी मेला लाग्छ। मन्दिरको गर्भगृहमा शिवलिङ्ग छ। यस शिवलिङ्गमा दुध तथा जल चढाइन्छ। यहाँको शिवलिङ्ग खम्वा आकारको छ। अलिअलि गरेर लिङ्ग बढ्दै छ भन्ने जनधारणा छ। यहाँ वरपर रहेका पुरातात्त्विक भग्नावशेषहरूले प्राचीन कालमा विकसित ठाउँ थियो भन्ने अनुमान सहज भए पनि वास्तविक पहिचान चाहिँ विशेष अध्ययनपछि मात्र गर्न सकिन्छ।

श्यामलेश्वरमहादेव, नुवाकोट

विदुरवाट त्रिशूलीतर्फ लाग्दा वाटोमा एक देवल छ। देवलका निर्माता श्यामलाल खजान्चीका नामवाट स्थापित भएकाले श्यामेश्वर भनिएको भनिन्छ। शाके १६२ मा उक्त देवल वनाइएको थियो। गुम्वज शैलीमा रचित उक्त देवलमा एक चतुर्मुखी शिवलिङ्ग, सूर्य, भैरवनाथ र देवीको मूर्ति पनि छ। यी तीनै मूर्ति १९ औं शताव्दीमा वनेका जस्ता लाग्छन्। देवलको सुरक्षा भएकै छ। शिवरात्रिमा यहाँ भजन, पूजाआजा हुन्छ। गुठी नभए पनि स्थानीय भक्तहरूले पुज्दै आएका छन्।

शालीनदी, (साँखु) काठमाडौं

स्कन्दपुराण केदारखण्डमा स्वस्थानी परमेश्वरीको कथा छ। नेपाली जनजीवनमा यस कथाको प्रभाव निकै छ। काठमाडौंको पूर्वी सीमानजिक साँखु क्षेत्रमा शालीनदी प्रवाहित छ। यहाँ माघमहिनामा स्नान, जप, तप, व्रत गर्नाले स्वस्थानी भगवती प्रसन्न हुन्छिन् भनिएको छ। चन्द्रावती यसै नदीमा पापले डुवेकी थिइन्, यसै नदीमा स्नान गरी स्वस्थानी व्रत गर्दा उनी सुखी, रोगमुक्त भएको कथा पाइन्छ। शङ्खदेवले शासन गरेको स्थल साँखु हो। पहिले यसलाई लावण्यदेश पनि भनिन्थ्यो। नवराजलाई हात्तीले फूलमाला पहिराई राजा वनाएको कथन छ। हरिहर (विष्णुशिव) यस नदीमा स्नान गर्दा प्रसन्न हुन्छन्, र सुखी वनाइदिन्छन् भन्ने जनश्रुति छ। त्यसैले यस नदीमा माघमहिनामा स्नान गरी स्वस्थानीको व्रत वस्ने चलन अहिले पनि छ। माघभर यहाँ मेला पनि लाग्दछ।

शिरस्थानमठ, (गमौडी) दैलेख

गमौडी गाउँमा छामगाडको किनारमा यो मठ छ। सतीदेवीको शिर पतन भई यस पीठको उत्पत्ति भएको भन्ने जनधारणा छ। यसको महत्त्व द्वितीय-तृतीय शताव्दीदेखि नै रहेको कुरा स्थानीय महन्तको भनाइ छ। यो मठ प्रचलित नेपाली शैलीमा नै रहेको छ। करिव ३० फिट अग्लो छ। शिरस्थान ज्वाला नै यहाँकी मुख्य आराध्यदेवी हुन्। वलिरहेको ज्वालालाई नै देवी मानिन्छ। यहाँ अन्य मूर्तिहरूमा दुई फिट अग्लो पत्थरको देवीमूर्ति, कालभैरव, वटुकभैरव, वालभैरवका पत्थरका मूर्ति पनि छन्। यस मठको सञ्चालन गर्न गुठियारहरू छन्। गुठी पनि छ र त्यसवाट नित्यपूजा, पर्वपूजा चलाइन्छ। भक्तहरू यस ठाउँमा पनि भक्तिपूर्वक दर्शन, पूजन गर्न जाने गर्दछन्।

शिलादेवी (शैलेश्वरी) डोटी

डोटीको सरदमुकाम शिलगढीमा यी देवीको मन्दिर रहेको छ। डोटी राज्य र जिल्लाकै प्रमुख इष्टदेवीका रूपमा यी देवीको प्रमुख स्थान रहेको छ। प्रत्येक वर्ष कार्तिक पूर्णिमाका दिन यस ठाउँमा भव्य मेला लाग्छ। स्कन्द महापुराणको मानसखण्डमा यी देवीको माहात्म्य छ। शैलेश्वरी माहात्म्य उमाकान्त भट्टद्वारा सम्पादित रूपमा छुट्टै प्रकाशित देखिन्छ। शिवपार्वती आपसमा हाँसखेल गरिरहेका वेला देवताहरू आए। लोकलज्जाले गर्दा पार्वतीले शिलारूप लिइन्। शिव र शक्ति दुवैको प्राधान्य हुँदा अर्धनारीश्वरका रूपमा पनि यी देवीको उपासना गरिन्छ। यहाँ देवीभागवत, सप्तशती, रुद्री, शिवपुराण आदि पारायण गरिन्छ। भारतवाट पनि कतिपय भक्तहरू तीर्थाटनमा यहाँ आई उपासना गर्ने गरेको पाइन्छ। कसैले स्थापना गरेको नभई स्वतः उत्पन्न देवीका रूपमा सवैले अर्चना गर्छन्।

पाँच-छ सय वर्ष अगाडि गाई चराउन लाँदा गाईले दुध चढाएको देखी यी देवीको शिला पत्ता लाग्यो र भट्ट व्राह्मणहरू पुजारी भए। अहिले पनि दुईदुई वर्षको पालो गरी भट्टहरूले नै पूजा गर्दै छन्। नित्यपूजाको प्रवन्ध छ। दर्शनार्थी भक्तहरूको घुइँचो लाग्छ। भगवतीवाट मनोकामना पूर्ण हुने कुरामा भक्तहरू विश्वास गर्छन्।

यो मन्दिर नेपाली शैलीमा दुई तला पारेर निर्मित छ। वरिपरि वगैँचा र पाटी छन्। मन्दिर पूर्वपश्चिम लम्वाकार छ। पूर्वाभिमुख छ। भजनकीर्तन, हवन गरी, भगवतीको दर्शन गर्ने प्रवन्ध छ। त्यस भेगकी सर्वमान्य देवीका रूपमा शैलेश्वरीको प्रभाव र अस्तित्व छ।

शिवपार्वती, (हातसिँजा) जुम्ला

हाटसिँजा गाउँमा यो मन्दिर छ। प्यागोडा शैलीको २ तले मन्दिर छ। शिवपार्वतीको अस्तित्व प्राचीन भए पनि मन्दिर यथासमय मर्मत हुँदै आएको छ। मन्दिरभित्र शिवलिङ्गको उच्च आकृति छ र खाल्टो परेको प्रस्तरकै पार्वतीको आकृति पनि छ। भित्र अन्य मूर्ति छैनन्। द्वारमा गणेशमूर्ति छ। स्वस्थानीमा वर्णित वृन्दाजालन्धरको कथा यहाँ जोडिन्छ। राजा जालन्धर पार्वतीको रूप हेर्न जाँदा वेहोस भए, विष्णुले वृन्दाको सतीत्व हरण गरे, शिवले जालन्धरलाई मारे। यसै वेला पार्वतीले शिवको आराधना गरी लिङ्ग स्थापना गरिन् र आफू पनि त्यहीँ रहिन्। पछि जालन्धर मरेपछि शिवपार्वतीको पूजा सवैले गर्न थाले भनिन्छ। यहाँ शिवपार्वतीलाई तीनटाउके सर्पले वेरेको हुन्थ्यो, पछि सर्प हरायो भनिन्छ। शिवपार्वती रहेको ठूलो ढुङ्गा निकाल्न खोज्दा सर्पैसर्प देखेर ढुङ्गा ननिकाली

त्यहीँ राखेको हो। उक्त ढुङ्गा कहिले कालो र कहिले रातो हुने गर्छ। ढुङ्गो कालो भएका वखत गाउँमा उत्पात मच्चिन्छ भनिन्छ। शिवरात्रिमा यहाँ मेला लाग्छ, पूजा हुन्छ। नित्यपूजा र गुठीको वन्दोवस्त नभए पनि भक्तहरूवाट श्रद्धाभाव यथासमय अर्पित गरिन्छ।

शिवमन्दिर, (नौलीगाउँ) बझाङ

चैनपुरवजारको पुछारमा नउली गाउँमा यो मन्दिर छ। शिवको अस्तित्व प्राचीन भए पनि वझाङी राजा गजराज सिंहले विं.सं १८०० मा यो मन्दिर वनाएका थिए भनिन्छ। प्यागोडा शैलीको यस मन्दिरमा प्रस्तरको शिवलिङ्ग साना वसाहा, घण्टा, त्रिशूल पनि छन्। गिरिहरूवाट नित्यपूजा हुन्छ, पर्वपूजा चाहिँ शिवरात्रि र वैशाख सङ्क्रान्तिमा हुने गर्दछ। वि.सं. १९१५ को सनदद्वारा यसको पूजाआजा चलाउन गुठीको प्रवन्ध छ। वैशाखसङ्क्रान्तिको मेलामा जाङदडी ठाउँवाट लिङ्गो ल्याएर भित्र्याउने, गाड्ने, पालैपालो पूजापाठ गर्ने र ड्यौडा खेल्ने चलन पनि छ।

योपुर दरवार अगाडि सेतीको तीरमा पनि शिवमन्दिर छ। यस मन्दिरभित्र प्रस्तरको शिवलिङ्ग छ। राजादेवी (?) जङ्गवहादुर सिंहले यो मन्दिर १९८१ सालमा वनाएको भनिन्छ। यहाँ नित्यपूजाको प्रवन्ध मिलाइएको छ।

शिवमन्दिर, (कलैया) बारा

कलैया नगरमा रहेको प्राचीन शिवमन्दिर भग्नावशेषका रूपमा छ। शिवको अस्तित्व प्राचीन भए पनि मन्दिर चाहिँ करिव डेढसय वर्ष अगाडि वनाइएको हो। १९३१ सालमा सरदार रत्नमान राजभण्डारीले चढाएको घण्टा अझै छ। यसै भग्नावशेषमा नयाँ शिव स्थापना भएको छ। चाडपर्वमा यथोचित पूजा यहाँ हुने गर्दछ।

शिवलिङ्ग, (आमागाउँ) रूपन्देही

आमागाउँमा एउटा अग्लो स्थान छ। यस ठाउँमा लुम्विनीका जस्तै ढुङ्गा छन्। यहाँ एउटा शिवलिङ्ग छ। शिवलिङ्ग प्राचीन रूपको छ। पैरसियाभन्दा दुई किलोमिटर पूर्वमा रहेको यसमा नित्यपूजा हुँदैन। शिवरात्रिका दिन चाहिँ पूजा हुन्छ। उत्खनन भए यो ठाउँ पनि प्राचीन महत्त्वको हुन सक्छ।

मसिना गाउँमा कमलेश्वर गोस्वामीको घरमा पनि शिवलिङ्ग छ। चार पुस्तादेखि पूजा गर्दै आएको छ। कलेजी रङको शिवलिङ्गको दिनको दुईपटक पूजा गरिन्छ। पूजाकोठा अन्य भक्तहरूलाई पनि खुला राखिएको छ।

निसुनपुरा गाउँमा पोखरीको डिलमा सानो मन्दिर छ। यसभित्र शिवलिङ्ग छ। सर्पले वेरी फणाले छत्रको काम गरेको छ। यहाँ अनेक त्रिशूल पनि छन्। घण्टा पनि छन्। पूर्वपट्टि पोखरी छ, जहाँ हाँस क्रीडा गर्छन्। असोजको एकादशीमा विशेष पूजा हुन्छ। यसको गुठी छ। नित्यपूजा हुन्छ।

सूर्यपुरा गाउँको कन्चन नदीपारी शिवमन्दिर छ। शिवको अस्तित्व प्राचीन भए पनि २०२० सालमा रामधारी अहिरले आफ्नै खर्चमा यो मन्दिर वनाएका थिए। मन्दिरभित्र शिवलिङ्ग छ। गणेश, हनुमान, कार्तिकेय, वसाह आदिका मूर्ति पनि राखिएका छन्। रामसीता वोकेका हनुमान, वाघमा आसीन भगवती, वावुआमा वोकेको श्रवणकुमारका अतिरिक्त नारद, धर्मराज, व्रह्मा र कृष्णका मूर्ति पनि छन्। यहाँ नित्यपूजा हुन्छ। शिवरात्रि र विजया दशमीमा मेला लाग्छ।

शिवमन्दिर, (गणेशपुर) स्याङ्जा

गणेशपुर गाउँको वूढीखोलाको छेउमा यो मन्दिर छ। यस मन्दिरको निर्माण १०८ धीर्ज गिरिवाट १९८३ वि.सं.मा भएको हो। शिवको अस्तित्व प्राचीन भए पनि मन्दिर पछिको हो। नेपाली शैलीको तीन तले मन्दिरभित्र कालो प्रस्तरको शिवलिङ्ग छ। नागको मूर्ति पनि छ। त्यहीँ शिवको चतुर्मुखी लिङ्ग पनि रहेको छ। चतुर्वाहु देवीको मूर्ति पनि छ। यहाँ नित्यपूजा र पर्वपूजा दुवै हुन्छ। शिवरात्रिमा ठूलो मेला लाग्छ। स्वदेश-विदेशवाट भक्तहरू आउने गर्छन्। मेलावाट उठेको रकम वैंकमा अक्षयकोषमा राखी नित्यपूजाको प्रवन्ध गरिएको छ।

जगत्रदेवी गाउँमा पनि शिवमन्दिर छ। शिखरशैलीको मन्दिरमा प्रस्तरको शिवलिङ्ग छ। यो निकै पुरानो मानिन्छ। मन्दिर निर्माण वि.सं. १८९० मा कप्तान वलराम कुँवरले गरेको देखिन्छ। यसको गुठी भए पनि मोहीले हडप गरेकाले सामान्य रूपमा भक्तहरूको सहयोगले पूजा चलेको छ। शिवरात्रिमा यहाँ मेला लाग्छ, भक्तहरू भक्तिभाव अर्पण गर्छन्।

शिवमन्दिर, (खलङ्गा) प्युठान

खलङ्गा गाउँको व्राह्मणटोलमा वि.सं. १९०७ मा जङ्गवहादुर राणाले आफ्नो वाजे रामसिंह कुँवरको सम्झनामा शिवमन्दिर वनाएको वुझिन्छ। पशुपतिमन्दिरजस्तै देखिन्छ। यसको जीर्णोद्धार यथासमय हुँदै आएको छ। यसको गुठी पनि छ। दैनिक पूजा पनि हुन्छ। पञ्चमुखी महादेवको मूर्ति निकै आकर्षक देखिन्छ। शिवरात्रि, तिज, वालाचतुर्दशीजस्ता पर्वमा यहाँ विशेष पूजा पनि हुने गर्दछ।

शिवमन्दिर, (वामीटक्सार) गुल्मी

वामीटक्सार गाउँमा रहेको यो मन्दिर १९१३ मा भाजुवीर नेवारद्वारा वनेको भन्ने कुरा धर्मपत्रवाट अवगत हुन्छ । मन्दिरभित्र शिवलिङ्ग छ । तले शैलीको मन्दिरको छानामा तामा प्रयोग भएको छ । टुँडाल सामान्य छन् । गर्भगृहमा शिलाको शिवलिङ्ग छ । वाहिर शिलाको वसाहा पनि छ । अन्य मूर्ति देखिँदैन । यस शिवलिङ्गका लागि वि.सं. १९१३ को लालमोहरअनुसार वमवहादुर र कृष्णवहादुर कुँवर र राणाले गुठी राखिदिएको देखिन्छ । नित्यपूजाको प्रवन्ध छ ।

शिवमन्दिर, (कैलाशभाँडौ) बाजुरा

कैलाशभाँडौको मौर्यगाउँमा वाईसे राजाकै पालामा यो मन्दिर थियो भनिन्छ र अहिले पनि छ । पुरानो मन्दिर भत्की २०१७ सालमा श्री नरसिंह गिरिको सक्रियतामा यसको पुनरुद्धार भएको छ । मन्दिरको दायाँ मालगाड (नदी) र वायाँ वूढीगङ्गा प्रवाहित भएकीले मन्दिर आकर्षक छ । मन्दिरभित्र शिवलिङ्ग छ । यहाँ शिवरात्रि, मकर तथा मेषसङ्क्रान्तिका दिन मेला लाग्छ । स्नानका लागि वढी भक्तहरू आउँछन् । शिवको दर्शन पनि गर्दछन् ।

शिवराममन्दिर, (दिङला) भोजपुर

दिङला वजारमा रहेका मन्दिरमध्ये यो मन्दिर निकै प्रसिद्ध छ । यो मन्दिर वालव्रह्मचारी षडानन्दले वि.सं. १९५६ मा निर्माण गराएको देखिन्छ । गुम्वज शैलीको यस मन्दिरमा भित्र दुई कोठा छन् एउटामा राममूर्ति छ भने अर्कोमा शिवलिङ्ग । अन्य मूर्तिमा सीता, लक्ष्मण, गणेश, शिवपार्वती, लक्ष्मीनारायण, गरुड, छत्रचण्डेश्वर, लक्ष्मी र हनुमानका शिलामूर्ति पनि छन् । अर्को कोठामा चाहिँ विष्णु, कीर्तिमुखभैरव, कालभैरव र गणेशका शिलामूर्ति छन् । यसको सञ्चालनार्थ खडानन्द गुठी छ । यसवाट पूजाआजा चलेको छ । रामनवमी, वालाचतुर्दशी वडादसैँजस्ता पर्वमा यहाँ भक्तहरू वढी आउने गर्छन् ।

शिवमन्दिर, (चतरामठ) सुनसरी

चतरामठअन्तर्गत गुम्वज शैलीको शिवमन्दिर छ । पूर्वतर्फ फर्केको यस मन्दिरमा शिवलिङ्ग छ । प्रस्तरको शिवलिङ्गमा पित्तलको ढकनी छ । तामाको नागले छाताको काम गरेको छ । पश्चिमपट्टि अन्य देवदेवीका मूर्ति पनि छन् । यसभित्रका देवदेवी र शिवलिङ्ग प्राचीन कालदेखि नै रहेको विश्वास गरिन्छ ।

शिवमन्दिर, (घटालडाँडा) डडेलधुरा

घटालडाँडाकै फेदीमा यो मन्दिर छ। यहाँ प्राचीन कालमा ३३ कोटि देवता आई शिवको स्तुति गरेका, शिव प्रकट भएका र त्यसै वेला लिङ्गमा परिणत भएका भन्ने जनश्रुति पाइन्छ। उत्पत्ति विषयको अर्को जनश्रुति छ– मध्यकालमा मडाई जातकी एक नारीले वारीमा मल हाल्न डोको खन्याउँदा शिवलिङ्ग देखिन्, डोकोले छोपिन् र घर आई पतिलाई भनिन्। त्यसपछि सवै भेला भई मन्दिर वनाई पूजाआजाको प्रवन्ध गरे। मन्दिरको आकारप्रकार हेर्दा करिव ६०० वर्ष अगाडिको जस्तो देखिन्छ। प्रचलित नेपाली शैली र शिखर शैलीको मिश्रणले वनेको अनुभव हुन्छ। भित्रको शिवलिङ्ग पुजारीवाहेक अरूले हेर्न मिल्दैन। भक्तहरू मन्दिरको दर्शन गरी फर्कन्छन्। वाहिरपट्टि अरू देवदेवीका मूर्ति पनि छन्। यहाँ नित्यपूजा हुन्छ। पर्वपूजा नवरात्रिमा हुने गर्दछ। शिवलाई दुध र चामलले मात्र अर्चना गरिन्छ। शिवपूजा गर्न घटालदेवताको अनुमति मानसिक रूपले लिनुपर्छ। घटालदेवता द्वारपाल मानिन्छन्। घटालस्थानको भोग चढाउन चाहेमा शिवमन्दिरको पूजा सकेर मात्र चढाउनुपर्ने विधान र जनधारणा छ। त्यस कारण यी शिव र घटालदेवतावीच परस्पर सम्वन्ध छ।

शिवघाट, (नारायणी) चितवन

नारायणगढदेखि दक्षिणपश्चिममा शिवघाट छ। पाल्पाली राजा मुकुन्द सेनले देवघाटदेखि त्रिवेणीधामसम्म एकादश रुद्रको स्थापना गर्दा यहाँ शिवको स्थापना गरेका कारण यो शिवघाट वनेको हो भनिन्छ। यहाँका प्राचीन मूर्तिमध्ये मुकुन्देश्वर महादेव प्राचीन मानिन्छन्। विल्व वृक्षका फेदमा यो शिला खुला रूपमा छ। त्यहीँ पशुपति पनि स्थापना भएको छ। त्यहीँ सीताराम मन्दिर पनि छ। यहाँ अहिले पनि अनेक देवमूर्तिको स्थापना हुँदै छ। शिवरात्रिका अवसरमा यहाँ ठूलो मेला लाग्छ र पूजापाठ, जपतप गरिन्छ।

शिवपाञ्चायन मन्दिर, (शिवनगर) चितवन

चितवनको शिवनगरमा शिवपाञ्चायन मन्दिर रहेको छ। मन्दिर निकै सुन्दर छ। मन्दिरमा शिवमूर्ति, डमरु, त्रिशूल, वसाहाको मूर्ति आदि छन्। भगवती, विष्णु, सूर्य, गणेश आदिका मूर्ति पनि छन्। यस क्षेत्रमा अरू पनि ससाना मन्दिर थपिँदै छन्। यस स्थानको प्राचीन महत्त्व छ र देवताको गरिमामय स्थान छ। स्थापना र सञ्चालनको इतिहास भने त्यति लामो देखिँदैन।

शिवमन्दिर, (पुरुम्बा) ताप्लेजुङ

यो मन्दिर पुरुम्वा गाउँको मितलुङमा छ। परम्परागत रूपमा पूजा हुँदै आएको छ। यहाँ शिवलिङ्ग स्थापित हुँदा शिवमन्दिर भनिएको देखिन्छ। प्यागोडा शैलीमा निर्मित यस मन्दिरभित्र गणेश, शिव, सूर्य, विष्णु र लक्ष्मीका प्रस्तरमूर्तिहरू पनि छन्। नित्यपूजा, रुद्रीपाठ हुन्छ। शिवरात्रिमा मेला लाग्छ। यसका लागि गुठीको प्रवन्ध पनि छ। जात्रामा सङ्गिनी, वालन खेल्ने, धुनी जगाउने, जाग्राम वस्नेजस्ता प्रक्रियाद्वारा शिवाराधना गरिन्छ।

शिवगढी शिवालय, कपिलवस्तु

शिवगढी गाउँमा यो गढी छ। अग्लो डाँडाको शिखरमा यो गढी छ। गढीको चारैतिर जङ्गल छ। यस गढीवाट दाङ, कृष्णनगर, वाँकेका केही भाग देख्न सकिन्छ। स्थानीय जनताअनुसार यो गढी झन्डै ३५० वर्ष अगाडि वनेको हो। गढीको बीचमा शिवालय छ। गुम्वज शैलीमा निर्मित यस मन्दिरभित्र शिवलिङ्ग छ। शिवरात्रिमा यहाँ मेला लाग्छ। अनेक घण्टा चढाइएका छन्। विहान पूजा हुन्छ। मेलाकै आमदानीवाट पूजा चलाइन्छ। प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले पनि यो स्थल रमणीय छ।

शिवमन्दिर, (खनियाघाट) पर्वत

यो मन्दिर नाग्लिवाङ गाउँको खनियाघाटमा छ। शिवको अस्तित्व प्राचीन भए पनि मन्दिर निर्माण चाहिँ वि.सं. १८८५ मा शुकदेव पत्नी पद्मावतीले गरेको कुरा लालमोहरवाट स्पष्ट हुन्छ। प्यागोडा शैलीमा निर्मित यस मन्दिरमा शिवलिङ्ग छ। अन्य मूर्तिमा गणेश, भगवती, छायाँ र सन्ध्याका साथ सूर्यमूर्ति पनि छ। नारायण तथा भैरवमूर्ति पनि छन्। गुठियार पनि छन्। उनीहरूवाट नित्य तथा पर्वपूजाको प्रवन्ध गर्दै आएका छन्। मन्दिर काष्ठकलाले सजिएको छ।

शिवजीमन्दिर, धनकुटा

धनकुटा नगरको वीचवजारमै यो मन्दिर छ। यहाँका घण्टीहरूले एक सय वर्ष अगाडि देखाए पनि झन्डै २०० वर्ष अगाडि नै निर्मित भएको अनुमान हुन्छ। शिखर शैलीको यस मन्दिरभित्र शिवलिङ्ग, पार्वती, वसाहाका प्रतीक मूर्तिहरू छन्। भक्तहरूको श्रद्धामा यहाँ पूजा हुन्छ। शिवरात्रिमा यहाँ भक्तहरू वढी आउँने गर्छन्। श्रद्धा र भक्ति अर्पण गर्दछन्।

शिवमन्दिर, (लेगुवा) धनकुटा

लेगुवा गाउँमा यो मन्दिर छ। काजीमान लिम्वुले झन्डै अढाई सय वर्ष अगाडि मन्दिर वनाई स्थापना गरेको जानकारी मिल्छ। यस मन्दिरमा शिवलिङ्ग र अन्य मूर्तिहरू स्थापना गरिएका छन्। गुठी व्यवस्था नभएकाले भक्तहरूकै श्रद्धामा यहाँ पूजा चल्दै आएको छ।

शिवमन्दिर, (पुरेनवा) रौतहट

पुरेनवा गाउँकै माधवपुरीनजिक सेती नदीको तीरमा यो मन्दिर छ। करिव अढाई सय वर्ष पुरानो मानिने यो मन्दिर शिखर शैलीमा छ। मन्दिरभित्र शिवलिङ्ग छ। यिनलाई पशुपतिनाथ मानी भक्तहरू उपासना र भक्ति गर्दछन्। नित्यपूजा हुन्छ।

शिवमन्दिर, (मौदुवा) धनुषा

जनकपुरको मौदुवा गा.वि.स.मा १९०८ मा पारथ गिरिले निर्माण गराएको यस मन्दिरमा शिव र पार्वतीको मूर्ति छ। दक्षिणतर्फ एक इनार र उत्तरतर्फ पोखरी पनि छ। यहाँ नित्यपूजाको प्रवन्ध छ। यसको प्राचीन महत्त्व अज्ञात छ।

शिवालय, गुल्मी

यो दरवार देवीस्थान गुल्मेली राजाको मूल थलो मानिन्छ। यस स्थानको नामकरण पनि त्यसै आधारमा भएको छ। राजदरवार उत्तर करिव ५० फिटको दूरीमा शिवालय छ। जसमा रहेको पञ्चपात्रोमा उत्कीर्ण संवत् ६२४ ले यसको प्राचीनता स्पष्ट गर्छ। त्यस वेला गुल्मीतर हिजरी संवत् चलेको अनुमान गर्दा वि.सं. १३०३ हुन आउँछ। शिवालय मन्दिरमा कुँदिएका रामको परिवार, पाण्डवहरूको परिवारले पुरातात्त्विक, सांस्कृतिक महत्त्व देखाउँछन्। मन्दिरको गर्भगृहमा जलहरिसहित साधारण शिवलिङ्ग छ। गणेश, वालगोपाल, र देवीका ससाना मूर्तिहरू पनि छन्। यहाँ नेवार पूजारीहरू छन्। अभिलेख पनि छ तर पढ्न कठिन छ। पढ्न सके नेपाली भाषाको विकासको अध्ययनमा पनि सहयोग पुग्ने देखिन्छ। त्यस भेगका सांस्कृतिक स्थलहरूमा यसको उच्च स्थान रहेको छ। यहाँ नित्यपूजा हुन्छ। शिवरात्रि, वालाचतुर्दशीलगायत अन्य पर्वहरूमा भक्तहरू वढी आई श्रद्धाभक्ति व्यक्त गर्दछन्।

शिवालय, (खलङ्गा) जाजरकोट

खलङ्गा गाउँमा भेरी नदीको तीरमा ३ शिवालय छन्। वि.सं. १९०० तिर राजा दीपनारायणले नै निर्माण गराएको भनिन्छ। शिवालय गुम्वज शैलीमा छन्। मन्दिरभित्र १ फिटदेखि डेढ फिटसम्मका शिवलिङ्ग छन्। पत्थरका गणेश, भगवती, कुमार, विष्णुका मूर्ति पनि छन्। वाहिर भैरव पनि छन्, वसाह र त्रिशूल छन्। जाजरकोटे राजाले यस ठाउँको जमिन रैकर गरेका छन्। उनीहरूवाटै पूजासामान सङ्कलन गरी शिवरात्रि, वालाचतुर्दशी आदिमा पूजाको प्रवन्ध छ। यस्तो कलात्मक धार्मिक स्थलको सुरक्षाको आवश्यकता पनि छ।

शिवालय, (भँगेरी) रामेछाप

भँगेरी गाउँमा यो शिवालय छ। यसमा १९८९ सालमा चढाइएको घण्टा छ। झन्डै सय वर्ष अगाडि तुसलीदास श्रेष्ठले यस शिवालयको निर्माण गरेका हुन् भनिन्छ। नेपाली तले शैलीमा निर्मित शिवालयवाहिरपट्टि वसाहा, त्रिशूल आदि छन्। भित्रपट्टि शिव स्थापना भएका छन्। सामान्य गुठी छ। गुठियार पनि छन्। उनीहरूकै रेखदेखमा यो शिवालय सञ्चालित छ। शिवरात्रि, वालाचतुर्दशी आदिमा भक्तहरू आउने गर्दछन्। अघिपछि सामान्य पूजा हुन्छ।

शिवालय, (विजयेश्वरी) रूकुम

विजयेश्वरी गाउँको लापुले भन्ने ठाउँमा शिवालय छ। ढुङ्गैढुङ्गाले शिखर शैलीमा मन्दिर निर्मित छ। मन्दिरको चार सुरमा ढुङ्गाका कलात्मक वुट्टा पनि छन्। मन्दिरभित्र काला प्रस्तरले वनेको शिवलिङ्ग छ। शिवलिङ्ग हेर्दा झन्डै चार सय वर्षपूर्वको पुरानोजस्तो देखिन्छ। जनश्रुतिअनुसार कुनै भोटेले शिवालय निर्माण गरेको हो। नित्यपूजा हुँदैन। शिवरात्रिमा मेला लाग्छ। यस वेला टाढाटाढावाट मानिसहरू आउँछन्। नाचगान गर्ने, वालन खेल्ने चलन छ। आफ्नो चाहना पूर्ण होस् भनी प्रार्थना गर्छन्।

शिवालय, (लोहाम) सल्यान

सल्यानको लोहाम गाउँमा शिवालय छ। १९६८ सालमा चढाइएको घण्टा त्यहाँ रहेकाले त्यसभन्दा अगाडि अस्तित्व रहेको प्रमाणित हुन्छ। शिवालय गुम्वज शैलीमा छ। शिवालयभित्र अढाई फिट अग्लो, ८ इन्चजति मोटो, कालो, चिप्लो पत्थरको शिवलिङ्ग स्थापित छ। शिवालयअगाडि पत्थरका दुई वसाहा पनि छन्। त्यहीँ एक पाटी पनि छ। यहाँ शिवरात्रि, वालाचतुर्दशीजस्ता पर्वमा मानिसहरू भक्तिभाव प्रकट गर्दछन्।

शिवालय, (विजयनगर) प्युठान

विजयनगर गाउँमा हिक्मतेश्वर महादेव र गोपालमन्दिर छ। शिव र गोपालको अस्तित्व प्राचीन भए पनि १९९५ सालमा मन्दिर निर्माण भएको वुझिन्छ। प्यागोडा शैलीमा महादेवको र शिखर शैलीमा गोपालको मन्दिर छ। मन्दिरभित्र शिवलिङ्ग, गोपालमूर्ति रहेका छन्। वसाहा, महिषमर्दिनी भगवतीका मूर्ति पनि राखिएका छन्। शिवरात्रि, कृष्णाष्टमीमा यहाँ मेला लाग्छ। भाइटीका पछिको पञ्चमीमा पनि मेला लाग्छ।

शीतलपाटी, (खाल्टे) सिन्धुली

शीतलपाटी गाउँको खाल्टेमा यो पाटी छ। वि.सं. १८७० मा सरदार डम्वरवहादुर थापाले यो पाटी वनाएका थिए भनिन्छ। विश्राम गर्न र पानी पिउनका निम्ति अरू दुई पाटी पनि छन्। पानी पिउने पाटीमा घ्याम्पो र तामाको भारी अम्खोरा पनि राखिएको छ। वटुवाले निर्धक्क पानी पिउन पाउने र विश्राम गर्न पाउने हुँदा यसलाई शीतलपाटी भनिएको हुन सक्छ। प्रत्येक दिन घ्याम्पोमा पानी भर्ने प्रवन्ध छ। तराई क्षेत्रवाट जाने र पलान्चोकतिरवाट तराई झर्ने वाटोमा पर्ने हुँदा यात्रीहरूलाई यसले आराम दिन्छ। यसको मर्मतसम्भार निर्माणकर्ताका सन्ततिवाट हुँदै आएको छ।

श्रीथानीथान, (बेलहारा) धनकुटा

वेलहारा गाउँमा यो थान छ। परम्परागत रूपमा पुजिँदै आए पनि प्राचीनता स्पष्ट हुँदैन। थानीको प्रतीक गोलो ढिस्को छ, त्यसमाथि फलामको त्रिशूल छ। छत्र छन्, तिनमा चँदुवा छ। चौघेरा लगाइएको स्थान छ। पूजाविधिअनुसार वैशाखपूर्णिमामा अन्डा, चल्ला र कुखुरा चढाइन्छ। औँसी, एकादशीवाहेक अन्य दिनमा भाकलअनुसार पूजा हुन्छ। गुठी नहुँदा चन्दा उठाएर पूजा चलाइएको छ।

श्रीपञ्चमी (धनकुटा) मन्दिर

धनकुटा नगरमा रहेको यो मन्दिर १९१३ सालमा वसन्त राईले निर्माण गरेको मानिन्छ। पछि मर्मत हुँदै गएको देखिन्छ। नेपाली शैलीमा निर्मित यस मन्दिरमा केही मूर्तिहरू रहेका छन्। प्राकृतिक शिला पनि छन्। वैशाखको पहिलो वुधवार र भदौको वुधवार पारी सुँगुरको पाठो वलिदिनुपर्ने र कुखुराको चल्लो चढाउनुपर्ने विधान छ। कार्तिकपूर्णिमामा पनि यहाँ पूजा गरिन्छ। अघिपछि भाकलअनुसार सर्वसाधारणले पूजा गर्न सक्छन्। व्यक्तिगत र त्यहाँका गुठियारवाट रकम उठाई कार्य सम्पन्न हुन्छ। श्रीपञ्चमी भनेर नाम किन रहयो ? यथार्थ खुल्दैन।

शृङ्गीआश्रम, ललितपुर

भक्तपुर र ललितपुरको सिमाना लामाटार गोदावरीदेखि पूर्व विशङ्खुनारायणदेखि उत्तर, फुलचोकीदेखि पश्चिम यस सीमाभित्र अनेक गाउँ छन्। शृङ्गी ऋषिको आश्रमवाट सिस्नेरी भएको भनिन्छ। पाल्ले वनको गैरा भन्ने ठाउँमा ५०/६० जना अट्ने गुफा छ। यसै गुफामा शृङ्गी ऋषि वस्थे रे। उनले गाई पालेका थिए। गउँतवाट गोमती नदी वनिन्, सिँगौरी खेल्दा शृङ्गमती वगिन्। गोमती र शृङ्गमतीको दोभान

लामाटारमाथि शिवमन्दिर छ। वसिष्ठ ऋषिको आग्रहमा पुत्रेष्टि यज्ञका निम्ति दशरथ राजासमक्ष अयोध्यामा शृङ्गी ऋषि गएको चर्चा रामायणमा पाइन्छ। यहीँ वसोवास गर्ने ऋषि गएका हुन् कि भन्ने स्थानीय वासिन्दाको धारणा छ। शृङ्गमती खोलो सुँगुरेमा र गोमती नदी सिस्नेरी खोलो वनेको छ। वदलिँदो समयप्रवाहमा नाम वदलिँदै गएको छ। प्राचीन स्तोत्र र सङ्कल्पहरूमा यस ठाउँलाई चिनाउन– "इह पुण्य भूमौ नेपाल स्वदेशे पशुपति वागमती गुह्यकाल्यादि आग्नेय दिग्भागे गोमती शृङ्गमती निकटे फुलचोकी पादचरणे ढिकस्पा फेदी लामाटाराख्य ब्रह्मपुरी ग्रामस्थाने" भन्ने उल्लेख पाइन्छ। यसै आधारमा पनि यस ठाउँलाई शृङ्गी ऋषिको आश्रम भनेर ठम्याउन सकिन्छ।

शेरेश्वरमहादेव, (शोभागाउँ) रूकुम

शोभागाउँमा शेरेश्वर महादेवको मन्दिर छ। देव शमशेरकी कान्छी रानी कर्मकुमारीले आफ्ना वावु शेरजङ्ग शाहीका स्मृतिमा यी महादेवको स्थापना गरी मन्दिर पनि वनाएकी थिइन् भनिन्छ। शेरजङ्गको तानसेन टोलमा मृत्यु भएथ्यो। शिखर शैलीको दक्षिणाभिमुख मन्दिरभित्र शिवलिङ्ग छ। अन्य देवदेवीका मूर्ति पनि छन्। भक्तहरू इच्छानुकूल दर्शन गर्दछन्। गणेश, भैरवका अन्य आकर्षक मूर्ति पनि छन्। घण्टाहरूवाट माथि भनिएको कुरामा पुष्टि मिल्छ। नित्यपूजा पनि हुन्छ। शिवरात्रिमा मेला लाग्छ र पर्वपूजा पनि हुन्छ।

शेषनारायण, (धुलिखेल) काभ्रे

धुलिखेल वजारको मध्यभाग डुटोलमा शेषनारायण छन्। पृथ्वी जलामय हुँदा शेषनागलाई श या वनाई रहेका हुनाले विष्णुलाई शेषनारायण भनिएको पौराणिक कथन छ। सोही प्रतीकका रूपमा यी नारायणको स्थापना गरिएको हो। पृथ्वीनारायणले यहाँ पूजाआजा रीतिथिति वाँधेको देखिन्छ। प्यागोडा शैलीको मन्दिरमा शेषनारायणको मूर्ति छ। केही शिलालेख पनि छन्। कृष्ण, लक्ष्मी आदिका मूर्ति पनि छन्। गुठी भएकाले नित्यपूजा हुन्छ। रामनवमी, कृष्णाष्टमी आदिमा विशेष जमघट पनि हुन्छ। जनताको भक्ति र आस्था नारायणप्रति रहेको छ।

श्वेतभैरव, (श्रीखण्डपुर) काभ्रे

श्रीखण्डपुर वजारको उत्तरी सिरानमा यो मन्दिर छ। झन्डै ३०० वर्ष अगाडिको मानिने यस मन्दिरको मर्मत यथासमय हुँदै आएको छ। प्रवेशद्वारमा शिलाका सिंह छन्। मन्दिरभित्र केही गहिरो भागमा प्रतीकात्मक श्वेतभैरवको मूर्ति छ। वज्राचार्यवाट यहीँ नित्यपूजा गरिन्छ। असारमा यहाँ पञ्चवलि पनि दिइन्छ। चैत्रमसान्तमा लिङ्गो ठड्याएर जात्रा गर्ने चलन पनि छ।

शेषनारायण, (फर्पिङ) काठमाडौं

काठमाडौं फर्पिङमा शेषनारायण अवस्थित छन्। राजा भीमार्जुनदेवले गोपालेश्वर महादेववाट भएको स्वप्नादेशअनुसार कलिगत ३८९८ मा फर्पिङ सहर वसाए। नारायण पहिलेदेखि रहे पनि वाणासुर युद्धमा कृष्ण-प्रद्युम्न काठमाडौं आउँदा प्रद्युम्नले चतुर्भुजी विष्णुमूर्तिको स्थापना यहाँ गरे। त्यसपछि राजा हरिसिंहलाई सपनामा दर्शन हुँदा शेषनारायणलाई प्रख्यात गराई लक्ष्मी, कामधेनु, वासुकीदहसमेतका भगवान्लाई नित्यपूजा गराउने प्रवन्ध भएको पाइन्छ। यहाँ कार्तिकशुक्ल एकादशीमा विशेष मेला लाग्छ।

यसलाई शिखरनारायण पनि भनिन्छ। देवमाला वंशावलीमा शिखरनारायण नामले नै सङ्क्षिप्त चर्चा गरिएको भए पनि हिजोआज शेषनारायणवाट नै प्रसिद्ध रहेको देखिन्छ। दक्षिणकाली जाँदा वाटैमा पहाडको भित्तामा नारायणको स्थान रहेको छ।

शैलेषपिढिया, (गोस्पार) सप्तरी

गोस्पार गाउँको उत्तरतर्फ चुरे पहाडको खोचवाट नागवेली आकारमा वगेकी कढिया नदी तरेर करिव ५ किलोमिटर पर पहाडको शिखरमा शैलेशपिढिया छ। वलौटे ढुङ्गाका लम्वाइचौडाइ मिलेका पीढा (पिर्का) छन्। यस भेगका प्राचीन कालका प्रतापी राजा शैलेशको फूलवारी यतै छ। जाँदाआउँदा उनी यहाँ विश्राम गर्थे भनिन्छ। घाँसेदाउरे तथा अन्य व्यक्तिहरू यसलाई पावन धार्मिक स्थल मानेर पूजा गर्छन्, प्रणाम गर्छन्। यहाँ रहेका प्राचीन सामग्रीलाई शैलेशपिढिया भन्दछन्। पुरातात्त्विकभन्दा पनि यस स्थलको धार्मिक महत्त्व रहेको पाइन्छ। यस भेगमा योभन्दा वाहेक अर्को दर्शनीय स्थल देखिँदैन। वरपरका मानिसहरू पावन धार्मिक स्थल मानेर पूजा तथा दर्शनका लागि आउने गर्दछन्।

श्लेष्मान्तक, (मृगस्थली) काठमाडौं

काठमाडौंको मृगस्थलीलाई श्लेष्मान्तक वन पनि भनिन्छ। हिमवत्खण्ड अध्याय ७१ मा पशुपतिको कृपाले नागको शरीरवाट यो वन उत्पत्ति भएको वताइएको छ। कश्यपका सन्तान श्लेष्मान्तक नामका नाग गरुडसँगको झगडामा हार खाएर सिद्धारण्यमा आई शिवपार्वतीको तपस्या गर्न थाले। तपस्यावाट प्रसन्न भएका शिवले सिद्धारण्य पनि अवदेखि श्लेष्मान्तक नामले चिनिनेछ भने। यो वन निकै पवित्र भएकाले देवताहरूको पनि तपोभूमि र विहार गर्ने केन्द्र वनेको तथ्यमा पनि प्रकाश पारिएको छ। श्लेष्म भनेको कफ नाश गर्ने लौसी हो र लौसी धेरै भएको जङ्गल भएकाले पनि श्लेषमान्तक भनिएको हो भन्ने जनधारणा पनि पाइन्छ। पाशुपत क्षेत्रका नजिक रहेको यो वन पौराणिक महत्त्वको हो भन्ने कुरामा सन्देह छैन।

शोभाभगवती, (स्वयम्भू) काठमाडौं

द्वापर युग समाप्त भएपछि कलियुग प्रारम्भ भयो। कलि युगले पनि करिव हजार वर्ष पार गरेपछि राजा विक्रमकेशरकी रानी नवसागरसमक्ष कुशल कालिगढले भगवतीको मूर्ति वनाई चढायो। श्रीविष्णुमती र भद्रमतीका दोभानमा यो मूर्ति विधिवत् स्थापना गरियो। पछि राजा शङ्करदेवले ६६४ सालमा जीर्णोद्धार गरी पुन स्थापना गरे। पछि समयसमयमा भक्तहरूले यसको उद्धार, मर्मत गर्दै गए। शोभाभगवतीमा नवरात्र, शनिवार तथा अन्य पर्वहरूमा भक्तहरू आआफ्ना कामना र चाहना लिएर दर्शनार्थ जाने गर्छन्।

पलान्चोकभगवती, नक्सालभगवती र शोभाभगवती एउटै कालिगढले वनाएको भन्ने जनधारणा छ। पलान्चोकभगवतीको दिव्य मूर्ति दाहिने हातले वनाएपछि अर्को यस्तै मूर्ति नवनोस् भनेर दाहिने हात काटियो। देब्रे हातले नक्सालभगवतीको मूर्ति वनायो। त्यसपछि देब्रे हात पनि काटियो। त्यसपछि गोडाले कुँदेर शोभाभगवतीको मूर्ति तयार भएको श्रुतिपरम्परा छ।

यसरी यस्ता भव्य मूर्ति तयार गर्ने कालिगढ विश्वकर्माकै अवतार थियो कि ? देवीको मूर्ति र तान्त्रिक विधिले भक्तहरूको मनोवाञ्छा पूरा हुने कुरा छँदै छ। त्यसका अतिरिक्त मूर्तिकलाको दिव्य रूप पनि स्पष्ट देखिन्छ।

हटियाबूढा भीमसेन, काभ्रे

डराउने पोखरीको तल्लो हटियामा यो मन्दिर छ। करिव ३०० वर्ष पुरानो मानिने यसमा कुनै ढुङ्गामा भीमसेन कुँद्ने भन्ने चाहनाले ढुङ्गो राख्ता भीमसेन आफैं प्रकट भएकाले वूढाभीमसेन भनी पूजा गर्न थालिएको जनश्रुति छ। पूर्वाभिमुख भीमसेनको मूर्ति पनि छ। यहीं नासलदेवता पनि छन्। मंसिरपूर्णिमामा यहाँ मेला लाग्छ। भीमयात्रा पनि हुन्छ। दसैंको फूलपातिका दिन निकै ठूलो सङ्ख्यामा पशुवलि चढाइन्छ। प्राचीन महत्त्वको यो भीमसेन स्थान अहिले पनि सवैको श्रद्धा र विश्वासको केन्द्र मानिन्छ।

हतुवागढी, (रानीवास) भोजपुर

रानीवास गाउँमा यो गढी रहेको छ। समुद्री सतहवाट करिव ७००० फिटको उचाइमा यो स्थान पर्दछ। राजा अटलसिंह राईले यो गढी निर्माण गरेथे भनिन्छ। अढाई रोपनी जग्गामा यो गढी विस्तृत छ। शत्रुहरू प्रवेश गर्न नसकून् भनी चारैतिर खाल्डो वनाइएको छ। पूर्वपट्टि र पश्चिमपट्टि सुरक्षा चौकी राखिएको थियो भनिन्छ। अहिले चौकीका जग मात्र छन्। उत्तरतर्फ वलिदिने मौलो (कोत) छ। यसभन्दा पनि उत्तरतिर

अटलसिंह राई (राजा) को दरवार थियो रे। अहिले पनि केही भग्नावशेषहरू छन्। यसै गढीको पूर्वपट्टि भविष्यवक्ता पोखरी छ। घोडा दौडाउने चौर पनि छ। त्यस चौरमा ठूलो ढुङ्गो छ। यसै ढुङ्गामा राजा वसेर घोडादौड हेर्थे भनिन्छ। भविष्यवक्ता पोखरीको पनि भविष्य वताएको किंवदन्ती छ। यस गढीको अध्ययन अनुसन्धानवाट किराँत राजाको इतिहास पत्ता लगाउन सघाउ पुग्दछ।

हनुमान, (हनुमानढोका) काठमाडौं

नेपाल संवत् ७७० मा प्रताप मल्लले आफ्नो कान्तिपुर दरवारको ढोकामा सुनका पाताले छाई संरक्षकको रूपमा हनुमान स्थापना गरेका थिए। यी हनुमान सुषुप्त रूपमा छन्। म जाग्रत गर्छु भनी तन्त्रगुरु लम्वकर्ण भट्ट पुरश्चरणमा वसे। नभन्दै पुरश्चरण सकिएपछि हनुमानले मुख वाए। भट्टले लड्डु मुखमा हालिदिए। हनुमानले लड्डु चपाएको त्यहाँ रहेका सवैले देखे। यस्ता साक्षात् हनुमान हुन् भनी देवमाला वंशावलीमा लेखिएको छ। अहिले पनि यहाँ संरक्षक वनेर हुनमान रहेको प्रत्यक्ष देखिन्छ।

हनुमानगढी, (जनकपुरधाम) धनुषा

जहाँ राम छन् त्यहाँ हनुमान रहन्छन्। रामजानकीको प्रिय स्थल जनकपुरमा हनुमानगढी हुनु स्वाभाविक छ। जानकीमन्दिरको निर्माण समाप्त भएपछि टिकमगढवाट जानकीमन्दिरमा स्थापनार्थ हनुमानको मूर्ति ल्याइएको थियो। हालको हनुमानगढमा ल्याइपुऱ्याउँदा "यो स्थान हनुमानगढ हो, म यहीँ वस्दछु, मलाई यहीँ राख" भनी हनुमानले सपनामा भनेकाले र अगाडि लैजान खोज्दा लैजान नसकिएकाले हनुमानको मूर्ति त्यहीँ स्थापना भएको जनधारणा छ। वि.सं.१९५२ तिर यो मूर्ति स्थापना भएको वुझिन्छ।

स्थानीय वासिन्दाका अनुसार टिकमगढकै राजाले इँटा, ढुङ्गा र सुर्कीवाट गुम्वज शैलीको मन्दिर निर्माण गरी हनुमानको स्थापना गरेथे। १९९१ सालको भूकम्पवाट क्षतिग्रस्त हुँदा स्थानीय वासिन्दा र महन्तसमेतको अनुरोधमा सरकारले पुनर्निर्माण गराएको छ। यस मन्दिरमा रामजानकी र लक्ष्मणको मूर्ति छ, शालिग्राम पनि राखिएको छ। वाहिरपट्टि ७ फिट अग्लाइको हनुमानको शिलामूर्ति छ। उक्त मन्दिर सञ्चालन गर्न १८ विघा जमिन गुठीकै रूपमा छ। नित्यपूजा र पर्वपूजाको पनि व्यवस्था छ। भक्तहरूको यस स्थानप्रति अत्यन्त श्रद्धा र आस्था छ।

हनुमानजीको मन्दिर, बझाङ

वझाङी राजा रामजङ्गले १९९१ सालमा निर्माण गरेको यो मन्दिर भोजपुर दरवारवाट केही मिनेटको वाटो उत्तरतर्फ रहेको छ। प्यागोडा शैलीको २ तले यस मन्दिरमा जमिनमा घुँडा धसिएको हनुमानको मूर्ति छ। मूर्तिमाथि ताँवाको छत्र पनि छ। नित्यपूजा हुन्छ। सेती नदी, पहाडी भाग, हरियाली दृश्यले पूर्ण यस मन्दिरको आफ्नै महत्त्व छ। भक्ति र वहादुरीका प्रतीक हनुमानप्रति भक्तिभाव राख्तै भक्तहरू श्रद्धाभाव प्रकट गर्दछन्।

हनुमानमन्दिर, (काशिपुर) धनुषा

काशिपुरमा सुव्वाकुटीकै निर्मातावाट निर्मित हनुमान मन्दिर गुम्वज शैलीको छ। नित्यपूजा र भोग लगाउने चलन पनि छ। करिव २ विघाको क्षेत्रमा अविस्थित यसको हेरविचार सुव्वाकुटीवाटै हुने गरेको छ। यस मन्दिरमा सिङ्गमर्मरको हनुमानको मूर्ति अवस्थित छ।

हनुमानमन्दिर, (हुनमाननगर) सप्तरी

हनुमाननगर सप्तरीको सदरमुकाम थियो। अहिले राजविराज छ। सदरमुकाम भएकै वेला यो मन्दिर वेनेको थियो। हनुमानको अस्तित्व प्राचीन भए पनि १९२८ सालमा यो मन्दिर वनेको मानिन्छ। सभामण्डपयुक्त शिखर शैलीको मन्दिरमा सेनपाल शैलीमा कुँदिएको चिल्लो कालो प्रस्तरमा वीर आसनमा हनुमानको मूर्ति छ। कोशी नदीले धेरै कटान गर्दा पनि हनुमानलाई छुन नसकेको, स्वयं हनुमानका डरले हो भन्ने विश्वास स्थानीय वासिन्दाहरूको छ। शक्ति, वल र सामर्थ्य अनि भक्तिका प्रतीकको रूपमा हनुमानको आराधना गरिन्छ। पूजा सधैं हुन्छ। विशेष पूजा चाहिँ रामनवमीमा हुन्छ। यस वेला नजिकवाट मात्र होइन, टाढाटाढावाट पनि भक्तहरू आउने गर्दछन्।

हरिकीर्तनथान, (त्रिपुराकोट) डोल्पा

त्रिपुराकोट गाउँमा महाराज विक्रम शाहीले वनाएको करिव ४५० वर्ष अगाडिको हरिकीर्तनथान छ। यहाँ सप्ताहघर, कीर्तनथान, साधुहरूको आश्रम, ताकेवीर (?) वीर दमाईंका मन्दिर पनि छन्। यहाँ विक्रम शाहीको झन्डाका अतिरिक्त व्रह्मा, विष्णु, महेश, कृष्ण, वुद्ध, सरस्वती, गणेश, काली, लक्ष्मी, भैरव, पृथ्वीनारायण आदिका मृण्मय मूर्ति थिए तर तीमध्ये कति चोरिए, कति हराए र कति नष्ट पनि भए। यहीँ रहेर देवदेवीको प्रार्थना, कीर्तन गरिन्थ्यो यो प्राचीन स्थलको आफ्नै महिमा छ।

हलेश्वरमहादेव, (हलेंसी) खोटाङ

दिक्तेल खोटाङ जिल्लाको दुधकोशीको किनारवाट केही माथि रहेको हलेंसी प्रसिद्ध देवस्थल हो । यसलाई हलेश्वरमहादेव पनि भनिन्छ । प्राकृतिक दुई गुफा छन् । रामनवमी, वालाचतुर्दशी, शिवरात्रीजस्ता पर्वमा यहाँ भव्य मेला लाग्छ । टाढाटाढादेखि यात्रीहरू यहाँ जान्छन् र भगवान् शिवको दर्शन गरेपछि यहाँको प्राकृतिक रहस्यमय गुफा देखेर छक्क पर्दै फर्कन्छन् । यहाँ शिव र पार्वतीका प्राकृतिक मूर्ति छन् । सानासाना द्वार छन् जसलाई पापद्वार, धर्मद्वार, गर्भद्वार पनि भन्ने गरिन्छ । यी गुफा प्राकृतिक वा ईश्वर निर्मित मानिन्छन्, मानव निर्मित होइनन् । मानिसहरू हात थाप्छन् । हातमा दुधजस्तै पानीका थोपा माथिवाट खस्छन् । कामधेनुवाट दुध पाएको ठानेर दङ्ग पर्छन् । एउटा ठूलो डल्लो आकारको गुफा छ भने अर्को लामो गुफा छ । लामो गुफाको ढोकामा वसाह मूर्ति छ । चमेराहरू वस्छन् । धार्मिक कृत्यहरू पनि यहाँ भक्तिपूर्वक सम्पन्न हुन्छन् ।

भस्मासुरले उसको हात जसका टाउकामा राख्छ ऊ भस्म हुन्छ भन्ने वर पाएपछि पार्वतीलाई लैजाने इच्छाले शिवकै शिरमा हात राख्न खोज्दा, शिव भागी यहाँ पुगी गुफा तयार गरी रहेका र विष्णुले उसको शिरमा परीक्षणका लागि हात राख्न लगाई भस्म गराएको पौराणिक कथा यसै स्थानसँग सम्वद्ध मानिन्छ । हरिले स्थापना गरेकाले हरीश्वर हुँदै हलेश्वर भएको पनि भनिन्छ । पूर्वी पहाडी भेगको दर्शनीय, पावन, प्राकृतिक र वढीसे वढी भक्तहरूको आस्थाकेन्द्रका रूपमा यस स्थानको महत्त्व छ ।

हरिशङ्करनारायण, (पालुङ) मकवानपुर

पालुङको अङ्गारे गाउँमा रहेको यो मन्दिर ३५० वर्ष पुरानो मानिन्छ । १९५३ सालमा जीर्णोद्वार भएको पाइन्छ । पालुङक्षेत्रका चारनारायण विशङ्खु, चाङ्गु, इचङ्गु, हरिशङ्कर पर्दछन् । त्यस कारण यी पनि पुरानै हुन् । प्यागोडा शैलीमा निर्मित एकतले मन्दिरमा हरिशङ्कर (शेषनारायण) को मूर्ति रहेको छ । वरपर मूर्तिआकारका अन्य शिला पनि छन् । यहाँ नित्यपूजा र गुठी व्यवस्था नभए पनि पाण्डुकेश्वरका पुजारीद्वारा यहाँ पनि पूजाआजा गरिन्छ ।

हरिहरआश्रम, (मलाम) कास्की

पोखराको मलाम गा.वि.स. मा हरिहरआश्रम छ, जसलाई गुफावन, वावाजीको वन पनि भनिन्छ । वरिपरि वन छ । वीचमा थुम्को छ । त्यही थुम्कोमा आश्रम छ । पोखरा नगरवाट दुई माइल टाढा रहे पनि यहाँवाट

पोखराको दृश्य राम्ररी देख्न सकिन्छ। यसलाई सलाम गुफा, हरिहरमन्दिर, हरिहरगुफा पनि भन्ने गरिन्छ। १९०६ सालमा दिगम्वरवावाका चेला अम्वर गिरिले जङ्गवहादुरवाट सो ठाउँमा वन पाली गुल्जार गर्ने आदेश पाएपछि हरिहरगुफा वा आश्रम उनले वनाएका थिए। अम्वर गिरि, सहदेव गिरि, केशव गिरि, देव गिरिहरूले यस आश्रमको सञ्चालन गर्दै गए। अहिले यस आश्रममा हरिहर, शिव, हनुमान, आदि सम्पूर्ण देवदवीको नित्यपूजाको प्रवन्ध छ। यो आश्रम दर्शनीय स्थलको रूपमा रहेको छ। यसका लागि गुठी जमिन पनि छ। वैदिक विधिअनुसार पाञ्चायन तथा हरिहरको पूजा हुन्छ। रुद्रीपाठ र हवन पनि गरिन्छ। शिवरात्रि, वालाचतुर्दशीजस्ता पर्वमा महात्माहरू विद्वान्‌हरूवाट शास्त्रार्थ, सत्सङ्गको आयोजना पनि गरिन्छ।

हरिहरपुरगढी, सिन्धुली

हरिहरपुर गाउँअन्तर्गत समुद्री सतहवाट करिव २५०० फिटको उचाइमा कोखाजोर खोला र मरिन खोलाको वीचमा अग्लो पहाडमा यो गढी छ। मकवानी राजा हरिहर सेनले किल्लासहित यो गढी निर्माण गरेको जानकारी मिल्छ। यहाँ सुरक्षाका लागि तोप पनि राखिएको थियो। अहिले यसको उपयोग नभएकाले जीर्ण अवस्थामा छ। यो गढी १८१९ सालमा गोर्खाली फौजले जितेपछि विशाल नेपालकै एक अङ्ग वन्यो। यो गढी २००० फिटको क्षेत्रमा विस्तृत छ। वन्दुक छिराउने, प्वाल, तोप हाल्ने ठाउँजस्ता प्रतिरक्षात्मक मात्र होइन, विजय गर्ने आधार पनि निर्माण गरिएको छ। हाल यो गढी त्यति सुरक्षित छैन तापनि यस्ता गढीको ऐतिहासिक महत्त्व छ।

हारतीमाई, (स्वयम्भू) काठमाडौं

स्वयम्भूस्थित हारतीमाई प्रत्यक्ष भगवती हुन्। साधारण नारी भए पनि स्वयम्भूको निरन्तर सेवा गरेकीले हारती भनी वर पाएकी थिइन्। लोकको उद्धारमा संलग्न पनि थिइन्। राजा वृषभदेवले स्वयम्भू लिङ्गलाई चैत्याकारले छोपिदिएका वखत यी ईश्वरीलाई पनि शिलामूर्ति वनाई स्थापना गरेका थिए। नेपाल संवत् ९२१ मा राजा रणवहादुर शाह देवदवीवाट रिसाई यी देवीको मूर्तिलाई उखेली फलामको घनले पेली फुटाउन लाग्दा मूर्तिले चित्कार गरी कराएकाले तदनुरूप अर्को मूर्ति वनाई प्रतिष्ठा गरी यहाँ स्थापना गरिएको हो र हारतीदेवी भक्तहरूको चाहना पूर्ण गर्न, लोकको उद्धार गर्न सक्ने देवी हुन् भन्ने जनधारणा छ। यिनका वारेमा यस्ता भनाइ पनि छन् :

हारतीमाईलाई नेवार भाषामा अजिमा द्यो भनिन्छ। बुद्धपुराणअनुसार यक्षदेवी अर्थात् यक्षजातिवाट आएकी हुन् भनिन्छ। केटाकेटी चोरेर राख्थिन्। यसवाट धेरै मानिस पीडित थिए। प्रजाले राजासमक्ष उजुर गरे। राजाले पनि कसरी यो काम रोक्ने ? सोच्न लागे। यो समस्या लिएर वुद्धसमक्ष गए। भगवान् वुद्धले समस्या हटाउने, निराकरण गर्ने ववचन दिए। थाहा नपाईकन यक्षणीकहाँ गई पाँचसय केटाकेटीमध्ये सबभन्दा राम्री एक वालिकालाई वुद्धले हरण गरी ल्याए। वालिका हराएकाले यक्षिणी चिन्तित भइन्, खोज्दा पनि भेटिनन् र बुद्धकै शरणमा आइन्। वुद्धले तिम्रो एक वालक हराउँदा यत्रो चिन्ता, अरूका वालक हराउँदा उनीहरूलाई कति पिर परेको होला ? यस भनाइवाट निरुत्तर भएकी यक्षिणी हारतीमाई नामले रहने, वालवालिकाकी संरक्षिका वन्ने र अवदेखि अरूका वालक हरण नगर्ने निधोमा पुगिन्। हारतीमाईलाई अजिमा पनि भनिन्छ। टाढाटाढादेखि अजिमाको पूजा गर्न आउँछन्। विधिपूर्वक अर्चना गरिन्छ। सुरुमा साधारण मूर्ति थियो। लिच्छविकालीन राजा वृषदेवले स्वयम्भू लिङ्गलाई चैत्याकार वनाउन यी अजिमाको पनि राम्रो मूर्ति वनाई मन्दिरमा स्थापित गरेको भन्ने पाइन्छ। केटाकेटीको संरक्षिका रूपमा हारतीमाई (अजिमा) को अर्चना गरिन्छ।

हुम्बुङदेवी, शङ्खुवासभा

आखिभुई गाउँको हुम्वुङमा यी देवी रहेकी छन्। यी देवीको उत्पत्ति करिव १५० वर्ष अगाडि भएको हुन सक्छ। यस गाउँमा दुई केटा तराईतिर गएर घर फर्कंदा धनकुटाको छिन्ताङमा बेवारिसे सानी केटी भेट्टाएछन्। घरमा लगेर पालेछन्। ठूली भएपछि दुई भाइमध्ये कसले विहा गर्ने भनेर झगडा गरी काटाकाट भई मरेछन्। आफूलाई पाल्ने दुवै मरेकाले वाँच्नु अर्थहीन ठानी केटी पनि आत्महत्या गरी मरिछ। त्यसपछि त्यस गाउँमा रोगव्याधि फैलिन थालेछ। धामी देखाउँदा देवी उत्पन्न हुन लागेको थाहा भएछ। वि.सं. १९०५ मा ८० वर्षका शूरवीर चाखा काम्न थालेछन्। उनले बताएअनुसार त्यहाँ देवी स्थापना गरेछन् र तिनै वृद्ध चाखालाई पुजारी वनाएछन्। उनै पुजारीका सन्तान ८ औं पुस्ता अहिले पनि पुजारी छन् भनिन्छ। प्रत्येक आइतवार र श्रावण महिनाभर पूजा हुँदैन। अघिपछि १० वजेतिर पुजारी पुगी स्नान गरी सवैवाट अलिअलि पूजासामान लिई काम्न थाल्छ। परेवा, वोका, राँगा र कुखुराको बलि चढाई कलेजो झिकी, पोली, चढाई, अलिअलि वाँडेपछि पूजा सकिन्छ। पुजारी मरे अर्को पुराजी देवीले नै छान्दछिन् भन्ने जनविश्वास छ। जो काम्दछ उही पुजारी चुनिन्छ। पुजारीले एक छाक खाने, स्नान गर्ने, वलि चढाएको मासु खान नहुने नियम छ। भक्तिले चढाएकै सामग्रीवाट पूजाआजा चलेको छ। भक्तहरूको आस्था नै आर्थिक स्रोत रहेको छ।

हुम्लाका देवस्थल

कर्णाली अञ्चलको हुम्ला विकट जिल्ला हो। यसमा पाँच देवस्थल प्रसिद्ध छन्। मण्डीको सर्की, गोठीको मस्टो, छिप्राका लस्रर आदि प्रसिद्ध मन्दिर प्रत्येक पूर्णिमाका दिन सफा गरिन्छन्। गाउँलेहरूका घरायसी झगडा पनि यिनै मन्दिरमा गई धामी (झाँक्री)को सहायताले छिन्ने गर्दछन्। मस्टो भनिने गोठीको देवताले दुध र रगत निकाल्ने, हातमा जमरा उमार्ने गर्छन्। प्युसकी भवानीले खुकुरी, तरवार र त्रिशूल दिउँसो एक्कासि हिमालवाट ल्याउँछिन्। मण्डीको सर्कीले चाँदीका लौरा र घण्टहरू दुईतीन महिनापछि निकाल्ने गर्छन्। छिप्राका लसुर देवताले भूत तथा भविष्यकालको भविष्यवाणी गर्नेजस्ता अभूतपूर्व कार्य गरेकाले र त्यस्ता घटना देखेकाले हुम्लावासीले जीवनको प्रत्येक क्षणमा देवीदेवतालाई साक्षी राख्ने गर्दै आएका छन्।

विविध झगडा न्यायिक निकायमा जाँदा पनि टुङ्गो लाग्न गाह्रो हुन्छ। सर्की, मस्टो, लसुर, भवानीसमक्ष वादी-प्रतिवादी गई झाँक्रीको दिव्य वचनमार्फत मुद्दामामिला टुङ्गो लाग्ने गरेको तथ्य आज पनि देख्न पाइन्छ।

त्रिपुरासुन्दरी, बैतडी

वैतडीका सप्तमातृकामध्ये यी देवी प्रमुख हुन्। वैतडी सदरमुकामवाट झुलाघाट जाँदा वाटोमा यो मन्दिर पर्दछ। कुँदेको ढुङ्गावाट मन्दिर वनाइएको छ। मुख्य देवीको मूर्ति एक शिला छ भनिन्छ तर पुजारीवाहेक अरूले हेर्ने अनुमति छैन। मन्दिरको खोपामा भने बाघमा चढिराखेकी त्रिपुरासुन्दरी छन्। मन्दिरवरिपरि अन्य मूर्ति पनि छन्। यहीं वराहाको दाह्राले पृथ्वीलाई उचालिराखेको दृश्य पनि छ। जो १४ औं शताब्दीको मानिन्छ। पूर्णिमा, औँसी र सङ्क्रान्तिमा यहाँ पूजा हुन्छ। असारमा दुई दिन र भाइटीकापछिको अष्टमीका दिन यहाँ मेला लाग्छ। देवीलाई खटमा राखी घुमाउने चलन छ। जात्रामा टाढाटाढावाट पनि भक्तहरू आउँछन्। दसैं तथा चैतेदसैंमा वलि चढाएर देवीको पूजाआराधना हुन्छ। भोग दिँदा दमाईंले वाजा वजाउँछन्। कुखुरा चढ्दैन। राँगो वाहिरमात्र र वोकोको वलि भित्रै चढाइन्छ। मेलावाट उठेको रकम व्यवस्थित गरी पूजा चलाइन्छ। एक फलामे पिङ पनि छ। इच्छुक व्यक्तिहरू पिङ खेलेर मनोरञ्जन प्राप्त गर्दछन्। महाकाली नदीदेखि झन्डै ३००० फिट उचाइमा रहेको यो देवस्थल प्राकृतिक र धार्मिक दुवै दृष्टिले महत्त्वपूर्ण मानिन्छ।

त्रिखण्डी महादेव, (भैंसे) मकवानपुर

भैंसे गाउँमा त्रिखण्डी महादेव छन्। भैंसे वजारदेखि २ किलोमिटर दक्षिण यो मन्दिर छ। राप्तीपारि मन्दिर भएकाले दर्शनार्थीलाई त्यति सुविधा छैन। शिखरशैलीको मन्दिरमा उमामहेश्वरको मूर्ति आसनमाथि रहेको देखिन्छ। अर्को कोठामा शिवलिङ्ग पनि छ। माथिल्लो तलामा दत्तात्रेयको मूर्ति पनि राखिएको छ। नित्य तथा पर्वपूजा गरिन्छ। हरिवोधिनी एकादशीका दिन यहाँ मेला लाग्दछ।

त्रिलिङ्गेश्वर, (पाटन) ललितपुर

पाटनको वहालुखा टोलमा यी महादेव छन्। त्रितय नामका मुनिले ध्यान गर्दा शिवलिङ्ग प्रकट भएको कथन छ। उक्त मुनिको उद्धार पनि भयो। तालजङ्घ नामका ब्राह्मणले पूर्वजन्मका कर्मले चौरवृत्ति गरी, दुःखी वनी जीवन विताउँथे। त्रितय मुनिकै उपदेशले यस लिङ्गको पूजनदर्शन मार्गकृष्ण १४ मा गर्दा दुःख दूर भई मुक्ति मिलेको कथा छ। यसको प्राचीन नाम ललितारण्य हो। विरूपाक्षले पनि यस तीर्थको सेवन गरेथे। नेपालका ६४ शिवलिङ्गमध्ये यो पनि एक मानिन्छ।

त्रिवेणीधाम, (सुस्ता) नवलपरासी

त्रिवेणी सुस्ता गाउँमा नारायणी नदीको तीरमा यो धाम छ। यसको प्राचीनता भनिरहनु पर्दैन। माघकृष्ण औँसीमा यहाँ मेला लाग्छ। नारायणी, सोना र पाञ्चा नदीको सङ्गम भएकाले त्रिवेणी भनिएको हो। वाल्मीकि आश्रमवाट वाल्मीकि नित्य यहाँ आई स्नान गर्दथे। माघकृष्ण औँसीमा ऋषिको निधन भएकाले त्यसैको स्मृतिमा यहाँ मेला लाग्ने गर्दछ। यहाँ जसले भक्तिपूर्वक स्नान गर्दछ त्यसले भुक्ति र मुक्ति दुवै पाउँछ भनिन्छ।

त्रिपुरासुन्दरी, (त्रिपुराकोट) डोल्पा

कर्णाली अञ्चलको अति दुर्गम जिल्ला डोल्पा भौगोलिक दृष्टिले जति विकट छ सांस्कृतिक र प्राकृतिक दृष्टिले त्यत्तिकै स्वच्छ पनि छ। यहाँ पश्चिमी वा आधुनिकताको छाप कम छ। यहाँकी प्रसिद्ध देवी हुन् त्रिपुरासुन्दरी।

यस जिल्लाको त्रिपुराकोट गाउँमा उच्च स्थानमा वाला त्रिपुरासुन्दरी देवीको मन्दिर छ। राजा विक्रम शाहीको राज्य थियो कालान्तरमा। विक्रम शाहीले त्यहींका विष्टहरूलाई मन्त्री राखेथे। त्यहाँ एउटा प्राकृतिक ओखल थियो। त्यहीँ वेणुको वोट थियो। वेणुको फूल राजा आफैँ इच्छानुसार प्रयोग गर्थे। मन्त्रिणीहरू प्राकृतिक ओखलमा धान

कुट्ने, कहिले चार माना धान कुटे एक पाथी चामल आउने कहिले एक पाथी धान कुटे चार माना चामल आउने हुन्थ्यो । यस्तो आश्चर्य देखेपछि यस ओखलभित्र के रहस्य छ ? भनी तर्कवितर्क गरे । केही न केही अलौकिक शक्ति छ भन्ने निष्कर्षमा पुगे । मन्त्रीहरूलाई लगाएर ओखलको वरिपरि खने । २/३ मान्छे गहिराइमा जाँदा पनि ओखलको फेद भेटिएन वरु अष्टदल र षट्कोण भएको यन्त्र विराजमान भएको देखे । अनेकौं देवीका मूर्ति पुतलीजस्तै उडेर माथि आए । एउटा पुतली उडेर त्यसै कोटदेखि पारिपट्टि पश्चिमतिर गुद्दुमाको टाकुरामा वसिन् । ती देवीलाई मालिका भन्ने गरिन्छ । अर्को पुतली उडेर गई जुम्लाको सिँजादराको ऐतिहासिक लामाथाडाको टाकुरामा वसिन् र तिनलाई कनकसुन्दरी भगवती भनिन्छ । त्यसै खाल्डोवाट उडेको अर्को पुतली वाँकेको नेपालगञ्जमा गई वागीश्वरीको नामले प्रसिद्ध हुन गइन् । अर्को पुतली उडेर गई सल्यानको खैरावाङमा वस्यो । खैरावाङ भगवती नामले प्रसिद्ध छन् । अर्को पुतली वैतडी पाटनमा वस्यो । तिनलाई त्रिपुरेश्वरी भगवती नामले अर्चना गरिन्छ । अर्को पुतली कालीकोट वाजुरा र डोटी जिल्लाको वीचमा पर्ने वडीमालिकामा गएर रोकियो । अहिले वडीमालिका नामले प्रसिद्ध छन् । अरू वाला, त्रिपुरा र सुन्दरी नामका पुतली त्यही कोटमै अवस्थित छन् भन्ने जनश्रुति छ । त्यहाँवाट उडेका पुतली ९ वहिनी हुन् । मानिसले छोएका शिला वने र नछोएका मूर्ति रूपमा प्रकट भए । यी नवै वहिनीले पश्चिमउत्तर भेक समेटेका छन् ।

१) वाला
२) त्रिपुरा
३) सुन्दरी
४) मालिका (डोल्पा)
५) काली खैरावाङ (सल्यान)
६) वागीश्वरी (नेपालगञ्ज, वाँके)
७) कनकसुन्दरी (जुम्ला, लामाथाडा)
८) त्रिपुरेश्वरी (वैतडी पाटन)
९) वडीमालिका (वाजुरा)

वाला, त्रिपुरा र सुन्दरी तीन देवीको संयुक्त रूप भए पनि वाला गुप्त छन् । त्रिपुरा र सुन्दरीकै नामवाट प्रचलित छ । सुरुमा विक्रम शाहीले पूजा चलाए । मन्त्री विष्टहरूले पनि यस क्रमलाई अगाडि वढाए र पछि अनेक थरी ब्राह्मणहरूले नियमित पूजा चलाउँदै आएका छन् ।

त्रिपुरासुन्दरीको पूजा चलाउन गुठीको प्रवन्ध छ । कुमाईं विष्टले तीन पुतली समाई त्यहीँ स्थापना गरे । यी देवीहरू त्यहाँका संरक्षक वनेर रहे । दसैँको नवरात्र, शनिवार तथा अन्य चाडवपर्वमा यहाँ मेला लग्छ । तन्त्रशास्त्रमा पनि त्रिपुराको ठूलो महत्त्व दिई चर्चा गरिएको छ । यहीँ

अनेक देवदेवीका मूर्तिहरू पनि स्थापित छन् । भेरी नदीको तीर चारैतिरका डाँडाकाँडाका वीचमा रहेको कोटमा अवस्थित भगवतीको प्राचीन गौरवमय परम्परा छ र पर्यटकीय दृष्टिले पनि यो स्थान विशेष महत्त्व राख्तछ ।

त्रिपुरासुन्दरी, दोलखा

दोलखाका प्रसिद्ध मन्दिरमध्ये त्रिपुरासुन्दरी पनि एक हो । दोलखा वजारको पूर्वोत्तर भागमा अवस्थित छ । कालिन्चोककी काली, त्रिपुरासुन्दरी र वालकुमारी ३ दिदीवहिनी हुन् । त्रिपुरासुन्दरी र वालकुमारीको उत्पत्ति विषयको कथा यस्तो छ– कुनै समयमा दोलखामा सिन्धु र वन्धु आचार्य तान्त्रिक दाजुभाइ थिए । उनीहरू तामाकोशीतिर जाँदा दुई सुन्दरी वालिकालाई देखे । तन्त्रविद्याका प्रभावले यी वालिका त्रिपुरा र वालकुमारी हुन् भन्ने थाहा पाएपछि तान्त्रिक विधिले दोलखामा ल्याई राखे । वालकुमारी अलिक चञ्चल भएकाले वन्धनमा पारे । दोलखाको इतिहास १४ औं शताब्दीदेखि पाइन्छ । त्यसै वेला त्रिपुरासुन्दरीको स्थापना भएको हुन सक्छ । त्रिपुराको मन्दिरका सामग्री हेर्दा मध्यकालीन देखिन्छन् । मन्दिरको पहिलो तलामा त्रिपुरासुन्दरीको स्थापना गरिएको छ । गर्भगृहको ठीक मुनि वेतालकोठा छ । त्रिपुराको मूर्ति पुजारीवाहेक अरूले हेर्न मिल्दैन । प्रतीकको रूपमा कलश मात्र छ भनिन्छ । वोकाको मात्र वलि चढ्छ, राँगाको वलि वाहिर मात्र हुन्छ । एक पुजारी मेरपछि तन्त्रमा चाख राख्नेमध्ये गोलाद्वारा अर्को पुजारी चयन गरिन्छ । आचाजुहरू गुठियार हुन् । उनीहरूले नै पालैपालो पूजासामग्री जुटाउँछन् । यी प्रत्यक्ष देवी हुन् । भक्तहरूको मनकामना पूर्ण गर्छिन् भन्ने अनेक किंवदन्ती छन् । वैतडी, कालिकोट, डोल्पामा पनि त्रिपुरा छन् । अध्ययन भए राम्रो हुन्छ । पूजारीले जुठो वार्नु पर्दैन, मासु खानुहुन्छ ।

त्रियुगा, उदयपुर

वृहत् विष्णुपुराणमा त्रियुगाको पनि माहात्म्य वताइएको छ । यी नदी पनि मिथिला हुँदै अगाडि वग्छिन् । हिमाल र मेनकावाट जन्मेको मैनाक पर्वत हो र मैनाककी छोरी त्रियुगा हुन् । त्रियुगा पनि सीताजीकी प्यारी सङ्गिनी हुन् । दर्शन, स्पर्शन र स्नानले यिनी मुक्तिदायिनी छन् । त्यसैले त्रियुगा नाम रहेको हो । त्रेता, द्वापर र कलियुगका मानिसलाई मुक्ति दिन समर्थ भएकाले पनि त्रियुगा भनिएको हो । पुत्रार्थी, धनार्थी र मोक्षार्थीलाई पुत्र, धन र मोक्ष दिन यिनी समर्थ छन् भनी माहात्म्यमा वताइएको छ । त्रियुगा र कौशिकीका सङ्गममा मकरसङ्क्रान्तिमा स्नान गर्दा पुनर्जन्म हुँदैन, मुक्त हुन्छ भनिएको छ । यस सङ्गममा माघभरमा एकदिन मात्र स्नान गरे पनि करौडौं पाप भए पनि भस्म हुन्छन् भनिएको छ ।

त्रिवेणीधाम, नवलपरासी

तीन नदीको सङ्गमलाई त्रिवेणी भनिन्छ। नवलपरासी, चितवन, र भारतको विहारको चम्पारनका बीचमा त्रिवेणी छ। शोणभद्र (सोनानद) पूर्णभद्र (पञ्चनद) मिलेर तमसा वनेकी छन् र नारायणीमा मिलेकी छन्। यसरी नदी मिलनका दृष्टिले पनि यो त्रिवेणी छ। नारायणीमा त्रिशूली, सेती, मादी, दरौदी, मर्स्याङदी, वूढीगण्डकी, कालीगण्डकीजस्ता प्रसिद्ध नदी मिलेरै आएका छन्। माघ तथा औँसीका दिन यहाँ मेला लाग्छ। प्रत्येक वाह्र वर्षमा कुम्भमेला लाग्छ। यहाँ लाखौँलाख भक्तहरू आएर स्नान, देवदर्शन र सच्चिन्तन गर्छन्। सूर्यचन्द्र ग्रहणमा पनि यहाँ भव्य मेला लाग्छ। पौराणिक कालदेखि नै यो धाम पावन मानिन्छ। समयक्रमले उत्कर्ष वा अनुत्कर्ष हुँदै रहे पनि यस स्थानको महत्त्व छँदै छ। वराहपुराण अध्याय १४४ मा यस धामको वर्णन छ। देवताका लागि पनि दुर्लभ, अभीष्ट सिद्धि दिने, मुक्ति र भुक्तिका लागि समर्थ तीर्थस्थल हो। पृथ्वीलाई डराउनुपर्दैन, मानव उद्धारका लागि यस तीर्थले सघाउँछ भनी विष्णुले भनेका छन्। त्यस्तै हिमवत्खण्डमा पनि यस धामको वर्णन गर्दै यहाँ देवता, अप्सरा, गन्धर्व पनि स्नानार्थ आउँछन् भनिएको छ। यसलाई व्रह्मतीर्थ पनि मानिएको छ। मुक्तिक्षेत्र, रुरुक्षेत्र र त्रिवेणी क्षेत्रलाई वराहपुराणले वढी महत्त्व दिएको छ। यो धाम स्नान, दान, जप, तप र सत्कर्मका लागि अत्यन्त पावन मानिएको छ। श्रद्धालु भक्तहरूले पनि आस्था प्रकट गरी यस धामलाई महत्त्व दिँदै आएका छन्।

त्रिपुरासुन्दरीमाई (वामीटक्सार) गुल्मी

वामीटक्सारमा यो मन्दिर छ। यसलाई नगवद्रीको मन्दिर पनि भनिन्छ। वामी विकसित भएका वेला साहुमहाजनले अनेक मन्दिर वनाएथे। ती मन्दिरमध्ये यो पनि एक हो। यस मन्दिरको निर्माण १९०४ सालमा भएको भनिन्छ। १९०६ सालको घण्टा चाहिँ प्रमाणका रूपमा छँदै छ। तले शैलीको यो मन्दिर दुई तलाको छ, वजारकै वीचमा रहेको छ। तल्लो तलामा त्रिपुराको मुकुट छ भने वरिपरि खम्वाहरू उठाएर प्रदक्षिणामार्ग वनाइएको छ। मुख्य देवीको गर्भगृहलाई तीनैपट्टि पर्खालले घेरिएको छ र पूर्वतर्फ मूलद्वार छ। मन्दिर वरिपरि काँसका १०८ पाला छन्। देवीको दाहिनेपट्टि गणेश र वायाँपट्टि भैरव रहेका छन्। यहाँ भैरवलाई पनि भोग चल्दैन। भक्तहरूकै श्रद्धामा नित्यपूजा हुन्छ। पर्वपूजा चाहिँ चैतेदसैँमा हुने गरेको छ। वजारवाटै नाइके चयन गरी आवश्यक सामग्री जुटाई पर्वपूजा गर्ने गरिन्छ। षोडषोपचार र तान्त्रिक विधिअनुसार पनि पूजा हुन्छ। त्यस भेगमा कसैको छोरो जन्मेपछि पञ्चवलि दिनुपर्ने चलन थियो, त्यसमा कमी आउँदै छ। पर्वपूजामा चाँदीका गहना र छाता लगाउने, ओढाउने चलन छ। भगवतीका ३० थरी गहना छन् भनिन्छ। स्थानीय वासिन्दाहरूको आस्था यी देवीप्रति अत्यधिक छ।

त्रिवेणी नर्मदेश्वर महादेव, (पकरवास) रामेछाप

पकरवास गाउँमा सुनकोशी र तामाकोशीको सङ्गमस्थल तीन कुनामा यी महादेव रहेका छन्। यसलाई पनि ३५० वर्ष अगाडिकै मान्ने जनधारणा भए पनि प्राचीनता पुष्टि गर्ने प्रमाण फेला पर्दैन। मन्दिरभित्र प्राकृतिक शिलालाई शिवका रूपमा पुज्ने गरिन्छ। यसका चारैतिर गणेश, शिवपार्वती, लक्ष्मीनारायणका मूर्तिहरू पनि छन्। त्रिशूलहरू पनि चढाइएका छन्। गुठियार पनि छन्, गुठीको सामान्य व्यवस्था छ। यसैवाट यहाँको पूजा प्रवन्ध गरिएको छ। भक्तहरू आउने, वस्ने र भोजन गर्ने व्यवस्था छ। शिवरात्रि, वालाचतुर्दशी आदिमा यहाँ वढी भक्तहरू आउने गर्दछन्। श्रद्धा अर्पण गर्दछन्।

त्रैलौक्येश्वर महादेव, (कुरुलेतेनुपा) धनकुटा

कुरुलेतेनुपा गाउँको फलामेटारमा गुम्वज शैलीको मन्दिर छ। यहाँ महादेवको वासस्थान छ भनी एक साधुले सपनामा देखेछन्। साधुले नै चन्दा सङ्कलन र सहयोग जुटाई रत्नवहादुर देवानसमेतको सहयोगमा प्रस्तुत मन्दिर वनाएको जानकारी पाइन्छ। मन्दिरभित्र प्रस्तरको शिवलिङ्ग छ। वसाहको मूर्ति पनि छ। नित्यपूजा पनि हुन्छ। शिवरात्रिमा यहाँ मेला पनि लाग्छ। मेलामा भजनकीर्तन पनि हुने गर्दछ।

ज्ञानमन्दिर, (तल्लोकोप्चे) धनकुटा

धनकुटा नगरको तल्लोकोप्चेमा ज्ञानमन्दिर रहेको छ। धार्मिक, आध्यात्मिक प्रवचन गरी सदुपदेश दिने मन्दिर भएकाले ज्ञानमन्दिर भनिएको हो। यसको निर्माण भएको धेरै समय नभए पनि ज्ञानमन्दिर अगाडि रहेका गणेश र भीमसेनका मूर्ति अनि नजिक रहेका प्रस्तरका सिंहहरू निर्माण भएको चाहिँ झन्डै २०० वर्ष भएको अनुमान छ। यहाँ गुठीको व्यवस्था नभए पनि स्थानीय भक्तहरूले श्रद्धापूर्वक पूजा, सफाइ र प्रवचनको व्यवस्था पनि समयसमयमा गर्ने गर्दछन्।

ज्ञानकूप, (जनकपुरधाम) धनुषा

यसलाई ज्ञानकूप र विद्याकूप पनि भनिन्छ। याज्ञवल्क्य तत्त्वज्ञानी ऋषिको पाठशाला, अध्ययनकेन्द्र यहीँ थियो भनिन्छ। जनक राजाका किशोर किशोरीहरू तत्त्वज्ञान यही अध्ययनकेन्द्रमा सिक्तथे। जनकसभामा शास्त्रार्थमा भाग लिन्थे र विजय पनि प्राप्त गर्दथे। जनकसभाको शास्त्रार्थको चर्चा उपनिषद्हरूमा पनि पाइन्छ। मौनी वावाले सरकारवाट सहयोग जुटाएर संस्कृतको पठनपाठन गर्ने प्रवन्ध मिलाएका थिए। ६५ छात्रलाई खानपान, वसोवास र पठनपाठनको प्रवन्ध छ। यस स्थानको पनि ऐतिहासिक महत्त्व छ।

धनुषा जिल्लाको जानकी मन्दिरवाट करिव १ कोस पश्चिममा यो कूप छ। यहाँ यज्ञवल्क्य ऋषिको आश्रम थियो। ज्ञानको केन्द्र थियो। यहीँ शास्त्रार्थ चल्थ्यो। जगज्जननी सीताले यहीँ शिक्षा लिइथिन्। गार्गी, मैत्रेयीजस्ता विदुषीले यहीँ शास्त्रार्थ गरेथे। प्राचीन, पूर्वीय ज्ञानको उद्‌गमस्थल थियो। उपनिषद् दर्शनमा प्राप्त चिन्तन प्रायः यहीँ प्रकट भएथे। यस्तो पावन स्थललाई ज्ञानको भण्डार वनाउने उद्देश्यले मौनी वावाले संस्कृत पाठशालाको स्थापना गरेथे। राममन्दिरद्वारा संस्कृत अध्ययन गर्ने छात्रहरूलाई भोजन उपलव्ध गराउने प्रवन्ध पनि छ। याज्ञवल्क्य संस्कृत महाविद्यालय यहाँ स्थापित थियो। अहिले मटिहानीमा सरेको छ। उपनिषद् दर्शन र त्यहाँका आत्मासम्वन्धी चिन्तन सम्झँदा यस ठाउँको सम्झना हुन्छ।

ज्ञानेश्वरमहादेव (ज्ञानेश्वर) काठमाडौं

ज्ञानेश्वरका ज्योतिर्लिङ्गेश्वर महादेवलाई आदिदेवका रूपमा लिइन्छ। यिनी जन्ममृत्युविहीन मानिन्छन्। भैरव र शिवलिङ्ग सँगसँगै छन्। नेपाल माहात्म्य र हिमवत्‌खण्डमा पनि यस तीर्थस्थलको वर्णन छ। वालकहरू ग्रहदशाले विरामी परेमा यहाँका भैरवको दर्शन गरे निको हुन्छ भन्ने विश्वास छ। विरामी वालकलाई लगेर दर्शन गराउने चलन पनि छ। कुनै नारीले श्रद्धाभक्तिपूर्वक सन्तानोत्पत्तिको कामना गरी पूजाअर्चना गरेमा सन्तान प्राप्त हुन्छ भन्ने धारणा पनि छ।

अलौकिक जनश्रुति पनि छ– यहाँको शिवलिङ्गवाट प्रतिदिन एक तोला सुवर्ण निस्कने र जुनसुकै धातु छुवाएमा सुन वन्ने गर्दथ्यो। देवासुर सङ्ग्राममा कुमार र इन्द्रादिले शङ्करको आज्ञानुसार उक्त लिङ्गको प्रार्थना गर्दा (विजय पाउन) ज्ञानेश्वर महादेवको नामले प्रकट भई वर दिनुभएको र पारसमणि स्वरूप रहेको उक्त लिङ्गमाअ पछि लिच्छवि नरेश नरेन्द्रदेव तथा भीमदेवको समयमा कुनै दुष्ट व्यक्तिले उक्त मणि लिन्छु भनी वन्चरोले मूर्तिमा हान्दा भयङ्गर आवाज गर्दै उक्त पारसमणि उडी प्रभावती (धोवीखोला) मा पुग्यो। त्यहाँ पनि कुनै क्षत्रीय गई कुनै धातु छुवाउँदा सुन भएको र उक्त मणि अलप भएको कुरा परम्परागत रूपमा सुनिँदै छ।

यस्तै अर्को जनश्रुति पनि के छ भने– एक तल्लो जातको मानिस दाउरा वेचेर यहीँ वास वसेछ। सुन झर्ने महत्त्व वुझेर एकैचोटि सवै सुन लान्छु भनी वन्चरोले हानेछ। त्यस लिङ्गको एउटा चोइटो मयूरतीर्थ (मैतीदेवी) मा पुगेछ र अलप भएछ। लिङ्ग चोइटिएपछि सुन आउन वन्द भयो।

मल्लकालमा पन्जाववाट एक सिद्ध आएर यहीँ रही लिङ्गको उपासना गर्न थाले। महात्मा वुझेर एक सन्तानहीन भक्तले सन्तान प्राप्तिका लागि प्रार्थना गरे। महात्माले महादेवको मन्दिर वनाउनू सन्तान हुन्छ भने। मन्दिर वनाए र सन्तान पनि भयो।

ती महात्मा समाधिस्थ हुन्थे। नजिकैको मठमा उनी रहन्थे र अलप पनि हुन्थे। अझ पनि समाधि खुलेका वेला रातको चारौँ प्रहरमा कुनै सिद्ध ज्ञानधारामा स्नानसन्ध्या गरिरहेका देखिन्छन् भन्ने गरिन्छ। देख्नेवुझ्ने वूढापाकाहरूको भनाइ छ।

परिशिष्ट १

कृतज्ञता निवेदन

यी व्यक्तित्वका खोज, लेखमा व्यक्त विचारसमेत यस पुस्तकमा धेरथोर सङ्कलित सन्दर्भमा समावेश भएकाले उहाँहरूप्रति कृतज्ञता निवेदन गर्नु मेरो कर्तव्य हो ।

(वर्णानुक्रमअनुसार)

अम्विनी कोइराला	अवधिकिशोारदास
अशोक श्रेष्ठ	आनन्द गिरि
आर.डी.प्रभास चटौत	आशा काजी सेवक
ईश्वर गिरि आनन्द	ऋषिकेशव राज रेग्मी
कवीन्द्र मान सिंह	कुमाारलाल जोशी
कृष्ण प्रसाद शर्मा घिमिरे	कन्हैयालाल चरयूँ
कृष्ण दत्त उपाध्याय	कृष्ण बजगाई
कोषराज न्यौपाने	खेम कोपिला
डा.गोविन्द टण्डन	गोविन्द प्रसाद भट्टराई
चन्द्रप्रसाद त्रिपाठी	चिन्तामणि खनाल
डा.जगजीश चन्द्र रेग्मी	जगन्नाथ शर्मा घिमिरे
जनकलाल शर्मा	जय राई
जीत बहादुर मानन्धर	डा.टीकाराम पन्थी
टीकाराम अधिकारी	दुर्गा प्रसाद अर्याल
डा.देवीप्रसाद ओझा	देवेन आँसु
देवेन्द्रनाथ अधिकारी	देवेन्द्रनाथ तिवारी
धन वज वज्राचार्य	ध्रुव कृष्ण दीप
धीर कुमार श्रेष्ठ	ध्रुव मणि ज्ञवाली
ध्रुवमणि भण्डारी	नारायण तिसिना मधुय
नारायण प्रसाद सन्जेल	प्रकाश दर्नाल
पुण्य प्रसाद निरौला	पुरु रिसाल
पुरुषोत्तम लोचन श्रेष्ठ	प्रर्णप्रकाश नेपाल
पूर्ण प्रसाद शर्मा ढुङ्गेल	वलप्रसाद राई

वद्रि प्रसाद पुडासैनी
वावुराम सापकोटा
भवानी शङ्कर कफल्लक
भेष नारायण दहाल
महेश्वर शर्मा
माधव भट्टराई
मान वज्राचार्य
मोहन खनाल
यज्ञ कुमार प्रधान
युवराज शर्मा गौतम
योगेन्द्र आचार्य
राम निवास पाण्डे
राम चन्द्र भट्ट
राम निवास पाण्डे
रीत वहादुर वूढाथोकी
लीला भक्त मुनकर्मी
विमल प्रसाद वराल
विजय चालिसे
विष्णुराज कार्की
वासुदेव शर्मा
शुक सागर श्रेष्ठ
श्री राम फुदुङे
सागर सुवेदी
सिद्धराज जोशी
स्वामी प्रपन्नाचार्य
सागरराज सुवेदी
सोमनाथ घिमिरे व्यास
हरिराम जोशी

भरतराज रावत
मधुसूदन रिसाल प्रदीप
माधव प्रसाद देवकोटा
डा. मुकुन्द राज अर्याल
योगीनरहरिनाथ
रत्नाकर देवकोटा
रामचन्द्र भट्ट
लोकनाथ रेग्मी
रवीन्द्र तामङ
राजेश माथेमा
राजेश्वर देवकोटा
राजाराम सुवेदी
राम जङ्ग राणा
राम भरोस कापडी 'भ्रमर'
राधेश्याम भट्टराई
ललित जङ्ग सिजापती
लोकनाथ आचार्य
विष्णु कान्त शर्मा
वासु पासा
शरद कुमार भट्टराई
श्री हरि रूपाखेती
साफल्य अमात्य
सोमनाथ सिग्द्याल
हरिचरण शर्मा सुवेदी
ज्ञानमणि नेपाल
हिक्मत डङ्गोल
हेमराज ज्ञवाली

परिशिष्ट २

सन्दर्भ ग्रन्थसूची

- मेचीदेखि महाकाली (भाग १,२,३,४)२०३१ (श्री ५ को सरकार सञ्चार मन्त्रालय काठमाडौं
- डा.गोविन्द टण्डन (पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन २०५३ श्री झरेन्द्र शमशेर तथा श्रीमती मञ्जुराणा काठमाडौं
- पतञ्जलि गजुरेल (पातञ्जल तीर्थावली १९९३ वनारस, पद्यमा वर्णन
- डा.जगदीशचन्द्र रेग्मी (पशुपति गुह्येश्वरी माहात्म्य २०५३ नइ प्रकाशन, काठमाडौं
- डा. टीकाराम पन्थी -केही जनश्रुतिहरू २०४२ किरण पुस्तकालय, तंघास, गुल्मी
- मधुसूदन रिसाल प्रदीप, अनु, पशुपतिपुराण (नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान २०२९, काठमाडौं
- मुक्तिनाथ खनाल, अनु, (नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, नेपाल माहात्म्य २०२८, काठमाडौं
- श्री मिथिला माहात्म्य (श्री रामानन्द आश्रम जनकपुरधाम २०४३, धनुषा
- देवमाला वंशावली न्योगी देवीनाथ (श्री ३ सूरशमशेर २०१३, काठमाडौं
- प्रा. गोविन्दप्रसाद भट्टराई (मूर्तिकला इल्या भट्टराई २०४१, काठमाडौं
- प्रभात सापकोटा (प्राचीन सहर टोखा, सुनौलो प्रकाशन २०५६, काठमाडौं
- वालसन्त मोहन (शरणदेव श्री सप्तकौशिकी माहात्म्य श्री राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान, २०५७, सुनसरी
- आचार्य योगेन्द्र त्रिवेणी क्षेत्र और वाल्मीकि आश्रम (पं. लोकहरि अर्यालसमेत सन् १९८१ नवलपरासी
- नेपाल निरुक्त ज्ञानमणि नेपाल (नेपाल राजकीय प्रज्ञ प्रतिष्ठान, २०४०, काठमाडौं
- मान वज्राचार्य (श्रीवराहक्षेत्र विष्णुपादुका श्राद्धपद्धति २०५४, सुनसरी

- ❖ जीतबहादुर मानन्धर (विरञ्चि नारायण २०४३ काठमाडौं, श्री गणेशाय नमः २०४३ काठमाडौं
- ❖ सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन भाग (१-८) (श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय २०४२ काठमाडौं, २०४६ काठमाडौं
- ❖ भाषावंशावली (भाग १ र २) (नेपाल राष्ट्रिय पुस्तकालय, (२०२०-०२३), काठमाडौं
- ❖ युवराज शर्मा (गौतम तीर्थ पर्यटन २०३१
- ❖ विद्यानाथ शर्मा गौतम भट्ट (तन्त्र विद्यालोक २०६२

स्कन्दपुराणका हिमवत्खण्ड, अम्बिकाखण्ड, मानसखण्ड, वराहपुराण, गण्डकी माहात्म्य, शालग्राममाहात्म्य र अन्य विविध पत्रपत्रिकाका सान्दर्भिक लेखसमेतको यथोचित अध्यापन गरी तयार भएको ।

विभिन्न दैनिक, साप्ताहिक, पत्रपत्रिकामा छापिएका सन्दर्भसामग्रीको उपयोग गरिएको र यथासम्भव गाउँमा स्थलगत निरीक्षणसमेत गरिएको छ ।

⊗⊗⊗ समाप्त ⊗⊗⊗

काठमाडौं
ललितपुर
भक्तपुर → २ दिन

नुवाकोट – १ दिन

काभ्रेपलाञ्चोक – २ दिन

मकवानपुर – १ दिन

दोलखा
सिन्धुपाल्चोक
सिन्धुली – २ दिन

जम्मा ८+२ दिन – १० दिन



नाम: घटराज भट्टराई

जन्म: १९९९-८-१०, सेनाथुम्की, ओखलढुङ्गा

देहावसान: २०६३-४-२२, कपन, काठमाडौं

सेवा:

- त्रि.वि.मा २०२४-२०५८ प्राध्यापन
- विभिन्न ३१ भन्दा बढी पुरस्कार समितिमा अध्यक्ष, सदस्य सचिव तथा सदस्य पदमा रही सेवा गरेको.
- विभिन्न विद्यालय, महाविद्यालयका सञ्चालक सदस्य, अध्यक्ष तथा सल्लाहकार सदस्य भई सेवा गरेको.

भाषा-साहित्यसँग सम्बन्धित कृतिहरु

- ९ वटा काव्य
- १० वटा जीवनीमूलक कृति
- ४ वटा यात्रावर्णन
- ८ वटा समालोचना तथा अन्वेषण
- ५ वटा पाठ्यपुस्तक
- १३ वटा सम्पादन, सहलेखन
- ६/७ वटा धर्म संस्कृतिलगायत विविध विषयका कृति

पुरस्कार सम्मान

- कविता महोत्सव स्वर्णपदक र नगद पुरस्कार (ने.रा.प्र.प्र.बाट) २०३१
- झपट पुरस्कार (२०३८)
- मुक्ति पुरस्कार सीताराम प्रज्ञा प्रतिष्ठानबाट (२०५३)
- नेपाली लेखक कोशका लागि भूपालमान पुरस्कार (२०५६)
- गुणराज व्याख्यान पुरस्कार (२०५६)
- सुप्रवल गोरखा दक्षिणबाहु (२०६१)
- वेदनिधि पुरस्कार (२०६३)
- दीपरत्न सम्मान (२०५५), सम्मान-पत्र देवकोटा स्मृति सभा २०५८ लगायत १४/१५ वटा सम्मान-पत्र
- वीरेन्द्र ऐश्वर्य सेवापदक (२०५९) लगायत ६/७ वटा पदक
- जे.पी. प्रतिष्ठान ५९ लगायत विभिन्न १० भन्दा बढी संघ संस्थाबाट अभिनन्दन-पत्र तथा मानका खातिर मान पदबाट कदर गरेको, ४० भन्दा बढी संस्थाबाट पुरस्कार, सम्मान, कदर तथा अभिनन्दन प्राप्त गर्नुभएको देखिन्छ ।



विद्यार्थी पुस्तक भण्डार
प्रकाशक तथा वितरक
भोटाहिटी, काठमाडौं

